# पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन

शोधप्रबन्ध

सिक्किम विश्वविद्यालयमा

प्रस्तुत

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा

विद्यावारिधि उपाधिका

निम्ति प्रस्तुत

शोधार्थी

सविता तामाङ

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

जून २०१८

# पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन

शोधप्रबन्ध

## सिक्किम विश्वविद्यालयमा

प्रस्तुत

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा

## विद्यावारिधि उपाधिका

निम्ति प्रस्तुत


**शोध निर्देशक**
डा. पुष्प शर्मा
सह प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

**शोधार्थी**
सविता तामाङ
पञ्जीकरण स.-14/Ph.D/NEP/04
नेपाली विभाग
सिक्किम विश्वविद्यालय


जून २०१८

# प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागबाट **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** शीर्षक रहेको प्रस्तुत शोधप्रबन्ध मैले शोध निर्देशक सह प्राध्यापक, डा. पुष्प शर्माको निर्देशनमा रहेर सम्पन्न गरेकी छु।यो पूर्णतः मौलिक शोधकार्य हो।यस शोधप्रबन्धको कुनै पनि अङ्श एवम् निष्कर्षलाई मैले यसअघि कुनै उपाधि प्राप्ति अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेकी छुइनँ भनी यो प्रतिबद्धता जाहेर गर्दछु।

शोधनिर्देशक

डा. पुष्प शर्मा
सह प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

शोधार्थी

सविता तामाङ
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

विभाग प्रमुख
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

मिति :

सिक्किम विश्वविद्यालय
(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
SIKKIM UNIVERSITY
[A central university established by an Act of Parliament of India in 2007]

O/c

No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

ASChandel

( A S Chandel)
Librarian

Copy for information to:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi

६ माइल, सामदुर, पीओ तादुङ-७३७१०२, गान्तोक, सिक्किम, भारत
फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५
6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India
Phone : 03592-251067, 251468, Fax : 03592-251865
Website : www.cus.ac.in

SIKKIM UNIVERSITY
(A Central University established by an Act of Parliament of India, 2007)
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES AND LITERATURE

*Dr. Pushpa Sharma, Associate Professor*

# शोधनिर्देशकको अग्रसारण

सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्यअन्तर्गत नेपाली विभागमा पञ्जीकृत शोधार्थी सविता तामाङले (14/Ph.D/NEP/04) विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो। विभिन्न स्रोतबाट आवश्यक स्रोत सामग्री सङ्कलन गरी खूबै लगन र परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधप्रबन्ध पूर्णत: मौलिक, उपयोगी तथा विद्यावारिधिस्तरीय शोधकार्य हो। प्रतिपाद्य विषयको उपयुक्तता, शोधकार्यको स्तरीयताको अनुभव गरी प्रस्तुत शोधप्रबन्धलाई मूल्याङ्कनका लागि सिक्किम विश्वविद्यालय, नेपाली विभागमार्फत सम्बन्धित निकायमा अग्रसारण गर्दछु।

डा. पुष्प शर्मा
शोध निर्देशक
सह प्राध्यापक, नेपाली विभाग
सिक्किम विश्वविद्यालय

मिति:

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरुमा डा. पुष्प शर्माको निर्देशनमा तयार पारेकी हुँ। यस शोधप्रबन्धको विषय चयनदेखि अध्ययन अन्वेषणक्रमका प्रत्येक खुड्किलामा मलाई परामर्श दिँदै, कुशल निर्देशन गरिदिनु हुने आदरणीय गुरुआमा डा. पुष्प शर्मा, सह-प्राध्यापक, नेपाली विभाग, सिक्किम विश्वविद्यालय-प्रति आन्तरिक हृदयबाट चिर आभार व्यक्त गर्दछु।

प्रस्तुत शोधप्रबन्ध लेखनका लागि प्रेरणा, सुझाउ र उत्साह प्रदान गर्नुहुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका प्राध्यापकगण प्रो.(डा.) प्रतापचन्द्र प्रधान, डा. कविता लामा, श्री बलराम पाण्डे, डा. समर सिन्हा, श्री देवचन्द्र सुब्बा, डा. अरुणा राई-प्रति पनि आभार व्यक्त गर्दछु।

समय समयमा भेट हुँदा सदैव उत्साहवर्धक प्रेरणा एवम् शोधकार्य लेखनमा प्रोत्साहन प्रदान गर्नुहुने हुने श्रद्धेय गुरु प्रो. मोहन. पी. दाहाल, श्रद्धेय गुरु प्रो. घनश्याम नेपाल, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय, श्रद्धेय गुरु प्रो. दिवाकर प्रधान, भारतीय भाषा विभाग, काशी हिन्दू विश्वविद्यालय-प्रति पनि आभारी रहेको कुरा व्यक्त गर्दछु।

सामग्री सङ्कलनका कार्यमा विभिन्न पुस्तक उपलब्ध गराई अन्वेषण कार्यमा सहयोग गरिदिनुहुने समालोचक श्री नेत्र एटम-प्रति विशेष आभार व्यक्त गर्दछु। शोधसम्बन्धी आवश्यक पुस्तक उपलब्ध गराई सहयोग गर्ने प्रिय विद्यार्थी पुष्प शर्मालाई पनि धन्यवाद गर्दछु।

शोधकार्य अवधिभरि सिक्किम विश्वविद्यालय-का केन्द्रिय पुस्तकालयबाट मैले सहयोग लिएकी छु, यसैले यस पुस्तकालयका अधिकारीगणप्रति आभार व्यक्त गर्दछु।

यस्तै प्रकारले डा. लीली आले, भूतपूर्व प्राचार्य, सिक्किम सरकारी महाविद्यालय तादोङ-प्रति पनि म आभारी रहेकी छु।

शोधप्रबन्धको अन्तिम प्रारूप तयार पार्नेदेखि शोधसँग सम्बन्धित आवश्यक सुझाउ र सहयोग गरिदिनु हुने श्री पारसमणि दङ्गाल, सह-प्राध्यापक, नेपाली विभाग, सिक्किम सरकारी महाविद्यालय तादोङ-प्रति आभारी रहेको कुरा व्यक्त गर्दछु।

अन्वेषणकार्यको प्रारम्भदेखि प्रत्येक क्षण प्रोत्साहन र यसको समाप्तिकालसम्म हौसला दिएर मलाई सहयोग दिनुहुने पति श्री सुरेश तामाङ-प्रति अत्यन्त अनुगृहीत छु, जसलाई प्रकट गर्न पर्याप्त शब्दहरू छैनन् अनि शोधकार्य अवधि अनुकूल वातावरण सिर्जना गरेर सहयोग पुऱ्याउने छोरो सुरसब-प्रति अशेष प्रेम र स्नेह रहेको छ।

अन्तमा यस शोधप्रबन्धको कार्य अवधिमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण अग्रज-अनुज, मित्रगण, शुभचिन्तकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

मिति- ११ जून, २०१८ सविता तामाङ

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| अनु. | अनुवादक |
| पृ. | पृष्ठ |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| प्र.सं. | प्रथम संस्करण |
| प्रा. लि. | प्राइभेट लिमिटेट |
| दो.सं. | दोस्रो संस्करण |
| सम्पा. | सम्पादक |
| Co. | Company |

# शोधप्रबन्धको सार

**पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** शीर्षक रहेको प्रस्तुत शोधप्रबन्ध जम्मा छवटा अध्यायमा विभाजित रहेको छ। प्रत्येक अध्यायमा प्रस्तुत गरिएका तथ्यगत विश्लेषणको सारांशलाई यहाँ अध्यायगत उपसंहारका रूपमा निम्नप्रकार प्रस्तुत गरिएको छ।

पहिलो अध्याय : शोधप्रस्ताव

दोस्रो अध्याय : नारीवादको सैद्धान्तिक अध्ययन

तेस्रो अध्याय : नेपाली उपन्यासमा नारीवादी चिन्तनको परम्परा

चौथो अध्याय : पुष्प राईका नेपाली उपन्यासमा नारीवादको अध्ययन

पाँचौं अध्याय : पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन

छैटौं अध्याय : उपसंहार र निष्कर्ष।

सन्दर्भग्रन्थ सूची

पहिलो अध्यायको शीर्षक **शोधपरिचय तथा शोधविधि** रहेको छ। यस अध्यायअन्तर्गत विभिन्न उपशीर्षकमा शोधकार्यको विधिवत् परिचय प्रस्तुत छ, जसमा शोधक्षेत्रको परिचय, शोधशीर्षक र यसको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको विधि, ढाँचा र सामग्री सङ्कलनविधि, शोधको सीमाङ्कन र शोधको अध्याय विभाजन समाविष्ट छन्। नेपाली नारीवादी उपन्यासहरूको अध्ययनक्रममा उल्लिखित शोधसमस्याको समाधानार्थ अन्तिम निष्कर्ष प्राप्तिका लागि तत्विषयमा अहिलेसम्म विभिन्न पत्र-पत्रिका, सम्पादित पुस्तक,

नारीवादसम्बन्धी पुस्तक, शोध तथा अनुसन्धानपरक रूपमा गरिएका कार्यका समीक्षात्मक प्रस्तुति आदि पूर्वकार्यको समीक्षाअन्तर्गत प्रस्तुत गरिएको छ। यस अध्यायमा शोधको औचित्य र महत्त्वमाथि पनि प्रकाश पार्दै शोधको सीमाङ्कन गरी शोधका ढाँचा र विधिका विभिन्न पक्षलाई उल्लेख गरिएको छ।

दोस्रो अध्यायको शीर्षक **नारीवादको सैद्धान्तिक अध्ययन** रहेको छ। यस अध्यायको अध्ययन क्रममा नारीवादको परिभाषा, नारीवादको विकास, पूर्वीय पौराणिक नारी पात्रमा नारीवादी चेतना, नारीवादका विभिन्न प्रकार, नेपाली साहित्यमा नारीवादको प्रयोग आदिबारे चर्चा गरिएको छ। नारीवादको इतिहासको अध्ययन गर्दा युरोपको सेनेका फल्स नामक शहरमा सन् १८४८ मा प्रथमपल्ट सम्मेलन भएको तथ्य प्राप्त भएको छ। नारीवादका विभिन्न प्रकारहरूमध्ये उदार नारीवाद, मार्क्सवादी नारीवाद, फ्रान्सेली नारीवाद, उग्र नारीवाद, अश्वेत नारीवाद, समाजवादी नारीवाद, पर्यावरणीय नारीवाद, नारीसमलिङ्गवादलाई प्रमुख नारीवादका प्रकारहरू मानिएका छन् भने तेस्रो नारीवादी लहरअन्तर्गत नारीवादका विभिन्न उपभेदलाई राखिएको छ। नेपाली साहित्यका विभिन्न विद्याअन्तर्गत रहेका उपन्यास, कथा, कविता, नाटक, निबन्ध र समालोचना जस्ता विभिन्न साहित्यिक विधाहरूमा प्रयोग गरिएको नारीवादका अवधारणालाई पनि यस अध्यायअन्तर्गत राखिएको छ ।

तेस्रो अध्यायको शीर्षक **नेपाली उपन्यासमा नारीवादी चिन्तनको परम्परा** रहेको छ। नेपाली उपन्यासमा नारीवादी चिन्तनको विकासबारे अध्ययन गर्दा रूपनारायण सिंहको **भ्रमर**-बाट नारीवादी चेतना सुरु भएको पाइन्छ। प्रस्तुत उपन्यासमा वर्णित समाजको चित्रणअन्तर्गत रहेको नारी शिक्षा र स्वनिर्भरताको आधारलाई लिएर नारी शिक्षित र स्वनिर्भर हुनुपर्ने चेतनाका औपन्यासिक सन्देशलाई नारीवादी रूपमा लिइएको छ।यसका अतिरिक्त लक्ष्मीप्रसाद देवकोटाको **चम्पा**, लैनसिंह वाङ्देलको **माइतघर**, हृदयचन्द्रसिंह प्रधानका

**स्वास्नीमान्छे** र **एक चिहान**, लीलाध्वज थापाको **शान्ति**, गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल**, विजय मल्लको **अनुराधा**, विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती**, इन्द्र सुन्दासको **जुनेली रेखा**, मदनमणि दीक्षितको **माधवी**, प्रेमा शाहको **मम्मी**, पारिजातका **शिरीषको फूल**, **पर्खालभित्र र बाहिर**, **अनिदो पहाडसँगै** र **परिभाषित आँखाहरू**, नकुल सिलवालको **तेस्रो पाइला**, प्रदीप ज्ञवालीको **सहयात्री** आदि उपन्यासहरूमा पाइने नारीवादको प्रयोगलाई पनि यस सन्दर्भका रूपमा समावेश गरिएको छ। यसका अतिरिक्त गीता केशरीका **सौगात**, **आवाज**, **प्राप्त**, **खोज**, **अन्तिम निम्तो** र **विश्वास**, सीता पाण्डेको **अन्तर्द्वन्द्व**, भीम दाहालको **अभीष्टको खोज**, शवनम श्रेष्ठको **मनीषा**, प्रेम थुलुङको **त्यागपत्र**, महेश्वर शर्माको **योगमाया**, विन्ध्या सुब्बाको **निर्गमन**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, नयाँदेवीको **युगसन्धि**, भाषा भण्डारीको **सम्झौता** र **परिवर्तनको पृष्ठभूमि**, बलदेव मजगैयाँको **मानसी**, सुजातका **बन्धन**, **अन्त्यहीन पीडा**, **पराजित अस्तित्व**, पद्मावती सिंहको **समानान्तर आकाश**, गौरा रिजालको **अघोषित द्वन्द्व**, पुष्प राईका **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, उर्मिला सापकोटाको **अस्मिता**, केशव नेपालको **बेचिएकी चेली**, पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, नीलम कार्की 'निहारिका'को **चीरहरण** अनि अन्य भाषाबाट नेपाली भाषामा अनुदित **आइमाईको हकमा**, **बिग्रेकी केटी**, **लज्जा** आदि उपन्यासहरूमा रहेको नारीवादी चेतनालाई पनि शोधको पुष्टिका लागि समावेश गरिएको छ।

चौथो अध्यायको शीर्षक **पुष्प राईका उपन्यासमा नारीवादको अध्ययन** रहेको छ। पुष्प राईका दुईवटा उपन्यासहरू **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७) प्रकाशित भएका छन्।

पुष्प राई भारतीय नेपाली उपन्यासको विकास परम्परामा सन् १९९० का दशकमा देखा परेकी एकजना सशक्त नारीवादी उपन्यासकार हुन्। उनले नारीवादी अवधारणालाई

उपन्यासका माध्यमबाट भित्र्याएर नारीका विभिन्न अवस्थालाई अध्ययन गरेकी छन्। उनका दुईवटै उपन्यासहरूमा नारीका व्यक्तिगत स्वतन्त्रताको खोजी गरिएको पाइन्छ। **भोलिको प्रतीक्षा** र **मध्यान्तर** दुवै उपन्यासहरूमा पुष्प राईले पारिवारिक, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक आदि विभिन्न क्षेत्रमा पुरुषसमान नारी अधिकारको खोजी गर्ने प्रयास गरेकी छन्। नारी पुरुष दुवै समान मानवीय प्राणी भएकाले नारीले पनि आफ्ना हक, हित र अधिकार पुरुष बराबर पाउनुपर्छ भन्ने नारीवादी चिन्तकहरूको मान्यतालाई उनले आफ्ना उपन्यासका माध्यमद्वारा समर्थन गर्दै नारी स्वनिर्भरता, स्वतन्त्रताको अभिव्यक्ति र स्वत्वको खोजी गरेकी छन्। यिनका उपन्यासमा पुरुषलाई उच्च स्थानमा राखेर सबै अधिकार प्रदान गरिने अनि नारीलाई निम्न स्थानमा राखेर भोग्य वस्तुको रूपमा उपयोग गरी प्रताडना गरिने पितृसत्तात्मक सामाजिक व्यवस्थाको आडमा रहेका पुरुषवादी प्रवृत्तिको चित्रण गरिएका छन्। अविवाहित, विवाहित, विधवा, शिक्षित, अशिक्षित सबै प्रकारका नारीहरूले पितृसत्तात्मक समाजमा भोग्न परेको यातना, कष्टसाध्य र लाञ्छित जीवनको चित्रण पुष्प राईका **भोलिको प्रतीक्षा** र **मध्यान्तर** उपन्यासमा रहेको पाइन्छ।

पितृसत्तात्मक सामाजिक संरचनाअन्तर्गत मान्य ठहऱ्याइका पुरुषपक्षीय रीतिथीति, नियमकानुन, व्यवस्था, परम्परा, मान्यतालाई अमान्य ठान्दै त्यसको विरोधमा पुष्प राईका उपन्यासका भावभूमिमा रहेका पितृसत्तात्मक सामाजिक व्यवस्थाको पनि विरोध गरिएको छ। उपन्यासमा वर्णित पुरुषनिर्मित पक्षपाती नियमलाई उनका नारी पात्रहरूले भञ्जन गर्ने चेष्टा गरेका छन्। नारीलेखनका आधारमा उनका उपन्यासमा नारीका आफ्ना विचार, नारीका भावना, नारी शरीर, नारी इच्छा, नारीका पहिरन र नारीले आफ्ना बारेमा अनुभूत गर्ने सम्पूर्ण पक्षलाई चित्रण गरिएको छ। पुरुषप्रधान समाजले पुरुषलाई मनपरी छुट दिँदै नारीलाई यन्त्रसरह व्यवहार गर्ने गरेको, नारीप्रतिको पुरुषको दृष्टिकोण कामवासनाले युक्त

रहेको अनि नारीलाई आफ्नो यौन सहयोगी र दासीको रूपमा हेरेर दीर्घकालदेखि यातनापूर्ण जीवन धान्न बाध्य बनाएको विषयमा उजागर गर्दै नारीलाई शिक्षित र समक्ष बनेर आफ्ना हक र अधिकारका लागि सङ्घर्षगर्न उत्प्रेरित गरिएको पाइन्छ। उनका दुवै उपन्यासहरूमा नारीवादी स्वर तीव्ररूपमा मुखरित भएको छ। **भोलिको प्रतीक्षा** र **मध्यान्तर**-मा पुरुष अत्याचारलाई चुनौतिको रूपमा लिएर नारी शक्तिर सामर्थ्यलाई अभिव्यक्त गरिएको छ। उपन्यासकार पुष्प राई पुरुषवादी समाजद्वारा नारीप्रति राखिने हेय दृष्टि र पुरुषद्वारा प्रताडित नारीका अनुभवलाई मात्र चित्रण गर्दिनन् तर नारीलाई शोषण गर्ने पुरुषवर्ग विरुद्ध क्रान्तिकारी स्वर निकाल्न पछि सरेकी छैनन्। यी अत्यन्त महत्त्वपूर्ण विषयलाई उनले सफलतापूर्वक चित्रण गरेकी छन्। उनका दुवै उपन्यासका नारी चरित्र सबल, सशक्त, शिक्षित, स्वनिर्भर छन् त्यसैले उपन्यासका नारी आत्मसम्मानका साथ उभिएका कुरालाई पनि यस अध्यायमा समावेश गरिएको छ।

पाँचौं अध्यायको शीर्षक **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** रहेको छ। यस अन्तर्गत पुष्प राईका उपन्यासको केन्द्रियतामा प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययन गर्दा नारीवादका विभिन्न लहर, प्रकारका आधारलाई लिएर उदार नारीवादी अवधारणा, उग्र नारीवादी अवधारणा, फ्रान्सेली नारीवादी अवधारणा, मार्क्सवादी नारीवादी अवधारणा, समाजवादी नारीवादी अवधारणाका आधारहरूको परिचय र गहन अध्ययन गरिएको छ। यसरी नै पुरुषलिखित नेपाली उपन्यासको अध्ययन, नारीलिखित प्रमुख नेपाली उपन्यासको अध्ययन अनि पुरुष एवम् नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्याममा पाइने समष्टि अध्ययन यस अध्यायमा गरिएको छ। प्रमुख नारीवादी अवधारणाका आधारमा प्रमुख नेपाली नारीवादी उपन्यासहरूको मात्र अध्ययन गरिएको छ। यीमध्ये पुष्प राईको **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७), भीम

दाहालको **अभीष्टको खोज** (सन् १९९८), सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९) पद्मावती सिंहको **समानान्तर आकाश** (सन् २००४), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६), बलदेव मजगैयाको **मानसी** (सन् २००६), कमला कुँवर 'सुजात'को **पराजित अस्तित्व** (सन् २००७), पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) आदि उपन्यासहरूलाई प्रमुख नेपाली उपन्यासअन्तर्गत राखेर यसबाट प्राप्त निष्कर्षलाई केलाउने काम गरिएको छ।

उदार नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासको अध्ययनका क्रममा नेपाली उपन्यासमा व्यक्तिगत स्वतन्त्रताको खोजी अनि पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको अभिव्यक्तिको विस्तृत अध्ययन गरिएको छ।

उग्र नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययनका क्रममा नेपाली उपन्यासमा नारीहरूप्रति गरिने दमन शोषण आदिको विरोधलाई अध्ययनको मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ। फ्रान्सेली नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययनको क्रममा नेपाली उपन्यासमा पाइने नारीलेखन अर्थात् एक्रिचर फेमिनीन्का विषयमा चर्चा गरिएको छ। मार्क्सवादी नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययनका क्रममा पुरुषसमान नारीले आर्थिक अधिकार पाउनुपर्छ भन्ने विषयलाई नेपाली उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने विषयमा अध्ययन गरिएको छ। समाजवादी नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासहरूको अध्ययनअन्तर्गत परनिर्भरताका कारण आर्थिक परतन्त्रता स्वम् लैङ्गिक विभेदका आधारमा विभिन्न एकाइमा नारी शोषित भएका विषयहरूको विस्तृत अध्ययन गरिएको छ।

पुरुषलिखित प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययनका क्रममा भीम दाहालको **अभीष्टको खोज** (सन् १९९३), बलदेव मजगैयाँको **मानसी** (सन् २००६) र पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) उपन्यासहरूमा पितृसत्तात्मक समाजमा नारीको स्थितिलाई कसरी देखाइएको छ भन्ने विषयलाई केन्द्र गरी अध्ययन गरिएको छ। यसमा पुरुषलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति र पुरुषलिखित उपन्यासहरूमा नारीप्रति लेखकीय दृष्टिकोण विषयमा चर्चा गरिएको छ।

नारीलिखित नारीवादी प्रमुख नेपाली उपन्यासको अध्ययनका क्रममा पुष्प राईका **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७), सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९), पद्मावती सिहंको **समानान्तर आकाश** (सन् २००४), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६), कमला कुँवर 'सुजात' को **पराजित अस्तित्व** (सन् २००७), र जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) आदि उपन्यासको अध्ययन गरिएको छ। जसमा नारीलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति र नारीलिखित उपन्यासमा नारीप्रति लेखकीय दृष्टिकोण विषयमा विस्तारपूर्वक चर्चा गरिएको छ। यसरी नै पुरुष अनि नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमा पाइने भिन्नताको अध्ययन गर्ने क्रममा पुरुषलिखित उपन्यासमा लेखकले नारीको पक्षधरता लिने प्रयास गरे तापनि उनीहरू पुलिङ्गवादी मानसिकताबाट मुक्त हुन नसकेको देखिन्छ। नारीलिखित उपन्यासका लेखकहरूले नारीका विभिन्न समस्यालाई देखाउँदै नारी अस्तित्वको खोजी गरेर समस्या र चुनौतिहरूसँग जुध्ने, आत्मबोध गर्ने, आत्मनिर्भर बन्न सचेतता देखाएका प्रसङ्गहरूलाई गहनतापूर्वक केलाउने काम पनि यसमा गरिएको छ।

**पुष्प राईका उपन्यासको केन्द्रयतामा नारीवादी नेपाली उपन्यासको अध्ययन**बाट निष्कर्षस्वरूप प्राप्त भएका तथ्यहरू यसप्रकार प्रस्तुत गरिएको छ:

यस शोधप्रबन्ध लेखन एवम् अनुसन्धानबाट प्राप्त उपलब्धि, प्राप्ति र शोधको निष्कर्षलाई समष्टि निष्कर्षका रूपमा निम्नलिखित बुँदाअन्तर्गत प्रस्तुत गरिएको छ ।

१९ सौं शताब्दीमा युरोपबाट नारी हक, हित र अधिकारका लागि उठेको नारीमुक्तिको आन्दोलन नारीवाद हो जसले साहित्य लेखनलाई समेत गहिरो प्रभाव पारेको छ। नारीवाद पुरुषको विरोधमा नभएर पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोधमा खडा भएको आन्दोलन हो। समाजमा लिङ्गलाई आधार बनाई नारी र पुरुषमाझ विभेद गर्ने व्यवस्थालाई भत्काएर नारी पुरुष दुवैलाई समान रूपमा हेर्ने अनि नारी र पुरुष दुवैको समान स्थान सुनिश्चित हुनुपर्दछ भन्ने आवाज बोकेको आन्दोलन हो नारीवाद।

पितृसत्तात्मक समाजले पारिवारिक गतिविधि, सामाजिक क्रियाकलाप, राजनीतिक, आर्थिक, कानुनी, रीतिथिति, संस्कृति, धर्म, शिक्षा, दर्शन, कला, साहित्य आदि विविध क्षेत्रमा पुरुषलाई मात्र प्राथमिकता र अधिकार दिइएको पाइन्छ। त्यही अधिकारको दुरूपयोग पुरुषहरूद्वारा गरिदैं आएकाले नारीको शरीर, मातृत्वको अधिकार, यौन आदिमा पुरुषको नियन्त्रण रहदैं आएको छ। अतः यस किसिमका पितृसत्तात्मक सामाजिक व्यवस्थाले बनाएका नियम, परम्परा र दृष्टिकोणलाई अन्त गरी नारीलाई पुरुष समान हक, अधिकार र प्रतिष्ठा दिलाउने पक्षमा उठेका नारीमुक्ति आन्दोलनहरूबाट विकसित चिन्तन नै नारीवाद चिन्तन हो।

नारीवादको सिद्दान्त राजनैतिक आन्दोलनको रूपमा मात्र सीमित नरहेर यसले साहित्यमा पनि प्रवेश गरेको छ। मेरी उल्स्टनक्राफ्ट, सिमोन दि बुआ, बेट्टी फ्राइडन, केट मिलेट, एलेन सोवाल्टर, लूस इरिगरी, जुडिथ बटलर, भर्जिनिया उल्फ, बेल हूक्स, एलिस

वाकर र रेबेका वाकर आदि नारीवादी चिन्तकहरूले नारीका दमित अवस्थालाई देखाउँदै नारीको हक, हित, अधिकार र मुक्तिका निम्ति आवाज उठाएका हुन्।

नारीवाद १९ सौं शताब्दीमा युरोप र अमेरिकामा विकसित चिन्तन भए तापनि प्राचीन भारतीय साहित्यलाई पनि नारीवादी दृष्टिकोणबाट अध्ययन गर्न सकिन्छ। प्राचीन भारतीय संस्कृत वाङ्मयका प्रमुख ग्रन्थ **वेद, महाभारत** र **रामायण**लाई नारीवादी दृष्टिकोणमा अध्ययन गर्दा प्राचीन भारतीय नारी आफ्नो स्वत्व र अस्तित्वप्रति सचेत रहेका पाइन्छन्।

**ऋग्वेद**मा पाइने यम र यमीको सन्दर्भले वैदिक कालीन नारी मातृ अधिकारप्रति सचेत थिए भन्ने प्रमाणित गर्दछ। यमीले आफ्नो मातृ हक प्राप्तिको निम्ति यमलाई आग्रह गर्नु, उसले खोजेको मातृत्व अधिकारको माग र यौन स्वतन्त्रताको खुल्ला चर्चा हो। नारीवादी चिन्तक मिचेल फुकोको सेक्सबारे खुल्ला रूपमा चर्चा गर्न नारीले पनि पाउनुपर्छ भन्ने कुरालाई यमीले प्राचीनकालमा नै व्यवहारमा उठाइसकेको पुष्टि हुँदछ। तत्कालीन शक्तिशाली नारीहरूको सुचीमा राख्न सकिने नारी शचिको प्रभुता यस प्रसङ्गमा उल्लेखनीय मान्न सकिन्छ। नारी स्वत्व र अधिकार सचेत नारी शचि वेदकालीन प्रथम नारी हुन् जसले मातृत्व अधिकार र यौन स्वतन्त्रताको अधिकार खोजेकी छन्। नारी स्वत्व र अधिकारप्रति सचेत **ऋग्वेद** कै अर्की नारी शचि नारी पुरुषका बिचमा समानता खोज्ने तथा परुष वर्चस्वप्रति विद्रोह गर्ने सक्षम नारीका रूपमा खडा भएकी छन्। ऋग्वैदिककालको समाप्तिसितै **अथर्ववेद**को समय वैदिककालको उत्तरार्द्धमा छोरीको भन्दा छोराको चाहना बढ्न थालेका प्रसङ्गले पितृसत्तात्मक समाजको उदय तीव्र रूपमा सुरु भएको प्रमाणित हुँदछ।

**रामायण**-मा वर्णित समाज र त्यहाँका नारीहरूमध्ये मन्थरा र कैकेयी व्यक्तिगत अधिकारप्रति सचेत नारीहरू थिए, जसले व्यक्तिवादी नारीवादले झैं व्यक्तिगत स्वतन्त्रता र अधिकारको माग गरेका थिए। **रामायण**-की सीता शारीरिक रूपमा सबल र सशक्त, पुरुष

नियन्त्रणलाई भञ्जन गर्न सक्ने सामर्थ्यवान नारी हुन्। पितृसत्तात्मक समाजकै प्रभावका कारण पतिसँग वियोग हुन बाध्य भएकी नारी सीता परिवार र समाजदेखि अलग रहेर पनि उनी एक्लै जम्ल्याहा छोराका लालनपोषण गर्न, उनीहरूलाई शिक्षा दिन, युद्ध कौशलमा पारङ्गत बनाउन सक्षम थिइन्। सक्षम नारीका रूपमा स्वाभिमानी एवम् आत्मबोधी सम्पन्न नारी थिइन्। नारीप्रति हुने अन्याय, अत्याचारको प्रतिकारमा पितृसत्तात्मक समाजलाई तिरस्कार गरी नारी अस्मिता स्वाभिमान तथा आत्मसम्मान सरक्षार्थ सर्वस्व त्यागन अग्रसर भइन्। नारी स्वत्वका निम्ति सचेत रहेकी सीता मातृत्वको अधिकार र प्रजनन प्रक्रियालाई आफ्नो नियन्त्रणमा राख्न क्षमताशील भएकी नारी हुँदा उदार नारीवादका मान्यता सीतामा विद्यमान रहेको प्रमाणित हुँदछ।

**रामायण**-की अर्की एउटी नारी पात्र शूर्पणखाले आफ्नो इच्छा अनुसार वरको चयन गरेर विवाह जस्तो महत्त्वपूर्ण निर्णयमा नारीले पुरुषसमान हक र अधिकार पाउनुपर्छ भन्दै नारी स्वतन्त्रताको वाकलती गरेको पाइन्छ।

**महाभारत**कालीन समाज पितृसत्तात्मक थियो भन्ने कुरा विवाहपूर्व जन्मिएको छोरो कर्णलाई नदीमा बगाइएको घटनाले पुष्टि गरेको छ। **महाभारत**की द्रौपदीले कर्णसित विवाहमा असहमति सुनाएर विवाह नारीको व्यक्तिगत निर्णय, पतिचयनको स्वतन्त्रता र अधिकारको विषय हो भन्ने प्रमाणित गरेकी छन्। महाभारतकालमा पितृसत्तात्मक व्यवस्था सशक्त बनेको अनि नारीलाई एउटा वस्तुको रूपमा मात्र हेरिन थालिएको प्रमाण द्यूतक्रीडामा द्रौपदीलाई पाण्डवले जुवाको दाउका रूपमा लगाएको प्रसङ्गले गर्दछ। राजसभामा उपस्थित नरनारी, वीर योद्धा, ओजस्वी कौरव पाण्डवबाट कुनै प्रकारको सुरक्षा नपाएपछि द्रौपदीले आफ्नो सतीत्वको रक्षा स्वयम्ले गरेको घटनाले नारी स्वत्वको सुरक्षा, खोजी नारी स्वयम्ले गर्न सक्नुपर्छ भन्ने नारीवादी मतलाई **महाभारत**की द्रौपदीले चरितार्थ गरेको पाइन्छ।

**महाभारत**की दमयन्तीले दोस्रोपटक स्वयंवरको घोषणा गरेर विवाह नारी अधिकारको नीजि विषय हो र विवाहिता नारीले स्वेच्छाले दोस्रो पटक विवाह गर्न सक्छन् भन्ने कुरा प्रमाणित गरेकी छन्।

आधुनिक भारतमा ईश्वरचन्द्र विद्यासागर र राजाराम मोहन रोय जस्ता उदारवादी पुरुषले नारी अधिकार, नारी शिक्षालाई देश विकासको पहिलो शर्त मानेका थिए। नारी शिक्षा र सशक्तीकरण पैरवी गर्नका साथै पितृसत्तात्मक समाजले निर्माण गरेको नारी अत्याचारको चरम सतीप्रथाको अन्त गर्न गरेका सङ्घर्षऐतिहासिक प्रमाणले पुरुष पनि नारीलाई पितृसत्ताको उत्पीडनबाट मुक्ति दिलाउन अघि आउनुपर्दछ भन्ने सन्देश विश्वलाई दिएको पाइन्छ।

नेपाली साहित्यमा नारीवादी चिन्तनले प्रवेश पाएको पहिलो उपन्यास रूपनारायण सिंहको **भ्रमर** हो।पुरुष उपन्यासकार भीम दाहाल, बलदेव मजगैयाँ र पुण्यप्रसाद प्रसाईका उपन्यासमा नारीले स्वतन्त्रताको निम्ति जति नै सङ्घर्ष गरे पनि पितृसत्तात्मक समाजका अघि विवश, लाचार भएर पराजित हुनु परेको स्थिति देखाइएको छ। अतः यी पुरुष लेखकका चेतन मनले नारी मुक्तिलाई समर्थन गरे तापनि अवचेतन मनले पितृसत्तात्मक व्यवस्थाको मोहबाट आफूलाई मुक्त गर्न नसकेको बुझिन्छ।

नारीलिखित उपन्यासहरूमा प्रत्येक क्षेत्रमा नारीले पुरुषसमान स्वतन्त्रता, हक र अधिकार पाउनुपर्छ भन्ने मुद्दाअन्तर्गत यौन स्वतन्त्रताका विषयलाई पनि उपन्यासमा समावेश गरेर लैङ्गिक आधारमा नारी यौन अधिकारबाट वञ्चित हुन सक्दैनन् भन्ने विषयको वकालत गरिएको पाइन्छ। पुरुषले पाएका समस्त सहुलियत र सुविधा नारीले पनि पाउनुपर्छ भन्ने नारीवादी तर्कलाई नेपाली नारी उपन्यासकारहरूको समर्थन रहेको छ।नारी

उपन्यासकारहरूको मूल उद्देश्य नै पूर्ण रूपमा नारीपक्षीय न्यायमा केन्द्रित रहेको छ। नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमा नारी स्वरलाई प्रमुखता दिइएको पाइन्छ। पुरुषद्वारा लिखित उपन्यासमा चित्रित नारीका दयनीय, दुर्बल स्थितिलाई अमान्य ठान्दै नारी उपन्यासकारले नारीका सबल पक्षलाई विशेष जोड दिन आफ्नो स्वर तीव्र गरेकी छन्।

पुष्प राईले **भोलिको प्रतीक्षा** उपन्यासकी पात्र शान्तिका माध्यमद्वारा मातृत्वको अधिकार नारीको व्यक्तिगत अधिकार हो भन्ने मान्यतालाई पूर्ण समर्थन दिएकी छन्। **भोलिको प्रतीक्षा** उपन्यासकी एउटी पात्रका रूपमा शान्तिकी आमाले पुनः विवाह गरेर विवाहमा महिलाको व्यक्तिगत स्वतन्त्रता हुनु पर्छ भन्ने उदार नारीवादी मान्यताको समर्थन गरेकी प्रसङ्ग उपन्यासकार पुष्प राई आफ्ना उपन्यासमा समावेश गरेर विद्रोहमा नारी स्वतन्त्रताको शङ्खघोष गरेकी छ। आफ्ना उपन्यासका माध्यमद्वारा नारीप्रति नकारात्मक दृष्टिकोण राखेर निर्जीव वस्तुसरह व्यवहार गर्ने पितृसत्तात्मक मानसिकतामा परिवर्तन ल्याउने अभिप्राय उपन्यासकार पुष्प राईको रहेको छ।

युगौंदेखि पितृसत्तात्मक व्यवस्थाले नारीलाई दमन र शोषण गर्दै आएका हुनाले नारीले आफ्नो जीवनयात्रामा विभिन्न समस्या झेल्नु परेको यथार्थलाई पनि उनले औंल्याएकी छन्। नारीलाई मानसिक, शारीरिक यातनासितै यौन उत्पीडन गर्ने पुरुषवादी सोचमा परिवर्तन ल्याएर नारी मुक्तिका निम्ति नारी स्वयम् शिक्षित, सचेत, सङ्घर्षशील र क्रान्तिकारी बन्न आवश्यक छ भन्ने उपन्यासकार पुष्प राईको अडान रहेको छ।

उपन्यासकार पुष्प राई पुरुषवर्चस्ववादी समाजको सङ्कीर्ण विचारधाराको भञ्जन गर्न उद्यत छन्।

पुष्प राई, विन्द्या सुब्बा र बलदेव मजगैयाँले आफ्ना उपन्यासमा नारीको व्यक्तिगत स्वतन्त्रताको खोजीलाई उच्च प्राथमिकता दिएका छन्। पुष्प राई, विन्द्या सुब्बा, भीम दाहाल, पद्मावती सिंह र सुजात पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको खोजी गर्ने प्रमुख नारीवादी उपन्यासकार हुन्। पारिजात, पुष्प राई, विन्द्या सुब्बा, पद्मावती सिंह, पुण्यप्रसाद प्रसाई र बलदेव मजगैयाँका उपन्यासमा पितृसत्ता विरोधी स्वर प्रष्फुटित भएका छन्। पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, विन्द्या सुब्बाको **निर्गमन**, पद्मावती सिंहको **समानान्तर आकाश**, जलेश्वरी श्रेष्ठको **नियाति चक्र**, सीता पाण्डेको **अन्तर्द्वन्द्व** आदि उपन्यासमा नारीलेखन (एक्रिचर फेमिनीन्)-को सफल प्रयोग पाइन्छ। पद्मावती सिंह र भीम दाहाल मार्क्सवादी नारीवादी अवधारणाबाट प्रभावित उपन्यासकार हुन्। त्यसैले आर्थिक रूपमा नारी शोषित भएको यथार्थलाई देखाउँदै त्यस समस्याको समाधान खोज्ने प्रयास गरेका छन् ।

पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** र सुजातको **पराजित अस्तित्व** प्रमुख समाजवादी नारीवादी नेपाली उपन्यास हुन्। पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, विन्द्या सुब्बाको **निर्गमन**, पद्मावती सिंहको **समानान्तर आकाश**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, सीता पाण्डेको **अन्तर्द्वन्द्व** आदि नारीलिखित उपन्यासमा पितृसत्ताको दमनका बिच पनि नारीले आफ्नो स्वतन्त्रता, अधिकार र समानताका निम्ति सङ्घर्ष गरेर सफलता प्राप्त गरेका छन्। अतः नारीलाई परम्परागत यातनापूर्ण जीवनबाट मुक्त गराउन सकारात्मक पहलसितै पारिवारिक, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि क्षेत्रहरूमा पनि नारी सहभागिता, भूमिका, मूल्यलाई प्राथमिकता दिइनुपर्छ भन्ने तर्कलाई कुनै सुधारात्मक पहलले होइन परिवर्तन र वैचारिक क्रान्तिद्वारा हत्याउन सकिन्छ भन्ने पूर्वसङ्केत दिइएको छ।

**भोलिको प्रतीक्षा**की शान्ति अनि **मध्यान्तर**की पूर्णिशाका माध्यमबाट उपन्यासकारले नारी पुरुषविना पनि एक्लै जीवन जिउने सक्षमता नारीमा हुन्छ भन्ने देखाइएकोले पुष्प

राईमा नारीवादी स्वर तीव्र रहेको प्रमाणित हुँदछ। आफ्ना उपन्यासका माध्यमद्वारा पुष्प राईले पुरुष एकाधिकारको भञ्जन गर्ने प्रयास गरेकी छन्।

आफ्ना दुवै उपन्यासमा उपन्यासकार पुष्प राईले समाजमा विद्यमान पितृसत्तात्मक मानसिकताको आलोचना, खण्डन र भर्त्सना गरेकी छन्। यस्ता पुरुषपक्षीय व्यवस्थाको अन्तको निम्ति क्रान्तिकारी नारी पात्र पूर्णिशा र शान्तिलाई खडा गर्न सफल भएकी छन्। जो आजका समाजका नारीका प्रतिनिधिका रूपमा उत्रेर आफ्नो स्वतन्त्र सत्ता बनाउन सफल छन् ।

पितृसत्तात्मक व्यवस्था र परम्पराद्वारा सिर्जित सामाजिक संरचना अनि परिवेशले नारीमाथि हुँदै आएका विभिन्न प्रकारका उत्पीडनलाई सार्वजनिक गर्न उपन्यासकार पुष्प राई सफल भएकी छन्। नारीलाई यौन वस्तुको रूपमा होइन तर सशक्त, बौद्धिक, क्षमतावान मानवसमाजको अंशका रूपमा हेर्नुपर्ने दृष्टिकोणको बीजारोपण उपन्यासकार पुष्प राईले गरेकी छन्। आफ्ना दुवै उपन्यासमा उपन्यासकार पुष्प राईले नारी स्वनिर्भरतामाथि जोड दिँदै नारी पुरुष समानताको खोजी गरेकी छन्। पुरुषप्रमुखतावादी समाजमा नारीलाई आर्थिक, सामाजिक, सांस्कृतिक समानताका निम्ति सङ्घर्षमा उत्रिन आह्वान गर्दै समाजमा विद्यमान पुरुषवर्चस्वको समाप्तितर्फ र नारी उन्मुक्तिको उन्मुखतातर्फ उपन्यासकार पुष्प राई उन्मुख रहेकी छन्।

नारी समस्या समाधानका विभिन्न विकल्पका खुल्ला चर्चा गरेका हुनाले पुष्प राईका दुवै उपन्यास **भोलिको प्रतीक्षा** अनि **मध्यान्तर** अन्य नारीवादी नेपाली उपन्यासका तुलनामा छुट्टै विशिष्टता हत्याउन सफल रहेको छ।आत्मसम्मानसाथ नारीले बाच्न सक्ने समाजको खोजी नै उनका उपन्यासका महत्त्वपूर्ण विशेषता हुन्।

आफ्ना उपन्यासका माध्यमबाट पुष्प राईले सन्तुलित नवीन समाज निर्माणको अपेक्षा गरेकी छन्। पितृसत्तात्मक समाजको संशोधन र सुधारभन्दा पनि पूर्ण रूपमा परिवर्तन हुनुपर्ने कुराको घोषणा गरेकी छन्।

उपन्यासकार पुष्प राई नारीवादी चिन्तक सिमोन दि बुआ, मेरी उल्स्टनक्राफ्ट, केट मिलेट, हेलेन सिजू, जुलिथ बटलर, एलेन सोवाल्टर र लुस इरिगरीबाट अत्याधिक प्रभावित रहेकी उपन्यासकार हुन्। यी नारीवादी चिन्तकका विचार **भोलिको प्रतीक्षा**की शान्ति, शैशवा, इन्दुमति र **मध्यान्तर**की पूर्णिशामा अवतरित भएको छ।

प्रस्तुत शोधप्रबन्धमा विश्लेषण गरिएका प्रमुख नेपाली नारीवादी उपन्यासहरूमा नारीमुक्तिको निम्ति एउटै मूल स्वर उठाइएको पाइए तापनि नारीलाई आत्मसम्मान, आत्मनिर्भर बन्ने आह्वान, मुक्ति र स्वतन्त्र बनाउनमा सङ्घर्ष नारीले आफूलाई स्वयम् शक्ति र सामर्थ्यका साथ प्रोत्साहन दिलाउन पुष्प राई सफल भएकी छन्। पुष्प राईका उपन्यासहरूमा परिलक्षित विशेषताहरू यसप्रकार रहेका छन्-

नारीवादी दृष्टिकोण र लैङ्गिक समानताको खोज नारी स्वतन्त्रतान्मुखता।

नारी अस्तित्वको खोजी र नारीका भूमिका, सहभागिता, सहयोगको मूल्यको माग।

बलात्कृत नारीका पीडा र नारी अस्मिताको प्रस्तुति।

नारी पीडा बोधको अभिव्यक्ति र उन्मुक्तिको चाहना।

पुरुषप्रधान समाजको विरोध र नारी अधिकारको खोजी।

नारीप्रति सम्मानभावको प्रस्तुति, लैङ्गिक समानता, पुरुषप्रधान समाजमा नारी परतन्त्रता, बन्धन, दमन, नारीविद्रोह, समानताको खोजी आदि विविध समस्याहरूको समाधान

र निवारण नारी आत्मनिर्भरताले मात्र हुनसक्छ भन्ने अन्तिम अभीष्ट रहेकाले अन्य नारीवादी उपन्यासका तुलनामा पुष्प राईका उपन्यासको अलग मौलिक विशेषता रहेको पाइन्छ।

समग्रमा नेपाली नारीवादी उपन्यासमा युगीन परिवर्तित नारी जीवनको प्रतिविम्ब पाइन्छ, जसलाई नारीवादी उपन्यासकारहरूले यथार्थ रूपले प्रस्ततु गरेका छन् ।

# विषयसूची

**पहिलो अध्याय : शोधविधि** १-१४

१.१ शोधक्षेत्रको परिचय १

१.२ शोध शीर्षक र त्यसको परिचय १

१.२.१ शोध शीर्षक १

१.२.२ शोध शीर्षकको परिचय २

१.३ शोधको प्रयोजन २

१.४ समस्याकथन २

१.५ शोधको उद्देश्यकथन ३

१.६ पूर्वकार्यको सर्वेक्षण ३

१.६.१ पत्रपत्रिका एवम् जर्नलमा प्रकाशित पूर्वकार्यको समीक्षा ४

१.६.२ सम्पादित पुस्तकहरूमा प्रकाशित पूर्वकार्यको समीक्षा ६

१.६.३ विभिन्न पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा ६

१.६.४ शोधपत्र, कार्यपत्र, शोधप्रबन्धमा प्रकाशित पूर्वकार्यको समीक्षा ९

१.७  शोधको औचित्य १०

१.८ शोधको सीमाङ्कन १०

१.९ शोधविधि ११

  १.९.१ शोधको सैद्धान्तिक आधार १२

  १.९.२ सामग्री सङ्कलनविधि १२

  १.९.३ सङ्कलित सामग्रीहरूको वर्गीकरण एवम् व्यवस्थापन विधि १३

  १.९.४  सङ्कलित सामग्रीको विश्लेषण एवम् सामान्यीकरण विधि १३

१.१० शोधप्रबन्धको सङ्गठनप्रक्रिया १४

**दोस्रो अध्याय : नारीवादको सैद्धान्तिक अध्ययन १५-१२४**

२.१ नारीवादको अर्थ र परिभाषा १५

२.२ नारीवादको इतिहास २०

  २.२.१ पहिलो लहर २१

  २.२.२ दोस्रो लहर २४

  २.२.३ तेस्रो लहर २९

२.३ पूर्वीय पौराणिक नारी पात्रमा नारीवादी चेतना ३१

  २.३.१ वैदिक नारी ३३

२.३.२ **रामायण**का नारी ३७

२.३.३ **महाभारत**का नारी ४३

२.३.४ आधुनिक भारतमा नारी सचेतना ४९

२.३.५ भारतीय नेपाली साहित्यमा पौराणिक नारी ५२

२.४ नारीवादका प्रकार ५६

२.४.१ उदार नारीवाद ५७

२.४.२ मार्क्सवादी नारीवाद ६४

२.४.३ उग्र नारीवाद ६८

२.४.४ समाजवादी नारीवाद ७२

२.४.५ अश्वेत नारीवाद ७५

२.४.६ पर्यावरणीय नारीवाद ७९

२.४.७ नारीसमलिङ्गवाद ८३

२.४.८ फ्रान्सेली नारीवाद ८५

२.४.९ तेस्रो लहरका नारीवादका प्रमुख प्रकार ८९

२.५ नेपाली साहित्यमा नारीवादको प्रयोग ९३

२.५.१ नेपाली उपन्यासमा नारीवाद ९५

२.५.२ नेपाली कथामा नारीवाद १०१

२.५.३ नेपाली कवितामा नारीवाद १०५

२.५.४ नेपाली नाटकमा नारीवाद ११५

२.५.५ नेपाली निबन्धमा नारीवाद ११६

२.५.६ नेपाली समालोचनामा नारीवाद ११७

२.६ निष्कर्ष १२३

**तेस्रो अध्याय : नेपाली उपन्यासमा नारीवादी चिन्तन परम्परा १२५-१६८**

३.१ नेपाली उपन्यासमा नारीवादी चिन्तनको प्रवेश १२५

३.२ नेपाली उपन्यासमा नारीवादी चिन्तन परम्परा १२७

३.३ निष्कर्ष १६६

**चौथो अध्याय : पुष्प राईका उपन्यासमा नारीवादको अध्ययन १६९-२४९**

४.१ उपन्यासकार पुष्प राईको परिचय १६९

४.२ पुष्प राईका उपन्यास १७०

४.३ पुष्प राईका उपन्यासमा पाइने नारीवादी चिन्तन १७१

४.३.१ नारीका व्यक्तिगत स्वतन्त्रताको खोजी १७२

४.३.२ पुरुषसमान नारी अधिकारको खोजी १८०

४.३.३ नारी स्वनिर्भरता, स्वतन्त्रताको अभिव्यक्ति
र स्वत्वको खोजी १८६

४.३.४ पितृसत्तात्मक सामाजिक व्यवस्थाको चित्रण १९४

४.३.५ पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोध २०९

४.३.६ पुष्प राईको उपन्यासमा नारीलेखन २२३

४.४ पुष्प राईका उपन्यासमा निहित नारीवादी स्वर २३१

४.५ निष्कर्ष २४८

**पाँचौं अध्याय : पुष्प राईका उपन्यासको केन्द्रियतामा प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययन** **२४९-३७६**

५.१ पुष्प राईका उपन्यासको केन्द्रियतामा नेपाली नारीवादी उपन्यासको
अध्ययनका आधारहरू २४९

५.१.१ उदार नारीवादी अवधारणाको आधारमा नेपाली
उपन्यासहरूको अध्ययन २५०

५.१.१.१ नेपाली उपन्यासमा व्यक्तिगत स्वतन्त्रताको खोजी २५०

५.१.१.२ नेपाली उपन्यासमा पुरुषसमान नारी अधिकार
र स्वनिर्भरताको खोजी २५६

५.१.२ उग्र नारीवादी अवधारणाको आधारमा नेपाली
उपन्यासहरूको अध्ययन २६६

५.१.२.१ नेपाली उपन्यासमा पितृसत्ताको विरोध २६६

५.१.३ फ्रान्सेली नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन २७५

५.१.३.१ नेपाली उपन्यासमा नारीलेखन २७६

५.१.४ मार्क्सवादी नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन २८५

५.१.५ समाजवादी नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासहरूको अध्ययन २९२

५.१.६ पुरुषलिखित प्रमुख नेपाली नारीवादी उन्यासको अध्ययन ३०१

५.१.६.१ पुरुषलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति ३०२

५.१.६.२ पुरुषलिखित उपन्यासहरूमा नारीप्रति लेखकीय दृष्टिकोण ३१९

५.१.७ नारीलिखित नारीवादी प्रमुख नेपाली उपन्यासको अध्ययन ३३२

५.१.७.१ नारीलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति ३३२

५.१.७.२ नारीलिखित उपन्यासमा नारीप्रति लेखकीय दृष्टिकोण ३४४

५.१.८ पुरुष एवम् नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमा पाइने भिन्नता ३५६

५.२ निष्कर्ष ३७५

**छैटौं अध्याय : उपसंहार र निष्कर्ष** **३७७-३९३**

६.१ अध्यायगत उपसंहार ३७७

६.२ समष्टि निष्कर्ष ३८४

**सन्दर्भग्रन्थ सूची** **३९४-४०३**

# पहिलो अध्याय

## शोधविधि

### १. शोधक्षेत्रको परिचय

नारीवाद उत्तरआधुनिक समालोचनाअन्तर्गत पर्ने एउटा महत्त्वपूर्ण सिद्धान्त हो। नारी जातिको विकास, हक, अधिकार, न्याय, समानता आदिका निम्ति नारीलाई केन्द्रमा राखेर नारीको दृष्टिकोणबाट समाजको व्याख्या-विश्लेषण गर्ने उद्देश्यले प्रतिपादित सिद्धान्त नै नारीवाद हो। नारीवादले सामाजिक, राजनैतिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक, धार्मिक आदि क्षेत्रमा नारी र पुरुषको समान अधिकार हुनुपर्छ भन्ने वकालत गर्दछ। मूलत: नारी पुरुषमाझ रहेको असमान स्थिति, नारीले भोगिरहेका समस्या पत्ता लगाएर समाधान गर्ने वैकल्पिक उपायहरूको खोजी गर्नु नै नारीवादको मुख्य कार्यक्षेत्र हो। प्रस्तुत शोधकार्यमा नारीवादी अवधारणामा केन्द्रित रहेर पुष्प राईका उपन्यासहरूको विश्लेषण गरिएको छ।

### १.२ शोध शीर्षक र त्यसको परिचय

### १.२.१ शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** रहेको छ।

### १.२.२ शोध शीर्षकको परिचय

पुष्प राई नेपाली नारीवादी उपन्यासकार हुन्। उनका **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७) गरी दुईवटा उपन्यास प्रकाशित भएका छन्। यी दुईवटा उपन्यासले समेटेको एउटा महत्त्वपूर्ण पक्ष हो नारीवाद। नेपाली उपन्यासमा नारीवादी चिन्तनमाथि केन्द्रित रहेर लेख्ने प्रमुख उपन्यासहरूमध्ये पुष्प राई र उनका दुवै उपन्यासहरूको आफ्नै महत्त्व रहेको छ। तथापि त्यसतर्फ अध्येताहरूको ध्यान थोरै मात्र गएको हुनाले प्रस्तुत शोधकार्यमा पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको विस्तृत विश्लेषण गर्ने कार्य भएको छ। नारीका सामाजिक मर्यादा, अस्मिता, पारिवारिक र सामाजिक अन्याय, पुरुषद्वारा नारीप्रति गरिने अत्याचार, नकारात्मक दृष्टिकोण, नारी र पुरुषका सम्बन्धमा रहेका तिक्तता, असमानता आदि विषयमाथि उपन्यासकारको धारणा प्रस्तुत गर्नु यस शोधकार्यको अभिप्राय रहेको छ। प्रस्तुत शोधप्रबन्धमा पुष्प राईको **भोलिको प्रतीक्षा**को (सन् २०१० मा प्रकाशित) दोस्रो संस्करणलाई आधार लिइएको छ।

## १.३ शोधको प्रयोजन

प्रस्तुत शोधप्रबन्ध नेपाली विभाग, भाषा अनि साहित्य सङ्काय, सिक्किम विश्वविद्यालयअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजन हेतु तयार पारिएको हो।

## १.४ समस्याकथन

प्रस्तुत शोधकार्यको विषय नै समस्याका रूपमा रहे तापनि निम्नलिखित शोध समस्या रहेका छन्-

क) नेपाली साहित्यमा नारीवाद कसरी प्रतिपादन भएको छ ?

ख) नेपाली उपन्यास साहित्यको विकास परम्परामा नारीवादी अवधारणाको समावेश के कस्तो रूपमा भएको छ ?

ग) पुष्प राईका उपन्यासमा नारीवादी चिन्तनको अभिव्यक्ति कस्तो प्रकारले भएको छ ?

घ) पुष्प राईका उपन्यासमा पाइने नारीवादी चेतनाको वैशिष्ट्य के कस्तो रहेको छ?

## १.५ शोधको उद्देश्यकथन

प्रस्तुत शोधकार्यका उपर्युक्त समस्याहरूको समाधानार्थ निष्कर्षसम्म पुग्नका निम्ति निम्नलिखित उद्देश्यहरू रहेका छन्।

क) नेपाली साहित्यमा नारीवादको प्रतिपादन विषयमा अध्ययन गर्नु ।

ख) नेपाली उपन्यास साहित्यको विकास परम्परामा नारीवादी चिन्तन समावेशको आधार प्रस्तुत गर्नु।

ग) पुष्प राईका उपन्यासमा नारीवादी चिन्तनको विश्लेषणात्मक अध्ययन गर्नु ।

घ) नारीवादी उपन्यासकारका रूपमा पुष्प राईको वैशिष्ट्य प्रस्तुत गर्दै नेपाली उपन्यास परम्परामा उनको स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको सर्वेक्षण

प्रस्तुत शोधशीर्षकसित सम्बन्धित पूर्वकार्यको सर्वेक्षण गर्दा अपेक्षित रूपमा व्यापक र विस्तृत अध्ययन नगरिएको, सामान्य एवम् सर्वेक्षणात्मक अध्ययनका क्रममा नेपाली नारीवादी

उपन्यासको चर्चा तथा पुष्प राईका उपन्यासहरूको सामान्य विवेचना गरिएको पाइएका छन्। यी पूर्वकार्यहरूलाई तल प्रस्तुत गरिएको छ-

## १.६.१ पत्रपत्रिका एवम् जर्नलमा प्रकाशित पूर्वकार्यको समीक्षा

उत्तर बङ्ग विश्वविद्यालयबाट प्रकाशित **नेपाली अकादमी जर्नल** (वर्ष ५, अङ्क ५, मार्च,२००९)-मा प्रकाशित राजकुमारी दाहालको *नारीवादी लेखन: सन्दर्भ पारिजातका उपन्यास* शीर्षक लेखमा विभिन्न नारीवादी अवधारणाको आधारमा पारिजातको उपन्यासको अध्ययन गर्दै उपन्यासमा नारीवादी मान्यता रहेको उठान गरेकी छन्।

**भृकुटी** पूर्णाङ्क १० (सन् २०१०)-मा प्रकाशित लीला लुइँटेलको लेख *नारीवादी लेखनका सन्दर्भमा नेपाली महिला साहित्यकार* -मा नारीद्वारा सिर्जित नेपाली नारीवादी उपन्यासहरूमा गीता केशरीका उपन्यासहरू **कसिङ्गर, सौगत, मुक्ति, खोज, अन्तिम निम्तो, विश्वास, खुल्ला आकाश, नोकरी, निष्कर्ष र बद्लिँदो क्षितिज,** नीलम कार्की निहारिकाको उपन्यास **तिमी, म र उनी,** शोभा भट्टराईको **अन्त्यहीन अन्त्य,** सीता पाण्डेको **अन्तर्द्वन्द्व,** सुजातका **बन्दन र अन्त्यहीन पीडा,** गौरा रिजालको **अघोषित द्वन्द्व,** भाषा भण्डारीको **सम्झौता,** पद्मावती सिंहको **समानान्तर आकाश,** प्रभा कैनीको **अनावृत्त** आदि उपन्याससँगै पुष्प राईको **भोलिको प्रतीक्षामा** उपन्यासलाई नारीवादी सिद्धान्तका आधारमा संक्षेपमा चर्चा गर्दै नारीवादी अवधारणा सशक्त रूपमा अभिव्यक्त भएको उल्लेख गरिएको छ।

सिक्किम अकादेमीको वार्षिक पत्रिका **अकादमी जर्नल** (वर्ष २०१०-११, वर्ष ७ अङ्क ६) -मा प्रकाशित सविता तामाङको *नारी विमर्शका दृष्टिले परिभाषित आँखाहरूको विश्लेषणात्मक अध्ययन* -मा पारिजातको **परिभाषित आँखाहरू** उपन्यासमा नारीवादी चिन्तन रहेको कुरा देखाउँदै पारिजातलाई नारीवादी उपन्यासकारको रूपमा चिनाएकी छन्।

**गरिमा** पूर्णाङ्क ३५६ असार (सन् २०१२) नारीः अस्तित्व र अस्मिता विशेषाङ्कमा गुरुप्रसाद पोखरेलको *नेपाली साहित्य परम्परामा नारी लेखन,* गुरुङ सुशान्तको *उपन्यास विधाका सन्दर्भमा नेपाली नारी स्रष्टाहरूको उपस्थिति र योगदान* अनि लक्ष्मणप्रसाद गौतमको *उपन्यासमा नारीवादी चेतनासमेतको अभिव्यक्ति : नियति चक्र* जस्ता समालोचनात्मक लेखहरू समाविष्ट भएका छन्। गुरुप्रसाद पोखरेलले आफ्नो लेख *नेपाली साहित्य परम्परामा नारी लेखन*-मा नेपाली कविता, कथा, नाटक, निबन्ध र अन्य विधा अनि समालोचनामा नारीलेखको परम्परा विषयक सामान्य टिप्पणीमूलक चर्चा गरेका छन्। गुरुङ सुशान्तले आफ्नो लेख *उपन्यास विधाका सन्दर्भमा नेपाली नारी स्रष्टाहरूको उपस्थिति र योगदान*-मा अम्बालिका देवीको **राजपूत रमणी** उपन्यासलाई पहिलो नारी स्रष्टाद्वारा लिखित उपन्यासका रूपमा स्वीकार गर्दै परवर्तीकालका प्रमुख नारी उपन्यासकारहरू क्रमशः पारिजात, शान्ति प्रधान, कृष्णकुमारी राई, कमला न्यौपाने, गीता केशरी, भागिरथी श्रेष्ठ, वानिरा गिरी, सावित्री देवसा, प्रेमा शाह, विन्ध्या सुब्बा, माया निराशी, राधा रसाइली, भारती खेरल, पुष्प राई, इशा शाह, श्रेष्ठ प्रिया पत्थर, शान्ति पराजुली, सङ्गीता स्वेच्छा, गीता शर्मा, रोहिनी शाह, शबनम श्रेष्ठ, नीलम कार्की निहारिका, पुण्यरश्मी खतिवडा, शोभा राणा, सुस्मिता नेपाल, ईश्वरी खड्का, गायत्री विष्ठ, शारदा पाण्डे, सीता पाण्डे, इन्दिरा प्रसाई, शोभा भट्टराई, सरला जोशी, कमला कुँवर सुजात, नयाँ देवी, गौरा रिजाल, भाषा भण्डारी, कविता पौड्याल, सरस्वती पोखरेल, सिन्दू शर्मा, अप्सरा लावती, पुष्पा जोशी, राधिका दाहाल, उर्मिला सापकोटा, राधिका राय, सपना नेपाली, सरला रेग्मी अणु, कमला पराजुली, गीता पोखरेल, लीला रिमाल, पद्मावती सिंह, शान्ति थापा आदि नारी उपन्यासकारका उपन्यासहरूको सर्वेक्षणात्मक विवरण प्रस्तुत गरिएको छ। यसरी यस लेखमा नेपाली नारी उपन्यासकारका प्रवृत्ति र अवस्थाबारे पनि संक्षिप्त विवेचना गरिएको छ जसमा आदोर्शन्मुख

यथार्थवाद, स्वच्छन्दतावाद, नारीवाद आदि प्रवृत्तिलाई यी उपन्यासकारले अँगालेको उल्लेख छ। यसरी नै लक्ष्मणप्रसाद गौतमको *उपन्यासमा नारीवादी चेतनासमेतको अभिव्यक्ति : नियति चक्र* पुस्तक चर्चा अन्तर्गतको लेखमा जलेश्वरी श्रेष्ठको उपन्यास **नियति चक्र** उपन्यासको पुस्तक निरूपण गरिएको छ। उनले यस उपन्यासमा नारीअस्तित्व चेतना सँगसँगै मातृत्वचेतना पनि पाइएको उल्लेख गरेका छन्।

### १.६.२ सम्पादित पुस्तकहरूमा प्रकाशित पूर्वकार्यको समीक्षा

लक्खीदेवी सुन्दासको सम्पादनमा साहित्य अकादेमीद्वारा प्रकाशित **बीसौं शताब्दीको भारतीय नेपाली नारी लेखन** (सन् २००२) पुस्तकको सम्पादकीय लेख *पूर्व कथन*-मा सम्पादक लक्खीदेवी सुन्दासले भारतीय नेपाली नारी साहित्यकारको चर्चा गर्ने क्रममा पुष्प राईको उल्लेख पनि गरेकी छन्। उनले विन्द्या सुब्बाको **अथाह** र पुष्प राईको **भोलिको प्रतीक्षामा**- उपन्यासको तुलना गर्दै **अथाह**का नारी पात्रहरू पुरुषप्रति आश्रित रहेका अनि **भोलिको प्रतीक्षामा**-का नारी पात्रहरू स्वअस्तित्वको रक्षा गर्न सबल र सक्षम रहेका उल्लेख गरेकी छन्।

### १.६.३ विभिन्न पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा

घनश्याम नेपालले आफ्नो पुस्तक **नेपाली साहित्यको परिचयात्मक इतिहास** (सन् २००९ संशोधित र परिवर्द्धित संस्करण) को *उत्तर-प्रयोग काल / आलोचना काल* शीर्षकअन्तर्गत रहेको उत्तर-प्रयोगकालीन उपन्यासको चर्चा गर्दा सरल भाषा-शैली, सहज प्रस्तुतीकरण र घटनामूलकताले गर्दा साधारण र बौद्धिक पाठकलाई आनन्द दिने किसिमका उपन्यासहरूमध्ये पुष्प राईको **भोलिको प्रतीक्षामा** पनि एउटा हो भन्ने ठहर गरेका

छन्। यसका अतिरिक्त प्रस्तुत उपन्यासमा नारी स्वतन्त्रतावादी चिन्तन पनि रहेको बताएका छन्।

लीला लुइटेलले आफ्नो पुस्तक **नेपाली महिला उपन्यासकार** (सन् २०११)-मा पुष्प राईको **भोलिको प्रतीक्षा**-मा जीवनका विसङ्गति, लक्ष्यहीनता, यौनकुण्ठा जस्ता विषय पाइए तापनि विसङ्गतिमा नै केन्द्रित नभएर मानवीय अस्तित्वका लागि सङ्घर्ष गरिएको उपन्यासमा हो भन्ने मत राखेकी छन्। प्रस्तुत उपन्यासमा नारीवादी अवधारणाको स्वाभाविक, सशक्त र जीवन्त प्रस्तुति भएको ठहर गरेकी छन्।

रेमिका थापाले आफ्नो पुस्तक **पठन-विपठन (सन् २०१३)**-मा *मध्यान्तर उपन्यासमा नारी विमर्श र भोलिको प्रतीक्षाको सन्दर्भमा नारीत्वको संवाद'* शीर्षक लेखअन्तर्गत नारीवादकै सिद्धान्तका आधारमा पुष्प राईका दुईवटा उपन्यास **मध्यान्तर** र **भोलिको प्रतीक्षा**को अध्ययन गरेकी छन्। उनले पितृसत्ताका विरुद्ध उपन्यासका नारी चरित्रको उपस्थितिलाई औंल्याउँदै पुष्प राईका दुवै उपन्यासलाई नारीवादी उपन्यास ठहर गरेकी छन्।

दीपक तिवारीको **नेपाली साहित्यमा नारीलेखन** (सन् २०१४)-मा *नेपाली उपन्यासको विश्रुतिमा दार्जिलिङ-डुवर्सका नारी स्रष्टाको योगदान* उपशीर्षक लेखअन्तर्गत दारिलिङ-डुवर्सका नेपाली उपन्यासको विकास परम्परा देखाउने क्रममा अम्बालिका देवीको **राजपूत रमणी**, सुभद्रा सुब्बाको **बालमहाभारत**, शान्ति प्रधानको **करूणा**, सरिता प्रधानको **अर्चना**, कृष्णकुमारी राईको **समर्पिताको अस्तित्व**, पुष्प सुब्बाको **अदृश्य व्यथा**, ललिता देवानको **आँसु**, उषा सुन्दासको **बिन्दु**, सावित्री देवसाको **चोइटिएको उपासना**, राधा रसाईलीका **बद्लदो समाज**, **गंगासागर**, **आँधी र त्याग**, विन्धा सुब्बाको **फूलहरू पहाडहरू धर्साहरू**, **अथाह**, **निर्गमन**, कमला साङ्कृत्यानको **दिव्यमणि** आदिको सर्वेक्षणात्मक अध्ययन गरेका छन्।

यसका अतिरिक्त पुष्प राईको **भोलिको प्रतीक्षा** मानवीय मर्यादा र अस्मिताप्रति सचेत हुँदै नारीवादी अवधारणा प्रकट भएको उपन्यास हो भनेका छन्। यसरी नै दीपक तिवारीले पुष्प राईको **मध्यान्तर** नारी स्वतन्त्रताको पक्षमा आवाज उठाउने उपन्यास हो भन्ने कुरा देखाएका छन्।

ममता लामाको पुस्तक **नेपाली समालोचना दृष्टि र आधार** (सन् २०१४) मा *नारीवाद र मध्यान्तर उपन्यास* शीर्षकको एउटा लेख समावेश भएको छ। उनले **मध्यान्तर** उपन्यासलाई उदार नारीवाद र नारीलेखनका आधार लिएर अध्ययन गर्ने प्रयास गरेकी छन्। **मध्यान्तर** नारीवादको सैद्धान्तिक मान्यतामा आधारित उपन्यास हो भन्ने कुराको उल्लेख गरेकी छन्।

महेश प्रधानको पुस्तक **विचयन** (सन् २०१६) मा *स्त्रीवादी उपन्यासको रूपमा पुष्प राईको मध्यान्तर* शीर्षकअन्तर्गत भीमनिधि तिवारीको **सहनशीला सुशीला**, बालकृष्ण समको **मुकुन्द इन्दिरा**, गोपालप्रसाद रिमालको **मसान**लाई नारी सङ्घर्षको प्रारम्भ बिन्दुका कृतिहरू हुन् भन्ने ठहर गरेका छन्। यसपछि रिमालको **यो प्रेम**, विजय मल्लको **अनुराधा**, विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**, पारिजातको **शिरीषको फूल**, सानु लामाका **स्वास्नीमान्छे**, **सात भाइकी चेली** र **सूर्यको तेस्रो किरण**, कमला आँसुको **कालो भँवरा**, **खोसिएको सिन्दूर पोते**, इन्द्रमणि दर्नालको **कृष्णा!कृष्णा!!**, पुष्प राईको **शीलाको पत्र**, **भोलिको प्रतीक्षा**, **मध्यान्तर** आदि नेपाली साहित्यमा देखा परेका नारीवादी कृतिहरू हुन् भन्ने कुराको उल्लेख गरेका छन्। यस लेखमा प्रधानले पितृसत्तात्मक दृष्टिको कारणले नारीहरू अधिकारहीन बनेका हुन् भन्ने मत प्रकट गर्दै पुष्प राईको **मध्यान्तर** उपन्यास भारतेली नेपाली साहित्यको क्षेत्रमा मात्र नभएर सम्पूर्ण नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण नारीवादी उपन्यास हो भन्ने तर्क राखेका छन्।

रूपेश शर्माले आफ्नो पुस्तक **सिर्जना र दृष्टि** (सन् २०१७)मा समाविष्ट लेख *नारीवादी लेखन र भारतीय नेपाली साहित्य*अन्तर्गत भारतीय नेपाली नारीवादी लेखकहरूको परिचयात्मक टिप्पणी गर्नेक्रममा पुष्प राईलाई नारीवादी उपन्यासकार बताउँदै नारी अस्मिता र नारी स्वतन्त्रता पुष्प राईका उपन्यासका केन्द्रिय पक्ष हुन् भन्ने कुरा उल्लेख गरेका छन्। त्यसरी नै उनले रूपनारायण सिंहको **भ्रमर**, विन्द्या सुब्बाको **निर्गमन**, गीता शर्माको **खुश्बु**, चक्रपाणि भट्टराईको **नारीशक्ति** आदि उपन्यास र उपन्यासकारको सामान्य चर्चा गरेका छन्।

गोमा देवी शर्माले **भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास** (सन् २०१८ दो.सं.) पुस्तकमा पुष्प राईको **भोलिको प्रतीक्षामा** उपन्यासमा समाजद्वारा प्रताडित नारी जीवनको चित्रण रहेको कुरा देखाउँदै मानव अस्तित्वको सुरक्षा गर्न उपन्यासकी नारी एक्लै सक्षम बनेको छ भन्ने उल्लेख गरेकी छन्।

### १.६.४ शोधपत्र, कार्यपत्र, शोधप्रबन्धमा प्रकाशित पूर्वकार्यको समीक्षा

सन् २०१३ मा शारदा छेत्रीद्वारा **पुष्प राईका उपन्यासमा नारीवादी चिन्तन** शीर्षक (नेपाली विभाग, सिक्किम विश्वविद्यालय, स्नातकोत्तर तह, चौथो सत्रमा लिखित) शोधपत्रमा पुष्प राईलाई नारीवादी उपन्यासकारका रूपमा चिनाउने प्रयास गरेकी छन्।उनले नारीवादका विभिन्न मान्यताहरूका आधारमा पुष्प राईका दुइवटै उपन्यास **मध्यान्तर** र **भोलिको प्रतीक्षा**को अध्ययन गरेकी छन्।

पुष्प राईका उपन्यासहरूमाथि अध्यावधि भएको कार्यको सर्वेक्षण गरेर हेर्दा उनका उपन्यासमा प्रयुक्त नारीवादी चेतनाको दृष्टिले भने स्फुट लेखादि मात्र प्रकाशित पाइन्छ।तसर्थ नारीवादी सिद्धान्तका आधारमा पुष्प राईका उपन्यासहरूको गहन अध्ययन

गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** गर्ने निर्णय लिइएको हो।

## १.७ शोधको औचित्य

नेपाली उपन्यास साहित्यमा नारीवादको प्रभाव र उपस्थितिसितै पुष्प राईका उपन्यासहरूमा प्रतिपादित नारीवादी चिन्तनको विश्लेषणात्मक अध्ययन गरेर नारीवादी उपन्यास र उपन्यासकारहरूलाई परिचित गराउनु यस शोधकार्यको औचित्य रहेको छ। आजसम्म प्राप्त जानकारीअनुसार पुष्प राईका उपन्यासमा प्रयुक्त नारीवादी चिन्तनमाथि व्यापक एवम् वैज्ञानिक रूपमा अध्ययन भएको पाइँदैन।त्यसैले उक्त **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** विषयमाथि गहन अध्ययन हुन आवश्यक बोध गरिएकाले यस विषयमाथि विशेष शोध अनुसन्धान गर्ने काम गरिएको छ। नारीवादी सिद्धान्तका आधारमा नेपाली उपन्यास साहित्यमा पाइने नारीवादी चिन्तनसम्बन्धी अध्ययन गर्ने भावी शोधार्थी, विद्यार्थीका निम्ति पनि यो शोधकार्य उपयोगी हुने हुनाले प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व स्वतः स्पष्ट हुँदछ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधको विषय विस्तृत र व्यापक भएको हुनाले यस शोधकार्यको सीमाङ्कन निम्न प्रकारले गरिएको छ-

शोधको विषय **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** रहेको हुनाले पुष्प राईको पहिलो उपन्यास **भोलिको प्रतीक्षामा**को प्रकाशन काल (सन् १९९०) लाई आधार गरिएको छ।उनको पहिलो उपन्यास **भोलिको प्रतीक्षामा** (सन्

१९९०) को प्रकाशन काललाई आधार गरिए तापनि दोस्रो संस्करण **भोलिको प्रतीक्षा (सन् २०१०)**-लाई प्रस्तुत शोधप्रबन्धमा आधार पुस्तक मानेर विश्लेषण गरिएको छ। विश्वविद्यालयमा शोध विषयमाथि सन् २०१५ मा पञ्जीकरण भएको हुँदा प्रस्तुत शोधकार्यमा सन् १९९० देखि सन् २०१४ सम्म प्रकाशित नेपाली नारीवादी उपन्यासहरूको मात्र अध्ययन गरिएको छ।

क) नारीवादका विभिन्न प्रकारहरूमध्ये प्रस्तुत शोधकार्यमा उपन्यासको प्रसङ्गसँग सान्दर्भिक नारीवादका सैद्धान्तिक अवधारणालाई मात्र आधार बनाइएको छ।

ख) नेपाली उपन्यासको विकास परम्परामा नारीवादी चिन्तन के कस्तो रूपमा समावेश भएको छ भन्ने तथ्यको मात्र सर्वेक्षणात्मक अध्ययन गरिएको छ।

ग) पुष्प राईका उपन्यासहरूको विश्लेषणात्मक अध्ययन गर्ने क्रममा उनका उपन्यासहरूमा पाइने नारीवादी चिन्तनको मात्र विश्लेषणात्मक अध्ययन गरिएको छ।

घ) नेपाली नारीवादी उपन्यासको विकासमा पुष्प राईले पुर्‍याएको योगदानको परिचय दिँदै नारीवादी उपन्यासकारको रूपमा पुष्प राईको मूल्याङ्कन गरी नेपाली साहित्यमा उनको स्थान निर्धारण गरिएको छ।

## १.९ शोधविधि

प्रस्तुत शोधप्रबन्धको तयारीका लागि शोधका निम्नलिखित सैद्धान्तिक आधार र सामग्री सङ्कलनविधिलाई अवलम्बन गरिएको छ।

## १.९.१ शोधको सैद्धान्तिक आधार

यस शोधकार्यमा निगमनात्मक शोध पद्धति अपनाइएको छ।नारीवादसम्बन्धि सैद्धान्तिक आधार प्रस्तुत गर्दै नेपाली नारीवादी उपन्यास र पुष्प राईका उपन्यासहरूको विश्लेषण गर्ने क्रममा विभिन्न प्राविधिक पत्र जस्तै पाद टिप्पणी, सन्दर्भग्रन्थ सूची, उद्धरण प्रस्तुति, चिन्ह प्रयोग आदिको प्रयोगका लागि **नेपाली लेखन शैली** (सन् २००६) र हिज्जेको एकरूपताका लागि हेमाङ्गराज अधिकारीको **प्रयोगात्मक नेपाली शब्दकोश** (सन् २०६३ द्वितीय संस्करण), लाई मूल आधार बनाइएको छ।

## १.९.२ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनका निम्नलिखित विधिलाई अवलम्बन गरिएको छ-

**द्वितीय स्रोत-** प्रस्तुत शोधकार्यमा विभिन्न पुस्तकालय, सङ्घ-संस्था, पत्र-पत्रिका, दैनन्दिनी, जीवनवृत्त, शोधपत्र, शोधप्रबन्ध, पुस्तक, लेखादि पूर्वकार्यबाट उपलब्ध विभिन्न शोध सामग्रीलाई द्वितीय स्रोतका रूपमा ग्रहण गरिएको छ। यसरी नै पुष्प राईका कृतिहरूमाथि अध्ययन गर्ने अध्येताहरूले आफ्ना तर्फबाट उल्लेख गरेका विचार आदि शोध विषयसम्बद्ध सैद्धान्तिक एवम् पाठ सामग्रीहरू सङ्ग्रह गरी तिनलाई आवश्यकता अनुसार सन्दर्भसहित प्रयोग गरिएको छ।

**तृतीय स्रोत-** तृतीय स्रोतका रूपमा विद्युतीय स्रोतअन्तर्गत विद्युतीय सञ्चार माध्यमबाट सङ्कलित तथ्याङ्कहरूलाई तृतीय स्रोत सामग्रीका रूपमा ग्रहण गरी आवश्यकता अनुसार सन्दर्भसहित राखिएको छ।

### १.९.३ सङ्कलित सामग्रीहरूको वर्गीकरण एवम् व्यवस्थापन विधि

स्रोतका आधारमा सङ्कलित सामग्रीका वर्गीकरण र उचित व्यवस्थापन गरी तिनको सत्यापन, विश्लेषण एवम् सामान्यीकरणका लागि वैज्ञानिक तथा कम्प्युटरीय प्रणालीलाई अवलम्बन गरिएको छ।

### १.९.४ सङ्कलित सामग्रीको विश्लेषण एवम् सामान्यीकरण विधि

सङ्कलित सामग्रीको वर्गीकरण र व्यवस्थापन पछि विश्लेषण र सामान्यीकरणका निम्ति निम्नलिखित अध्ययन पद्धतिलाई अपनाइएको छ।

सर्वेक्षणात्मक अध्ययन पद्धति

सैद्धान्तिक अध्ययन पद्धति।

वर्णनात्मक अध्ययन पद्धति।

विश्लेषणात्मक अध्ययन पद्धति।

सामान्यीकरण पद्धति।

## १.१० शोधप्रबन्धको सङ्गठनप्रक्रिया

यस शोधकार्यको अध्याय विभाजन निम्नप्रकार गरिएको छ-

पहिलो अध्याय : शोधविधि

दोस्रो अध्याय : नारीवादको सैद्धान्तिक अध्ययन

तेस्रो अध्याय : नेपाली उपन्यासमा नारीवादी चिन्तन परम्परा

चौथो अध्याय : पुष्प राईका नेपाली उपन्यासमा नारीवादको अध्ययन

पाँचौं अध्याय : पुष्प राईका उपन्यासको केन्द्रियतामा प्रमुख नारीवादी नेपाली उपन्यासको विवेचनात्मक अध्ययन

छैटौं अध्याय : उपसंहार र निष्कर्ष।

सन्दर्भग्रन्थ सूची

# दोस्रो अध्याय

## नारीवादको सैद्धान्तिक अध्ययन

### २.१ नारीवादको अर्थ र परिभाषा

फेमिनिज्म शब्दको विकास फ्रान्सेली **फेमिनिस्मी** (Feminisme) शब्दबाट भएको हो। **फेमिनिस्मी** शब्द सन् १८३७ मा चार्ल्स फरियरले नारी उद्धारको सन्दर्भमा प्रयोग गरेका थिए। **फेमिनिज्म** शब्दको प्रयोग सन् १८७२ मा सर्वप्रथम फ्रान्सेली नाटककार अलेक्सजेन्डर दुमासले **एल होमिफेम** नामक पुस्तिकामा गरेका थिए।[१]

नारीवाद शब्द अङ्ग्रेजी भाषामा प्रचलित फेमिनिज्म (Feminism) शब्दको नेपाली रूपान्तरण हो। फेमिनिज्मलाई स्त्रीवाद[२], स्त्री विमर्श[३], नारीवाद[४], नारी विमर्श[५] आदि विभिन्न नामपदको प्रयोग गरिए तापनि यस शोधकार्यमा नारीवाद नै प्रयोग गरिएको छ।

'नारी' र 'वाद' को संयोगबाट बनिएको नारीवादको चर्चा गर्न अघि 'नारी' र 'वाद' को अर्थ बुझ्न आवश्यक देखिन्छ। नारीको शाब्दिक अर्थ महिला, स्त्री, स्वास्नीमान्छे आदि

---

१ भिना नवल दास, सन् १९९५, **फेमिनिज्म एन्ड लिटरेचर**, न्यू दिल्ली, प्रेस्टिज बुक, पृ.१२७।

२ कृष्ण गौतम, सन् १९९३, **आधुनिक आलोचना अनेक रूप अनेक पठन**, ललितपुर साझा प्रकाशन, पृ. ४०८।

३ मो. उजैर खाँ, सन् २००७, **मैत्रयी पुष्पा के उपन्यासों मे अभिव्यक्त स्त्री विमर्श** (शोधप्रबन्ध), अलीगढ,
अलीगढ मुस्लिम विश्वविद्यालय, पृ. २।

४ रमा सिवाकोटी, सन् २००५, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेशन्स्, पृ. ३९७।

५ सविता तामाङ, *नारी विमर्शका दृष्टिले परिभाषित आँखाहरूको विश्लेषणात्मक अध्ययन,* सन् २०१०-११, **अकादेमी जर्नल**, उदय छेत्री (सम्पा.), गान्तोक सिक्किम अकादेमी, पृ. ५८।

बुझिन्छ भने 'वाद'ले प्रतिपादित सिद्धान्त वा मत बुझाउँछ। यसरी नारीवाद नारी सम्बन्धित सिद्धान्त हो भनेर सहजै बुझिन्छ।

विभिन्न शब्दकोशले नारीवादको अर्थ विभिन्न प्रकारले दिएका छन्। **कन्काइस आक्सफोर्ड इङ्ग्लिस डिक्सनरी-** मा "नारीवाद लैङ्गिक समानताका निम्ति नारीको पक्षमा गरिने वकालत हो"[६] भनिएको छ। **क्याम्ब्रिज डिक्सनरी**-मा "पुरुषसमान अधिकार र अवसर नारीले पनि प्राप्त गर्न पाउनुपर्छ भन्ने उद्देश्य लिएर गरिने क्रियाकलाप नै नारीवाद"[७] हो भन्ने पाइन्छ। **नेपाली बृहत शब्दकोश**-मा नारीवादलाई नारी अस्मिता र नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता, सिद्धान्त वा आन्दोलन हो[८] भनिएको छ। **प्रयोगात्मक नेपाली शब्दकोश**-मा "नारीलाई पुरुषको सरह अधिकार सुविधा र अवसर प्राप्त हुनुपर्छ भन्ने सिद्धान्त नारीवाद हो"[९] भन्ने अर्थ पाइन्छ भने **अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश**-मा "स्त्री हकको पक्षपात, स्त्रीत्व नारीवाद हो"[१०] भन्ने अर्थ दिइएको पाइन्छ। विभिन्न कोशीय अर्थअनुसार नारीवाद भन्नाले प्रत्येक क्षेत्रमा नारीको पुरुष समान स्थान, हक, अधिकार हुनुपर्छ भन्ने पक्षमा गरिएको एउटा वकालत हो भन्ने कुरा बुझिन्छ। नारी र पुरुषबिच विद्यमान समानता र असमानतालाई सूक्ष्म रूपमा विभिन्न दृष्टिकोणले अध्ययन गरी यी दुई लिङ्गमाझ समानता

---

६ एन्गस स्टिभेन्सन (सम्पा.) सन् २०११, **कन्काइस आक्सफोर्ड इंग्लिस डिक्सनरी**, न्यू योर्क, आक्सफोर्ड यूनिभर्सिटि प्रेस, पृ. ५२२।

७ https://dictionary.cambridge.org/dictionary/learner-english/feminism ( 12 /03/2018).

८ वासुदेव त्रिपाठी, वल्लभमणि दाहाल(सम्पा.), सन् २००१, **नेपाली बृहत् शब्दकोश**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ६८१।

९ हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई (सम्पा.), सन् २००६, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं, विद्यार्थी प्रकाशन प्रा.लि., पृ. ५४४।

१० नरेन्द्रमणि आचार्य दीक्षित, सन् २००४, **अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश**, काठमाण्डौं, साझा प्रकाशन, पृ. १७१।

हुनुपर्ने वाकलती गर्ने कार्य नारीवादले गर्दछ। पितृसत्तात्मक सामाजिक व्यवस्थाबाट शोषित भएका नारीलाई शोषणबाट मुक्त बन्नका निम्ति समाधानको मार्ग खोज्ने उत्प्रेरणा दिने काम नारीवादले गर्दछ।

नारीवाद पुरुषको विरोधमा नभएर पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोधमा खडा भएको आन्दोलन हो। पितृसत्तात्मक सामाजिक व्यवस्थाको पृष्ठपोषण पुरुषले मात्र होइन नारीले पनि गरिरहेका छन्। तसर्थ नारीवाद पुरुषहरूको विरोधमा नभएर पुरुष वर्चस्ववादी सामाजिक संरचनाको विरोधमा उठेको एउटा सशक्त आवाज हो। समाजमा लिङ्गलाई आधार बनाई विभेद गर्ने व्यवस्थालाई भत्काएर नारी पुरुष दुवैलाई मान्छेको रूपमा हेर्ने अनि नारी र पुरुष दुवैको समान स्थान सुनिश्चित हुनुपर्दछ भन्ने कुरामा नारीवादले जोड दिएको छ।

नारी र पुरुषमाझ विषमताको सृजना एक प्रकारको पितृसत्तात्मक सङ्कुचित रूढिवादी परम्पराले बनिएको विभेदकारी संरचना मात्र हो, त्यसैले यसप्रकारको विभेदकारी संरचनालाई निमिट्यान्न पार्न नारीवादले विशेष जोड दिएको पाइन्छ। नारीवादका सन्दर्भमा दिइएका दार्शनिक, साहित्यकार, विधिवेत्ता आदि विभिन्न विद्वान्का केही प्रमुख परिभाषा निम्न प्रकार छन्-

"नारीले आफ्नो इच्छाअनुसार जीवन जिउने अधिकार पाउनुपर्छ भन्ने सिद्धान्त नै नारीवाद हो भन्ने विचार जेनिफर ब्मगार्डनर र एमि रिचार्डस्को रहेको छ।"[११] बेल हुक्सको भनाइमा "नारीवाद यौनवादी दमनलाई ध्वस्त पार्न गरिने सङ्घर्ष हो।"[१२] ट्रिन्च टि मिन्हाअनुसार "पुरुषपक्षीय स्थापित वैचारिक मान्यताको अन्तको निम्ति उठेको आवाज नै

११ सुभद्र चना (सम्पा), सन् २००४, **इन्साइक्लोपेडिया अफ् फेमिनिस्ट थिअरी** (भलुम १), न्यू दिल्ली, कस्मो पब्लिकेसन्स्, पृ. ५।

१२ क्यारेन ए. फस् र अन्य (सम्पा.), सन् २००४, **रिडिङ इन् फेमिनिस्ट रिटोरिकल थिइएओरी**, इन्डिया, सेज पब्लिकेसन्स् इन्डिया, पृ. ४५।

नारीवाद हो"।[१३] यस्तै प्रकारले चेरिस क्रामारेअनुसार "नारीप्रति दमनीय व्यवहार गर्ने सामाजिक संरचना र भाषाको भञ्जन गर्ने सिद्धान्त नै नारीवाद हो।"[१४] उनका अनुसार यसका निम्ति पुरुषमुखी भाषाको होइन नारीको अनुभवलाई प्रतिनिधित्व गर्ने नयाँ किसिमको भाषिक प्रयोग वाञ्छनीय छ।

सतीस कुमारको विचारमा "नारीवाद पुरुषसमान नारीले पनि अधिकार र अवसर पाउनुपर्छ भन्ने उद्देश्य बोकेको मान्यता र सो उद्देश्यलाई प्राप्त गर्न सङ्घर्ष गर्ने सिद्धान्त हो"।[१५] सोही प्रकारले सुधा त्रिपाठीअनुसार "वास्तवमा व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वले महिला र पुरुषका बिचमा गरेको भेदभावको तिक्त प्रभावका विरूद्ध छेडिएको आन्दोलनको नाम नै नारीवाद हो"।[१६] राजकुमारी दाहालको भनाइमा "नारीवादले नारीहरूका सामाजिक, आर्थिक, सांस्कृतिक स्वतन्त्रता तथा समानताका निम्ति सङ्घर्ष गर्छ अनि नारीका विचार, मूल्य, मान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हितमा सघाउ पुऱ्याउनका साथै नारीलाई आत्मनिर्भर बन्ने बल दिन्छ।"[१७] कविता लामाअनुसार "नारीमा केन्द्रित रही नारी अधिकार, स्वतन्त्रता र समानताको पक्षमा बोल्नु नै नारीवाद हो"।[१८]

सामाजिक संरचना पितृसत्तात्मक रहेको पाइन्छ। यस्ता सामाजिक व्यवस्थामा नारीहरू शोषित, पीडित, अन्याय र अत्याचारमा पिसिएका हुनाले नै नारीवादको उदय भएको अनुभव

---

१३ पूर्ववत्, पृ. २१३।

१४ पूर्ववत्, पृ. ७।

१५ सतीस कुमार, सन् २०१७, **कन्टेम्पेरेरी क्रिटिसिज्म एन्ड थिअरी**, आग्रा, लक्ष्मी नरेन अग्रवाल एडुकेसनल पब्लिसर, पृ. ७०।

१६ सुधा त्रिपाठी, सन् २०११, **रत्न वृहत समालोचना सैद्धान्तिक खण्ड**, काठमाडौं, रत्न पुस्तक भण्डार, पृ. २१०।

१७ राजकुमारी दाहाल, सन् २००९, *नारीवादी लेखन: सन्दर्भ पारिजातका उपन्यास*, **नेपाली अकादमी जर्नल** (वर्ष ५, अङ्क ५), मोहन पि. दाहाल (सम्पा.), उत्तर बङ्ग विश्वविद्यालय, रजिस्ट्रार, पृ. १।

१८ कविता लामा, सन् २०१०, **अनुशीलन**, दार्जिलिङ, माया प्रकाशन, पृ. ४८।

हुन्छ। लैङ्गिक आधारमा नारी र पुरुषमाझ रहेको भिन्नताको अन्त हुनुपर्छ भन्ने कुराको पक्षमा वकालत गर्ने सिद्धान्त नै नारीवाद हो। युगयुगदेखि नारीमाथि अपमानजनक व्यवहार र दमन भइरहेका छन् भन्ने कुरामा साठीका दशकदेखि नै केही नारी जागृत र सचेत हुनथाले। पितृसत्तात्मक समाजले सामाजिक क्रियाकलाप, राजनीतिक क्षेत्र, सांस्कृतिक, धार्मिक, शैक्षिक, कला, साहित्य आदि विविध क्षेत्रमा पुरुषलाई मात्र प्राथमिकता दिएका कारण यस किसिमको असमानता हुनुहुँदैन भन्ने कुरामा नारीवादले जोड दिन थाल्यो। स्वच्छ र स्वस्थ्य समाजको विकासका निम्ति केवल लिङ्गका आधारमा गरिने नारी पुरुषबिचको विभेदीकरण र पुरुषलाई प्राथमिकताको श्रेणीमा राख्ने परम्पराको अन्त हुनुपर्दछ भन्ने अडान नारीवादको रहेको छ। केवल सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, धार्मिक पक्षले मात्र होइन तर नारीको शरीरमाथि पनि पुरुष नियन्त्रण रहदैं आएको छ भन्ने कुराको उठान नारीवादी सर्जकहरूले गरेका पाइन्छन्। पुरुष नियन्त्रणबाट नारी शरीरलाई मुक्त गराउनु पर्ने अनि नारी शरीरमा नारीकै अधिकार हुनुपर्छ भन्ने तर्क लैङ्गिक समानताका पक्षधर एवम् नारीवादी विद्वान्हरूले गर्दै आएका छन्। शरीर नारीको व्यक्तिगत अधिकारको विषय हो। शरीर जस्ता नारीका निजी विषयसमेतमा पुरुषले नियन्त्रण गर्दै आएका हुनाले नारीको व्यक्तिगत विषयलाई सार्वजनिक स्तरमा ल्याएर 'पर्सनल इज पलिटिकल' अथवा व्यक्तिगत नै राजनीतिक हो भन्ने कुराको घोषणा नारीवादी समालोचकहरूले गरेका छन्। "व्यक्तिगतलाई अपनाउनाले नारीको शरीरले, नारीका उपेक्षित विषयले चर्चामा स्थान पाए। नारीको नरसँगको सम्बन्धमा खुलासित चर्चा गरेर, उसका पीर र पीडा, उसका यौन, रजस्वला र गर्भधारणको अनुभव, उसले गर्नुपर्ने शिशु स्याहार, उसको आफ्नै शरीर सितको सम्बन्ध"[१९] जस्ता विषयलाई उनीहरूले खुल्ला रूपमा चर्चामा ल्याएका छन्। मताधिकार,

---

१९ कृष्ण गौतम, सन् १९९३, **आधुनिक आलोचना अनेक रूप अनेक पठन**, ललितपुर, साझा प्रकाशन, पृ. ४२९।

शैक्षिक अधिकार, सम्पत्तिमा अधिकारदेखि एउटा आन्दोलनको रूपमा सुरु भएको नारीवादले प्रत्येक क्षेत्रमा जस्तै प्रजनन क्रियाकलाप, पोशाक, शृङ्गार प्रसाधन, भाषा आदि जस्ता सूक्ष्म कुरामा पनि नारीको निर्णय हुनुपर्छ भन्ने कुरामा जोड दिएको छ। नारीको पक्षधरतामा नारीलाई पुरुषभन्दा निम्न स्तरका ठान्ने समाजको पूर्वाग्रही विचार, स्वार्थी प्रवृत्ति आदिको अन्त हुनुपर्ने कुरामा नारीवादले वकालत गर्दछ। समग्रमा नारी पुरुषमाझ समानता हुनुपर्छ भन्ने सिद्धान्त नै नारीवाद हो।

## २.२ नारीवादको इतिहास

नारीमाथि भएका शोषणका विरूद्धमा नारीमुक्तिआन्दोलन सुरु भएको हो।नारी अधिकारको पक्षमा नयाँ चेतनाको विकास पश्चिमी राष्ट्रहरूबाट भएको हो। पाश्चात्य देशहरूसितै सम्पूर्ण विश्वमा नै नारीको स्थिति पीडादायक रहेको थियो। नारीले पुरुषसमान स्वतन्त्रताबाट वञ्चित हुनु परेको कारण नै नारी स्वतन्त्रता आन्दोलनको थालनी भएको अनुभव हुँदछ। नारीवादको इतिहासलाई विद्वान्हरूले तीन लहरमा विभाजन गरेका छन्। १९सौं शताब्दी र २०सौं शताब्दीको आरम्भमा युरोप र अमेरिकामा भएका नारीवादी आन्दोलनलाई पहिलो लहर मानिएको छ। पहिलो लहर नारी मतदान अधिकार आन्दोलनसँग सम्बन्धित रहेको थियो। दोस्रो लहरको अवधि सन् १९६०-१९८० दशकसम्म रहेको छ। यस चरणमा कानुनी र सांस्कृतिक असमानता अनि नारी स्वतन्त्रतासम्बन्धी आन्दोलन भएका थिए। तेस्रो लहर सन् १९९० देखि दोस्रो लहरको प्रतिक्रियाका रूपमा आरम्भ भएको चरण मानिएको छ।

## २.२.१ पहिलो लहर

१९सौं शताब्दी र २०सौं शताब्दीको पूर्वार्द्धमा अमेरिका र बेलायतमा नारीहरू नारी अधिकारका निम्ति सक्रिय भएका थिए। १९सौं शताब्दीदेखि आरम्भ भएको नारी मुक्तिआन्दोलनलाई पहिलो लहर मानिएको छ, तथापि नारी स्वतन्त्रता आन्दोलनको पहिलो लहर सन् १७७६को अमेरीकी राज्य क्रान्ति र १७८६ को फ्रेञ्च राज्य क्रान्तिबाटै उठ्न थालेको हो[२०] भन्ने मत पनि कतिपय विद्वान्को रहेको पाइन्छ। यसका अतिरिक्त १७औं शताब्दीमा नै मेक्सिकन कवि एवम् चिन्तक सिस्टर जुआनाले व्यक्तिगत रूपमा कुनै नारीले नारी स्वतन्त्रताका निम्ति आवाज उठाएर नारी मुक्तिआन्दोलनको बीजारोपण गरेको उल्लेख गर्न आवश्यक हुँदछ। जुआना एकजना इसाई संन्यासिनी (नन्) भएर पनि आफ्ना लेखहरूमा नारी अधिकार र नारी शिक्षाका निम्ति वकालती गरिनन्। उनले आफ्ना रचनाहरूका माध्यमद्वारा मानिसका रूपमा नारीलाई पनि पुरुषसरह मानवोचित जीवन जिउने अधिकार छ भन्ने विचार राखेको पाइन्छ।[२१]

सन् १९६८ मा **दि न्यू योर्क टाइम्स-** पत्रिकामा नारीवादको आरम्भिक चरणलाई पहिलो लहर (फस्ट वेभ) भनी सर्वप्रथम नामकरण गर्ने विद्वान् मार्था लेयर हुन्।[२२] मेरी उल्स्टनक्राफ्टको **अ भिन्डिकेसन् अफ् दि राइट अफ् विमेन्** (सन् १७९२) नामक पुस्तक नारी स्वतन्त्रता आन्दोलनमा देखा परेको महत्त्वपूर्ण कृति हो। नारी र पुरुषमाझ समानता हुनुपर्छ भनेर आवाज उठाइएको यो पहिलो पुस्तक थियो। प्रस्तुत पुस्तक प्रकाशित हुनभन्दा

---

२० कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४३१।

२१ दीपक के आर, सन् २००९, **समकालीन नारीवादी उपन्यासः एक अध्ययन** (शोधप्रबन्ध), कोचिन, कोचिन युनिवर्सिटी अफ् साइन्स एन्ड टेक्नोलोजी, पृ. ३१ ।

२२ भास्कर ए सुक्ला, सन् २००६, **विमेन् अन् विमेन् अ-फेमिनिस्ट स्टडि** सरूप ,न्यू दिल्ली ,एन्ड सन, पृ. ७ ।

अघि "फ्रेञ्च राज्यक्रान्तिको पहिलो चरण सन् १७९१ सितम्बरमा ओलम्पी दि गोजेस्ले **लेस ड्रोइटस् दि ल फेम्** (महिला अधिकार) नामक पुस्तिका निकालेर सार्वजनिक गरेकी थिइन्।"[२३] नारी स्वतन्त्रता आन्दोलनको पहिलो लहर सम्पत्तिमाथि नारीको पुरुषसमान अधिकार अनि विवाहित नारी र तिनीहरूका नानीहरूमाथि पतिको स्वामित्व जनाउने व्यवस्थाको विरोधजस्ता विषयसित सम्बन्धित रहेको थियो। तथापि, भोल्टरायन डि क्लेथर र मार्गरिट स्याङ्गरजस्ता नारीवादी चिन्तकहरूले मुख्यतः नारीलाई मतदानधिकार दिलाउने आन्दोलनलाई केन्द्रमा राखेको पाइन्छ। सन् सन् १८८२ मा फ्रान्स लिग फर विमेन् राइट अनि सन् १९०५ फ्रान्स यूनियन फर विमेन् राइट जस्ता सङ्गठनको स्थापना यस दिशामा महत्त्वपूर्ण मानिन्छ। यी सङ्गठनमार्फत मताधिकारका निम्ति आवाज उठाएपछि नारीले राजनीतिक क्षेत्रबाट पनि आफूलाई चिनाउन सक्षम बन्दै गएका हुन्। यसरी राजनैतिक क्षेत्रमा नारीको पनि पुरुषसमान स्थान हुनुपर्छ भन्ने विचारलाई केन्द्रमा राखेर समानता प्राप्तिका निम्ति सङ्घर्षमा जुटेका प्रमुख नारीहरू हुन्- भोल्टरायन डि क्लेथर, मार्गरिट स्याङ्गर, एलिजाबेथ केडि स्टयान्टन, सुसन बी. एन्थोनी, भिक्टोरिया उडहल, मटिल्डा जोसल्यन गेज, साहरा ग्रिम्की, हेरिट टेलर, लुक्रेसिया मोट, जन स्टुअर्ट मिल आदि।[२४]

मताधिकारका अतिरिक्त पुरुषसमान नारीले पनि अन्य सबै किसिमका अधिकार पाउनु पर्छ भन्ने मुद्दालाई पहिलो लहरमा उठाइएको थियो। विवाहित नारीलाई पैतृक सम्पत्तिमा अधिकार, पुरुष सरह उत्तराधिकारीको अधिकार आदि पहिलो लहरका प्रमुख मुद्दाहरू हुन्। अतः पुरुषसमान नारीले कानुनी र राजनीतिक अधिकार पाउनुपर्छ भन्ने कुरामा पहिलो लहरका नारीवादीहरू केन्द्रित थिए। यस अवधिमा विभिन्न देशमा नारी स्वतन्त्रता आन्दोलन

२३ जोस्पाइन डोनोभान्, सन् २०१२, **फेमिनिस्ट थिअरी**, लन्डन, कन्टिनम् इन्टरनेस्नल पब्लिसिङ ग्रुप, पृ.१।

२४ भास्कर ए सुक्ला, सन् २००६, पूर्ववत्, पृ. ८।

तीव्र रूपमा चलेको देखिन्छ। सन् १८४८ मा एलिजाबेथ केडि स्टयान्टनको सक्रियतामा न्यू योर्कको सेनेका फल्समा भएको सम्मेलनमा **डिक्लरेसन अफ् सेन्टिमेन्ट्स** पारित भयो। उक्त सम्मेलन अमेरिकामा नारी स्वतन्त्रताको निम्ति भएको आफ्नो किसिमको पहिलो सम्मेलन थियो। नारीले पुरुषसमान शिक्षा, नोकरी, सम्पत्ति र मताधिकार पाउनुपर्छ भन्ने मुद्दाहरू सम्मेलनमा उठाइएका थिए। विश्वभरिकै नारीहरूमा सचेतता ल्याउन सम्मेलनले महत् भूमिका निर्वाह गरेको देखिन्छ। उक्त सम्मेलन भएकै वर्ष नै संयुक्त राज्य अमेरिकाको संसदले 'म्यारिड वूमन् प्रोपर्टी एक्ट' ७ अप्रेल, १८४८ मा पारित गरेको थियो।[२५] उक्त कानुनले पैतृक सम्पत्तिमा नारीलाई अधिकार प्रदान गऱ्यो। यसका अतिरिक्त दि नेसनल उमन् सफ्रेज एसोसिएसन (सन् १८६९), दि अमेरीकन विमेन् सफ्रेज एसोसिएसन (सन् १८६९), दि उमन् क्रिस्चियन टेम्परेन्स युनियन (सन् १८७४) आदि जस्ता सङ्गठनको स्थापना नारीलाई मताधिकार दिलाउने उद्देश्यले भए।

यसरी संस्थागत रूपमा गरिएका सङ्घर्षको परिणाम स्वरूप १९२० मा अमेरिकाको संविधानले नारीलाई पनि मताधिकार प्रदान गऱ्यो।[२६] यसलाई संयुक्त राज्य अमेरिकामा भएको नारी मुक्ति आन्दोलनको पहिलो र महत्त्वपूर्ण प्राप्ति मानिन्छ। मदतान अधिकार प्राप्त भए पछि पनि सामाजिक, पारिवारिक, राजनीतिक, शारीरिक क्षेत्रमा असमानता रहेका हुनाले नारी मुक्ति आन्दोलन निरन्तर रूपमा अघि बढेको पाइन्छ।

---

२५ जोस्पाइन डोनोभान्, सन् २०१२, पूर्ववत्,पृ. ५।

२६ जोस्पाइन डोनोभान्, सन् २०१२, पूर्ववत्, पृ. ५८।

## २.२.२ दोस्रो लहर

सन् १९६०-को दशकको पूर्वार्धदेखि १९८० को दशकसम्म भएका नारीवादीहरूका क्रियाकलापलाई नारीवादको दोस्रो लहर मानिएको छ। नारी स्वतन्त्रता आन्दोलनको पहिलो लहर नारीले पुरुषसमान राजनैतिक र कानुनी अधिकार पाउनुपर्छ भन्ने विषयमा केन्द्रित रहेको थियो। राजनैतिक समानता प्राप्तिपछि सामाजिक, आर्थिक र शैक्षिक समानता स्वत: प्राप्त हुन्छ भन्ने कुरामा पहिलो लहरका नारीवादीहरू विश्वस्त रहेका थिए। तसर्थ राजनैतिक समानताको निम्ति पहिलो लहरका नारीवादीहरू केन्द्रित रहेका पाइन्छन्। नारीले पुरुषसमान राजनैतिक अधिकार पाएपछि पनि स्वतन्त्र बन्न सकेनन्। रोजगारको अवसर नारीले पाए तापनि नारीका निम्ति सरकारी कार्य निश्चित क्षेत्रमा सीमित गरिएका थिए। नारी स्वभावले संवेदनशील हुन्छन् भन्ने अनुमानका साथ नारीलाई राजनीति, इन्जिनियर, व्यापारजस्ता क्षेत्रबाट वञ्चित गराएर परिचारिका, शिक्षक जस्ता पेसामा मात्र अवसर प्राप्त भएको थियो। नारीले शिक्षा ग्रहण गर्ने अवसर पाए तापनि महाविद्यालय तहमा विषयको चयन स्वेच्छाले गर्नबाट वञ्चित गरिन्थ्यो। यिनै चुनौती र समस्याहरूको समाधानार्थ नारी स्वतन्त्रता आन्दोलनको दोस्रो लहर सुरु भएको हो।

दोस्रो लहरमा उदार (लिबरल) र उग्र (र्‍याडिकल) दुईवटा समूहका नारीवादीहरू आ-आफ्ना मान्यता लिएर अघि बढेका थिए। उदार नारीवादीहरू सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा नारी पुरुषमाझमा रहेको विभेदको अन्तको निम्ति सङ्घर्षमा निस्केका थिए। बेट्टी फ्राइडनको पुस्तक **दि फेमिनीन् मिस्टिक** (सन् १९६३) लिबरल नारीवादीहरूको निम्ति प्रेरणाको स्रोत बनेको थियो।

फ्राइडनको **दि फेमिनीन मिस्टिक** महत्त्वपूर्ण कृति मानिन्छ। फ्राइडनले पितृसत्तात्मक समाजमा नारीको समस्या अनि ती समस्याबाट मुक्तिको निम्ति नयाँ मार्ग देखाएकी छन्। घरेलु कार्यमा नारीहरू सीमित रहनुपर्ने बाध्यताले मनोवैज्ञानिक रूपमा नारी पीडित रहेका कुरा *दि प्रब्लम ड्याट ह्यास नो न्याम* शीर्षक लेखमा देखाएकी छन्। पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीहरू नारी अधिकारप्रति असचेत रहेको कुरा देखाउँदै "उच्च शिक्षा, राजनीतिक अधिकार, स्वतन्त्रता, अवसर र पेसा नारीका निम्ति होइन भन्ने कुरा ठान्दथे"[२७] भन्ने उल्लेख गरेकी छन्। आफ्नो अधिकारबारे अनविज्ञसरह रहेका नारीले दोस्रो विश्वयुद्धपछि एकार्कामा आ-आफ्ना समस्याबारे चर्चा गर्न थाले। सबै नारीले उनीहरूका समस्यालाई चिन्हित गर्न नसकेको अनुभव गर्दै ती नारीहरू स्वयम्ले घरेलु कार्यबाट मुक्त हुने उपाय निकालेको कुरा देखाएकी छन्।[२८] यसप्रकार संयुक्त राज्य अमेरिकामा नारीहरूलाई घरेलु कार्यबाट नारीलाई मुक्त बनाउने उपायको खोजी उनको प्रस्तुत पुस्तकले गरेको पाइन्छ। फ्राइडनले *अ न्यू लाइफ प्लान फर् विमेन्* शीर्षक लेखमा "घरभित्र सीमित रहनुपर्ने नारीत्वको गुण र कर्तव्यबाट मुक्त हुनुको निम्ति नारीले घरेलु कार्य गर्दा तकनिकीको व्यवहारिक प्रयोग गर्नुपर्ने सुझाउ दिएकी छन्।"[२९] यसरी नारीलाई घरेलु कार्यको सीमित क्षेत्रबाट बाहिर निकालेर सामाजिक क्षेत्रमा प्रवेश गर्ने मार्ग निर्देश गर्नु भनेको नै नारीलाई पुरुषसमान स्थानमा ल्याउने उनको उद्देश्य रहेको देखिन्छ। प्रस्तुत कृतिमा सामाजिक क्षेत्रमा नारीको सहभागिता शून्य रहेको उनले देखाएकी छन्। नारी घरेलु कार्यमा खुसी हुन्छन् भन्ने भ्रमित सामाजिक सोचका कारण सामाजिक क्षेत्रमा नारीहरू प्रवेश गर्न नसकेका हुन् भन्ने फ्राइडनको विचार रहेको छ। तर घरेलु कार्यमा नारीहरू दुःखी र

---

२७ बेट्टी फ्राइडन, सन् १९६३, **दि फेमिनीन् मिस्टिक**, न्यू योर्क, डब्लू, डब्लू. नर्टन एन्ड कपरेसन्, पृ. १६।

२८ पूर्ववत्, पृ. १९ ।

२९ पूर्ववत्, पृ. ३४२ ।

असन्तुष्ट छन् भन्दै फ्राइडनले यस्ता सङ्कीर्ण सामाजिक सोचलाई मिथको रूपमा हेरेकी छन्। परिवारमा नारीलाई एउटी आमा, पत्नी, दिदी, बहिनीको रूपमा मात्र हेरिने हुनाले नारीको स्वअस्तित्व परिवारमा नै हराएको हुन्छ भन्ने तर्क फ्राइडनको छ। त्यसर्थ पुरुषसमान शैक्षिक, आर्थिक अधिकार नारीले पाउनुपर्छ भन्ने मुख्य उद्देश्य **फेमिनीन् मिस्टिक**-को रहेको छ। फ्राइडनको अग्रसरतामा **नेसनल अर्गनाइजेसन फर् विमेन्** (NOW) (सन् १९६६) स्थापना भएको हो। लैङ्गिक आधारमा सामाजिक र आर्थिक क्षेत्रमा रहेका विभेदको अन्त यस संस्थाको लक्ष्य रहेको थियो। यस संस्थाले संयुक्त राज्य अमेरीकाको संविधानमा समानताको अधिकार कानुन पारित गरिनु पर्ने विषयलाई प्रमुख मुद्दा बनाएर आन्दोलन गरेको भए तापनि यसलाई पारित गरिएको पाइँदैन। यसप्रकार नारी पुरुष समान उत्तरदायित्व र सहभागी हुनुपर्छ भन्ने स्वर लिएर दोस्रो लहरमा देखा परेकी नारीवादी बेट्टी फ्राइडन हुन्।

सन् १९६८ मा अमेरीकी सुन्दरी प्रतियोगिताको विरोधमा उग्र नारीवादीहरू उठेका थिए।सुन्दरी प्रतियोगिताले नारीलाई वस्तुको रूपमा प्रतिविम्बित गर्दछ भन्दै यसको विरोध गरेका थिए। यस समूहका नारीवादीहरूले नारी लैङ्गिक विभेदका कारण मात्र विभेदित नभएर उत्पीडित पनि छन् भन्ने कुरा अघि सारेका छन्। सामाजिक परम्परा, संस्कृति, विश्वासले नारीलाई दमन गरेको छ, त्यसैले नारीहरू उत्पीडित छन् भन्ने कुरामा उग्र नारीवादीहरू केन्द्रित रहेका थिए। नारी उत्पीडन समाप्त गर्नका निम्ति पितृसत्ता, लैङ्गिक विभेद, पब्लिक प्राइभेट स्पेयर जस्ता सैद्धान्तिक विषयको खोजी उग्र नारीवादीहरूले गरेका हुन्। लैङ्गिक विभेद र पितृसत्ताका कारण नारीहरू दमित भएको कुरालाई विस्तृत रूपमा चर्चामा उठाएको प्रमुख पुस्तक सिमोन दि बुआको **दि सेकेन्ड सेक्स** हो।

सिमोन दि बुआको **दि सेकेन्ड सेक्स** (सन् १९४९) नारीवादी आन्दोलनमा देखा परेको प्रमुख कृति हो। प्रस्तुत कृतिले विश्वभरिका नारीलाई आफ्नो अवस्थाबारे सचेत

बनाएको छ। यस पुस्तकमा कृषि युगमा, फ्रान्सेली क्रान्तिपछि र क्रान्तिअघि फ्रान्सका स्त्रीहरूको स्थितिको चित्रण गरिएको छ। नारीलाई मताधिकारबाट वञ्चित राखिएको र मताधिकार प्राप्तिका निम्ति विभिन्न देशमा नारीले गरेको सङ्घर्षको विस्तृत चित्रण गरिएको छ। पुरुष लेखकका कृतिमा नारीको चित्रण अथवा नारी पात्रहरूप्रति पुरुष लेखकका दृष्टिकोण, नारीका बाल्यावस्था, युवावस्था, वैवाहिक जीवन र बृद्धावस्थामा उनीहरूलाई पितृसत्तात्मक समाजले दिएको प्रशिक्षण आदिको विस्तृत व्याख्याले पुरुषको तुलनामा नारीको स्थान दोस्रो दर्जाको रहेको देखाएकी छन्। नारीहरू पितृसत्तात्मक समाजको शोषणमा पिसिएको कुरालाई उल्लेख गरेकी छन्। पितृसत्तात्मक समाजमा "नारीलाई स्वतन्त्र जीवको रूपमा होइन पुरुषको सन्दर्भमा मात्र राखेर परिभाषित गरेको"[३०] कुराको उठान गर्दै "नारी पुरुषले ठहराएको अन्य प्राणी नभएर पुरुषसमान स्वतन्त्र र स्वयत्त जीव हो"[३१] भन्ने तर्क राखेकी छन्। पुरुष पहिलो र नारी दोस्रो दर्जाको नागरिक होइन भन्ने उनको स्पष्ट अडान रहेको छ। नारीलाई पुरुषभन्दा भिन्न संस्कारको अभ्यास गराउँदै पुरुषपक्षीय धार्मिक रीतिरीवाजद्वारा पुरुषभन्दा दोस्रो दर्जामा राखिएको छ भन्ने कुराको उठान गरेकी छन्। नारीको अन्य, कमजोर र अबला रूप प्राकृतिक नभएर सामाजिक निर्माण रहेको कुरामा विशेष जोड दिएकी छन्। नारीमा सचेतता ल्याउनमा प्रस्तुत पुस्तकको ठुलो योगदान रहेको देखिन्छ।

यसरी नै नारीको शोषित अवस्था र नारी स्वतन्त्रताको निम्ति लेखिएका पुस्तकहरू मेरी इलमनको **थिङकिङ अबाउट उमन्** (सन् १९६८), रविन मर्गान (सम्पा.)को **सिस्टरहूड**

---

३० एच.एम. पार्सले (अनु), सन् १९४९, **दि सेकेन्ड सेक्स**, ग्रेट ब्रिटेन, जोनाथान केप लि. पृ. १६ ।

३१ पूर्ववत्, पृ. २९ ।

**इज पावरफुल** (सन् १९७०), जर्मेन ग्रियरको **दि फिमेल इञ्च** (सन् १९७१) , केट मिलेटको **सेक्सुअल पलिटिक्स** आदि प्रमुख हुन् ।

केट मिलेटले **सेक्सुयल पोलिटिक्स**-मा पितृसत्तात्मक समाजमा पुरुषको वर्चस्व रहेको अनि नारी पुरुषको नियन्त्रणमा दमित रहेको कुरालाई उठान गरिएको छ। समाजका प्रत्येक एकाईमा पुरुष आदेश चल्ने हुनाले नारीले स्वतन्त्र रूपमा जिउन पाएका छैनन् भन्ने उनको विचार रहेको पाइन्छ। "नारीलाई घरेलु कार्य र नानी हुर्काउने कार्यमा सीमित राखेर अन्य उपलब्धिमूलक कार्यबाट सर्वदा वञ्चित गराउनु पितृसत्ताद्वारा लिङ्गका आधारमा गरिएका षड्यन्त्र हुन्"[३२] भन्ने मिलेटको विचार रहेको छ। तसर्थ पितृसत्ताको अन्त भए मात्र नारी स्वतन्त्र रूपमा बाँच्न सक्छन् भन्ने कुरामा उनले जोड दिएकी छन्। यसर्थ नारी पुरुषमाझ समान ल्याउनमा पितृसत्ताको अन्तमा जोड दिने सक्रिय नारीवादी केट मिलेट रहेको पाइन्छ।

दोस्रो लहरका प्रमुख नारीवादीहरू "ग्लोरिया इ, एन्जल्डुआ, सिमोन दि बुआ, चारलोट्टे बन्च, मेरी डेली, एन्जिला डेभिस, एन्ड्रयू डर्किन, बेट्टी फ्राइडन, नेन्सी हार्टसक्, वेल हूक्स, केट मिलेट, रविन मर्गन, बोनी क्रिप्स, ज्याक्लिन लिभिङ्स्टन, मार्गरिट स्यङगर, सीला रोबोथाम, ग्लोरिया स्टेनम्"[३३] आदि रहेका छन्।

विभिन्न क्षेत्रमा नारी र पुरुषमाझ समानता हुनुपर्छ भन्ने नारी स्वतन्त्रता आन्दोलनको दोस्रो लहरको स्वर रहेको छ।

---

३२ भास्कर ए शुक्ला, सन् २००६, पूर्ववत्, पृ. ४१।

३३ भास्कर ए सुक्ला, सन् २००६, पूर्ववत्, पृ. १०।

## २.२.३ तेस्रो लहर

नारीवादको तेस्रो लहर सन् १९९० को दशकदेखि सुरु भएको हो। दोस्रो लहरभन्दा भिन्न मान्यता बोकेको लहर नै नारीवादको तेस्रो लहर हो। सम्पूर्ण नारीको दमन लैङ्गिक आधारमा भएको कुरालाई दोस्रो लहरमा उठाइएको पाइन्छ।

लैङ्गिक दमनका मुद्दाले सम्पूर्ण नारीको व्यक्तिगत इच्छा र समस्यालाई समावेश गर्न सकेका छन् कि छैनन् भन्ने प्रश्न दोस्रो लहरको अन्ततिर देखापरेको पाइन्छ। लिङ्ग, देश, स्थान, जाति, संस्कृति, धर्म, वर्गअनुसार नारीको अवस्था, अनुभव र समस्या भिन्न हुने हुनाले सम्पूर्ण नारीलाई एउटै समस्याअन्तर्गत राखेर हेर्न सकिन्न भन्ने कुराको उठान तेस्रो लहरका नारीवादी चिन्तकहरूले गरेका छन्। नारीको उत्पीडन लैङ्गिक आधारमा हुन्छ भन्ने दोस्रो लहरको मान्यताबाट असहमत हुँदै तेस्रो लहर सुरु भएको देखिन्छ। अश्वेत नारीहरू रङ्ग र लिङ्गको आधारमा, दलित नारीहरू वर्ग र लिङ्गको आधारमा दमन हुने हुनाले लैङ्गिक आधारमा मात्र नारीको दमन नभएर विभिन्न आधारमा नारी उत्पीडित रहेको कुरा तेस्रो लहरमा उठेका हुन्। लैङ्गिक आधारमा मात्र नारी दमनको कुरा उठाउँदा जाति, रङ्ग, वर्ग, संस्कृतिमा आधारित नारी दमनलाई अनदेखा गर्नुपर्ने हुन्छ।यसरी नारी दमनका कुनै पनि पक्षलाई किनरीकृत गर्नाले नारी स्वतन्त्र बन्न सक्दैनन् भन्ने कुरामा तेस्रो चरणका नारीवादीहरूले जोड दिएका छन्। “दोस्रो लहरले अमेरिकी र यूरोपेली मध्यवर्गका श्वेत नारीका समस्या र अनुभवलाई मात्र प्रमुखता दिइएको कुरा उठाउँदै अन्य वर्ग र क्षेत्रका नारी किन्नारीकृत भएको धारणा तेस्रो लहरका नारीवादीहरूको रहेको छ।”[३४] यसैको विरोधमा तेस्रो लहर सुरु भएको देखिन्छ।

---

३४ भास्कर ए. सुक्ला, सन् २००६, पूर्ववत्, पृ. ११।

उत्तरआधुनिक दार्शनिक मिचेल फुको, जाक डेरिडाबाट तेस्रो लहरका नारीवादीहरू प्रभावित भएका देखिन्छन्। तेस्रो लहरका नारीवादी द्विचर विरोधलाई अस्वीकार गर्दछन्, लैङ्गिक आधारमा मात्र नारीको दमन नभएर संस्कृति, वर्ग, जात, रङ्ग आदि पनि नारी दमनका आधार हुन् भन्ने कुरामा विश्वस्त रहेका छन्। विभिन्न देश, राज्यका परम्परा, संस्कार भिन्न रहेका हुनाले नारीको समस्या पनि भिन्न हुन्छ भन्ने देखाएका छन्।

तेस्रो लहरमा अश्वेत नारीवाद, दलित नारीवाद आदि विभिन्न प्रकारका नारीवादका प्रकारहरूको उदय भएको देखिन्छ। बेल हूक्स, एलिस वाकर, एन्जिला डेभिस, नवमी उल्फ आदि प्रमुख अश्वेत नारीवादीहरू हुन्। दलित नारीवाद भारतको सन्दर्भमा चर्चामा आएको देखिन्छ। भारतमा उच्च जाति र मध्यवर्गका नारीको समस्या र अनुभवलाई मात्र नारीवादले समावेश गरेको कुरा उठाइएको पाइन्छ। पानी नचल्ने भनिने दलित जातिमा गनिने नारीहरूका समस्यालाई नारीवादले समेट्न नसकेको हुनाले दलित समूहका नारीहरू लिङ्ग र जात दुवैको दमनबाट स्वतन्त्र बन्न नसकेको चर्चा पाइन्छ। सन्तबाई कम्बल, उर्मिला पावर आदि प्रमुख दलित नारीवादी हुन्।

सम्पूर्ण नारीलाई एकै समूहमा राखेर हेर्न सकिन्न भन्ने कुरामा तेस्रो लहरका नारीवादी विश्वस्त रहेका पाइन्छन्। विभिन्न नारीका आ-आफ्नै समस्या हुने हुनाले ती समस्याबाट मुक्तिपाउनका निम्ति भिन्न भिन्न स्वरलाई प्रमुखता दिनुपर्ने देखिन्छ।

नारीवादको इतिहासबारे अध्ययन गर्दा पहिलो लहर राजनैतिक र कानुनी विभेदको विरोधमा उठेको पाइन्छ। नारीले पुरुषसमान मताधिकार पाउनुपर्छ भन्ने कुरामा केन्द्रित रहेको पाइन्छ। नारीले मताधिकार प्राप्त गरिनु नै पहिलो लहरको उपलब्धि हो। दोस्रो लहरमा नारी उत्पीडन मुख्य समस्या रहेको देखिन्छ।नारीप्रति पितृसत्तात्मक समाजको

दृष्टिकोणमा परिवर्तन ल्याउने अनि सामाजिक स्तरमा नारी र पुरुष समान हुनुपर्ने कुरामा विशेष जोड यस चरणमा दिइएको पाइन्छ। तेस्रो लहर नारीवादअन्तर्गत दलित, अश्वेत नारीहरू किन्नारीकृत भएको कुराको उठान गरिएको पाइन्छ। नारीसमूहअन्तर्गत नारीको उपसमूहहरूका समस्या र अनुभवलाई पनि समावेश गरिनुपर्ने तेस्रो लहरको केन्द्रिय स्वर रहेको पाइन्छ।

## २.३ पूर्वीय पौराणिक नारी पात्रमा नारीवादी चेतना

पश्चिमबाट विकसित भएको नारीवाद सिद्धान्तले पुरुष दमनबाट नारी मुक्त हुनपर्छ र पुरुषसमान अधिकार, न्याय प्राप्त गर्नको निम्ति नारी स्वयम् अस्तित्व सचेत, स्वनिर्भर, शिक्षित, सङ्घर्षशील जस्ता आत्मविश्वासका साथ अग्रसर बन्नुपर्छ भन्ने कुरा अघि सार्दछ। नारीवादले मानसिक, बौद्धिक, शारीरिक आदि पक्षमा पुरुषका तुलनामा नारी कमजोर छैनन् भन्ने कुरालाई प्रमाणित गर्दछ। यही कुरालाई आधार गरेर पूर्वमा वैदिक कालदेखिका नारीहरू पुरुषभन्दा शारीरिक, बौद्धिक पक्षमा समान थिए कि थिएनन् भन्ने कुराको खोजी गर्न आवश्यक देखिन्छ। नारीवाद सैद्धान्तिक रूपमा स्थापित हुन अघि पूर्वका नारीहरू आफ्नो अस्तित्वप्रति सचेत थिए कि थिएनन् भन्ने कुराको अनुसन्धानले मात्र पूर्वमा नारीवादी चेतना थियो वा शून्य थियो भन्ने कुराको प्रमाण दिँदछ।

पाश्चात्य देशहरूमध्ये अमेरीका, फ्रान्सजस्ता विकासशील देशमा जस्तो पूर्वमा नारीलाई मताधिकार, नारी स्वतन्त्रता र समानता हुनुपर्छ भन्ने जस्ता आन्दोलनका प्रसङ्ग नपाइए तापनि पूर्वका वीराङ्गना विद्वान्-विदुषी नारीहरूले गरेका कतिपय साहसिक कार्यले विभिन्न क्षेत्रमा नारीको सहभागिता, भूमिका तथा उपस्थिति सक्रिय रूपमा रहेको प्रमाणित गर्दछ। भारतीय प्राचीन ग्रन्थहरूमा चित्रित तत्कालीन नारीले आफ्नो इच्छाअनुसार बाँच्ने

प्रयास गरेका छन्। जसलाई नारी स्वतन्त्रताको प्रतीकका रूपमा हेर्न सकिन्छ। अतः नारी अस्तित्वप्रतिको सचेतता, सक्षमता विषयक केही पौराणिक नारी र आधुनिक नारी प्रतिनिधिका विषय अध्ययन गर्नु प्रासाङ्गिक हुनेछ।

नारीवादी चिन्तनले पुरुष शासनलाई औंल्याउँदै शासित नारीका मर्म, पीडा, दुःख, असमानता र पराधीनतालाई छर्लङ्ग देखाउँछ। पुरुषसरह नारीले पनि समान अवसर, अधिकार, स्वतन्त्रता प्राप्त गर्न पाउनु पर्छ भन्ने नारीवादको प्रमुख लक्ष्य रहेको छ। युगौंदेखि नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, बौद्धिक, शारीरिक, मानसिक शोषणको क्रममा नारीहरू र नारीमुक्तिका पक्षधरहरूबाट नारीमूल्य, नारीमुक्ति, नारीअस्तित्व, नारीसम्मानको चिन्तन देखापरेको हो। पश्चिममा **हिब्रू बाइबल** अनि ग्रीक दर्शनदेखि वर्तमानसम्म र पूर्वमा वैदिक समयदेखि वर्तमानसम्मको इतिहासबाट नारीलाई नकारात्मक एवम् वक्रताका सन्दर्भमा  व्याख्या गरिएको देखिन्छ। फलतः नारी परिचयका सकारात्मक पक्ष ओझेलमा राखिएको देखिन्छ। कतिपय परिस्थितिमा केवल लिङ्गभेदका कारणले मात्र नारीलाई पितृसत्तात्मक दृष्टिद्वारा पशुसरह व्यवहार गरिएको पाइन्छ। नारीलाई पुरुषद्वारा निर्धारित सामाजिक मान्यतामा बाँच्न बाध्य गराइनु अनि न्याय- अन्यायको निर्णयमा पुरुषको एकाधिकार रहनु जस्ता विषय भारतीय सन्दर्भमा उठान गर्नसकिन्छ।

भारतीय नेपाली समाजमा नारीहरूको अवस्थिति जान्न वेद, महाभारतमा चित्रित समाज व्यवस्था, राजकीय संस्कृति, नागरि सभ्यता, ग्रामीण परिवेश, रामायणका ऐतिहासिक तथ्यसम्म पुग्नुपर्ने देखिन्छ। भारतीय साहित्यमा वर्णित नारी विमर्शलाई उचित मूल्याङ्कन र न्याय दिन भारतीय इतिहासलाई साक्षी राख्नु आवश्यक रहेको देखिन्छ। पूर्वीय दृष्टिकोणबाट अलग रहेर कुनै पनि निष्कर्षमा पुग्न असम्भव रहेकाले भारतीय प्राचीन युगतिर पनि अवलोकन गरेर तत्कालीन नारीहरूका स्थितिको जानकारी लिनु आवश्यक देखिन्छ।

युग परिवर्तनसँगै कसरी नारीहरूका स्थितिमा परिवर्तन आएको छ वा युगौं बितेर पनि किन स्थितिमा कुनै सुधार संशोधन अथवा क्रान्तिकारी परिवर्तन आउन सकेको छैन त्यो जान्नु अत्यन्त जरुरी रहेको देखिन्छ।

## २.३.१ वैदिक नारी

पूर्वमा नारीवादी चेतना के कस्तो थियो भन्ने कुराको चर्चामा वेदमा नारी र पुरुष दुवैको अवस्थाबारे जान्न वेदका उल्लेखनीय घटनाबारे जानकारी लिन आवश्यक देखिन्छ। **ऋग्वेद**को १० औं मण्डलको १०औं शुक्तमा यम र यमीको संवाद यस्तो रहेको छ-

**ओ चित्सखायं सख्या ववृत्यां तिरः पुरू चिदर्णवं जगन्वान्।**

**पितुर्नपातमा दधीत वेधा अधि क्षमि प्रतरं दीध्यानः ।।१।।**[३५]

अर्थात् हे यमदेवा ! विशाल आकाशको एकान्तमा सख्य अथवा मित्रभावले तिमीलाई म भेट्न चाहन्छु। नौकाजस्तो भएर संसाररूपी समुद्र तर्नका लागि पिताका नातिका रूपमा हाम्रा असल सन्तान उत्पन्न गराउन हामी परस्पर सङ्गत होऔं भन्ने विधाताको इच्छा छ।"[३६] यमीको उल्लिखित भनाइले वैदिक कालीन नारी मातृ अधिकारप्रति सचेत थिए भन्ने प्रमाणित भएको छ। सन् १९६० को दशकमा विकसित नारीवादले सन्तान जन्माउने, गर्भपतन गर्ने र यौन स्वतन्त्रता जस्ता कुराको निर्णय नारी स्वयम्ले लिनु पाउनु पर्छ भन्ने आवाज उठाएको छ। यस्तै प्रकारले सन्तान जन्माउने हक, अधिकार र आवाज यमीले वैदिक समयमा नै उठाएर नारीको व्यक्तिगत इच्छा पुरुषप्रमुख मानसिकताको भयले दबाएर राख्ने होइन तर साहसी बनेर स्वतन्त्र रूपमा व्यक्त गरी आफ्नो इच्छा पूरा गर्न अघि बढ्नु

३५ तिलकप्रसाद लुइटेल (अनु.), सन् २००६, **ऋग्वेद**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, पृ. ८५४।

३६ पूर्ववत्, पृ. ८५४।

सक्नुपर्छ भन्ने सचेतता वैदिक समाजका नारीले नै जगाइदिएको कुरा माथि उल्लिखित **ऋग्वेद**को शुक्तले प्रष्ट पारेको छ। मिचेल फुकोको सेक्सबारे खुल्ला रूपमा चर्चा गर्न नारीले पनि पाउनुपर्छ भन्ने कुरालाई यमीले फुकोभन्दा धरै अघि नै गरेको पुष्टि प्रस्तुत शुक्तले गरेको छ।

पश्चिमी देशहरूमा जस्तो पूर्वमा नारीवादको लहर राजनैतिक आन्दोलनको रूपमा नचले तापनि वैदिककालीन नारीका क्षमता, सबलता, साहस कुनै पनि पक्षमा पुरुषभन्दा कमजोर थिएन भन्ने प्रमाण दिँदछ। नारीवादको विकास पश्चिमबाट भएको भए तापनि सचेत रूपमा नारीवाद सुरु हुनुभन्दा अघि नै पूर्वमा यमी जस्ता नारीमा नारी स्वतन्त्र हुनुपर्छ भन्ने चेतना रहेको पाइन्छ। यमीले आफ्नो मातृ हक प्राप्तिको निम्ति यमलाई आग्रह गर्नु उसले खोजेको मातृत्व अधिकारको माग र यौन स्वतन्त्रताको खुल्ला चर्चा हो। त्यसैले **ऋग्वेद**का नारीहरूको प्रतिनिधिको रूपमा यमीलाई लिन सकिन्छ। आफ्नो अधिकारप्रति सचेत रहेको यमीको सन्दर्भले वैदिक नारीमा नारीवादी चेतना रहेको पुष्टि गर्दछ ।

यसरी नै नारीसमाजमा पुरुषभन्दा निम्न र कमजोर हुन् भन्ने कुधारणालाई गलत सावित गर्न **ऋग्वेद**मा वर्णित शचि पौलोमीको नामलाई लिनु उचित देखिन्छ।

शचि भन्दछिन्- **अहं केतुरहं मूर्धाहमुग्रा विवाचनी।**

**ममेदनु कतुं पतिः सेहानामा उपाचरेत।।२।।**[३७]

अर्थात् म नै ध्वजाजस्तै ज्ञानमुक्त र शीरजस्तै प्रमुख हुँ। उग्र भए स्वामीलाई मधुर वचन बोल्न सहमत गराउँछु। मलाई सर्वोत्तम ठानेर स्वामीले मेरो कार्य सधैं समर्थन गर्दछन्।"[३८]

---

३७ तिलकप्रसाद लुइटेल (अनु.), सन् २००६, पूर्ववत्, पृ. १०२६।

३८ पूर्ववत्, पृ. १०२६।

शचिले आफू पतिको अधिनमा नरहेको सङ्केत दिएकी छन्। नारी सचेतता र आफ्नो क्षमतालाई सबल बनाएर ज्ञानी र सर्वश्रेष्ठ मानिएको पुरुषसमान आफ्नो स्तरलाई पुऱ्याउन सक्ने सङ्केत दिँदै आफू स्वयम्ले नारी शक्ति र सामर्थ्यको परिचय दिएकी छन्। समाजमा पुरुष वर्चस्वको कुनै स्थान नै नरहेर नारी पुरुषसमान हुनेछ भन्ने उदाहरणस्वरूप आफ्नो मतलाई सँधै पति इन्द्रदेवले समर्थन गरेको देखाएर पुष्टि गरेकी छन्। "सामान्य दृष्टिले हेर्दा शचि देवी मातृप्रधानबाट वैदिक समाज पुरुषप्रधान हुँदाको शक्ति सङ्क्रमणकालकी नारी थिइन् भन्ने अनुमान"[३९] **ऋग्वेद**का माथि उल्लिखित शुक्तले बताउँछ। पितृप्रधान समाजको सुरुतिर नै शचि पौलोमीले नारी शक्ति, क्षमता र बल पुरुषको भन्दा कमजोर छैन भन्दै पितृसत्तात्मक मानसिकतालाई नारी महत्त्व चिनाउन अघि बढेकी देखिएकी छ। आफूलाई शीरजस्तै प्रमुख हूँ भन्ने शचिको भनाइ पुरुषवर्चस्वप्रतिको विरोध हो। पश्चिमबाट विकसित नारीवादले पुलिङ्गश्रेष्ठताको अन्त हुनुपर्छ भन्ने चाहन्छ भने यसलाई बीजबाटनै निमिट्यान्न पार्न वैदिक नारी शचिको प्रयास रहेको छ। यस दृष्टिले हेर्दा पूर्वमा नारी स्वत्वप्रतिको चेतना वैदिक नारीमा नै रहेको देखिन्छ।

वैदिक युगमा नारी सचेतना पाइए तापनि नारी र पुरुषमाझ समानता थियो भन्न चाहिँ सकिँदैन। अत: वैदिक समय पुरुषवादी रहेको कुरा अथर्ववेदमा छोरीको भन्दा छोराको चाहना रहेको प्रसङ्गले स्पष्ट पारेको छ। पुत्रको चाहना रहुनु भनेको नै नारीभन्दा पुरुषलाई प्राथमिकता दिनु हो।

**आ ते योनिं गर्भ एतु पुमान् बाण इवेषुधिम्।**
**वीरोऽत्र आयतां पुत्रस्ते दशमास्य:।।२।।**[४०]

---

३९ पूर्ववत्, पृ. ७८७।

४० तिलकप्रसाद लुइटेल (अनु.), सन् २००६, पूर्ववत् पृ. ६४।

अर्थात् हे स्त्री तिमी पुरुषका लक्षणले युक्त पुत्र उत्पन्न गर र त्यसभन्दा पछि पनि पुत्र नै उत्पन्न भइरहून्। जुन पुत्र तिमीले जन्मायौ वा यसपछि जन्माउँछ्यौ, ती सबै पुत्रकी माता तिमी हौ।"[४१] यस शुक्तमा उल्लिखित भनाइले पुरुष नारीभन्दा उत्तम गुणले युक्त छ भन्ने बुझिन्छ। त्यसैले समाजमा नारीको कुनै महत्त्वपूर्ण भूमिका नै नभएको कुरा स्पष्ट रहेको छ। फलस्वरूप पुत्रको मात्र चाहना हुनुको तात्पर्य नारीको मातृपक्ष मात्र महत्त्वपूर्ण छ र अन्य रूपको चाहिँ अवहेलना हो।

**यानि भद्राणि बीजान्यृषभा जनयन्ति च।**

**तैस्त्वं पुत्रं विन्दस्व सा प्रसूर्धेनुका भव।।४।।** [४२]

अर्थात् हे स्त्री जुन अमोघ वीर्यले साँढेले गाईभित्र गर्भको स्थापना गरेर बाछो उत्पन्न गर्दछ, उस्तै खालको अमोघ वीर्यले तिमी पनि पुत्र उत्पन्न गर। यसरी नै तिमी गाईले झैं पुत्र जन्माउँदै उन्नति गरिराख।"[४३] यसरी नारीलाई बाछो ब्याउने एउटा साधारण पशुसँग तुलना गरेर सन्तान उत्पन्न गर्ने यन्त्रकै रूपमा उल्लेख गरिएको छ। यसबाट मानवको रूपमा केवल पुरुषलाई र नारीलाई पशुको स्तरमा राखेको सत्य प्रष्ट भएको छ। नारीको महत्त्वपूर्ण भूमिका नै गाईले बाछो जन्माएसरह बारम्बार पुत्र जन्माइ रहनु पर्ने ज्ञान दिनु नै नारीलाई मानवसमाजमा पुरुषसरह प्रगति गर्न नदिनु हो। अर्थात् निरन्तर पुत्रको स्याहार सुसारमा तल्लीन रहनाले अप्रत्यक्ष रूपमा नारीको कार्य क्षेत्र र अस्तित्व घरभित्र सीमित रहनु हो। नारी र पुरुषबिच भेदभाव वैदिककाल देखि नै भएको प्रमाणित माथि उल्लिखित शुक्तले स्पष्ट पारेको छ। त्यसैले वैदिककालका नारीहरूमाथि पितृसत्ताको वर्चस्व, दमन र शोषण

४१ पूर्ववत् पृ. ६४।

४२ पूर्ववत्, पृ. ६४।

४३ तिलकप्रसाद लुइटेल (अनु.), सन् २००६, पूर्ववत्, पृ. ६४।

थिएन भन्न चाहिँ युक्तिसङ्गत देखिँदैन। अलप- घोषा, अदिति, यमी, इन्द्राणी, शचि पौलोमी, लोपामुद्रा, सरमा आदि नारीहरू यस्तै नारी-पुरुष विभेदको पर्खाललाई भत्काउने प्रयासमा अघि देखिएकी नारी प्रतिनिधिहरू हुन्।

## २.३.२ रामायणका नारी

नारीवाद नै भनेर नारीवाद शब्द नै प्रयोग गर्न नसकिए तापनि नारीवादको मान्यताअन्तर्गत पर्ने नारीका हक, अधिकारप्रति सचेत **रामायण**का नारीमा नारीवादी चेतना रहेको पाइन्छ। देवासुर सङ्ग्राममा प्राण सङ्कटमा परेको अवस्थामा रथको पाङ्रामा आफ्नो हात घुसारेर राजा दशरथलाई बचाउनु भनेको नै वीराङ्गना रानी कैकेयीको स्वाभिमान, सचेतता, शारीरिक बल र साहस अतुलनीय रहेको प्रमाणित हुँदछ। पुरुषभन्दा नारी शारीरिक रूपमा कमजोर छैनन् भन्ने नारीवादको प्रमुख स्वरलाई अघि सारेर हेर्दा एउटी सचेत नारीका रूपमा कैकेयीले आफ्नो शारीरिक सबलताको प्रमाण दिएकी छन्। यस्तै प्रकारले रामलाई राजा बनाउने निर्णयले कैकेयीको व्यक्तिगत अधिकार र अस्तित्वमा कुनै सङ्कट नहोस् भन्ने उद्देश्यले मन्थराले कैकेयीलाई आफ्नो व्यक्तिगत हकको निम्ति भरतलाई राजा बनाउनु पर्छ भन्ने कुरामा सचेत गराउनुमा पनि मन्थराले एउटी नारीको व्यक्तिगत हक र अधिकार निम्ति लड्नुपर्छ भन्ने कुरामा सचेत गराएको देखिन्छ।

वास्तवमा रामलाई वनवास र भरतलाई राजगद्दी माग्नुका पछि कैकेयीको व्यक्तिगत हितको उद्देश्य अर्थात् राजमाताको स्थान दिलाउने प्रयास थियो। यसरी नारीले आफ्नो इच्छा व्यक्त गर्ने क्षमताको विकास गर्नु, आफ्नो हक, अधिकारको निम्ति लड्न सक्नुपर्छ भन्ने नारीवादी चिन्तन मन्थरा र कैकेयीले **रामायण**द्वारा सम्पूर्ण नारीलाई अवगत गराएको देखिन्छ।

सम्पूर्ण नारी अधिकार, स्वतन्त्रताको पक्षमा कैकेयीले आवाज नउठाएर आफ्नो वैयक्तिक अधिकारको निम्ति भने उठाएकी थिइन्। व्यक्तिवादी नारीवादले नारीको व्यक्तिगत अधिकारको निम्ति सङ्घर्ष गर्न जोड दिएको पाइन्छ। यहाँ पनि कैकेयीले भरतको निम्ति राजगद्दी माग्नुमा केवल उनको व्यक्तिगत इच्छा र हकको माग मात्र हो भन्ने कुरा स्पष्ट देखिएको छ।

पुरुषप्रमुखतावादी समाजमा नारीको स्वत्व ओझेलमा परेको हुनाले नारीवादले नारी स्वत्वको खोजी गर्दछ। पूर्वीय काव्य **रामायण**भित्र समाविष्ट समाज पनि पुरुष वर्चस्ववादी समाज रहेका पाइन्छन्। **रामायण**कालीन समाजमा नारीका अवस्था त्यत्ति सन्तोषजनक थिएन भन्ने तथ्य जान्नका लागि तत्कालीन नारी पात्रका वास्तविक स्थिति जान्न आवश्यक देखिन्छ। नारीवादको सुरुवात् पाश्चात्य जगतबाट भएको भए तापनि पूर्वमा पनि नारीहरू अस्तित्वसचेत थिए भन्ने कुरा भारतीय पौराणिक ग्रन्थमा रहेको समाजको सर्वेक्षणात्मक अध्ययनबाट जान्न सकिन्छ। सम्भवत: पौराणिक ग्रन्थमा वर्णित नारी पात्रामा नारीवादी चेतना थियो कि थिएन भन्ने कुरा बुझ्नका निम्ति पौराणिक पात्रा सीतालाई उदाहरणको रूपमा लिन सकिन्छ। मालाश्री लाल र नमीता गोख्लेद्वारा सम्पादित **इन् सर्च अव् सीता**-मा सीतालाई दुर्बल, दयनीय नारी चरित्रका रूपमा उल्लेख गरेर अन्याय गरेको आरोप लगाइएको छ र सीतालाई अलग ढङ्गले परिभाषित गर्नुपर्ने कुरा उठाइएको छ। सीतालाई नयाँ दृष्टिकोणले परिभाषित गरेर उनी नारी शक्तिकी प्रतीक हुन् भन्ने कुरा देखाइएको छ। सीता शारीरिक रूपले अत्यन्त सबल रहेकी प्रमाण दिँदै गोख्ले लेख्छिन् - “जनककी छोरी जानकी एकै हातले शिव धनु उठाउन सक्ने क्षमता भएकी शारीरिक रूपमा सबल नारी थिइन्। पितृसत्तात्मक समाजमा परिवार र समाजदेखि अलग रहेर पनि छोरालाई कुशल संस्कार र शिक्षा दिन सक्षम सीता नारी स्वाभिमान, नारीसचेतता र आत्मसम्मान बोध गर्न

सक्ने शक्तिशाली नारी हुन्। तर उनको परिचयको नकारात्मक पक्ष मात्र किन उल्लेख गरिएयो? अनि एउटी शक्तिहीन, कमजोर, अवला नारीको रूपमा कसरी चित्रित भइन् ?"[४४] उनको विचारमा "सीता जम्ल्याहा छोरा लव र कुशलाई एक्लै जन्मदिने र हुर्काउने साहसी नारी थिइन्। ऋषि वाल्मिकीले पनि लव र कुशतिर सङ्केत गरेर तिनीहरूलाई सीताका छोराहरू भनेर आमाबाट नै संसारमा परिचित गराएका छन्।"[४५] मेधनाध देसाईले *सीता एन्ड सम अदर विमिन् फ्रम दि एपिक*-मा "बारम्बार सतीत्वको परीक्षा दिन वाध्य गराउने पितृसत्तात्मक समाजलाई तिरस्कार गरेर सीताले आफ्नो पति र १२ वर्षका दुईजना छोरासमेतलाई त्यागेकी छन्। यो उनको आत्मसम्मान, स्वाभिमान र नारी अस्तित्वको परिचायक हो। जन्मने बित्तिकै शिव धनु उचाल्न सक्षम एकजना शक्तिशाली नारी सीताले विवाहपछि आफ्नो सुरक्षाको निम्ति कुनै सङ्घर्ष नगरी रावणबाट हरण हुनु भनेको अपाच्य कुरा हो भन्दै **रामायण**का वर्णन सही नरहेकोमा प्रश्न उठाएका छन्।"[४६] वास्तवमा उनले सीतालाई शारीरिक सबलता र बौद्धिक तीक्ष्णताले पूर्ण नारीको रूपमा स्थापित गराउन खोजेको देखिन्छ। सीता नारी अधिकारप्रति सचेत हुनाले नै नारी शरीर केवल नारी अधिकार र नियन्त्रणभित्रको कुरो हो भन्ने कुरामा सचेत थिइन् भन्ने कुरा देसाईले यसरी देखाएका छन्- "विवाहपछि आफ्ना पति रामले राजसिहांसन प्राप्त नगरेसम्म गर्भवती नहुनु भनेको प्रजनन प्रक्रियालाई आफ्नो नियन्त्रणमा राख्ने क्षमता सीतामा हुनु हो। यो उनमा रहेको अदृश्य बौद्धिक क्षमता हो। यसका अतिरिक्त ५० वर्षको उमेरमा परिवारलाई नै त्यागन

४४ मालश्री लाल, नमिता गोख्ले (सम्पा.),सन् २००९, **इन् सर्च अव् सीता**, इन्डिया, पेनगुइन् रेन्डम् हाउस् इन्डिया प्राइभेट लिमिटेड, पृ. XIII)

४५ पूर्ववत्, पृ. XIV)

४६ मालश्री लाल, नमिता गोख्ले (सम्पा.), सन् २००९, पूर्ववत्, पृ. ४ ।

सक्ने क्षमताशील एवम् शक्तिशाली नारी सीता हुन्"[४७] भन्ने उनले गरेर उनले रामायणकालीन नारीमा रहेको स्वअस्तित्व, स्वनिर्णय र स्वत्वको परिचय गराएका छन्।

पितृसत्तात्मक समाजले नारीलाई कतिपय संस्कार र धर्मअनुरूप बन्धन र पुरुषको संरक्षणमा राख्ने षड्यन्त्रपूर्ण नियम नै **रामायणमा** वर्णित लक्ष्मण रेखा हो भन्ने कुराको उल्लेख उनले गरेकी छन्। लक्ष्मणद्वारा कोरिएको लक्ष्मण रेखालाई सीताले उलङ्घन गरेको कुरालाई वर्तमान सन्दर्भमा ल्याएर मालश्री लालले नारी स्वतन्त्रताप्रति लगाइएको बाधापूर्ण नियमको उलङ्घन गरिएको हो"[४८] भन्ने तर्क प्रस्तुत गरेकी छन्। सीताले **रामायणका** नै पुरुषप्रमुखतावादी समाजको बहिष्कार गरेर नारी प्रताडित नियमलाई धरासायी पारेकी हुन् भन्ने कुरा देखाएकी छन्।

**रामायणमा** सीता हरणपछि सीताको सतीत्व र पवित्रताप्रति शङ्का गर्नुमा पितृसत्तात्मक मानसिकता अनुदार रहेको देखिएको छ। यसरी पुरुषलाई सदैव खुल्ला छाडेर नारीलाई प्रताडित गर्ने पितृसत्तात्मक समाजलाई नै सीताले तिरस्कार गरेकी हुन् भन्ने कुरा नमिता गोख्ले यसरी राखेकी छन् -"सीताले धरती मातालाई पुकारेर धरतीमा लोप हुनु नै पितृसत्तात्मक समाजलाई नकारेकी हुन् ।"[४९]

यी विदुषीहरूभन्दा अग्रज नेपाली कवि तथा समालोचक शान्ति छेत्रीले **रामायणका नारी पात्रहरू : एक चिन्तन**-मा रामायणकी सीतालाई सशक्त नारीवादीको रूपमा चिनाएकी छन्।सीता धरतीमा लोप हुनुको मुख्य उद्देश्य नारी स्वत्वको खोजी हो भन्दै उनी भन्छिन्- "नारीको मन यति नै कोमल, संवेदनशील र उत्सर्गपूर्ण हुन्छ औ त्यससित खेलबाड् नगर्नु नै

४७ पूर्ववत्, पृ. ५।

४८ पूर्ववत्, पृ. ८६ ।

४९ मालश्री लाल, नमिता गोख्ले (सम्पा.), सन् २००९, पूर्ववत्, पृ. ८७।

बेस भन्ने किसिमको सन्देश छोडेर सीता लोप भइन्।"[५०] यस कथनमा पितृसत्तात्मक समाजको षड्यन्त्रको विरोधमा **रामायण**की सीताले तत्कालीन तुच्छ मानसिकताले ग्रसित पितृसत्ताको अनुदार नियतअगाडि दयाको भिक्षा माग्नुभन्दा आफै लोप भएर जानु नै नारी स्वत्वको खोजी गरेकी हुन् भन्ने कुरा ध्वनित हुँदछ। उनी अझ भन्छिन्-"जहाँबाट आएकी थिइन्, त्यहीं बिलिन भइन् घरि-घरि परीक्षामा आफ्नो सतित्वको जाँच गराउन उनी जस्ती स्वाभिमानी नारीका निम्ति असह्य थियो औ यही उज्जवल आत्मसम्मान लिएर लोकदेखि बिदा लिइन्। लोकको आँखा खुल्यो।यसरी उनले समस्त सुतिरहेको जनमानसलाई जागृत गराइन्।"[५१] यस भनाइले नारी पुरुषले चाहेअनुसार सतीत्वको जाँच दिने कठपुतली होइन भन्दै नारी स्वत्वको खोजी गर्दै नारीको मूल्य बुझाउन सीता लोप हुनुको मुख्य कारण रहेको देखाएकी छन्।

शान्ति छेत्रीले **रामायणका नारी पात्रहरूः एक चिन्तन** नामक आफ्नो पुस्तकमा अग्रज लेखकहरूद्वारा **रामायण**की सीताको वर्णन सही रूपमा आरोप लगाएकी छन्। उनले दशरथकी माहिली रानी कैकेयीको शारीरिक सबलताको प्रमाण स्वरूप यसरी देखाएकी छन्- "रानी कैकेयी देवदानवको युद्धमा वीरतापूर्वक महाराजको सारथी बनेर रथ हाँक्ने, जनकल्याण र शान्ति कायम हेतु दुष्टको संहार गर्न संग्राम आह्वान गरेर राज्यको गतिलाई मोड्न सक्ने नारी"[५२] हुन्। उनले **रामायण**मा नारी चरित्रलाई सदैव दयनीय पात्रको रूपमा हेरिने दृष्टिकोणलाई नयाँ दिशा दिएकी छन्। यसप्रकार पुन: त्यहाँका नकारात्मक र ओझेलमा परेका पक्षको पुनर्मूल्याङ्कन गर्न प्रेरित गरेकी छन्। वास्तवमा यी पात्राहरू

---

५० शान्ति छेत्री, सन् १९८८, **रामायणका नारी पात्रहरू : एक चिन्तन**, सिक्किम, आजको सिक्किम प्रकाशन पृ.२३।

५१ पूर्ववत्, पृ. २३।

५२ शान्ति छेत्री, सन् १९८८, पूर्ववत्, पृ. १३।

पुरुषभन्दा कमजोर नभएर बौद्धिक र शारीरिक रूपमा सबल छन् भन्ने कुरातर्फ पाठक समालोचक आदिका ध्यान आकर्षित गरेकी छन्। रामायणलाई आधार गरेर लेखिएका आख्यानात्मक व्याख्यामा पनि कैकैयीको अवमूल्यन भएको छ भन्ने तर्क उनले यसरी राखेकी छन्- "उनको सटीक मूल्याङ्कन भएको छैन, उनको भावभूमिमा चियाउनेसम्म प्रयत्न नहुनु उनीप्रति अन्याय हो। उनको जस्तो अपूर्व कौशललाई तिरष्कार गर्ने हाम्रो पनि केही अधिकार छैन।"[५३] उनी भन्छिन्- "रामायणमा नारीको सुन्दरता, कोमलता, अज्ञानता, शक्तिहीनतालाई अचानो बनाएर उनीहरूलाई चाहिएभन्दा ज्यादा सहानुभूतिका पात्रा बनाइएका छन्।"[५४] पुरुष दृष्टिकोणबाट यसप्रकार नारीको भूमिका, सहभागिताको उचित मूल्याङ्कन हुननसकेको देखाएर उनले नारीलेखनको आवश्यकता बोध गरेको कुरा स्पष्ट देखिन्छ।

**रामायण**मा रामलाई १४ वर्षको वनवास जाने आदेश हुँदा रामबाहेक अन्य राजपरिवारका कुनै सदस्य वनवास जानु पर्छ भन्ने नाम उठेको थिएन। तर राम सँगसँगै उनकी पत्नी सीता र भाई लक्ष्मण पनि वनवास गएका थिए। सीताले आफू पनि वनवास जाने सङ्कल्प गर्नु र रामसँगै जानुमा प्रत्येक क्षेत्र र कार्यमा पतिसँगै सहभागी बन्ने निर्णय लिएकी छन्। समस्त मानवसमाजलाई नारी र पुरुष एकै हुन् भन्ने यथार्थको प्रमाण सीताले दिएकी छन्। पुरुषका तुलनामा नारी दोस्रो दर्जाको नभएर दुवै समान सबल, सक्षम र आत्मनिर्भर छन् भन्ने उदाहरणले **रामायण**का नारीहरूको सचेतता, आत्मनिर्भरता र निर्णयक्षमताको परिचय दिइएको छ।

---

५३ पूर्ववत्, पृ. १४।

५४ पूर्ववत्, पृ. १४।

यसरी नै शूर्पणखाले लक्ष्मणसँग विवाहको प्रस्ताव राख्नुको प्रसङ्गले शूर्पणखाको स्वतन्त्र निर्णय र साहसीपना देखिएको छ। अर्थात् वर्तमान समाजमा पुरुषले मात्र नारीलाई प्रेम र विवाहको प्रस्ताव राख्ने रूढि परम्परालाई **रामायणमा** शूर्पणखाले पुरुषपक्षीय परम्परालाई भञ्जन गर्न सकिन्छ भन्ने कुराको प्रमाण दिएकी छ। आफ्नो इच्छानुसारको पुरुषसँग नारीले विवाहको प्रस्ताव स्वतन्त्र रूपमा राख्न सक्नुपर्छ भन्ने सङ्केतले नारीलाई सचेत बनाइएको पाइन्छ। वास्तवमा नारीको हक, अधिकार पुरुषसमान हुनुपर्छ भन्ने कुरामा कतिपय नारीवादीले नारीको सामूहिक स्वतन्त्रता र समानताको निम्ति आवाज उठाएका छन् भने कतिपय नारीवादीले व्यक्तिगत अधिकारको निम्ति सङ्घर्ष गरेर व्यक्तिगत अधिकार प्राप्त गर्न सक्षम बन्नुपर्छ भन्ने कुरालाई अघि सारेका छन्। "शचि पौलोमी, वागाम्भृणी, दमयन्ती, द्रौपदी, सीता आदि... नारीका चरित्रमा देखिएको स्वाभिमान र कर्तव्यपरायणता, पति र परिवारप्रति प्रेम, आफ्नो परिचय र व्यक्तितत्वको संरक्षण चाहिँ नारी चरित्रको पुनर्स्थापनाका दिशामा भइरहेका छन्।"[५५]

## २.३.३ महाभारतका नारी

महाभारतकालीन समाज पितृसत्ताप्रधान समाज रहेको उदाहरण द्रौपदी, कुन्ती, गान्धारी आदि नारीहरूमाथि पुरुषहरूद्वारा गरिएको शोषण, अत्याचार, अन्यायपूर्ण व्यवहारबाट जान्न सकिन्छ। अर्कातिर त्यही समाजकी कुन्तीद्वारा सूर्य, इन्द्र, मेघ आदि देवताहरूको मन्त्रोच्चारणद्वारा आह्वान, गर्भधारण, पुत्रजन्म आदिबाट तत्कालीन समाजमा स्वेच्छाले परपुरुषसँगको संसर्गबाट गर्भधारण गर्ने स्वतन्त्रता पनि त्यस समाजमा विद्यमान रहेको प्रमाणित हुँदछ।

---

५५ चक्रपाणि भट्टराई, सन् १९९९, *आफ्नो महत्त्व नारी आफैले बुझ्नुपर्छ,* पवन चामलिङ(सम्पा.) **निर्माण** (वर्ष:१९ अङ्क ३४), नाम्ची, निर्माण प्रकाशन, पृ. ८१६।

**महाभारत**कालीन समाज पितृसत्ताप्रधान समाज रहेको उदाहरण कुन्तीले मन्त्रपाठ गरेर प्रकट भएको सूर्यपुत्र कर्णलाई नदीमा बगाउनका पछाडीको कारणले स्पष्ट पार्दछ।

**फर्की सूर्य गएपछि मनमहाँ चिन्ता पऱ्यो कुन्तिको**

**त्यो छोरो जलमा बगाउँदि भइन् रक्षार्थ दुष्कर्मको।**[५६]

सूर्यद्वारा प्राप्त पुत्र कर्णको जन्मले कुन्तीलाई समाजकै लाण्छना र अपवादको भयले नवजात शिशु कर्णलाई नदीमा बगाउने वाधयता पनि थियो।

कर्ण प्रकट हुँदा कुन्तीले कुनै कुकर्म गरेकी थिइनन्। अज्ञानतावश तिनले मन्त्रमात्र पाठ गरेकी थिइन् भन्ने व्याख्या पौराणिक ग्रन्थमा उल्लेखित पाइन्छ। तर कुन्तीले आफ्नो पुत्र कर्णलाई नदीमा बगाउनै पर्ने बाध्यता त वास्तवमा पुरानो परम्परावादी समाजका मान्यतापोषक समाजका अगाडि एउटी अविवाहित नारीले सन्तान जन्माउनु बढो अनौठो र संस्कार विरूद्ध अनुशासनहीनता रहने भयले गराएको देखिन्छ। वर्तमान समाजमा कुमारी अथवा अविवाहित नारीबाट शिशुको जन्म भए समाजले केवल नारीलाई प्रश्न उठाउने गर्छ तर पुरुषलाई होइन। पुरुषलाई निर्दोष र नारीलाई दोषी ठान्ने सङ्कीर्णता र परम्परा पितृप्रधान मानसिकताले वर्तमानमा पनि पालेर राखेको पाइन्छ।त्यस्तै कुन्तीले पनि आफू निर्दोष भए तापनि समाजबाट आफू दण्डित र प्रताडित नहोऊ भन्ने उद्देश्यले कर्णलाई नदीमा बगाएकी थिइन् भन्ने बुझिन्छ। त्यसर्थ महाभारतको समाज पितृप्रधान थियो भन्ने कुरा प्रष्ट छ। यस्तो सङ्कीर्ण मनोवृत्तिपोषक पुरुषप्रधान समाजमा नारीले आफ्नो क्षमता देखाउनु, आफ्नो निर्णय सुनाउनु आदि विषयलाई नारी स्वतन्त्रताको निम्ति उठाइएको पहल हो भन्न सकिन्छ।

---

५६ गौरीशंकर वसिष्ठ, सन् २००८, **महाभारत**, वाराणसी, बंबई पुस्तक भवन, पृ. ४२।

द्रौपदीसँग सम्बन्धित कतिपय घटनाले द्रौपदी नारी स्वतन्त्रताप्रति सचेत नारी हुन् भन्ने देखाएको पाइन्छ। द्रौपदीको स्वयम्बरमा लक्ष्य भेदनमा राजकुमारहरू भाग लिएका थिए।स्वयम्बरमा कर्ण पनि सहभागी बनेर उपस्थित थिए तर तत्काली समाज पनि एकातिर वर्गभेद मान्दथ्यो भने अर्कातिर नारीहरू पति चयन गर्न स्वतन्त्र थिए भन्ने कुरा तलको उदाहरणबाट बुझ्न सकिन्छ-

**आए कर्ण उठेर गर्दछु भनी त्यो लक्ष्यको भेदन।**

**बोलिन द्रौपदि सूतपुत्र सँगमा मैले बिहा गर्दिनँ।**[५७]

द्रौपदीले पति चुन्ने स्वतन्त्रता र स्वनिर्णयको घोषणा गरेको तथ्यले एउटै समयका नारी केही स्वतन्त्र निर्णयका हकदार देखिन्छन् भने केही पुरुष शोषणबाट प्रताडित पनि देखिन्छन् ।तर ती पुरुष प्रताडना विरूद्ध जुध्न भने पछि हटेका देखिनैनन्। स्वयम्बरको नियमअनुसार राजकुमारहरूले मात्र स्वयम्बरमा सहभागी बन्ने पाउने भए तापनि ब्राह्मण भेषधारी युवकको क्षमतालाई हेरेर द्रौपदीले आफ्नो पति रोजेकीबाट पतिचयनको स्वतन्त्रता र निर्णय द्रौपदीको साहसले पुरुषवादी व्यवस्थालाई चुनौति दिएको कुरा स्पष्ट देखिएको छ।पति चयनको अधिकार दौपदीले लिएकीले भने तत्कालीन केही नारीहरू आफ्नो हकप्रति सचेत थिए भन्ने प्रमाणित हुन्छ।

**महाभारत**को समाज नारी दमनको चरम रूप रहेको तथ्य जुवामा हारी सकेपछि द्रौपदीलाई दुशासनले कपालमा तानेर लछार्दै सभाबिच ल्याएको सन्दर्भले खुलस्त पार्दछ। आफ्नो सुरक्षाको निम्ति द्रौपदीको याचनालाई महाभारतमा यसरी उल्लेख गरिएको छ-

---

५७ गौरीशंकर वसिष्ठ, सन् २००८, पूर्ववत्, पृ. ७७।

**बिन्ती यै रितले गरिन् तर यसै के मान्दथ्यो त्यो खल।**

**थाल्यो केश धरी लछार्न रिसले देखाउँदै झन् बल।।**[५८]

यसरी नारी अपमानलाई देखेर पनि मौन रहेका पुरुषहरूलाई द्रौपदीले प्रश्न उठाएकी सन्दर्भ यस्तो छ:

**छन् राजा धृतराष्ट्र भीष्म र विदुर ज्ञानी तथा सज्जन।**

**कृष्णाको सुनि प्रश्न उत्तर यहाँ दिइनन् कसैले किन?।।**[५९]

यसरी राजसभामा आवाज उठाउनु नै विश्वका सम्पूर्ण नारी शोषण र अत्याचारलाई अनदेखा गरेर मौन रहने समाजप्रतिको विरोध हो भन्न सकिन्छ। समस्त नारी समुदायको प्रतिनिधिको रूपमा द्रौपदीद्वारा कसैको भय र त्रासमा नपरी आवाज उठाइनु नै पितृसत्तात्मक मानसिकताले नारीमाथि गरेको अन्यायको विरोध हुनु हो। सभामा द्रौपदी अपमानित हुँदा महान् कहलाइएका पुरुषहरूबाट कुनै सुरक्षा नभएको चर्चाले तत्कालीन समाज नारी शोषण र दमनको पक्षमा रहेको सत्य कुराको खुलस्त भएको छ। अन्तमा दुर्योधनको प्रताड्नाबाट आफ्नो लाज र अस्तित्व जोगाउन अन्य कुनै पुरुष वा नारीले द्रौपदीको सहयोग नगरेर द्रौपदी स्वयम्‌को प्रयासले आफ्नो लाजको रक्षा गर्नु भनेको नारीले आफूप्रति भइरहेको अन्यायको अन्त गर्ने प्रयास आफैले गर्नुपर्छ भन्ने सन्देश नै **महाभारत**को घटनाको अभीष्ट रहेको छ, जसलाई कार्यरूपमा सफल बनाउने प्रयास द्रौपदीको रहेको छ। नारीवादी समालोचक सिमोन दि बुआले नारी स्वत्वको खोजी र नारी अस्तित्वको रक्षा पुरुषले गरिदिने होइन तर नारी स्वयम्‌ले खोज्नु पर्छ भन्ने मत र द्रौपदीको प्रयास समान रहेको छ भन्न

५८ गौरीशंकर वसिष्ठ, सन् २००८, पूर्ववत्, पृ. ११९।

५९ गौरीशंकर वसिष्ठ, सन् २००८, पूर्ववत्, पृ. १२१।

सकिन्छ। नारीवादी मान्यताले पितृसत्तात्मक व्यवस्थाले नारीप्रति गरिरहेको अन्यायको अन्त पुरुषले भन्दा नारी स्वयम्ले गर्नुपर्छ भन्ने मान्दछ भने पूर्वमा युगौं अघि नै द्रौपदीले नारीप्रतिको अत्याचारको विद्रोहमा नारी स्वयम् निडर बनेर अघि बढ्नु पर्ने आह्वान गरेकी कुरा माथि उल्लिखित प्रसङ्गले प्रमाणित गर्दछ।

वर्तमान समाजमा नारीमाथि पुरुषको कुदृष्टि र कुव्यवहारको जस्तो यथार्थ छ, त्यस्तै यथार्थको उद्घाटन द्रौपदीमाथि किचकले गरेको दुर्व्यवहारले प्रष्ट पारेको छ। आफूसँग बस्ने प्रस्ताव राख्दा किचकको आग्रहलाई द्रौपदीले अस्वीकार गरेपछि किचकले शारीरिक बलको प्रयोग गरेको प्रसङ्ग यस्तो छ-

**येती बात भनेर दक्ष करमा पक्रेर तान्दो भयो।**

**झट्कारिन बलले र हात खलको तत्काल फुस्की गयो।।**

**आँटिन भाग्न तिनी र झट्ट गरि पक्री लियो चादर।**

**तानिन् क्रोध गरेर चादर अनी पच्छारियो क्यै पर।।**[६०]

पुरुष नारीभन्दा साहसी हुनुका साथै शारीरिक रूपमा बलियो हुन्छ भन्ने आधारहीन र अवैज्ञानिक तर्कलाई महाभारतमा द्रौपदीले गलत प्रमाणित गरिदिएकी छन्। शारीरिक र मानसिक दुवै रूपमा नारी पुरुषसमान सक्षम र सामर्थ्य हुन्छन् भन्ने मान्यतालाई पूर्वमा द्रौपदीले साकार बनाएकी छन्। आफ्नो आत्मसम्मान सुरक्षार्थ किचकलाई मारेर रगतपच्छे हातले आफ्नो केश नबादुञ्जेल केशराशी खुला राख्ने प्रतीज्ञा र प्रतिशोध लिने निर्णय पनि स्वअस्तित्व बोध रहेरै हो भन्न सकिन्छ। शारीरिक अतिक्रमण गर्ने किचकलाई शारीरिक

६० गौरीशंकर वसिष्ठ, सन् २००८, पूर्ववत्, पृ. ३६५।

बलको तुजुग झार्न महावली भीमलाई प्रतिशोध गर्न उत्प्रेरित गराएर किचकलाई दुर्गतिपूर्ण वध गराएर रगतले रगतपच्छे भएको र रक्ताम्मे हातले आफ्नो कपाल बाट्न लाएर आफ्नो हठ, दम्भ, स्वाभिमान एवम् आत्मसम्मानको रक्षा गरेकी छन्। पूर्वमा रहेको पुरुषप्रमुख व्यवस्थाद्वारा नारीहरू कतिसम्म शोषित थिए र यस्ता शोषणको विरूद्ध नारीहरूको विद्रोही स्वर कति तीव्र प्रभावकारी थियो भन्ने तथ्यलाई बुझ्न महाभारतमा चर्चित नारी अवस्थाको अध्ययन आवश्यक हुँदछ।

दमयन्ती र नलको चर्चामा पनि नल राजा जुवामा हारेको कारण दुवै वन जानु पर्ने बाध्यता, वनमा नलले दमयन्तीलाई एक्लै छोडिदिनु आदि घटनाले नलको उत्तरदायित्वहीन कर्म र कर्तव्य पलायनबाट पति विमुख हुनु भन्ने कुराले पनि तत्कालीन समाजका पुरुषहरूको अनुत्तरदायी नीच मानसिकता दर्शाउँछ। दमयन्तीले स्वयम्बरको आयोजना गरेर आफ्नो पति नललाई फिर्ता ल्याएर पनि  दमयन्तीप्रति नलको शङ्का उत्तिकै रहेको देखेर दमयन्तीले आफ्नो पवित्रताको स्पष्टीकरण दिन्छिन्-

**शंका केहि नमान्नुहोस म अघिझैं निर्दोष छु भूपति**

**साक्षी छन् रवि, वायु अग्नि यि तिनै यो बातका सम्मति।।**[६१]

आफू पवित्र र दोषरहित रहेको प्रमाण गर्न खोज्नु भनेको नै नारीको पवित्रतामाथि सहजै शङ्का गरिनु हो र हरेक पल्ट नारीले आफ्नो पवित्रताको स्पष्टीकरण दिएर पुरुषहरूको शङ्का निवारण गर्न ठुलो प्रयास गर्नु हो भन्ने कुरा बुझिन्छ। नारीको इमान्दारिता माथि गरिएको शङ्का, कुविचार र अन्याय हो। नलको पवित्रताबारे कसैले प्रश्न नगर्नु र दमयन्तीले

६१ गौरीशंकर वसिष्ठ, सन् २००८, पूर्ववत्, पृ. १९४।

भने आफ्नो निर्दोषिता सावित गर्नुले महाभारतमा नारीहरूको स्थान पुरुषसमान थियो भन्न चाहिँ सकिँदैन तथापि आफ्नो न्यायको वकालतमा भने ती पछि हटेका छैनन् भन्ने कुरा पनि अघि सार्न सकिन्छ। दमयन्तीले नलको पत्ता लगाउने उद्देश्यले नै भए तापनि दोस्रोपटक स्वयम्बरको घोषणा गरेको सन्दर्भले भने चाहेको खण्डमा विवाहित नारीले दोस्रो पटक विवाह गर्न सक्तछे तथा दोस्रो विवाह पनि वैध हुनुपर्छ भन्ने परम्पराको सुरुवात् भने उनले गरेकी बुझिन्छ।

## २.३.४ आधुनिक भारतमा नारी सचेतना

संस्कृति, संस्कार, धर्म र परम्पराको रूपमा युगौंदेखि नारीहरूमाथि शोषण हुँदै आएको भए तापनि कतिपय नारी भने नारी अस्तित्व र अधिकारप्रति सचेत रहेका देखिन्छन्। नारीलाई प्रताडित गर्ने विभिन्न प्रथामध्ये सतीप्रथा एउटा अमानवीय कुप्रथा हो। नारीप्रति भएको यसप्रकारको अमानवीय र जघन्य आपराधिक अत्याचार हटाउनमा राजा राममोहन रोयको योगदान अविस्मरणीय रहको छ। उनी नारीका सशक्त पक्षधर थिए।

नारीले शिक्षा ग्रहण गर्ने अधिकार पाउनुपर्छ भन्ने कुरामा जोड दिने एकजना प्रमुख चिन्तक हुन् इश्वरचन्द्र विद्यासागर। नारी उत्थानका लागि अघि सरेर बोल्ने भारतका महान् पुरुषहरूको उदारताले नारीलाई अवश्य पनि बल दिएको छ। "यसरी नै स्वतन्त्रता आन्दोलनमा पनि नारीको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ। यस बलदायी प्रथाको शुभारम्भ अत्यन्त साहसिक योद्धा तथा वीरङ्गना रानी लक्ष्मीवाईले गरेकी थिइन्। त्यसबेलाका महिलाले देशप्रेमले ओतप्रोत भएर अत्यन्त साहसिक कार्य गरेका थिए। लर्ड हेस्टिंगसका बेला देवी चौधुरानीले सन्यासी विद्रोहको नेतृत्व गरेकी थिइन्। देशबन्धु सीआर दासकी पत्नी वसन्ती देवी एवम् बहिनी उर्मिलादेवी सत्याग्रह समितिका अध्यक्ष थिए। महात्मा गान्धी सँगसँगै

यिनीहरूले दिएको योगदान प्रशंसनीय रहेको छ। लौहपुरुष सरदार पटेलकी पुत्री मणिवेन पटेल त्यागकी सजीव मूर्ति थिइन्। लीलावतीले नारी शिक्षा सेवा सङ्घको स्थापना गरेकी थिइन् तथा साहित्य संसदको स्थापनामा आफ्नो विशेष योगदान दिएकी थिइन्। सुभद्रा कुमारी चौहानले कविताको माध्यमबाट जागृतिको शंखनाद गरिन्।"[६२] "आजको परिवेशमा वेश्यावृत्ति, नारी देहव्यापार र आधुनिक सञ्चार माध्यममा अश्लील चित्रहरूको व्यापारले नारी जातिको शोषण र अपमानको पराकाष्ठ नाघेको आभास हुन्छ। नारी देह र सम्भोगको विषय स्वेच्छा, स्वाभिमान र नितान्त निजी सम्पत्ति नभएर उपभोक्तासम्म विलासको निम्ति व्यावसायिक सामग्री बनाइनु आजको सबैभन्दा लज्जास्पद यथार्थ बनेका छ।"[६३] वास्तवमा युगौंदेखि वर्तमानसम्ममा नारी विभिन्न माध्यमबाट शोषित भइरहेका छन्। प्राकृतिक रूपमा नारी पुरुष एकै हुन् तर विभेदको पर्खाल बनाएको केवल सामाजिक निर्माण मात्र भएको स्पष्ट छ। सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक र राजनैतिक क्षेत्रमा नारीलाई मूल्य नदिनु भनेको पुरुषको श्रेष्ठ लिङ्ग हो भन्ने अहम्मात्र हो, जो अवैज्ञानिक र तर्कहीन छ। त्यसैले लैङ्गिक आधारमा नारी पुरुषमाझ भएको भिन्नताको अन्त गर्ने मुख्य हतियार नै सचेतता, जागरूकता हो भन्ने तर्क सही देखिन्छ। प्राचीनकालका नारी यमी, शचि, द्रौपदी, सीता आदि नारीहरूले उठाएका नारी हक र साहसको स्वर वर्तमानका नारीहरूले झेलिरहेको समस्याहरूको समाधानका निम्ति उठाएको खुड्किलाहरूका पृष्ठभूमि र प्रेरणास्रोत हो। वर्तमानका नारीका ऊर्जास्वरूप ती नारी उदाहरणीय बनेकाले तत्कालीन नारीमा पनि नारीवादीहरूसरह नारी अधिकारप्रतिको सचेतता थियो। वैदिक र वर्तमानका नारीका आफ्नो

---

६२ लक्ष्मी मिनु, सन् १९९९, *नारी अवस्थाका सकरात्मक पक्षहरू*, पवन चामलिङ(सम्पा.), **निर्माण**, पूर्ववत्, पृ. ४७।

६३ विजयकुमार सुब्बा, सन् २०१५ *नारीवाद, नारीवादी चिन्तन र लेखन : संक्षिप्त चर्चा*, अर्जुन पीयूष (सम्पा.), **नारी आभा**, पूर्ववत् पृ. ४।

अस्मिताप्रतिको चेतना भने समान देखिन्छन्।वैदिक नारीहरूको अध्ययन गर्दा वर्तमान नारीवादीहरूको प्रेरणाका स्रोतको श्रेय तत्कालीन नारीहरूलाई पनि जाँदछ।

**वेद, महाभारत, रामायण** जस्ता ग्रन्थहरूमा चित्रित नारी चरित्रमा पाइने नारी स्वत्वचेतना, अस्मिताबोध, आत्मसम्मान, स्वतन्त्रता, नारी अधिकार अल्पसङ्ख्यक पाठक, श्रोता र पुराणपारायण गर्ने वाचकहरूमा मात्र सीमित रहेको थियो। तत्कालीन पाठक वा श्रोताहरूको सुझाव, धार्मिक, आध्यात्मिक चिन्तनमूलक भएकाले ती पौराणिक आख्यानमा घटित घटनाहरू नारी चरित्रमा निहित नारी अस्मिता चिन्तन आलोचना, समालोचना, समीक्षामा हेरिएको पाइँदैन। पुरुषोत्तम राम र युगनायक कृष्णका लीलाक्रीडा, युद्धकौशल, शौर्य, ओज, वीरता एवम् युगनायकत्वलाई नेतृत्व दिने काँटका चरित्रनिर्माणमा केन्द्रित रहेका यी ग्रन्थहरूलाई धार्मिक आध्यात्मक, भक्तिभाव  दीर्घकालीन अवधिपछि मात्र समसामयिक अङ्ग्रेजी, नेपाली साहित्यमा पुनः पूर्वीय पौराणिक ग्रन्थमा चित्रित नारी चरित्रको एवम् स्तुतिपरकताका दृष्टिले मात्र हेरिएको छ।फलतः त्यहाँभित्र सहभागी बनेर जति पनि नारी चरित्रहरूले आ-आफ्नो भूमिका वहन गरे ती सबै पुरुष चरित्रका निर्माण र भूमिकालाई विकासित गर्नमा मात्र सीमित राखिएको पाइन्छ। पूर्वीय पौराणिक नारीहरूको सही मूल्य, अस्तित्व, अधिकारप्रति सचेत भएर अनुसन्धान गर्न, तिनीहरूको कर्मको मूल्याङ्कन गरेर उचित न्याय दिलाउन तत्कालीन नारीहरूले वर्तमान आधुनिककालका अध्येताहरूको अध्ययनशील कलम पर्खनुपरेको देखिन्छ। दीर्घकालीन अवधिपछि मात्र समसामयिक अङ्ग्रेजी, नेपाली साहित्यमा पुनः पूर्वीय पौराणिक ग्रन्थमा चित्रित नारी चरित्रको मूल्याङ्कन गरिएको पाइन्छ। यसरी अङ्ग्रेजीमा पूर्वीय पौराणिक नारी स्वत्वप्रति सचेत नारी सीता हुन् भन्ने कुरा मालाश्री लाल र नमीता गोख्लेले गरेका छन्। उनीहरूद्वारा सम्पादित **इन् सर्च अव् सीता** पुस्तकमा सीतालाई  दुर्बल, दयनीय देखाएर अन्याय गरेको आरोप लगाउँदै सीता नारी शक्तिको प्रतीक

हुन् भन्ने कुरा देखाएका छन्।तसर्थ सीतालाई नयाँ दृष्टिकोणले परिभाषित गरिनुपर्ने कुराको उठान गरेका छन्। यस्तै प्रकारले अमीशले आफ्नो पुस्तक **सीता वरियर अफ् मिथिला**-मा पौराणिक पात्र सीतालाई योद्धाको रुपमा देखाएका छन्।

भारतीय संस्कृतिमा 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' अर्थात् जहाँ नारीको पूजा हुनछ त्यहाँ देवता पनि रमाउँछन् भनेर नारीको सम्मान गरिन्छ। नारीरूप दुर्गा, लक्ष्मी, सरस्वती, काली आदिलाई पुज्यनीय देवीहरूको प्रतीक मानिएको छ। अर्कोतिर उही नारीहरूको दयनीय, कमनीय चरित्रको निर्माण गररे हियाएको पनि छ। साहित्यमा नारी विरोधी विभिन्न उखान, तुक्का निर्माण गरेर नारीको उपेक्षा पनि गरिएको पाइन्छ। 'छोरीको जन्म हारेको कर्म', 'नारी दासी', 'खुट्टा भए जुत्ता पाइन्छ', 'मर्दका दशवटी', 'छोरी मरी गालै टरी', 'पोथी बासेको राम्रो हुँदैन ', 'छोरी पराय धन', 'पुरुष पहरा नारी लहरा' जस्ता उखान तुक्का वाग्धाराहरूले नारी अस्मितामाथि हेय दृष्टि राखेको पाइन्छ । भारतीय समाज र संस्कृतिको दुई पाटे दृष्टिकोणले एकातिर नारीको गौरवलाई माथि उचाल्ने काम गरेको छ भने अर्कोतिर हेय दृष्टिकोण रहेको पाइन्छ।

## २.३.५ भारतीय नेपाली साहित्यमा पौराणिक नारी

नेपाली साहित्यका कविता र समालोचनामा सीतालाई नारीवादीको रूपमा चिनाएको पाइन्छ। भारतीय नेपाली साहित्यका नारी लेखकले **रामायण**की सीताको चरित्रद्वारा नारी स्वत्वको खोज र स्वअस्तित्वको लडाईमा आफूलाई होमिदिएको ऐतिहासिक तथ्यलाई आजको सन्दर्भमा ल्याएर पुनर्व्याख्या गररे सीता नारी स्वत्व र अस्मिताप्रति सचेत नारी हुन् भन्ने देखाएका छन्। सीताप्रति गरिएको सतीत्वको परीक्षा कै कारण उनले पितृसत्तात्मक समाजलाई तिरस्कार गरेर नारी स्वत्वको खोजीमा धरती माताको काखमा गएकी हुन् भन्ने

कुरा विभिन्न पाठमा उल्लेख गरिएको छ। पौराणिक ग्रन्थमा चित्रित नारी शक्तिहरूको सही मूल्याङ्कनमा कलम चलाउने नारीवादी लेखकहरूमा शान्तिछेत्री, इन्द्रमणि दर्नाल, सुधा एम राई प्रभृत्ति नारीहरूको अग्रसरता यस दिशामा देखिएको सकारात्मक पहल हो।

**कृष्णा! कृष्णा!!** (सन् २००९) -मा इन्द्रमणि दर्नालले पौराणिक पात्र द्रौपदीलाई नारी अस्तित्वको निम्ति सशक्त बनाएकी छन्। **महाभारत**की द्रौपदी अथवा कृष्णाले नारी स्वत्व र स्वतन्त्रताको निम्ति उठाएको क्रान्तिकारी स्वरलाई इन्द्रमणि दर्नालले **कृष्णा! कृष्णा**!!-मा कृष्णालाई यसरी भन्न लगाएकी छन् "मलाई दाउमा लगाउने अधिकार उनीहरूलाई कसले दियो? के मेरो आफ्नो अस्तित्वको कुनै मूल्य छैन?"[६४] भन्दै पितृसत्तात्मक समाजलाई चुनौति दिएकी छन्। नारी पुरुषको सम्पत्ति नभएर एउटा स्वतन्त्र प्राणी हो भन्ने आवाज कृष्णाले यसरी उठाएकी छ- "कसरी पत्नी पतिको धन हुन्छन् पितामह, कसरी? बुद्धि अनि विवेकयुक्त प्राणी कसैको धन हुँदैन, ऊ त सदा स्वतन्त्र हुन्छ।"[६५]

सुधा एम राईको **भूमिगीत** नारीवादी विचारधारा अभिव्यक्त गरिएको कविता सङ्ग्रह हो। यसमा सङ्कलित *धरतीको पुकार* शीर्षक कवितामा तत्कालीन पितृसत्तात्मक समाजलाई सीताद्वारा गरिएको प्रश्नलाई सुधाले खूबै कलात्मक ढङ्गमा प्रस्तुत गरेकी छन्-

**कहिले अयोध्या**
**वनबास,**
**लङ्का,**
**अयोध्या**
**आखिरीमा आश्रमकै सेरोफेरो**
**अब फेरि शुद्धताकै निम्ति अग्निपरीक्षा?**[६६]

---

६४ इन्द्रमणि दर्नाल, सन् २००९, **कृष्णा! कृष्णा!!** दार्जीलिङ, वसुधा प्रकाशन, पृ. ४६।

६५ इन्द्रमणि दर्नाल, सन्२००९, पूर्ववत्, पृ.४६।

६६ सुधा एम. राई, सन् २०१३, **भूमिगीत,** गान्तोक, जनपक्ष प्रकाशन, पृ. ७।

यहाँ सीताद्वारा गरिएको प्रश्न एउटी नारीको दुर्दयनीय दुरावस्थामा मात्र केन्द्र गरेर गरिएको मान्दा एउटा युगकै इतिहास ओझेल पर्दछ। त्यसैले सीताको हाँकपूर्ण प्रश्न युगको लागि एउटा चुनौति हो। यहाँ सीताले प्रश्न गर्नु भनेको नै आफूप्रति लगाइएको लाञ्छनालाई अस्वीकार गरिएको देखिन्छ। यो सीताको सतीत्वमाथि गरिएको शङ्काको मात्र विरोध होइन तर त्यस युगका नारीप्रति समाजको दुर्व्यवहार, असम्मान र अत्याचारको सबैभन्दा दुर्भाग्यपूर्ण घटनाको वास्तविकता पनि हो। नारी सतीत्वमाथि शङ्का गरिनु, त्यसको समाधानार्थ उल्टो नारी स्वयम्लाई आफ्नो पवित्रता सावित गर्न लाउनुले पुष्टि गर्दछ। यस्तो परीक्षाले नारीको आत्मसम्मान र स्वाभिमानमा ठेस लाग्ने हुनाले यसको विरोध नै नारी स्वत्वको खोजी हो।

नारी अस्तित्व र आत्मसम्मानकी पक्षधर पवित्र लामा त्रेता युगदेखि आजसम्मका नारी नियतिको लेखाजोखा गर्दछिन्। उनको **सभ्यताका पेण्डुलमहरू** (सन् २०१६) कविता सङ्ग्रमा सङ्कलित *म आज फेरि खोजिरहेछु सीतालाई* शीर्षक कविताको निम्नलिखित उदाहरणमा पनि युगतर्फसङ्केत गरेर एउटा प्रश्न उभ्याइएको छ-

**अग्निपरीक्षादेखि निर्वासनसम्म**

**पितृसत्ताको सिंहासनदेखि**

**मातृसत्ताको काखसम्म**[६७]

वर्तमान परिप्रेक्ष्यमा उनको प्रस्तुति सान्दर्भिक रहेको छ।यहाँ पनि स्थापित पितृसत्तात्मक व्यवस्थाका मूल्य मान्यताको भञ्जन गर्दै सीताले नारी स्वत्वको खोजी गरेको देखिन्छ।

पितृसत्तात्मक समाज नारीलाई पुरुषको कठपुतली ठान्दछ र सोहीअनुरूप पुरुषको इच्छानुसार प्रयोग गर्ने गर्छ। उही पात्र द्रौपदीलाई कवितामा पवित्र लामाको 'द्युतदाउ अनि ,

६७ पवित्र लामा, सन् २०१६, **सभ्यताका पेण्डुलमहरू**, मिरिक, भीमा प्रकाशन, पृ. २६।

द्रौपदी' कविताकी द्रौपदीलाई आफ्नै पाण्डवले सम्पत्ति ठानेर दाउमा लगाएकोमा पाण्डवहरूप्रति यसरी विद्रोही बनेकी छे। पवित्र लामाको यो चुनौति युगतर्फ नै सङ्केतित छ-

**भर्त्सना गर्छु घोर उनीहरूका यो कापुरुष कर्मलाई**
**कुल्चन म दिन्नँ कसैगरी मेरो स्वतन्त्र धर्मलाई।**
**हृदयसम्मको अधिकार दिएकी हैन श्वासको,**
**मलाई जित्ने अडान मेरो विश्वासको,**
**हार्ने बुता कसैमा छैन।**[६८]

यसरी पत्नीमाथि अधिकार जमाउने पतिप्रति घोर विरोध गर्ने प्रस्तुत कविताकी मूल पात्र द्रौपदी निख्खुर नारीवादी पात्रको रूपमा चित्रित पाउँछौं। पौरूषत्वको अहङ्कारमा पत्नीलाई आफ्नो सम्पत्ति ठान्ने पुरुष मानसिकताको घोर विरोध र भत्सर्ना गर्दै नारी कसैको निजी वस्तु होइन, नारी स्वतन्त्र जीव हो भन्ने कुरा स्पष्ट गराएर नारीको मानवीयतामाथि कसैको अधिकार सहन गरिएको छैन। नारीलाई सदैव हीनताबोध, कमजोर, भावुक, दयाकी पात्र, पराश्रित हुन बाध्य बनाउने सामाजिक सोच र पुरुष मानसिकतामाथि कवि यसरी प्रश्न गर्छिन्-

**कसले बनाए यी नियमहरू नारीलाई पार्न चेपारोमा**
**विसर्जन गर्ने छैन म आफूलाई नियमका यी तगारोमा**[६९]

यस कथनमा पुरुषपक्षीय नियमलाई द्रौपदीले सोझै नकारेकी छे। उसको अस्वीकृति नै पुरुष वर्चश्वको अन्त र नारी स्वत्वको घोषणा हो। यहाँ पुरुष र नारीलाई समान रुपमा न्याय दिने

६८ पवित्र लामा, सन् २०१६, पूर्ववत्, पृ. ४४।
६९ पूर्ववत्, पृ. ४४।

नयाँ नियम निर्माणको आवश्यकता बोधभन्दा अगाडि नारी जातिका अस्तित्वको कदर हुनुपर्छ, त्यसपछि मात्र समानताको कुरा उठाउनुपर्छ भन्ने सङ्केत बुझिन्छ।

यसप्रकार **महाभारत** र **रामायण**का नारीहरूले खोजेको नारी अधिकारको प्रभाव नेपाली साहित्यमा परेको पाइन्छ। पौराणिक पात्रका स्वरलाई आफ्नो रचनाको विषय बनाउने प्रमुख नेपाली साहित्यकारहरू शान्ति छेत्री, इन्द्रमणि दर्लान, सुधा एम. राई, पवित्र लामा आदिका लेखनमा एउटै स्वर गुञ्जिएको पाइन्छ। सुधा एम, राई र पवित्र लामाका पौराणिक नारी पात्र सीता अनि इन्द्रमणि दर्नालकी नारी पात्र दौपदीले नारी अस्तित्वको निम्ति उच्च स्वर उठाएका छन् भने शान्ति छेत्रीले उल्लेख गरेकी सीता भने मौन भएर नारी स्वत्वको खोजीमा देखिन्छन्।

## २.४ नारीवादका प्रकार

नारीवादले नारीका हक, हित, अधिकार र अस्तित्वमूल्यका पक्षका वकालत गर्दछ र नारी र पुरुषमाझ समानता हुनुपर्छ भन्ने कुरामा विशेष जोड दिन्छ। समाजमा नारीहरू अन्याय र अत्याचारको सिकार बन्न पुगेको कारक तत्त्वको खोजी गरी यस्ता विभेदलाई समाप्त गर्न वैकल्पिक समाधान खोज्ने क्रममा सूक्ष्म अध्ययन गर्दा नारीवादीहरूले नारी विभिन्न पक्षमा शोषित भएको कुराहरू उठाएका छन्। यी विभिन्न क्षेत्रलाई एउटा सिङ्गो नारीवादले मात्र समेट्न नसकेको हुनाले नारीवादका धेरै प्रकारहरू जन्मिएको हो। नारीवादका विभिन्न प्रकारहरूमध्ये प्रमुख रूपमा निम्नलिखित प्रकारमा वर्गीकरण गरेर अध्ययन गरिन्छ-

उदार नारीवाद, मार्क्सवादी नारीवाद, फ्रान्सेली नारीवाद, उग्र नारीवाद, समाजवादी नारीवाद, अश्वेत नारीवाद, नारीसमलिङ्गवाद, पर्यावरणीय नारीवाद। तेस्रो नारीवादी

धाराअन्तर्गत पोस्ट फेमिनिज्म, लिपस्टिक नारीवाद, गर्ली कल्चर (फेमिनिज्म), स्टिलेट्टो फेमिनिज्म, इन्डिभिड्युअल नारीवाद, ट्रान्सफेमिनिज्म, साइबरफेमिनिज्म, पावरफेमिनिज्म आदि रहेका छन्।

नारीवादका एउटा सिद्धान्तअन्तर्गत नारीवादको विभिन्न प्रकारका उदय हुनु भनेको नारीवादले नारी र पुरुषबिच समानता हुनुपर्छ भन्ने कुराको अध्ययनमा नारी शोषण एकै किसिमका नभएर विभिन्न प्रकारका छन् भन्ने कुराको पुष्टि गरेको छ। नारीवादका प्रत्येक प्रकारले नारीले भोगी रहेका निर्दिष्ट समस्यालाई समेटेर यसमा समानता हुनु आवश्यक रहेको देखाएको छ। तथापि नारीवादका यी विभिन्न प्रकारमध्ये कुनै एउटा सिद्धान्तले नारीले झेल्नु परिरहेका विभिन्न समस्यालाई समेट्नु नसकेका अर्थ नै विश्वभरि नै पुरुषभन्दा नारी अनेकौं कोणबाट हेपिएका छन् भन्ने देखिन्छ। पुरुषप्रधान सामाजिक व्यवस्थामा युगौंदेखि नारी एउटै प्रकारको अत्याचारमा पिसिएका भए अवश्य नै नारीवादका विभिन्न भेद उपभेदहरूको जन्म हुने नै थिएन भन्ने कुरा नारीवादका विभिन्न प्रकारका मान्यताले स्वत: बुझाउँछ। यी कुराको स्पष्टीकरणका निम्ति नारीवादका प्रत्येक प्रकारले नारी र पुरुषमाझ कुन-कुन क्षेत्रमा असमानता भएको छ? असमानताका कारकतत्त्व के के हुन्? यस्ता असमानताको अन्त गर्ने विकल्प के हुनसक्छ ? आदि कुरा पत्तो लाउन र बुझ्न नारीवादका भेद-उपभेदलाई बुझ्न आवश्यक देखिन्छ।

## २.४.१ उदार नारीवाद

उदार नारीवादले "नारी र पुरुषका बिचमा समानता, स्वतन्त्रता, समान अवसर, समान सहभागिता, समान ज्याला, बराबरी निर्णय लिने अधिकार, आर्थिक तथा सामाजिक रूपमा

सशक्त हुने अधिकार समान हुनुपर्ने कुरालाई अगाडि सारेको पाइन्छ।"[७०] लिङ्गको आधारमा नारी र पुरुषमाझ कार्य क्षेत्रको विभाजन हुनाले समाजमा नारी र पुरुषमा भिन्नता भएको हो भन्ने तर्क उदार नारीवादले अघि सारेको छ। नारी घरेलु कार्यमा बाँधिनु र पुरुष घरदेखि बाहिरको कार्यमा सङ्लग्न हुने व्यवस्थाले नै नारीको चिन्हारी हराउँदै गएको हो र समाजमा पुरुषको वर्चस्व बढ्दै गएको हो। घरेलु कार्यमा विभिन्न कार्य परे तापनि नारीले गरेका कार्यको कुनै ज्याला नपाउनाले यिनका कार्यलाई अवमूल्यन गर्दै नारीलाई पुरुषभन्दा तल्लो स्तरमा राखिएको हो भने पुरुष विशेष गरेर सामाजिक क्रियाकलापमा सङ्लग्न हुनाले समाजमा उनीहरूको पहिचान, इज्जत, मान मर्यादा, शक्ति, स्वतन्त्रता, वर्चस्वको विकास भएको हो। घरेलु कार्य नारीका सामाजिक व्यक्तित्व विकासको बाधक तत्त्व हो भन्ने मान्यता उदार नारीवादको रहेको पाइन्छ।

पितृसत्तात्मक सामाजिक व्यवस्थाले नारीलाई घरायसी र पारिवारिक कार्यमा सीमित राखेको छ। यसरी नारी र पुरुषमा यसप्रकारको कार्य विभाजन भएको हुनाले नारी र पुरुषमा असमानता भएको हो भन्ने कुरा उदार नारीवादले उठाएको हो। लिङ्गलाई आधार गरेर विभाजन गरिएका कार्यक्षेत्रका घेरालाई भत्काएर पारिवारिक उत्तरदायित्वमा मात्र नारीलाई सीमित नगराएर पुरुषले पनि घरेलु कार्यमा सहभागी बनी सहयोग गरे नारीले पनि सामाजिक उत्तरदायित्व उठाउने मौका पाउने निश्चित छ। सामाजिक क्रियाकलापमा नारी सङ्लग्न हुने अवसर पाए पछि मात्र नारी पुरुष माझ रहेको असमानताको अन्त हुन सम्भव छ भन्ने कुरामा उदार नारीवादले जोड दिएको छ। "महिलालाई सार्वजनिक संसारमा प्रवेश गर्न नदिने बाधा भनेको परिवार र गृहस्थी नै हो। यसैले उदार नारीवादले सार्वजनिक क्षेत्रमा आफ्नो

---

७० भोजेन्द्र, अर्याल, सन् २००२, **लैङ्गिक अध्ययन**, काठमाडौं, समाजशास्त्र प्रकाशन, पृ. ७५।

मुख्य ध्यान केन्द्रित गर्दै सार्वजनिक बजारमा प्रतिस्पर्धा गर्ने व्यक्तिगत अधिकार प्राप्तिका लागि कानुनी, राजनीतिक एवम् संस्थागत सङ्घर्ष गर्दछ।"[७१] युगौंदेखि वर्तमानसम्म पितृप्रधान समाजले कोरिदिएको कार्यक्षेत्रको रेखाबाट प्राय: नारी मुक्त हुन सकिरहेका छैनन्। नारीप्रति समाजले जुन कार्यको अपेक्षा गरेको हुन्छ त्यस कार्यलाई सामान्य ठानिन्छ र कुनै मूल्य नै दिइदैन, त्यसर्थ समाजमा उनीहरूको स्थान पनि पुरुषको तुलनामा दोस्रो दर्जामा नै गनिएको छ। दैनिक जीवनको कार्य विभाजनमा यदि नारीबाट गरिने कार्यलाई पुरुषको कार्यभन्दा हेय दृष्टिले हेरिन्छ भने प्रत्येक कार्य नारी र पुरुषमा बराबरी हुनुपर्छ, लिङ्गलाई आधार गरेर कुनै कार्य क्षेत्रका विभाजन हुनु हुँदैन भन्ने कुरामा उदार नारीवादीहरूको स्वर उठेको पाइन्छ।

पारिवारिक र गृहस्थी कार्य नै नारीको व्यक्तित्व विकासको निम्ति बोझ हो, यस कार्यमा नारी र पुरुष दुवै समान रूपमा उत्तरदायी भए नारी पुरुष समान हुन्छन् भन्ने कुरा उदार नारीवादीहरूले अघि सारेका छन्। "समाजमा श्रमसमेतमा नारी पुरुषमा भेद रहेको छ, नारी र पुरुषमा समान अवसर, सुविधा भए नारी प्रत्येक क्षेत्रमा पुरुष बराबर हुन सक्षम छन्। पितृसत्तात्मक सामाजिक संरचनालाई परिवर्तन गर्न स्वेच्छाले गर्भपात गर्न पाउनु पर्छ भन्ने उदार नारीवादीहरूको एउटा क्रान्तिकारी मुद्दा रहेको पाइन्छ।"[७२] वास्तवमा नारी पुरुषभन्दा भिन्न, दुर्बल, कमजोर छैनन् तर उनीहरूलाई सामाजिक अवसरहरूबाट वञ्चित गराउनका एउटै आधार हो लिङ्ग, जसले गर्दा नारीहरू पुरुषका तुलनामा कमजोर कहलाइएका मात्र हुन् भन्ने कुरामा उदार नारीवादीहरू विश्वास गर्दछन्। नारीको व्यक्तिगत स्वतन्त्रता हुनुपर्छ, नारीले आफ्नो व्यक्तित्वको विकासमा स्वनिर्णय लिनु पाउनु पर्छ र

---

७१ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ७४।

७२ जैनेन्द्र यादव, सन् २०११, **नारी सशक्तिकरण दशा एवम् दिशा**, दिल्ली, ट्राइडेन्ट पब्लिशर्स पृ. ३१।

त्यसमा कसैको हस्तक्षेप हुनु हुँदैन। वर्तमान समाजिक व्यवस्था पितृसत्तात्मक छ, त्यसैले यस्ता सामाजिक संरचना, व्यवस्थाको परिवर्तन गर्नु आवश्यक छ भन्ने कुरा अघि सार्दछन्। प्रत्येक क्षेत्रमा समान कार्यभार हुनुपर्ने, सन्तानोत्पादन सम्बन्धी निर्णय गर्ने अधिकार नारीको पनि हुनुपर्ने, स्थापित राजनीतिक र कानुनी व्यवस्थामा सुधार हुनुपर्ने जस्ता विषयहरू उदार नारीवादका आवाज हुन्। "उदार नारीवादीहरू सार्वभौमिक मानिएको मानवता पनि महिलालाई सामाजिक सहभागिता, सार्वजनिक जीवन र शिक्षाप्रदान गर्ने कुरा अस्वीकार गरेकाले साँच्चैको सार्वभौम हुन सकेको छैन भन्छन्। 'समानता' र 'स्वतन्त्रता' भन्दा बाहिर पर्छन् उनीहरू असभ्य मानिन्छन्, प्रकृतिका नजिक हुन्छन् र जनावर जस्तै मानिन्छन्, उनीहरू साँच्चिकैको मानव नभएकै कारणले अधिकार र स्वतन्त्रता पाउन योग्य हुँदैनन्। उनीहरू अर्थात् 'अरू' लाई नियन्त्रण गर्नुपर्छ र निजी पारिवारिक घेराभित्र कैद गरिनु पर्छ जसलाई वैधानिक ढङ्गले महिला र उपनिवेशित पुरुष भन्ने गरिन्छ। अर्थात् सरकारकै भाषामा यसरी महिलालाई अधिकार र स्वतन्त्रताबाट वञ्चित गरिन्थे।"[७३] नारी पुरुषभन्दा असक्षम, अयोग्य हुन्छन् भन्ने धारणाको विरोध उदार नारीवादले गर्दछ। युगौंदेखि नारीप्रति समाजको जुन धारणा बाँचेर आएको छ त्यो गलत छ भन्ने ठान्दछन्। व्यक्तिगत अधिकार र स्वतन्त्रतालाई प्रमुख मान्दै सार्वजनिक तहबाट नारीलाई वञ्चित गराउनमा विशेष पुरुषप्रधान सामाजिक व्यवस्था जिम्मेवारी रहेको देखाएका छन्।

उदार नारीवादलाई अघि बढाउनमा विशेष रूपले मेरी उल्स्टोनक्राफ्ट, फ्रान्सिस राइट्, साहरा ग्रिम्की, एलिजावेथ केडी स्टन्टन, सुसन बी. एन्थोनी, हेरिट टेलर, जोन् स्टुवट मिल जस्ता नारीवादीहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। यी नारीवादीहरूको विचारमा समाजमा कुनै पनि व्यक्तिको स्थान, दर्जा निर्धारण गर्नुमा कुनै पनि संस्था वा परम्पराभन्दा

७३ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ७५।

प्रत्येक व्यक्तिको विवेक, बौद्धिक क्षमता धेरै विश्वसनीय हुन्छ। अझ उनीहरू भन्छन्- "नारी र पुरुषलाई शारीरिक बनावटका दृष्टिले नहेरेर केवल व्यक्तिलाई मात्र हेर्दा आत्म र बुद्धिले समान हुन्छन्।" समाज सुधार र परिवर्तनको निम्ति नारीमा आलोचनात्मक दृष्टि, विचारको विकास धेरै प्रभावकारी बन्दछ, आलोचनात्मक विचारको विकास गर्न शिक्षा मात्र एउटा दरिलो हतियार हो त्यसैले उनीहरू नारीहरूमा शैक्षिक जागरण हुनुपर्ने कुरामा विशेष जोड दिन्छन्।[७४] मेरी उल्स्टोन्क्राफ्टले नारीको उत्थानका प्रमुख आधार शिक्षालाई दिएकी छन्। शिक्षाले नारीलाई आफ्नो इच्छालाई त्यागेर कसरी आफूले दासवत् जीवन बिताइरहेका छौं भन्ने दयनीय अवस्थाबारे सचेत गराउँदछ भने शिक्षाले नै नारीलाई आफ्नो सोच्ने क्षमता सँगसँगै आत्मबल बढाउँदछ भन्ने उनको मत रहेको पाइन्छ। उनले प्रत्येक नारीहरूमा व्यक्तित्वको विकास एवम् प्रगति हुनुपर्छ त्ससले मात्र नारी पुरुषदेखि स्वतन्त्र हुन सक्छन्, आफ्नो वास्तविक जीवनबारे बुझ्न सक्छन्, आत्मनिर्णय लिन सक्छन् अनि सामाजिक बन्धनबाट मुक्त भएर पुरुषसमान जीवन बिताउन सक्षम हुनसक्छन् भन्ने सम्भावना देखाएकी छन्।

उदार नारीवादको प्रमुख पक्षधर सिमोन दि बुआ हुन्। उनको **दि सेकेन्ड सेक्स** महत्त्वपूर्ण कृति हो। उनले समाजमा पुरुष पहिलो दर्जामा र नारी कसरी दोस्रो दर्जामा गनिन थालिएको हो भन्ने कुरालाई विस्तृत रूपमा देखाएकी छन्। नारीहरू जन्मदेखि नारी हुँदैनन् तर बनाइन्छन् भन्ने बुआको भनाइले जन्मजात नारी नारी हुन्न तर सामाजिक सास्कृतिक खाँकाभित्र उसलाई हालेर नारी बनाइन्छ भन्ने हो। एउटी बालिका बढ्दै जाँदा उसलाई पुरुषको भन्दा भिन्न चालचलन सिकाइन्छ र उसलाई नारी बनाइन्छ। नारीको बाल्यावस्था,

---

७४ जोस्पाइन डेनोभान (सम्पा.), सन् २०१२, पूर्ववत्, पृ. ७।

यौवनावस्था, वृद्धावस्था र वैवाहिक जीवन आदिमा उसलाई पुरुषप्रधान सामाजिक संरचनाका आधारमा संस्कारगत रूपमा तालिम दिइन्छ र उसलाई मनोवैज्ञानिक रूपमा पुरुषभन्दा कमजोर, निकृष्ट, निम्न दर्जाको बनाइन्छ भन्ने सत्यको उद्घाटन बुआले गरेकी छन्। अर्थात् नारीको जन्म हुँदा ऊ केवल एउटी बालिका मात्र हुन्छे तर उसलाई पितृप्रधान सामाजिक व्यवस्थाले एउटी नारी बनाइदिन्छ। बाल्यावस्थादेखि नै उनीहरू पुरुषभन्दा निम्न, हेय, पुरुषको सहयोगी मात्र हो भन्ने मानसिकताको बीजारोपण गराइएको हुन्छ र सामाजिक मानसिकता पनि पूर्वाग्रहग्रसित बनिसकेको हुन्छ भन्ने कुरा देखाएकी छन्। यसरी नारीको व्यक्तिगत विकासमा व्यवधान खडा गर्ने केवल पितृसत्ता हो, यसलाई भत्काउन नारी स्वयम् सक्षम बन्न आवश्यक छ भन्ने उनको विचार रहेको पाइन्छ।

उदार नारीवाद लिङ्गभेद विरोधी धारणामा विश्वास राख्तछ र हरेक क्षेत्रमा नारी पुरुष दुवैको बराबरी सहभागिता र भूमिका हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ। यसले समाजको विभिन्न व्यवसाय, पेसा, संस्था, सामाजिक क्रियाकलापमा नारी पुरुष दुवैको समविकासको अपेक्षा गर्दछ।पारिवारिक उत्तरदायित्वदेखि लिएर सामाजिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा समानता हुनुपर्छ भन्ने कुरामा जोड दिदँछ। नारीले आफ्नो आत्मबल, कार्यक्षमताको विकास गरेर स्वनिर्णय गर्न सक्नुपर्छ भन्ने उदार नारीवादीहरूको मूल स्वर रहेको पाइन्छ। उदार नारीवादी समूहका एकजना सशक्त नारीवादी बेट्टी फ्राइडन आफ्नो पुस्तक **दि फेमिनीन् मिस्टिक**-मा *दि प्रोब्लम् ड्याट ह्यास नो नेम्* शीर्षक लेखमा भन्छिन्-"दार्शनिकहरूले युगौंदेखि नारीलाई स्वास्नी र आमाको रूपमा मात्र व्याख्या गर्दै आएका छन्। उनीहरूलाई सदैव आफ्नो पति र बालबच्चाहरूको हेरचाहमा सङ्लग्न गराएको छ। त्यसैले मानव समाजमा लोग्नेमान्छेभन्दा स्वास्नीमान्छे माथि भिन्न धारणा रहेको छ। नारी स्वयम् पनि आफू नारी हूँ भन्ने सोच राख्न बाध्य भएरै मेरो कार्यक्षेत्र घरभित्र मात्र हो भन्ने स्वीकारोक्तिले ग्रसित

छन्। त्यसैले उनीहरूले उच्च शिक्षा हासिल गर्न, घरदेखि बाहिरको पेसा अपनाउन, स्वतन्त्र र कुनै राजनैतिक अधिकार हासिल गर्नतिर रुचि राख्दैनन्।"[७५] तर १९६० को दशकतिर अमेरीकाका नारीमा आफ्नो अस्तित्वप्रति सचेतता आउन थालेपछि समाज र घरमा आफ्नो उपस्थिति र अस्तित्वको चर्चा सामुहिक रूपमा उठाउन थालेको पाइन्छ। नारी जीवनमा विभिन्न समस्याह छन् तर तिनको कुनै नाम नभएकाले बेट्टी फ्राइडनले नारीले भोगीरहेका समस्याको जड् पितृसत्ता हो, जसले नारीलाई भिन्न लिङ्ग हुनाको कारणले मात्र उनीहरूको कार्यक्षेत्र घरभित्र सीमित पारेका छन् भन्ने देखाएकी छन्। त्यसैले समाजमा पुरुषको प्रधानता छ। लिङ्गकै कारणले पुरुषभन्दा नारी निम्न स्तरमा गनिएका हुन् भन्ने कुरा देखाउदै यस प्रकारको विभेद हटाउन आवश्यक रहेको कुरा अघि सारेकी छन्। यसरी नारी पुरुषमाझ समानता ल्याउनका निम्ति *ए न्यू लाइफ प्लान फर उमन्*-मा उनले युवा नारीले आफूलाई एउटी आमा र पत्नीभन्दा पनि पहिले मानव हूँ भन्ने कुरा बुझ्नु आवश्यक छ भनेकी छन्। आफ्नो क्षमता र योग्यताअनुसार स्वयम् नारी आफ्नो जीवन र कार्यक्षेत्रबारे योजना बनाउन सक्षम छन्। नारीमा पुरुषसमान हरेक कार्य गर्ने क्षमता छ तर नारीको योग्यता, दक्षता र क्षमतामा बाधा व्यवधान उत्पन्न गरेर नारी अधिकार हनन गर्ने एउटै मात्र तत्त्व पुलिङश्रेष्ठतावादी सामाजिक मानसिकता र व्यवस्था हो भन्ने कुराको उठान गरेकी छन्। यसको अन्त भए अवश्यै नारी र पुरुषमा समानता हुनेछ भन्ने तर्क बेट्टी फ्राइडनको रहेको छ। यसरी नै सहारा ग्रिम्कीले नारीपुरुष दुवै नैतिक र बौद्धिक रूपमा समान छन्। लिङ्गलाई आधार मानेर मात्र पुरुष उत्कृष्ट र नारी निकृष्ट हुन्छन् भन्ने धारणा गलत हो भन्ने कुरा अघि सारेकी छन्।

---

७५ बेट्टी फ्राइडन ,सन् १९६३, पूर्ववत्, पृ. १५-१६।

## २.४.२ मार्क्सवादी नारीवाद

नारीको भिन्न समस्यालाई आफ्नो मुद्दा बनाएर अघि बढेको एउटा सशक्त सिद्धान्त मार्क्सवादी नारीवाद हो। मार्क्सवादी नारीवादले सामाजिक नारीदमनका पक्षलाई विशेष रूपमा व्याख्या गरेको पाइए तापनि यसले आर्थिक शोषणको सन्दर्भलाई पनि उठाएको छ। परम्परावादी मान्यता पोषक समाज लैङ्गिक आधारमा श्रम विभाजन गर्दछ। केवल पुरुषभन्दा भिन्न लिङ्ग भएका कारण नारीलाई घरेलु कार्यको सम्पूर्ण उत्तरदायित्व उठाउन परेको प्रसङ्गलाई मार्क्सवादी नारीवादले चर्चाको विषय बनाएको छ। पितृसत्तात्मक सामाजिक व्यवस्थाका कारणले नारी सामाजिक एवम् आर्थिक शोषण, दमनको सिकार बनेका हुन्। भान्छाघरका सम्पूर्ण जिम्मेवारी, सन्तानोत्पति, बालबच्चाको लालनपालन, परिवारका प्रत्येक सदस्यहरूको सेवा सुसार, घरको सर सफाइ आदि दैनन्दिन व्यावहारिक कार्यहरू नारीले गर्नुपर्ने हुनाले यस किसिमको कार्यलाई पुरुषप्रधान समाजले कुनै पारिश्रमिक, मूल्य र स्थान केही दिएको पाइँदैन। यी कार्यलाई सामान्य ठान्दै यस्ता कार्यलाई अनुत्पादक कार्य मानेका छन्। यसरी नारी आर्थिक रूपले पङ्गु बनाइएकाले हरेक क्षेत्रमा ठगिएका छन् र आर्थिक रूपले परनिर्भर रहेका छन्।पारिवारिक अथवा घरेलु कार्य अनुत्पादक ठानिएको हुनाले नै लिङ्गको आधारमा श्रम विभाजन गरिएको हो भन्ने तर्क मार्क्सवादी नारीवादको रहेको छ। तसर्थ घरेलु कार्यको पनि उत्तिकै मूल्य हुनुपर्छ र यस्ता कार्यमा नारी र पुरुष दुवैको सहभागिता बराबर हुनु पर्दछ। घर परिवारभित्र मात्र होइन घरबाहिर पनि उत्तिकै उत्तरदायित्व हुन अत्यावश्यक छ भन्ने कुरा मार्क्सवादी नारीवादले उठाएको छ। "मार्क्सवादी नारीवादले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सन्दर्भलाई व्याख्या गर्न वर्ग विश्लेषणको आधार ग्रहण गरेको छ। त्यसमा पनि विशेषगरी लैङ्गिक श्रम विभाजनअन्तर्गत परिवार र महिलाको घरेलु श्रमको जिम्मेवारीको ऐतिहासिक अन्वेषण गर्ने

क्रममा मार्क्सवादको सहारा लिइएको छ। मार्क्सवादले सर्वप्रथम लिङ्ग र अर्थका बिचको जटिलतालाई फुकाउने काम गरेको छ तापनि यसले महिलाको श्रमको इतिहासलाई भने अगाडि ल्याएको छैन भन्ने शिला रुथ बोथामको आरोप छ। बोथाम अनुसार महिलामाथिको कामको दोहोरो शोषण (घर बाहिर र भित्र दुवैतिर काम गर्नुपर्ने महिलाको बाध्यता) का बारेमा मार्क्सवाद मौन रहेको छ।"[७६] मार्क्सवादले उठाएको आर्थिक शोषण, वर्ग विभेदको प्रसङ्गमा नारीमाथिको श्रम शोषणको सन्दर्भको कुनै ठोस मुद्दा आएको पाइँदैन।

नारीहरू एकातिर पितृसत्तात्मक सामाजिक व्यवस्थाले बनाएका श्रम विभाजनअन्तर्गतका घरेलु कार्यमा बाँधिएका छन् भने अझ उनीहरू गृहस्थी सँगसँगै बाहिरका काममा पनि उत्तिकै सङ्लग्न हुन बाध्य छन्। यसरी नारीमाथि दोहोरो काम र उत्तरदायित्व थोपरिएको छ। घरेलु कार्यलाई मूल्यहीन ठानिदैं आएका हुनाले नारीले गरेको कार्यलाई कुनै महत्त्व नदिइएको, दोहोरो कार्यको भूमिका निर्वाह गर्नुपर्ने बाध्यताको अन्त गर्ने मार्क्सवादी नारीवादको मूल मुद्दा रहेको पाइन्छ।

नारीले घरायसी जिम्मेवारी उठाएको कारणले पुरुष स्वतन्त्र भएर सामाजिक, आर्थिक क्रियाकलापमा सङ्लग्न हुन सफल भएका हुन्।तसर्थ यसको श्रेय नारीले पाउनको साटो अझ उनीहरूको कार्यलाई अनुत्पादक ठान्नुको तात्पर्य पुलिङ्श्रेष्ठतावादी मानसिकताले नारीलाई आफूभन्दा निम्न देखाउन खोजिएको हो भन्ने कुरा स्पष्ट हुँदछ। यसरी मानव समाजमा मानवीय मूल्यलाई समान मान्यता नदिएर, जो आर्थिक रूपले सबल छन्, जसका आयस्रोत स्थायी छ, जसलाई स्वतन्त्र भएर घरबाहिर गएर श्रम गर्ने छुट छ र श्रमको ज्याला नारीका तुलनामा दोब्बर छ, उसैलाई समाजमा सक्षम, सशक्त, बलवान् ठानिन्छ।

---

७६ सुधा त्रिपठी, सन् २०१२. पूर्ववत्, पृ. ८४।

तर पुरुषका तुलनामा नारी पारिवारिक बन्धन र बालबच्चा हुर्काउने बढाउने काममा निरन्तर लागिपर्नु पर्ने हुनाले आर्थिक रूपले निर्बल छन्। यसैका आधारमा एउटै मानवीय मूल्य भएर पनि आयस्रोतका तराजूमा तौलिने मनोवृत्तिले पुरुषलाई उच्चदर्जामा र नारीलाई तल्लोदर्जामा दर्ता गरिएको पाइन्छ। यसरी नारी र पुरुषमाझ विषमताको सृजना पितृसत्तात्मक समाजले गरेको हो भन्ने कुरा देखाउँदै यस्तो असमानताको अन्त गर्न मार्क्सवादी नारीवादले मार्क्सवादको सहारा लिएको छ।

फेडरिक एन्गेल्सको **परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति-** मा “सुरुमा मानवजातिमा यौन- स्वच्छन्दता कायम थियो ... यस स्वच्छन्दताले गर्दा पिता को हो भन्ने कुरा निश्चित रूपमा ठम्याउनु असम्भव थियो, तसर्थ माताको नामबाट मातृसत्ताअनुसार मात्रै वंशावली बनाउन सकिन्थ्यो र सुरुमा सबै प्राचीन जनजातिमा यही प्रथा प्रचलित थियो”[७७] भन्ने कुराको उल्लेख पाइन्छ। यसरी मानवसभ्यताको विकासले तीव्र रूप लिन अघि समाज मातृसत्तात्मक थियो भन्ने कुरा बुझिन्छ। सिकारी युगदेखि विवाह प्रथामा परिवर्तन, परिवारको सुरुवात्, परिवारमा श्रम-विभाजनअनुसार नारी पुरुषका बिचमा भेद आहार खोज्ने काममा पुरुषलाई खटाइयो र नारी घरभित्रको काममा खटाइयो। फलतः पुरुषको स्वामित्व घरबाहिर र नारीको स्वामित्व घरभित्र रहन थाल्यो। सम्पत्ति वृद्धि हुँदै गएपछि परिवारमा नारीको भन्दा पुरुषको अवस्था र स्थिति बढी प्रभावशाली रहन थाल्यो। आफ्नो यस सुदृढ स्थितिको प्रयोग गर्दै परम्परागत उत्तराधिकारी प्रथालाई आफ्ना छोराछोरीको पक्षमा मोड्ने प्रवृत्ति पुरुषमा बढ्न थाल्यो। पिताको तर्फबाट वंशानुक्रम निर्धारण गर्ने र पितृवंशानुक्रमअनुसार सम्पत्तिको उत्तराधिकार प्रदान गर्ने चलनचल्तीमा आयो।

---

७७ फेडरिक एन्गेल्स, सन् १९९९, **परिवार, निजी स्वमित्व र राज्यको उत्पत्ति**, काठमाडौं, प्रगति प्रकाशन, पृ. १३।

यसप्रकार मातृसत्ताको शक्ति लोप हुँदै गयो र पुरुष सर्वत्र आफ्नो स्वामित्व र प्रभुता लिएर अघि आयो। मातृसत्ताको पतन हुनु नै विश्व ऐतिहासिक स्तरमा नारी जातिको पराजय हुनु थियो। पतिले घरमा पनि शासनको सत्ता आफ्नो हातमा लिएर हैकम चलाउन थालेपछि पत्नी स्वतः अधिकारच्यूत भई। दासीका रूपमा पतिको वासनापूर्ति गर्ने र सन्तान उत्पत्ति गर्ने साधन तथा सामान्य यन्त्रमा परिणत भएको थाहा पाइन्छ।

प्राचीनकालमा मानव समाज पहिलो चरणमा मातृसत्तात्मक थियो तर मानवसभ्यताको विकास हुन थालेदेखिनै श्रम विभाजन भएर घरेलु कार्य नारीले बेहोर्नु पर्ने बाध्यता रहेको पाइन्छ।घरभित्र बाँधिएपछि नारीबन्धन परेको र पुरुषको स्वामित्व सुरु भएको देखिन्छ। फलतः नारी शोषण सुरु भएको देखिन्छ जो अवैज्ञानिक र त्रुटिपूर्ण देखिन्छ। यसरी व्यक्तिको बौद्धिक अथवा शारीरिक क्षमताका आधारमा श्रम विभाजन नगरेर लिङ्गको आधारमा गरिएको देखिन्छ। यसरी पुरुषप्रधान समाजले सिकारी युगदेखिनै नारीमाथि शोषण गर्दै आईरहेको छ भन्ने कुरा स्पष्ट हुँदछ।परिवार र औद्योगिक क्षेत्रमा नारीको अवस्था पुरुषसमान नरहेको यथार्थ सर्वविदित छ। उनीहरूको कार्यभन्दा पुरुषको कार्य उच्च ठानिँदै आएको छ। घरायसी तहमा नारीलाई पुरुषको यौन सहयोगीको रूपमा लिइन्छ भने औद्योगिक तहमा विज्ञापनको वस्तु र यौन प्रतीकका रूपमा लिइएको पाइन्छ। त्यसैले भन्न सकिन्छ नारी शोषणको मूल कारक आर्थिक कारण हो। त्यसैले निजी सम्पत्तिको अन्त गरी नारी र पुरुषमा समानता हुनुपर्छ भन्ने कुरामा मार्क्सवादी नारीवादले विशेष जोड दिएको छ। पुँजीवादी पुरुषप्रभुत्व कोल्टे सामाजिक संरचना र स्वार्थी पितृसत्तात्मक मानसिकता, भेदपूर्ण व्यवस्थाको विरूद्ध मार्क्सवादी नारीवाद खडा भएको पाइन्छ।

“लिङ्ग भनेको मनोवैज्ञानिक अवधारणा हो जो सांस्कृतिक तवरले प्राप्त यौनको पहिचान देखाउँछ। यसैले नरलिङ्गले पुरुष बहादुर हुने र स्त्री योनिले नारी कमजोर हुने

होइन, परिवेशले नर कमजोर भएर नारी बहादुर पनि हुन सक्दछन्। मार्क्सवादी नारीवादी अनुसार आर्थिक उत्पादनमा स्त्रीको जुन भूमिका छ त्यसैले नै समाजमा नारी पुरुषको भिन्नता ल्याउँछ।"[७८] यसरी नारीमा निर्बलता, कमजोरी, असक्षम आदि नारीका प्राकृतिक गुण नभएर पितृसत्तात्मक समाजले थोपर्दै आएका रूढि हुन्। नारीवादीहरूले यसको विरोध गर्दै आएका छन्। पितृसत्तात्मक समाजमा पुँजीवादीहरूले नारीलाई सम्पत्तिको रूपमा, पुरुषको खेलौनाको रूपमा प्रयोग गर्दै आएका छन्। कतिपय मार्क्सवादी नारीवादीका अनुसार नारी परिवार धान्नु, गृहस्थी सञ्चालन गर्नु र घरेलु कार्यमा निशू:ल्क कार्य गर्न बाध्य छन्। नारीहरू प्राय: मानसिक र शारीरिक रूपमा व्यक्तिगत उपलब्धि र विकासका निम्ति व्यस्त नभएर उनीहरू आफ्नो बाल बच्चा र पतिको स्यहारमा सङ्लग्न भएका हुन्छन्। यौन सम्बन्ध र नानी जन्माउने विषयमा समेत नारीको स्वनिर्णय हुँदैन। यसमा पुरुषले नै नियन्त्रण गरेका छन् भन्ने तर्कको उठान मार्क्सवादी नारीवादले गरेको छ।

## २.४.३ उग्र नारीवाद

नारीवादको एउटा प्रमुख प्रकार उग्र नारीवाद पनि हो। उग्र नारीवादले पुरुषद्वारा शोषित एवम् दमित नारीलाई पुरुषसमान समाज निर्माणार्थ पितृसत्तात्मक सामाजिक व्यवस्थाको अन्त गरे मात्र सम्भव छ भन्ने अवधारणा अघि सारेको छ। पितृसत्तात्मक समाजले सदैव नारी दमनमा पुरुषलाई उत्प्रेरित गर्न ऊर्जा प्रदान गर्छ। त्यसर्थ नारीमाथि हुने शोषणको निम्ति पुरुषप्रधान समाज सम्पूर्ण रूपमा उत्तरदायी रहेको यसले ठहर गर्दछ। पितृसत्ताका कारण नै समाजका प्रत्येक एकाइमा नारी दमन विद्यमान छ। नारी शोषण अन्तको निम्ति पितृसत्ताको अन्त हुनुपर्ने कुरामा उग्र नारीवादीहरू विश्वस्त छन्। त्यसर्थ पितसत्तात्मक सामाजिक

---

७८ कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४२८।

व्यवस्था र मानसिकताको बीजलाई नै नष्ट गर्नुपर्ने आह्वान उग्र नारीवादले गर्दछ। पितृसत्तात्मक सामाजिक व्यवस्था र मानसिकतालाई जरैबाट नै उखेल्नको निम्ति समस्त नारी एक हुनुपर्ने आह्वान उग्र नारीवादले गर्दछ। उग्र नारीवादअनुसार "पितृसत्ता भनेको पुरुष र पुरुषले प्रभुत्व जमाएका सङ्गठनले महिलाका विरूद्ध हिंसा गर्ने एउटा संस्था हो। फेसन र सुन्दरता, मातृत्वको आदर्श, एकल यौन सम्बन्ध, निशुल्क घरगृहस्थीकर्म, श्रमको न्यून ज्यालादार आदि पितृसत्ताले महिलाको शोषण गर्न बनाएका माध्यम हुन्। आफ्नो स्वतन्त्रता, चाहना, आकाङ्क्षा र अधिकार सबै छोडेर घरपरिवारमै बाँच्न बाध्य बनाउने मातृत्वको आदर्श महिलामाथि शोषण-उत्पीडन थोपर्ने सबैभन्दा सशक्त माध्यम हो। आर्थिक, वैचारिक, कानुनी, सामाजिक आदि संरचनाले सधैँभरि पितृसत्तालाई बलियो बनाउने काम गर्दछ। महिलामा आत्मविश्वास जाग्न नदिनका निम्ति पनि पितृसत्ताले अनेकन् प्रपञ्च रचना गरेका हुन्छन्।"[७९] यसरी घरेलु कार्य, फेसन र सुन्दरता, बलात्कार, बालयौन, वेश्यावृत्ति आदि जस्ता विभिन्न क्षेत्रमा नारी शोषण भइरहेका छन्। स्रोत साधन, उत्पादित वस्तु र सम्पत्तिमा पुरुषको अधिकार रहनु जस्ता कार्य र व्यवस्थालाई निरन्तरता दिन पितृसत्तात्मक समाजको षड्यन्त्र हो। त्यसैले पुरुषप्रधान मानसिकताले समाजमा नारीलाई पुरुषसमान दर्जामा राख्न वा स्वीकार्न सक्दैनन्। उनीहरू नारीलाई वासनापूर्तिका साधन, यौन सहयोगी र भोग्य वस्तुका रूपमा मात्र हेर्दछन्। यस्तो सामाजिक संरचनालाई भत्काएर नारी पुरुषलाई समान दृष्टिले हेर्ने नयाँ समाजको निर्माणमा उग्र नारीवाद अघि बढेको छ। सुलामिथ फायरस्टोनले आफ्नो पुस्तक **डायलेक्टिक अफ् सेक्स**-मा परिवार, वैवाहिक जीवन र विपरित लिङ्गीय यौन सम्बन्धलाई पूर्ण रूपमा बहिष्कार गर्नुपर्छ भन्ने मत प्रकट गरेकी छन्। विपरित लिङ्गीय वैवाहिक जीवन नारीको व्यक्तित्व विकासका बाधा हुन् भन्ने कुरामा उग्र नारीवादीहरू

---

७९ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ९५।

विश्वस्त छन्। यस्तै प्रकारले सुलामिथ फायरस्टोन, एन्ने कोर्ड, डाएना क्रोथरे र सेलिस्टाइन वेयर जस्ता न्यूयोर्कका उग्र नारीवादीहरूको घोषणापत्र मानिने **पोलिटिक्स अफ् इगो**-मा पुरुषको मानसिक अहम्लाई तृप्ति दिन नै पुरुषलाई नारीभन्दा श्रेष्ठ मानिएको उल्लेख गरिएको छ। पुँजीवाद अथवा कुनै पनि आर्थिक व्यवस्था र आर्थिक भिन्नता नारी दमनका कारण हुन सक्दैनन्। कुनै पनि क्रान्तिद्वारा आर्थिक आवस्थामा सुधार ल्याउँदैमा नारी शोषण अन्त हुनसक्छ भन्ने मान्यतालाई उनीहरू गलत ठान्दछन्।[८०] पुरुषलाई नारीभन्दा श्रेष्ठ मान्ने पुरुष अहम् एवम् मानसिकताको अन्त नै नारी शोषणको पनि अन्त हो भन्ने कुरामा उनीहरूले बल दिएका छन्।

यस सन्दर्भमा केट मिलेटको **सेक्सुयल पोलेटिक्स** महत्त्वपूर्ण कृति हो। सामाजिक क्रान्तिमा विशेष जोड दिने मिलेट यौनको आधारमा लिङ्गको निर्धारण गर्ने र निष्क्रियता, शिथिलता, आत्मपीडन आदि नारीका सहज विशेषता हुन् भन्ने केही समाजशास्त्रीका विचारको खण्डन गर्दछिन्।[८१] नारीलाई पुरुषको सहयोगी भनेर पुरुषको आवश्यकता पूर्ति गर्ने साधनका रूपमा उपभोग गर्ने धारणा पितृसत्तात्मक मानसिकताको उपज रहेको कुरा मिलेटले उठान गरेकी छन्। त्यसैले नारीको व्यक्तिगत र सामाजिक विकासका निम्ति पितृसत्तालाई परास्त गर्नु अत्यावश्यक रहेको कुरा उग्र नारीवादले अगाडि सारेको छ। पितृसत्तालाई ध्वस्त पार्नका निम्ति नारीमा एकताको भावना जागृत हुनुपर्ने अनि पुरुषभन्दा कमजोर, निर्बल, दोस्रो दर्जा मान्ने पुरुष मानसिकताबाट मुक्त बन्न हीनताबोधबाट निस्कने आह्वान उग्र नारीवादले गर्दछ। मनोवैज्ञानिक रूपले स्वीकार गर्दै ल्याएको हीनता र हैकम दुवै समाप्त भए मात्र पितृसत्तात्मक समाजको नष्ट हुने विषयमा उग्र नारीवाद केन्द्रित छ। "चिकित्सा, धार्मिक,

---

८० जोस्पाइन डेनोभेन, सन् २०१२, पूर्ववत्, पृ. १४१।

८१ कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४४४-४४५।

पुनर्उत्पादन, जातीयता, राजनीतिक आदि विभिन्न सामाजिक संस्थाहरूमा विभिन्न उग्र नारीवादीहरूले परीक्षण गरेका छन् र ती सबै महिला यौनिकता निर्माणतर्फ नै मोडिएका पाएका छन्। उग्र नारीवादीहरू त्यस्ता नीरीवादी हुन् जसले महिला यौनिकतालाई यौनिक भुक्तमान, पिटपाट, बलात्कार, अश्लीलता, गर्भपात, परिवार नियोजनका सामग्री सम्बन्धी कानुन र अभ्यास एवम् विषमलिङ्गी विवाहका अनिवार्यता जस्ता कुराका माध्यमले नियन्त्रणमा राख्ने प्रयास भएका कुरालाई जनमानसमा पारदर्शी बनाएका छन्।"[८२] उग्र नारीवादीका विचारमा समाजमा पुरुषसमान नारीको स्थान नहुनुको मुख्य कारण विपरीत लिङ्गीय सम्बन्ध हो। जसले सदैव पुरुषलाई नारीको संरक्षक अनि नारीलाई पुरुषमाथि आश्रित भनेर परिभाषित गर्दछ।यसैले उग्र नारीवादीहरू विषमलिङ्गसम्बन्धलाई पूर्ण रूपमा बहिष्कार गर्न आवश्यक मान्दछन्।

नारी नारीमाझ मानसिक एवम् शारीरिक रूपमा सम्बन्ध कायम राखेर, पुरुषको स्थानमा अर्को नारीलाई राखेर कुनै पनि कार्य गरे नारीमाथिको पुरुष शोषण, दमन अवश्यै पनि अन्त हुन सक्छ भन्ने कुरामा उग्र नारीवादीहरू विश्वस्त रहेका पाइन्छन्। सामाजिक व्यवस्थाद्वारा नारीमाथि गरिने दुर्व्यवहारलाई प्रतिशोध लिन पुरुषको आवश्यकताको विकल्पमा नारीलाई नै राख्न उनीहरूले चाहेका छन्। त्यसैले उनीहरू एउटा भिन्न समाज र संसारको निर्माण गर्न चाहन्छन्, जहाँ केवल नारी मात्र हुन्, त्यहाँ कुनै पुरुषको स्थान नहोस्। पारिवारिक होस् वा सामाजिक, मानसिक वा शारीरिक सबै क्षेत्रमा पुरुषलाई त्यागन सके मात्र पितृसत्ताको अन्त गर्न सकिन्छ भन्ने दृढ अठोटमा उग्र नारीवादीहरू अग्रसर रहेको पाइन्छ।

---

८२ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ९७।

## २.४.४ समाजवादी नारीवाद

"उग्र नारीवाद र मार्क्सवादी नारीवादको सम्मिश्रणबाट जन्मेको नारीवादको उपभेद समाजवादी नारीवाद हो।"[८३] पूँजीवादको अन्तपछि नारीको सामाजिक स्थितिमा सुधार हुन्छ भन्ने मार्क्सवादको मान्यतासित सहमत भए तापनि पूँजीवादको अन्त हुँदैमा नारी मुक्तिसम्भव छैन भन्ने अडान समाजवादी नारीवादको रहेको छ। प्रत्येक नारीको व्यक्तिगत समस्या भिन्न हुनाले सम्पूर्ण नारीलाई एकै वर्गमा राखेर हेर्न सकिँदैन भन्ने कुरा समाजवादी नारीवादले नारीको व्यक्तिगत समस्यालाई पनि समेटेको देखिन्छ। पितृसत्ता नारी शोषणको कारण हो भन्ने उग्र नारीवादी भनाइलाई स्वीकारे तापनि पितृसत्ता मात्र नारी शोषण र दमनको कारक तत्त्व हो भन्ने कुरालाई भने यसले अस्वीकार गर्दछ। समाजवादी नारीवादले नारी अत्याचार, अनाचारको मुख्य कारण पुरुषमाथि नै नारी निर्भर रहनाले हो भन्ने मान्दछ। आर्थिक रूपमा स्वतन्त्र नभएसम्म नारी शोषण निरन्तर रूपमा चलिरहने छ भन्ने कुरामा समाजवादी नारीवादीहरू विश्वस्त छन्। समाजवादी नारीवादले एकातिर मार्क्सवादको पुँजीवाद र अर्कातिर सामाजिक संरचनामा जीवित पितृसत्तालाई अघि सारेको छ। यी दुवै पुँजीवाद र पितृसत्तामा नारीहरू शोषित छन् भन्ने कुरालाई यसले उठाएको छ। "यसले महिला दमन, परिवारभित्र महिलाको अवैतनिक काम र अर्थतन्त्रले निर्धारण गरेको वेतनको परिणाम मात्रै होइन भन्छ, यसका कारणका रूपमा लिङ्ग एवम् वर्गका आधारमा गरिने तमाम अन्याय, लैङ्गिक एवम् जातीय/ जनजातीय अवस्थिति तथा यी सबैको संयुक्त स्थिति जिम्मेवार छ भन्छ।...लैङ्गिक विभेदले गर्दा महिलाहरूको स्तर र महिलाका कामको आयको अवमूल्यन हुनेगर्छ। औद्योगिक देशका प्राय: जसो महिला कि त गृहिणी मात्रै छन् कि त न्यून ज्यालामा काम गर्छन्। ...पछाडिएका जाति / जनजातिका र बसाइँ सरेर आएका महिलाहरू दोहोरो

---

८३ एस. चना, सन् २००४, पूर्ववत्, पृ. ४८।

तेहरो शोषणमा पर्ने गर्छन् "[८४] भन्दै वर्ग, लिङ्गविभेदको विरोध गर्दै पुरुषसमान नारीले समानता पाउनुपर्छ भन्ने उनीहरूको मुख्य उद्देश्य रहेको पाइन्छ। आर्थिक रूपमा नारी विपन्न हुनाले पुरुषको अधिनमा पिसिएर बस्न बाध्य भएका छन्। सामाजिक, आर्थिक र राजनैतिक न्यायको निम्ति नारी स्वतन्त्रताको खोजी हुनु आवश्यक रहेको कुरामा समाजवादी नारीवादीहरू विश्वस्त देखिन्छन् ।

मार्क्सवादी ऐतिहासिक भौतिकवादसँग पनि समाजवादी नारीवादको व्याख्या सम्बन्धित रहेको पाइन्छ। आर्थिक उत्पादनसँग सम्बन्ध रहेको ऐतिहासिक भौतिकवादले आर्थिक उत्पादन प्रणालीको परिवर्तन सँगसँगै मानवसमाजमा परिवर्तन आएको कुरा बताएको पाइन्छ। मार्क्सवादी सिद्धान्तले मानवसमाजमा आर्थिक उत्पादनमा परिवर्तन देखिएपछि वर्ग विभाजनको सन्दर्भलाई मात्र व्याख्या गरेको पाइन्छ भने समाजवादी नारीवादले घरेलु कार्यलाई मूल्यहीन कार्य मान्ने, बालबच्चाको हेरचाह जस्ता ओझेलमा परेका पक्षलाई पनि समावेश गरेको छ। मार्क्सवादले व्याख्या गरेको आर्थिक एवम् भौतिकपक्षले मात्र मानवसमाजको विश्लेषण पर्याप्त नभएको कुरा समाजवादी नारीवादले मान्दछ। नारी र पुरुषमाझ परस्परमा सरोकार, सम्झौता भए मात्र समानता पनि सम्भव छ यस्तो सम्झौताले मात्र स्वच्छ समाजको निर्माण हुनेछ। त्यसर्थ नारी शोषणमाथि बहस, विमर्श र नारी अस्तित्व पक्षको व्याख्या र विश्लेषण अत्यन्त महत्त्वपूर्ण छ भन्ने कुरा अघि सार्दै नारीमाथि भइरहेका अत्याचारको अन्त हुनु अत्यावश्यक मान्दछ। नारी र पुरुषमाझ कार्यक्षेत्रको विभाजन, असमानता, न्यून ज्याला र भेदपूर्ण वेतन जस्ता विभेदका रेखाहरू लैङ्गिक आधारमा

---

८४ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ १०८ ।

कोरिएका छन्। यस विभाजन रेखा र विभेदलाई मेटाउने सबभन्दा सरल उपाय भन्नु नै लैङ्गिक समानता हो भन्ने कुरा समाजवादी नारीवादको रहेको छ।

वास्तवमा समाजवादी नारीवादीहरूले नारी अधिकारका सन्दर्भमा नारी समाजमा पुरुषभन्दा निम्न स्थानमा रहन विवश गराइएको समस्या देखाउनका साथै विभिन्न वर्गका नारीका अवस्थालाई पनि आफ्नो अध्ययनको सीमाभित्र समावेश गरेका छन्। नारी आर्थिक रूपमा स्वनिर्भर एवम् सम्पन्न नहुनाले विवाहित नारी पतिको आयस्रोतमा निर्भर रहनु पर्ने बाध्यता सिर्जना हुन्छ। बालबच्चा हेर्ने र अन्य घरेलु काम नारीको कार्य क्षेत्रभित्रको हो भनी मान्ने दृष्टिकोणको विकास लैङ्गिक विभिन्नताको कारणले हो भन्ने समाजवादी नारीवादले मान्दछ। "समाजवादी नारीवादीहरू पारिवारिक जिम्मेवारी, आर्थिक शक्ति एवम् सामाजिक शक्तिको पुनर्विभाजनको माग गर्दछन्। घरेलु जिम्मेवारीको समान वितरणले महिलालाई पुरुषको एकाधिकार रहेको आर्थिक र सामाजिक शक्तिको साझेदारी गर्ने अवसर प्राप्त हुन्छ। उच्च वैतनिक काम र शक्तिको अवस्थितिको लैङ्गिक एकाधिपत्य पनि समाप्त हुनुपर्दछ।"[८५] जुलियट मिचेलको **उमन् इस्टेट**-लाई समाजवादी नारीवादको महत्त्वपूर्ण कृति मानिन्छ। मार्क्सवादी नारीवादले आर्थिक विपन्नताका कारण नारी शोषित भएका कुरा देखाए तापनि लैङ्गिक आधारमा नारी शोषित भएको पक्षलाई भने उठाएको पाइँदैन। **साइकोएनालाइसिस् एन्ड फेमिनिज्म**-मा मिचेलले आर्थिक परिवर्तन हुँदैमा नारीमाथिको शोषण, दमनको अन्त हुन्छ भन्ने कुरालाई अस्वीकार गरेकी छन्। निजी सम्पत्तिको उदय हुन भन्दा पहिले नै पुरुषप्रभुत्व भएको हुनाले मार्क्सवादको निजी सम्पत्तिको अन्तसँगै नारी शोषणको अन्त हुन्छ भन्ने विचारको उनले खण्डन गरेकी छन्। मार्क्सवादी नारीवादले पुँजीवाद नारी

---

८५ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ११०।

शोषणको मूल जड हो भन्ने मान्दछ भने उग्र नारीवाद पितृसत्ता नारी दमनको कारक तत्त्व हो भन्ने मान्दछ तर समाजवादी नारीवाद पुँजीवाद र पितृसत्तामध्येमा कुनै एउटा तत्त्व मात्र नारी अत्याचार र अनाचारको कारण नभएर वास्तवमा यी दुवै एकार्कामा आश्रित रहेका छन् भन्ने विचार यसले उठाएको छ। मार्क्सवादी नारीवादले उठाएको नारी र पुरुषमाझ समान ज्याला र उग्र नारीवादले उठाएको घरेलु कार्यको पुनर्वितरण दुवैको प्रसङ्ग उठाएर अघि बढेको नारीवाद नै समाजवादी नारीवाद हो।

## २.४.५ अश्वेत नारीवाद

अश्वेत नारीवाद सन् १९६० र १९७०को दशकमा भएको मानव अधिकार आन्दोलनबाट सुरु भएको हो। पश्चिमी समाजका मानिसका रङ्गका आधारमा अश्वेत र श्वेत गरी दुई प्रकारको विभेद पाइन्छ। सम्पूर्ण नारीमाथिको शोषण, अन्याय, अत्याचार आदिको विरोधमा आवाज उठाउने सिद्धान्त नारीवाद भए तापनि नारी समानताको पक्षमा बोल्ने क्रममा भने श्वेत नारीसँग अश्वेत नारीलाई समावेश नगरिएको हुँदा अश्वेत नारीका निम्ति समानताको आवाज उठाउने क्रममा अश्वेत नारीवादको उदय भएको देखिन्छ। पितृसत्ताले जसरी नारीलाई पुरुषभन्दा निम्न, हीन ठानेका छन् त्यस्तै प्रकारले गोरा नारी पुरुष दुवैले अश्वेत नारीहरूलाई आफूभन्दा हीन, निम्न ठानेकाले अश्वेत नारीहरूका हक, अधिकार, समानताका पक्षमा अश्वेत नारीवादीको उदय भएको हो। पाश्चात्य देशका अश्वेत नारीहरू एकातिर पुरुषप्रधान सामाजिक व्यवस्थाबाट उत्पीडित थिए भने अर्कातिर श्वेत नारीद्वारा पनि शोषित भएका हुँदा दोहोरो रूपमा शोषित थिए। यसरी पश्चिमी देशका अश्वेत नारीहरू एकातिर लिङ्ग र अर्कातिर रङ्गका आधारमा शोषित रहेका पाइन्छन्।

अश्वेत नारीवादीहरूले अश्वेत समूदायका किनारीकृत नारीका प्रतिभा र योगदानको पनि मूल्याङ्कन गर्ने काम गरेका छन्। एलिस वाकर र रेबेका वाकर जस्ता नारीवादीहरू अश्वेत नारीहरूका पक्षमा आवाज उठाउने प्रमुख नारीवादीहरू हुन्। एलिस वाकरले **विमेनिज्म** धारणाको विकास गरेकी थिइन्, जसले श्वेत नारीका तुलनामा अश्वेत नारी शोषित र पीडित छन् भन्ने कुरालाई केन्द्रित गरिएको छ।एलिस वाकरले पुराना पुस्ताका काला महिलाहरूको सिर्जनशीलता लोककला, सङ्गीत, उद्यान विकास तथा कपडा निर्माणमा प्रचुर मात्रामा रहेको कुरा पत्ता लगाइन्।[८६] अश्वेत नारीवादीहरूले अश्वेत नारीका योगदानको उचित मूल्याङ्कन र न्याय भएको छैन भन्ने कुरालाई केन्द्रिय स्वर बनाएर अश्वेत नारी समूदायको इतिहास नै स्थापित गर्ने प्रयास गरेका छन्। वास्तवमा पश्चिमी देशमा अश्वेत नारीलाई किनारीकरण गरिएको हुनाले उनीहरू श्वेत नारी र पुरुष वर्गबाट शोषित छन्। त्यसैले अश्वेत नारीले गरेका सामाजिक, घरेलु कामलाई प्रकाशमा ल्याउन अश्वेत नारीवादीहरूको जोड रहेको पाइन्छ। गोरा बच्चाको रेखदेख गर्ने काला आया र द्विजातीय (काला र गोरा) मातापिताका दु:खी बच्चाको तस्वीरले अश्वेत नारीहरूको स्थितिलाई उदाङ्गो पार्दछ। रङ्गकै कारण अस्तित्व सङ्कटमा परेका अश्वेत नरीका परिचयका लागि अश्वेत नारीवादले सङ्गीत, ललितकला, साहित्य, आत्म वृतान्त र साहित्यिक समालोचनाको अन्तर अनुशासनात्मक पहुँचलाई नयाँ क्रान्तिकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ।"[८७] यसरी अश्वेत नारीका समस्या साहित्यिक समालोचनातिर पनि भित्रिएको पाइन्छ।विश्वभरिकै नारीका समस्या समान भए तापनि केवल कालो रङ्गका कारण पछि परेका यी अश्वेत नारीलाई हीन, तुच्छ र निम्नस्तरका ठानिएको पाइन्छ। यसरी अश्वेत नारीका समस्यालाई लिएर अघि

---

८६ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. १४०।

८७ पूर्ववत्, पृ. १४०।

बढ्ने नारीवादीहरू एलिस वाकर, एन्जिला डेभिस्, बेल हूक्स, किम्बरले विलियम्स क्रिन्स र पेट्रिसिया हील कोलिन्स आदि हुन्। रङ्गकै कारण काला नारीले गोरा नारी समान स्वतन्त्रता पाउन नसकेकाले पहिला गोरा समूदायविरूद्ध रणनीति तयार पार्न र अन्यायको विरुद्ध लड्न आफूलाई तयार पारेको पाइन्छ।

मार्गरिट स्लोन हन्टर जस्ता नारीवादीको सक्रियतामा नेसनल ब्ल्याक फेमिनिस्ट अर्गनाइजेसन्स', बार्वरा स्मिथ, बेभर्ली स्मिथ, चेरिल एल. क्लार्क र अन्य नारीका अग्रसरतामा ब्ल्याक प्यान्थर, ब्ल्याक फोर्स् जस्ता संस्थाहरूको गठन भएको पाइन्छ। टोनी केइड, बार्बारा स्मिथ, म्यारी इम्ल्यान, ग्यारिया टी हल जस्ता अश्वेत नारीवादीले प्रथमत: अश्वेत नारीले भोग्नु परेका समस्या खोजी गरेका छन्। सम्पूर्ण अश्वेत नारीमाझ एकताको भावना जगाउन आवश्यकता बोध गरेर अश्वेत नारी एकताको निम्ति पहल गरेका छन्। अश्वेत समूहभित्र नारी पुरुष लिङ्ग भेदले जन्माएको असमानताको विरोधमा आवाज उठाउन अघि यिनीहरूले वर्णभेदले जन्माएको असमानताको विरोधमा आवाज उठाएउने बुद्दिमता देखाएका छन्। हाउस्टन बेकर, म्यारी इम्ल्यानहरूले समग्रतामा नारी स्वतन्त्रता सुनिश्चित हुनुपर्छ भन्ने मुद्दा लिएर अघि बढेका पाइन्छन्।

खासगरी सन् १९७० को दशकबाट अश्वेत नारीका पक्षमा आवाज उठाउने अभियानका रूपमा देखा परेको अश्वेत नारीवादी समालोचना विभिन्न साहित्यिक कृतिहरूको प्रकाशसँगै अगाडि बढेको देखिन्छ। पश्चिमी देशका श्वेत वर्ग तथा अश्वेत पुरुषहरूद्वारा लिखित साहित्य नारी शोषण प्ररितयुक्त हुने ठहर गर्दै अश्वेत नारीद्वारा लिखित अश्वेत साहित्यलाई प्राथमिकता दिइएको नारीवादी समालोचनाले एउटा साहित्यिक अभियानकै रूपमा लिएको पाइन्छ। वार्वरा स्मिथको **टुवार्ड ए ब्ल्याक फेमिनिस्ट क्रिटिसिज्म**-मा अश्वेत नारीवादी साहित्यिक समालोचनालाई महत्त्व दिइएको पाइन्छ।"स्मिथले काला जातिका

सङ्गीत, चित्र, साहित्य, आत्मजीवनी तथा साहित्यिक समालोचनालाई काला महिला अनुभवका आधारमा नयाँ सौन्दर्य दिएकी छन्।... वाकरले आफ्नो प्रसिद्ध निबन्धका दास आख्यानमा आधारित लोककला, सङ्गीत, बागवानी आदि काममा सङ्लग्न अग्रज महिलाका सृजनशीलतालाई उजागर गरेकी छन्।"[८८] वास्तवमा अश्वेत नारी साहित्य लेखन परम्परा महत्त्वहीन ठान्नु उचित होइन भन्ने कुरालाई अश्वेत नारीवादीले उठाएका छन्। अश्वेत नारीहरूको दैनिक जीवन, समस्या, दु:ख-सुख, प्रतिभा, क्रियाकलाप साहित्य समालोचनामा समावेश हुनुपर्छ भन्ने उनीहरूको अडान रहेको छ।यसरी अश्वेत समीक्षकहरू अश्वेत लेखिकाहरू र अश्वेत नारीहरूको सौन्दर्य चेतनाप्रति नारीसुलभ भावनाको खोजी गर्नतर्फ लागेका पाइन्छन्। पश्चिमी देशमा नारी मुक्तिका निम्ति विभिन्न मुद्दा र आन्दोलन भए तापनि सम्पूर्ण नारीहरू स्वतन्त्र हुन सकेका छैनन् भन्ने भनाइ वेल हूक्सले *ए मोभ्म्यान्ट टू एन्ड सेक्सिट अपरेसन्*-मा बताएकी छन्। "आर्थिक अवस्था कमजोर भएका, निम्नस्तरीय गनिएका विशेष गरेर अश्वेत नारीले भने पुरुषसमान सामाजिक समानता पाएका छैनन्। रङ्ग भेदका कारणले समस्त नारीका समान सामाजिक मान्यता पाउन सकेका छैनन्। नारीवादको उद्देश्य नारीको कुनै एउटा विशेष वर्ग, जात अथवा समूहका नारीका लाभका निम्ति नभएर यस सिद्धान्त यौनवादी दमनलाई ध्वस्त गर्ने सङ्घर्ष हो"[८९] भन्ने हूक्सको भनाइ रहको उनको **फेमिनिस्ट पोलिटाईजेसन, ब्याक टू दि एभेन्ट गार्ड** जस्ता लेखमा अश्वेत नारीका विभिन्न अवस्था, कौशलता, प्रतिभा आदि विषय समावेश गरिएको पाइन्छ।

ग्लोरिया एन्जालडूएले **स्पिकिङ इन् टङस् ए लेटर टू थर्ड वर्ल्ड उमन् राईटर्स्**-मा अश्वेत नारी गोरा पुरुष र गोरा नारीवादीहरूबाट शोषित भएका बताएकी छन्।"अश्वेत

---

८८ इन्द्रविलास अधिकारी, सन् २००४, **पश्चिमी साहित्य सिद्धान्त**, काठमाडौं, साझा प्रकाशन पृ. ६४।

८९ क्यारेन ए. फस् र अन्य( सम्पा.), सन् २००४, पृ. ४८-५३।

नारीका भाषा, आत्मसम्मान, संस्कार, संस्कृति आदिलाई श्वेतनेत्रले हेर्न र सुन्न चाहदैंनन्"[९०] भन्दै उनले पनि अश्वेत नारी गोराका अत्याचार र अनाचार सहेर बस्नु परेको स्थिति देखाएकी छन्। अश्वेत नारी समीक्षकहरू अश्वेत नारीका कार्यलाई नै विशेष महत्त्व दिन्छन् र "बारबरा स्मिथले नारीहरूको साहित्यिक चिन्तनमा लिङ्गको राजनीति, अनि जात र वर्गको राजनीति जोडिएको छ"[९१] भन्ने कुरा बताएकी छन्। अश्वेतहरूको साहित्यिक परम्पराको अध्ययन, अश्वेत नारी लेखकका नारीवादी समालोचना, नारीका सौन्दर्य चेतनाभित्र नारीसुलभ गुणको खोजी साहित्य समालोचनामा अश्वेत नारीको स्थिति, उनीहरूको भाषा अथवा उनीहरूको भाषाले बताउन खोजेको उद्देश्य, धारणा, जीवनप्रतिको दृष्टिकोण आदि विषयमा अश्वेत नारीवादी चिन्तन केन्द्रित देखिन्छ।

## २.४.६ पर्यावरणीय नारीवाद

पर्यावरण र नारी एकार्कामा घनिष्ट रूपमा सम्बन्धित छन् भन्ने मान्यता भएको नारीवादको उपभेद पर्यावरणीय नारीवाद हो। पर्यावरणीय नारीवाद शब्दको प्रयोग सर्वप्रथम फ्रान्सेली लेखक फ्रान्कोयस्दि इबोनले **ली फेमिनिज्म ओ ला मोर्ट** पुस्तकमा सन् १९७४ मा गरेका हुन्। नारी र पर्यावरण दुवैको निम्ति पितृसत्ता र पुरुष शोषण हानिकारक छ भन्ने उनीहरूको विचार रहेको पाइन्छ। पर्यावरणीय नारीवाद विभिन्न आन्दोलनबाट प्रभावित भएको पाइन्छ। औद्योगिक प्रदूषण, परमाणु शिल्पविज्ञान अथवा न्युक्लियर, पेस्टिसाइट, हर्बिसाइड आदिको विरोधमा गरिएका सङ्घर्षलाई पर्यावरणीय नारीवादका पृष्ठभूमि हुन्। सन् १९७० र ८० का दशकमा पर्यावरणलाई जोगाउने उद्देश्य लिएर नारीहरू आन्दोलनमा

---

९० पूर्ववत्, पृ. ७७।

९१ गोविन्दराज भट्टराई, सन् २००४, **पश्चिमी बलेंसीका बाछिटा**, काठमाडौं, नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ९४।

उत्रिनु नै पर्यावरणीय नारीवादको बीजारोपण थियो। परमाणु उर्जाको प्रयोग मानिसको निम्ति हानिकारक छ त्यसैले यसको प्रयोग बन्द गरिनुपर्छ भन्ने उनीहरूको भनाइ रहेको थियो। यसरी नै पेस्टिसाइट जस्ता किटनाशक तत्त्वले गर्भवती नारीमा समस्या देखिनाले यसको प्रयोग गर्नु हुँदैन भन्ने 'नेसनल अर्गनाइजेसन अफ उमन्' र'उमन् अफ् अल रेड नेसन' जस्ता संस्थाहरूले उठाएका मुद्दा थिए। विशेष गरेर नारी अग्रसरता र सक्रियतामा सन् १९८०-मा भारतको गडवालमा वनजङ्गल रक्षाका निम्ति भएको 'चिप्को आन्दोलन' र कर्नाटकामा भएको 'एपिको आन्दोलन'-ले पर्यावरणीय नारीवादको विकासमा महत्त्वपूर्ण भूमिका बहन गरेको पाइन्छ। 'नर्मदा बचाउँ' आन्दोलन अर्को सशक्त पर्यावरण सुरक्षाका निम्ति गरिएको आन्दोलन हो। यसरी वृक्ष, रुख-पात अथवा पर्यावरणको विनाशका विरोधमा उठेको आन्दोलनले प्रकृतिको सुरक्षा गर्ने कुरामा जोड दिएको छ। प्रकृतिको शोषण जसरी भइरहेको छ त्यस्तै प्रकारले नारीको पनि शोषण भइरहेको छ। भारतीय संस्कृतिमा धरणी, वशुन्धरा, पृथ्वी, प्रकृतिलाई मातृरूप मानिदैं आएको छ। यसैले प्रकृति र नारी एकै हुनाले प्रकृति र नारीको विनाश गर्ने प्रमुख तत्त्व पितृसत्ता हो भन्दै पर्यावरणीय नारीवादीहरूले प्रकृति र नारीको सम्बन्ध घनिष्ट रहेको कुरा अघि सारेका छन्।

पर्यावरणीय नारीवादीहरूले "पर्यावरण र नारीको शोषण समानान्तर रूपमा भएको ठानेका छन्।"[९२] एकै प्रकारले शोषित नारी र प्रकृतिमाथिको अत्याचार, अनाचार, अन्यायमा पुरुष प्रभुत्ववादी मानसिकता पूर्ण रूपमा उत्तरदायी छ त्यसैले यस्ता मानसिकताको अन्त हुनु अत्यावश्यक रहेको पर्यावरणीय नारीवादी मान्दछन्। नारीको प्रजननशक्तिले मात्र मानव सङ्ख्याको वृद्धि हुने र मानव अस्तित्व बाँची रहन्छ भने प्रकृतिको जैविकतामा पनि प्रजनन उत्पादन गर्ने शक्ति विद्यमान हुनाले दुवैको स्वास्थ आरोग्यमय हुनुपर्छ तबमात्र संसारमा

९२ सुभद्रा चना, सन् २००४, पूर्ववत्, पृ. ४६।

मानव र मानवेत्तर प्राणी रहने छन्। यी दुवैको अस्तित्वलाई बचाएर राख्नका निम्ति पितृसत्ता समाप्त हुनु अनिवार्य छ भन्ने अठोट लिएर यिनीहरू अघि बढेका देखिन्छन्। कविता लामाले लिन्डा होगनको भनाइलाई अघि सार्दै "लिन्डा होगन पाश्चात्य पितृसत्तात्मक विचार एवम् हिंस्रक शोषित उपनिवेशवादी इतिहासले नारी र पर्यावरण दुवैलाई नोक्सान पुऱ्याएको मान्दछिन्। यसैको विरोध गर्दै धरती, पशुप्राणी, उद्भिद तथा जनजातीय समुदायलाई सुरक्षा प्रदान गर्न अब नारी जाति सशक्तिकृत भइसकेको छ"[९३] भन्ने बताएकी छन्। प्रकृतिलाई नारीले मात्र बुझ्न सक्तछन् भन्दै प्रकृतिको सुरक्षामा नारीहरू नै अग्रसर हुनुपर्दछ भन्ने उद्देश्य लिएर प्रकृति र नारी एकार्कामा अन्योयश्रित रहेको कुरा पर्यावरणीय नारीवादीको भनाइ रहेको पाइन्छ। पर्यावरण चिन्तक पर्यावरणीय नारीवादी वन्दना शिव पर्यावरण सुरक्षाको निम्ति 'रायत सङ्घ' जस्ता कृषकहरूको आन्दोलनमा सम्मेलित[९४] भएको पाइन्छ। उनी एकजना सशक्त पर्यावरणीय नारीवादी हुन्। "पितृसत्तात्मक समाजको हेपाइ र परतन्त्रताको कारणले प्रकृति र नारी एकार्अकासँग सम्बन्धित छन्"[९५] भन्ने भनाइ रहेको पाइन्छ। नारी र प्रकृतिमाझको घनिष्ट सम्बन्ध रहेका हुनाले प्रकृतिलाई नजिकबाट नारीले मात्र बुझ्न सक्दछन्। त्यसैले प्रकृतिको रक्षाको निम्ति नारी सक्रिय रूपमा अघि बढ्नु पर्दछ भन्ने कुरामा पर्यावरणीय नारीवादीहरू जोड दिन्छन्। पर्यावरणीय नारीवादलाई अघि बडाउनमा वन्दना शिव, मारिया साइल्स, क्लाउडिया भोन वर्लहोफ र भेरोनिका बेनहोल्ड थोमसेन आदि सक्रिय देखिन्छन्। "पुरूषोचित व्यवस्थाले मानवसमाजमा सामाजिक एवम् प्राकृतिक नियमहरूलाई अनियमित रूपमा वितरण गरेको आरोप पर्यावरणीय नारीवादी चिन्तकहरूले लगाएका छन्। मानव अस्तित्वलाई कुनै अन्य संसारका प्राणी जस्तो नमानेर

---

९३ कविता लामा, सन् २०१७, **कविता डिस्कोर्स**, खर्साङ, माया प्रकाशन, पृ. ५७।

९४ छाया दातर, सन् २०११, **इकोफेमिनिज्म रिभिजिटट**, नयाँ दिल्ली, रावत् पब्लिकेसन्स, पृ. ३५।

९५ कविता लामा, सन् २०१७, पूर्ववत, पृ. ५७।

प्रकृतिसँग जोडेर हर्नु पर्दछ। त्यसैले नारी र प्रकृतिलाई हीन दृष्टि राख्नेहरूप्रति पर्यावरणीय नारीवादीहरूको विरोध रहेको छ "[९६] भन्ने ब्लमहूढको भनाइलाई छाया दातरले उल्लेख गरेकी छन्।

यस्तै प्रकारले मारिया माइल्स र वन्दना शिवले पनि पुरुषले नारी र प्रकृति दुवैमाथि शोषण गरेका कुरा देखाएका छन्। नोइल स्टुरजिअनले **इको फेमिनिस्ट नेचर्स**-मा पर्यावरणीयवाद र नारीवादमाझ सम्बन्ध स्थापित गर्ने आन्दोलन नै पर्यावरणीय नारीवाद हो भनेकी छन्। यसरी पर्यावरणीय नारीवादलाई अघि बडाउनमा रोजमेरी रयाडफोर्ड रूईथर, ग्रेटा गार्ड, क्यारोल जे. अदामस्, क्यारोल पी. क्रिस्ट, क्रिस क्यूमो, म्यारी ड्याली, क्लारीसा पिनकोला ईस्ट, एलिस फूल्टन, सूसन ग्रीफन, डोना ह्यावे,पात्रा केले, अरून्धती रोय, एलिस वाकर, टोनी मोरिसन, मेनका गान्धी आदि प्रमुख रहेको पाइन्छन्। यिनीहरूमध्ये कोही प्रकृति सुरक्षा र कोही प्रकृति-नारी दुईतर्फी सुरक्षा हुनुपर्छ भन्ने दिशामा पहल गर्दछन्। नारी र प्रकृतिको मूल्य महत्त्वपूर्ण हो भन्ने कुरामा यी दुवैको सम्मान, सुरक्षा र सन्तुलनले मात्र वातावरण शुद्ध, पवित्र र स्वस्थ्य रहन्छ भन्ने कुरामा पर्यावरणीय नारीवादी विश्वस्त रहेका छन्। यिनीहरूको अनादर, ध्वंश, हिंसा एवम् शोषणले सम्पूर्ण वशुन्धरा नै विकृत एवम् विध्वंस हुन्छ भन्ने कुरामा सबैलाई सचेत गराउँदै शोषणमा पूर्णरूपमा पितृसत्ता उत्तरदायी रहेको छ, त्यसैले यसको अन्त गर्नको निम्ति नारी सचेष्ट भएर अघि बढ्नु पर्ने कुरामा यिनीहरूले जोड दिएका छन्।

---

९६ छाया दातर, सन् २०११, पूर्ववत्, पृ. ४।

## २.४.७ नारीसमलिङ्गवाद

नारीसमलिङ्गवादले नारी पुरुषमाझ समान हक, अधिकार र न्याय खोज्ने क्रममा पुरुषसँगको कुनै पनि प्रकारको सम्बन्धलाई पूर्ण रूपमा बहिष्कार गरेको पाइन्छ। यसले नारीको अनुभव, विचार, रूचि, चाहना, समस्या नारी स्वयम्ले मात्र बुझ्दछन् भन्ने मत अघि सारेको छ। त्यसर्थ यिनीहरूको समस्याको समाधान नारी सङ्लग्नतामा रहेर गर्न सकिन्छ भन्ने कुरामा समस्त नारीलाई नारी ऐक्यबद्धताका दिशामा अघि बढ्न प्रेरित गर्दछ। नारीवादको दोस्रो धाराले समलिङ्ग नारीका समस्यालाई समावेश गर्न नसकेका कारण खोजी गर्दै सन् १९७० को दशकमा देखा परेको नारीवादको उपभेद हो नारीसमलिङ्गवादवाद।नारी स्वतन्त्रता, मुक्तिसम्बन्धित विभिन्न आन्दोलनमा समलिङ्गका सहभागिता महत्त्वपूर्ण रहे तापनि उनीहरूका समस्या समाधान नहुनु र उनीहरू ओझेलमा रहनु पनि नारीसमलिङ्गवादवादको उदयको अर्को कारण हो। चारलोट्टे बन्च, रिता मोय ब्राउन, एड्रिन रीच, म्यारी डेली, शीला ज्याफ्री र मोन्टिक विटी आदि लेखक यस दिशामा अग्रसर छन्। नारीवादले पितृसत्तात्मक व्यवस्था र पुरुष मानसिकताबाट मुक्तिपाउन र पुरुषसमान नारीले पनि प्रत्येक क्षेत्रमा अधिकार पाउनु पर्छ भन्ने आवाज उठाए तापनि समाजमा समलिङ्गहरू किनारीकृत छन्। नारी पुरुष दुवैको दृष्टिबाट समलिङ्गलाई हेय दृष्टिले हेरिनु भनेको नारीवादले समस्त नारीको समानताको पक्षमा आवाज उठाउन नसकेको अनुभव समलिङ्ग नारीले गरेका छन्। समलिङ्ग नारीवादी आफ्ना समस्याहरूको निराकरण नारीबाट मात्र हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छन्।

"एड्रियन रिच र अद्रे लोर्डेले आफ्ना लेखनद्वारा इतरलिङ्गीको अवधारणा अघि सारेको पाइन्छ। उनीहरूको कथनले इतरलिङ्गीलाई पितृसत्तासित भिड्नसक्ने औजारको रूपमा

प्रत्यारोपित"[९७] गरेको पाइन्छ भन्ने भनाइलाई प्रवीण राई जुमलीले उल्लेख गरेका छन्। विपरीत लिङ्गप्रतिको आकर्षणलाई पूरै बहिष्कार गर्ने हुनाले नारीसमलिङ्ग नारीवादीहरू अन्य नारीवादीभन्दा भिन्न देखिन्छन्। समलिङ्ग लेखकहरूले पुरुषविहिन एउटा यस्तो संसारको कल्पना गरेका छन् जहाँ उनीहरू अन्य नारीवादीसँग पनि वर्गीकृत हुने छैनन् र आफ्नो भिन्नताको चुनौतिलाई पनि जोगाउन सक्षम हुनेछन्।[९८] पुरुषसँगको सम्बन्ध, सहभागिता, सङ्लग्नतालाई बहिष्कार गर्नसके मात्र नारीले पुरुषसमान अधिकार र न्याय पाउन सक्नेछन् भन्ने धारणा समलिङ्ग नारीवादी लेखकहरूको रहेको छ। "नरको नारीसित, नारीको नरसित मात्र यौन सम्बन्ध उचित हुन्छ भन्ने पितृसत्तावादी सीमारेखालाई भङ्ग गर्दै समलिङ्गहरू आफ्नै यौनको मान्छेसित गोप्य सम्बन्धमा बाधिन रमाउँछन् ।उनीहरूको विचार अनुसार नारीले नारीलाई चिन्ने, बुझ्ने र हृदयंगम गर्ने सच्चा अवसर समलिङ्ग जीवनमा नै प्राप्त हुँदछ। नरको टेवा न चाहिने र लोग्ने मान्छेले तोकेको मान्यतालाई पनि ध्वस्त गर्ने हुनाले उनीहरू समलिङ्गवादलाई नारी मुक्तिको सर्वोत्तम उपाय मान्छन्।"[९९] नारीवाद सिद्धान्तले चाहेको पुरुष शोषणबाट नारीको मुक्ति, पुरुषसमान अधिकार जस्ता उद्देश्य प्राप्ति समलिङ्ग नारीवादबाहेक अन्य कुनै प्रकारद्वारा पूरा गर्न सक्दैन भन्ने कुरामा उनीहरू विश्वस्त रहेका पाइन्छन्। शीला ज्याफ्री जस्ता सशक्त समलिङ्ग नारीवादी नारीले एकार्कामा प्रेम गर्नुपर्ने, नारीको अलग्गै सत्ता संस्था, सम्प्रदाय हुनुपर्ने र नारी नारीमाझ समस्या विषय विचार विमर्श हुनुपर्ने कुरामा जोड दिएकी छन्। व्यावहारिक जीवनमा, साहित्यमा समलिङ्ग नारीवादी लेखकहरूले नारीको एउटा भिन्न समाजको निर्माण गर्न चाहेका छन्।

---

९७ प्रवीण राई जुमेली, सन् २०१४, **आफ्नै मनका परदेशहरू**, मेयोङ्, कितापलच्छी प्रकाशन, पृ. १३६।

९८ सुधा त्रिपाठी, सन् २०१२,पूर्ववत्, पृ. १४२।

९९ कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४२४।

## २.४.८ फ्रान्सेली नारीवाद

उत्तरआधुनिक नारीवादअन्तर्गत विकसित भएको नारीवादको एउटा प्रकार फ्रान्सेली नारीवाद पनि हो। हेन्स् बर्टनस्ले **लीटररि थिअरी दि बेसिक्स** र केरी वेलले **फेमिनिस्ट लीटरेरी थिअरी** नामक पुस्तकमा फ्रान्सेली नारीवाद शब्द प्रयोग गरेका छन्। फ्रान्सेली नारीवादलाई सुधा त्रिपाठीले **मनोविश्लेषणात्मक नारीवाद**[१००] धेरैले यसलाई **फ्राइडवाद र नारीवाद**[१०१] भनेर उल्लेख गरेका कुरा पनि जोस्पाइन डोनोभानले उल्लेख गरेका छन्। फ्रान्सेली नारीवादी लूस इरिगरी, जुलिया क्रिस्तेभा, हेलेन सिजू आदि उत्तरसंरचनावाद, विनिर्माणवाद र लकाँको मनोविश्लेषणवादबाट प्रभावित देखिन्छ।

फ्रान्सेली नादीवाद फ्रायड, लकाँ आदि मनोवैज्ञानिकका सिद्धान्तबाट प्रभावित भएको पाइन्छ।यसमा नारी पुरुषभन्दा निम्न अथवा दोस्रो दर्जाका हुन् भन्ने मनोवैज्ञानिक धारणालाई अस्वीकार गरेको छ। पितृसत्ताले सदैव पुरुषलाई प्रभुत्व जमाउन ऊर्जा प्रदान गर्ने हुनाले पुरुषवादी मानसिकताले ग्रस्त पुरुषले पितृसत्ताको अन्त गर्न चाहँदैनन्, उनीहरू पितृसत्तालाई निरन्तरता दिन अझ सक्रिय हुन्छन् भन्ने भनाइ फ्रान्सेली नारीवादी लेखकहरूको रहेको छ। वास्तवमा फ्रायडले नारीप्रति अभिव्यक्त गरेका धारणाको प्रतिक्रियास्वरूप फ्रान्सेली नारीवाद सुरु भएको देखिन्छ।"बालिकामा एउटा मनोग्रन्थि हुन्छ जसलाई पितृप्रेम मनोग्रन्थि भनिन्छ। यो मनोग्रन्थि इडिपस मनोग्रन्थिसँग मिल्दोजुल्दो हुन्छ। वास्तवमा जब बालिकाहरूले बालकहरूको गुप्ताङ्ग देख्दछन् र आफूसँग त्यस्तो अङ्गको कमी महसुस गर्दछन् तब यो कमीको कारण उनीहरूले आमालाई ठान्दछन्। यो स्थितिमा उनीहरू स्वाभाविक रूपमा

१०० सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत् पृ. ११२।

१०१ जोस्पाइन डोनोभान, सन् २०१२, पूर्ववत्, पृ. ११४।

बाबुतर्फ आकर्षित हुन पुग्दछन्।"[१०२] फ्रायडले मनोलैङ्गिक सिद्धान्तमा बालिकाले बाल्यावस्थामा नै आफ्नो गुप्ताङ्ग अर्थात् शिश्नको अभावका विषयमा चिन्ता गर्दछन् भनेका छन्। त्यसैले बालिकाहरूमा पितृप्रेम मनोग्रन्थि एवम् शिश्नलोप मनोग्रन्थि उत्पन्न हुन्छ भन्ने विचारले उनको सिद्धान्तले नारीलाई पुरुषभन्दा निम्न र हीन देखाउन चाहेको कुरा स्पष्ट छ। फ्रान्सेली नारीवादीहरूले भने पितृप्रेम मनोग्रन्थिले आमा र छोरीको सम्बन्ध नरहनु भन्ने कुरा अस्वीकार गर्दछ नारी नारीमाझ नै संवेगात्मक सम्बन्ध भने घनिष्ट र दीर्घकालीन हुन्छ भन्ने कुरामा उनीहरू विश्वस्त रहेका छन्। यसरी फ्रायडको विचार पनि पितृसत्तामा नै अडेको कुरा स्पष्ट देखिन्छ र यसको विरोधमा फ्रान्सेली नारीवादीहरू खडा भएका पाइन्छन्। फ्रायडपछिका लकाँले भने बालकको विकासका विम्बात्मक र प्रतीकात्मक दुईवटा अवस्था देखाएका छन्। बालकले भाषा अर्जन गर्न अघिको अवस्था विम्बात्मक अवस्था हो। यस अवस्थामा बालकले कुनै कुराको बोध गर्न सक्दैन। भाषा आर्जनपछि मात्र कुनै पनि बालकले नारी र पुरुष छुट्याउन सक्षम हुँदछ र सामाजिक संसारमा प्रवेश गर्दछ।सामाजिक संसारलाई लकाँले प्रतीक व्यवस्था भनेका छन्।[१०३] लकाँले समाजको प्रतीकात्मक व्यवस्थामा नारीको कुनै स्थान नहुनु भनेको नारीले आत्मबोध गर्न नसक्नु हो भनेका छन्। त्यसैले नारीहरू अपूर्ण हुन्।अपूर्ण हुनु भनेको पुरुष लिङ्गको विपरित लिङ्ग हुनु हो जसलाई लिङ्गको रूपमा नगनेर केवल कोखको रूपमा मात्र मानेका छन्। यी व्याख्याका विरोधमा फान्सेली नारीवादीका स्वर उठेको पाइन्छ। "क्रिस्तेभा आमा र नानीको सम्बन्ध गर्भदेखि सुरु भएर जन्मपछि पनि त्यतिकै प्रगाड रहेको बताउँछिन्। फ्राइडको ओडिपल र

१०२ कृष्णप्रसाद भण्डारी, सन् २००१, **फ्रायड र मनोविश्लेषण**, काठमाडौं, साझा प्रकाशन, पृ. १२९।

लकाँको सिम्बलिक वास्तवमा आमा र नानीमा अन्तराल ल्याउने पितृसत्ताको षडयन्त्र मात्र हो भन्छिन्।"[१०४]

क्रिस्तेभा, लूस इरिगरी र हेलेन सिजू फ्रान्सेली नारीवादी हुन्। "लकाँ जस्ता पुरुष दार्शनिकको भाषा पुलिङ्ग शब्द केन्द्रित (फयालोगोसेन्ट्रिक) छ।"[१०५] यस्तै प्रकारले धर्म, दर्शन र भाषा सबै पुरुषकै पक्षमा रहेका छन्।लूस इरिगरी फ्रायडको सिद्धान्त पुलिङ्ग केन्द्रवादतिर ढल्केको देख्छिन्। फ्रायड तथा प्लेटोहरू नारीलाई अबौद्धिक र अपूर्ण ठान्दछन् भन्ने आपत्ति उनको रहेको पाइन्छ।उनी आफ्नो **सोर्टिच** निबन्धमा सुरुमै "नारी कहाँ छे? भनेर प्रश्न गर्छिन् र पितृसत्ताले अनुमोदित द्विचर विरोधलाई प्रस्तुत गर्छिन् जहाँ नारीको स्थान पुरुषको पूरकको रूपमा मात्र छ- सक्रियता/ निष्क्रियता, सूर्य/ चन्द्र, संस्कृति/प्रकृति, दिन/रात, फादर/मदर, मस्तिष्क/मुटु।"[१०६] उनको विचारमा फ्रायड, लकाँ जस्ता दार्शानिक नारीका विषयमा नकारात्मक पक्षमात्र देख्न अथवा सोंच्न सक्छन्। उनीहरूले नारीलाई दुर्बल, पुरुषभन्दा निम्न देखाउन खोजेका छन् भन्दै समस्त पश्चिमी दर्शन नै नारीको विरोधमा छ भन्ने कुरा देखाएका छन्। इरिगरीको विचारमा पुरुषलाई सदैव आफ्नो लिङ्ग लोप हुने भयले सताइरहेको हुन्छ। नारीले पुरुष लिङ्गको अभावको अनुभव गरिरहन्छे भनेर पुरुषले आफूलाई लिङ्ग लोपको भयबाट मुक्त र सुरक्षित राख्ने उपाय खोजेको उल्लेख गरेकी छन्। उनले नारीमा पुरुष लिङ्गको कमी हुन्छ भन्ने धारणा गतल हो भन्ने कुरा उठाएकी छन्। एउटी बालिकाले आफू बाल्यावस्थामा हुँदा नै पुरुष लिङ्गभन्दा आफ्नो

---

१०३ क्रिस्टन क्याम्बेल, सन् २००४, **जाक लकाँ एन्ड फेमिनिस्ट एपिस्टमोलोजी**, न्यू योर्क, रौटलेज, पूर्ववत्, पृ. १००।

१०४ एलिन रोनी (सम्पा.), सन् २००६, **फेमिनिस्ट लीटरेरी थिअरी**, न्यूयोर्क, क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ. १६६।

१०५ हन्स बर्टिन, सन् २००१, पूर्ववत्, पृ. १६५।

१०६ हन्स बर्टिन, सन् २००१, पूर्ववत्, पृ. १६४। ।

लिङ्गमा कमी भएको अनुभव गर्छे भन्ने धारणा वास्तवमा पुरुषबाट सदैव नारी निम्न, दोस्रो दर्जाको हो भन्ने भयको जन्म गराउने एउटा षड्यन्त्र मात्र हो भन्ने कुरामा लूस इरिगरीको अडान छ। नारी आत्मबोध गर्न असक्षम हुन्छन्। उनीहरू कोखमात्र हो जसको सामाजिक संसारमा कुनै अर्थ र मूल्य छैन भन्ने लकाँको भनाइको विरोधमा जुलिया क्रिस्तेवाले आवाज उठाएकी छन्। उनको विचारमा "कोखको अर्थ नै छैन भने कोखविना जम्म कसरी सम्भव छ भन्ने प्रश्न गर्दै नारी कुनै पनि दृष्टिले पुरुषभन्दा निम्न हुन सक्दैनन् भन्दछिन्। पुरुष नारीभन्दा निम्न हो भन्ने उपर्यक्त धारणा पितृसत्तात्मक समाजले पुरुषको हितको निम्ति नारीप्रति हीनता उत्पन्न गर्ने उद्देश्यले मात्र स्थापित गरेको हो। प्राकृतिक स्तरमा शारीरिक गठनमा भिन्नता भए तापनि वास्तवमा नारी र पुरुषमाझको भेद सांस्कृतिक, ऐतिहासिक र मनुष्यरचित भेद मात्र हो।"[१०७] पुरुष भाषा प्रतीकात्मक हुन्छ भन्दै पुरुषको भाषा नारीलाई शोषण र दमन गर्ने भाषा हुन्छ भन्ने क्रिष्तेभाको तर्क रहेको छ। पुरुषको वर्चस्व बढ्दै जाँदा उनीहरू नारीलाई शोषण, दमन गर्न उत्प्रेरित हुन्छन्। आफूलाई शौर्य ठान्दै जाँदा नारीमा कमजोर, निर्बलताको विकास हुँदै जान्छ भन्ने कुरामा यिनीहरूले जोड दिएका छन्। फ्रान्सेली नारीवादले नारी र पुरुषमा वास्तवमा कुनै विभेद छैन, विभेद छ भन्ने धारणा केवल पितृसत्तात्मक मानसिकता भएका दार्शनिक, लेखकले पुरुषलाई नारीभन्दा उच्च देखाउनका निम्ति रचेका षड्यन्त्र मात्र हुन् भन्ने मत अभिव्यक्त गरेको छ। संस्कृति, धर्म, सभ्यता, व्यवस्था र भाषा जस्ता सबै क्षेत्रमा पुरुषको प्रभुत्व छ तर नारी सचेत र सक्रिय भए भने यस धारणालाई भत्काउने छन् भन्ने उद्देश्य यिनीहरूको रहेको पाइन्छ।

---

१०७ अर्चना वर्मा, सन् २००८, **अस्मिता-विमर्शका स्त्री स्वर**, दिल्ली, मेघा बुक्स, पृ. ५२-५३।

## २.४.९ तेस्रो लहरका प्रमुख प्रकार

सबै पक्षमा नारीलाई पुरुष समान अधिकार प्राप्त हुनुपर्छ भन्ने पक्षलाई समेटिएका भए तापनि समानता खोज्ने तरिकाहरू भने अघिल्ला चरणभन्दा केही भिन्न किसिमका रहेका छन्। तेस्रो लहर सन् १९९० को दशकतिर मात्र देखा परेको सैद्धान्तिक दृष्टिकोण हो। यस धाराका नारीवादीले विभिन्न समूहको नारीका परिचय, चिन्हारी र अस्तित्वलाई समेटेका पाइन्छन्। विश्वभरिका नारी विभिन्न रङ्ग, देश, धर्म, जाति र सांस्कृतिक समूहका छन् त्यसैले यी विभिन्न समूहका नारीले आफूलाई परिचित गराउने उपाय आफ्नै किसिमका रोजेका छन्। उनीहरूले सबै नारी एकै किसिमका हुनुपर्छ भन्ने कुरालाई स्वीकारेका छैनन्। यस धाराका नारीवादीहरू “आफूलाई समानरूपमा महिलाका स्वरूपमा मात्र नहेरी‘ सेक्सी गर्ल्स’, ‘स्ट्रङ ब्ल्याक उमन्’, ‘क्वेर डाइक्स’का रूपमा परिचित गराउँदछन्। उनीहरू आफ्नो हेराइ आफै निश्चित गर्न चाहन्छन्। उनीहरू विषम लैङ्गिकतालाई आफ्नो स्वतन्त्रतामाथिको बन्देज मान्दैनन्, द्विलिङ्गीयताको परीक्षण गर्दछन्। उनीहरू नारीवादी दिदी बहिनीको खोजी नगरी नियन्त्रण विहीन युवती र लडाकु युवतीको कुनै ठोस विचारसँग आबद्ध नभएका अर्थात् तरल समूहको निर्माण गर्छन् जो हिपहप ब्यान्ड र कला सर्जक हुने गर्छन्।”[१०८] दोस्रो धाराका नारीवादीका  विचार र मान्यताको विपरीत धारणा लिएर यस धाराका नारीवादीहरू अघि बढेका पाइन्छन्। यसैबाट प्रभावित भएर जन्मेको “लिपस्टिक फेमिनिज्म, स्टिलेट्टो फेमिनिज्म, गर्लि फेमिनिज्मका निष्पादकहरू आफूलाई नारीमय देखाउन कस्मेटिक मेकअप र भङ्गिलो / आकर्षक पोसाक धारण गरेर हिंड्नथाले। त्यसो गर्दा उनीहरूले आफूलाई मनोवैज्ञानिक, सामाजिक र राजनीतिक रूपमा सशक्त भएको अनुभव गर्नथाले। यहाँ

---

१०८ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. १५१ ।

उनीहरूको आफ्नो चासो र छनौटले उनीहरूलाई सबल र विश्वस्त बनाइरहेको थियो।"[१०९] कुरालाई प्रवीण राईले उल्लेख गरेका छन्। यस धाराका नारीवादीहरू समाजले नारीप्रति पालेको दृष्टिकोणभन्दा आफूलाई अलग्गै रूपमा चिनाउन चाहन्थे। यस्ता नयाँ वैचारिक परिवर्तन यतिञ्जेल नारीप्रति बाँचेर आएको परम्परागत धारणालाई ध्वस्त पारेरे नयाँ समाजको निर्माणमा जुटेको पाइन्छ। सुशील, संवेदनशील, दयालु जस्ता नारीत्वको विशेषताबाट आफूलाई मुक्त बनाएर भिन्न रूपमा परिचय गराउन चाहने नारीवादीहरू अघि बडेको पाइन्छ।

तेस्रो धाराका नारीवादीमा विशेष गरेर युवा नारी सक्रिय रहेका थिए। यिनीहरू समलिङ्गनारीवादीहरू जस्तो विषम लिङ्गीप्रति टाडा नरहेर विषमलिङ्गसँग खुल्ला रूपमा सम्बन्ध राख्न इच्छुक देखिन्छन्। नारीसमलिङ्गवादलाई पनि अप्नाएर विषमलिङ्गप्रति भने विशेष आकर्षित रहेका पाइन्छन्। पुराना परिपाटीमा रमाउने र परम्परागत प्रचलित नारीका रूप, चालचलन, रहनसहन, पोशाक आदिलाई पूर्ण रूपमा त्यागेर विभिन्न रङ्गले कपाल रङ्ग्याएर, काटेर उनीहरू भिन्नै किसिमको परिचय निर्माण गर्नतिर लागेका थिए। परम्पराप्रतिको एकोहोरो मोह राख्नेहरूका विरोधमा यो एउटा नयाँ क्रान्तिकारी सोच हो त्यसैको विकासमा यिनीहरू अग्रसर रहेको पाइन्छ। राजनैतिक अधिकारका निम्ति आन्दोलनको रूपमा उठेको नारीवाद सिद्धान्त तेस्रो धारासम्म विकास हुँदासम्म पाठपरक बनेर पूर्णरूपमा भिन्न देखिएको पाइन्छ।

नारीवादको तेस्रो धाराको प्रारम्भ "लिस्सन अप (सन् १९९५) बारबरा फिन्डलेन र रेबेका वाकरद्वारा सम्पादित **टू बी रियल** (सन् १९९५), लेसली हेवार्ड र जेनिफर ड्रेकद्वारा सम्पादित **थर्ड वेभ एजेन्डा** (सन् १९९७), जेनिफर बूमगार्डन र एमी रीचार्डद्वारा सम्पादित

१०९ प्रवीण राई जुमेली, सन् २०१४, पूर्ववत्, पृ. १३९।

**मेनिफिस्टो** (२०००)"[११०] बाट सुरु भएको भए तापनि यस धाराको सैद्धान्तिक स्रोत मुख्यत: जुडिथ बटलरको **जेन्डर ट्रबल** (सन् १९९०) र **बढिस् ड्याट म्याटर**-लाई मानेको पाइन्छ। बटलरको दृष्टिकोणलाई अघि सार्दै प्रवीण राई जुमेलीले आफ्नो पुस्तकमा "लैङ्गिक विमर्श एउटा परिवर्तनशील विषय भएकाले स्थापित मूल्य र मान्यतालाई अवरोध गर्नसक्ने र नयाँ यथार्थलाई उजागर गर्नसक्ने हतियारको रूपमा उठाउन सकिने बताएकी थिइन्। समाज र व्यष्टिबिचको फटन मेटाउँदै एवम् पहल र परिवर्तनको सम्भाव्यताको रूपमा प्रस्तुत गर्दै बटलरको दृष्टिकोण संरचना र पहलकर्ताको तन्नन माथि बल्झि उठेको थियो। यसरी परिवर्तनको सम्भावना नै अल्मल र उच्छेदनका फटनहरूमा हेरिएको थियो जसले सामाजिक र भौतिकी, विमर्श र शरीर अनि यौन र लिङ्गका युग्मित विभेदलाई भत्काउने अठोट लिएको थियो"[१११] भन्ने कुराको उल्लेख गरेका छन् ।

तेस्रो धारामा "डोना जे हारावेको साईबोर्गले साइबर फेमिनिज्म"[११२] जस्ता उपभेदको उदयमा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। उनले नारीलाई साइबोर्गको समानान्तरमा राखेर व्याख्या गर्न खोजेका छन्। साइबर नारीवादी "सेडी प्लान्टले साइबरको माध्यम नारी स्वतन्त्रताका निम्ति सर्वोत्तम ठानेकी छन्। सञ्जालद्वारा नारीहरूले एकार्कामा खुल्ला रूपमा आफ्नो अनुभव साझा गर्दै नारी महत्त्व बुझ्न सक्छन्। टेक्नलोजी कसैको पनि नियन्त्रणदेखि मुक्त भएको हुनाले सञ्जालमा नारीहरू पुरुष हैकमबाट स्वतन्त्र बनेर आफ्नो कुरा राख्न सक्ने हुँदा साइबरले पितृसत्ताको अन्त भएको प्रतिनिधित्व गर्दछ"[११३] भन्ने तर्क प्लान्टले राखेकी छन्। संसारभरिकै नारी सञ्जालद्वारा एक हुनुपर्ने कुरामा साइबर नारीवादीहरूले

---

११० जोस्पाइन डेनोभान (सम्पा.), सन् २०१२, पूर्ववत्, पृ. १९९।

१११ प्रवीण राई जुमेली, सन् २०१४, पूर्ववत्, पृ. १४१।

११२ एस. एम. चना, सन् २००६, **फेमिनिस्ट मेथडोलजी**, न्यू दिल्ली, कस्मो पब्लिकेसन्स, पृ. १६८।

११३ एस. एम. चना, सन् २००६, पृ. १८१।

दिएको जोडलाई समर्थन गर्दै विश्वभरि छरिएर बसेका नारीमाझ एकता कायम गर्न मसिन उपयुक्त माध्यम रहेको देखाएकी छन्। शिल्पविज्ञान अथवा सञ्चारमाध्यमद्वारा समस्त नारी एक सूत्रमा बाँधिएर विचार विमर्श गर्न सक्ने कुरामा साइबर फेमिनिज्मको विशेष भूमिका रहेको पाइन्छ।

तेस्रो लहरमा देखा परेको नारीवादको अर्को प्रकार लिप्स्टिक नारीवाद हो। एकातिर श्रृङ्गार प्रशाधनद्वारा नारीले लिप्स्टिक लगाएर आफूलाई नारीत्वको सग्लो रूप देखाएर हिड्नुमा नै आफूलाई उचित ठानेको पाइन्छ। अर्कातिर यसभन्दा अघिका नारीवादीले नारीसुलभ श्रृङगारलाई पूर्ण रूपमा बहिष्कार गरेर आफूलाई आकर्षणहीन बनाउनपट्टि उचित ठानेको पाइन्छ। तर लिप्स्टिक नारीवादीले भने लिप्स्टिक लगाएर आफूलाई नारीवादी भन्न रुचाएको पाइन्छन्। यस्तै प्रकारले श्रृङ्गारका सामग्रीले आफूलाई विभिन्न प्रकारले श्रृङ्गारेर आफ्नो शारीरिक सौन्दर्यलाई विशेष महत्त्व दिँदै देखा पेरको नारीवाद स्टिलिट्टो नारीवाद हो। यिनीहरू पोलनाचमा अघि आएर पोल नर्तकीको रूपमा आफूलाई चिनाउन चाहन्थे। "समावेशनको पहलअन्तर्गत क्विर सिद्धान्तले हिजडा र समलिङ्गदेखि लिएर ड्रयागक्विन्स, ड्रयागकङ्ग्स, मास्कुलिन वुमेन, फेमिनीन् म्यान आदि सबैलाई समेटेको थियो। यसरी तेस्रो लहरको एक मूल मुद्दाको रूपमा अघि आएको 'ट्रान्सफेमिनिज्म' ले विशेषत: नारीलाई आफ्नो चिनारी आफै दिने स्वायत्तता दिँदै समाजअघि उभिन उत्प्रेरित गरेको थियो।...'ट्रान्सवर्सलिज्म' ले राष्ट्र, स्थान र धार्मिक सीमापारिका नारीहरूलाई पनि समावेश गरिने मत दिइएको पाइन्छ।...विभिन्न राष्ट्र, धर्मका नारीहरूलाई समावेश गरिने त्यस विचारको प्रस्फुटन निरा युवाल डेविसलको पुस्तक **जेन्डर एन्ड नेसन** (सन् १९९७) मा भएको थियो"[११४] भन्ने कुरा प्रवीण राई जुमेलीले उल्लेक गरेका छन्। कतिपय नारीवादी

---

११४ प्रवीण राई जुमेली, सन् २०१४, पूर्ववत्, पृ. १४२।

समस्त नारीको मुक्तिको निम्ति आवाज उठाएका छन् भने कतिपय नारीवादीहरू व्यक्तिगत स्वतन्त्रता, न्याय र अधिकारको निम्ति वैचारिक सङ्घर्षमा उत्रेका छन्। तर "यो व्यक्तिवादिता नारीवादी र महिला भन्ने पदका माध्यमले प्रस्तुत सामुहिक पहिचानका विपक्षमा छ। उपर्यक्त दुईवटा पदद्वारा आफ्ना पहिचान प्राप्त नगर्ने चाहनाले उनीहरूको वास्तविक र विम्बात्मक दुवै आमाबाट छुट्टिने आकाङ्क्षालाई प्रस्तुत गर्दछ। नाओमी उल्फका अनुसार यस आकाङ्क्षाले सामुहिक पहिचानभित्र आफ्नो स्वरलाई हराउनुभन्दा आफ्नो छुट्टै व्यक्तिगत स्वरको दाबी गर्ने कुरालाई अघि सार्दछ।"[११५] यसरी धेरैपछि विकसित भएको नारीवादको तेस्रो धाराले नारीको स्वतन्त्रता, पुरुषसमान हक, अधिकार खोज्न विभिन्न मान्यता लिएर अघि बढेको पाइन्छ। यस धाराका नारीवादीहरू एकै झुण्डका नभएर विभिन्न समूहका रूपमा आ- आफ्नै छुट्टै सिद्धान्त लिएर देखा परेका पाइन्छन्।

## २.५ नेपाली साहित्यमा नारीवादको प्रयोग

पुरुषसत्ताले पुरुषवर्गलाई पहिलो र नारीलाई दोस्रो दर्जामा राखेर हेर्ने प्रचलनका विरोधमा देखिएको सिद्धान्त नै नारीवाद हो। नारीलाई पुरुषको तुलनामा हीन मान्ने प्रमुख तत्त्व पितृसत्तात्मक मानसिकता हो भन्ने धारणा नारीवादी चिन्तकले व्यक्त गरेका छन्। वास्तवमा नारीलाई पुरुषभन्दा हीन तुल्याउने कार्य पुलिङ्ग प्रभुत्ववादी सामाजिक व्यवस्थाले गरिरहेको छ भन्ने दृष्टिकोण नारीवादीहरूको रहेको पाइन्छ। नारीका विविध पक्ष साहित्यमा उल्लेख भएका पाइन्छन्। नारीको हक, अधिकार पुरुष समान हुनुपर्छ र प्राकृतिक रूपले नारी पुरुषभन्दा दुर्बल छैनन् भन्ने कुरासँग सम्बद्ध साहित्यलाई नारीवादी साहित्य भनिन्छ।

---

११५ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. १५४।

नेपाली साहित्यमा नारीवादको प्रयोगका सन्दर्भमा विभिन्न मतभेद रहेका पाइन्छन्। नारीवादको पक्षमा विभिन्न समालोचकका समालोचकीय टिप्पणी पनि यसका लागि सकारात्मक पहल मानिन्छ। इन्द्रबहादुर राईले पुष्प राईको **भोलिको प्रतीक्षा**-लाई "क्षीणकाय यस उपन्यासिकालाई पूर्ण अर्थमा नारीवादी प्रथम नेपाली लेखन भेट्दछौं "[११६] र " **भोलिको प्रतीक्षा** (सन् १९९०) -मा नारीवादी प्रथम नेपाली लेखन पाएको थिएँ, **मध्यान्तर** (सन् २००७) त्यस लेखनको अत्युन्नत विकास पाउँछौं"[११७] भन्ने घोषणा गरेर नेपाली साहित्यमा नारीवाद पूर्णरूपले उर्वरित भएको कुरा प्रमाणसहित पुष्टि गरिदिएका छन्। यसलाई नेपाली नारीवादी साहित्यको ठुलो उपलब्धि मान्न सकिन्छ। पुण्यप्रसाद प्रसाईद्वारा सन् २०११ मा लिखित **आईमाई मान्छे**को आवरण पृष्ठमा कुशन थापाको मन्तव्यअनुसार "जस्तो उच्चस्तरीय नारीवादी उपन्यास यसभन्दा अघि नेपालमा प्रकाशित भएको थिएन"[११८] भन्ने भनाइले नेपाली नारीवादी साहित्यलाई थप उर्जा बल प्राप्त भएको अनुभव गरिन्छ। कृष्णहरि बराल र नेत्र एटमले भने हृदयचन्द्रसिंहको "**स्वास्नीमान्छे** नै नेपालीको पहिलो नारीवादी उपन्यास ठहर्दछ"[११९] भन्ने मत प्रकट गरेर नेपाली उपन्यास लेखनमा अगावै नारीवादले प्रवेश गरिसकेको कुरा सार्वजनिक गरिसकेका छन्। अतः यी आधारहरूले नेपाली साहित्यमा नारीवादको प्रयोग भएको स्पष्ट गर्दछ। यसरी नेपाली साहित्यमा नारीवादी चिन्तनको विकासक्रमलाई विधागत रूपमा अध्ययन गर्न उचित हुनेछ।

---

११६ पुष्प राई, सन् २०१०( दो.सं.), **भोलिको प्रतीक्षा**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ. ङ।

११७ पूर्ववत्, पृ. ख।

११८ पुण्यप्रसाद प्रसाई, सन् २०११, **आइमाई मान्छे**, काठमाडौं, डीकुरा पब्लिकेशन, आवरण पृष्ठ।

११९ कृष्णहरि बराल र नेत्र एटम, सन् १९९९ **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं, साझा प्रकाशन, पृ. १२१।

## २.५.१ नेपाली उपन्यासमा नारीवाद

नेपाली साहित्यको ऐतिहासिक विकासक्रमलाई हर्नु हो भने नारीलिखित प्रथम उपन्यास अम्बालिका देवीको **राजपूत रमणी** ( सन् १९३२) मानिए तापनि सन् १९३६ मा प्रकाशित **भ्रमर**-लाई नारीवादी प्रवृत्तिको प्रथम प्रवेशिका मान्न सकिन्छ। नारीवादको प्रयोग नेपाली उपन्यासमा रूपनारायण सिंहको **भ्रमर** (सन्१९३६) मा उपन्यासकी नारी पात्र मायाले इन्द्रेशेखरले गरेको पश्चतापसम्म सुन्न नमानेको प्रसङ्गले स्पष्ट पार्दछ। यसका साथै नारी शिक्षित बनेर डाक्टर जस्तो उच्च स्तरीय पेसा अपनाउने जस्ता प्रसङ्गले नारी अब शिक्षित बनेर स्वावलम्बी, आत्मनिर्भर, स्वनिर्भर बनेर स्वतन्त्र बन्नुपर्ने सङ्केत रहेको छ। नारीवादले नारी परनिर्भरतादेखि मुक्त हुनुपर्छ।मुक्तिर स्वतन्त्रताका दिशामा लागेका नारीले आफ्नो मूल्य र अस्तित्वका निम्ति स्वयम्ले सङ्घर्ष गर्नुपर्छ। आफू माथि थोपरिएका रूढि, पुराना मान्यता र परम्परावादी नियमको विरोध गर्ने साहस नारीमा हुनुपर्छ एवम् स्वअस्तित्व सचेत, स्वाभिमानी, आत्मसम्मान सुरक्षित राख्न सचेष्ट बन्नुपर्छ भन्ने नारी जागरणका कुरा सबैले बुझ्नुपर्छ भन्ने सङ्केत **भ्रमर**ले गरेको पाइन्छ। नारीवादीहरूले नारी सचेतताको निम्ति शिक्षालाई प्रथम हतियारको रूपमा लिएका छन् भने प्रस्तुत उपन्यासमा पनि सबै नारीले शिक्षित बनेर नारी सशक्तीकरणको अभियान सुरु गरेको पाइन्छ।

लक्ष्मीप्रसाद देवकोटाको **चम्पा** (सन् १९४५) लैनसिंह वाङ्देलको **माइतघर** (सन् १९५०), हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** (सन् १९५४) र **एक चिहान** (सन् १९६०) उपन्यासले नारीको आत्मोन्नतिमा बाधा पुऱ्याएको सतीत्व र जातित्वका साङ्लालाई चुँडाल्ने काम गरेको छ।[१२०] नारीवादी अवधारणाको प्रस्तुति भएका प्रमुख उपन्यासहरूमा लीलाध्वज

१२० सुधा त्रिपाठी, सन् २०१२, **नेपाली उपन्यासमा नारीवाद**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ८६।

थापाको **शान्ति** (सन् १९५८), गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (सन् १९५९), विजय मल्लको **अनुराधा** (सन् १९६१), पारिजातका **शिरीषको फूल** (सन् १९६५), **पर्खालभित्र र बाहिर** (सन्१९७८), **अनिँदो पहाडसँगै** (सन् १९८२), **परिभाषित आँखाहरू** (सन् १९८६), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** सन् १९६८), इन्द्र सुन्दासको **जुनेली रेखा** (सन् १९६९), मदनमणि दीक्षितको **माधवी** (सन् १९८२), प्रेमा शाहको **मम्मी** (सन् १९८३), राधा रसाईलीका **बद्लदो समाज** (सन् १९८५), **आँधी** (सन् १९९६), नकुल सिलवालको **तेस्रो पाइला** (सन् १९८८), प्रतीप ज्ञवालीको **सहयात्री** (सन् १९८९) आदि हुन्।

पुष्प राईको **भोलिको प्रतीक्षा** उपन्यासमा स्वार्थी, कामुक र भोगवादी मानसिकता भएको पुरुषको विरूद्धमा एकली नारी पात्रा खडा भएकी छ। नारीलाई वासनापूर्तिको साधन ठान्ने, नारीलाई भोगेर आफ्नो जिम्मेवारीबाट पलायन हुने कामलोलुप तथा भीरू पुरुषलाई सम्पूर्ण मानव अस्तित्व नै बचाउनमा उपन्यासकी नारी पात्र खडा भएकी छ। उपन्यासमा उपन्यासकारले पुरुषले कमजोर वस्तु मात्र ठानेको नारी अब सबल बनेर पुरुषविना सम्पूर्ण उत्तरदायित्व लिन सक्षम बनिसकेका छन् भन्ने उदाहरण बनेर पुलिङश्रेष्ठतावादी मानसिकतालाई खुल्ला चुनौति दिएका छन्। नेपाली उपन्यासका क्षेत्रमा सक्रियरूपले कलम चलाउने गीता केशरीका **सौगात** (सन् १९८९), **आवाज** (सन् १९९०), **मुक्ति**(सन् १९९१), **खोज** (सन् १९९३), **अन्तिम निम्तो** (सन् १९९४), **विश्वास** (सन् १९९५), **खुला आकाश** (सन् १९९७), **नोकरी** (सन् १९९८), **निष्कर्ष** (सन् २००३) जस्ता उपन्यास प्रकाशित भएका छन्। लैङ्गिक समानताको खोजी उनका उपन्यासका मुख्य विषयवस्तु रहेका छन्। सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९) धर्म र संस्कृतिको नाममा हुने नारी शोषणलाई उदाङ्गो पारिएको उपन्यास हो। नारीहरू संस्कृति र रुढि परम्पराले प्रताडित छन् भन्ने

कुरालाई देखाउँदै नारीलाई कुनै वस्तु र पशु-प्राणीसरह दान गरिने कन्यादान प्रथाप्रतिको विद्रोह गरिएको उपन्यास हो **अन्तर्द्वन्द्व**। नारीवादको अवधारणाले नारी शोषणको कारक तत्त्वको खोजी गरेर त्यसको अन्त चाहन्छ भने प्रस्तुत उपन्यासमा नारीलाई दमन गर्ने अन्धो परम्पराप्रति सचेत गराएर ती नारी शोषणयुक्त परम्पराप्रति सजग रहन र नारीविरोधी क्रियाकलापको विरोधमा आक्रोश व्यक्त गराएको छ।

गीता शर्माको **खुश्बु** (सन् १९९२) -मा "नारी स्वतन्त्रता र समानाधिकारको वकालत गरिएको उपन्यास हो। यसमा नारी स्वतन्त्रतासम्बन्धी सभा, गोष्ठी र भाषणका प्रसङ्गहरू झिकेर नारी अस्तित्वका महिमा देखाउने कोसिस गरिएको छ। उपन्यासकारले प्रस्तुत उपन्यासमा नीतिपरक श्लोक र लोकोक्तिहरूको प्रयोग गरेर नारीको पौराणिक महत्त्व र औचित्यलाई प्रष्टयाउन खोजेकी छन्।"[१२१] भीम दाहालको **अभीष्टको खोज** (सन् १९९२), शवनम श्रेष्ठको **मनीषा** (सन् १९९३) , प्रेम थुलुङको **त्यागपत्र** (सन् १९९४), महेश्वर शर्माको **योगमाया** (सन् १९९७), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६) आदि उपन्यासहरूमा नारीवादी चिन्तनपरक उपन्यासहरू हुन्। यी उपन्यासहरूको मूल अभीष्ट नारी अस्मिता रहेकाले यिनीहरूको विशे, महत्त्व रहेको पाइन्छ।

नीलम कार्की निहारीकाले आफ्नो उपन्यास **तिमी म र उनी** (सन् २०००) उपन्यासमा लैङ्गिक विभेदको रेखालाई ध्वस्त पारेर नारी पुरुष दुवै समान हुन् भन्ने कुरा अघि सार्दै प्रचलित कानुनी व्यवस्थाप्रति विद्रोह गरेकी छन्। बालकको लालनपालनमा बाबुभन्दा आमाको धेरै भूमिका रहने भए तापनि पितृसत्तामक सामाजिक एवम् प्रशासनिक

---

१२१ दीपक तिवारी, सन् २०१४, **नेपाली साहित्यमा नारीलेखन**, सिलगढी, नेपाली साहित्य प्रचार समिति, पृ. २६१।

व्यवस्थाले बालकको नागरिकता बाबुको नामबाट मात्र दिलाउने व्यवस्थामा परिवर्तन गरेर सन्तानको नागरिकता आमाबाट पनि हुनुपर्छ भन्ने कुरा अघि सारेकी छन्। यस उपन्यासमा नारीवादी अवधारणाको प्रयोग सैद्धान्तिक रूपमा मात्र नभएर उपयोगी र व्यावहारिक रूपमा भएको पाइन्छ । शोभा भट्टराईको **अन्तहीन अन्त** (सन् २००१) तेस्रो लिङ्गलाई मुख्य विषय बनाएर लेखिएको उपन्यास हो। यसमा सशक्तीकरणको पक्षमा आवाज उठाउँदै नारी अस्तित्व र अस्मिताको खोजी गरिएको पाइन्छ। नयाँदेवीको **युगसन्धि** (सन् २००२), भाषा भण्डारीको **सम्झौता** (सन् २००३), र **परिवर्तनको पृष्ठभूमि** (सन् २००४) आदि नारीवादी उपन्यासहरू प्रकाशित भएका पाइन्छन्। अस्तित्व सचेत नारी मानसिकतालाई प्रस्तुत गरिएको **सम्झौता** उपन्यासमा लैङ्गिक आधारमा समाजमा पुरुषको वर्चस्व देखाउन व्यस्त समस्त पुरुषवर्गमाथि व्यङ्ग्य प्रहार गरिएको छ। नारी सशक्तीकरणका दृष्टिले प्रस्तुत उपन्यासलाई नारीवादी उपन्यास हो। समाजमा सत्ता जमाएर बसेको पुरुषप्रभुत्ववादी स्थापित धारणा युगौंपछि पनि परिवर्तन हुन नसकेको यथार्थलाई उदाङ्गो पार्दै नारी सशक्तीकरण, मुक्तिर स्वतन्त्रताको निम्ति कानुनी अधिकार प्राप्त गर्नुपर्ने कुराको आवाज यी उपन्यासमा उठाइएका छन्।

लैङ्गिक विभेदका रेखा कोरिएका सुजातको **बन्धन** (सन् २००३) र **अन्तहीन पीडा** (सन् २००४) दुवै उपन्यासमा छोरीलाई सदैव बोझ ठान्ने सङ्कीर्ण मानसिकता भएको समाजका असचेत मानवसमाजप्रति व्यङ्ग्य प्रहार गरिएको छ। आफ्ना लागि नारी स्वयम् उत्तरदायी एवम् आत्मनिर्भर बन्न अत्यावश्यक रहेका छन् भन्ने कुराको उठान पनि उनले गरेकी छन्। प्रशासनिक नियम नीति पुरुषहरूले नै बनाएका हुनाले पितृसत्तात्मक मानसिकताका आधारमा निर्मित व्यवस्थाहरू पुरुषकै पक्षमा रहेको छ भन्ने कुरा देखाउँदै सन्तानको नागरिकता आमाको नामबाट पनि हुनुपर्ने माग यस उपन्यासमा गरिएको छ र

व्यावहारिक जीवनमा देखिएका असमानताको पक्षलाई उपन्यासमा उठाइएको छ। पद्मावती सिंहको **समानान्तर आकाश** (सन् २००४) -मा नारीहरू आत्मनिर्भर, स्वावलम्बी, अस्मिता र अस्तित्वसचेत हुनुपर्ने कुरामा जोड दिइएको छ। पुरुषले नारीलाई यौन तृप्तिको साधन मानेर दुर्व्यवहार गर्ने परम्पराप्रति विरोध गर्दै यस्ता कुव्यवहारको अन्तको निम्ति नारी स्वयम् अघि बढ्नु पर्ने कुरा अघि सारिएको छ। व्यावहारिक दृष्टिकोणले नारीवादी अवधारणाको प्रस्तुति यस उपन्यासमा गरिएको छ। बलदेव मजगैयाँको **मानसी** (सन् २००६)-मा पुरुषका दमनात्मक व्यवहारलाई भङ्ग गर्ने साहस मानसीले देखाएकी छ। युगौंदेखि लिङ्गकेन्द्रित सिद्धान्त र पुरुषनिर्मित नियमका आड्मा नारीहरूमाथि गरिएका यौनशोषण लगायतका अन्य शोषणबाट मुक्ति पाउन र जीवन, धर्म, संस्कार, संस्कृति, साहित्यमा परेका पुरुष दृष्टिकोणलाई तोड्न नारीहरू विद्रोही बनेर निस्केका छन्। नारी स्वतन्त्रताका लागि आवाज उठाउन सक्षम मानसी पुरुषप्रधानतावादी संस्कारबाट असन्तुष्ट रहेकीले विद्रोही बनेर बाहिर निस्केकी छ। त्यसैले ऊ भन्छे- "यस्तै शास्त्र र विद्वान्हरूद्वारा भनिएको कथित अन्योक्तिहरूका आडमा नै त पुरुषसत्ता टिकेको छ। यिनैको पुजा र अर्चना गरेर आफ्नो सम्प्रभुताको आशीर्वचन माग्ने कायरता नै पुरुषहरूको अमोघ भनिएको अस्त्र हो। पुरुषको यही साम्राज्यमा कहिलेकाहीं कुनै नारीले आफ्नो अस्तित्व र सतित्व रक्षाका लागि विद्रोह गर्दछे।"[१२२] मानसीको यस भनाइमा एउटा नयाँ चेतना, निर्णय क्षमता, पराधीनताबाट मुक्त बन्ने साहस लाई देखाइएको छ।

गौरा रिजालको **अघोषित द्वन्द्व** (सन् २००३)-मा सामाजिक कुसंस्कारहरूका कारणले युगौंदेखि नारी प्रताडित हुन बाध्य भएको यथार्थ अभिव्यक्त भएको छ। नारीलाई पुरुषभन्दा

---

१२२ बलदेव मजगैयाँ, सन् २००६, **मानसी**, काठमाडौं, साझा प्रकाशन, पृ. १३।

भिन्न गुणले सम्पन्न भएको पाठ पढाएर आदर्शको नाममा दासीको अभ्यास गराइने कुरालाई औल्याउँदै नारीलाई पुरुषको वासना तृप्तिको साधन ठान्ने प्रवृत्ति र मानसिकताप्रति विद्रोह गरिएको छ। नारीवादले नारीको शोषित अवस्थाप्रति विरोध गर्दछ भने दृष्टिकोणले हेर्दा प्रस्तुत उपन्यासमा नारीवादी अवधारणाको प्रस्तुति तीव्र रूपमा भएको पाइन्छ।

पुष्प राईको **मध्यान्तर** (सन् २००७) -मा शोषित, दमित अवस्थाबाट मुक्त बन्दै नारीले मुक्ति र स्वतन्त्रताको मार्ग रोजेको उल्लेख पाइन्छ। नारीपुरुष सम्बन्धमा असमानता रहेर पनि मौन रहने समाजपट्टि फर्केर पुरुषाश्रित र पराधीनताको घोर विद्रोह गर्दै पुरुष एकाधिकारमाथि आक्रमण गरिएको छ। यसरी नारीवादले चन्तन र अध्ययनको एउटा नयाँ क्षेत्र, नयाँ युगीन चेतना बोकेर नारी स्वतन्त्रता सशक्त भएको युगको प्रारम्भ भएको देखाइदिएको छ। यसको सोझो श्रेय उपन्यासकार पुष्प राईलाई जान्छ।

यसरी नै उर्मिला सापकोटाको **अस्मिता** (सन् २००८) लैङ्गिक विभेदको अन्तको पक्षमा जोड दिएर लेखिएको उपन्यास हो। सरला रेग्मीको **प्रवाह** (सन् २००९), शान्ति थापाको **मोहनी डट कम** (२००९) पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११), जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२), शारदा शर्माको **ताप** (सन् २०१२) आदि उपन्यासमा नारी शोषणका कारक तत्त्व पितृसत्तात्मक सामाजिक संरचना र मानसिकतालाई ठानेर यस्ता व्यवस्था र धारणाको अन्त गर्न नारी स्वयम् अघि बढ्नु पर्ने कुरामा जोड दिइएको पाइन्छ।

अन्य भाषाका उपन्यासबाट नेपाली भाषामा अनुवाद गरिएको एवम् नारीवादी स्वर रहेको यादवप्रसाद पाण्डेद्वारा अनुदित **आइमाईको हकमा** (सन् २००३) उपन्यासलाई नेपाली अनुदित उपन्यासको नयाँ उपलब्धि मानिन्छ। नारीलाई धर्म र संस्कारको नाममा दमन

गरिएको वृतान्त केलाएर व्यावहारिक रूपमा नारी शोषणका विभिन्न पक्षलाई देखाउँदै आफ्नो अधिकारको निम्ति नारी सचेत बन्न आवश्यक रहेको कुरा तसलीमा नसरीनले खूबै क्रान्तिकारी रूपमा देखाएकी छन्। प्रस्तुत उपन्यासको सुरुदेखि अन्तसम्म नै नारीवादी अवधारणाको प्रस्तुति पाइन्छ। यस्तै प्रकारले यादवप्रसाद पाण्डे र प्रदिप ढकालले अनुवाद गरेको तसलीमा नसरीनको उपन्यास **बिग्रेकी केटी** (सन् २००१) र विष्णु सिलवाल विशाल र अन्जना शर्माद्वारा अनुदित **लज्जा** उपन्यासमा नारीवादी अवधारणालाई सैद्धान्तिक, तार्किक र व्यावहारिक रूपमा प्रयोग गरिएको पाइन्छ।

## २.५.२ नेपाली कथामा नारीवाद

नेपाली आख्यान साहित्य अन्य विधाका तुलना निकै समृद्ध विधा हो। कथामा नारीवादको प्रयोगबारे अवलोकन गर्दा नारी दमनको उत्तरदायी पितृसत्ता हो भन्ने कुरा स्पष्ट देखाइएको छ। त्यसैले पितृसत्तात्मक व्यवस्थाको अन्त र नारी पुरुष समानताको युद्धमा नारी स्वयम् सचेत बन्नुपर्छ भन्ने सन्देश बोकेका कथाहरूले नारी पुरुषको समानताको पक्षमा वकालत गरेका पाइन्छन्। यस्ता कथाहरूमध्ये चन्द्रकला नेवारको **साँघुरो धरातल** (सन् २००५), आशा सिंहका **दुई किनारा एक सुस्केरा** (सन् १९६८), **क्षितिजको सपना** (सन् १९७६), **पिल्सिएका कथा** (सन् १९७७), माया ठकुरीका **नजुरेको जोडी** (सन् १९७३), **गमलाको फूल** (सन् १९७६), **साँधु तरेपछि** (सन् १९८२), **चौतारो साक्षी छ** (सन् १९८९) **माया ठकुरीका कथाहरू** (सन् १९९१), **आमा जानुहोस्** (सन् २००७), **प्रियंवदा** (सन्  २०११) मटिल्डा राईको **टोटलाको फूल** (सन् १९७६) कमला खप्तावलीको **क्रमशः एउटा दिन जन्मन्छ** (सन् १९८३),  सीता पाण्डेका **असजिला खुसीहरू** (सन् १९८५), **बन्धकी खुसीहरू** (सन् १९८८), **सीता पाण्डेका कथाहरू** (सन् १९९७), मञ्जु काँचुलीको **केही माया केही**

**परिधि** (सन् १९८८), **मञ्जु काँचुलीका कथा** (सन् १९९६), **विश्वासको सुहागरात** (सन् २००४), **बेनाम मानिसहरू** (सन् २००७), देवकुमारी थापाको **देवकुमारी थापाका प्रतिनिधि कथा**-मा सङ्ग्रहित *सूत्र वाई* कथामा कथाकारले समाजमा नारीमाथि हुने शोषण, अत्याचार आदिको चित्रण गर्दै यस्ता अत्याचारको मुख्य कारण लैङ्गिक असमानता हो भन्ने कुरा देखाएकी छन्। उनले पुरुष लिङ्गको वर्चस्व देखाउने पुरुष श्रेष्ठतावादी मानसिकतालाई नकार्दै, नारी शोषण उन्मूलन गर्न जीव वैज्ञानिक पक्षको आश्रय लिएकी छन्। लैङ्गिक भिन्नताका आधारमा नारीलाई शारीरिक तथा मानसिक दुवै रूपमा कमजोर ठान्ने धारणा पुरुष प्रभुत्ववादी समाजमा प्रबल रहेको पाइन्छ। त्यसैले कुनै पनि परिवारमा छोरी जन्मदा त्यस बालिकाकी आमालाई दोषी ठहराइनुमा पनि पितृप्रधानता नै सङ्कोची र दोषी रहेका पाइन्छन्। प्रस्तुत कथामा यस्ता गलत धारणा र सङ्कीर्ण मानसिकताबाट सचेत बन्ने प्रेरणा दिँदै कथामा यस्तो प्रसङ्ग उल्लेख गरिएको छ - "छोरी धेरै जन्मने घरमा आमालाई नै दोषी मान्दछन्। तर दोष त पुरुषको हो किनभने उसको क्रोमोजोममा वाइ वीर्य नभएर एक्स वीर्य मात्र भए छोरी जन्मिन्छन्"[१२३] भन्ने तथ्य पुरुषले बुझ्नु पर्ने बताएकी छन्।

लक्खीदेवी सुन्दासको **आहत अनुभूति** (सन् १९९९) कथा सङ्ग्रहमा रहेको *प्रतिवाद मायाको* कथाले पुरुष लेखकमा नारीहरू पुतलीसरह बनाइएकामा नारी पात्र मायाले विद्रोह गरेकी छे। नारीले जति स्पष्ट रूपमा नारीको अनुभवलाई अभिव्यक्त गर्न सक्छन् त्यति पुरुषले सक्दैन भन्ने मत प्रस्तुत कथाले पुष्टि गरेको छ। त्यसैले **भ्रमर**की नारी पात्र माया लक्खीदेवी सुन्दासको *प्रतिवाद मायाको* कथामा भन्छे - "सुन। रूपनारायण सिंहले मेरो विकृत

---

१२३ देवकुमारी थापा, सन् १९९४, **देवकुमारी थापाका प्रतिनिधिकथा**, विराटनगर, पूर्वाञ्चल साहित्य प्रतिष्ठान विराटनगरको प्रकाशनमाला-२३, पृ. १३८।

चरित्रको सिर्जना गरेर मलाई अन्याय गरे।"[१२४] यहाँ केवल इन्द्रशेखरप्रति मात्र होइन लेखकीय मानसिकतामाथि नै ठुलो विरोध जनाइएको छ। पाठक, समालोचक वा नारी जगत् मात्र होइन माया स्वयम् स्वअस्तित्व रक्षाका लागि सक्षम रहेकी देखाएर एउटा क्रान्तिकारी परिवर्तनको आवाज ध्वनित गरिएको छ।यो स्रष्टा, पाठक एवम् पात्र जगत्मा आएको ठुलो सचेतता हो। नारीवादी एलेन सोवाल्टर, हेलेन सिजू, लूस इरिगरीले नारीको सही प्रस्तुति पुरुष स्रष्टाले गर्न सक्दैनन् भन्दै नारी लेखकको आवश्यकता रहेको कुरा बताएका छन्। त्यसर्थ नारीलेखनको आवश्यकता बोधको पूर्ति नेपाली कथामा लक्खीदेवी सुन्दासले गरेकी छन्। नारीवादी दृष्टिकोणले हेर्दा नेपाली साहित्यमा नारीलेखनलाई लिएर लेखिएको यो पहिलो कथा हो।

कमला आँसुका **सेतो गुलाफ** (सन् १९९५), **ममताको छालभित्र** (सन् १९९९), **आफ्नो माटोको सुगन्ध** ( सन् २०००) र **मीमांसा** (सन् २००६) गरी चारवटा कथा सङ्ग्रह प्रकाशित भएका छन्। नारी विषय कलम चलाउने सक्रिय लेखक कमला आँशुले मूल रुपमा कथा, कविता अनि समसामायिक विषयका लेखहरूमा कलम चलाएकी छन्। नारी स्वनिर्भरताको अभिव्यक्ति कमला आँशुमा पाइन्छ। उनका कथाहरूमध्ये **सेतो गुलाफ** कथासङ्ग्रमा सङ्ग्रहित *छोरी* शीर्षक कथाकी नारी पात्र कौशी नारी स्वनिर्भर हुनुपर्छ भन्ने कुरामा विश्वस्त छ। नारी सशक्त बन्नका निम्ति शिक्षालाई मूल आधार मान्ने नारीवादी दर्शनको कुरा कमला आँशुको प्रस्तुत कथामा प्रवेश भएको पाइन्छ।स्वनिर्भर बन्ने पहिलो हतियार शिक्षा हो भन्ने विश्वास राखिएको छ- "छोरी भए पछि छोराले भन्दा बेसी पढ्नु पर्छ....आफ्नो क्यारियर बनाउनु पर्छ...नत्र भविष्यमा दुःख पाउँछ। छोराको भन्दा छोरीको उत्तरदायित्व बेसी हुन्छ।घर, गाउँ, समाज र देशको लागि शिक्षित अनि मेहनती आमाको

१२४ लक्खीदेवी सुन्दास, सन् १९९८, **आहत अनुभूति**, दार्जिलिङ, साझा प्रकाशन, पृ. ९०।

अत्यन्त आवश्यक छ। विवाह गर्न भन्दा पहिला छोरीहरूले आफ्नो क्यारियर बनाउनु पर्छ।आफ्नो खुट्टामा उभिन पर्छ।"[१२५] यसरी उनले पुरुषमाथि पराश्रित हुनु पर्ने नारीको विकट समस्याबाट मुक्तिको मार्ग देखाएकी छन्। नारी स्वत्वको खोजी गरिएको उनको अर्को **मीमांसा** कथासङ्ग्रहभित्रको एउटा कथा *विश्वास* हो। यस कथाकी प्रमुख नायिका वीणा नारी अस्तित्वप्रति धेरै सचेत देखिन्छ। आफ्नो मित्रप्रति उसका पतिले गरेका अत्याचार देखेर ऊ लोग्ने मान्छेलाई अत्याचारीको वर्गमा राखेर हेर्छे र घृणा गर्छे। त्यसर्थ आफ्नो स्वाभिमान र आत्मसम्मानलाई पुरुषको अघि समर्पण गर्न चाहन्न। यसैले विवाह गर्ने सन्दर्भमा कथाको पुरुष पात्र विश्वासलाई भन्छे- "मलाई विवाह गर्ने पनि एक मरदनै हुन्छ होइन? उसका इच्छाहरूको सामुन्ने म आफूलाई समर्पित गर्नु? कठपुतली बन्नु? मलाई बलिको बोको बन्ने इच्छा पटक्क छैन।"[३५] नारी शोषण गर्ने पुरुष प्रवृत्तिप्रति ऊ प्रत्यक्ष रुपमा विरोधी देखिएकी छ। कतिपय नारीले पितृसत्तात्मक व्यवस्थालाई पुरुषको रुपमा हेरका हुन्छन्। त्यसैले प्रस्तुत कथाकी नारीले नारी दमन गर्ने व्यवस्थालाई पुरुष कै रुपमा हेरेको हुनाले उसले पनि पुरुषको विरोध गरेकी छ।नेपाली नारीवादी कथाको विकास क्रममा कमला आँसुको योगदान महत्त्वपूर्ण रहेको छ।

सानु लामाको **कथासम्पद** कथासङ्ग्रहमा सङ्ग्रहित *स्वास्नीमान्छे* (सन् १९७३), सुधा राईको **समाधानहीन पाइलाहरू** (सन् १९९८), जलेश्वरी श्रेष्ठका **लाभाका बाफहरू** (सन् २००१), **मौनविद्रोह** (सन् २००४), गीता उपाध्यायको **कथाञ्जली** (सन् २००५), शान्ति छेत्रीको **मायाजाल** (सन् २००६),शान्ति थापाको **आवर्तन** (सन् २००७), रीजु देवीको **औशीको चन्द्रमा** (सन् २००७), पद्मावती सिंहको **मौन स्वीकृति** (सन् २००७), **समयदंस**

---

१२५ कमला आँशु, सन् १९९५, **सेतो गुलाफ**, गान्तोक, हिमगिरी प्रकाशन्, पृ.१११।

(सन् २०१०), निलम कार्की 'निहारिका'का **कागजमा दस्तखत** (सन् २००७), **बेली** (सन् २०११) आदि नारीवादी कथाहरू हुन्। यसरी नै नारी शोषणका विरूद्धमा आवाज उठाउने एस शान्ता सुन्दरीको **विमुखता** कथासङ्ग्रहलाई वीणाश्री खरेलले हिन्दी भाषाबाट नेपालीमा **विमुखता** (सन् २०१३) कै नाममा अनुवाद गरेर एउटा नारी जीवनभित्र छलिएको सत्यलाई उदाङ्गो पारिदिएकी छन्। यस्ता नारीवादी लेखनका प्रयास कथा साहित्यमा लागि ठुलो उपलब्धि मानिन्छ।

## २.५.३ नेपाली कवितामा नारीवाद

नेपाली कवितामा नारीवादी स्वर तीव्र रूपमा देखिएका कविताहरू हुन्- पारिजातका **आकाङ्क्षा** (सन् १९५७), **पारिजातका कविताहरू** (सन् १९८७) र **वैशालु वर्तमान** (सन् १९९३) शान्ति कुमारी राईको **सङ्घर्षशील जीवन** (सन् १९८४), **आमाको सम्झना** (सन् १९९७), **चेतना** (सन् २००७), शोभाकान्ति थेगिमको **मेरो देउराली** (सन् १९९७), रेमिका थापाको **वेदनाको पछिल्तिर** (सन् २०००), भीमा राई 'तोलाछा' को **हिउँ फुल्ने देशमा तिमी हाम्रो मान्छे** (सन् २००१) वसन्ती शर्माका **म जलिरहेछु** (सन् २००१), **वसन्ती शर्माका कविताहरू** (सन् २०१४) हरिकला अधिकारीको **अन्तर्द्वन्द्व** (सन् २००६), ज्ञानु अधिकारी र सिन्धु गौतमको सहलेखनमा **शब्दमृत्यु र सपनाको हत्या** (सन् २०१०), सुधा राईको **पदचिन्ह** (सन् २००७), **भूमिगीत** (सन् २०१३) आदि। यी कवितामा "पितृसत्तात्मक वर्चस्वको तर्कपूर्ण विरोध र नारी स्वतन्त्रताको वकालती गरिदिएका छन्।"[१२६]

---

१२६ दीपक तिवारी, सन् २०१४, पूर्ववत्, पृ. १११।

वसन्ती शर्माको **म जलिरहेछु** कवितासङ्ग्रहमा सङ्कलित *छोरीको गन्थन* कवितामा छोरा र छोरीप्रति भिन्न संस्कार, मानसिकता रहेको देखाएको छ।पुरुषपक्षीय स्थापित विश्वास, संस्कार, दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक रहेको ठान्दै यसो भन्छिन्-

**बिग्रने चैं जातै साँच्चै**
**छोरीको नै अरे**
**छोरा चाहिँ जहिले तहिले**
**सप्रेकै हुन्छन् रे**
**यस्तो दृष्टि तिम्रो आमा!**
**फेर्नु छ यो घरी**
**छोरा सप्रे छोरी किन**
**बिग्रन्थे यसरी?**[१२७]

सुधा एम. राईका **पदचिन्ह** (सन् २००७) र **भूमिगीत** (सन् २०१३) गरी दुईवटा नारीवादी कवितासङ्ग्रह प्रकाशित छन्। **भूमिगीत**मा पौराणिक पात्र सीताद्वारा नारी स्वत्वको खोजी गरिएको कुरालाई सुधा एम. राईले अघि सारेकी छन्। सीता नारी स्वत्व र अस्मिताप्रति सचेत नारी हुन् यसैले आफ्नो सतीत्वमाथि शङ्का गर्दा यो नारीको अपमान हो भन्ने कुराको बोध सीताले गर्न सकेकी हुन् भन्ने कुराको उल्लेख गरिएको पाइन्छ। सीताप्रति गरिएको सतीत्वको परीक्षा कै कारण उनले पितृसत्तात्मक समाजलाई तिरस्कार गरेर नारी स्वत्वको खोजीमा धरती माताको काखमा गएकी हुन् भन्ने कुरा विभिन्न पाठमा उल्लेखित छ। **भूमिगीत**-अन्तर्गत *धरतीको पुकार* शीर्षक कवितामा पितृसत्तात्मक समाजलाई सीताद्वारा गरिएको प्रश्न कविबाट यसरी मुखरित भएको छ-

---

१२७ वसन्ती शर्मा, सन् २००१, **म जलिरहेछु**, चूडामणि दाहाल, ९७।

कहिले अयोध्या

वनबास,

लङ्का,

अयोध्या

आखिरीमा आश्रमकै सेरोफेरो

अब फेरि शुद्धताकै निम्ति अग्निपरीक्षा ?[१२८]

**पदचिन्ह**मा नारीको स्वअस्तित्व, पहिचान खोज्दै यसो भन्छिन्-

बाँझी मेरो नाम होइन

अपुताली मेरो कुनै थर होइन...

मेरो समाज अर्को छैन तिमीदेखि

न तिम्रो समाज अर्कै छ मदेखि

तिमी मान्छेको जमातमा एउटा मान्छे

म पनि मान्छेको जमातमा अर्को मान्छे[१२९]

यसप्रकार कवि सुधा एम राईले आफ्ना कवितामा पुरुषसमान नारीको स्थान, अधिकार खोजेकी छन्। यो पुरुषलाई उच्च र नारीलाई निम्न ठान्ने पितृसत्तात्मक सोचप्रतिको विद्रोह हो।

यस्तै प्रकारले अर्को कविता सङ्ग्रह **वसन्ती शर्माका कविताहरू**-मा सङ्कलित कविता *आइमाई भएर* शीर्षक कवितामा वसन्ती शर्मा साइबर नारीवादीको समर्थकको रूप खडा भएकी छन्। साइबर नारीवादी सेडी प्लान्ट साइबरले नारीलाई पितृसत्ताको अधीनबाट मुक्त गरेर स्वतन्त्र बनाएको छ भने जस्तै कवि आफ्ना कवितामा लेख्छिन्-

---

१२८ सुधा एम, राई, सन् २०१३, **भूमिगीत**, गान्तोक, जनपक्ष प्रकाशन, पृ. ७।

१२९ सुधा एम, राई, सन् २००७, **पदचिन्ह**, सिक्किम, अक्षरम प्रकाशन, पृ. ७६।

जमाना त कम्प्यूटर र इण्टरनेटको हो नि!

तिम्रो होइन

अधिकार र हकको नारा लाउँदै गर्नुपर्छ

हामी बराबर स्त्री-परुष

भन्दै गर्नुपर्छ।[१३०]

नारीले यौनका कुरा गर्न पाउनु पर्छ भन्ने भनाइलाई सुधा एम राईले समर्थन गरेकी छन्। नारीमा निहित यौनेच्छा र यौन आनन्दको कुरा कवि यसरी अभिव्यक्त गर्छिन्-

तिम्रो छातीको जङ्गलमा
अड्याएर मेरो शिर
अनन्त शान्ति अनुभूत गर्छु।
तिम्रो लावण्य ओठका
आंशिक छाडापना
के भो त मैले चुम्दैमा?
परितुष्टिका टाकुरामा नटेकेसम्म
चुमिरहूँला
हजारपल्ट
अनि एकसय हजारपल्ट।[१३१]

नारीका यौनेच्छालाई उदाङ्गो पारेर देखाउनु भारतीय नारीवादी नेपाली कवितामा उठेको नयाँ आवाज हो।

नारीवादी नेपाली कवितामा योगदान पुऱ्याउने अर्का कवि सुष्मा मोक्तान हुन्। उनको **उन्मुक्तिको चाहना** (सन् २०१३) कविता सङ्ग्रह प्रकाशित पाइन्छ।

---

१३० वसन्ती शर्मा, सन् २०१४, **वसन्ती शर्माका कविताहरू**, चूडामणि दाहाल, पृ.५७।

१३१ सुधा एम, राई, सन् २०१३, पूर्ववत्, पृ. ९७।

नारी पुरुषनिर्भर भएर बाँच्ने समयको अन्तको घोषणा गर्दै नारी स्वनिर्भर बन्न अत्यावश्यक रहेको कुरालाई मञ्जु शर्मा चापागाँई यसरी प्रकट गर्छिन्-

**त्यसो होइन नारी**

**अब तिमी आफैं**

**कमाई खुवाउनु छ।[१३२]**

गोमा शर्माले नारी सबलताको पक्षलाई देखाउँदै नारीले आफू नारी हूँ भनेर आफूलाई पुरुषभन्दा निकृष्ट ठान्नु हुन्न भन्ने कुरा बताएकी छन्। यसैले नारीले म नारी हूँ भन्नु भन्दा पहिला म मानव हूँ भन्ने ठान्नु आवश्यक रहेको बताउँदै मानव अधिकारको निम्ति लड्न नारीलाई प्रोत्साहित गरेकी छन् -

**तिमीलाई उहाँ पुग्नु छ,**
**जहाँ तिम्रो नारी जन्म र मानवीय अधिकार**
**उडेर फर्काउन सक**
**आफ्ना सरलता र उदारताले निम्त्याएका**
**अनिच्छित विवशताका चोटहरू**
**तिमीले पनि त फर्काउन सक**
**तिमीले पनि आफ्नो जीवनका नवज्योति जलाउनु छ।[१३३]**

यसरी उनले नारीत्वको नाममा विवश बनाइएका सामाजिक व्यवस्थाप्रति प्रतिशोध लिने उत्प्रेरणा दिएकी छन्।

एक्काइसौं शदाब्दीका नारी अब प्राइभेट स्पेयरबाट बाहिर निस्केर पब्लिक स्पेयरमा सङ्लग्न छन् र बढो आत्मविश्वाससहित कार्यरत छन्। पुरुषवादी समाजले थोपरेको अबलाको संज्ञाभित्र नारी परिभाषित हुन चाहँदैनन्। यसैले समग्र रुपमा विभिन्न क्षेत्रमा

---

१३२ मञ्जु शर्मा चापागाँई, सन् २०१५, **कोशेली,** तादोङ, सी.पी.ढकाल, पृ. ३।

१३३ गोमा शर्मा, सन् १९८६, **केवल तिम्रो निम्ति,** असम, नेपाली साहित्य परिषद्, पृ. ४०।

सशक्त बनिसकेका नारीहरू एक भएर नारीमाथि थोपिएका रुढी परम्परा, धारणा र सङ्कीर्ण मानसिकताका भञ्जनका निम्ति आह्वान गर्दै देखा परेकी अर्की कवि मीना सुब्बा जो बालकविका रूपमा पनि परिचित छन्। उनको निम्न कवितांशले भन्छ –

हिमाल पनि चढ्दैछौं, वायुयान पनि उठाएकाछौं
काँधमा फूलितारा चढाएकाछौं, बन्दूक भिरेकाछौं
प्रशासनको चौकीमा पनि डटेकाछौं
अब त अबलाको घुम्टो कहाँ ओडिन्छ र?
अब त उन्मुक्तिको प्रश्न कहाँ हुन्छ र?
बरू, आफ्नो अस्तित्वको खोलासँग उर्लँदै
आफूसित बगेका ढुङ्गा-माटोले
धरतीका कैयन् खाल्डोहरू पुर्दै
आऊ, हामी सागरसम्म बगिदिऊँ
आऊ, हामी निसङ्कोच बगिदिउँ
हामी खुलेआम बगिदिऊँ![१३४]

यसरी नारीवर्गलाई प्रगतिको मार्गतर्फ जानुपर्छ भन्ने कुरामा सचेत गराउने कवि मीना सुब्बा नारीलाई झुण्ड झुण्डमा बाँडिनुभन्दा नारी स्वत्वको खोजी गर्न नारीवर्ग नै एक भए पुरुषवादी समाजले दिएको नारी प्रताडनाको विरोध गर्न उचित हुने बताएकी छन् ।

आजका नारी हरेक दृष्टिले पुरुषसमान सक्षम र सबल बनेका छन् भन्ने कुरामा युवा कवि तारमीत लेप्चा विश्वस्त छन्। नारीत्वको गुण भनिने लजालू, दयालू, सहनशील, सुशील नारीका परिभाषा कविलाई स्वीकार्य छैन। जसले पुरुष हैकमको विरोध गरेको स्पष्ट

१३४ मीना सुब्बा, सन् २००६, स्पृहा, गान्तोक, नकुलदास राई, पृ. ८।

बुझिन्छ। वर्तमान सामाजिक व्यवस्थालाई सहजै बुझेकी यी कविले आफ्ना कवितामा यसरी अभिव्यक्ति दिन्छिन् -

**ओ साइबो अब अरू रात**
**हिड्न म डराउने छुईंन**
**तिमीदेखि लजाएर ओइलने**
**म कुनै बुहारी झार होइन** [१३५]

यही कविको नारीवादी स्वर तड्कारो रहेको थाहा पाइन्छ।

युगौंदेखि नारीलाई प्राइभेट स्पेयरमा सीमित राखेर पुरुषप्रधान समाजले नारीले गरेका कार्यलाई अमूल्यन गर्दै आएको छ। जसलाई आफ्ना सिर्जनामा नारीवादीले खोजी गरेका छन्। नारी र पुरुषले कार्य गरेका ज्यालामा असमानता रहेको देखिन्छ।यही असमानतालाई मुद्दाको रूपमा कवि तारमीत लेप्चाले उठाएकी छन्। प्राइभेट् स्पेयरका कामको ज्यालाको खोजी गरेकी छन्। नारीवादीले उठाएका यही स्वर तारमीत लेप्चाका कवितामा पाइन्छ। भारतीय नारी कविहरूभन्दा उग्र रुपमा देखा परेकी तारमीत लेप्चाले घरेलु कार्यको वेतनको हिसाब आफ्नै श्रीमानसँग यसरी खोजेकी छन्-

**अब आउ एकछिन**
**हिसाब गरौं हाम्रो पसिनाको**
**तिमीले बगाएको र मैले जन्माएको**
**तिमीले कमाएको नोट छेउमा**
**मैले जमाएको नोट राखिदिउँ एकछिन**

---

१ ३ ५ तारमीत लेप्चा, सन् २०१७, **इयरिङ**, अशोक प्रधान, पृ.१६।

**र गरौंला हिसाब किताब**

**१ धोबीको**

**२.बाबार्चीको**

**३ बालबच्चाको रेखदेखको**

**श्रीमान काटेपछि**

**सबैको पगार कति रहँदोरहेछ?**[१३६]

आफ्नो अधिकारको निम्ति सङ्घर्षमा उत्रिसकेकी कवि अझ भन्छिन्-

**कि त चिच्याउ धुरी चढी ?**

**श्रीमान खइ मेरो अधिकार??**[१३७]

यहाँ उदार नारीवादले खोजेको प्राइभेट स्पेयरमा समावेशित कार्यको मूल्य खोजी गरिएको छ। नारीवादी नेपाली साहित्यमा उठाएको नितान्त नयाँ आवाज हो। सम्भवतः यो नेपाली साहित्यमा नै उठाइएको पहिलो आवाज हो।

पवित्र लामाले *महाभिनिष्क्रमणपछि* शीर्षक कवितामा नारीलाई कामकाजी नारीको रूपमा देखाएर नारीको शोषित अवस्थालाई देखाएकी छन्। नारीको काममा कुनै पुरुषको सहयोग छैन अनि कुनै पुरुषप्रति नारी पात्रले आक्रोश र आशा पनि गरेकी छैन तर तारमीत लेप्चाले भने प्राइभेट स्पेयरमा नारीले गरेका कार्यको मूल्य तड्कारो रुपमा खोजेकी छन्। भारतीय नेपाली साहित्यका नारीवादीहरू सचेत भएर अघि बढेको तथ्य माथि उल्लेखित कविताले दिएका छन्।

---

१३६ पूर्ववत्, पृ. ६४।

१३७ पूर्ववत्, पृ. ६५।

"समाजका एउटा अंश बनेर अघि बढ्नको निम्ति नारीले नोकरीलाई जीवनको विभिन्न योजनाको एउटा अंश नै बनाउनु पर्छ"[१३८] भन्ने बेट्टी फ्राइडनको विचार जस्तै "चुल्हा पोत्ने निर्बल औंलाहरूले विश्वधाराको ऐतिहासिक कलम समात्नुपर्छ"[१३९] भन्ने कथनको समर्थन मीना सुब्बाले गरेकी छन्। उनी पुरुषप्रधान समाजले निर्बल ठहराइएका नारीले पब्लिक स्पियरमा सक्रिय बनेर आफ्नो पहिचान नारी स्वयम् बनाउनु पर्ने समय आएको बताउँछिन्। यसरी नै प्राइभेट स्पेयरको बन्धनलाई तोडेर नारीले पब्लिक स्पेयरमा प्रवेश गर्न आवश्यक रहेको कुरा कवि मञ्जु शर्मा चापागाँई यसरी बताउँछिन् -

**कति बस्छौ छोरी**
**चार दैलोभित्र**
**तिमी पाठशाला जानु छ**
**कति मोल्छौ बुहारी**
**भाँडा र वर्तन**
**अब दफ्तरी धाउनु छ** [१४०]

यसरी आजका भारतीय नारीहरू पब्लिक स्पेयरमा प्रवेश गरिसकेका देखिन्छन्।

पितृसत्तात्मक समाजले नारीमाथि गर्दै आएका अन्याय र अत्याचारप्रति विद्रोह गर्ने कवि मुना बराल भन्छिन्-

**सामाजिक पारिवारिक दमनहरू**
**बेदनाका निस्ता गाँससँग चबाउँदै**
**आँशु र रोदनका घुट्को पिउँदा पिउँदै**
**अत्याचारले चरमसीमा नाघिदिंदा**

---

१३८ बेटी फ्राइडन, पूर्ववत्, पृ. ३४५।

१३९ मीना सुब्बा, सन् २००६, पूर्ववत्, पृ. ८।

१४० मञ्जु शर्मा चापागाँई, सन् २०१५, पूर्ववत् पृ. ३।

**ज्वालामुखी झैं विस्फोट भई**

**रणचण्डीको रुप धरि-**

**अत्याचार र शोषणको विनास गर्दै**[१४१]

पितृसत्तात्मक समाजमा नारी पुरुष नियन्त्रणमा बाँच्न बाध्य रहेका छन्। नारीलाई वस्तुसमान मात्र व्यवहार गर्ने चलन रहेको छ। नारीप्रतिको यस्तो दुर्व्यवहार कवि सरिता प्रधान अस्वीकार गर्छन्। उनको विचारमा नारी स्वतन्त्र जीव हो। पुरुषको यौन वस्तु, वंशवृद्धि गर्ने मसिन होइन भन्दै नारीलाई वस्तुको रुपमा हेर्ने पितृसत्तात्मक मानसिकताको विरोधमा नारीलाई सचेत बनाउदैं कवि सरिता प्रधान यसो भन्छिन्-

**तिमी कठपुतली होइनौ, न क्रय विक्रयको वस्तु हौ,**
**तिमी पूजाको सामग्री होइनौं, न श्रृङ्गारको अस्तु हौ।**
**जन्म दिने माता हौ, तर होइनौ, कल पूर्जा वंशवृद्धिको,**
**तिमी वासना होइनौ तर हौ, कामना मानव- मात्रको।**[१४२]

यसरी नेपाली कविता साहित्यमा नारीको मूल्य बुझेर पितृसत्ताको घोर विरोध गर्दै विभिन्न पक्षमा नारी अधिकारको खोजी भएको पाइन्छ ।

## २.५.४ नेपाली नाटकमा नारीवाद

गोपालप्रसाद रिमालको **मसान** (सन् १९४५) -मा पुरुषको षड्यन्त्र र आडम्बरी प्रेमको वास्तविकताको उद्धाटन भएपछि आफू शोषित भएको अनुभवले नाटककी मुख्य पात्रा हेलेन स्वअस्तित्वका लागि विद्रोही बनेकी छ। यस्ता दमनबाट विद्रोही बनेर स्वतन्त्र बाटो रोज्न सफल बनेकी नारी पात्रको प्रस्तुतिले प्रस्तुत नाटकले नारीवादी अवधारणाभित्रका

१४१ मुना बराल, सन् २०१७, **धरतीको पुकार**, लेखक, पृ.३७।

१४२ सरिता प्रधान, सन् १९९६, **पहाडी गुलाफ**, दार्जीलिङ, साझा पुस्तक प्रकाशन, पृ.१२।

पुरुषको शोषणबाट नारी स्वयम्ले मुक्तिर स्वतन्त्रताको बाटो खोज्नुपर्छ भन्ने मान्यता वहन गरेको छ। नाटकमा नारीवादी स्वर मुखरित भएको यो एउटा सशक्त नाटक हो। रिमालको **यो प्रेम** (सन् १९५८), गोविन्दबहादुर मल्लको **च्यातिएको पर्दा** र **भुसको आगो** (१९५६),विजय मल्लको **जिउँदो लास, पत्थरको कथा, बहुलाकाजीको सपना** एकाङ्की सङ्ग्रहमा सङ्कलित *मनको बन्धन* (सन् १९७१), भारती खरेलको **भाईटीका** सङ्ग्रहमा सङ्ग्रहित *घमण्ड* नाटक (सन् १९९२), सुधा त्रिपाठीको **निःश्वास गुजुल्टाहरू** (सन् १९९८) एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित कतिपय एकाङ्कीमा "नारीवादी चिन्तन अघि सार्दै, पुरुष स्वेच्छाचारिताको विरोध गरिएको देखिन्छ र देश निर्माणमा उनीहरूको सहभागिता र प्रतिबद्धता रहनुपर्ने आवश्यकता दर्शाइएको पाइन्छ।"[१४३] इन्द्रमणि दर्नालको **ययाति** (सन् २००२) नारीवादी चिन्तनमा केन्द्रित नाटक हो। उनको अर्को पूर्णाङ्की **कृष्णा ! कृष्णा !!** (सन् २००९) मा पौराणिक पात्र महाभारतकी द्रौपदी अथवा कृष्णाले नारी स्वत्व र स्वतन्त्रताको निम्ति उठाएको क्रान्तिकारी स्वर अत्यन्त युगबोधी छ। यसको खुल्ला विरोधद्वारा पितृसत्तात्मक समाजलाई चुनौति दिँदै कृष्णाद्वारा यसरी अभिव्यक्त गरिएको छ- "मलाई दाउमा लगाउने अधिकार उनीहरूलाई कसले दियो? के मेरो आफ्नो अस्तित्वको कुनै मूल्य छैन?।"[१४४] नारी पुरुषको सम्पत्ति नभएर नारी स्वतन्त्र प्राणी हो भन्ने स्वरलाई तीव्रतर बनाउँदै भन्छे - "कसरी पत्नी पतिको धन हुन्छन् पितामह, कसरी? बुद्धि अनि विवेकयुक्त प्राणी कसैको धन हुँदैन, ऊ त सदा स्वतन्त्र हुन्छ।"[१४५] यसप्रकार नारी स्वत्वको खोजी प्रस्तुत पूर्णाङ्कीमा गरिएको पाइन्छ।

---

१४३ दीपक तिवारी, सन् २०१४, पूर्ववत्, पृ. २६१।

१४४ इन्द्रमणि दर्नाल, सन् २००९, **कृष्णा! कृष्णा!!** दार्जीलिङ, वसुधा प्रकाशन, पृ. ४६।

१४५ पूर्ववत्, पृ. ४६।

अशेष मल्लको **शकुनि पासाहरू** (सन् २०११) नारीवादी चिन्तनमा केन्द्रित अर्को महत्त्वपूर्ण नाटक हो। यस काँटका वैचारिकता भएका नाटकहरूले नेपाली नारीवादी साहित्यमा नयाँ दिशा सङ्केत गरेर नाट्य साहित्यलाई समृद्ध बनाएका छन् ।

## २.५.५ नेपाली निबन्धमा नारीवाद

नारीवादी अवधारणामा केन्द्रित नेपाली निबन्धहरू हुन्- सुशीला शर्माको **नारी अस्मिता** (सन् १९९८), कमला पराजुलीको **नेपालमा नारीवाद** (सन् २००२), मधु राईको **नारी आयाम** (सन् २००३), बाबा बस्नेतको **नारी प्रश्नै प्रश्न(**सन् २००६), शारदा शर्माको **महिला** (सन् २००६), वीणा पौड्यालको **विविध आयाममा नेपाली महिला** (सन् २०१०), भरूणीभागिरथी महरको **नारी सम्मान समाजको वरदान** (सन् २००९), शोभा पोखरेलको **सक्षमताको चिनारी महिला** ( सन् २०१०) आदि ।

यसरी नै नारी स्वतन्त्र जीव हो भन्ने विचार निबन्धकार कृष्णा कृतिको रहेको पाइन्छ। **नारी प्रतिविम्ब**-मा उनी पुरुषवादी समाजले नारीलाई दुर्बल बनाएको हो भन्ने कुरा यसरी राख्छिन्-"प्राकृतिक रूपमा उनीहरू पक्कै कमजोर हुँदैनन्। तर उनीहरूलाई कमजोर बनाइएको छ।"[१४६] निबन्धकार कृष्णाले नारीवादी समालोचक जुडिथ बटलर, सिमोन दि बुआको धारणालाई समर्थन गर्दै लैङ्गिक आधारमा नारीलाई पुरुषभन्दा कमजोर देखाएर पुरूषाश्रित बनाइएको कुराको उठान गरेकी छन्। यसरी निबन्धकारले नारी मुक्तिको निम्ति शिक्षालाई प्रथम हतियारको रूपमा लिएकी छन्। यसैले उनी 'एउटा दरिलो हतियार शिक्षा' शीर्षक निबन्धमा "हामीलाई शिक्षित आमाको आवश्यकता छ"[१४७] भन्छिन्।

---

१४६ कृष्णा कृति, सन् २०११, **नारी प्रतिविम्ब**, गान्तोक, रमेश खनाल, पृ. ७।

१४७ पूर्ववत् पृ. ४५।

यसरी नै सुधा त्रिपाठीको **चेलीबेटीका बेग्लै कुरा** (सन् २०१२) निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ। प्रस्तुत निबन्ध सङ्ग्रहभित्रका निबन्धले नारीले भोगिरहेका समस्याप्रति नारीहरूलाई जागरूक र सचेत बनाउँदै पुरुषप्रभुत्ववादी सामाजिक शासन व्यवस्थाबाट मुक्त बन्न उत्प्रेरणा दिएको।

## २.५.६ नेपाली समालोचनामा नारीवाद

नारीवादी स्रष्टाहरूले नारी स्वतन्त्रताको आवाजलाई तीव्र रूपमा स्रष्टाले आफ्ना रचनामा उतारेका छन् भने नारीवादी समालोचकले यस्ता सृजनात्मक साहित्यिक कृतिलाई आधार गरेर नारी स्वरलाई क्रान्तिकारी रूपमा ध्वनित गराएका छन्। विभिन्न समालोचकले फुटकर समालोचनात्मक लेखदेखि लिएर पुस्तकाकार रूपमा समालोचनाका कृतिहरू प्रकाशित गराएका छन्। यसरी विभिन्न जर्नल, पुस्तक, पत्र-पत्रिका आदिमा समालोचनात्मक लेख प्रकाशित गराएका छन्। यसरी नै कृष्ण गौतमको **आधुनिक आलोचना अनेक रुप अनेक पठन** (सन् १९९३)-मा विस्तृत रूपमा नारीवादको सैद्धान्तिक अध्ययन गर्दै **प्रह्लाद** नाटकमा नारीवादको प्रयोगबारे अध्ययन गरिएको छ। ऋषिराज बरालको **मार्क्सवाद र उत्तरआधुनिकतावाद** (सन् १९९५)मा मार्क्सवाद र नारीवादी लेखनमा नारीवादी समालोचनाको व्याख्या गर्दै मार्क्सवाद र नारीवादमा देखिएका भिन्नताको विश्लेषण गरिएको छ। यसरी नै कृष्णहरि बराल र नेत्र एटमको **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास** (सन् १९९९)-मा नेपाली नारीवादी उपन्यासहरूको संक्षिप्त रूपमा सर्वेक्षणात्मक अध्ययन गरिएको पाइन्छ।

एभलीन रिडको पुस्तकलाई मुरारी अर्यालले **महिलामुक्ति आन्दोलनका सम्बन्धमा** (सन् २०००) नाम दिएर त्यसको अनुवाद गरेका छन्। प्रस्तुत पुस्तकमा जीवविज्ञान नारी जातिको नियति होइन भन्ने तर्कसङ्गत विश्लेषण गरिएको छ। यसमानारी जाति प्राकृतिक रूपमा कमजोर छैनन् भन्ने कुरालाई तर्कपूर्ण रूपमा विश्लेषण गरेको पाइन्छ। यसरी नै नारी पुरुषसमान हुन् भन्ने कुरालाई वैज्ञानिक रूपमा प्रमाणित गरिएको यस पुस्तकले नारी मुक्तिको स्वरलाई तीव्र पारेको छ।

रमा शिवाकोटिको **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** (सन् २००५) पुस्तकमा विजय मल्लका उपन्यासलाई नारीवादी दृष्टिकोणमा अध्ययन गरिएको छ। पुष्प शर्माको **भाषा-साहित्य विचरण** (सन् २००८) पुस्तकअन्तर्गत *आध्यात्मिक जीवनमा नारीको सहभागिता* शीर्षक लेखमा मनुले नारीको स्तुतिगान गरेको, ऋग्वेदकालका मादलसा गार्गी, मैत्रेयी सँगसँगै आधुनिक भारतका कस्तुरवा, मदर टेरेसा, लक्ष्मीवाई, ऐतिहासिक कालकी इन्दिरा गान्धी, जस्ता सचेत, सबल नारीका योगदानको उल्लेख गरेर पुरुषवादी समाजद्वारा आरोपित नारीको निष्क्रियतालाई तथ्य र प्रमाणस्वरुप गलत प्रमाणित गरिएको छ। लैङ्गिक आधारमा देखा परेको नारी पुरुषमाझको भिन्नताको अन्त गर्ने उद्देश्यले सती, कैकेयी जस्ता साहसी नारीका कार्यलाई उदाहरणस्वरुप प्रस्तुत गरिएका छन्। समग्रमा पितृसत्तात्मक व्यवस्थाले उत्पन्न गरेका नारीको असक्षमता, कमजोरी र निष्क्रियतालाई पौराणिक युगदेखि वर्तमान युगका नारीले बौद्धिक तीक्ष्णता र शारीरिक रूपमा सफलतापूर्वक दिएको योगदानको उल्लेखले नारीमाथि आरोपित असक्षमताको भण्डाफोर गरेकी छन्। प्रस्तुत समालोचनात्मक लेखले नेपाली नारीवादी समालोचनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यसरी नै प्रस्तुत कृतिमा सङ्ग्रहित *भ्रम हटोस् नारी जागरणको* शीर्षक लेखमा सही रूपमा नारी जागरण र मुक्तिको मार्ग देखाउँदै नारी जागरणका कृत्रिम उत्सवहरू

मनाउनभन्दा व्यावहारिक रूपमा नारी स्वत्व र महत्त्वप्रति समाजलाई मार्ग निर्देश गराएकी छन्।

बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना** (सन् २००८)-मा *कृष्णकी कठपुतली राधा: नारीवादी पठन* शीर्षक लेख प्रकाशित भएको पाइन्छ, जसमा **महाभारत**की राधाका माध्यमद्वारा नारी अस्तित्व र सतत्वलाई खोज्ने काम भएको छ।

वीरभद्र कार्कीढोलीद्वारा सम्पादित **स्थापना** (सन् १९९०)- मा विष्णु शर्माको *नारीका बदलिंदा स्थितिहरूलाई नियाल्दा* शीर्षक लेखमा पाश्चात्य देशमा नारीका विभिन्न स्थितिको उल्लेख गर्दै प्राचीन वैदिक युगमा भारतमा नारीको स्थितिको विश्लेषण गरिएको छ। मोहन पी. दाहाल र नरेशचन्द्र खातीद्वारा सम्पादित **नेपाली जर्नल** (शरद-शिशिर सन् २००१)-मा पुष्कर पराजुलीको *समकालीन नारीवादी आलोचनाका सन्दर्भमा 'अभीष्टको खोज,* प्रकिया (वर्ष ६, अङ्क १० सन् १९९२)मा लक्खीदेवी सुन्दासको **नारीवादी समालोचना सिद्धान्तलाई हेर्दा,** केशवप्रसाद उपाध्यायको **मन्थन** समालोचना सङ्ग्रहमा *नारीवादी लेखन र गोपालप्रसाद रिमाल,* **संदृष्टि** समालोचना सङ्गालोमा कृष्णहरि बरालको *नारीवादी समालोचना र भारती खरेलका 'भाइटीका' तथा 'घमण्ड'* नाटक शीर्षक लेख प्रकाशित भएका छन्। **गरिमा** (वर्ष १३, अङ्क ८, पूर्णाङ्क १५२ सन् १९९५)मा ऋषिराज बरालको *नारीवादी समालोचना कि नारीमुक्तिसमालोचना,* जस योञ्जन 'प्यासी'को *नारीवादी लेखनतिरको एक सशक्त हस्ताक्षर* शीर्षक लेख आदि प्रकाशित भएका पाइन्छन्।

ज्ञानु अधिकारीको **प्रायोगिक समालोचना केही प्रतिरूप** (सन् २०१०) र **नेपाली नारीसमालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण** (सन् २०११) सैद्धान्तिक रूपमा लेखिएका नारीवादी समालोचनाका कृति हुन्। सुधा त्रिपाठीको **नारीवादी सौन्दर्य चिन्तन** (सन् २०१२)-

मा नारीवादको सैद्धान्तिक अध्ययन गरिएको छ। यसरी नै उनको **नेपाली उपन्यासमा नारीवाद** (सन् २०१२) पुस्तकमा नारीवादको अवधारणाको आधारमा विभिन्न उपन्यासको अध्ययन गरिएको छ। सुधा त्रिपाठी र सीता पन्थीद्वारा सम्पादित **नेपाली नारीवादी समालोचना** (सन् २०१३)-मा विभिन्न समालोचकद्वारा विभिन्न कृतिलाई नारीवाद सिद्धान्तका आधारमा अध्ययन गरिएका पाइन्छन्।

नेपाली समालोचनालाई विकास गराउन महत्त्वपूर्ण योगदान दिने भारतीय सिद्धहस्त समालोचक कविता लामा हुन्। उनको समालोचनामा तार्किक गहनता पाइन्छ। विशेषत: उनले विभिन्न नारी स्रष्टाका पाठलाई नारीवादका आधारमा समालोचना गरेकी छन्। **अनुशीलन**- मा उनले *नेपाली कथा साहित्यमा नारीवादी चिन्तन* शीर्षकमा जलेश्वरी श्रेष्ठका **लाभाका बाफहरू** र **मौन विद्रोह** कथासङ्ग्रह, विन्धा सुब्बाको *एकजोर सेता परेवा* शीर्षक कथा, लक्खीदेवी सुन्दासको *प्रतिवाद मायाको* शीर्षक कथा, पद्मवती सिहंका *एउटी कुमारी आमा एक्काइसौं शताब्दीको* र *कान्छी माइज्यू* शीर्षक कथामा नारीवादी चेतना रहेको कुरालाई तार्किक रूपमा अघि सारेकी छन्। यसरी नै **कविता डिस्कोर्स** (सन् २०१७) मा वानीरा गिरीलाई पर्यावरणीय नारीवादी कविको रुपमा उभ्याएकी छन्। प्रस्तुत पुस्तकमा *घामको छाया-भित्र सबाल्टर्न स्वर* शीर्षक लेखमा *नग्नता* कवितामा नारीवादी स्वर रहेको कुरा देखाएकी छन्। यसरी नै **भूमिगीत** कवितासङ्ग्रहको आधारमा सुधा एम राईलाई सशक्त भारतीय नारीवादी कविको रुपमा चिनाएकी छन्। **सभ्यताका पेण्डुलम** कविता सङ्ग्रहको भूमिका लेखेर कवि पवित्र लामालाई सशक्त नारीवादी कविको रुपमा खडा गरेकी छन्। उनका यी समालोचनात्मक लेखले उनलाई सिद्धहस्त भारतीय नारीवादी समालोचकको रुपमा प्रमाणित गरेको छ। कविता लामाले यी कथाकारहरूका अतिरिक्त सीता पाण्डे, इन्द्रमणि दर्नाल, शान्ति छेत्री आदि कथाकारलाई नारीवादी कथाकारका रूपमा चिनाएकी छन्।

विन्ध्या सुब्बाले **तिम्रा अक्षरहरूको आयाम** (सन् २०००) -मा पारिजातलाई नारीवादी स्रष्टाको रूपमा चिनाएकी छन्। विन्ध्या सुब्बाको **समय र समीक्षण** (सन् २००८) -मा नारीवादी समालोचनाको सैद्धान्तिक पक्षबारे चर्चा गरिएको छ। रेमिका थापाको **पठन-विपठन** (सन् २०१४)-मा पुष्प राईको **मध्यान्तर** उपन्यासलाई नारीवादी दृष्टिले अध्ययन गरिएको पाइन्छ। यसरी नै ममता लामाको नेपाली **समालोचना: दृष्टि र आधार** (सन् २०१४) -मा पनि **मध्यान्तर** उपन्यासलाई नारीवादी उपन्यासको रूपमा चिनाइएको छ। पवित्र रेग्मीको **नारी अवधारणा** (सन् २०००), -मा सामाजिक संस्कार, नीति, व्यवस्था पितृसत्तात्मक रहेको कुरा देखाउदै यस्ता पुरुषपक्षीय व्यवस्थाको अन्त हुनुपर्ने कुरा उठाइएको छ।

यसका अतिरिक्त विभिन्न पत्र-पत्रिका, जर्नल आदिमा विभिन्न पाठलाई नारीवादी दृष्टिले अध्ययन गरिएका समालोचनात्मक लेखहरू प्रकाशित भएका पाइन्छन्। नेपाली साहित्य परिषद् सिक्किमद्वारा प्रकाशित **कनका** (वर्ष १५, अङ्क १६, अगस्त २०१०) प्रकाशित पुष्प शर्माको *समकालीन साहित्यमा नारीवादी लेखन; विविध दृष्टिकोण* लेख प्रकाशित भएको पाइन्छ। यसरी नै सिक्किम अकादेमीको वार्षिक पत्रिका **अकादमी जर्नल** (वर्ष २०१०-११, वर्ष ७ अङ्क ६) मा प्रकाशित कविता लामाको *प्रतिवाद मायाको : एक नारीवादी अध्ययन* र सविता तामाङको *नारी विमर्शका दृष्टिले परिभाषित आँखाहरूको विश्लेषणात्मक अध्ययन,* उत्तर बङ्ग विश्वविद्यालयबाट प्रकाशित **नेपाली अकादमी जर्नल** (वर्ष ५, अङ्क ५, मार्च,२००९) मा प्रकाशित राजकुमारी दाहालको *नारीवादी लेखन: सन्दर्भ पारिजातका उपन्यास* र सविता तामाङको *नारीवादी दृष्टिले 'सूत्र वाई' कथाको विश्लेषण*, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालयबाट प्रकाशित **अभिज्ञान** (वर्ष १, जनवरी-जुन २०१०, अङ्क १) *सविता तामाङको सानु लामाको **कथा सम्पद्** कथा सङ्ग्रहका नारी* पात्र शीर्षक लेखहरू प्रकाशित भएका पाइन्छन्।

यसका अतिरिक्त अर्जुन पीयूषद्वारा सम्पादित **नारी आभा**-मा शान्ति छेत्रीको *हाम्रो समाज र नारी,* स्नेहलता राईको *नारी, कन्या, भ्रूणहत्या,* दीपा राईको *पहिचानको रङ्गीन सङ्घर्षमा आधा धरती,* कृष्ण पुलामीको *पूँजीवाद र नारी अस्मिता,* अप्सरा दाहालको *वर्तमान समय: नारी सशक्तीकरणको समय,* भिमा राई तोलाछाको *भारतीय नेपाली साहित्य र महिला मुक्तिचेत,* लीला छेत्रीको *समय र स्त्री,* निरू शर्मा पराजुलीको *नारी अधिकारका लागि कलमलाई मुख्य अस्त्र बनाउनुपर्दछ,* उर्मिला घिसिङको *नारी: सबलतातर्फ बढ्ने समय,* कविता सुब्बाको *नारी : शोषण, आधुनिकता र नेपाली नारीहरूको भविष्य,* पारसमणि दङ्गालको *समकालीन सिक्किमेली उपन्यासका केही नारी चरित्र* शीर्षक लेखहरू प्रकाशित भएका पाइन्छन्।

नारीवाद सिद्धान्तको सचेत र प्रत्यक्ष प्रभाव नेपाली साहित्यमा अन्य साहित्यको तुलनामा धेरै पछि परे तापनि विभिन्न विधाका पाठलाई नारीवादी धारणाका आधारमा अनुसन्धानात्मक रूपमा व्याख्या विश्लेषण गरिएका पाइन्छन्। नेपाली समालोचना साहित्यमा नारीवादी समालोचनाको विकास निरन्तर विकासशील गतिमा अघि बढेको देखिन्छ।

**भ्रमर** उपन्यासबाट नारी शोषणका विरूद्ध उठेका आवाजले नेपाली साहित्यका विभिन्न विधामा प्रवेश गर्नका साथै गोपालप्रसाद रिमालको **मसान** नाटककी नारी पात्रले नारीको गरिमा, अस्तित्वको निम्ति विद्रोही बनेर पितृसत्तात्मक मानसिकतालाई चुनौति दिएपछि नेपाली साहित्यमा नारीवादी स्वर तीव्र बनेर गएको अनुभव हुन्छ। नेपाली उपन्यास, कथा, कविता, नाटक, निबन्ध र समालोचना आदि विधामा नारी एवम् पुरुष लेखकहरूले चलाएका कलममा नारी अस्तित्व, नारी अधिकार, स्वतन्त्रता, पितृसत्ताको विरोध, नारीका समस्या आदि अनेकन नारीकेन्द्रित विषयवस्तु समावेश भएका छन्। नारीले पारिवारिक, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, शैक्षिक आदि क्षेत्रमा स्वअस्तित्वका लागि गर्नु परेका सङ्घर्ष र विद्रोहलाई

नेपाली साहित्यमा विभिन्न रूपमा अभिव्यक्त गरिएका छन्। पितृसत्तात्मक सामाजिक व्यवस्था अनि पुरुष अहम्ले नारीलाई कसरी शोषण गर्दछ र यसबाट उन्मुक्तिको निम्ति नारीले के कस्ता पहल गर्नसक्छन् भन्ने अभिप्रायले नेपाली साहित्यका विभिन्न विधामा लेखकका क्रान्तिकारी स्वर ध्वनित भएका छन्।

## २.६ निष्कर्ष

नारीवाद हरेक क्षेत्रमा नारी र पुरुषमाझ समानता हुनुपर्छ भनी नारी स्वतन्त्रताका निम्ति उन्नाइसौं शताब्दीमा उदय भएको आन्दोलनबाट विकसित एउटा समाजशास्त्रीय दर्शन एवम् सिद्धान्त हो।नारीवाद पुरुषका विरूद्ध नभएर पुलिङ्गकेन्द्रवादी सामाजिक संरचना र मानसिकताका विरूद्ध उठेको आवाज हो।

नारीवादका प्रकारहरूमध्ये उदार नारीवाद, उग्र नारीवाद, मार्क्सवादी नारीवाद, फ्रान्सेली नारीवाद, समाजवादी नारीवाद, अश्वेत नारीवाद, नारीसमलिङ्गवाद र पर्यावरणीय नारीवाद आदि प्रमुख रहेका छन् ।यसका अतिरिक्त नारीवादको तेस्रो लहरअन्तर्गत पनि विभिन्न नारीवादी समूह र प्रकार उदय भएका छन्।

युरोपको सेनेका फल्स (सन् १९४८)-मा सुरु भएको नारी मुक्तिआन्दोलन राजनैतिक आन्दोलनको रूपमा मात्र सीमित नभएर यसले साहित्यलाई पनि गहिरो प्रभाव पारेको देखिन्छ।

सिमोन दि बुआ, केट मिलेट, म्यारी एलम्यान, बेट्टी फ्राइडन, शुलामिथ फायरस्टोन, एलेन शोवाल्टर, जुडिथ बटलर, डेबोरा रोजनफेल्ट, लूस इरिगरी, हेलेन सिजू, एलिस वाकर आदि प्रमुख नारीवादी चिन्तक एवम् लेखक हुन्।

नारीवादी दृष्टिकोणले नेपाली साहित्यलाई अध्ययन गर्दा रूपनारायण सिंहको **भ्रमर** उपन्यासमा नै नारीवादी स्वर मुखरित भएको पाइन्छ। यसपछि गोपालप्रसाद रिमालको **मसान**-नाटकबाट नारी स्वतन्त्रचेत् जागृत भएको पाइन्छ। त्यसपछि गोविन्दबहादुर मल्ल, विजम मल्ल, लैनसिंह बाङदेल, हृदयचन्द्र सिंह प्रधान, पारिजात, अशेष मल्ल, सीता पाण्डे, ज्ञानु अधिकारी, जलेश्वरी श्रेष्ठ, पद्मावती सिंह, पुष्प राई, विन्ध्या सुब्बा, सुधा एम राई, मञ्जु शर्मा, सरिता प्रधान, भारती खरेल, इन्द्रमणि दर्नाल आदि लेखकका सिर्जनात्मक साहित्यमा नारी उन्मुक्ति र स्वतन्त्रता चेतनासितै पितृसत्तामक सामाजिक व्यवस्थामा नारी उत्पीडनलाई विभिन्न कोणबाट प्रस्तुत गरिएका पाइन्छन्।

यसका अतिरिक्त सिर्जनात्मक साहित्मका समाविष्ट नारीवादलाई नेपाली समालोचनाका क्षेत्रमा पनि अध्ययन गरिने काम भएका छन्। यस दिशामा कृष्ण गौतम, रमा सिवाकोटी, सुधा त्रिपाठी, ज्ञानु अधिकारी, विन्ध्या सुब्बा,  कविता लामा, पुष्प शर्मा आदि प्रमुख नारीवादी समालोचक हुन्।

# तेस्रो अध्याय

## नेपाली उपन्यासमा नारीवादी चिन्तन परम्परा

### ३.१ नेपाली उपन्यासमा नारीवादी चिन्तनको प्रवेश

अन्य साहित्यका तुलनामा नेपाली साहित्यमा नारीवादी अवधारणा धेरैपछि भित्रिएको हो भन्ने विद्वान्-विदुषी तथा समीक्षकहरूको भनाइ रहे तापनि सन् १९६० तिर विकासको चरम सीमामा पुगेको नारीवादी मान्यता पश्चिममा विकास हुन अगावै पूर्वमा वैदिक ग्रन्थ, वेद, रामायण, महाभारत, विभिन्नप्राचीन, ऐतिहासिक, प्रागैतिहासिक कालका ग्रन्थबाट प्रवेश गरिसकेको थियो। प्राचीन भारतीय साहित्यमा वर्णित नारीलाई नारीवाद सिद्धान्तका आधारमा अध्ययन गर्न सकिन्छ।

नारी लिखित पहिलो नेपाली उपन्यास अम्बालिका देवीको **राजपूत रमणी** (सन् १९३२)-लाई मानिएको छ। "नारीको विद्रोही स्वभाव दर्शाउनु, नारीको सतीत्व रक्षा गर्नु र पतिभक्ति प्रदर्शन गर्नु यस उपन्यासको मूल उद्देश्य रहेको देखिन्छ।"[१] **राजपूत रमणी**-मा नारी शक्तिको परिचय छुटपुट रूपमा गराइएको हुनाले प्रस्तुत उपन्यासलाई नारीवादको पृष्ठभूमि निर्माणको श्रेय दिन सकिन्छ। रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६)-मा नारीवादी चिन्तनको प्रयोग पाइन्छ। उपन्यासकी नारी पात्र मायाले इन्द्रशेखरले गरेको पश्चतापसम्म सुन्न नमानेको प्रसङ्गले प्रस्तुत उपन्यासमा नारीवादी चिन्तन रहेको कुरा स्पष्ट पारेको छ। पुरुषद्वारा लेखिएको प्रस्तुत कृतिमा वर्णित नारीको विश्लेषणमा पितृसत्ताको विरोध

---

१ दीपक तिवारी, सन् २०१४, **नेपाली साहित्यमा नारीलेखन**, सिलगढी, नेपाली साहित्य प्रचार समिति, पृ. २२९।

र नारीमुक्तिको प्रयास गरिएको छ। यस उपन्यासले परुषध्रुबीयतालाई पन्छाएर क्रान्तिकारी चेतनाको सङ्केत दिएको छ। यसका साथै नारी शिक्षित बनेर डाक्टर जस्ता उच्चस्तरीय पेसा अपनाउने जस्ता प्रसङ्गले नारी अब शिक्षित, स्वावलम्वी, आत्मनिर्भर तथा स्वनिर्भर बनेर स्वतन्त्र बन्नु पर्ने सङ्केत **भ्रमर**ले दिएको छ। यस प्रसङ्गलाई स्पष्ट गर्न शिक्षाले नै नारीलाई आफ्नो सोच्ने क्षमता सँगसँगै आत्मबल बढाउँदछ भन्ने मेरी उल्स्टोन्क्राफ्टको मत सान्दर्भिक रहेको देखिन्छ। उनले नारीका व्यक्तितत्व विकासका निम्ति सामाजिक बन्धनबाट मुक्त भएर पुरुषसमान जीवन बिताउन सक्षम हुनुपर्ने कुरा बताएकी छन्। शिक्षाले मात्र नारीलाई बौद्धिक रूपमा पुरुषसमान सक्षम र स्वनिर्भर बनाउँछ भन्ने मेरी उल्स्टोनक्राफ्टको दृष्टिकोण पारदर्शी एवम् नारीहितलाई बल दिनमा सहयोगी छ। उनी भन्छिन्- "समाजमा कुनै पनि व्यक्तिको स्थान, दर्जा निर्धारण गर्नमा कुनै पनि संस्था वा परम्पराभन्दा प्रत्येक व्यक्तिको विवेक, बौद्धिक क्षमता धेरै विश्वसनीय हुन्छ।"[२]

नारीहरू हीनताबोध र परनिर्भरतादेखि मुक्त हुनसक्नुपर्दछ भन्ने मान्यता रहेकाले नारीवादी चिन्तकहरू नारी मुक्ति र स्वतन्त्रताको निम्ति शिक्षालाई प्रथम हतियारको रूपमा लिनुपर्दछ भन्ने कुरामा जोड दिन्छन्। प्रस्तुत उपन्यासका नारीले शिक्षित बनेर नारी सशक्तिकरणको अभियान सुरू गरेको बोध गरिन्छ। **भ्रमर** उपन्यासभन्दा अघि प्रकाशित भएका नेपाली उपन्यासमध्ये **रूपमति, सुमति** जस्ता उपन्यासमा नारीलाई आदर्शको पाठ पढाइएको पाइन्छ। यी दुईवटा उपन्यासका नारीहरू बुहार्तन, उत्पीडन, यातना, शोषणको सिकार भएर पनि मौन देखिन्छन्। नारी उत्थान, नारी स्वतन्त्रता र पुरुष शोषणबाट मुक्त हुने प्रयास ती नारी गर्दैनन् अर्थात् **रूपमति** र **सुमति** उपन्यासमा नारीका हित, हक, कल्याण,

---

२ जोस्पाइन डोनोभान्, सन् २०१२, **फेमिनिस्ट थिअरी**, लन्डन, कन्टिनम् इन्टरनेस्नल पब्लिसिङ ग्रुप, पृ. ७।

स्वतन्त्रता, शिक्षा र शक्तिका लागि कुनै वकालती गरिएको भने पाइँदैन। त्यसैले **राजपूत रमणी** उपन्यासलाई नारी सचेतताको पृष्ठपोषक र **भ्रमर** उपन्यास प्रथम नारीवादी उपन्यास हो।

## ३.२ नेपाली उपन्यासमा नारीवादी चिन्तन परम्परा

रूपनारायण सिंहको **भ्रमर** उपन्यासबाट नेपाली उपन्यास साहित्यमा नारीवादी चिन्तनले प्रवेश पाएको हो। **भ्रमर** पछि प्रकाशित एवम् नारी स्वतन्त्रताको दिशामा अग्रसर लक्ष्मीप्रसाद देवकोटाको **चम्पा** (सन्१९४५) नारीवादी चिन्तनपरक उपन्यास रहेको बोध हुन्छ।चम्पाले सम्पूर्ण अधिकारच्यूत भएका अनि हुन लागेका नारी जातिको प्रतिनिधित्व गरेकी छ।

यसरी नै लैनसिंह बाङ्देलको **माइतघर** (सन् १९५०)-मा पितृसत्तात्मक व्यवस्थाले छोरीलाई मात्र आफू जन्मेको घरमा बस्ने अवधि तोकिदिएको छ। छोरीले जीवनभरि आफ्नो घरमा बस्न नपाउने प्रसङ्ग उपन्यासमा यस्तो छ- "सानू त्यो भनेर हुन्छ? छोरीचेलीको जात एक दिन अर्काको घर नगई हुँदैन। चेलीको घरसंसार पराईघरमा हुन्छ, माइतघरमा हुँदैन"[३] तर छोरीको घर आफू जन्मेको घर होइन भन्ने परम्परा र व्यवस्थालाई सानीले विरोध गरेकी छ। सानी आफ्नो हक र अधिकार माग्दै यसरी भन्छे-"हरि दाज्यू, म त बिहा गर्दिनँ, बिहा गर्दिनँ... म यहाँ बस्दा के तपाईहरूलाई पीर लाग्छ? म यो घरमा बसेको आमा पनि सहनुहुन्न, बडी पनि देखिसहनुहुन्न अनि तँपाई पनि देखि सहनुहुन्न भने बस्दिनँ। जान्छु, टाढै जान्छु जता यो गोडाले लान्छ ।"[४] "म यहीं बस्छु, यही मेरो माइतघर। यही बसेर

३ लैनसिंह वाङ्देल, सन् २०१३, **माइतघर**, काठमाडौं, रत्न पुस्तक भण्डार, पृ. ३९।

४ पूर्ववत्, पृ. ४०।

आमा र बडीलाई हेर्छु, तँपाईको पनि सेवा गर्छु, जन्मभर म यही घरमा बस्छु"[५] भन्दै आफ्नो निर्णय सुनाएकी छे। सानी आफ्नो उत्तरदायित्व उठाउन सक्षम बनेकी छे। यसरी आफू विवाह नगरेर आफ्नो स्वेच्छाले जीवन चलाउन सक्छु भन्दै छोरीले मात्र अर्काको घर विवाह गरेर बस्नुपर्ने जस्ता पितृसत्तात्मक व्यवस्था र मानसिकताको विद्रोही बनेर सानी देखा परेकी छ। माइतघर माथि छोराको मात्र नभएर छोरीको पनि समान हक हुनुपर्ने कुराको उठान उसले गरेकी छ।यसप्रकार सानीले माइतघरमा नै बस्ने इच्छा व्यक्त गरेकी छ।यसरी एकातिर एउटै आमा बाबुबाट जन्मिएका भए तापनि छोरीको निम्ति आफ्नो घर माइतघरको नामले चिनिनु पर्ने सामाजिक व्यवस्थाको भञ्जन गर्ने उद्देश्य उपन्यासकारको रहेको छ भने अर्कातिर पैतृक सम्पत्तिमाथि पुरुषसमान अधिकार नारीलाई खोज्न लगाएकी छन्। "नारीअधिकार एवम् अस्तित्व प्राप्तिको तथा समान अधिकारका निम्ति नारीलाई मुक्ति दिन, आत्मनिर्भर बनाउन र उठाउन उत्प्रेरित गराउने सिद्धान्त नै नारीवाद हो।"[६] **माइतघर**-की सानी विवाहलाई बन्धन ठान्छे। स्वावलम्वी बनेर आफ्नो उत्तरदायित्व लिने सक्षमता पुरुषमा मात्र होइन नारीमा पनि हुन्छ। नारी पनि पारिवारिक जिम्मेवारी उठाउन सक्षम छ भन्दै सानी पनि निर्धक्क भएर उत्तरदायित्व उठाउन तयार भएकी छ। प्रस्तुत उपन्यासमा सानीको अभिव्यक्तिमा नारीवादको पृष्ठपोषण पाइन्छ।

यसरी नै हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** (सन् १९५४) र **एक चिहान** (सन् १९६०) नारीवादी चिन्तनपरक उपन्यासहरू हुन्। **स्वास्नीमान्छे** उपन्यासको समाज पितृसत्तात्मक छ। नारीले आफू जन्मेको घर त्यागेर पतिको घर जानु पर्ने पितृसत्तात्मक व्यवस्थाको कारण आफ्नो घरलाई अधिकारका साथ घर भन्न पाइँदैन। विवाहपछि पतिको

---

५ पूर्ववत्, पृ. ४०।

६ सुधा त्रिपाठी र सीता पन्थी, (सम्पा.) सन् २०१३, **नेपाली नारीवादी समालोचना**, काठमाडौं, नेपाल प्रज्ञा- प्रतिष्ठान, पृ. १४४।

घरलाई नै आफ्नो घर ठान्नु परे तापनि त्यस घरलाई पनि पतिको इच्छानुसार मात्र आफ्नो ठान्नु पर्ने र पतिले नचाहे त्यस घरबाट पनि निस्कासित हुनुपर्ने उदाहरण प्रस्तुत उपन्यासमा पात्र प्रमोदकै शब्दमा यसप्रकार अभिव्यक्त भएको छ-"तँलाई म एकछिन पनि मेरो घरमा राख्न चाहन्नँ, अब घण्टाभित्रमा पनि मेरो घरबाट निस्किनस् भने तेरो जात्रा नदेखाई छोड्दिन।"[७] नारीको अपमान, शोषण र अत्याचार गर्ने पुरुष अहङ्कारको प्रतिशोध लिन उपन्यासकी नारी चरित्र मोतीमायालाई उपन्यासमा हीराज्यान भन्छिन्-" स्वास्नीमान्छेलाई केही पनि नसम्झने बेवकूफ लोग्नेमानिसको यसरी नै बङ्गारो फोरिदिन सक्नुपर्छ अनि मात्र समाजमा हाम्रो केही कदर होला।"[८]

नारी पुरुषभन्दा कमजोर र दोस्रो दर्जाका हुन् भन्ने धारणाको अन्त गर्नु र आफ्नो अस्तित्वको परिचय दिनु नारीवादी चिन्तकहरूको मूल मुद्दा हो।लिङ्गका आधारमा खडा गरिएको असमानताको पर्खाललाई तोड्न प्रस्तुत उपन्यासमा हीराज्यान अघि बढेकी छे। पितृसत्तात्मक अहङ्कारको अन्त गर्न आफू स्वयम् जुटेर मोतीमायालाई पनि सचेत बनाउने चेष्टा गरेकी छ। यस उपन्यासमा प्रमोद जस्तो पुरुष पात्र नारी शोषकको प्रतिनिधि बनेको छ भने मोहनबहादुरलाई नारीवादी मान्यताका पक्षधरका रूपमा उपन्यासकारले खडा गरेका छन्।आफूले पतिको शोषण र अत्याचार सहेर जीवन बिताउनु नै परम कर्तव्य र धर्म मान्ने मोतीमायालाई मोहनबहादुर यसो भन्छ-"विनाकसूरमा स्वास्नीलाई पिट्ने, मार्ने, सौता हाल्ने लोग्ने पूज्य हुन सक्दैन। जिन्दगीलाई नचिन्ने मूर्खले मात्र त्यस्ता बेवकूफको पूजा गर्छन्, त्यसैले मोतीमाया मूर्ख नबन। लोग्नेलाई पूजा गरेर, उनले जे गरे पनि उनकै पाउमा परिरहे धर्म हुँदैन, त्यसो भए स्वास्नी पुज्नमा पनि धर्म हुनुपर्दछ। किन पुज्दैनन् लोग्ने मानिसहरू?

---

७ हृदयचन्द्रसिंह प्रधान, सन् १९९१, **स्वास्नीमान्छे**, काठमाडौं, साझा प्रकाशन, पृ. १९।

८ पूर्ववत्, पृ. २८।

त्यसैले पुज्दैनन्, लोग्नेमानिसहरू तिमीहरूजस्ता मूढ छैनन् "[९] भन्दै मोतीमायालाई आफ्नो अस्तित्व, अस्मिताप्रति सचेत गराएका छन् ।

धार्मिक नियम पितृसत्तात्मक व्यवस्थाले बनाएको हो, त्यसैले धार्मिक गतिविधि धर्म पुरुष प्रभुत्व बचाई राख्ने पक्षमा बनिएको छ भन्ने कुरा मोहनबहादुरको भनाइले स्पष्ट गराएको छ। लिङ्गका आधारमा धार्मिक नियम बनिएका छन् भन्ने कुराको पुष्टि 'स्वास्नी पुज्नमा पनि धर्म हुनुपर्दछ' भन्ने अभिव्यक्तिले गरेको छ। नारी पुरुष दुवै मानवसमाजका सदस्य हुन् तर दुवैलाई धार्मिक नियम समान नभएर लैङ्गिक आधारमा धर्म पालनका विभिन्ननियम र विधि बनिनुमा पितृसत्तात्मक व्यवस्थाका षड्यन्त्र मात्र हो भन्ने कुरा माथि उल्लिखित "लोग्नेमानिसहरू तिमीहरू जस्ता मूढ छैनन्" ले प्रमाणित गरेको छ। नारीहरूले अन्धोसरह बनेर यस्ता अवैज्ञानिक रुढिग्रस्त एकपक्षीय धर्मलाई मान्नुभन्दा अघि बौद्धिक र वैज्ञानिक रूपले प्रत्येक व्यवस्थालाई बुझेर मात्र त्यसको पालन गर्नुपर्ने कुरामा सचेत गराएको छ। पुरुषका पक्षमा रहेको धार्मिक नियमको विरोध र बहिष्कार गरिनु पर्छ भन्ने कुरामा नारीहरू जागरूक बने नारी र पुरुषमाझ समानता हुनसक्छ भन्ने मत मोहनबहादुरको रहेको छ। मोहनबहादुरका माध्यमबाट उपन्यासकारले नारीलाई आफ्नो अधिकारप्रति सचेत गराएका छन् भने नारीवादी मान्यतामा नारीले मात्र नारीको पक्षमा वकालतीको निम्ति सङ्घर्ष गर्ने होइन पुरुष पनि नारीमुक्ति र समानताका पक्षमा उदारतापूर्वक खडा हुनु पर्दछ भन्ने उद्देश्यले मोहनबहादुरलाई प्रस्तुत गराएको बुझिन्छ।

पितृसत्तात्मक संरचना र व्यवस्थालाई स्वीकार गरेर नारीभन्दा पुरुष नै उच्च हुन् भन्ने सोच पितृसत्तात्मक सोच हो। पितृसत्तात्मक मानसिकताको प्रभावमा परेका नारीलाई

---

९ पूर्ववत्, पृ. ५८-५९।

नारी र पुरुष समान हुन् भन्ने कुरामा सचेत गराउन र त्यसतो विश्वासबाट मुक्त बनाउने नारीवादी दर्शनको रहेको छ। समाजमा पुरुषको वर्चस्वलाई महत्त्व दिनमा केवल पुरुष मात्र उत्तरदायी होइन यसमा नारी पनि पितृसत्तात्मक व्यवस्थाका प्रभावमा पुरुषवादी भएका देखिन्छन्। यसरी समाजमा पुरुष वर्चस्वलाई निरन्तरता दिने र प्रोत्साहित गर्नमा अज्ञानतामा रहेर बसेका नारीलाई मोहनबहादुर भन्छ-

> "यही त तिमी स्वास्नीमानिसको भूल हो, लोग्नेमानिहरूलाई बेवकूफ बन्नमा प्रोत्साहन दिने वास्तवमा तिमी स्वास्नीमानिसहरू नै हौ। तिमी स्वास्नीमानिसहरूको मुर्दा सहनशीलताकै र लाटो कर्तव्यपालनबाट हामी लोग्नेमानिसहरूको बेवकूफी र बदमाशी उत्साहित, उत्ताउलो अनि उरन्ठेउलो हुँदैछ। लोग्नेले कर्तव्य पालन गरेमा मरेर पनि स्वास्नीले पनि धर्म राख्नुपर्दछ, यो म मान्दछु मात्र होइन, रगत झिकेर सही पनि गर्न सक्तछु, तर लोग्नेले अर्की स्वास्नीसित नाचेर पहिली स्वास्नीलाई कुटेर चुटेर धुलोमा फ्याँकेर उसको जीवन बरबाद गर्दछ भने फेरि पनि पतिव्रता भएर केही चण्डाल लोग्नेको नाम जप्दै मर्न उचित छ त ? यस्तै गर्नाले त लोग्नेमानिस झन् झन् बदमास हुँदैछन्। धर्म होइन कि लोग्नेमानिसहरूलाई वदमाशी गर्नमा प्रेरणा दिएर स्वास्नीमानिसले बरू पाप गरिरहेका छन्"।[१०]

नारीदमनलाई उत्प्रेरित गर्ने अन्यायपूर्ण धर्म, परम्परा र संस्कारलाई कतिपय नारीले नै निरन्तरता दिइरहेका छन् भन्दै धर्मको घुम्टो ओडेर बसेका नारीलाई मनबहादुरले झक्झकाएका छन्। नारी शोषण र अत्याचारको मूल कारक तत्त्व पुरुषपक्षीय धर्म हो। यस्ता

---

१० हृदयचन्द्रसिंह प्रधान, सन् १९९१, पूर्ववत्, पृ. ६६।

परम्परा, धर्म र संस्कारको विरोध नारी स्वयम्ले गर्नुपर्ने र धर्म संस्कारका नाममा भइरहने शोषणमा संशोधन मात्र होइन परिवर्तन नै गर्नुपर्ने आह्वान मोहनबहादुरको रहेको छ।

**एक चिहान** उपन्यासमा नारीलाई कामवासनाको साधनको रूपमा हेर्ने पुरुष प्रवृत्तिलाई औंल्याउँदै रञ्जनादेवीले चेतावनी दिँदै भनेकी छ-"मेरो कुरालाई त्यसै लन्याकलुरूक पारी हँसीमा उडाएर जान पाइन्न, सफा जवाफ दिनोस् तपाईको के विचार छ? तपाईं के हुन खोज्नुभएको छ ? घरमा कामधन्धा गर्ने चाकरनी पनि नभन्ने, रोग जँचाउन आएकी बिरामी पनि बाँकी नराख्ने। अब त ज्यान गए पनि सहन्नँ म तपाईंको यस्तो अचाक्ली ? फेरि मैले यस्तै देखें र सुनें भने केही गरे पनि म बाँकी राख्नेछैन"[११]। विवाहित नारीलाई आफ्नो मनोरञ्जनको वस्तु ठान्ने कामुक पुरुष मानसिकताको विद्रोहमा रञ्जनादेवी तयार भएकी छ। नारीप्रताडना र शोषणको एउटा पक्षको अन्त गर्न सम्पूर्ण नारीसमूदायको प्रतिनिधि बनेर उपन्यासमा खडा भएकी छ। नानीथंकु पुरुष शोषणको सिकार बनेकी एउटी नारी हो भने रञ्जनादेवी यस्ता दमनलाई निर्मूल पार्नमा जुटेकी नारी हो।"हामी कुनै लोग्नेमानिसको भोगका निम्ति जन्मेका वा सिर्जेका जीव होइनौ"[१२] भन्ने अभिव्यक्तिले रञ्जनादेवी नारीस्वतन्त्रता र सुरक्षाको पक्षधर रहेको कुरा प्रष्ट पारेको छ। यस उपन्यासको पुरुष पात्र गोदत्तप्रसाद नारीलाई केवल वासना तृप्तिको साधन ठान्ने व्यक्ति हो। नानीथकुं जस्ती सोझी नारीलाई यौन तृप्तिको माध्यम बनाउने प्रयासलाई नानीथंकुले "म स्वास्नीमान्छेकी कलङ्किनी हुन चाहन्नँ, म मासु बेच्न चाहन्नँ, यौवन बेच्न चाहन्नँ, जिन्दगी बेच्नचाहन्नँ, मलाई अब आफ्नो नारीत्वको महत्त्व थाहा भएर आयो। अब म नारीत्व गिराउन चाहन्नँ"[१३] भनेर उसले नारीअस्तित्वप्रति सजगता देखाएकी छ। पितृसत्तात्मक सोचले ग्रसित पुरुषहरूद्वारा नारीमाथि

---

११ हृदयचन्द्रसिंह प्रधान, सन् १९९९, **एक चिहान**, काठमाडौं, साझा प्रकाशन्, पृ. ११०।

१२ पूर्ववत्, पृ. ११३।

१३ पूर्ववत्, पृ. १७८।

हुने गरेको यौन शोषण र अन्य हैकमवादी प्रवृत्तिले तीव्र रूप लिन थालेपछि नारीथंकु जस्ती सोझी नारीको स्वत्व पनि जागृत भएको छ। नारीको स्वत्व, मूल्य र महत्त्व बुझिसकेकी नानीथंकु पुरुषदमनबाट मुक्तिको चाहनामा दृढ देखिन्छ। ऊ भन्छ- 'म मासु बेच्न चाहन्नँ, नारी मासुको डल्ला होइन।' नारी यौनसँग सम्बन्धित विषयहरूमा हुने गरेका शोषण र भेदभावका विरुद्धमा बोल्ने, आफ्ना अस्तित्व र हितका सुनिश्चितताका लागि आफै लड्ने हेक्का नारीथंकुको चरित्रमा अवतरित गराएको छ। उसलाई समाजको प्रतिनिधित्व गर्न लगाइएको प्रस्तुत उपन्यासले नारीका समस्यामा सुधार र संशोधन होइन तर पूर्णत: परिवर्तन ल्याउन क्रान्ति हुनुपर्छ भन्ने मूल सन्देश दिएको छ। अत: **एक चिहान** उपन्यासमा पितृसत्तात्मक मानसिकतालाई निर्मूल पार्नमा प्रस्तुत उपन्यासका नारी पात्रा खडा भएका छन्। हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** र **एक चिहान** दुवै उपन्यासमा नारीवादी स्वर तीव्र रूपमा ध्वनित भएको छ। **स्वास्नीमान्छे** (सन् १९५४) सम्पूर्ण नारीको समस्या समेटिएको उपन्यास हो भने **एक चिहान** (सन् १९६०) नारीको आत्मोन्नतिमा बाधा पुऱ्याउने सतीत्व र जातित्वका साङ्लालाई चुँडाल्ने प्रगतिवादी उपन्यास हो।[१४]

नारीवादको अवधारणा प्रस्तुत भएका अन्य उपन्यासहरू हुन्- लीलाध्वज थापाको **शान्ति** (सन् १९५८), गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (सन् १९५९), विजय मल्लको **अनुराधा** (सन् १९६१), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (सन् १९६८), इन्द्र सुन्दासको **जुनेली रेखा** (सन् १९६९), मदनमणि दीक्षितको **माधवी** (सन् १९८२), प्रेमा शाहको **मम्मी** (सन् १९८३), पारिजातको **शिरीषको फूल** (सन् १९६५), **पर्खालभित्र र बाहिर** (सन् १९७८), **अनिदो पहाडसँगै** (सन् १९८२), **परिभाषित आँखाहरू**

१४ सुधा त्रिपाठी, सन् २०१२, **नेपाली उपन्यासमा नारीवाद**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ८६।

(सन् १९८६), नकुल सिलवालको **तेस्रो पाइला** (सन् १९८८), प्रदीप ज्ञवालीको **सहयात्री** (सन् १९८९) आदि ।

नारीवादी उपन्यासका रूपमा शान्ति उपन्यासको एउटा अलग्ग महत्त्व रहेको पाइन्छ। लीलाध्वज थापाको **शान्ति** उपन्यासमा पात्र शान्ति अन्जान पुरुषबाट षड्यन्त्रपूर्ण रूपले बलात्कृत हुन्छे। यसरी नारीलाई शारीरिक प्रताड्ना दिने र यौन शोषण गर्ने पुरुषप्रभुत्ववादी समाजलाई चुनौति दिन शान्ति उत्रेकी छ। नारीको शक्ति र सामर्थ्यको पहिचान गराउने उद्देश्यले शान्तिकै शब्दमा उपन्यासमा यसरी अभिव्यक्त भएको छ- “म पनि यो अत्याचारी समाजमा स्वास्नीमान्छे भनेको कुन शक्ति रहेछ त्यो देखाउँछु”[१५] भन्दै सम्पूर्ण नारीसमूदायको प्रतिनिधि बनेर नारीलाई पीडित अवस्थामा धकेल्ने पुरुष शोषणको कारक तत्त्वलाई जरादेखि नै निमिट्यान्न पार्न शान्ति सक्रिय बनेकी छ। समाजमा पुरुषसमान नारीअस्तित्व स्थापित गर्ने कुरामा नारीवाद सिद्धान्त विश्वस्त रहेको छ। नारीलाई मानिसको स्थान नदिएर यौन सामग्रीको स्थानमा राख्ने मनोवृत्ति पाल्ने तथा नारीलाई पुरुषको आवश्यकता पूर्ति गर्ने साधनको रूपमा लिने मानसिकलाई शान्तिले निष्क्रिय पारिदिएकी छ। त्यसैले नारी विकास र समानताको निम्ति पितृसत्तालाई परास्त गर्नुपर्ने धारणालाई उग्र नारीवादले अगाडि सार्दछ।[१६] प्रस्तुत उपन्यासमा लैङ्गिक असमानताको अन्त गरेर मानव समाजमा पुरुषसमान नारीको स्थान निर्धारण गर्न उपन्यासकी पात्र सफल बनेकी छ। उपन्यासकी नारीपात्र भन्छे“ म यही समाजमा शान्तिलाई नारीजातिको नमुना बनाएर

---

१५ लीलाध्वज थापा, सन् २००१, **शान्ति**, ललितपुर, साझा प्रकाशन पृ. १०२।

१६ भोजेन्द्र अर्याल, सन् २००२, **लैङ्गिक अध्ययन**, काठमाडौं, समाजशास्त्र प्रकाशन, पृ. ८७ ।

उठाउँछु। कसले के भन्ने ? गाउँलेले के भन्दो रहेछ? भनोस् भन्न आओस् मकहाँ। तिनीहरूको कालो मस्तिष्कमा कर्तव्यको बत्ती झल्काएर जबाफ दिएर पठाउँछु।"[१७]

यसरी नै नेपाली नारीवादी उपन्यासको विकासमा देखा परेको अर्को महत्त्वपूर्ण उपन्यास गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** हो। प्रस्तुत उपन्यासमा मिसरीले विवाहिता नारीले परपुरुषसँग सम्बन्ध राख्न बेठिक ठान्ने परम्परालाई तोडेर छ। पतिलाई त्यागेर, आफूले मन परेको हीरामानसँग जानु पनि नारीको स्वतन्त्रता खोज्नु हो। यसरी नै सेतीले आफ्नो पति आफूसमान सामर्थ्य र सक्षम नहुनाको कारणले अनि त्यसमाथि पनि पुरुषश्रेष्ठतावादी हैकम चलाउने प्रवृत्तिको हुनाले पतिलाई त्यागेर आफ्नो जीवन आफै चलाउने आँट र हिम्मत गरेकी छ। त्यसैले मिसरीको "सेती, तेरो पोइले तँलाई चुल्ठो समाई बाटोमा घिसार्‍यो भने तँ के गर्छेस्"? भन्ने मिसरीको प्रश्नको उत्तरमा सेती भन्छे-

**"घिसारे म त्यसको बाटोमा बेइज्जती गर्न सक्दिनँ र ? म मात्रै कम हुँ र?"**

**"तँ किन जान्नस त?"**

**"ख्वाउन सके पो जानु"**

**"अर्को पोइल गए पनि पाप लाग्दैन?" मिसरीले त्यस्तै स्वरले सोधी।**

**"पारपत्र दिन्छु के"**[१८]

यस उपन्यासमा मिसरीलाई आफूले चाहेको पुरुषसँग विवाह गर्नमा गोल्सन नामकी नारी पात्रले सहयोग गरेकी छ। त्यसैरी नै सेतीलाई आत्मनिर्भर, स्वावलम्बी बन्नमा मिसरी र उनकी सासूको ठुलो सहयोग रहेको छ। "पितृसत्तात्मक प्रणालीद्वारा महिलामाथि गरिने हेपाइ र दुर्व्यवहारलाई तत्काल आलोचना र प्रतिकार गरेमा अनि महिला महिलाबिचमा शारीरिक,

---

१७ लीलाध्वज थापा, सन् २००१, पूर्ववत्, पृ. ३३।

१८ गोविन्दबहादुर मल्ल 'गोठाले', सन् २००९, **पल्लो घरको झ्याल**, ललितपुर साझा प्रकाशन, पृ. ३३।

मानसिक वा भावनात्मक सम्बन्ध कायम गरी लोग्नेमान्छेको आवश्यकताको विकल्प एक महिलाले अर्को महिलालाई दिएमा अवश्य पितृसत्ता, पुरुष दमन स्वत: अन्त भएर जान्छ भन्ने उग्र नारीवादका पक्षपोषक वकालत गर्दछन्।"[१९] प्रस्तुत उपन्यासमा नारी शोषण र बन्धनबाट मुक्ति हुनमा मानसिक र भावनात्मक सहयोगी बनेर नारीका पक्षमा नारी नै उपस्थित छन्। यी उपन्यासहरू नारी यौन मनोविश्लेषणमा आधारित रहेको पाइए तापनि केही प्रसङ्गमा नारी स्वतन्त्रता र समानताका पक्षमा वकालती गरिएका हुनाले **पल्लो घरको झ्याल**लाई नारीवादी उपन्यासको श्रेणीमा राख्न सकिन्छ।

**अनुराधा** उपन्यासको समाज पूर्ण रूपमा पितृसत्तात्मक मानसिकताले ग्रस्त रहेको छ। उपन्यासकी प्रमुख पात्र अनुराधा बाहेक अन्य पात्रहरू पितृसत्तात्मक सामाजिक संरचना र व्यवस्थामा हुर्किएका छन्। त्यसैले अनुराधा एक्ली पितृसत्तात्मक समाजले नारीमाथि थोपरिदिएका नियम, परम्परालाई पालन गर्नमा विद्रोही बनेकी छ। अन्य नारी चरित्रहरू पितृसत्तात्मक व्यवस्था र प्रणालीलाई निरन्तरता दिनमा जुटेका छन्। प्रस्तुत उपन्यासमा अनुराधा लैङ्गिक आधारमा गरिने विभिन्नविभेदलाई मान्दिन। अनुराधाकै शब्दमा - "म स्वच्छन्द स्वतन्त्र प्रकृतिको नारी अभिमानिनी। मेरो निम्ति पुरुषहरू आफै समानका थिए, आफै जस्ता जोसँग म कुनै प्रकारको पर्दा हालिदिनथें। व्यवहार पनि स्वतन्त्रपूर्वक गर्दथें, लाज र शरमले घुँडा टेकेर घुम्टो हालेर आफूलाई श्रुद्र बनाउँदिनथैं, यो सब बोर्डिङगबाट मैले सिकेकी थिएँ।"[२०] यो सब बोर्डिङबाट सिकेको भन्ने अभिव्यक्तिले नारीहरू स्वतन्त्र बन्ने एक मात्र शस्त्र शिक्षाले दिएको बोद्धिकता भन्ने नारीवादको मान्यता अनुराधाको

---

१९ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ८७।

२० विजय मल्ल, सन् २०१२, **अनुराधा**, ललितपुर, साझा प्रकाशन, पृ. ७३।

भनाइमा पाइन्छ। शिक्षा हासिल गर्नाले नै प्रस्तुत उपन्यासकी अनुराधा पितृसत्तात्मक सङ्कुचित मानसिकताभन्दा विपरीत साहसी र भिन्नभएर खडा भएकी छ।

उदार नारीवादले उठाएको आवाजमा सामाजिक बन्धनबाट मुक्ति र व्यक्तिगत अधिकारको माग र त्यसका प्राप्तिका गरिने सङ्घर्ष हो। यही आवाज अनुराधामा पाइन्छ। "व्यक्ति विवेक, स्वनिर्णय गर्न सक्ने क्षमता र सङ्कुचित व्यक्तितत्वलाई महत्त्व दिनुपर्छ, अनुराधा पनि यहीं कुरामा सहमत देखिन्छे, "के मेरो मनको इच्छाको सत्ता थिएन?" पितृसत्तात्मक समाजले दिएको सामूहिक अस्तित्व सामाजिक निर्णयलाई अनुराधा स्वीकार्दिन।"[२१] आफ्नो इच्छालाई गर्भमा नै तुहाउनु पर्ने नारीका बाध्यता भन्दा भिन्ननारीको विकास, प्रगति र अधिकारका निम्ति मानसिक एवम् शारीरिक दुवै रूपमा विद्रोही बनेर अनुराधा प्रस्तुत भएकीले **अनुराधा** नारीवादी नेपाली उपन्यास परम्परामा देखा परेको एउटा उल्लेखनीय कृति प्रमाणित भएको छ।

विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** उपन्यास अर्को नारीवादी उपन्यास हो। **तीन घुम्ती** उपन्यासमा नारीको अधिकारकै विषयलाई लिएर इन्द्रमायाको दृष्टिकोण नारीवादी प्रकृतिको छ भने पिताम्बरको दृष्टिकोण पुरुषवादी रहेको छ। इन्द्रमायाका लागि ऊ आमा बन्न पाउनु जीवनको एक मात्र उद्देश्य अनि उपलब्धि हो। यसबाट उसले नारीको अस्तित्व र स्वतन्त्रताका लागि पुरुष परम्परावादी मान्यतालाई अस्वीकार गरेको देखिन्छ। इन्द्रमायाले मातृत्वका सम्बन्धमा भिन्नदृष्टिकोणलाई कार्य रूपमा परिणत गरेकी छ।[२२] नारीले

---

२१ रमा सिवाकोटि, सन् २००५, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेशन्स, पृ. ३०९।

२२ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ३८९।

भोगिरहेका विभिन्नसमस्यामा प्रस्तुत उपन्यास केन्द्रित रहेको छ। स्वयम् नारीले स्वनिर्णयद्वारा आफ्नो हक, न्याय र सुरक्षा प्राप्त गर्ने सक्षमता देखाएकी छ।

नेपाली नारीवादी उपन्यासको स्रोत र परम्पराको अध्ययन गर्दा **तीन घुम्ती** उपन्यास पछि प्रकाशित भएको अर्को नारीवादी उपन्यास इन्द्र सुन्दासको **जुनेली रेखा** हो। यो उपन्यास दार्जिलिङको चियाकमानको सेरोफेरोमा केन्द्रित रहेको छ। यस उपन्यासमा चियाकमानका मालिक एवम् म्यानेजर जस्ता पदमा रहेका अङ्ग्रेजहरूले मालिनी जस्ता श्रमिक नारीलाई यौन पिपाशु दृष्टिले हर्नु तथा शारीरिक शोषणका गर्नु प्रयत्न गरेको जस्ता प्रसङ्गले नारीमाथिको प्रताडनालाई इङ्गित गरेको छ। मालिनीले अङ्ग्रेज साहबलाई तिरस्कार गर्नु र अस्तित्वको रक्षा आफै गर्नुमा नारी अस्मिताप्रति सचेत रहेको देखिन्छ।आफ्नो इच्छानुसार जसेसँग विवाह गर्नु नै मालिनीले खोजेको व्यक्तिगत स्वतन्त्रताको खोजी हो। प्रस्तुत उपन्यास अङ्ग्रेज साहब जस्ता गोरा पुरुषहरूले भारत जस्तो उपनिवेशिक राष्ट्रका मालिनी जस्ता श्रमिक नारीमाथि शोषण दमनको प्रयत्नलाई अश्वेत नारीवादी सिद्धान्तसित पनि जोडेर हेर्न सकिन्छ।

मदनमणि दीक्षितको **माधवी** पौराणिक विषयवस्तुमा आधारित नारीवादी चिन्तन भएको उपन्यास हो। प्राचीन कालमा समाज मातृसत्तात्मक रहेको र उत्तरवैदिक कालमा मातृसत्ताको नाश हुँदै गए पछि नारीहरूको वर्चस्व हराउँदै गएको पाइन्छ। सत्ताको होडमा नारी पछि पर्दै गएपछि नारीमाथि पुरुषले हैकम जमाउँदै गएको सर्वविदितै छ। **माधवी** उपन्यासको सन्दर्भमा ऋषिराज बरालको निम्न कथनले तत्कालीन नारीको अवस्था र वास्तविकतालाई स्पष्ट पारेको छ-

> माधवी विवश छे, तर विद्रोही छे। ऊ जीवनलाई वस्तुवादी भएर हेर्न खोज्छे। ...माधवी आफ्नो विवशता यसरी व्यक्त गर्छे- यो असुर जनपदका गरुडहरू भने विधाता विहित कर्म र भाग्यमाथि विश्वास गर्छन्। म सधैं तिनको उपहास गर्थे तर सके तिनीहरू नै सत्य रहेछन्। यो देह निम्ति सके त्यही भाग्य र कर्म विहित रहेछ। तर मनले म त्यस विधानलाई पनि तिरस्कार गर्छु। वास्तवमा तत्कालीन परिस्थितिप्रति माधवीको विद्रोह हो यो।[२३]

यसपछि प्रेमा शाहको **मम्मी** उपन्यासमा नारीको दृढ, विवेकी तथा स्वाभिमानी स्वरूपलाई देखाइएको छ। यस उपन्यासमा नारीको स्वको रक्षा गर्दै नारी अस्मिताको खोजी पनि गरिएको छ।[२४]

पारिजातका **शिरीषको फूल** ( सन् १९६५), **पर्खालभित्र र बाहिर** ( सन् १९७८), **अनिदो पहाडसँगै** (सन् १९८२), **परिभाषित आँखाहरू** (सन् १९८६) उपन्यासहरू नारी समस्यामूलक रहेको देखिन्छ। यी उपन्यासहरूमा उपन्यासकारले समाजमा बढ्दै गएका विकृति, नारी शोषण, बलात्कार, हत्या र अत्याचार आदिको चित्रण गरेकी छन्। यीमध्ये यिनको **परिभाषित आँखाहरू** उपन्यासमा नारीमाथि पुरुषहरूको क्रूर व्यवहार र अत्याचारलाई देखाउँदै यसको विद्रोहमा उठेका उग्र नारीस्वर क्रान्तिकारी रूपमा प्रकट गरिएको छ। **परिभाषित आँखाहरू** उपन्यास मूलत: नारीहरूका सामाजिक मर्यादा, सामाजिक अन्याय, नारी पुरुषबिचको सम्बन्ध आदि विषयमाथि केन्द्रित रहेको छ। उपन्यासमा आफूलाई भाग्यमानी ठान्दै यादवकी धर्मपुत्री बनेर आएकी बिज्जी नारी चरित्र त्यही बाबु भनाउँदो यादवको वासनाको सिकार बनेकी छे। रजस्वला हुन अघिनै कथित बुबाबाट बलात्कृत बिज्जी एउटी

---

२३ ऋषिराज बराल, सन् २००७, **साहित्य र समाज**, ललितपुर, साझा प्रकाशन, पृ. १७३-१७४।

२४ लीला लुइटेल, सन् २०११, **नेपाली महिला उपन्यासकार**, ललितपुर, साझा प्रकाशन, पृ. १९।

निरीह खेलौनाबाहेक अन्य केही बन्न सकेकी छैन। बिज्जीको मनको भाषालाई उपन्यासले यसरी व्यक्त गर्दछिन्- "मात्र फिल्म हेरेको भरमा उ अर्थ लगाउँछे यो मेरो बाबु होइन, यो लोग्ने मान्छे र आइमाई जाति, यो बुबा होइन, बुबाले छोरीलाई यस्तो काम मरे गर्दैन।"[२५] यसरी हेर्दा एकातिर अन्य पुरुषको नारीप्रति र बाबुको छोरीप्रति के कस्तो व्यवहार हुन्छ भन्ने देखाइएको बुझिन्छ भने अर्कातिर पुरुषको दृष्टि नारीप्रति असल हुन्न भन्ने अर्थ पनि लाग्दछ, तर बिज्जी नाबालक छ। ऊ यादव जस्ता कुकर्मीका अघि आफ्नो अस्तित्व रक्षा गर्न सक्दिन, केवल मानसिक तहमा यादव एकजना पुरुष हो भन्ने अर्थ लगाउन सकेकी छ। उपन्यासकारले एकातिर यौन पीडित बिज्जीलाई उपन्यासमा प्रस्तुत गराएकी छन् भने अर्कातिर आफ्नो आर्थिक अवस्था सुधार्नका निम्ति कुनै उपाय नपाएर स्वेच्छाले शरीर बेच्न थालेकी मिनु जस्ती नारी पात्रलाई उभ्याएकी छन्। मिनुका सन्दर्भमा पारिजात लेख्छिन्- "हिजो राती पहिलोपल्ट उसले एकजना भारतीयलाई आफ्नो शरीर बेचेकी छे तीनसय रुपियाँमा। सोच्दी हो कति सस्तोमा बिक्री भएँ म।"[२६] पहिलो वाक्यले मिनुले आफ्नो शरीरको मूल्य तीनसय मात्र भएकोमा विचलित भएजस्तो बुझिन्छ। यहाँ नारीहरू आफ्नो जीवन चलाउनलाई सङ्घर्ष गर्न अन्य कुनै स्वास्थ र उन्नत मार्गतर्फ अग्रसर भएको देखिँदैनन्। मिनु जस्ती नारी आफ्नो अस्तित्व रक्षा गर्नभन्दा शरीरको मूल्य तोक्नतिर लागेकी छ भने पुरुष नारीको शरीरलाई पैसाले किन्न तत्पर देखिन्छन्। यी दुई नारी पात्रालाई उपन्यासकारले भिन्नकिसिमले प्रस्तुत गरेको भए तापनि अन्तमा दुवैजना पुरुषका खेलौना मात्र भएका छन्। बिज्जीलाई बाल्यावस्थादेखि आफ्नो वासना तृप्तिको साधन बनाएर कैयौं दिन कौमार्य लुटेपछि यादव उसलाई होटलमा बेश्या बनाउने योजना बनाई अन्य हिंस्रक पशुतुल्य नारीको शरीरका भोका पुरुषको सिकारसम्म बनाउन सफल भएको छ।

२५ पारिजात, सन् १९९७, **पारिजातका सङ्कलित रचनाहरू**, ग्रन्थ २, नाम्ची, निर्माण प्रकाशन, पृ. ३३३।
२६ पारिजात, सन् १९९७, पूर्ववत, पृ. ३६४।

उपन्यासकार लेख्छिन्- "के गर्ने हो भन्ने कुनै टुङ्गोमा पुग्न नपाउँदै बिज्जीलाई एउटा पुरुष शरीरले अँटयाइसकेको हुन्छ। आँखा खोलेर हेर्छे र चिन्छे यो यादव होइन। मलाई विनोद यादवले रण्डी बनायो विस्तारै बुझ्छे बिज्जी।"[२७] सुरुमा कुनै प्रतिक्रियाविना आफ्नो मासु लुछन दिन बाध्य बिज्जीमा विस्तारै अस्तित्व चेतना जाग्दछ, फलस्वरूप आफू रण्डी बन्न लागेको बोध भएपछि त्यसको प्रतिरोध गर्दै बलात्कारीलाई चुनौति दिँदै त्यस राक्षस रूपी पुरुषसँग जुझ्छे। उसको भैरवी रूपको चित्रण पारिजात यसरी गर्छिन्- "दाहिने हात बलात्कारीको अँगालोबाट छुटाएपछि उसले अन्धाधुन्ध तिखा नङ्हरूले प्रहार गर्नथाल्छे। बिज्जीले पानीको जग टिपेर उसलाई प्रहार गर्छे। उ सम्हालिन पाउँदा नपाउँदै बिज्जी व्याग टिपेर ढोका बाहिर आउँछे र ढोका ढ्याम्म लगाइदिन्छे।"[२८] यादवको षड्यन्त्र, बलात्कार र अत्याचार आदिमा पनि उपन्यासकारले बिज्जीमा बिद्रोही भावनाको विकास गराउन नसकेकी तर अचानक उसलाई बेच विखनको वस्तु ठान्ने मानसिकता भएको पुरुषसँग लडेर आफ्नो अस्तित्व जोगाउन भने सफल बनाएकी छन्। यहाँ पारिजातको नारीवादी स्वर ध्वनित भएको छ। उपन्यासको दोस्रो प्रवाहमा देखिएकी बसन्तिया एकजना साहसी नारी प्रतिमूर्तिको रूपमा खडा भएकी छ। सामाजिक संस्कार र रुढिवादी परम्परा विश्वासमा रहेर सानै उमेरमा अपरिचित व्यक्तिसँग विवाह गर्न बाध्य पारिएकी बसन्तिया यो विवाहलाई अस्वीकार गर्दै स्वेच्छाले आफूले चुनेको राजन सरसँग विवाह गर्दछे। घर व्यवहार चलाउन पति-पत्नी दुवैको उत्तरदायित्व समान हुनुपर्छ भन्ने बसन्तिया नारी पुरुषको समान अधिकारमा विश्वास राख्ने नारीवादीका विचारबाट प्रभावित देखिन्छे। आफ्नो इच्छा विपरीत सामाजिक संस्कारका नाममा विवाह गराएर नारीको स्वतन्त्रता आफ्नै घरबाट खोसिने परम्पराको विरोध

२७ पारिजात, सन् १९९७, पूर्ववत्, पृ. ४०८।

२८ पूर्ववत्, पृ. ४०७।

बसन्तियालाई नै गर्न लगाएर उपन्यासकारले नारीले आफ्नो रुचि र इच्छाअनुसार मन परेको पति चयन आफै गर्ने अधिकार पाउनु पर्छ भन्ने स्वरलाई उपन्यासमा सशक्त रूपमा राखेकी छन्। प्रस्तुत उपन्यासमा एकाध नारी चरित्र कमजोर भए तापनि बसन्तिया, होटल काउन्टरको युवक, राजन सर आदिको चारित्रिक विकासको केही नारीवादी मान्यतालाई वहन गरेको छ, जसले पारिजातलाई नारीवादी उपन्यासकारका रूपमा चिनाउँछ ।

नेपाली उपन्यासका क्षेत्रमा सक्रियरूपले कलम चलाउने गीता केशरीका **सौगात** (सन् १९८९), **आवाज** (सन् १९९०), **मुक्ति** (सन् १९९१), **खोज** (सन् १९९३), **अन्तिम निम्तो** (सन् १९९४), **विश्वास** (सन् १९९५), **खुला आकाश** (सन् १९९७), **नोकरी** (सन् १९९८), एवम् **निष्कर्ष** (सन् २००३) र **बदलिँदो क्षितिज** (सन् २००९) उपन्यास प्रकाशित छन्। यिनका उपन्यासमा लैङ्गिक समानताको खोजी गरिएका छन्। परिवार र समाजको प्रगतिको निम्ति नारी शिक्षित बन्नु अत्यावश्यक रहेको कुरा पनि उल्लेख गरिएका छन्। रुढिग्रस्त धार्मिक परम्परा, सामाजिक नियमहरूबाट नारीहरू प्रताडित र अपहेलित रहेको यथार्थलाई पनि यिनका उपन्यासमा वर्णित छन्। नारी मुक्ति, स्वतन्त्रता र अस्मिताको रक्षाका निम्ति आवाज उठाइएका यी उपन्यासमा नारी मुक्तिको आवाज घन्किएको पाइन्छ। यिनको **मुक्ति** उपन्यासमा समाजमा नारीमाथिको भिन्ननियम, व्यवस्था रहेको यथार्थ पक्षको प्रस्तुति छ। प्रस्तुत उपन्यासमा नारी र पुरुषलाई दुई भिन्नस्थानमा राखेर हेर्ने सामाजिक दृष्टिकोण नै धमिलो रहेको र व्यक्तिलाई उन्नतिको मार्गदर्शन गराउने शिक्षा जस्तो आवश्यकीय हतियारलाई समेत नारीले ग्रहण गर्न नपाउनु जस्ता विडम्बना रहेकोले नारी शोषण भएको देखाइएको छ। आफ्नी छोरीलाई नारी भएकै कारणले गर्दा चाहेर पनि औपचारिक शिक्षा दिन नसक्नु भनेको बाबु बाबुराम पनि पितृसत्ताको शोषणमा परेको बुझिन्छ। बाबुराम स्वयम् स्वतन्त्र नरहेको र पितृसत्तात्मक व्यवस्थाको शोषणबाट शोषित रहेको देखिन्छ। यसरी

पितृसत्ताले नारी पुरुष दुवैलाई प्रताडित बनाएको देखिन्छ। यसको अर्थ पितृसत्ताको अत्याचारी नियमबाट नारी शोषित हुनुका साथ साथै आडम्बरी पुरुष अहम् र स्वत्व स्थापित गर्ने आकाङ्क्षाले प्रेरित पुरुषले पनि आफ्नो इच्छालाई दमन गर्नु परेको प्रमाण बाबुरामको विवशताले पुष्टि गरेको छ। बाबुराम यसो भन्छ- "स्कूल गएको थाहा पाए भने इष्टमित्र टोल छिमेकले के भन्लान्? विवाह भएपछि लोग्नेले घरमा आफै पढायो भने पढलिस् हैन भने यस्तो इच्छा छोड्दे तैले कमाएर जहान परिवार पाल्नु पर्ने हैन पढ्नै किन पर्‍यो"[२९] यसबाट के बुझिन्छ भने समाजमा लिङ्गको आधारमा नारीको उत्तरदायित्व पुरुषको भन्दा भिन्नछ, जहाँ नारी भएकै कारण नारी हरेक अवसरबाट वञ्चित बन्दछन् र ठगिन्छन्। पुरुष हरेक अवसर हत्याउन सफल बन्छ। पुरुषसमान प्रगति गर्नु पाउने मार्गबाट पनि उसलाई प्रतिबन्ध लगाइन्छ। नारी भएकै कारणले मात्रै शिक्षा हासिल गर्न नपाउनु नारीलाई अन्धकारमा राखिनु हो भन्ने कटु सत्यताको उद्घाटन यस उपन्यासमा भएको पाइन्छ। तर बाबुरामलाई छोरी पढाउने रहर भएर पनि केवल समाजको डरले नपढाएको कुराले लैङ्गिक विभेदका रेखाले नारीको औपचारिक शिक्षा ग्रहण अपराध समान मानिन्थ्यो। त्यही अपराधका सजाय भोग्न कठिन मानेर नै आफ्नी छोरीलाई अनौपचारिक शिक्षा दिलाउन नसक्नु बाबुरामको बाध्यता भएको देखिन्छ। अतः नारी शिक्षा र प्रगति चाहने बाबुराम जस्ता पुरुषहरू पनि पितृसत्ताबाट मुक्त रहन नसकेको कुरा बाबुरामको बाध्यताबाट जान्न सकिन्छ।

पितृसत्तात्मक सामाजिक व्यवस्थाले जन्माएको र तुच्छ सामाजिक मानसिकता नारी जीवनसँग अन्याय र पुरुषले आफ्नो हैकमको दुरूपयोग गरेको सन्दर्भ **मुक्ति** उपन्यासमा यसरी देखाइएको छ –

---

२९ गीता केशरी, सन् १९९१, **मुक्ति**, काठमाडौं, भारद्वाज प्रकाशन, पृ. १३।

> यसैले एक दिन भोको बाघ झै मास्टर बद्रिबाजेले नलिनीलाई झम्टा मारे र बलजफ्तीद्वारा सन्तुष्टि लिए। छोरी समानकी बालिकामाथिको कस्तो अत्याचार घरमा, परिवार सबैले थाहा पाए। बाबु-आमा सर्पले आफ्नो काँचुली नदेखेको झै आफ्नै साथीको स्वभाव यति तलसम्म खस्न सक्दछ भन्ने नचिनेर धोकाले आकुल-व्याकुल भए। नलिनी उता बहुला जस्ती हुँदै भए-भरका कितापहरू फ्याक्न थालिन्। यसैले हो भनी कितापमाथि आफ्नो विवशता देखाउन थालिन्। अगाडि खडा रहेका बद्रिबाजेलाई खुब कुटिन् टोकी दिइन् र उसको घोप्टे जुङ्गा लुछी दिइन्।[३०]

पशुतुल्य अबोध बालिका नलिनीबाट बद्रीबाजे जस्ता ब्वाँसा प्रवृत्ति भएका कामुक पुरुष नारी शरीरमा लिप्त बनेर यौन सन्तुष्टि लिन्छन्। पुरुषको यौन शोषणले नारी शरीरलाई पुरुषको वासना तृप्तिको साधन ठान्ने गरेको सङ्कुचित पुरुष मानसिकताको वास्तविक चित्रण उपन्यासमा गरिएको छ। नलिनीका आमा-बाबुले पनि पितृसत्ताको घुम्टो ओडेर पुरुषको मनपरी शोषणलाई अनदेखा गरिदिएको छ। नारीमाथि गरिएको अत्याचार र दुर्व्यवहारको प्रतिक्रिया गर्न नसक्नुको त्रासदी र अत्याचार सहनु वा अनदेखा गर्नु नै पितृसत्तात्मक व्यवस्थालाई निरन्तरता दिन प्रेरित गर्नु हो। नलिनीले नारी हुनाको कारणवश अत्याचारको सिकारमा परेकी अनुभव गरेकीले नै बद्रीबाजेलाई खुलेआम विरोध जनाएकी छ। यस विरोधाभासले एउटी बालिकामा पनि आफ्नो सुरक्षा गर्ने सचेतता रहेको हुन्छ भन्ने पुष्टि गरेको छ ।त्यसैले ऊ पुरुषको शोषणका विरूद्ध क्रान्तिकारी रूपमा खडा भएकी छ। अज्ञान बालिका आफ्नो अस्तित्व र अस्मिताको सुरक्षाका निम्ति यौन पिपासु पुरुषलाई

---

३० गीता केशरी, सन् १९९१, पूर्ववत्, पृ. १४।

प्रतिशोध लिनसम्म तयार भएकी छ। उसका मानसिक प्रतिक्रिया पनि बाल्यावस्थाको चिन्ताले घरिघरि जागृत हुन्छन्। ऊ भन्छे –

**"उसलाई सजाय दिन मैले पछि लाग्नु नै पर्दथ्यो। प्रेम गर्न अब लोग्ने हो मैले मन पराउनु पर्छ भनेर कोशिस गर्दैछु तर अझै प्रेमको साटो घृणा नै अघि सर्दछ दयाको साटो क्रुरता र मायाको साटो घृणा उम्लेर आउँदछ। सबै यस्ता भावनालाई रोकी म उसकी प्रेमिका बन्न तम्सन्छु। तर मलाई असमर्थताले ढाकी दिन्छ। उसलाई मेरा आँखाले दानवका रूपमा देख्दछ एक फेरि आफू पनि दानवी रूप धारण गरी लडेर उसलाई धुजा धुजा पारी दिन पो मन लाग्दै जान्छ अनि प्रेम गर्नु टाडाको कुरा बन्न पुग्दछ।[३१]**

नलिनी यसरी कुनै प्रकारले पनि नयाँ जीवनको प्रारम्भ गर्न सक्तिन। नारीलाई पुरुषको यौन इच्छापूर्ति र मनोरञ्जनको साधन ठान्ने पुरुष कुत्सा र कुधारणाको विरोधमा पुरुषप्रवृत्ति र व्यवहारको अन्त गर्न एक्लै अघि सरेकी छ। नारीवाद यस्ता शोषणको अन्त चाहन्छ। त्यसैले प्रस्तुत उपन्यासमा एकातिर पुरुष शोषणको जगजगी फैलिएको छ भने अर्कोतिर यस्ता शोषणको अन्त गर्ने दिशामा नलिनी जस्ती नारी सशक्त भएर उभिएकी छ। त्यसर्थ प्रस्तुत उपन्यासमा नारीवादी चिन्तन रहेको स्पष्ट हुन्छ। "उपन्यास ऐतिहासिक र राजनैतिक त छँदैछ यसका अतिरिक्त यसमा प्रशस्त सामाजिक चेतना र नारीवादी चेतना पनि रहेको छ"[३२] भन्ने प्रस्तुत उपन्यासमा उल्लेक गरिएको प्रकाशकीय मन्तव्यले यस उपन्यासलाई नारीवादी उपन्यास हो भन्ने प्रमाण दिनमा थप सहयोग पुऱ्याएको छ।

---

३१ गीता केशरी, सन् १९९१, पूर्ववत्, पृ. १५।

३२ पूर्ववत्, पृ. प्रकाशकीय।

राजनैतिक आन्दोलनका रूपमा अवतरित भएर साहित्य समालोचना क्षेत्रमा प्रवेश गरेको नारीवादी सिद्धान्तले समाजमा दबाइएका र व्यक्तिगत हक, अधिकारबाट वञ्चित गराइएका नारीका पक्षमा वकालत गर्दछ। यसले वस्तुत: समाजमा नारी- पुरुषमा समानता हुनुपर्छ भन्ने कुरामा जोड दिँदछ। आवाज दबाइएका नारीका शोषित अवस्थाका सूक्ष्म चित्रणका साथै पुरुषपक्षीय व्यवस्थामा संशोधन गर्नुपर्ने विषयमा केन्द्रित रहेका हुनाले प्रस्तुत उपन्यासमा "खडा गरिएका सबै पात्रहरू काल्पनिक छन् तापनि यी व्यक्तिहरूले बेहोर्दै आएका सामाजिक तथा राजनैतिक स्थितिहरू सत्यका आधारमा सिर्जना गरिएका छन्"[३३] भन्ने लेखक स्वयम्को भनाइले उनी पनि पितृसत्तात्मक व्यवस्था र प्रणालीको अन्त गर्न अग्रसर रहेको देखिन्छन्। त्यसैले उनी नारी-पुरुष दुवैको समानताको पक्षमा छन्। यदि नारीलाई उनीहरू स्वयम्को जीवन स्वतन्त्र रूपमा जिउन दिइयो भने नारी पराश्रित हुनु पर्दैन। जेल परेको बेलामा पुलिसले बलात्कार गर्दा मोहिनी गर्भवती हुन्छे तर उसले त्यस गर्भलाई नष्ट हुन नदिई क्रान्तिलाई जन्म दिन्छे। विनाबाबुको छोरो भन्ने सामाजिक अपवाद खप्न परे पनि मोहिनी हतोत्साहित हुन्न र प्रजातन्त्र प्राप्तिको आन्दोलनमा सघन रूपले जुट्दछे।[३४] उपन्यासमा मोहिनी पितृसत्तात्मक मानसिकताको विरोधमा सशक्त रूपले उठेकी छ र सामाजिक लाञ्छना सामना गर्दै साहसपूर्वक उभिएकी छ। पितृसत्तात्मक मानसिकताले नारीप्रति राखेको सङ्कीर्ण अवधारणालाई भत्काउन ऊ क्रान्तिकारी रूपमा निस्केकी छ। देश, समाज र असुरक्षित नागरिकको सुरक्षा र सेवा गर्ने उत्तरदायित्व लिएर बसेको प्रहरीको दुष्कर्म र दुष्प्रयासको जवाब दिन क्रान्तिकारी बनेकी छ। उसले देखाएको साहस र आत्मनिर्भरताका सन्दर्भले प्रस्तुत उपन्यासलाई नारीवादी उपन्यास हो भन्न थप सहयोग पुऱ्याएको छ।

---

३३ पूर्ववत्, पृ. लेखकको भनाइ।

३४ गीता केशरी, सन् १९९१, पूर्ववत्, पृ. ग।

गीता केशरीको **कसिङ्गर** (सन् १९७७) उपन्यासमा लैङ्गिक असमानताका सन्दर्भलाई उठाइएको छ। **कसिङ्गर** उपन्यासमा नारी समूहको उन्नति र पुरुष समानताका भागीदार बन्नका निम्ति प्रथमत: नारी शिक्षित हुनुपर्छ भन्ने विचारलाई अगाडि सारिएको छ। यहाँ उपन्यासकारको अभिव्यक्ति उपन्यासमा यस्तो रहेको छ- "यसैले यदि स्वास्नीमानिस पनि राष्ट्रको एक अङ्ग हो र देशलाई सधैं पक्षपातको रोगी झैं हर नचल्ने पारिराख्नुको बदला निरोगी हट्टाकट्टा पार्ने हो भने नारीशिक्षा अति जरूरी झैं लाग्दछ"[३५] नारीशिक्षा देश उन्नतिका मार्गमा अति आवश्यक कदम हो। देशको विकासको निम्ति तर नारीलाई छाडेर पुरुषलाई मात्र देशको उन्नति गराउनु असम्भव ठानिनु हो। त्यसैले नारी पुरुषमाझ समानता हुनु अत्यन्त आवश्यक देखिन्छ। समानताको निम्ति नारीलाई शिक्षा हासिल गर्ने अवसरहरूबाट वञ्चित गराउने पितृसत्तात्मक मानसिकताको अन्त गर्नुपर्ने कुरामा उपन्यासकारले जोड दिएकी छन्। नारी शिक्षा, नारी अस्तित्वप्रति सचेतता र पुरुष नारी समानताको पक्षमा आवाज उठाउनु नारीवादी मान्यताको विशेषतालाई पनि मान्य ठान्दै प्रस्तुत उपन्यासमा उपन्यासकारले नारीवादी स्वरलाई तीव्र गरेको पाइन्छ। समाजमा नारी र पुरुषलाई हेर्ने दुई भिन्नकिसिमका दृष्टिकोण छन्। नारीलाई आरोपित गरिने विभिन्नदोष, लाञ्छना लगाएर प्रताडित गर्ने प्रचलन समाजमा जीवित रहनुका कारक तत्त्व पितृसत्तात्मक सामाजिक संरचना र व्यवस्था हो। "नारीले आफ्नो अस्तित्व बचाउनलाई पनि शिक्षाको नितान्त आवश्यक छ। युगौंदेखि पुरुषद्वारा निर्मित समाजमा नारीलाई कमजोर र असहाय ठानेर धेरै थिचोमिचो हुँदै आएको हो। यो समाज जुँगा हेरी भाग लगाउने सामाजिक व्यवस्थामा नारीलाई उचित स्थान दिइएको छैन त्यसैले नारीले आफ्नो समान अधिकार र सम्मान पाउनु पनि शिक्षित बन्नु

---

३५ गीता केशरी, सन् २००२, **कशिङ्गर**, ललितपुर, साझा प्रकाशन, पृ. ४७।

परेको छ।"[३६] समाजमा नारीलाई मात्र कलङ्कित बनाउने पुरुषप्रभुत्ववादी मानसिकतालाई ध्वस्त पार्न प्रस्तुत उपन्यासकी चरित्र विमला साथीलाई भन्छे- "तँ खालि मलाई मात्र बिग्रिस् भनी किन भन्दछेस् ? के मसँग लाग्ने पनि बिग्रिएको छैन? जति स्वास्नीमानिस बिग्रे भनी भन्दछेस् उति नै लोग्नेमानिस पनि बिग्रिएको छ।"[३७] पुरुषको तुलनामा नारी निकृष्ट, हेय र अबला हुन् भन्ने संज्ञा दिएर, मानसिक रूपमा शिथिल बनाउने प्रयासमा पितृसत्ता उत्तरदायी बनेको देखिन्छ। पुरुष वर्चस्व स्थापित गरी समाजमा पुरुषको स्थानलाई सर्वोपरी मान्न पितृसत्तात्मक व्यवस्थाको षड्यन्त्र रहेको देखिन्छ। पुरुष प्रभुत्वलाई स्थापित गरी यसलाई निरन्तरता दिने उद्देश्यले नै बाल्यावस्थादेखि नै पुरुषको तुलनामा नारी दुर्बल हुन् भन्ने धारणाको बीजारोपण गर्नका निम्ति नारीका लागि मात्र विभिन्न नियम बनाइएका छन्। नारी मात्र विभिन्न लाञ्छनाको भागीदारी बन्नु पर्ने परम्परा समाजमा रहेको पाइन्छ। यसरी अन्धविश्वासमा रहेर नारीलाई पुरुष व्यवस्थाको दमनमा सहयोग दिइरहने मानसिकता र व्यवस्थाको अन्त गरी नारी-पुरुष समान हुन् भन्ने पक्षमा वकालती गर्ने सिद्धान्त नारीवाद हो। त्यसर्थ समाजका लागि नारी पुरुष दुवै समान हुन् भन्ने स्वर प्रस्तुत उपन्यासका उषा र विमलाका चरित्र र संवादद्वारा देखाइएको छ। उनका अन्य उपन्यासहरूमध्ये **सौगात, आवाज, नोकरी** र **निष्कर्ष** आदि पनि नारीवादी उपन्यासहरू हुन्।

यसपछि देखा परेका असीत राईको **नयाँ क्षितिजको खोज** (सन् १९८४) उपन्यासको अन्ततिर देखा परेकी कुसुमिताको माध्यमबाट नारीवादी अवधारणाको प्रस्तुति भएको पाइन्छ। कुसुमिताकै शब्दमा "मलाई लाइफ इजी मन पर्छ, फ्री मन पर्छ। विवाह बन्धन हो, कल्यानी, नारीका निम्ति चूल्हो-धन्दा मात्र जीवन होइन, नानी जन्माउने मशीन होइनौं

३६ पवित्र रेग्मी, सन् २००, **नारी अवधारणा**, गान्तोक, जनपक्ष प्रकाशन, पृ. ५६।

३७ गीता केशरी, सन् २००२, पूर्ववत्, पृ. ५१ ।

हामी। पुरुषको खेलौना मात्र भएर हामी नबसौं। वेस्टर्न कन्ट्रीमा नारीलाई हेरन"[३८] भन्ने नारी स्वतन्त्रताको खोजी गर्ने कुसुमितालाई देश विदेशका स्वास्नीमान्छेका अवस्था र स्थितिको पनि ज्ञान रहेको बुझिन्छ। कुसुमिता पुरुषप्रमुखतावादी समाजले थोपरिदिएका नारीका समस्त नियम, बन्धनबाट मुक्ति चाहन्छे र अन्यलाई पनि त्यस दिशामा सजक बन्न जागरुक गराउछे। नारी पुरुषको मनोरञ्जनको साधन होइन, नारीको आफ्नो अलग्गै संसार, अस्तित्व, र महत्त्व छ भन्ने कुरामा ऊ सचेत देखिएकी छ र अन्य नारीहरूलाई जागरूक गराउन अघि बढेकी छ। उपन्यासको मुख्य विषयवस्तु दार्जिलिङ र त्यहाँका चियाकमानको निर्माण र व्यवस्थामा सीमित रहे तापनि माथि उल्लिखित उदाहरणले भने नेपाली नारीवादी उपन्यासको विकास परम्परामा **नयाँ क्षितिजको खोज**-को विशेष योगदान रहेकाले यसलाई नारीवादी उपन्यासको रूपमा प्रमाणित गरेको छ।

पुष्प राईको **भोलिको प्रतीक्षा** (सन् १९९०) उपन्यासमा स्वार्थी, कामुक र भोगवादी मानसिकता भएका पुरुषको विरूद्धमा एकली नारी पात्र शान्ति खडा भएकी छ। नारीलाई वासनापूर्तिको साधन मान्ने र नारीलाई भोगेर आफ्नो जिम्मेवारीबाट पलायन हुने पुरुषको प्रतिकार गर्दै आफ्नो गर्भमा रहेको शिशुलाई जन्म दिने उसका निर्णयले शान्तिलाई पुरुषको दुर्बल र सङ्कीर्ण मानसिकताभन्दा माथि उठाएको छ। सदैव सन्दिग्धता र विवादमा राखेर मूल्याङ्कन गर्ने पितृसत्ताका सोचलाई शान्तिले चुनौति दिएकी छ। समाजमा नारीले भोगी रहेका समस्या र पुरुषको नारीप्रतिको हीन मानसिकताको सही चित्र उतार्न उपन्यासकार सफल बनेकीले नारीवादी चिन्तनको प्रयोग प्रस्तुत उपन्यासमा सशक्त रूपमा भएको छ। नारी युगौंदेखि पुरुषको षड्यन्त्रमा पिसिएर यौन शोषणको सिकार हुँदै आईरहेका छन्।

---

३८ असीत राई, सन् १९८४, **नयाँ क्षितिजको खोज**, दार्जीलिङ, श्याम ब्रदर्स प्रकाशन, पृ. ११५।

नारीले झेल्दै आएका प्रताड्नाहरू र यस्ता अवस्थाबाट स्वतन्त्र बन्न नारी स्वयम् शक्तिशाली बनेर अघि बढ्न सक्छन् भन्ने धारणा उपन्यासले दिएको छ। वास्तवमा शान्ति सिङ्गो नारी अस्मिताको सुरक्षामा जुटेकी छ। नारी स्वअस्तित्व, आत्मनिर्भरताको स्वर उपन्यासले बोकेको छ। नारीवादी साहित्यिक कृतिमा नारीका विभिन्न स्थिति र अवस्था, पितृसत्तात्मक समाजमा उसले भोगेका र भोग्दै आएका उत्पीडन, पुरुषको खेलौना र दासी बन्नुपर्ने उसका बाध्यता, छोरी, बुहारी, पत्नी, आमा, सौता, रखौटी, सासु आदि उसका अनेक रूपका चित्रण असल रूपमा गर्न सक्नु नारीवादी लेखकको महत्त्वपूर्ण उत्तरदायित्व हुन्। शान्तिकी कथित आमाले शान्तिलाई बतासे भन्नु र 'छोरो भए बुढेसकालमा तपाईको कामधन्धा सम्भाल्छ नि' भन्नुमा पुरुषबाट मात्र होइन पुरुषकै अनुकरण गरेर त्यस्तै सोच राख्ने नारीले पनि नारीलाई दोस्रो दर्जा दिएका छन् भन्ने बुझिन्छ। पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएका कतिपय नारी असचेत रूपमा नै नारी दमनमा पुरुषप्रधान मानसिकताका सहयोगी सिद्ध भएका देखिन्छन्। "विसङ्गति र सङ्कटका चेपमा पनि मानवीय मर्यादा र अस्मिताप्रति सचेत हुँदै नारीवादी अवधारणाको सशक्त अभिव्यक्तिका साथ जीवनप्रति आशावादी र सकारात्मक दृष्टिकोणलाई प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य रहेको छ।"[३९] पितृसत्तात्मक मानसिकताको प्रभावमा नारी स्वयम् पनि नारी दमनमा सङ्लग्न छन् भन्ने कुरालाई सूक्ष्म रूपमा देखाएर अन्तमा शान्तिलाई स्वनिर्भर, अभिमानी, नारीअस्मिता र नारी अस्तित्वसचेत बनाएर प्रस्तुत गरिएका सन्दर्भले प्रस्तुत उपन्यासमा नारीवादी चेतनाको सशक्त प्रयोगलाई प्रमाणित गर्दछ।

सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९) उपन्यासमा धर्म र संस्कृतिको नाममा हुने नारी शोषणलाई उदाङ्गो पारिएको छ। नारीहरू संस्कृति र रुढिवादी परम्पराले प्रताडित छन् भन्ने कुरालाई देखाउँदै नारीलाई कुनै प्राणहीन वस्तु र पशुप्राणीसरह दान गरिने कन्यादान

---

३९ लीला लुइटेल, सन् २०११, पूर्ववत्, पृ. ३० ।

प्रथाको विरोधमा नारी पात्र खडा भएकी छ। प्रस्तुत उपन्यासमा नारी दमित भइरहेका अन्धो परम्पराप्रति सचेत गराएर ती नारी शोषणयुक्त परम्पराप्रति आक्रोश व्यक्त भएको छ। गीता शर्माको **खुश्बु** (सन् १९९२)- मा "नारी स्वतन्त्रता र समानाधिकारको वकालती गर्दै, उपन्यासकारले यसमा आवश्यकताभन्दा बढी नारी स्वतन्त्रता सम्बन्धी सभा, गोष्ठी र भाषणका प्रशङ्गहरू झिकेर नारी प्रशंसाका पुलहरू बाँध्ने प्रयास गरेकी छन् भने नीतिपरक श्लोकहरू र लोकोक्तिहरू राखेर नारीको पौराणिक महत्त्व र औचित्यलाई प्रष्टयाउन खोजेकी छन्।"[४०]

भीम दाहालको **अभीष्टको खोज** (सन् १९९२) उपन्यासमा पनि सूक्ष्म रूपमा नारी अस्तित्वको खोजी गरिएको छ। समाजमा नारीको परिचयसम्म उसको पतिबाट हुने चलन वर्तमानमा पनि यथावत् रहेकै छ। तर आफ्नो परिचयसम्म पतिका नामबाट हुने कुरामा कतिपय नारीहरू अझै अज्ञात र असचेत छन्। यस्ता विषयलाई प्रस्तुत उपन्यासमा यसरी देखाएका छन्- "धनमायाको आफ्नो नाम पूजामा श्राद्धमा पानी चढाउँदा मात्र प्रयोग हुनेगर्छ। नत्र अरूबेला उ पतिकै उधारो नामले चिनिन्छे- बढो सजिलो भइदियो - विष्णेकी बूढी"[४१] यसरी पुरुषकै नामबाट मात्र नारीको परिचय हुने हुनाले समाजमा पहिला पुरुषको स्थान निर्धारण गरिएको छ र दोस्रो स्थान नारीको हो भन्ने चेष्टा देखिन्छ। अत: यसबाट समाजमा पुरुषको प्रथम र नारीको दोस्रो स्थान रहेको स्पष्ट देखिन्छ। लैङ्गिक आधारबाहेक पुरुषलाई प्राथमिकता दिने समाजका अन्य आधारहरू कुनै देखिँदैन। मानव समाजमा नारी र पुरुष दुई प्राणी मात्र भएको हुनाले यी दुई माझ विभेदक रेखा देखिँदैन तर यसरी नारीले पुरुषबाट परिचित हुनुपर्ने बाध्यता केवल पितृसत्तात्मक षड्यन्त्र हो भन्ने कुरा बुझिन्छ।

---

४० दीपक तिवारी, सन् २०१४, पूर्ववत्, पृ. २६१।

४१ भीम दाहाल, सन् १९९८, **अभीष्टको खोज**, गान्तोक, जनपक्ष प्रकाशन, पृ. ६।

साहित्यिक कृतिमा नारी शोषणका सूक्ष्म विषयलाई उतार्नु र अज्ञानतामा रहेका मानव समाजलाई सचेत गराउनु नारीवादी साहित्यकारको उद्देश्य हुनाले यही उद्देश्यले प्रेरित रहेर उपन्यासकारले नारीको अवस्थितिको चित्रण गरेका छन्।पुरुष शाषित समाजमा नारीमाथि गरिने व्यवहार र राखिने धारणालाई उपन्यासकारले उदाङ्गो पारिदिएका छन्।

लीलारामले शान्तिको लालन पालन र शिक्षामा उदारता देखाए तापनि "लीलारामको-बढेकी छोरी हो, एक्लै पठाउन मिल्दैन"[४२] भन्ने वाक्यले एकातिर हुर्केकी छोरीमाथि समाजको कुदृष्टि रहेको बुझिन्छ भने अर्कातिर समाजले नारीलाई मानसिक रूपमा कमजोर ठान्ने गरेको यथार्थलाई छर्लङ्ग बनाएको छ। समाज पितृसत्तात्मक भएको हुनाले नारीले आफ्नो पहिचानको बनाउने कार्यमा धेरै सङ्घर्ष गर्नुपर्ने समस्यालाई उपन्यासमा शान्तिको सङ्घर्षपूर्ण क्रियाकलापले प्रस्तुत गरिदिएको छ। शान्ति नोकरी खोजेर स्वनिर्भर बन्न शहर गएकी बेला बलात्कारको सिकार बनेकी छ। ऊ भन्छे- "मैले विवाह गरेर अब कुनै नयाँ जीवन सुरू गर्नु छैन। म त चाहन्छु, यो मेरो जीवन पलपलको निर्णयमा बितिरहोस्। त तपाईहरूकी छोरी भइरहूँ। म अब अर्को रूप जन्माएर त्यसलाई समस्या दिन चाहान्नँ। म खोजी रहन्छु आमा र जुन दिन वा रात मलाई मनपर्दो, मेरो मनले खोजेको कुरा पाउँछु।"[४३] विवाह नगर्ने शान्तिको निर्णय समाजको परम्परा र यथास्थितिप्रतिको विद्रोह हो। नारीहरूको समस्याको समाधान विवाह होइन, पितृसत्तात्मक समाजबाट भोग्दै नारीहरूले ल्याएका समस्याबाट मुक्ति समाधान हो भन्ने कुरामा शान्ति सचेत बन्दै गएकी छे। प्रस्तुत उपन्यासले उठाएको मुद्दाहरूमध्ये एउटा अनिवार्य मुद्दा हो।

---

४२ भीम दाहाल, सन् १९९८, पूर्ववत्, पृ. २९।
४३ पूर्ववत्, पृ. १४० ।

मोहनबहादुर मल्लको **समयको हुरी** (सन् १९९३ ते.स.) उपन्यासकी पात्र ज्ञानी नारी हक, अधिकारप्रति सचेत पात्रको रूपमा प्रस्तुत भएकी छ। नारी अस्तित्व र महत्त्वबारे आफू सचेत बनेर समाजमा नारी पुरुष दुवैलाई नारी अधिकारबारे सचेत तुल्याउने उद्देश्यले ऊ भन्छे- "लोग्नेले स्वास्नीमाथि सौता हाल्न खोज्छ भने या त उसले आफ्नो सबै श्रीसम्पत्ति अघिल्ली स्वास्नीलाई सौंपोस्, या त श्रीसम्पत्ति लिएर उसले नयाँ घरबार गर्न पावस्।"[४४] यहाँ बहूपत्नीको प्रचलनले निरन्तरता पाइरहने हो भने बहूपतिको चलनलाई पनि समाजले स्वीकार्नु पर्ने प्रसङ्गलाई उठाइएको छ। लोग्नेबाट त्यागिएकी पत्नीलाई सम्पत्तिको अधिकार हासिल गर्न पाउने व्यवस्था बनियोस् भन्ने आवाज ज्ञानीको रहेको छ। लोग्नेले सम्पत्तिमाथि हक जमाउने अधिकारमा उप्रान्त सम्पत्तिमाथि नारीको अधिकार हुनुपर्छ भन्ने विचार सम्पत्तिमाथि पुरुष एकाधिकारको अन्त गराउने प्रस्ताव हो। सामाजिक व्यवस्था र परम्परा पुरुषको पक्षमा मात्र रहेको छ, यस्ता एकपक्षीय परम्पराको संशोधन गरेर नारी- पुरुष दुवैमा समान दृष्टि हुनुपर्ने सामाजिक संरचनाको निर्माणमा ज्ञानी जुटेकी देखिन्छ। कुनै पनि क्षेत्रमा नारी पुरुषभन्दा निकृष्ट र दुर्बल नठहराइएर दुवैमा समानता हुनुपर्ने कुरामा जोड दिँदै पुरुषव्यवस्थाबाट शोषित नारीका निम्ति मुक्तिको मार्ग खोजेकी छ। "महिलालाई सार्वजनिक संसारमा प्रवेश गर्न नदिने बाधा भनेको परिवार र गृहस्थी नै हो। यसैले उदार नारीवादले सार्वजनिक क्षेत्रमा आफ्नो मुख्य ध्यान केन्द्रित गर्न सार्वजनिक बजारमा प्रतिस्पर्धा गर्ने व्यक्तिगत अधिकार प्राप्तिका लागि कानुनी, राजनीतिक एवम् संस्थागत सङ्घर्ष गर्दछ।"[४५] उदार नारीवादले नारी अधिकारको निम्ति उठाएका आवाज प्रस्तुत उपन्यासकी नारी पात्र ज्ञानीमा पनि पाइन्छ। ज्ञानी भन्छे- "लोग्नेले पाएको हकसरह स्वास्नीले पनि पाउनुपर्छ

---

४४ मोहनबहादुर मल्ल, सन् १९९३, **समयको हुरी**, काठमाडौं, साझा प्रकाशन, पृ. १८०।

४५ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ७४।

यसैले बालबच्चाको संभार स्वास्नीको मात्र जिम्मामा नभएर पुरुषको पनि हुनुपर्छ।"[४६] यसरी लैङ्गिक आधारमा गरिएको श्रम विभाजनले नारी घरायसी कार्यमा सीमित र पुरुष सामाजिक कार्यमा सक्रिय रहेको हुनाले, पुरुषको वर्चस्व समाजमा बढ्दै गएको हो भन्ने कुरालाई देखाएकी छ। समानताका लागि जसरी नारीले घरायसी कार्य गर्छन् पुरुषले पनि घरेलु कार्य गर्नुपर्छ र जसरी पुरुषले सामाजिक कार्य गर्छ त्यसरी नै नारी पनि सामाजिक क्रियाकलापमा पुरुषसरह सङ्लग्न हुनु पर्दछ। यसो गर्नाले समाजमा नारी- पुरुषमाझमा समानता रहने छ भन्ने कुरामा उपन्यासकी पात्र ज्ञानीको अग्रसरता रहेको देखिन्छ ।

शवनम श्रेष्ठको **मनीषा** (सन् १९९३), प्रेम थुलुङको **त्यागपत्र** (सन् १९९४), महेश्वर शर्माको **योगमाया** (सन् १९९७), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६) आदि उपन्यासमा नारीवादी स्वर निकै प्रखर रूपमा ध्वनित रहेका पाइन्छन्। विन्द्या सुब्बाको **निर्गमन** उपन्यासमा "अस्तित्व सचेत महिला लेखकका आन्तरिक एवम् बाह्य विभिन्नक्रियाकलापलाई प्रस्तुत गरिएको छ। सूक्ष्म कथानक एवम् घटनाका न्यूनता रहेको यस उपन्यासमा चरित्रलाई महत्त्व दिँदै विचारहरूलाई प्रस्तुत गरिएको छ।...यस उपन्यासमा शिक्षित एवम् चेतनशील नारीप्रति परिवार एवम् समाजले उदार दृष्टिकोण राखी उसको प्रतिभाको विकासका लागि उपयुक्त वातावरणको सिर्जना गरिदिनु पर्ने भाव अभिव्यञ्जित छ।"[४७] उपन्यासमा "पुरुषको एकाधिकारलाई तोड्दै उपन्यासकी नायिका घर त्यागेर हिँडेकी छ। समयले एक्काइसौं शताब्दीको नेटो मारिसकेर बलशाली वर्तमानमा आइपुग्दा समेत नारीलाई केवल भोगको साधन ठान्ने र वस्तुभाउ सरह व्यवहार गरिने सङ्कीर्ण पुरुषवादी

---

४६ मोहनबहादुर मल्ल, सन् १९९३, पूर्ववत्, पृ. १८०।

४७ लीला लुइटेल, सन् २०११, पूर्ववत्, पृ. २२।

मानसिकताको ठाडो सङ्केतात्मक विरोध यसमा पाइन्छ।"[४८] यस उपन्यासकी नायिका शिक्षित छ त्यसर्थ नारीले मात्र घरायसी कार्य सम्हाल्न पर्ने जस्ता कुपरम्परा र सामाजिक क्रियाकलापमा नारीलाई प्रतिबन्ध लगाइने पितृसत्तात्मक मानसिकताको विरूद्ध तृष्णा खडा भएकी छ। ऊ नारी अस्तित्वसचेत नारी तृष्णा पितृसत्तात्मक मानसिकताले ग्रसित पितृसत्तात्मक सामाजिक व्यवस्थालाई भत्काएर, लैङ्गिक समानता भएको समाज निर्माणमा सक्रिय रहेकी देखिएकी छ ।

उपन्यासको मुख्य पुरुष पात्र अक्षय तृष्णाको लक्ष्य र मान्यताबारे भन्छ- "नारीवाद पनि उसको व्यापक चिन्तनका क्षेत्रहरूमध्ये एउटा प्रखर पक्ष थियो जहाँ स्वास्नीमान्छेहरूप्रति समाजको दृष्टिकोण र हृदय परिवर्तन चाहन्थी ऊ। शैक्षिक क्षेत्रमा नारीले यति प्रगति गरेर पनि, आर्थिक रूपमा यसरी आत्मनिर्भर भइसकेर पनि समाजको व्यवस्था र घरभित्र एउटी नारीको स्थान र भूमिकामा कुनै खास परिवर्तन आएको छैन भन्ने उसको भनाइ। नारीहरूप्रति साँघुरो मानसिकता, आशा-प्रत्याशा र उनीहरूको निम्ति बनाइएको नियम-नीति, मानदण्ड, सिमाना र तीनचौथाई मान्छेहरूको दृष्टिकोण आज पनि जहींका तहीं छन्। भारतीय समाजद्वारा सुदुर अतीतमा निर्मित नारीशास्त्रमा अझै पनि कुनै विशेष र संशोधनको निम्ति आधुनिक समाजले कुनै तरखर नै गरेको छैन।"[४९] नारी स्वनिर्भर, स्वावलम्बी भए तापनि पुरुषप्रभुत्ववादी समाजले पुरुषको तुलनामा नारीलाई निम्न ठान्ने सङ्कीर्ण विचारप्रति तृष्णाले विद्रोही मानसिकता बोकेकी छ। ऊ लिङ्गभेदरहित समाज निर्माणमा जोड दिन्छे, त्यसैले आफ्नो व्यक्तिगत विचारलाई आफ्नो पति अक्षय समक्ष व्यक्त गर्छे। पुरुष लिङ्गलाई प्राथमिकता दिने हुनाले नारी शोषित र प्रताडित छन् त्यसैले लिङ्गभेदक तत्त्वलाई निर्मूल गर्न

---

४८ दीपक तिवारी, सन् २०१४, पूर्ववत्, पृ. २५१।

४९ विन्द्या सुब्बा, सन् २००६, **निर्गमन,** नाम्ची, निर्माण प्रकाशन, पृ. ३९-४०।

अग्रसर हुनुपर्ने आह्वान तृष्णाको रहेको छ- "हाम्रो समाजमा लिङ्गजन्य दृष्टिकोण र मानदण्ड संशोधनमा कुनै उन्नत मानसिकता र कर्मठ हातहरू देखा परेका छैनन्।"[५०] कैयौं वर्षदेखि भत्काउन नसकिएको पितृसत्तात्मक व्यवस्था र त्यस व्यवस्थामा बुनिएको मानसिकतालाई निर्मूल पार्न आउँदो पिँढीलाई स्वागत गर्ने र सचेत बनाउने उद्देश्य तृष्णाको रहेको देखिन्छ।

तृष्णाले पुरुषप्रधान सामाजिक व्यवस्थाको शोषणबाट मुक्ति चाहेर आफ्नो घर त्याग गरेकी छ। यस्ता पुरुषपक्षीय समाजको विरूद्ध क्रान्तिकारी आवाज कहीँ नउठाएकी भए तापनि उसले लेखेको **ऐश्वर्यमयी** नामक उपन्यासकी पात्र प्रतिभालाई विद्रोही नारीका रूपमा खडा गरेकी छ, प्रतिभा भन्छे-

> **इन्द्रको छलपछि ऋषिपतिले श्राप दिइ ढुंगा बनेकी अहिल्या हूँ म, सित्थै अग्नि परीक्षामा बस्ने सीता हूँ, प्रतिशोधको चरम उत्तापमा जलिरहने याज्ञसेनी हूँ म, ढोल र नगराको आवाजबिच चित्कार गर्दागर्दै मृत पतिसँग आगोमा डढ्ने एक सती हूँ म।यी सब नारीहरू ममा निहित छन्, सबैमा निहित छु म पनि।अस्मितासचेत आधुनिक विद्रोही नारी हूँ म, आफ्ना सम्पूर्ण क्षमता र गुणहरूसाथ एक परिवारलाई फलाउने, फुलाउने कर्मठ र त्यागी नारी हूँ।**[५१]

प्रस्तुत उपन्यासमा एउटी नारीले नारी शोषण, दमन र अन्यायका सबै पक्षका अनुभवहरू बोकेकी हुनाले यस्ता अत्याचारको प्रतिशोध लिन क्रान्तिकारी स्वर लिएर प्रतिभालाई खडा गरेकी छ। यस उपन्यासमा वस्तुत: पुरुष लिङ्गलाई प्राथमिकता दिने समाजको विरोध गरिएको छ। मानवसमाजमा नारी र पुरुष दुई मानव प्राणी भए तापनि

---

५० विन्द्या सुब्बा, सन् २००६, पूर्ववत्, पृ. ४०।

५१ पूर्ववत्, पृ. ८१-८२।

लैङ्गिक भिन्नताका कारणवश नारी पुरुषको शोषणमा दबिएका छन्। यस्ता विभेदी पर्खाललाई भत्काएर सम्पूर्ण अधिकार, हक, न्याय र उत्तरदायित्व नारी र पुरुषमा समान हुनुपर्छ भन्ने नारीवादी स्वर प्रस्तुत उपन्यासमा प्रतिध्वनित भएको छ।

नीलम कार्की निहारीकाको **तिमी म र उनी** (सन् २०००) उपन्यासमा लैङ्गिक विभेदको रेखालाई ध्वस्त पारेर नारी पुरुष दुवै समान हुन् भन्ने कुरा अघि सार्दै प्रचलित कानुन व्यवस्थाप्रति विद्रोह गरिएको छ। एउटी आमाले अनेकौ दुःख सहेर जन्म दिए तापनि पितृसत्तात्मक सामाजिक व्यवस्था र प्रशासनिक व्यवस्थाले बालकको नागरिकता बाबुबाट मात्र हुने व्यवस्था निर्धारण गरेको छ। उपन्यासमा यस्तो पितृसत्ताकेन्द्री व्यवस्था परिवर्तन गरी सन्तानको नागरिकता आमाबाट बनिनु पर्दछ भन्ने तर्क अघि सारेको छ। यस उपन्यासमा नारीवादी अवधारणाको प्रयोग सैद्धान्तिक रूपमा मात्र नभएर उपयोगी र व्यावहारिक रूपमा पनि भएको पाइन्छ। शोभा भट्टराईको **अन्तहीन अन्त** (सन् २००१) तेस्रो लिङ्गी वर्णनका साथै नारी सशक्तीकरणको पक्षमा आवाज उठाइएको उपन्यास हो। नारीअस्तित्व र अस्मिताको खोजी गरिएको उपन्यास हो। यस उपन्यासमा स्वास्नीमानिसको नागरिक अधिकार र राष्ट्रिय चिनारीको खोज पनि गरिएको छ। यसका साथै नयाँदेवीको **युगसन्धि** (सन् २००२), भाषा भण्डारीको **सम्झौता** (सन् २००३) र **परिवर्तनको पृष्ठभूमि** (सन् २००४) दुईवटा उपन्यासहरू प्रकाशित भएका छन्। अस्तित्व सचेत नारी मानसिकतालाई प्रस्तुत गरिएको **सम्झौता** उपन्यासमा लैङ्गिक आधारमा समाजमा पुरुषको वर्चस्व देखाउन चाहने समस्त पुरुषवर्गमाथि व्यङ्ग्य प्रहार गरिएको छ। परिवर्तनको पृष्ठभूमिमा नारीप्रति स्थापित पुरुषप्रभुत्ववादी धारणा युगौंपछि पनि परिवर्तन हुन नसकेको यथार्थलाई उदाङ्गो पार्दै नारी सशक्तीकरण, मुक्ति र स्वतन्त्रताको निम्ति कानुनी अधिकारप्राप्त गर्नुपर्ने कुरा आवाज उपन्यासमा उठाइएको छ।

सुजातको **बन्धन** (सन् २००३) र **अन्तहीन पीडा** (सन् २००४) लैङ्गिक विभेदको रेखा कोरिएको सङ्कीर्ण मानसिकता भएको समाजमा छोरीलाई सदैव बोझ ठान्ने असचेत मानवसमाजप्रति व्यङ्ग्य प्रहार गरिएका उपन्यास हुन्। समाजको उत्तरदायी नागरिक र आत्मनिर्भर व्यक्ति बन्नका लागि नारीले शिक्षित बन्न अत्यावश्यक रहेको छ भन्ने कुराको उठान उपन्यासमा गरिएको छ। प्रशासन, नियम र नीति पुरुषले नै बनाएका हुनाले पितृसत्तात्मक मानसिकताका आधारमा निर्मित व्यवस्था पुरुषकै पक्षमा रहेको छ भन्ने कुरा देखाउँदै सन्तानको नागरिकता आमाको नामबाट हुनुपर्ने माग गरिएको छ। व्यावहारिक जीवनमा भएका असमानताको पक्षलाई उपन्यासमा उठाइएको छ।

पद्मावती सिंहको **समानान्तर आकाश** (सन् २००४) विशुद्ध नारीवादी उपन्यास हो। यसमा नारी आत्मनिर्भर, स्वावलम्बी, अस्मिता एवम् अस्तित्वसचेत हुनुपर्ने कुरामा जोड दिइएको छ। पुरुषद्वारा नारीलाई यौनतृप्तिको साधन मानेर गरिने दुर्व्यवहारप्रति विरोध गर्दै यस्ता दुर्व्यवहारको अन्तको निम्ति नारी स्वयम् अघि बढ्नु पर्ने आह्वान गरिएको छ। प्रस्तुत उपन्यासका नारीपात्रहरू पुरुष षड्यन्त्र र दमनबाट आफूमाथि आइपर्ने समस्याप्रति सचेत छन्। यसैले नारीलाई निकृष्ट ठान्ने पुरुष मानसिकतालाई उपन्यासकी नारी पात्रले यसरी चुनौति दिएकी छ- "मर्दले आँटे जे पनि गर्न सक्छन् भन्छन्। अब महिलाले पनि आँटेमा जे पनि गर्न सक्छन् भनेर प्रमाणित गरेर देखाउनु पर्छ हामी दुवैले।"[५२] यी दुवैजना नारी पात्र आफ्नो अस्तित्व र महत्त्वलाई सुरक्षित राख्न सक्रिय मात्र छैनन् यौन उत्पीडन गर्न आतुर पुरुषप्रवृत्तिप्रति पनि सचेत छन्। नारीको कार्य क्षमता, तीक्ष्ण विवेक जस्ता कुरालाई गौण ठानेर शारीरिक सौन्दर्यमा मात्र आकर्षण देख्ने कामलोलुप पुरुषहरूको यौनविकृतिले कसरी नारी जीवन ध्वस्त बनाएको छ भन्ने कुरा बुजेका छन्। "जबसम्म महिलाहरू आत्मनिर्भर

---

५२ पद्मावती सिंह, सन् २००८, **समानान्तर आकाश**, ललितपुर, साझा प्रकाशन, पृ. ५।

हुँदैनन् तबसम्म तिनीहरू सुखी तथा स्वतन्त्र हुन सक्दैनन् र पुरुषहरूको समकक्ष पुग्न सक्दैनन्। महिला सशक्तीकरणविना लैङ्गिक समानता सम्भव हुँदैन।"[५३] नारीहरू पुरुष अत्याचार र शोषणबाट मुक्त हुन क्रान्तिकारी बनेर देखाउनु सक्नुपर्छ भन्ने सन्देशवाहकको रूपमा उपन्यासमा सुष्मिता देखा परेकी छ।

गोपालप्रसाद रिमालकृत नेपाली नाटक **मसान**-मा नारी पात्रले घर त्याग गर्नुको मूल कारण नै कामवासना ग्रसित यौनविकृत पुरुषद्वारा गरिने नारी यौन शोषणप्रतिको विरोध हो। मसानकी युवतीले उठाएको विद्रोही आवाज नारीवादी भए तापनि मातृ पीडा र षड्यन्त्रको मारमा परेर ऊ स्वयम् गृहत्याग गर्न बाध्य बनेकी छ भने प्रस्तुत उपन्यासमा सुष्मिताको पतिले परस्त्रीसँग सम्बन्ध राखेको थाहा पाउन साथ पतिलाई घरबाट निकाल्न बाध्य बनाएकी छ। सुष्मिताकै शब्दमा - "अब म तिमीसित एक पल पनि बस्न सक्दिनँ । सहनुको हद पार भइसक्यो तिमी जतिसक्दो छिटो यस घरबाट निस्क। अहिले नै निस्क। यो घरमा अब तिम्रो कुनै स्थान छैन।"[५४] सम्पूर्ण विश्वलाई नै पुरुष अत्याचारको विरूद्ध आवाज उठाउनुपर्छ भन्ने प्रतिनिधिस्वरूप सुष्मिता खडा भएकी छ। नारी सहनशील हुन्छन् भन्ने अवधारणाका आडमा सदैव नारीलाई शोषण गर्ने पुरुष मानसिकतालाई सुष्मिताले प्रतिकार गरेकी छ।नारीवादीहरू पुरुषद्रोही होइनन्, पुरुषद्वारा गरिने नारीद्रोही प्रवृत्तिका चाहिँ विरोधी हुन् भन्ने कुरा सुष्मिताले पुष्टि गरेको छ। "यहाँ महिला स्वयम्को जीवन पर्गेल्ने र पुरुषको मूल्याङ्कन गर्ने दुवै काम नारीवादकै केन्द्रियतामा भएको छ। यस अर्थमा यो नारीवादी उपन्यास हो र यसैभित्र नारीपुरुष समानताको तर्क पनि समेटिएकाले यसले सो अभिप्रायलाई शीर्षक औचित्यबाट प्रमाणित गरेको छ। शीर्षकमा नै आफ्नो आकाश नभएकी महिलाका

---

५३ पूर्ववत्, पृ. २१-२२।

५४ पूर्ववत्, पृ. २०।

निम्ति समानान्तर आकाशको खोजी गरिएको छ।"[५५] व्यावहारिक दृष्टिकोणले हेर्दा उपन्यासमा नारीवादी अवधारणा प्रस्तुत गर्न उपन्यासकार सक्षम देखिएकी छन्।

दीर्घकालदेखि विभिन्न शोषण, अत्याचार, उत्पीडन, दमनबाट नारी संसारलाई जकड्याएर राखिएको सत्यलाई प्रकाशमा ल्याउन गौरा रिजालको **अघोषित द्वन्द्व** (सन् २००३)-उपन्यास प्रयत्नशील देखिन्छ। शोषण र कुसंस्कारका कारणले युगौंदेखि नारी प्रताडित हुन बाध्य भएको सत्य प्रस्तुत उपन्यासमा अभिव्यक्त भएको छ। गुण र आदर्शको नाममा नारीलाई दासीको रूपमा अभ्यास गराइने कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ। यसरी नै नारीलाई पुरुषको वासना तृप्तिका साधन ठान्ने मानसिकताप्रति पनि विद्रोह गरिएको छ। नारीवादले नारीको शोषित अवस्थाप्रति विरोध गर्दछ भन्ने दृष्टिकोणले हेर्दा प्रस्तुत उपन्यासमा नारीवादी अवधारणाको प्रस्तुति तीब्र रूपमा भएको पाइन्छ।

यसरी नै नारीवादी नेपाली उपन्यासको विकासक्रममा देखापरेको बलदेव मजगैयाँको **मानसी** (सन् २००६)-मा मानसी पुरुषप्रधानतावादी संस्कारप्रति विद्रोही बनेकी छ। युगौंदेखि धर्म, संस्कारको नाममा प्रताडित भएका नारीप्रति पुरुषले गरेका क्रुर व्यवहारको आलोचना गर्दै ऊ भन्छे- "यस्तै शास्त्र र विद्वान्हरूद्वारा भनिएको कथित अन्योक्तिहरूका आडमा नै त पुरुषसत्ता टिकेको छ। यिनैको पुजा र अर्चना गरेर आफ्नो सम्प्रभुताको आशीर्वचन माग्ने कायरता नै पुरुषहरूको अमोघ भनिएको अस्त्र हो। पुरुषको यही साम्राज्यमा कहिले काहीँ कुनै नारीले आफ्नो अस्तित्व र सतित्व रक्षाका लागि विद्रोह गर्दछे।"[५६]

शोषित र दमित अवस्थाबाट माथि उक्लेर मुक्ति र स्वतन्त्रताको मार्गमा नारी विद्रोही रूपमा अग्रसर बनेको उपन्यास हो पुष्प राईको **मध्यान्तर** (सन् २००७)।यस उपन्यासको

५५ पूर्ववत, पृ. ज।

५६ बलदेव मजगैयाँ, सन् २००६, **मानसी**, काठमाडौं, साझा प्रकाशन, पृ. १३ ।

आरम्भमा उपन्यासकारले अघिल्लो पुस्ताका नारी शोषित र दमित रहेका देखाउँदै मध्यान्तरमा आएपछि नारी नारी सशक्त बन्न शुरु भएपछि नयाँ युगको सुत्रपात भएको देखाएकी छन्। **मध्यान्तर** उपन्यासमा तीव्र नारीवादी स्वर बोकेर उपन्यासकी पात्र पूर्णिशा खडा भएकी छ। नारीलाई निर्बल ठान्ने मानसिकताको अन्त गर्न पूर्णिशा अग्रसर छ। नारी स्वाभिमान र अस्तित्वलाई चिनाएर पुरुष वर्चस्वलाई उसले चुनौति दिएकी छ। समाजमा आफूलाई नारीभन्दा उत्कृष्ट हुँ भन्ने भ्रम पालेका पुरुषको उक्त भ्रमलाई नारीले तोड्न सक्नुपर्छ भन्ने कुरामा पूर्णिशा विश्वस्त रहेकी छ। पुरुषका समकक्ष खडा हुन सक्ने क्षमता आफूहरूमा विद्यमान रहेको उदाहरण प्रस्तुत गरेकी छ। नारी शोषणको पराकाष्ठाप्रति सचेत रहेकी पूर्णिशाले नारी सचेतता, स्वतन्त्रता, नारी अस्मिताप्रति सचेत बन्दै आएको अर्को युगको प्रतिनिधित्व गरेकी छ। पुरानो युग र नयाँ युगको मध्यान्तरमा खडा भएर पुरुषप्रभुत्वलाई निर्मूल गर्न अग्रसर अनि नारी पुरुषमाझ समान अधिकार हुनुपर्छ भन्ने पक्षमा आवाज उठाउने पूर्णिशा एकजना सशक्त नारी पात्र हो। लैङ्गिक आधारमा पुरुषप्रभुत्व रहेको सामाजिक प्रणालीको अन्त गरी नारी पुरुषसमान हुन्, त्यसैले दुवैको हक, अधिकार, स्तर समान हुनुपर्छ भन्ने नारीवाद सिद्धान्तको मान्यता हो। "नारीवादले नारीको महत्ता र श्रेष्ठतालाई हरकिसिमले प्रमाणित गर्ने प्रयास गर्दछ।"[५७] यसैको खोजीमा **मध्यान्तर** उपन्यासकी नायिका पूर्णिशा सङ्घर्षरत् भएकी हुनाले प्रस्तुत उपन्यास नारीवादी उपन्यासको श्रेणीमा पर्दछ।

यसरी नै उर्मिला सापकोटाको **अस्मिता** (सन् २००८) लैङ्गिक विभेदको अन्तको पक्षमा जोड दिएर लेखिएको उपन्यास हो। सरला रेग्मीको **प्रवाह** (सन् २००९), शान्ति थापाको **मोहनी डट कम** (सन् २००९) आदि नारीवादी उपन्यास हुन्। नारीलाई यौन वस्तु ठान्ने मानसिकताको विरोधमा **मोहनी डट् कम्** उपन्यासको पुरुष पात्र सौरभ भन्छ- "नारी-

---

५७ ऋषिराज बराल, सन् १९९९, **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर, साझा प्रकाशन, पृ. ९३।

केवल पुरूषको भोग्य सामग्री-उहिले पनि अहिले पनि। जसलाई जति बेला चाह्यो-जसरी चाह्यो-जहाँ चाह्यो-पुरूषले आफ्नो आत्म संतुष्टिको आगामा होमेको छ। तर, पनि नारी यसै बाटोबाट हिंड्दा खुशी देखिन्छे- आदर्श हो रे उसको यो! हँ आदर्श! यो आदर्श हैन- आदर्शहरूको समाधि हो- चिहान हो।"[५८] यस कथनले एकातिर नारीलाई यौन वस्तु ठानेर पुरूषको इच्छानुसार प्रयोग गर्ने नीच मानसिकताप्रति सौरभको विद्रोहलाई देखाएको छ। अर्कोतिर नारीत्वको आदर्श बोकेर पुरूषलाई एकाधिकार जमाउन दिँदै नारीप्रति दुर्व्यवहार गर्नमा प्रोत्साहित गर्ने नारीप्रति पनि सौरभको विद्रोही स्वर उठेको छ। यसरी पितृसत्तात्मक समाजमा सङ्कुचित मानसिकता लिएर हुर्किएको नारी र पुरूष दुवैको विरोध गर्न पुरूष पात्र खडा भएको छ।

केशव नेपालको **बेचिएकी चेली** (सन् २०११) उपन्यासमा नारीमाथि हुँदै आएका दमनका विरूद्ध नारी अग्रसर हुनुपर्ने महेशको भनाइ रहेको छ- "हाम्रो जस्तो पुरुषप्रधान समाजमा महिलाहरूले आफ्नो हकहित, इज्जत र अधिकार प्राप्त गर्न लामो र कठिन बाटो हिँड्नैपर्छ। त्यसका लागि चुला चौकाको चौघेरोलाई तोड्न सक्नुपर्छ।"[५९] यहाँ पुरुषप्रधान समाजका व्यवस्थाबाट नारी कसरी शोषित, पीडित र प्रताडित भएका छन् भन्ने कुरा प्रष्ट भएको पाइन्छ। यस्ता विषमता र अन्यायपूर्ण समाजमा नारीले आफूलाई न्याय दिलाउन घरेलु कार्यमा मात्र सीमित नरहेर सामाजिक क्रियाकलापमा अग्रसर रहनु पर्ने दिशा निर्देश गरेका छन्। जबसम्म नारी पितृसत्तात्मक सामाजिक व्यवस्थाले निर्धारित घरेलु कार्यबाट निस्केर सामाजिक परिधिमा पुग्न सक्दैनन् तबसम्म पुरुषको दमन र बन्धनबाट मुक्त हुन असमर्थ हुन्छन्। त्यसर्थ नारी स्वतन्त्रता, न्याय र मुक्तिको निम्ति नारी स्वयम् सचेत र

---

५८ शान्ति थापा, सन् २००९, **मोहनी डट् कम्,** गुवाहाटी, अनुराग प्रकाशन, पृ. १३७।

५९ केशव नेपाल, सन् २०११, **बेचिएकी चेली,** ललितपुर, साझा प्रकाशन, पृ. १६।

अग्रसर हुनु आवश्यक छ। एकातिर नारी पुरुषसमान हुन् भन्दै नारी पुरुषको समविकास हुनुपर्छ भन्ने तिर वकालत गरिएको छ भने अर्कातिर महेशको भनाइ यस्तो रहेको छ - "हाम्रो देशका चेलीबेटीहरू जसले पढ्न लेख्न पाएका छैनन्। त्यसको बाधक कुरा शोषणप्रधान सामाजिक व्यवस्था हो, त्यसभित्रको पुरुषप्रधान समाज हो।"[६०] "सम्पूर्ण किसिमका पूर्वाग्रही भावना, दासता, असमानता र स्वार्थी प्रवृत्तिको अन्त गरी सहअस्तित्वको समाज निर्माण गर्नुपर्ने कुरालाई महिलावादले वकालत गर्दछ।"[६१] पुरुषलाई प्राथमिकता दिने सामाजिक संरचना, मानसिकता र व्यवस्थाले नारीलाई हरेक क्षेत्रमा शोषण गरेको छ, त्यसबाट स्वतन्त्र बन्नका निम्ति नारी स्वयम् सङ्घर्षरत् हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन्। नारीलाई आफ्नो अस्तित्वप्रति सचेत गराएर समाजमा पुरुषसमान स्थान प्राप्त गर्नमा उपन्यासका पात्र- पात्राहरू जुटेका छन्। सामाजीकरणमा पितृसत्तात्मक आदर्शको उच्च स्थान रहेका हुनाले नारी शोषित छन् र नारीप्रति हुँदै आएका यस्ता अन्यायपूर्ण सामाजिक व्यवस्थाको अन्त गराउन उपन्यासमा नारीपात्र सँगसँगै पुरुषपात्र पनि अग्रसर रहेका हुनाले प्रस्तुत उपन्यास नारीवादी चिन्तनमा आधारित उपन्यास हो ।

"नारीको अनुभूति नरको भन्दा बेग्लै हुन्छ भन्ने मानिन थालेको छ। नछुने हुने, बच्चा काढ्ने जस्ता विषयसित गाँसिएका अनुभव त विशेष गरी नारीले मात्र गर्न सक्छन्। कति नरले नारीका बारे लेखेका कुरा स्त्रीलाई कृत्रिम लाग्छ।"[६२] पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११)-मा नरले नारीको विभिन्नअनुभवलाई सही रूपमा व्यक्त गर्न सक्दैनन् भन्ने विचार अभिव्यक्त गरिएको छ। त्यसर्थ उपन्यासमा नलिनाको अडान यस्तो छ

---

६० केशव नेपाल, सन् २०११, पूर्ववत्, पृ. १६।

६१ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. १५।

६२ कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४२५।

- "एक पुरुषले आइमाई मान्छेको विषयमा लेख्ने जिम्मेवारी लिनु नै एउटा महाभूल हो।"[६३] यहाँ नारीलेखनको आवश्यकता बोध गरिएको छ।

"एंगेल्सले बताए पनि मातृसत्ताबाट पितृसत्तात्मक समाजको अवतरण वास्तवमा महिला जातिको सबभन्दा ठुलो- ऐतिहासिक हार थियो।"[६४] पितृसत्ताको उदयदेखि नै नारी शोषण सुरू भएको हो, प्रत्येक क्षेत्रमा नारीलाई दमन गर्नमा पितृसत्ता उत्तरदायी रहेको छ। "जबदेखि यो संसारमा पितृसत्तात्मक समाजको अभ्युदय भयो तबदेखि पुरुषले नारीका सम्पूर्ण चाहना र खुसीको घाँटी निमोठिदियो"[६५] भन्ने नलिनाको भनाइले संस्कार, धर्म विभिन्नपक्षमा नारीमाथि हुँदै आएको पुरुष शोषणको ऐना समाजलाई छर्लङ्ग देखाएको छ। नारी शोषणको कारक तत्त्व पितृसत्ता हो भन्ने देखाउँदै नलिना पितृसत्तात्मक व्यवस्थालाई अन्त गर्न, लिङ्गको आधारमा विभाजित पारिवारिक र सामाजिक कार्यक्षेत्रलाई समाप्त गर्न उग्र रूपमा अघि सरेकी छ। कुनै पनि कार्यक्षेत्र लैङ्गिक आधारमा विभाजित हुनु न्यायसङ्गत छैन। उप्रान्त घरेलु कार्यमा पुरुष सङ्लग्नता हुनुपर्छ भन्दै नलिना आफ्नो पतिलाई व्यक्तिगत र सामाजिक कार्य सँगसँगै घरायसी कार्य पनि गर्न बाध्य बनाउँदै भन्छे-"तपाईं र तपाईंको घरसंसार भोगेर म नराम्ररी थाकिसकेकी छु। मलाई आरामको जरूरत छ। त्यसैले अब म दश वर्ष घरको कामबाट अवकाश लिन्छु। अब घरको सम्पूर्ण काम भ्याएर तपाईंले लेख्नुपर्छ। ती पीडित आइमाई मान्छेको कथा पनि तपाईं घरको कामबाट निवृत्त भएर राती सुत्नुस्।"[६६] नारीले घरको कार्य गर्नुपर्ने बाध्यताले गर्दा सामाजिक क्रियाकलापमा उनीहरू ओझेलमा परेका हुन्। घरेलु कार्य र सामाजिक कार्यमा समान सहभागी रहे मात्र नारी पुरुष

---

६३ पुण्यप्रसाद प्रसाई, सन् २०११, **आइमाई मान्छे**, काठमाडौं, डीकुरा पब्लिकेशन, पृ. १५।

६४ रमेश सुनुवार(अनु.), सन् २००३, पूर्ववत्, पृ. ३६।

६५ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. ४४।

६६ पूर्ववत्, पृ. ६४।

समान रहेको समाज निर्माण हुन सक्छ भन्ने कुरालाई अघि सार्दै पुरुष तानाशाही प्रवृत्तिलाई चुनौति दिएकी छ। त्यसर्थ आफ्नो पतिलाई भान्छाको काम सुम्पिने निर्णय लिँदै, यस कार्यको जिम्मेवारी लिन बाध्य बनाएर पुरुषसमानको हक हासिल गर्न सक्षम बनेकी छ। नलिना पुरुषप्रभुत्ववादी समाज, पितृसत्तात्मक मानसिकता र व्यवस्थाको विरूद्ध विद्रोह गर्न सफल बनेकी छ। युगौंदेखि नारीले उठाउँदै आएको गृहस्थीको बोझ उप्रान्त पुरुषले पनि उठाएर नारीलाई सामाजिक क्रियाकलाप गराउनु सहयोग गर्ने सुझबुझ र सरोकार पुरुषमा हुनुपर्छ भन्ने भनाइ नलिनाको रहेको छ।

यसपछिका नेपाली उपन्यासमा नारीवादी चेतनाको विकासमा देखा परेका जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) र शारदा शर्माको **ताप** (सन् २०१२) महत्त्वपूर्ण उपन्यास हुन्। यी उपन्यासमा नारी शोषणका कारक तत्त्व पितृसत्तात्मक सामाजिक संरचना र मानसिकतालाई ठानेर यस्ता व्यवस्था र धारणाको अन्त गर्न नारी स्वयम् अघि बढ्नु पर्ने आग्रह गरिएका छन्।

नीलम कार्की निहारिकाको **चीरहरण** (सन् २०१५) मा महाभारतकालीन नारीका शोषित अवस्था देखाएर वर्तमानका नारीको दमित स्थितिप्रति विद्रोहको सङ्केत गरिएको छ। उपन्यासमा पितृसत्तात्मक दमनबाट मुक्ति खोजिएको उदाहरण यस्तो छ- "नारीजातिमाथि अत्याचार गर्नेलाई म छाड्ने छैन।"[६७] नारी शोषणलाई आफ्नो धर्म मानेर निमुखासरह जीवन बिताइ रहेका सम्पूर्ण नारीलाई पितृसत्तात्मक मानसिकताका विरुद्धमा विद्रोह गर्न सचेत गराउने प्रयास उपन्यासमा गरिएको छ। "नारी, तिमी जिउँदै जल्न धर्म ठान्छौ र त

६७ नीलम कार्की निहारिका, सन् २०१५, **चीरहरण**, काठमाडौं, साङ्ग्रिला पुस्तक प्रा.लि. पृ. ४६०।

जलाइरहेका छन् पुरुषले।"[६८] उपन्यासका यी उद्धहरणले प्रस्तुत उपन्यासमा नारीवादी चेतना रहेको छ भन्ने कुरा पुष्टि गरेका छन्।

अन्य भाषाका उपन्यासबाट नेपाली भाषामा अनुवाद गरिएका उपन्यासमा पनि नारीवादी स्वर रहेका पाइन्छन्। यस्ता अनुदित उपन्यासहरूमा तसलीमा नसरीनको उपन्यासलाई नेपालीमा यादवप्रसाद पाण्डेले **आइमाईको हकमा** (सन् २००३) शीर्षकमा अनुवाद गरेका छन्। विभिन्न धर्ममा नारीलाई धर्म र संस्कारका नाममा दमन गरिएका वृतान्त केलाएर व्यावहारिक रूपमा नारीको शोषणका विभिन्न पक्षलाई देखाउँदै आफ्नो अधिकारक निम्ति नारी सचेत बन्न आवश्यक रहेको देखाइएको छ। उपन्यासको सुरूदेखि अन्तसम्म नारीवाद अवधारणाको प्रस्तुति पाइन्छ। यस्तै प्रकारले यादव पाण्डे र प्रदिप ढकालले अनुवाद गरेको (मूल लेखक तसलीमा नसरीन) **बिग्रेकी केटी** (सन् २००१) र विष्णु सिलवाल विशाल र अन्जना शर्माद्वारा अनुदित **लज्जा** (सन् १९९४) उपन्यासमा नारीवादी अवधारणालाई सैद्धान्तिक, तार्किक र व्यावहारिक रूपमा प्रस्तुति पाइन्छ।

## ३.३ निष्कर्ष

नेपाली उपन्यास परम्पराको रूपनारायण सिंहको **भ्रमर**-बाट नारीवादी चिन्तनको प्रवेश भएको तथ्य प्रमाणित हुन्छ। नारी शिक्षित र स्वनिर्भर बन्नुपर्छ भन्ने उपन्यासका प्रसङ्गले यस उपन्यासमा नारीवादी चेतना रहेको कुरा पुष्टि गर्दछ।

**भ्रमर** पछि लैनसिंह बाङ्देलको **माइतघर** उपन्यास नारीवादी चेतनाको अर्को उपन्यास हो। युवा अवस्थामा पुगेपछि विवाह गरी माइतघरलाई त्यागेर पराई घर जानु पर्ने प्राचीन

६८ नीलम कार्की निहारिका, सन् २०१५, पूर्ववत्, पृ. ४६०।

नारी दमनीय परम्परालाई उपन्यासकी नारी पात्र चम्पाले भञ्जन गरेकी छ। यसर्थ प्रस्तुत उपन्यासमा नारी अधिकार र स्वतन्त्रता खोजिएको हुनाले यस उपन्यासमा नारीवादी मान्यता समावेश भएको देखिन्छ।

हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** र **एक चिहान** नारीवादी चेतनापरक उपन्यास हुन्। **स्वास्नीमान्छे**-मा पुरुष वर्चस्वलाई ऊर्जा दिँदै पुरुषपक्षीय धर्मको विरोधमा उपन्यासकी नारी पात्र मोतीमाया क्रान्तिकारी बनेकी छ। नारीलाई शारीरिक पीडा दिन र नारीदमनलाई आफ्नो अधिकार ठान्ने पुरुष अहङ्कार र अत्याचारको विरोधमा उपन्यास खडा भएको छ। **एक चिहान**-की नारी पात्र रञ्जनादेवी नारीलाई यौन वस्तु ठान्ने कामलोलुप पुरुष प्रवृत्तिको विरोधमा उठेकी छ। यहाँ नारी पुरुष समविकासद्वारा मात्र नयाँ समाज निर्माण सम्भव छ भन्ने देखाइएको छ।

लीलाध्वज थापाको **शान्ति**, गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल**, विजय मल्लको **अनुराधा**, मदनमणि दीक्षितको **माधवी**, प्रेमा शाहको **मम्मी**, पारिजातको **शिरीषको फूल**, **पर्खालभित्र र बाहिर**, **अनिदो पहाडसँगै**, **परिभाषित आँखाहरू**, नकुल सिलवालको **तेस्रो पाइला**, प्रदीप ज्ञवालीको **सहयात्री**, लोकनाथ उपाध्याय चापागाईंको **आँधी** उपन्यासमा पनि विभिन्नप्रकारका नारीवादी स्वर पाइन्छन्।

नारी स्वतन्त्रता र नारी अस्मिताको खोजी गरिएको अन्य नारीवादी नेपाली उपन्यासहरूमध्ये गीता केशरीका **सौगात**, **आवाज**, **मुक्ति**, **खोज**, **अन्तिम निम्तो**, **विश्वास**, **खुला आकाश**, **नोकरी** एवम् **निष्कर्ष** आदि प्रमुख छन्।

नारीवादी नेपाली उपन्यासको विकासक्रममा देखा परेको असीत राईको **नयाँ क्षितिजको खोज**-मा प्राइभेट स्पेयर नारीको कार्य क्षेत्र होइन र नारी यौन वस्तु पनि होइन भन्दै नारी स्वतन्त्र जीव हो भन्ने अभिव्यक्ति पाइन्छ।

मोहनबहादुर मल्लको **समयको हुरी**-मा पत्नीले सम्पत्तिको अधिकार पाउनुपर्छ भन्ने स्वर ध्वनित भएको छ।

यसरी नै भीम दाहालको **अभीष्टको खोज**, विन्ध्या सुब्बाको **निर्गमन**, सुजातको **बन्धन**, **अन्त्यहीन पीडा** र **पराजित अस्तित्व**, भाषा भण्डारीको **सम्झौता**, **परिवर्तनको पृष्ठभूमि**, नयाँदेवीको **युगसन्धि**, पद्मावती सिंहको **समानान्तर आकाश**, पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, केशव नेपालको **बेचिएकी चेली**, पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, सीता पाण्डेको **अन्तर्द्वन्द्व** आदि प्रमुख नारीवादी नेपाली उपन्यासहरू हुन्।

अन्य भाषाबाट नेपाली भाषामा अनुवाद गरिएका उपन्यासहरूमा यादवप्रसाद पाण्डेद्वारा अनुदित **आइमाईको हकमा**, **बिग्रेकी केटी**, विष्णु सिलवाल विशाल र अन्जना शर्माद्वारा अनुदित **लज्जा** आदि उपन्यास पनि नारीवादलाई प्रतिनिधित्व गर्ने उपन्यास हुन्।

नारीवादी नेपाली उपन्यासको विकासक्रममा देखापरेका प्रायः सबै उपन्यास नारी परिचय, नारी शिक्षा, स्वनिर्भरता, समानता, नारी अस्तित्वको खोजी, नारीलाई यौन वस्तुको रूपमा हेर्ने पुरुषश्रेष्ठतावादी दृष्टिको विरोध, नारीलाई शारीरिक र मानसिक शोषण गर्ने पितृसत्तात्मक व्यवस्थाको विरोध आदि विषयमा केन्द्रित रहेका पाइन्छन्।

# चौथो अध्याय

## पुष्प राईका उपन्यासमा नारीवादको अध्ययन

### ४.१ उपन्यासकार पुष्प राईको परिचय

उपन्यासकार पुष्प राईको जन्म धिरधाम, बिलम्बर इस्टेट दार्जिलिङमा २ जुलाई, १९४० का दिन भएको हो। माता विमलाबाला राई अनि पिता जे. बी. राईकी पुत्री पुष्प राईले दार्जिलिङको शारदेश्वरी कन्या उच्च विद्यालयबाट सन् १९५५ मा प्रवेशिका परीक्षा उतीर्ण गरेकी हुन्। सन् १९६० मा उनले दार्जिलिङ सरकारी महाविद्यालयबाट दर्शनशास्त्रमा सम्मान अनि सन् १९७० मा काठमाडौं नेपालको त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर गरेकी हुन्। उनको पहिलो सिर्जना **शिलाको पत्र** शीर्षकको कथा सन् १९७० मा 'दियालो' पत्रिकामा प्रकाशित भएपछि साहित्य लेखनमा प्रवेश गरेकी पुष्प राईले नेपाली साहित्यको विकासमा दुईवटा उपन्यास दिएर महत्त्वपूर्ण योगदान दिएकी छन्। उनका उपन्यासहरू **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७) प्रकाशित भएका छन्।

पुष्प राई नेपाली साहित्यमा त्यत्ति चर्चामा आएको नाम होइन। अर्थात् उनका साहित्यिक योगदानका विषयमा साहित्यालोचना, साहित्येतिहासका पुस्तकहरूमा अपेक्षित चर्चा भएको त्यति पाइन्न। दुईवटा उपन्यासका अतिरिक्त उनका केही कथा, निबन्ध र फुटकर कविता पत्र-पत्रिकामा प्रकाशित भए तापनि पुस्तक आकारमा प्रकाशित भएका छैनन्। नेपाली साहित्यलाई नारीवाद जस्तो नयाँ अवधारणामा दुई दुईवटा उपन्यास दिन सक्षम पुष्प राई साहित्यिक चर्चाका सन्दर्भमा भने अन्यायमा परेकी देखिन्छिन्।

सभा, गोष्ठी एवम् साहित्यिक कार्यक्रममा न्यून उपस्थिति दिने पुष्प राई आफ्नो अनुपस्थितिको कारण आफ्नो श्रवणशक्ति कमजोर रहेको बताउँछिन्। उनी यस सन्दर्भमा भन्छिन्-

> **निजको श्रवणशक्ति क्षीण छ, भनौ बहिरो नै छु। त्यसै र साहित्यिक सभा गोष्ठीतिर आफ्नो मुक-मूढ दिन असोभनीय ठहरियो। सभादिमा गइएपछि विचार-विमर्शहरू आदान-प्रदान हुनु पऱ्यो। मान्य विचार वाणीहरू ग्रहण गर्नु सक्नु पनि पऱ्यो। तर त्यसैका लागि चाहिने मुख्य पूर्जा नै बेकाम्मे भएपछि आफ्नो लाचारीपन स्वीकार्न बाध्य हुनुपऱ्यो। त्यसैले चाहेरै पनि यस्ता सादृश्य जमघटमा आफ्नो सहभागिता गर्न असमर्थ भएँ, छु।** [१]

पेसागत रूपमा शिक्षिका रहेकी पुष्प राईले आफ्नो श्रवणशक्ति कै कारण नोकरीबाट अवकास लिएर पठन-पाठन आफूलाई सङ्लग्न गराएकी छन्।

## ४.२ पुष्प राईका उपन्यास

सर्वप्रथम दियालो पत्रिकामा कथा छपाएर उपन्यासलेखनमा प्रवेश गरेकी पुष्प राईका दुईवटा उपन्यासहरू **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७) प्रकाशित भएका छन्। यी दुईवटा उपन्यासमा पाइने नारीवादको अध्ययन गर्दा नारीवादका सैद्धान्तिक पक्ष र मान्यतालाई आधार मानेर अध्ययन गरिएको छ।

---

१ मातृका गजमेर, (वर्ताकार), सन् २०१०, **नारी स्रष्टाहरू अन्तर्वार्ताहरूमा**, दार्जिलिङ, वसुधा, पृ. २१७।

## ४.३ पुष्प राईका उपन्यासमा पाइने नारीवादी चिन्तन

पुष्प राई भारतीय नेपाली उपन्यासको विकास परम्परामा सन् १९९० का दशकमा देखा परेकी एकजना परिचित उपन्यासकार हुन्। आफ्ना लेखनमा उनले नारीवादी अवधारणा भित्र्याएर नारीका विभिन्न अवस्थालाई अध्ययन गरेकी छन्। वर्तमान नारीका अवस्थालाई केन्द्र गरी भविष्यका नारी संसारलाई सशक्त बनाउने विचार उनका उपन्यासमा रहेको छ। **भोलिको प्रतीक्षा** उपन्यासमा समसामायिक समाजमा नारीको यथार्थ स्थितिको चित्रण गरिएको छ। पितृसत्तात्मक समाजमा पुरुषवर्चस्व रहेकाले भविष्यका नारीलाई पुरुषदमनबाट मुक्त गराउनका निम्ति नारी क्रान्तिकारी बन्न आवश्यक रहेको कुरा पनि उनले प्रकाश पारेकी छन्। उपन्यासकी प्रमुख पात्र शान्तिलाई एउटी सङ्घर्षशील नारीको रूपमा उभ्याएर विभिन्न चुनौति सामना गर्न सक्षम नारीका रूपमा चित्रण गरेकी छन्। उपन्यासमा शान्तिको चरित्र निर्माणले उपन्यासकार पुष्प राईलाई नारीवादी उपन्यासकारको रूपमा प्रमाणित गरेको छ। भारतीय नारीवादी उपन्यासको सन्दर्भमा भने प्रस्तुत उपन्यासलाई प्रथम नारीवादी नेपाली उपन्यासको रूपमा परिचित गराएको छ भन्ने कुराको पुष्टि इन्द्रबहादुर राईको भनाइ “क्षीणकाय यस उपन्यासिकालाई पूर्ण अर्थमा नारीवादी प्रथम नेपाली लेख भेट्दछौं”[२] ले दिएको छ। पुष्प राईका उपन्यासलाई गहन अध्ययन गरेर हेर्दा नारीवादका विभिन्न मान्यता पाइन्छन्। उपन्यासको मुख्य अभीष्ट नै नारीवाद भएकोले यसभित्र नारीका व्यक्तिगत स्वतन्त्रताको खोजी, पुरुषसमान नारी अधिकारको खोजी, स्वनिर्भरता, स्वतन्त्रताको अभिव्यक्ति र स्वत्वको खोजी, पितृसत्तात्मक सामाजिक व्यवस्थाको चित्रण, पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोध तथा नारीलेखन जस्ता नारीवादका मान्यताहरू पाइन्छन्। यिनै

---

२ पुष्प राई, सन् २०१०, **भोलिको प्रतिक्षा** (दो. सं.), दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ. ङ ।

मुख्य विषयका आधारलाई केन्द्रमा राखेर उनका दुईवटा उपन्यासलाई निम्नप्रकारले अध्ययन गरिएको छ।

### ४.३.१ नारीका व्यक्तिगत स्वतन्त्रताको खोजी

आजसम्मको खोजी र प्राप्तिअनुसार भारतीय नेपाली नारी लिखित उपन्यासहरूमा नारीका विभिन्न अवस्थाको चित्रण गरिएको पाइन्छ। नारी जीवनको नियति चिन्ताजनक एवम् यातनापूर्ण देखिएको पाइन्छ। नारीलाई मुक्ति दिन, आत्मसम्मानपूर्वक उठाउन, आत्मनिर्भर बनाउन, नारीअधिकारप्रति सचेत रहन, अस्तित्व प्राप्त गर्न, समान अधिकारका निम्ति स्वयम् दक्ष, क्षमताशील हुन, आफ्नो परिचय सुनिश्चित गर्न अभिप्रेरित गराउने सिद्धान्त नै नारीवादी सिद्धान्त हो। नारीवादी सिद्धान्तबाट अभिप्रेरित नारीवादी चिन्तन भएका उपन्यासमा नारीअस्तित्व र नारी पीडाबोधका स्वरहरू बढी अभिव्यक्त भएको पाइन्छ। उत्पीडितहरूले आ-आफ्नो अस्तित्व, अधिकार, स्वतन्त्रताको खोज र मुक्तिका पक्षमा आवाज उठाउनु नै व्यक्तिगत स्वतन्त्रताको खोजीतिर मुखरित रहनु हो। पुरुषप्रधान समाज र परिवारबाट नारीले पाएका यन्त्रणा, शोषण, आर्थिक परनिर्भरता, यौनशोषण, हिंसा, वेश्यावृत्ति, बलात्कृत भएर अस्मिता गुमाउनु परेको पीडाबोध आदि अनेकन यातना, भ्रूणहत्यातिर उक्साउने पुरुष प्रवृत्ति आदि पुरुषप्रधान समाजका दुष्प्रवृत्तिप्रतिको विरोध, त्यसबाट उन्मुक्ति, नारीअधिकारको खोजी आदि नै नारीका स्वतन्त्रताभित्र पर्ने मुख्य कुराहरू हुन्।

नारीअधिकार, नारीअस्तित्व, नारी हुनाको भाव, नारीप्रति समान सम्मानको भाव, नारीहरूलाई पुरुषसमान अधिकार प्राप्त, लैङ्गिक समानताको भाव र पुरुषप्रधान समाजमा परतन्त्रता, विभिन्न बन्धन र बन्देजको विरोध, समानताको खोजी, आर्थिक स्वतन्त्रता आदिलाई नारीका व्यक्तिगत स्वतन्त्रताअन्तर्गत राख्न सकिन्छ।

पुरुषप्रधान समाजमा नारीको विशिष्ट उपस्थिति, भूमिका, सहभागितालाई सामान्य ठानेर स्वीकार नगरिएको पाइन्छ। नारीहरूद्वारा नारीअस्तित्वको खोजी, आफ्ना भूमिकाको मूल्यबोध, परतन्त्रतामा रहेका नारीले उन्मुक्तिको चाहना राख्नु, आफ्नो अस्तित्वका लागि विद्रोही बनेर स्वतन्त्रता खोजी गर्नु आदिले नारीअस्तित्व र नारी स्वतन्त्रताको खोजीलाई सङ्केत गर्दछ।

पुरुषसँगको सम्बन्ध र साहचर्यबाट नारीको अस्तित्वमा कुनै परिवर्तन नआउने, पुरुषबराबरको अधिकार पाए पनि नारी कदाचित पुरुषसमान हुन नसक्ने, नारी नारी नै भएर स्वयम् उठ्नुपर्ने कुराहरू नारी स्वतन्त्रताका खुड्किलाहरू हुन्। मातृत्वचेतनासँगै क्रान्तिचेतना अभिव्यक्त गरेर नारीस्वतन्त्रता र अस्तित्वको स्थापनाका निम्ति नारी चेतनालाई अभिव्यञ्जित गरिएको पुष्प राईका उपन्यासभित्र नारीका व्यक्तिगत स्वतन्त्रताको खोजी गरिएको पाइन्छ।

पुरुषप्रधान समाजमा नारीहरूले अधिकारविहीन भई यान्त्रिक जीवन भोग्नुपरेको, पुरुषद्वारा नारीमाथि निरन्तर दुर्व्यवहार भइरहेको, नारीस्वतन्त्रता खोसिएको आदि परिस्थितिले नारी अधिकार कुण्ठित भएको र नारीहरू शोषित पीडित हुनुपरेको यथार्थलाई नाङ्गो चित्रण गररे पुरुषप्रधान समाजप्रति विरोध र नारीअधिकार र स्वतन्त्रताको खोजी गरिएको छ। नारी स्वतन्त्रताको स्थापनाका लागि उपन्यासका नारीहरूको असन्तुष्टि पराकाष्ठा नाघेको स्थिति देखाइएको छ। नारीका वास्तविक जीवनको चित्रण गर्दै यातनापूर्ण जीवनबाट नारीलाई मुक्तिको मार्ग देखाउने साहस पुष्प राईले गरेकी छन्।

युगौंदेखि उत्पीडित असहाय, परनिर्भर बनाइएका नारीको अवस्था समाजमा दयनीय रहेको पाइन्छ। परम्परागत सामाजिक व्यवस्था केवल पुरुषका पक्षमा रहेका छन्। पुरुषका दृष्टिकोणले विश्वलाई नै हेरिएको हुनाले सोहीअनुरूप नियम, संस्कार, व्यवस्था आदि

बनिएका छन्। पुरुष शोषण, दमनदेखि मुक्त भएपछि मात्र नारीका पुरुषभन्दा पृथक पहिचान बनाउन सकिन्छ भन्ने कुराको अडान उदार नारीवादी चिन्तकहरूले लिएका छन्। "उदार नारीवादले व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकतामाथि गहिरो चासो राख्दछ। "[३] **भोलिको प्रतीक्षा**-मा शान्तिले बाँचेको समाज पुरुषवादी संस्कार र मानसिकताले ग्रस्त छ। यसैले विवाहपूर्व नै शैलेन्द्रसँगको शारीरिक सम्पर्कबाट गर्भवती भएकोमा ठुलो सङ्कट आइपर्ने सम्भावना शान्तिमा देखिएको छ। यही भयले शान्ति अन्तर्द्वन्द्वमा फँसेकी देखिएकी छ। मातृ अधिकारलाई प्राप्त गर्ने जस्ता कुरामा शान्तिको हृदय पक्षले जोड दिएको छ भने मस्तिष्कमा पुरुषवादी संस्कारको त्रास रहेको देखिन्छ। उसको हृदय र मस्तिष्कले भिन्न भिन्न निर्णय गरेको हुनाले केही क्षण ऊ द्वन्द्वमा फँसेकी छ। द्विविदाको अवस्था यथावत् रहेको छ, त्यसबाट मुक्ति नै व्यक्तिगत स्वतन्त्रताको द्योतक हो। ऊ आफ्नो व्यक्तिगत इच्छा र अधिकारमा सचेत बन्दै आफूले लिएकी निर्णयलाई यसरी प्रकट गर्छे -"मेरो व्यक्तिगत जीवन मेरो एकदमै आफ्नो हो। पूर्वाग्रहले ग्रसित नारीझैं मेरो अनमोल जीवनमा चिरकाल सूर्यग्रहण लाग्नदिनु मूर्खता सिवाय अरू केही होइन भन्ने अठोट लियो यी जागरूक दुवै मनमस्तिष्कले!"[४] शान्तिले यहाँ केवल आफ्नो व्यक्तिगत जीवनको मूल्यलाई महत्त्व दिएकी छ। पुरुषवर्चस्ववादी मानसिकता भएका समाजको अघि उसले आफ्नो जीवनलाई निरर्थक बनाउन चाहेकी छैन। नारी दमन गर्ने नीतिका पोषक सामाजिक संस्कारअनुरूप उसको जीवनलाई चलाउनु भन्दा व्यक्तिगत निर्णय र इच्छाअनुसार जीवन बाँच्ने सङ्घर्षमा उत्रेकी छ। उसले आफ्नो स्वतन्त्र व्यक्तित्वलाई मात्र महत्त्व दिने निर्णय लिएकी छ। यहाँ ऊ नितान्त व्यक्तिवादी चरित्रको रूपमा खडा भएकी छ। आफ्नो इच्छा, आत्मविश्वास र

---

३ सुधा त्रिपाठी, सन् २०१२, **नेपाली उपन्यासमा नारीवाद**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ७४।

४ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ४७।

आत्म अभिमानलाई महत्त्व दिँदै आफ्ना पेटमा हुर्कदै गरेको भ्रुणलाई गर्भपात गर्ने शैलेन्द्रको सुझाउलाई नकारेर सामाजिक लाञ्छनालाई समेत चुनौति दिने आँट र हिम्मत शान्तिले देखाएकी छ। नारीसुलभ क्रियाकलापसँग सम्बन्धित मातृशक्ति र नारी शक्तिको ज्वलन्त उदाहरणका रूपमा शान्तिले साहसको साथ मातृत्व अधिकारलाई व्यक्तिगत अधिकार ठान्दै यस्तो निर्णय लिएकी हो- "मैले भ्रुणहत्या गरिनँ। इश्वर प्रदत्त महान् स्वयम्ले हनन गर्नु जस्तो जघन्य अपराध अरू के हुन सक्थ्यो र!!! त्यसो र लोकनिन्दाको विष पिएरै पनि मातृत्वको महत् गरिमालाई अक्षुण्ण राख्न कटिबद्ध बनें!"[५] शान्तिले भ्रुणहत्या नगर्ने निर्णय लिनु नै उसको जीवनको महत्तम उपलब्धि हो। यसमा उसलाई कुनै अपराधबोध पनि छैन। उसलाई लोकोपवादको पनि कुनै चिन्ता, डर र लज्जा छैन भन्ने कुरा उसको निर्णयले  पुष्टि गरिदिएको छ। समाजको अघि उसले लिएको यो ठुलो चुनौति हो। शान्तिले बाँचेकी समाजले अविवाहित नारीबाट विवाहपूर्व शिशु जन्मलाई अपराध ठान्ने कुरालाई उसले भञ्जन गरिदिएकी छ। सामाजिक दोष र अपवादको प्रशस्त सम्भावना रहेर पनि उसको मातृत्व अधिकार नितान्त व्यक्तिगत अधिकार हो भन्ने ठानेर आफ्नो दृड सङ्कल्पमा ऊ अडिग रहेकी छ।

प्रस्तुत उपन्यासमा पुरुष मानसिकताको तुच्छता र नारी मानसिकताको उदात्ततालाई शैलेन्द्र र शान्तिको व्यक्तित्व र परिचयबाट खुबै स्पष्टतासँग उल्लेख गरिएको छ। उपन्यासमा शान्ति पुरुषपात्र शैलेन्द्रबाट गर्भवती हुनु, शैलेन्द्रले गर्वपतन गर्ने सल्लाह दिनु, त्यही समयमा नै शैलेन्द्रकी पत्नी पनि गर्भवती हुनु भनेको नारीलाई पुरुषको यौन तृप्तिको साधन मात्र बनाएर आफू पति, प्रेमी र बाबुको उत्तरदायित्वबाट पलायन हुन चाहने पुरुष प्रवृत्ति हो। तर शान्तिले शैलेन्द्रको सल्लाह नमान्नु, गर्भको शिशुलाई जन्म दिनु, सामाजिक

५ पूर्ववत्, पृ. ४७।

लाञ्छनाको परवाह नगर्नु भनेको पुरुषको दमनीय मानसिकता र तिनीहरूको नारीप्रतिको दुर्व्यवहारको खण्डन गर्नु हो। यसरी पुरुषप्रधान समाजको प्रतिनिधित्व गरिरहेका शैलेन्द्र जस्ता यौनभोगी, अनुत्तरदायी, अपराधी व्यक्तिको उद्घाटन उपन्यासकारले गरेकी छन्। शैलेन्द्रको सुझाउ र निर्णयलाई नकार्नुमा नै स्वनिर्णयको सम्मान गर्नु रहेको छ अर्थात् शान्तिले आफ्नो आत्मसम्मानलाई प्राथमिकता दिएकी छ।

उपन्यासका मुख्य कथ्यहरूमध्ये एउटा मुख्य पक्षका रूपमा शान्ति र शैलेन्द्रको सम्बन्धलाई अघि सारिएको छ। विवाहपूर्व शिशुको जन्मलाई अवैध र असम्भव ठान्ने पुरुषवादी समाजको मान्यतालाई प्राथमिकता नदिएर मानवीय मूल्यलाई मान्य गरी आफ्नो निर्णयमा अटल रहने साहस गर्नु र शैलेन्द्रको परामर्शलाई अस्वीकार गर्नु नै यहाँ शान्ति जस्ती नारीको पहिलो क्रान्तिको स्वर हो। यसले उसलाई पूर्वाग्रहग्रसित समाजको सम्मुख एउटी निडर, साहसी नारीको रूपमा खडा गरिदिएको छ। यसमा पूर्ण दोष नारीलाई दिने पुरुषपक्षीय समाजको मानसिकता भए तापनि शान्तिले सन्तानलाई जन्म दिनु नारीको व्यक्तिगत अधिकार हो भन्ने सन्देश दिएर मातृअधिकारको सम्मान गरेको छ। उदारवादी नारीवादीहरू व्यक्तिगत स्वतन्त्रतामा महत्त्व दिन्छन् र शान्तिले पनि समाजको प्रतिक्रियालाई चुनौतिको साथमा लिँदै नितान्त व्यक्तिगत स्वतन्त्रता र स्वेच्छालाई महत्त्व दिएको हुनाले ऊ पनि वैयक्तिक स्वतन्त्रता र अधिकारको पक्षधरका रूपमा देखा परेकी छ। शान्तिको यस्तो निर्णयलाई व्यावहारिक रूपमा उतारेर शान्ति जस्ता समस्यामा परेका अनेकौं नारीलाई व्यक्तिगत अधिकारको निम्ति नारी स्वयम्‌ले सङ्घर्ष गर्नुपर्ने सन्देश उपन्यासले दिएको छ। यसरी व्यक्तिगत अधिकारको निम्ति नारीले आवाज उठाएर व्यावहारिक रूपमा उतार्नु पर्ने कुरा उपन्यासले समाजलाई दिएको महत्त्वपूर्ण योगदान हो। लोग्नेमान्छेले नारीलाई उपभोग्य वस्तु ठान्ने अनि उपभोक्ताको रूपमा रहेकी नारीले नै प्रताडित हुनपर्ने सामाजिक परम्परालाई

नकारेर नारीको व्यक्तिगत अधिकारको उपयोग गर्न अघि सरेकी शान्ति आफ्नो नीजि अधिकार हत्याउन सचेष्ट रहेकी छ।

प्रस्तुत उपन्यासमा शैलेन्द्रले शान्तिलाई शारीरिक सम्पर्क राख्ने एउटा माध्यमसम्म मात्र ठानेको छ। यसरी वासना तृप्तिको साधन बनाएर समाजमा कलङ्कित बनाउनु पुरुषवादी समाजका पुरुषले नारीप्रति गरेको दुर्व्यवहार हो। नारी स्वतन्त्रताको खोजीमा सम्पूर्ण पुरुषप्रभुत्ववादी समाज र त्यस समाजमा युगौँदेखि बीजारोपण भएको मानसिकतालाई ध्वस्त पार्न एक्ली शान्ति विद्रोही बन्दै भन्छे- "परम्पराको रछ्यानमा अफालिएकी, पूर्वाग्रहले ग्रसित नारीझैं मैले तर उनीहरूको मुख ताकिँन, सहारा र सहयोगको याचना गरिनँ। न नै जीवनलाई विषादपूर्ण अभिशाप संझेकी छु। सके यो नै मेरो जीवनको विजय हो, उपलब्धि हो!। "[६] शान्ति आफ्नो व्यक्तिगत स्वतन्त्रताबारे सचेत छ, नारी स्वतन्त्रतालाई ऊ प्राकृतिक हक र अधिकार ठान्छे त्यसैले पितृसत्तात्मक परम्पराबाट मुक्तिको बाटो रोज्न पुगेकी छ। पुरुषको सहयोगविना रहल जिन्दगीको निर्णय लिन ऊ आफ्नो विजय ठान्दछे, यसप्रकारको चरित्रले उसलाई पूर्णत: व्यक्तिगत स्वतन्त्रतामा विश्वस्त नारीको रूपमा प्रस्तुत गरेको छ। त्यसर्थ शान्ति उदारवादी नारीवादअन्तर्गत पर्ने शक्तिशाली नारी चरित्रको रूपमा खडा भएकी छ। "समाजको मर्यादा भनिने त्रसित वातावरणमा जुँध्नलाई कम्मर कसेकी एक्ली नारी म, धमिलिएको नारी इतिहासमा सायद यो सचेतताको सौगात हो, नौलो भूमिका हो"[७] आदि भनाइले शान्ति आफ्नो अस्तित्वको निम्ति व्यक्तिगत रूपमा क्रान्तिकारी बनेर खडा भएकी स्पष्ट देखिएको छ। पुरुषप्रधान समाजमा नारीको अस्तित्व, भूमिका र योग्यतालाई अस्वीकार गरेको हुनाले यस्ता पुरुषपक्षीय समाजलाई नारीको व्यक्तिगत स्तन्त्रताको खोजी नारी स्वयम्ले खोजेर देखाउनु पर्दछ भन्ने उदाहरणका रूपमा ऊ खडा भएकी छ। पुरुष

६ पूर्ववत्, पृ. ५९-६० ।

७ पूर्ववत्, पृ. ५९-६०।

तानाशाही अर्थात् पुरुषवर्चस्ववादी समाजको परतन्त्रतामा दबिएर बस्नुभन्दा नारीको व्यक्तिगत मूल्यको खोजी र रक्षा गरी उन्मुक्तिको बाटो रोजेर सम्पूर्ण पुरुषप्रधान समाजको व्यवस्थालाई अन्त गर्ने नयाँ दिशा देखाएकी छ। उपन्यासमा शान्तिबाट मुखरित भएको इतिहास नै नारी सचेतताको नौलो भूमिका हो भन्ने कथनले भने उसलाई समस्त नारीसमाजको स्वतन्त्रताको निम्ति आवाज उठाउने नयाँ युगकी प्रतिनिधिको रूपमा खडा गरिदिएको छ। यसरी प्रस्तुत उपन्यासमा उपन्यासकार पुष्प राईले नारीलाई पुरुषशाषित यातना, वञ्चना र पीडिताका रूपमा चित्रण गर्नुभन्दा साहसी, निडर, स्वतन्त्र रूपमा नारी पात्रलाई प्रस्तुति दिन सफल बनेकी छन्।

शान्ति आफ्नो व्यक्तिगत सत्तालाई जोगाएर राख्न चाहन्छे। त्यसैले आफ्नो स्वतन्त्रताको निम्ति पुरुषवादी समाजको अघि कुनै किसिमको चुनौति र प्रश्नको उत्तर दिन पछि हटेकी छैन। नारीलाई सदैव दबाएर राख्न चाहने सामाजिक संरचनामा विलीन हुन चाहेकी छैन। आफ्नो अस्तित्वको संरक्षण गर्नमा ऊ पुरुषवर्चस्ववादी समाजदेखि भय राख्दिन त्यसैले अविवाहित हुँदा नै गर्भवती भएपछि गर्भको शिशुको बाबु को हुन्? भन्ने इन्दुमतिको प्रश्नको उत्तरमा शान्ति भन्छे-"बाबुविनाको बतासे!।"[८] यसरी गर्भको शिशुको कुनै बाबु नभएको सत्यतालाई नहिचकिचाइ भन्नु भनेको पुरुषसत्तालाई नारीको मातृत्व भनेको नारीको व्यक्तिगत अधिकार हो भन्ने कुराको शङ्खघोष गर्नु हो। पुरुषवादी समाजले नारी बाँच्नुको अर्थ परसुखको प्रयोजनमा लिने गरेको पाइन्छ। यस्तै मानसिकता समाजमा रहेकाले नारीको अस्तित्व पुरुषको अधिनमा रहन गएको हो। यसप्रकार सामाजिक व्यवस्था, नीति, नियम पुरुषपक्षीय भएको हुनाले नारीका अवस्था दयनीय बन्न पुगेको देखिन्छ। यस्ता सामाजिक व्यवस्थाका कारणवश नै नारीले पुरुषको साहचार्यविना नै एक्लै बाँच्न सकिन्छ भन्ने कुरा

---

८ पूर्ववत्, पृ. ६१।

उपन्यासमा शान्ति भन्छे- "जीवनमा नारी एकलो पनि सुरक्षित जिउन सक्छे। "[९] लोग्नेमान्छेले जसरी तत्काल निर्णय लिन सक्छ, आफ्नै तरिकाले बाँच्न सक्छ, त्यसै गरी एउटी स्वास्नीमान्छेले पनि आफ्नो बारेमा आफै सोच्ने, निर्णय लिने र स्वेच्छाले बाँच्ने अधिकार पाउनु पर्छ भन्ने विचार शान्तिको रहेको छ। तर त्यो कदम चाल्न नारी नै अघि सर्नु पर्दछ। यसरी नारीले एक्लै बाँच्न सक्ने कुरा नारीको व्यक्तिगत इच्छामा निर्भर गर्दछ। शान्तिको यो स्वर पुरुष नियन्त्रित समाजलाई दिएको हाँक हो। मानवसमाज सन्तुलित रूपले सञ्चालित हुन नारी पुरुष दुवैको बराबरी भूमिका रहन्छ, त्यसर्थ नारीविना मानव समाज नै अपूर्ण हुनेछ भन्ने अनुभूति र ज्ञान उपन्यासकी नायिकामा रहेको पाइन्छ। नायिका शान्ति व्यक्तिगत स्वतन्त्रताबारे सचेत भएकी हुनाले उसले अविवाहित अवस्थामा शिशुलाई जम्मदिने निर्णय उसको आफ्नो व्यक्तिगत अधिकार हो भन्ने छ। त्यसर्थ नारीको व्यक्तिगत स्वतन्त्रताको खोजी गर्दै यसलाई व्यवहारमा ल्याउने सशक्त नारी पात्र शान्ति रहेकी छ।

शान्ति सँगसँगै शान्तिकी आमा पनि विवाह सामाजिक इच्छाको कुरा नभएर नितान्त व्यक्तिगत स्वतन्त्रताको कुरा हो भन्ने विचार भएकी सचेत नारीको रूपमा खडा भएकी छ। यसैले शान्तिको बाबुको मृत्यु भएको केही समयपछि नै "केही वर्ष अघिसम्म बुवाकै अधीनस्थ काम गर्ने अविवाहित ठिटोसित आमा पोइल गएकी"[१०] भन्ने शान्तिको भनाइले उसकी आमाले पनि पुरुषवादी समाजको नियम भञ्जन गरेकी बुझिन्छ। विधवा भएपछि पनि अर्को पुरुषसँग विवाह गर्ने शान्तिकी आमा विवाह गर्न वञ्चित गराउने परम्पराको विरुद्ध खडा भएकी छ। यसप्रकार शान्ति र उसकी आमाले समाजको सामाजिक एवम् मनोवैज्ञानिक

---

९ पूर्ववत्, पृ. ६२।

१० पूर्ववत्, पृ. २९।

भ्रम तोडिदिएर नारी पुरुषका आश्रयमा आश्रित नभएर आफ्नो क्षमता र निर्णयमा जिउन समर्थ नारीशक्ति हुन् भन्ने कुरा खुलस्त पारिदिएका छन् भन्ने

यसरी **भोलिको प्रतीक्षा-** मा शान्ति र उसकी आमा नितान्त व्यक्तिवादी रहेर व्यक्तिगत स्वतन्त्र प्राप्तगर्ने सफल नारीहरू हुन्। विधवा भएर पनि पुनर्विवाह गर्ने निर्णय लिन नधकाउनु उसको व्यक्तिगत स्वतन्त्रता हो। विधवा हुनेबित्तिकै नारीमा विद्यमान रहर र इच्छाको अन्त हुँदैन भन्ने कुरा प्रमाणित गर्दै, नारीका जैविक अधिकारको निम्ति नारी स्वयम् सङ्घर्षमा उत्रन सके पुरुषवादी समाजको रूढिवादी सोचलाई भत्काउन सकिन्छ भन्ने उदाहरणस्वरूप शान्तिकी आमा देखापरेकी छ । यसरी शान्तिकी आमाले सामाजिक लाञ्छनाको पर्वाह नगरी स्वतन्त्र रूपमा व्यक्तिगत निर्णय लिएकी छ। यही नै शान्तिकी आमाले खोजेको स्वतन्त्रता हो र रूढिवादी परम्परालाई ठुलो चुनौति दिएको हो। यी दुवै नारीले नारीको व्यक्तिगत स्वतन्त्रताको घोषणा दोस्रो विवाह गरेर अनि नारीको इच्छानुसार विवाहपूर्व नै शिशुलाई जन्म दिने साहस गररे प्रमाणित गरिदिएका छन्। यस्तो पहलले नारी संसारको कल्याण हुने सम्भावना देखाइदिएको छ।

## ४.३.२ पुरुषसमान नारी अधिकारको खोजी

नारी पुरुष दुवै सामाजिक गतिविधि र क्रियाकलापमा सङ्लग्न हुनपर्ने हुनाले समग्र सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक नारी पुरुष दुवैले समान रूपमा स्वतन्त्रता पाउनु पर्ने हो तर समाजको एकपक्षीय नीतिका कारण नारी पुरुषका स्वतन्त्रतामा अलग अलग नियम लागु गरिएको पाइन्छ। दीर्घकालदेखि नै नारीले परतन्त्रता झेल्दै आएको पाइने हुनाले यो नारीका लागि मारक भएको पाइन्छ। केवल नारी हुनाका कारणले लिङ्गका आधारमा नारीका निम्ति भिन्न नियम, व्यवस्था र संस्कार चिनाइएको छ। यही संस्कार नियम र

व्यवस्थाले प्रचलनमा ल्याएका कुराहरूकै आधारमा नारी पुरुषका विभिन्न अत्याचार, दुर्व्यवहार आदिबाट शोषित रहेका छन्।

नारीवादको उदयपछि यसैका एउटा प्रकार उदार नारीवादले नारीको पक्षधरता लिदै नारी पुरुषभन्दा सक्षम, सबल र विवेकशील छन् भन्ने उत्साहवर्धक प्रेरणाद्वारा नारीलाई आत्मविश्वास दिलाउने काम गर्‍यो। त्यसर्थ प्रत्येक क्षेत्रमा नारीले सहभागी हुनु, स्वनिर्णय लिनु, सार्वजनिक क्षेत्रमा प्रतिस्पर्धा गर्न अघि सर्नु, शिक्षा हासिल गर्ने र बौद्धिक विकास गर्ने स्वतन्त्रता पाउनुपर्छ भन्ने मत अघि सारेर पुरुषसमान नारी अधिकारको खोजी गर्ने दिशापट्टि आकर्षित गराएका छन्। नारीप्रति विभेदकारी सामाजिक मानसिकता भएको समाजमा शान्ति र उसकी साथी शैशवा भने नारी मुक्तिको निम्ति पुरुष समानताको वकालत गर्दछन्। नारी घरायसी कार्यमा सफल, निपुण छन् र नै पनि ती विवेकशील पनि छन्। तर सर्वगुण सम्पन्न भएर पनि ऊ सुविधा, सहुलियतबाट वञ्चित छ। नारीका निम्ति जीवन जीउने कला र शैली पुरुषभन्दा भिन्न हुनुपर्ने, आफू जन्मेको घरलाई माइती घरको नामले चिन्नुपर्ने, आफ्नो घरमा स्वतन्त्र रूपले जन्मेको, हुर्केको र आफूलाई विकसित गरेर सबै कार्यमा निपुण भए पनि घर छाडेर पराई घर जानु पर्ने अन्यायपूर्ण नियम पितृसत्ताले बनाएको हो भन्ने कुरा उपन्यासकी पात्र शैशवाले बुझेकी छ। यसैले शैशवा अग्रसर भएर पुरुषपक्षीय व्यवस्थाले बनाएको पक्षपाती परम्परालाई निर्मूल पार्नु पर्छ भन्दै नारी पुरुषमाझ समानता हुनुपर्छ भन्ने कुराको उठान गरेकी छ। अबका नारीहरू पुरुषसमान सक्षम, सबल, विवेकशील छन्। त्यसैले नारी पुरुषमाथि पूर्ण आश्रित नभएर पुरुषवर्चस्वलाई ऊर्जा नदिई नारी स्वयम् स्वनिर्भर भएर बाँच्नु पर्छ भन्ने भनाइ शैशवाको रहेको छ। प्रस्तुत उपन्यासका नारी पात्र शैशवा नारी-पुरुष समान हुन् भन्दै तर्क राख्छे। विभिन्न समयमा प्रतिपादन गरिएका नियमअनुसार नारी सदैव उपेक्षित, तिरस्कृत बन्नुपर्ने र पुरुष सदैव शासन चलाएर बस्न पाउने जुन विभेद छ सो

नियम स्वास्नीमान्छेमाथि रचेका षड्यन्त्र मात्र हो भन्ने कुरामा ऊ सचेत छ। त्यसर्थ ऊ यस्तो एकपक्षीय नियमविरुद्ध विद्रोही बन्दै भन्छे- "तिमीहरू पो बरू पढ्, सुबानी होउ, अनि हामीलाई मन परे हामी रोजी- रोजी माग्न आउँला।"[११] नारीका गुण, दक्षता, निपुणता आदिलाई विवाहको निम्ति नारीको योग्यताका मानदण्ड तयार गर्ने काम पुरुषवर्चश्ववादी समाजले गरेको छ। पुरुषका निम्ति नारीले आफूलाई अघिबाटै तयार पार्नुपर्ने प्रचलन समाजमा विद्यमान छ। सोहीअनुरूप नारीलाई घरेलु कार्यमा पनि तालिम दिइने चलन अद्यावधि जीवित छ।

नारीलाई सुबानी, सुशील, संस्कारी, लक्षिणकी जस्ता गुणयुक्त अलङ्कारले सजिनु बाध्य बनाइन्छन्। सामाजिक नियम र परम्पराबाट पुरुष मुक्त रहनुका कारण केवल ऊ पुरुष हुनाले मात्र हो। नारीले पीडित हुँदै आउनु परेको मुख्य जड् लैङ्गिक विभेदका कारणले हो र यस्तै विभेदपूर्ण अन्याय र एकपक्षीय व्यवस्थाको अन्त गर्न शैशवाको विद्रोही स्वर उर्लेको छ। नारी शिक्षित भएर लैङ्गिक समानताका हकदार हुनु, स्वावलम्बी हुनुपर्छ भन्ने शैशवाको अभिव्यक्तिले उसलाई उल्स्टनक्राफ्टको विचार समान भएकी उदार नारीवादीको रूपमा उभ्याइएको छ।

समाजमा स्थापित विभेदकारी व्यवहारको विरुद्ध शैशवाको "आमा बाबुको त्यो बासी परम्परा, फुड पोइजन हुने, बासी भात जस्तै फालिदिउँ नालीमा!"[१२] जस्ता मन्तव्यले उपन्यासमा नारी-पुरुष समान हुन् र पुरुष बराबर नारीले पनि समान अधिकार पाउनुपर्छ भन्ने अभिव्यक्ति प्रकट भएको छ। नारी पुरुषसमान सामाजिक हक अधिकारको भागेदार बन्न नारी शिक्षा अनिवार्य हुनुपर्छ भन्ने उदार नारीवादको सैद्धान्तिक अडानका आधारमा लेखकले शैशवालाई प्रतिनिधि चरित्रका रूपमा खडा गरेकी छन्। पुरुषशोषणबाट नारीलाई

---

११ पूर्ववत्, पृ. १३।

१२ पूर्ववत्।

मुक्ति दिलाउनु र आफ्ना अधिकारप्रति सचेत गराउनु जस्ता उद्देश्यपूर्तिका लागि लेखकले शैशवालाई प्रस्तुत गरेकी छन्। पुरुषपक्षीय सामाजिक संरचनाको अन्त गरी समानतावादी समाजको निर्माण गर्नु उपन्यासकारको निहित उद्देश्य रहेको छ।

"कलकत्तामा इञ्जिनियरिङ पढ्ने युवकले उसलाई अग्घोर मन पराएको, आमा पापाले पनि रुचाएको तर शैशवाको उप्रति रुचि नभएको कुरा बताई!"[१३] बाट आफ्नो रूचि र चाहनामा शैशवा दृढ छ। यस प्रसङ्गबाट उदार नारीवादले उठाएका आफ्नो जीवनको निर्णय नारी आफैले लिन पाउनुपर्छ भन्ने कुरालाई व्यावहारिक रूपमा रुपान्तरण गर्न शैशवा प्रतिबद्ध देखिन्छ। नारीलाई निर्बल, अबला र असक्षम ठान्ने मानसिकताका विपरीत नारी कुनै पक्षमा पनि कमजोर छैनन् भन्ने अडानका साथ उभिएकी नारी चरित्र हो शैशवा। आमा बाबुले रोजेको वरलाई अस्वीकार गर्ने साहस राख्छे। आफ्नो जीवनको महत्त्वपूर्ण पक्षको निर्णय र चयनको अधिकारबाट वञ्चित गराउने पुरुषवादी प्रचलनको ठाडो उलङ्घन शैशवाले गरेकी छ। पुरुषसमान अधिकार नारीले पाउनु पर्छ भन्ने पक्षमा खडा भएर उदार नारीवादी अवधारणाको समर्थनमा रहेकी शैशवाको चरित्र स्वतन्त्र जीवन व्यतित गर्न पाउनुपर्छ भन्ने अडानमा टिकेको छ ।

इन्द्रबहादुर राई भन्छन्- "नायिका शान्ति प्राध्यापिका छिन्, वैयक्तिक नापोमा कुनै पनि पुरुषको बराबर। "[१४] **भोलिको प्रतीक्षा**-का नारी शान्तिलगायत शैशवा, प्रतिभा सबै नै शिक्षित र पुरुषसमान अधिकार प्राप्त गर्नका निम्ति सङ्घर्षशील नारी छन्। शान्ति र प्रतिभा दुवै पेसागत रूपमा प्राध्यापिका हुन्। शैशवा विमान परिचारिका बनेर पुरुषसमान बौद्धिक र शारीरिक क्षमता भएका नारीका रूपमा प्रस्तुत भएकी छ। नारीप्रति पुरुषप्रभुत्वशाली समाजको जुन अवधारणा छ त्यसलाई भत्काएर नारीपुरुष समानतावादी समाजको निर्माण

१३ पूर्ववत्, पृ. १४।

१४ पूर्ववत्, पृ. ङ।

गर्नमा नारी स्वयम् आफ्नो हक, अधिकारलाई खोज्न सक्षम बन्नुपर्छ भन्ने कुराको सन्देश शान्तिले दिएकी छ।

नारीको भूमिकालाई नगण्य ठानेर नारीभन्दा पुरुषवर्गलाई उच्च ठान्ने पुरुषप्रमुखतावादी सोचलाई भत्काउन **मध्यान्तर** उपन्यासकी पूर्णिशा सक्षम बनेकी छ। ऊ कुनै पनि पक्षमा नारीलाई पुरुषभन्दा निम्न स्तरकी ठान्न अस्वीकार गर्छे। त्यसर्थ पुरुषसमान आफ्नो सबलता र सक्षमतालाई प्रमाणित गर्न आफ्नो पति रामलाई पत्रद्वारा चुनौति दिन्छे-"म पनि तिमी जस्तै मर्यादित भई बाँच्नसक्छु निःसन्देह तिम्रो पुरुषत्व, वैभव सम्पदाभन्दा उच्चत्तर श्रेयस्कार बौद्धिक, मानवीय शिखरलाई छोएर "[१५] पुरुषप्रमुखतावादी समाजमा पुरुष सदैव आफूलाई नारीभन्दा उच्च हूँ भन्ने ठान्दछ। पुरुषको षड्यन्त्रपूर्ण उच्चताभाषको भ्रमलाई सचेत नारीहरू अस्वीकार गर्दछन्। पूर्णिशा कुनै पनि पक्षमा आफूलाई पुरुषभन्दा दोस्रो दर्जाकी ठान्दिन। यसरी आफूलाई पुरुषसमान ठान्ने नारी **मध्यान्तर** उपन्यासकी पूर्णिशा हो। पुरुष अहम्ले ग्रस्त पुरुषलाई नारी स्वत्व, सक्षमता र चाहनाको महत्त्व बुझाउँदै नारी पुरुष समानताको निम्ति प्रश्न यसरी गर्छे-"मलाई चाहिएको हो अन्योन्याश्रित कञ्चन प्रेम, नारी सत्ताको उचित कदर, उसको साथ र योगदानको सम्मान! यति दिनसक्नु तिम्रो मर्दकामी मनले नवरूपमा उघ्रने घृष्टता गर्न सक्ला के? सोध आफैलाई, सोच नयाँ युगको तराजुमा तौलेर आफैलाई। "[१६] पूर्णिशाको चेताउनीले रामलाई नारीको मूल्य र महत्त्व विषयमा सोच्न बाध्य बनाएको छ। यसका साथै समाजमा भएका अनि हुँदै आएका नारी दमनमाथि पनि चिन्तन गर्न अभिप्रेरित गरेको छ। पुरुष दम्भका रूपमा मर्दानगीलाई समेत ललकारेर नारी पुरुष दुवै एकै हुन् त्यसैले समानतावादी नयाँ

---

१५ पुष्प राई, सन् २००७, **मध्यान्तर**, दार्जीलिङ, तारालाल राई, पृ. ७।

१६ पूर्ववत्, पृ. ९।

समाजको निर्माणका निम्ति दुवैको उत्तिकै महत्त्व र मान्यता हुनुपर्छ भन्ने सकारात्मक मार्ग देखाउने काम पनि गरेको छ छ।

नारी र पुरुष समान हुन् भन्ने कुरामा विश्वस्त **मध्यान्तर**-की पूर्णिशा पतिद्वारा आफूलाई दासीको व्यवहार गर्ने र पत्नीलाई यौनपूर्ति गर्ने साधनमात्र ठान्ने पति रामलाई पत्रद्वारा लेख्छे- "स्त्री-पुरुष, पति-पत्नी, यौनाचारको परिपूरक, एकतर्फी छात्रछायाँको साम्राज्य, के यो नै हो वैवाहिक सूत्र?"[१७] पति शासक र पत्नी शोषितको रूपमा रहँदै आएको पति-पत्नीको सम्बन्धलाई नकार्दै पूर्णिशा वैवाहिक सम्बन्धबारे भन्छे-"परस्पर सत्ताको कदरमा खुलस्त निष्कपट निकटता, वैचारिक सन्धि, दुईको मिलीजुली अभिरुचिमा घर-गृहस्थी आबाद रहनु। दुवै पक्षको सन्तुलनमा खुसीको घाम लाग्नु, हराउनु तर फेरि लाग्नु। खुसी पनि साझा होस्, दु:ख पनि साझा होस्। "[१८] पूर्णिशाको यस कथनले उसले नारी पुरुषमाझ समानताको खोजी गरेको कुरा स्पष्ट रहेको छ। लैङ्गिक आधारमा नारी-पुरुषमाझ रहेको भिन्नताको अन्त गर्नु नै पूर्णिशाको केन्द्रिय स्वर रहेको पाइन्छ। यसरी पुरुषवादी समाजमा पत्नीलाई पतिको नियन्त्रण र इच्छाअनुसार जीवन बाच्न बाध्य गराउने परम्परालाई नकार्दै विभेदहीन समाज निर्माणको आवश्यकताको बोध पूर्णिशाले गरेकी छ। पूर्णिशाको माध्यमद्वारा सम्पूर्ण विवाहिता नारीले पतिको कठपुतली बन्नबाट जोगिएर त्यसका विरुद्ध आवाज उठाउने सन्देश दिएको छ। पुष्प राईका **भोलिको प्रतीक्षा** र **मध्यान्तर** दुवै उपन्यासमा शान्ति, शैशवा र पूर्णिशा प्रभृति नारीहरूले पुरुषसमान अधिकार पाउनु पर्छ भन्ने

१७ पूर्ववत्, पृ. ७१।
१८ पूर्ववत्, पृ. ९।

पक्षमा तर्कसम्मत संवाद र क्रान्तिकारी स्वरद्वारा परम्परागत रूढि र पूर्वाग्रहग्रसित सोचको विरोधमा आ-आफ्नो आवाज सशक्त बनाएका छन् ।

## ४.३.३ नारी स्वनिर्भरता, स्वतन्त्रताको अभिव्यक्ति र स्वत्वको खोजी

नारी र पुरुषका क्रियाकलाप र भूमिकालाई लैङ्गिक भेदका कारण अलग अलग रूपमा छुट्याइएका छन्। तर नारी पुरुष दुवै समान भएकाले नारीले पनि आफ्ना हक र अधिकार पुरुष बराबर नै पाउनुपर्छ। अधिकार पाएर नारी आफै स्वनिर्भर हुनपर्छ भन्ने कुरामा नारीवादी चिन्तकहरूले जोड दिएका छन्। नारी स्वनिर्भर भए मात्र स्वतन्त्रता प्राप्त गर्न सक्छन् अनि नारी स्वत्वको खोजी सम्भव देखिन्छ। नारी स्वनिर्भरता, स्वतन्त्रता र स्वत्वको खोजी नै वास्तवमा पुरुषवादी समाजबाट नारीले मुक्ति पाउने मुख्य मार्ग हो भन्ने तर्क नारीवादी लेखकहरूको रहेको पाइन्छ।

"त्यसैले पुरूष नै मानव हो र नारीलाई पुरूषले आफू जस्तै मानवका रूपमा होइन तर आफूसित सम्बन्धित वस्तुका रूपमा परिभाषित गर्ने गरेको छ। नारीलाई स्वतन्त्र सत्ताका रूपमा पुरूषले कहिल्यै पनि स्वीकार गरेन।"[१९] यसरी पुरुषपक्षीय दृष्टिकोणका कारण पुरुष व्यवस्थाद्वारा प्रताडित भएको अनुभव गर्दै नारी सचेत बन्दै आएका हुन्। नारीलाई पुरुषभन्दा हेय दृष्टिले हेर्ने, व्यवहार गर्ने कुरादेखि नारीवादीहरू असन्तुष्ट देखिन्छन्। साहित्यमा पनि पुरुषको सन्दर्भ मात्र चिनाइने गरिएकाले नारी स्वतन्त्रताको खोजीमा निरन्तर नारी आवाज उठ्न थालेका हुन्। यसरी नारीलाई असक्षम ठान्ने पुरुषवादी सामाजिक दृष्टिकोणको विरोधमा सिमोन दि बुआले "ऊ पुरुषद्वारा आरोपित निष्क्रियताको विरोध कर्मठतासँग गर्दछ,

---

१९ एच. एम. पार्सले (अनु.) सन् १९४९, **दि सेकेन्ड सेक्स**, ग्रेट ब्रिटेन, जोनाथान केप, पृ. १६।

काम गर्न सक्दछ र ठुलोभन्दा ठुलो निर्णय लिन सक्दछ"[२०] भन्ने विचार राखेकी छन्। बुआको विचार जस्तै **मध्यान्तर** उपन्यासकी पूर्णिशा नारीको सक्रियता र सक्षमतालाई नारीको आत्मशक्ति हो भन्ने आत्मविश्वास दिलाउदै "बाँच्नलाई आत्मविश्वास, आत्म-सम्मान, आत्मनिर्भरता महत्त्वपूर्ण कुज्जी हो। आइमाईमा आत्मनिर्भरताको प्रवृत्ति अन्तर्निहित छ"[२१] भनेर नारी स्वयम् स्वनिर्भर बन्न सक्षम रहेको घोषणा गर्छिन्। यसरी आफूलाई स्वतन्त्र बनाउन चाहने नारी **भोलिको प्रतीक्षा**-की शान्ति यसरी प्रकट गर्छ- "ती आपस्तमा जेलिएका गाँठाहरू, संसार र समाजले साझा सकारेको त्यस हाँकलाई एक एक गरी फोएर म निर्धक्क जुध्न समर्थ भएकी छु। "[२२] समाजले देखाउने मर्दानगीको हाँकलाई एक्ली शान्तिले चुनौति दिने सक्षमता देखाएकी छ। यसैमा शान्तिलाई आत्मसन्तुष्टि प्राप्त भएको छ। भविष्यमा कुनै पनि नारी पुरुषको अत्याचारका विरोधमा सहजै उठ्ने छन् भन्ने कुरोमा ऊ विश्वस्त छ। पुरुषवादी समाजले नारीमाथि थोपरिदिएका नारीलाई कज्याउने विवशतालाई शान्ति अस्वीकार गर्दर्छ। नारीलाई यातना दिने पुरुषपक्षीय समाजले बनाएका विभिन्न विश्वास र परम्पराको पीडादायी अनुभव पुरुषप्रमुखतावादी समाजलाई नै अनुभूत गर्न लगाएकी कुरा शान्ति यसरी भन्छे-"मेरा विवशताका त्यान्द्राहरू समाजकै कालो अनुहारमा कसरी फिर्ता फयाँक्न सकें, आज सचेततामा विह्वल छु!। "[२३] नारीमूल्य र मान्यताप्रति शान्ति सचेत भएकी हुनाले ऊ पुरुषवर्चस्ववादी समाजको एकपक्षीय नियमबाट स्वतन्त्र बन्न सकेकी छ। समस्त नारीवर्ग शान्ति जस्तै नारी अस्मिताको निम्ति सङ्घर्षमा उत्रन सके नारी पनि पुरुषसमान स्वतन्त्र बन्न सक्छन् भन्ने सङ्केत उपन्यासले दिएको छ।

---

२० रमेश सुनुवार (अनु.), सन् २००३, **महिला**, काठमाडौं, प्रगति पुस्तक सदन, पृ. ३८३।

२१ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. १।

२२ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ६८।

२३ पूर्ववत्, पृ. १।

सिमोन दि बुआ लेख्छिन्- "आफ्नो अस्तित्वलाई स्थापित गर्न चाहने व्यक्तिले आफ्ना प्राप्त परिस्थितिहरूबाट पर गएर स्वतन्त्र परियोजनाहरूमा प्रतिबद्ध भएर नै आफूलाई पुनः फिर्ता पाउन सक्दछ। महिला पनि अन्य मानव प्राणीहरू सरह एक स्वतन्त्र एवं स्वायत्त जीव हो।"[२४] यस्तै प्रकारले **मध्यान्तर**-की पूर्णिशा नारीलाई स्वायत्त जीव ठान्दछे। पूर्णिशा नारी अस्तित्व र स्वतन्त्रताको निम्ति पतिको विरुद्ध खडा भएकी छ। नारीलाई पुरूषाश्रित एवम् नियन्त्रित, परजीवी प्राणीको रूपमा गणना गरी अन्यायपूर्ण दृष्टिकोण राख्ने समाजविरुद्ध निर्भयतासित पूर्णिशा उभिएकी छ। उसले नारी स्वायत्त प्राणी भएकाले ऊ स्वनिर्भर एवम् स्वतन्त्र जीवन बाँच्न सक्षम छ भन्ने आवाज उठाएकी छ। नारी स्वतन्त्रताका निम्ति उसका क्रान्तिकारी विचारहरू उपन्यासमा पाइन्छन्। "सोच्दछु अहिले नारी-जीवनमा यत्रतत्र मडराइरहने कालो मेघाच्छादित अध्यायको निपात नै हो नारी स्वयम्को जागृति, आत्मविश्वास, आत्म-गौरव र पुरुष व्यभिचारविरुद्ध क्रान्ति, आफ्नो खुट्टामा उभिनसक्ने भएर, एक्ली पनि बाँच्न सक्ने भएर।"[२५] पुरुषवर्चस्ववादी सामाजिक व्यवस्थामा नारीको स्वत्वलाई अवमूल्यन गर्ने कपटपूर्ण संस्कारप्रति पूर्णिशाको आक्रोश देखिन्छ। त्यसैले उसको दृढ सङ्कल्प नै नारी अस्मिता र स्वत्वलाई स्थापित गराउनु रहेको छ।

शिक्षित नारी पुरुषको ओझेलमा परेर बाँच्न सक्दैनन् भन्ने पूर्णिशाले नारी स्वतन्त्रताको प्रमुख हतियार शिक्षा हो भन्ने सत्य नारी समाजलाई बुझाउने प्रयास गरेकी छ।

> **नारीवादी कार्यसूचीको एक मात्र महत्त्वपूर्ण अंशका रूपमा विवेचनात्मक चिन्तनभित्र सही शिक्षा, सही प्रशिक्षण पर्दछ भन्ने कुरोमा उल्स्टोनक्राफ्टको विश्वास छ। उनले यसबाट दोहोरो लाभ प्राप्त हुने अनुमान गरेकी छन्।**

---

२४ रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ११।

२५ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ८०।

**प्रथमतः यसले नारीलाई आफ्नो परिस्थितिका विषयमा सही अनि समझदारीपूर्ण रूपमा बुझ्ने योग्यको बनाउने छ, जसद्वारा नारी आफ्नो सोझोपन अनि आफ्नो आत्महीतलाई भुलेर यौनकर्मी जस्तो दासपूर्ण जीवन जिउन बाध्य हुनबाट जोगिन सक्नेछन्। द्वितीयतः विवेचनात्मक चिन्तनका लागि नारी शक्तिको विकासद्वारा नारी स्वत्वको विकास हुने हुँदा नारी अस्मिताका लागि उनीहरू जागरूक हुन आवश्यक छ।** [२६]

मेरी उल्स्टोनक्राफ्टको उपर्युक्त विचार र उपन्यासकी पात्र पूर्णिशाको ओजस्वी चरित्र अनि तर्कपूर्ण वकालतमा समानता रहेको देखिन्छ। ऊ शिक्षित भएकै कारण उसले रामबाट आफूप्रति भइरहेका अन्यायलाई अनुभूत गर्न सकेकी छ। आफूले पतिद्वारा प्रताडित बन्न परेको बाध्यतालाई बौद्धिक रूपमा सोच्न सक्षम रहनु नै ऊ पनि आङ्शिक शारीरिक भिन्नता बाहेक बौद्धिक रूपमा नारी पुरुष समान हुन् भन्ने कुराको समर्थनमा जुटेकी छ । शिक्षित भएकै कारण पुरुष अहङ्कारले ग्रस्त पति रामलाई आफ्नो जीवनमा पतिको रूपमा पुन: स्वीकार गर्न नसक्ने कुरा ऊ यसरी राख्छे- "तिम्रो पुरुष हुनुको बडप्पनलाई पढे-लेखेकी नारी मैले तिम्रो अवाञ्छनीय सङ्केतमा शिरोपर धारण गरूँ? आफ्नै आत्मदाहको विदीर्ण उत्सव मनाउन सकुँला र??"[२७] यसरी शिक्षित नारीले पुरुष अहङ्कार र वर्चस्वलाई कायम राख्न चाहने पुरुषलाई आत्मस्वीकृति गर्न नसकेकी स्पष्ट भएको छ। शिक्षाले पूर्णिशामा नारी अस्मिताप्रति सोच्ने क्षमताको विकास र आत्मबलमा वृद्धि गरेको पाइन्छ। त्यसर्थ शिक्षाले नै पुरुषको दमनीय दुर्व्यवहारबाट पूर्णिशालाई स्वतन्त्र बनाएको देखिन्छ। यो पूर्णिशाले उठाएको नारी स्वतन्त्रताको पहिलो आवाज हो। त्यसैले यस आवाजको एउटा अर्कै

---

२६ जोस्पाइन डोनोवन, सन् २०१२, **फेमिनिस्ट थिअरी दि इन्टलेक्चुअल ट्रेडिसन्**, लन्डन, कन्टम् इन्टरनेसनल पब्लिसिङ ग्रुप, पृ. ७।

२७ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ९ ।

ऐतिहासिक महत्त्व रहेको पाइन्छ। यस स्वरले अवश्य पनि सामाजिक पूर्वाग्रहलाई तोड्ने शक्ति राख्तछ भन्ने कुरा उपन्यासले उठाएको नयाँ सङ्केत पनि हो।

पूर्णिशा नारी अस्तित्वप्रति सचेत भएका कारण नारी स्वत्वको आवाजलाई व्यावहारिक रूपमा उतार्न प्रतिबद्ध छ। "पितृसत्तात्मक समाज सुरु भएपछि पुरुषको तुलनामा नारीलाई दोस्रो दर्जामा बस्न बाध्य बनाइएको कुरा"[२८] सिमोन दि बुआले उठाएकी छन्। यसको तात्पर्य लैङ्गिक विभेद प्राकृतिक नभएर सामाजिक निर्माण हो भन्ने बुझिन्छ लैङ्गिक अवधारणा प्राकृतिक हुने भएका भए यसमा कुनै परिवर्तन देखिन असम्भव रहने थियो। तर लैङ्गिक अवधारणा सामाजिक निर्माण भएका हुनाले नै समय र परिस्थिति सँगसँगै लैङ्गिकताको अवधारणालाई भञ्जन गर्दै नारी स्वत्वको खोजीमा नारीहरू सक्रिय भएका पाइन्छन्। पूर्णिशा पनि नारी सत्तालाई खोज्ने सक्रिय नारी चरित्र हो। ऊ भन्छे-"अब नारी आफैले आफ्नो स्वकीय सत्तालाई ज्वलन्त राखी आफ्नो स्वत्व पुरुष बराबरीको आयाम थप्नु पर्नेछ। सभ्यताको गतिमा अनि नारी-जीवनको कामदी परिलक्षित छ। "[२९] यसरी नारी स्वत्वको खोजी गरेर कुनै पनि पक्षमा नारीभन्दा पुरुष उच्च नभएको कुरा बुझाउन चाहेकी छ। उदार नारीवादीहरूको विचारमा "विवाहले पुरुषको स्थितिलाई सबल, सशक्त र स्वतन्त्र बनाउँछ भने महिलाको स्थितिलाई निरीह, दुर्बल र सङ्कुचित दायरामा सीमित गर्दछ"। [३०] नारीलाई पुरुष समानताको अभियानमा सङ्लग्न हुन नदिने बाधकतत्त्व विवाह हो। पुरुष अहङ्कारले ग्रस्त पति रामबाट प्रताडित बनेकी **मध्यान्तर**-की पूर्णिशा पतिदेखि अलग बसेर नारी स्वत्वको खोजीमा लागेकी छ। यसैले पतिले क्षमा माग्दा पूर्णिशा-"क्षमा दिई-दिई म फेरि किन तिम्रो पुरुष हुनुको अत्याचार, घातको सिकार बनुँ। के ग्यारण्टी छ र तिम्रो अनुतापमा? के

२८ एच. एम. पार्सले (अनु.) सन् १९४९, पूर्ववत्, पृ. ९।

२९ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ९२ ।

३० भोजेन्द्र अर्याल, सन् २००२, **लैङ्गिक अध्ययन**, काठमाडौं, समाजशास्त्र प्रकाशन, पृ. ७६।

निश्चित छ र अहिलेको तिम्रो भावावेशको ज्वलनमा?? अँ मलाई महामानव हुनु भने छैन! बस् निज अस्तित्वको जगेरा गरिदिनुछ।"[३१] यहाँ पूर्णिशाले नारी अस्तित्व र स्वत्वको खोजीमा आफ्नो सम्पूर्ण जीवन समर्पण गर्ने दृढ सङ्कल्प लिएकी छ। राम जस्ता पुरुषलाई नारी विरोधी अत्याचारी पुरुष प्रतिनिधिको रूपमा लिएकी छ। यस्ता पुरुषको साथमा रहँदा नारी अस्तित्व सङ्कटमा रहेको तीतो अनुभव गरिसकेकी पूर्णिशाले पुरुषले नारीको स्वत्वको हनन गरेको कुरा बुझेकी छ। यसैले ऊ नारी स्वत्वलाई जोगाएर राख्न चाहन्छे। नारी अस्मितालाई संरक्षण गर्दै नारीले आत्मसम्मानका साथ बाँच्नु नै जीवनको सार्थकता ठान्दै भन्छे-"आफ्नै मर्जीले आत्मसम्मान साथ बाँच्नुमा नै क्षणिक यो जीवनको भोगाइमा सार्थकता छ होइन र?"[३२] पतिसँग पुन:सम्बन्ध राख्ने आग्रहलाई पूर्णिशाले यसरी तिरस्कार गर्नु पुरुष अहम्माथि गरिएको प्रतिकार हो। उसले प्रतिकार गर्ने साहसको स्रोत भने नारी स्वत्वप्रतिको सचेतता हो। नारी स्वत्वलाई जोगाउनको निम्ति नारी अस्मितामा आँचसम्म आउन नदिने पूर्णिशा रामले आलिङ्गनबद्ध गर्ने प्रयास गर्दा भन्छे-" आफ्नो नारीत्व अक्षुण्ण राख्ने नारीले जुनै पनि अपवाद स्थितिमा चुनौति दिन सक्छे होइन?"[३३] यसरी भावुकता र आवेशमा विवश नभएर बौद्धिक तीक्ष्णताका कारण पूर्णिशाले नारी अस्तित्वलाई जोगाउन सक्षम बनेकी छ। नारीप्रति रामले दुर्व्यवहार गर्ने प्रयासलाई विफल पारेर पूर्णिशाले नारी स्वत्वलाई सुरक्षित राखेकी छ। अत: नारी स्वत्वप्रति सचेत भएकै कारण उसको स्वेच्छा, स्वनिर्णय र स्वीकृतिविना रामले विवाहपूर्व पूर्णिशाको शरीरसम्म स्पर्श गर्न सकेको छैन। यो नै नारी स्वत्वको खोजी हो।

---

३१ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ४ ।

३२ पूर्ववत्, पृ. ४ ।

३३ पूर्ववत्, पृ. ५९ ।

पुरुषले नारीलाई स्वत्वहीन ठान्ने र आफ्नो सत्ता प्राकृतिक रूपमा उच्च स्थानमा रहेको मान्ने भ्रमलाई तोड्दै नारी स्वयम् पनि नारी सत्ता र स्वत्व स्थापित गर्न सक्षम बनेको कुरालाई प्रमाणित गर्दै **मध्यान्तर**-की पूर्णिशा भन्छे- "तिमी जुन रूपले बलवान छौ, म त्यही रूपले सशक्त छु। जसरी तिमी तिम्रो सत्तालाई गरिमामय रूप दिनसक्छौ उस्तै म निज अस्मितालाई स्वतन्त्र, सबल गुरूत्व रूप दिनसक्छु। नारी भए पनि, गरिब भए पनि म मेरो सत्तालाई उत्साह प्रयासले!"[३४] आफूलाई गर्वित तुल्याउन सक्छु भन्ने उसको गुरूत्व यथार्थका उच्चताभास दिलाउन सक्षम रहेको छ। लैङ्गिक आधारमा नारीत्व गुण भिन्न हुन्छ भन्दै पुरुषभन्दा नारीलाई कमजोर, असक्षम ठान्ने पुरुषवादी समाजलाई नारी र पुरुषमा कुनै प्राकृतिक भिन्नता छैन भन्दै पूर्णिशा देखा परेकी छ। त्यसर्थ पुरुषसमान नारी स्वत्वलाई स्थापित गर्ने साहसी नारी बनेर पुरुष सत्तालाई पूर्णिशाले चुनौति दिएकी छ।

शिक्षाले मानिसलाई मानवीय मूल्य बुझ्न सहयोग गर्दछ। उपन्यासकी नारी चरित्र पूर्णिशा एउटी शिक्षित नारी भएकै कारण नारी स्वत्वको महत्त्वलाई बुझेकी हुनाले उसले आफ्नो स्वत्व हराउँदै गएको बोध सहजै गर्न सक्छे। यसरी पतिको प्रतिछायाँ बनेर जिउन बाध्य बनाइएकी **मध्यान्तर**-की पूर्णिशाले विवाह भएको केही दिनमा स्वत्वलोप हुँदै गएको बोध गर्न सकेकी कुरा उसैबाट नै मुखरित भएको छ-"तिम्रो प्रभुत्वबहुल सन्धिलाई शिरोधार्य गरी म मात्र तिम्रो छायाँ हुनपऱ्यो। त्यहाँ चाहेको समतरंगको उतार-चढाव, आवेग-संवेग थिएन न नै थियो त्यहाँ स्व हुनुको गरिमामय आनन्द। "[३५] यसरी स्व हुनुको अनुभव गर्न सकेकी तर स्वत्व हराउँदै गएकी पूर्णिशालाई उसको जीवन निरर्थक लाग्न थालेको छ।

---

३४ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ७।

३५ पूर्ववत्, पृ. ७१।

उसले आफ्नो जीवनलाई निरर्थक ठान्नु नै उसको अन्त:स्तहमा भएको स्वत्वको खोजी गरेकी हुनाले हो।

**भोलिको प्रतीक्षा** -मा शैशवाको विचार पनि यस्तै रहेको छ- "होइन शान्ति! हामीले यत्रो पढेपछि विवाह नै किन गर्ने? आफूखुशी काम गर्ने, आफ्नो कमाइमा रजाइँ गर्ने, आफूलाई जन्माउने, हुर्काउने, उभ्याउने आमा-बाबुलाई हेर्ने!"[३६] भनेर शैशवाले आफ्नो स्वत्व र स्वतन्त्रतालाई उदात्त दृष्टिकोणले हेरेकी छ। पुरुषवादी समाजले शिक्षित नारीको सक्षमतालाई पौरुषेय वर्चस्वका साहयक माध्यम मात्र बनाउने पुरानो विचार र परम्परालाई शैशवा तोड्न चाहन्छे। ऊ नारी जाति स्वनिर्भर भएको र स्वेच्छाले जीवन जिउन सक्षम भएको चाहन्छे। आफू पनि स्वनिर्भर बनेपछि शैशवामा स्वतन्त्र बन्न सक्ने साहस आएको छ। यही साहसिकताको कारण नारी स्वत्वप्रति सचेत पनि देखिएकी छ। यसरी नारीले स्वनिर्भर बनेर स्वतन्त्र जीवन जिउने युगको थालनी शैशवाबाट भएको छ। उपन्यासमा शान्ति, शैशवा र प्रतिभा जस्ता शिक्षित नारी पात्र मात्र स्वनिर्भर नबनेर इन्दुमति जस्ता अशिक्षित नारीलाई पनि दैनिक समस्यासँग जुधाएर सङ्घर्ष गर्ने नारीको रूपमा खडा गरिएको छ। यसरी उपन्यासकार पुष्प राईले समाजमा नारी जागरण गराएर नारीहरूलाई उत्साह र प्रेरणा दिने प्रयास गरेकी छन्। अशिक्षित नारी पनि आर्थिक समस्या निवारणका निम्ति कसैमाथि आश्रित नबनेर आफै समस्या निवारण गरी स्वनिर्भर बनेको उदाहरण उपन्यासको निम्नलिखित प्रसङ्गबाट बुझ्न सकिन्छ -"विधवा इन्दुमति, दुइ वयस्क नानीहरूकी आमा! आजको महङ्गी बेसहामा विधवा अशिक्षिता इन्दुमतिलाई काम र मामकै समस्याले घरधन्धाको नौकरी गर्न बाध्य बनायो। "[३७] विभिन्न समस्या र चुनौतिसँग सङ्घर्ष गर्दै भए पनि उसले आफ्नो जीविका स्वयम् धान्न सकेकी कुरा यस उदाहरणले प्रष्ट पारेको छ। त्यसैले

३६ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. १२-१३।

३७ पूर्ववत्, पृ. ३०।

परम्परित धाराका उपन्यासका नारी जस्तो इन्दुमति दयाको पात्र बनेर पराश्रित बनेकी छैन। ऊ स्वनिर्भर बनेर आफ्नो परिवारको जीवन चलाउन सक्षम बनेकीले समस्त नारी स्वनिर्भर बन्न आवश्यक रहेको सन्देश उपन्यासमा इन्दुमतिको उदाहरणीय प्रस्तुतिले दिएको छ।

## ४.३.४ पितृसत्तात्मक सामाजिक व्यवस्थाको चित्रण

नारी जातिका विकासका लागि पितृसत्तात्मक व्यवस्था नकारात्मक देखिन्छ। नारीवर्गलाई पराश्रित जीवन बाँच्न बाध्य बनाउनमा पितृसत्ताले सुरुदेखि नै षड्यन्त्र गरेको कुरा फेडरिक एङ्गेल्सले **परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति**-मा यसरी उल्लेख गरेका छन् -"पतिले घरमा शासनको बागडोर आफ्नो हातमा लियो, पत्नी अधिकारच्यूत भइन्, दासी बनिन्, पतिको वासनापूर्ति गर्ने साधन बनिन, सन्तान उत्पन्न गर्ने सामान्य यन्त्रमा परिणत भइन्"।[३८] यस कथनले नारीको दुर्गति र दुर्नियतिको लेखाजोखा गर्न सकिन्छ। यसको दोषी पति अर्थात् पुरुष हो भन्ने कुरा प्रष्ट हुन्छ। नारीलाई प्रत्येक अधिकारबाट वञ्चित गराउने पितृसत्ताले नारीलाई मानवसमूहमा गन्नसमेत हिचकिचाएको पाइन्छ। नारीको उपस्थितिलाई अति सामान्य ठान्दै मानववेत्तर प्राणी र वस्तुसरह मात्र ठानेको पाइन्छ।

पुरुषलाई प्रत्येक कुरामा छुट दिने पितृसत्तात्मक व्यवस्थामा पुरुषको सम्पत्ति मात्र ठानिएका नारीबारे बुआको विचारमा आफ्नी छोरीलाई जहाँ र जोसुकैसँग विवाह गरिदिने अधिकार बाबुलाई थियो, किनभने गाई-बाच्छा र दास जस्तै स्त्री पनि पुरुषका निम्ति निर्जीव सम्पत्ति थिई। तर पुरुषका लागि भने बहु-विवाहको छुट थियो।[३९] यस कथनले पनि नारीको नियति र दुर्गतिलाई औंल्याइएको पाइन्छ। यसप्रकार नारीका यस्तो दयनीय

---

३८ राजेन्द्र मास्के, (अनु.), सन्. १९९९, **परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति**, काठमाडौं, प्रगति प्रकाशन, पृ. ६९।

३९ रमेश सुनुवार(अनु.), सन् २००३, पूर्ववत्, पृ. ४१।

अवस्थाले नारी जीवन पीडादायी बनेको बुझिन्छ। पितृसत्ताको एकपाटे नियमले नारी र पुरुषका निम्ति भिन्न भिन्नै नियम, विधि-विधानको निर्माण गरेको पाइन्छ। सम्पूर्ण नियम पुरुषपक्षीय भएको हुनाले पितृसत्ताको यही विडम्बनालाई पुष्प राईले पनि आफ्नो उपन्यासमा उल्लेख गरेर यतिञ्जेल पनि पितृसत्तात्मक हैकमको पञ्जाबाट कसरी नारीहरू उत्पीडित बनेका छन् भन्ने कुरा सचेततापूर्वक उल्लेख गरेकी छन्। "समाजले स्त्रीलाई कुनै सुरक्षा दिएन। पुरुष उससँग मनमानी व्यवहार गर्न स्वतन्त्र थियो। अर्कोतिर महिलामाथि कडा प्रतिबन्ध लागू गरियो। पतिव्रता धर्म उसको पहिलो धर्म थियो।"[४०] पितृसत्तात्मक समाजका यस्ता अन्यायपूर्ण व्यवस्थाको कारण नारी प्रताडित जीवन जिउन बाध्य बनेका छन्। शिक्षित-अशिक्षित, उच्च-निम्न पदमा कार्यरत सबै वर्गका नारी पितृसत्तात्मक शोषणको अधीनमा कष्टदायक जीवन बिताउन बाध्य बनेका छन्। यही मूल समस्याहरूलाई पुष्प राई **भोलिको प्रतीक्षा** र **मध्यान्तर**मा उजागर गरेकी छन्। पितृसत्तात्मक समाजमा "पर-स्त्रीगमन त पुरुषले नै गर्दछ, तर सजाय महिलाले भोग्दछ"[४१] भन्ने बुआको भनाइले प्रत्यक्ष अप्रत्यक्ष रूपमा पुष्प राईलाई प्रभावित पारेको छ। यस्तै अन्याय र यातनापूर्ण जीवन भोगाइ **भोलिको प्रतीक्षा**-की शान्ति र **मध्यान्तर**-की पूर्णिशाले बाँचेका छन्।

**भोलिको प्रतीक्षा** -मा शैलेन्द्र, शान्तिकी आमा (कर्म दिने), बाबु र **मध्यान्तर**-को रामले नारीप्रति गरेका व्यवहारहरू दमनकारी रहेका छन्। **भोलिको प्रतीक्षा** -को शैलेन्द्रले पत्नी गर्भवती बनाएको छ तापनि अर्कोतिर शान्तिसँगको कृत्रिम शारीरिक प्रेम सम्बन्ध स्थापना गरेको छ। फलतः शान्ति पनि गर्भधारण गर्न बाध्य बनेकी छ। यसरी नै **मध्यान्तर**-मा पनि रामले पूर्णिशालाई यौनवस्तुको रूपमा मात्र हेर्ने गरेकाले नारीप्रति पुरुषको

---

४० पूर्ववत्, पृ. ४२।

४१ पूर्ववत्, पृ. ४२।

दमनकारी प्रवृत्ति प्रबल रहेको पाइन्छ। यसरी पितृसत्तात्मक समाजले नारीप्रति गरेका कुत्सित कर्म र दुर्व्यवहार उपन्यासमा रहेका पाइन्छन्।

केट मिलेटले आफ्नो पुस्तक **सेक्सुअल पँलिटिक्स**-मा "इतिहासका सबै सभ्यता पितृसत्तात्मक रहेकाले नारी शोषित समूहमा परेका छन्"[४२] भन्ने कुरा उठाएकी छन्। यसैले पितृसत्तामा सम्पूर्ण सामाजिक सत्ता र शक्ति पुरुषको हातमा परेको छ। पितृसत्ताको आडमा पुरुष शोषक बनेका छन् र नारी उत्पीडित बनेका छन्। त्यसर्थ समाजमा नारीलाई पुरुषको सहयोगी अथवा सहायकको दर्जा मात्र प्राप्त भएको छ। सम्पूर्ण क्षेत्रमा पुरुष एकाधिकार प्रबल रहेकाले नारीको स्वामित्व कुनै पनि ठाउँमा रहेन। नारीका यस्ता नियति र दमित स्थितिले ल्याएको विसङ्गति नै पुष्प राईका उपन्यासका मूल समस्यामध्येका संवेदनशील समस्या हुन्। पितृसत्तात्मक सामाजिक मानसिकताले नारीलाई कुनै मूल्यमा पनि पुरुषसमान योग्य ठानेको पाइँदैन। यस्तै पुरुषवादी मानसिकताका कारण नारी पुरुषभन्दा भिन्न स्वभाव र भिन्न कार्यक्षेत्रसँग सम्बन्धित रहेका पाइन्छन्। नारीलाई दुर्बल, असक्षम ठान्ने पुरातनपन्थी विचारधारामा कुनै परिवर्तनका लक्षण देखा परेनन् त्यसैले नारीको महत्त्व पुरुषको भन्दा कम ठानिएको छ। सामाजिक संरचना पितृसत्तात्मक भएको हुनाले नारीले पनि आफूलाई पुरुषकै दृष्टिले हेर्ने गरेको प्रशस्त उदाहरण पाइन्छन्।

नारीले आफूलाई दोस्रो दर्जाको भनेर स्वीकार्नु नै हीनताबोधको सूचक हो। यसै हीनताबोधका कारण नारीलाई पुरुषका तुलनामा हेय दृष्टिले हेरिन्छ। यसरी पुरुष सँगसँगै नारीले पनि पुरुषलाई प्रथम श्रेणीमा र नारीलाई दोस्रो स्तरमा स्थापित गरेर हेर्ने मानसिकता पितृसत्तात्मक समाजले पढाएको पाठ कै परिणाम हो। यस्ता पाठलाई नारीले अन्धो बनेर

---

४२ विधुत भागवत्, सन् २००४, **फेमिनिस्ट सोसएल थट**, न्यूँ दिल्ली, रावत पब्लिकेसन्स, पृ. १७५-१७६।

घोकेको हुनाले पितृसत्ताको षड्यन्त्रलाई सफल बनाउने अभियान **भोलिको प्रतीक्षा** उपन्यासमा चित्रित भएको पाइन्छ। "पितृसत्ता एउटा संरचना हो जसमा पुरुषले महिलामाथि संस्थागत रूपमा नै दमन गरेको हुन्छ। यस आधारमा पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ। पितृसत्तालाई समाजमा यसरी संस्थागत गरिएको हुन्छ कि दमन गर्ने स्वयम्लाई बोध नहुन पनि सक्छ। "[४३]

यस्तै प्रकारले **भोलिको प्रतीक्षा**-मा शान्तिकी आमा पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएकी हुनाले तत्कालीन व्यवस्थाबाट पृथक रहन सकेकी छैन। यसैले ऊ पनि शान्तिलाई धर्मपुत्री बनाएकोमा पश्चताप गर्दै शान्तिका बदलीमा कुनै छोरो नानीलाई ग्रहण गरेको भए उचित हुने ठान्दै भन्छे- "बतासेलाई पाले-टालेर आखिर के पाउने हो र? बरू केटालाई कोख लिएको भए फलिफाप हुने थियो।"[४४] यहाँ उसले छोरोको महत्त्व छोरीको तुलनामा बढी ठानेकी छ। छोरो र छोरीमाझ ऊ ठुलो भिन्नता देख्छे। यो भिन्नता पितृसत्तात्मक समाजद्वारा कार्यक्षेत्रमा गरिएको विभाजनले घोकाएको पाठकै कारणले निर्माण भएको हो। छोरीको विवाहपछि उनीहरूको हेरचाह कसले गर्छ भन्ने भयले शान्तिकी आमा त्रसित छ। "यो लङ्गडीले के गर्न सक्छे र? घरको कामकाजमा धरि सीप पुऱ्याउन सक्तिन। पालेको चराले आँखा ठुङ्छ। बढेपछि सुइत्त पोइल जान्छे, हात लागे शून्ये। छोरो भए बुढेसकालमा तपाईंको कामधन्धा संभाल्छ नि।"[४५] आमाको यस कथनमा लैङ्गिकताका आधारबाहेक नारी र पुरुषमाझको भिन्नतालाई खुट्याउने अन्य कुनै प्राकृतिक, जीववैज्ञानिक आधार पाइँदैन। पुरुषका तुलनामा नारीलाई हेय दृष्टिले हेर्नु एउटा आधारहीन दृष्टिकोण हो। वास्तवमा नारीलाई नारीत्वको भिन्न भूमिकामा अभ्यास गराइनु भनेको एकप्रकारको छल हो। जो

---

४३ रमेशप्रसाद भट्टराई, सन् २०११, *लैङ्गिक समालोचना,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), **रत्न वृहत समालोचना सैद्धान्तिक खण्ड**, काठमाडौं, रत्न पुस्तक भण्डार, पृ. ३६६।

४४ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ३।

४५ पूर्ववत्, पृ. ३।

पितृसत्तात्मक सामाजिक व्यवस्थाको षड्यन्त्र हो। पुरुषद्वारा निर्मित पुरुषपक्षीय व्यवस्थाले नारीलाई बाल्यावस्थादेखि नै पाइलैपिच्छे अन्याय गर्दै ल्याएको प्रमाण प्रस्तुत उपन्यासमा शान्तिमाथि भएका व्यवहारले पनि प्रष्ट पार्दछ।

लैङ्गिक आधारमा पुरुष र नारीमाझ भिन्नता सिर्जना गर्नमा पितृसत्तात्मक सामाजिक व्यवस्था उत्तरदायी छ। नारीलाई बाल्यावस्थादेखि नै घरेलु कार्यमा अभ्यास गराउनु अनि पुरुषलाई सामाजिक क्रियाकलापमा सङ्लग्न गराउने तालिम दिने व्यवस्थाको निर्माण पितृसत्तात्मक समाजले गरेको हो। नारीलाई सानैदेखि घरमा कुँज्याएर राख्ने पितृसत्ताको षड्यन्त्रप्रति नारीवादीको विरोध छ। यसैले उदार नारीवादीका समर्थक यसको विरोधमा उठेका छन्। **भोलिको प्रतीक्षा** उपन्यासमा लैङ्गिक आधारमा शान्तिलाई सानैदेखि घरेलु कार्यमा अभ्यास गराएको उदाहरण शान्ति स्वयम्बाट यसरी अभिव्यक्त भएको छ- "यस्तै ८-९ वर्षकी थिएँ हुँली, बिहान पानीले आँगन बढार्नु, गमला-गमलाका फूलहरूमा पानी हाल्नु, घरपछाडि तारैतारले बारेर बनाएको फराकिलो खोरमा कुखुरालाई चारो दिनु, यी बाहेक घर बडार्नु, चामल केलाउनु, भाँडा माझ्नु पनि मेरो जिम्माको कार्य थियो!।"[४६] पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई मानसिक रूपमा यातना दिइरहेका हुन्छन् र शारीरिक एवम् मनोवैज्ञानिक रूपमा घरभित्रको कामधन्धामा तालिम दिइरहेका हुन्छन् भन्ने यथार्थलाई उपन्यासमा चित्रित गरिएको छ। शान्तिको बाबुको शान्तिप्रति सकारात्मक विचार भएको भए तापनि सम्पूर्ण रूपमा उसको दृष्टिकोण नारीपक्षीय नरहेको उदाहरण निम्नलिखित प्रसङ्गले दिएको छ- "सुन्यौ? शान्तिलाई केही नमीठो वचन नभन! तिमी आफैले नानी जन्माउन सकिनौ! यसलाई मैले छोरीझैं कोख लिंदा मलाई दोष दिन्छ्यौ। मेरो ठाउँमा अरू नै

४६ पूर्ववत्, पृ. ६।

लोग्नेमान्छे भएको भए सम्झ तिम्रो के अवस्था हुन्थ्यो? "[४७] उपन्यासमा कहीं पनि शान्तिकी आमाले नानी जन्माउन नसक्ने कारणको चिकित्सकीय परीक्षण गरिएको देखाइएको छैन। तर उसलाई नानी जन्माउन असक्षम रहेको आरोप उसकै पतिले लगाएको छ। अझ माथि उल्लिखित उदाहरणको अन्तिम वाक्यमा "मेरो ठाउँमा अरू नै लोग्नेमान्छे भएको भए सम्झ तिम्रो के अवस्था हुन्थ्यो?"[४८] भन्ने वाक्यले भने शान्तिकी बाबुले उसकी आमाप्रति देखाएको दयाले मात्र आमाले बाँच्न पाएकी हो भन्ने कुरा बुझाइएको छ। शान्तिको बाबुको शान्तिप्रतिको सकारात्मक सोच र शिष्ट व्यवहारका कारण उसको बाबु पितृसत्तात्मक समाजका अन्य पुरुष जस्तो अत्याचारी रहेको देखिएको छैन तर मनोवैज्ञानिक अथवा असचेत रूपमा भने उसमा पितृसत्तात्मक सोच रहेको कुरा माथि उल्लिखित उसैको अन्तिम वाक्यले प्रष्ट पारेको छ। पुरुषले चेतन मनले नारीलाई प्रगति गर्न प्रेरित गरे तापनि अचेतन मनमा रहेको पितृसत्तात्मक सामाजिक संस्कारले भने पुरुष दम्भलाई प्रोत्साहित गरिरहेको हुन्छ भन्ने प्रमाण शान्तिको बाबुद्वारा  पुष्टि हुन्छ। पितृसत्ताले पुरुषलाई मात्र प्रोत्साहित गर्दै शक्ति प्रदान गर्दछ भने नारीलाई निरूत्साहित, निरूपाय एवम् शक्तिहीन बनाइरहेको हुन्छ। यस संस्कारबाट पुरुष लाभान्वित छन् भने नारी उत्पीडित छन् भन्ने वर्णन उपन्यासमा पाइन्छ। नारी शारीरिक, यौनिक र मानसिक दमनका सिकार हुनुमा पनि पुरुषवादी मानसिकता उद्धत रहेको पाइन्छ। पितृसत्तात्मक समाजले नारीलाई पुरुषको कठपुतली बनाउन चाहन्छ। नारीको मातृत्वको उच्चतालाई बुझ्नै नसक्ने र पितृसत्तात्मक सोच बोकेको शैलेन्द्र शान्तिको गर्भमा हुर्कंदै गरेको नानीलाई गर्भपात गर्ने सुझाउ दिन्छ। ऊ आफू पितृसत्तात्मक विचारले ग्रस्त भएकाले नारी शरीर भोग्नु अनि गर्भवती भएपछि गर्भपात गराउनुलाई अति सामान्य

---

४७ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ९।

४८ पूर्ववत्, पृ. ९।

कुरा ठान्दछ त्यसपछि कुनै अपराधबोध पनि हुँदैन। शान्ति गर्भवती बनेपछि शैलेन्द्रले - "मुमा-बुबाको एक मात्र छोरो म! उनीहरूको अनुमतिमा नै हाम्रो विवाह हुनपर्छ! बरू यसो गरौं-हाललाई गर्भपात गराऊँ! सभ्य समाजमा यो भइरहेकै कुरो हो!"[४९] भन्ने दुस्साहस उसलाई पितृसत्तात्मक सामाजिक व्यवस्थाबाट प्राप्त भएको हो। गर्भपात गराउने कुरा सभ्य समाजमा भइरहेका अति सामान्य क्रिया हो भन्ने उसको सोचले शैलेन्द्रमा अपराधबोध होइन पुरुष अहम् र शासकीय प्रभुत्व रहेको प्रष्ट हुन्छ। शान्तिको गर्भपतन गराउने चेष्टाले शैलेन्द्रलाई नारीप्रति शाषकीय दृष्टिकोण बोकेको पुरुषका रूपमा उभ्याएको छ। शैलेन्द्रले एकै समयमा दुई दुईजना नारीलाई कामवासनाको सिकार बनाएको उदाहरण उसकी पत्नीले उसलाई पठाएको पत्रमा यस्तो छ-"यता म आफै हजुरकहाँ आऊँ भन्दा नसक्ने जीउकी भनेर सासू-ससुराले त्यसो गर्न दिएनन्। हजुरलाई विदितै छ-प्रसूतिकाललाई दुइ महिना बाँकी छ। "[५०] यसरी पुरुषलाई नारी शरीर र उसका भावनासँग खेल्ने छुट पितृसत्ताले दिएको हो। दुई नारीले निश्चल रूपमा गरेको प्रेम अनि पुरुषले केवल यौनतृप्ति मेटाउने उद्देश्यद्वारा गरेको षड्यन्त्रपूर्ण कृत्रिम प्रेममा पितृसत्तात्मक व्यवस्था उत्तरदायी देखिएको छ। यसरी नारीका शोषणमा पितृसत्ता सम्पूर्ण रूपमा जिम्मेवारी रहेको कुराको प्रमाण उपन्यासले दिएको छ।

समाजलाई पुरुषपक्षीय नियमका आधारमा सञ्चालन गर्दै आएका हुनाले पुरुषका मूल्य, मान्यता र चाहनाले उच्च प्राथमिकता पाएका छन्। नारीप्रति राखिने तुच्छ मानसिकताले कुनै पनि क्षेत्र र पक्ष अछुत छैन। पारिवारिक, सामाजिक, धार्मिक, राजनैतिक, सांस्कृतिक, आर्थिक आदि क्षेत्रमा नारीको उपस्थितिलाई अस्वीकार गरिनु र नारीप्रति राखिने दार्शनिक दृष्टिकोण निकृष्ट रहेको पाइन्छ। एरिस्टोटलले "नारीमा प्राकृतिक दूर्बलताहरू

---

४९ पूर्ववत्, पृ. ४१।

५० पूर्ववत्, पृ. ४४।

छन्, ऊ एक प्रासङ्गिक जीव मात्र हो"[५१] भनेका छन्। यसरी नारीलाई पुरुषको प्रसङ्गमा परिभाषित गर्ने पितृसत्तात्मक समाजका दार्शनिकको परिभाषाले नारीलाई मानसिक र शारीरिक रूपमा प्रताडित गरेको पाइन्छ। नारीले पालन गर्नुपर्ने विभिन्न नियम, संस्कार र नारीत्वका गुणसमेत पुरुषद्वारा निर्धारित गरिएका हुनाले नारीले कुनै पनि पक्षमा स्वतन्त्र रूपमा जिउन पाएका छैनन्। पितृसत्तात्मक परम्पराले नारीका प्रत्येक अधिकार पुरुषको अनुमतिद्वारा मात्र प्राप्त गर्न सकिन्छ भन्ने नियम नै निर्धारण गरेको प्रतीत हुन्छ। सोहीअनुरूप **भोलिको प्रतीक्षा**-की शान्ति आफ्नो गर्भको भ्रूणलाई बचाइँ राख्नको निम्ति शैलेन्द्रसँग विवाह हुन अनिवार्य ठान्दै भन्छे-"भोलि नै कानुनी रूपमा लोग्ने स्वास्नी हुने दृढ फैसला सुनाएँ! उसले कुनै विरोध जनाएन! एकक्षण है! भनेर उ निस्केर बाहिर गयो। मनमा चिसो पस्यो-के मैले साह्रै अनर्थ गरें?"[५२] यहाँ शैलेन्द्रले विवाहको बदली गर्भपात गराउन चाहनु अनि शान्ति भ्रूणलाई बचाइँ राख्नको निम्ति विवाह गर्नमा जोड दिनु दुवैको निर्णयमा पितृसत्ताको ठुलो भूमिका रहेको देखिन्छ। शान्ति विवाह अघिनै गर्भवती भएकोमा पितृसत्तात्मक समाजद्वारा लाञ्छित हुने भयले त्रसित छ भने शैलेन्द्र पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई गर्भवती बनाउनु अनि गर्भपतन गराउन आफ्नो हक मानेर निर्धक्क छ। पितृसत्तामा नारीका अन्य पनि विभिन्न अधिकार सँगसँगै प्राकृतिक अधिकार अर्थात् नारी मन, शरीर आत्मा र गर्भाशयसम्म पनि पुरुषले नियन्त्रण गरिराखेको पाइन्छ।

नारीका यस्ता अदृश्य समस्या समाजमा व्याप्त रहेका छन् जसलाई बाध्यतावश नारीहरू स्वीकार गर्दछन्। आफूमा यथेष्ठ आर्थिक समानता नहुनु, मानसिक द्वन्द्वले ग्रसित बन्नुका पछाडिका कारक तत्त्व पितृसत्तात्मक समाज रहेको यथार्थतालाई प्रस्तुत उपन्यासमा

५१ रमेश सुनुवार(अनु.) सन् २००३, पूर्ववत्, पृ. ३।

५२ पुष्प राई, (२०१० दो.सं.), पूर्ववत्, पृ. ४२।

स्पष्ट रूपमा चित्रित गरिएको पाइन्छ। नारीले आफ्नो अधिकार गुमाउनका कारकतत्त्व पुरुषश्रेष्ठतावादी सामाजिक संरचना हो। तर यस्ता मानसिकतालाई निरन्तरता दिनका निम्ति पुरुष सँगसँगै नारी पनि सङ्लग्न रहेका पाइन्छन्। नारीवादी उपन्यासमा समाजमा विद्यमान यस्ता व्यवहारलाई उदाङ्गो पार्दै त्यसको वैकल्पिक समाधान र आफ्नो हक, मूल्यप्रति अन्धकारमा रहेका नारीलाई सचेत पार्ने प्रयास रहेको हुन्छ। यस्तै प्रकारले **भोलिको प्रतीक्षा** उपन्यासमा शान्तिलाई सानैदेखि पालेकी आमाले शान्तिको कार्यक्षेत्र पितृसत्तात्मक व्यवस्थाले नारीलाई तोकि दिएका कार्यमा सीमित राखेकी छ। उपन्यासमा शान्तिकै शब्दमा यस्तो छ- "भाँडा माझिसकेर सँधै आमालाई देखाउनुपर्ने, ताड्ना सुन्नु पऱ्यो -"यस्तो के माझेकी?" आँसु म चुहिरहेको- "यस्तो पनि माझेको हो?"[५३] यसरी शान्तिलाई घरेलु कार्यमा सीमित राखिएको छ। अज्ञानता र अचेतताका कारण यहाँ शान्तिकी आमा नारी र पुरुष समान हुन् भन्ने बुझ्दिन। ऊ शान्तिलाई सामाजिक क्रियाकलापमा सहभागी हुन र घरबाहिरको संसारमा सङ्लग्न हुने सन्देश दिनमा अनभिज्ञ छ। तर शान्तिले भने नारीको कार्यक्षेत्रको व्यापकता घरदेखि बाहिरसम्म छ भन्ने बुझेकी छ। त्यसैले शान्ति यी घरायसी कार्यबाट मुक्त हुन चाहन्थी भन्ने उनको आँसु चुहेको सन्दर्भले स्पष्ट पारेको छ। समानता ल्याउनका निम्ति प्रथम हतियार शिक्षा हो भन्ने कुरामा शान्ति सचेत छ भने अशिक्षित उसकी आमामा त्यो सचेतताको कमी देखिन्छ। त्यसैले उसकी आमा नारीको प्रमुख कर्तव्य नै घरेलु कार्यमा नै तालिम दिनु र लिनु हो भन्ने ठान्दछे। फलत: शान्तिलाई पनि यस्तै कार्यमा सीमित राख्न चाहेकी छ।

विवाहपूर्व गर्भधारण गरे नारीलाई परिवारलगायत समाजले तिरस्कार गर्ने चलन नारीप्रति गरिएको अत्यन्त अन्यायपूर्ण व्यवहार हो। समाजले प्राय: नारीलाई दोषी देख्ने

---

५३ पूर्ववत् पृ. ६।

मानसिकताको कारण **भोलिको प्रतीक्षा**-मा शान्तिकी आमालाई आफ्नै परिवारले आत्महत्यासम्म गर्न बाध्य गराएको दृष्टान्त यस्तो छ- "शान्ति हाम्री छोरी होइन! बाबुविनाको बतासे। यसकी आमाले आत्महत्या गरी। नगरोस् पनि किन। अबगालदेखि बाँच्न उसका आफन्तहरूले घरबाट खेदेछन्"[५४] शान्तिकी आमाले आत्महत्या गर्नुमा परिवार उत्तरदायी बनेको छ भने परिवारले उसलाई घरबाट बहिष्कृत गर्नुमा पितृसत्तात्मक सामाजिक परम्परा र व्यवस्था जिम्मेवार बनेको पाइन्छ। पितृसत्तात्मक समाजले विवाहपूर्व स्त्रीबाट हुने जयजन्मलाई वैध मान्दैन र स्वीकार गर्दैन। यस्तो जन्म ठुलो लोकापवाद हो र यस्ता शिशुकी माता हुनु अभिशाप मात्र होइन अपराध पनि हो। तर शान्तिकी आमालाई गर्भवती बनाउने पुरुषले कुनै सजाय नपाउनु, उसलाई कसैले प्रश्नसम्म गर्ने आँट नगर्नु, सामाजिक पक्षपात र नारीमाथिको अन्याय हो। पितृसत्तात्मक समाजले नारीलाई अत्यन्त घृणित वस्तुका रूपमा हेरेर व्यवहार गरेको छ। यस्तो अन्यायको सही चित्रण उपन्यासमा शान्तिकी आमाबाट गरिएको छ। युगौंदेखि नारीले पुरुषवादी समाजबाट अपमानित हुँदै मृत्युलाई रोज्न बाध्य बनाइएको उदाहरण शान्तिकी आमाबाट थाहा लागेको छ। तर शान्तिकी आमादेखि लिएर उसको अर्को पुस्ताकी छोरीसम्मले पितृसत्तात्मक समाजबाट लाञ्छना खप्नु परेको छ। यसरी पितृसत्ताको आडमा परम्परागत रूपमा पुरुषले नारीको गर्भमाथि षड्यन्त्र र नियन्त्रण गर्ने प्रयास अद्यावधि पनि गरिरहेकै पाइन्छ।

पितृसत्तात्मक व्यवस्थाले विवाहपछि नारीले आफ्नो थरलाई त्यागेर पतिको थर जोड्नु पर्ने बाध्यता नारीमाथि थोपी दिएको छ। यसरी नारीलाई संज्ञाहीन तुल्याएर पुरुषको सन्दर्भसित जोडेर परिचित गराउने पितृसत्ताले नारीको थरसम्म खोस्ने षड्यन्त्र गरेको चित्रण **मध्यान्तर** उपन्यासमा यस्तो छ- "तिम्रो छानुमुनि पत्नीको रूपमा रहँदा पुरुषनिर्मित दाम्भिक

५४ पूर्ववत्, पृ. ५७।

परम्परानुसार स्वयम् प्रेरित म श्रीमती केसी नै भएँ। "[५५] पितृसत्तात्मक समाजमा नारीले बाल्यकालदेखि सामाजिक बन्धनमा बस्नु परेको र विभिन्न यातना सहदै बाँच्नु पर्ने बाध्यता रहेको पाइन्छ। पुरुषको दुराधिकारका कारण पत्नीले पतिदेखि परिवार अनि समाजबाट लाञ्छित हुनुपर्ने कुराको यथार्थ चित्रण **मध्यान्तर** उपन्यासमा पाइन्छ। नारीले आफू जन्मेको घरलाई जीवनभरी आफ्नो ठान्न नपाउनु अनि विवाहपछि आफू गएको घरलाई पतिगृह नै मान्नु परेको र त्यसमा आफ्नो कुनै अधिकार नरहनुको कारक तत्त्व पितृसत्ता समाजमा व्याप्त रहेको पाइन्छ। केही कारणवश नारीले आफ्नो पतिद्वारा बहिष्कृत हुने बित्तिकै त्यस घर, समाजबाट तिरष्कृत हुने प्रशस्त सम्भावना रहन्छ। यस्तै सामाजिक परम्पराको चित्रण **मध्यान्तर** उपन्यासमा पनि पाइन्छ- "तिमीले विना दोष, विना निरूपण पत्नीको स्थानबाट निष्कासित गरेको संघातले तिमीबाट गर्भाधान भएको शिशु गर्भमा नै तुह्यो, यो जिउज्यानलाई उपल्लो फालमा फालेर। वैभवसम्पन्न पतिद्वारा वहिष्कृत, तिरष्कृत गरिब घरकी छोरी म, परम्परागत समाजको उपहासकी असहाय पात्रा बन्दा आमामा मानसिक आघात के पर्नगयो, यसले उनको असमय प्राण लियो। "[५६] पूर्णिशाले पतिबाट तिरष्कृत हुने बित्तिकै उसले घरबाट निस्कन बाध्य हुनुपर्ने स्थितिको सिर्जना हुनु, गर्भको भ्रूण तुह्यिनु अनि पूर्णिशा घरबाट बहिष्कृत भएपछि समाजको अघि उसकी आमाले आफूलाई लाञ्छित ठान्ने जस्ता आघातपूर्ण स्थितिले असहनीय परिवेश सिर्जना हुँदा आमाको मृत्यु हुनुमा पितृसत्ता उत्तरदायी बनेको यथार्थलाई यस उपन्यासले खूबै तीव्र स्वरमा वर्णित गरेको छ।

पितृसत्तात्मक संरचनामा हुर्किएकी पूर्णिशाकी आमाले विवाहिता छोरी घरमा फर्किएर आउनुमा समाजको अघि आफूलाई लज्जित हुन परेकी अनुभव गरेकी छ। असमयमा उसको

---

५५ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ८।

५६ पूर्ववत्, पृ. ११।

मृत्यु हुनुमा यस्ता विभिन्न रूढीवादी कारण घटना र परिस्थिति दायी छन्। पितृसत्ताद्वारा प्राप्त दिएको छुटका कारण रामले आफ्नी पत्नीलाई सहजै घरबाट निकाल्ने धृष्टता गरेको छ। यसरी पितृसत्तात्मक सामाजिक संरचनाको कारण नै रामले आफ्नी पत्नीलाई अत्याचार गर्ने ठुलो आँट र साहस पाएको छ। यसप्रकार एउटै परिवारका सदस्यमाझ परस्परमा समझदारी नहुनु अनि पितृसत्तात्मक नियम, मान्यता आदि रूढि र ढोङ्गी परिपाटीका कारण पितृसत्तालाई आड दिने प्रवृत्तिले पारिवारिक एकता छिन्नभिन्न बनाएको यथार्थलाई उपन्यासकारले प्रकाशमा ल्याएकी छन्। रामको दुराचारका कारण पूर्णिशा अनि उसको गर्भको भ्रूण र पूर्णिशाकी आमा गरी तीनजनाको जीवन नष्ट बन्न पुगेको घटनालाई समाज अघि ल्याएर सामाजिक क्रियाकलापमा रहेको दोषी व्यवस्थामा सुधार ल्याउन मात्र होइन त्यस दोषबाट बाँच्न एकार्काको दु:खमा सहयोगी बन्नुपर्ने आवश्यकता पनि बोध गराइएको छ।

पितृसत्तात्मक समाजले नारीका लागि छुट्टै नियम बनाएको छ र त्यही नियमलाई अनुसरण गर्न नारीलाई तालिम दिने गर्दछ। फलत: समाजले तय गरिदिएका नियमको पालना नभएमा नारीलाई दण्ड दिने व्यवस्थाको स्थापना पनि पितृसत्तात्मक समाजले गरेको हो। पितृसत्ताले नारीलाई पुरुषपक्षीय नियम अनुसार चल्न बाध्य बनाएको छ। नारी स्वतन्त्र भएर बोल्न र हाँस्नसम्म नपाउने नियम नारीको निम्ति अत्यन्त कष्टदायक छ भने यही नियम पुरुषका लागि सामान्य कुरा मात्र रहेको छ। यस नियमलाई अमान्य गरेर आफूलाई स्वतन्त्रन्मुख बनाए पितृसत्तात्मक समाज नारीलाई दण्डित गर्न पनि तत्पर रहन्छ। नारीलाई लगाउने दोषबारे उपन्यासमा रानू भन्छे- "हाम्रो समाजमा युवती हुनु यही त भूल छ नि। हाम्रो फ्र्याङ्कनेसमा उल्टो धारणा बाँध्ने चलन छ हाम्रो। फुका भई हाँसे, लौ बैंसले मात्तिएछ भन्छन् आफ्नैहरू, गम्भीर भए प्रेमको रोग लागेछ भन्ने अनुमान गरिहाल्छन्। हाम्रो

समाजको दृष्टि नै साँघुरो, धारणा नै होंचो। "[५७] पितृसत्तात्मक संरचनामा हुर्किएको **मध्यान्तर** उपन्यासको राम पुरुष तानाशाहलाई कायम राख्ने पुरुषपात्रको रूपमा रहेको उदाहरण पूर्णिशाको भनाइमा यसरी प्रष्टिएको छ -"यो तिम्रो नारीप्रतिको हेय दृष्टि हुनसक्ला। मसितको प्राय:जसो वर्तावमा आफ्नो सर्वोपरिता प्रमाणित गर्दै गयौ, हरेक स्थितिमा आफ्नो वरीयता कायम राख्दै गयौ। मेरो लक्ष्यमा लोग्ने-स्वास्नीबिच कुनै परिसीमा हुनु थिएन। साँचो अर्थमा पति-पत्नी भन्नु नै एक ज्यान हुनुपर्ने हो। "[५८] यस कथनले पति-पत्नीबिच आफ्नो पुरुषत्वको उच्चताभाषलाई कायम राखेर रामले पूर्णिशालाई मानसिक प्रताडना दिएको स्पष्ट देखिएको छ। पितृसत्तात्मक समाजमा नारीले भोग्नु परेका प्रताड्नाका यस्ता पक्षहरू पितृसत्तात्मक मानसिकतालाई स्वीकार्य हुँदैन। यस्तै नारीको दयनीय पक्षलाई अनदेखा र अस्वीकार गर्ने पुरुषवादी समाजको यथार्थलाई उपन्यासमा उदाङ्गो पारिएको पाइन्छ।

पितृसत्तात्मक समाजका लागि स्वतन्त्रता एउटा अपाच्य विषय हो। पितृसत्ताको नियमले शरीर, मन, मस्तिष्क मात्र होइन विवेकसमेत खोसेर शोषण गरेको कुरा पूर्णिशाको आमाको कथनले प्रष्ट पारेको छ। नारी स्वतन्त्रतालाई नारीले युवती अवस्थामा प्रवेश गर्ने बित्तिकै परिवारलाई छोरीको विवाहको भयले त्यत्तिकै सताउँदै लगेको पाइन्छ। छोरीले ढिलो उमेरसम्म विवाह नगरीबसे उसको कमी कमजोरी देखिने अनि समाजबाट लाञ्छना लाग्ने डरले गर्दा चिन्तित हुने **मध्यान्तर**-की पूर्णिशाकी आमा भन्छे- "छोरी तेरो हातखुट्टा बाँध्ने उमेर भइसक्यो। रानू नानीको ठुल्दाजुले बिहे नगर्ने हो कि। फेरि पनि तँलाइ भन्दैछु-मामाले हेर्नुभएको वर एकदमै राम्रो छ। "[५९] पितृसत्ताले छोरी र छोराको निम्ति भिन्न-भिन्न

---

५७ पूर्ववत्, पृ. १९।

५८ पूर्ववत्, पृ. ५३।

५९ पूर्ववत्, पृ. ५५।

विधि-विधान र रीति-रिबाज निर्माण गरेका छन्। विवाहिता छोरीको घरमा छोरीकी आमा-बाबुले केही खानु नहुने रूढि परम्पराको कुनै ठोस आधार नभए तापनि लैङ्गिक आधारमा समाजद्वारा निर्मित परम्पराले मानव मस्तिष्कमा जरा गाडेको पाइन्छ। यसरी छोरीपट्टिको परिवारसमेतले अन्धो परम्पराको पालन गरेको उदाहरण **मध्यान्तर**-मा पूर्णिशाकी आमाको व्याख्या यस्तो छ-"त्यसो भनेर कहाँ हुन्छ नानी। जुवाईं-चेलाको घरमा पानीधरि लिनु हुन्न भन्छन्, कहाँको बस्ने कुरा। "[६०] पितृसत्तात्मक व्यवस्थाले एकातिर विवाह भएर छोरीले पतिको घर जानु अनिवार्य बनाएको छ भने अर्कातिर छोरीकी परिवारले छोरी-ज्वाईको घरमा कुनै खाद्य पदार्थ ग्रहन गर्न नहुने जस्ता परम्पराले सचेत नारीलाई मनोवैज्ञानिक रूपमा प्रताडित गरेको छ। यस्ता पुरुषपक्षीय रीति-रिबाजले नारीलाई प्रत्यक्ष परोक्ष दुवै रूपमा यातना दिइरहेको पाइन्छ। यसरी पितृसत्तामक समाजले अनदेखा गर्न चाहेका नारीप्रतिको अन्यायलाई प्रस्तुत उपन्यासमा चित्रण गरेर पितृसत्तात्मक संस्कार, परम्परालाई उदाङ्गो पारेको पाइन्छ।

पितृसत्ताले नारीलाई सदैव पुरुषको यौनक्रिडाको सहयोगीको रूपमा मात्र हेर्ने गरेको छ। "महिलाहरू यौनका प्रतीक हुन्, पुरुषहरूको यौन आवश्यकता पूर्ति गर्न र यौनभोग मेटाउन बनाइएका खेलौना हुन् भन्ने कुरालाई पितृसत्ताले जोड दिन्छ।"[६१] मानसिकतामा मानवीय संवेदना हराउनु भनेको संवेदनहीनता हो। प्रस्तुत उपन्यासमा राम र पूर्णिशाको विवाहपछि रामले पत्नीलाई यौनवृत्तिको सुत्रमा बाधेको छ। यी दुई पति-पत्नीबिचमा मानवीय संवेदना र आत्मीयता हराउँदै गएको र दुवै यन्त्रवत् भइरहेको यथार्थलाई उपन्यासकारले निम्नलिखित वाक्यद्वारा अभिव्यक्त गरेकी छन्। यौनाचार बाहेक भावनात्मक सम्बन्ध शून्य हुँदै गएको स्थितिलाई पूर्णिशाको भनाइले प्रष्ट पारेको छ-"यसो हामीमाझ

---

६० पूर्ववत्, पृ. ६८।

६१ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. १३।

यौनाचार बाहेक भावनात्मक दूरीले आफ्नो सीमा-साँध कोर्दै गइरह्यो: यहाँ म हुनुको सत्य विस्मृत हुनु थियो"[६२] भन्ने भनाइमा पूर्णिशाले आफ्नो स्वत्व हराएको बोध गरेकी छ। रामको स्वामित्व देखाउने आचरणले उसले सोचेकी दाम्पत्य जीवनको अवधारणा र सपना ध्वस्त भएको छ। यसरी पत्नीलाई कामवासना पूर्ति गर्ने साधन ठानेर सोहीअनुरूप व्यवहार गर्न पितृसत्ताले पुरुषलाई पढाएको पाठ हो। पितृसत्ताबाट प्राप्त छुटको आडमा रामले पूर्णिशालाई यौनसाथीको रूपमा मात्र हेरेको उदाहरण -"तिमी मबिच केवल यौनवृत्तिले मात्र प्राधान्यता लियो। हेर्दामा गृहलक्ष्मीको शोभा बनी शयनकक्षमा तिम्रो प्रतीक्षामा रहेकोहुनुपर्थ्यो-त्यसो नभएमा तिमी कति रुष्ट र दुष्ट बन्थ्यौ। तिम्रा कस्ता लाजमर्नु बलात्कारहरूसित कति अघोरी रातहरू बिताइए"[६३] भन्ने पूर्णिशाको भनाइले पतिसँगको इच्छाविहीन यौनसम्पर्क राख्नु पर्ने बाध्यतालाई उसले खुल्ला रूपमा बलात्कार ठानेकी छ। यहाँ नारीस्वतन्त्रता र नारीअधिकार कुण्ठित भएको देखाएर नारीले भोग्नु परेका परतन्त्रताको चरण पीडालाई प्रस्तुत गरिएको छ। यसरी आफ्नै पतिबाट बलात्कार हुनुपर्ने कुरालाई उपन्यासकारले पूर्णिशाको माध्यमबाट खुलस्थ पारेकी छन्। **मध्यान्तर** उपन्यासभन्दा अघि लेखिएका नेपाली उपन्यासमा पुरुषका कामलोलुप प्रवृत्तिका कारण नारीले आफ्नो इच्छाविना यौनसम्पर्क राख्नु भनेको बलात्कृत हुनु हो भन्ने कुरालाई चित्रण गर्ने साहस गरिएको पाइँदैन।

पितृसत्तात्मक व्यवस्थामा हुर्केका राम जस्ता पुरुष नारीलाई यौनानन्दको साधन मात्र ठान्दछन्। नारीप्रति दुष्कर्म गरेर यौनतुष्टि प्राप्त गर्नुलाई त्यस्ता नीच मानसिकता प्रेरित पुरुष आफ्नो मर्दानगी ठान्दछन् भन्ने यथार्थलाई पुष्प राईले प्रस्तुत गरेकी छन्। नारी केवल पुरुषलाई यौनसुख दिने वस्तु हो भन्ने विचारको पुष्टि **मध्यान्तर**-मा पूर्णिशाको भनाइले पनि गर्दछ- "विवाह भएकै दिनदेखि तिमीले मलाई स्वाभाविक यौनवृत्तिको कसिलो सूत्रमा बाँध्यौ।

---

६२ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ७०-७१।

६३ पूर्ववत्, पृ. ७२।

...यसो हामीमाझ यौनाचार बाहेक भावनात्मक दूरीले आफ्नो सीमा-साँध कोर्दै गइरह्यो। यहाँ म हुनुको सत्य विस्मृत हुनु थियो। तिम्रो आनन्दी लहड्मा म मात्र सम्पूरक साधन हुनु थियो। "[६४] यसरी नारीले आफ्नै पति अघि यौनवस्तु बन्नुपर्ने बाध्यता रहेको कष्टदायक जीवनको चित्रण उपन्यासमा पाइन्छ। पितृसत्तात्मक समाजमा नारी शोषणको प्रमुख कारण पुरुष हो। पुरुषले कुनै न कुनै रूपमा नारीलाई दमन गरिराखेको हुन्छ। पूर्णिशा, शान्ति र शैशवा जस्ता नारी अस्मिताप्रति सचेत नारीले आफूप्रति भएको यस्ता अन्यायलाई शीघ्र अनुभव गर्न सकेका छन्। यसप्रकार **भोलिको प्रतीक्षा र मध्यान्तर** उपन्यासमा पितृसत्तात्मक समाजमा नारीप्रति गरिने विभिन्न दमनीय नीतिलाई उदाङ्गो पारिएको छ। नारीद्वारा पितृसत्ताको अन्याय र पुरुषपक्षीय नियमको भण्डाफोर गरिनाले समाजमा अदृश्य रूपमा रहेका अपाच्य कुशासनप्रतिको विरुद्ध उठ्न सचेत गराउने सम्भावना प्रशस्तै देखिएका छन्। असचेत रहेका वर्ग र सचेत बनेर पनि अनदेखा गर्ने दुवै वर्गका मानिसलाई पितृसत्ताको अन्यायपूर्ण व्यवस्थाको अन्त गर्ने मार्गतर्फ अग्रसर गराउने उद्देश्य उपन्यासकारको रहेको पाइन्छ। नारीलाई मानवसमूहभित्र गणना गर्न हिचकिचाउने सङ्कीर्ण मानसिकताको अन्त गरेर नारी-पुरुष समविकास गर्नु नै नारीवादको एउटा उद्देश्य हो। यही उद्देश्यले प्रेरित पुष्प राईका उपन्यासहरू भारतीय नेपाली उपन्यासको विकासमा थप उपलब्धिको रूपमा रहेको कुरा स्मरणीय रहेको छ।

## ४.३.५ पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोध

सामाजका पुरुषपक्षीय रीतिथीति, नियमकानुन, व्यवस्था, परम्परा, मानसिकता आदिको विरोध नै पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोध हो। नारीवादका विभिन्न अवधारणामध्ये उग्र

---

६४ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ७१।

नारीवादले पितृसत्ताको घोर विरोध गर्दछ। नारी उत्पीडनको कारक तत्त्व पितृसत्ता हो भन्ने उग्र नारीवादीहरूको आरोप छ। उग्र नारीवादी पितृसत्तालाई जरैदेखि उखेलेर फाल्न चाहन्छन्। यसका लागि उनीहरू नारी स्वतन्त्रता र नारी अधिकारका पक्षमा वकालत गर्दछन्।

**भोलिको प्रतीक्षा र मध्यान्तर** उपन्यासमा नारी कसरी पितृसत्ताको सिकार बनेर दमित अवस्थामा रहेका छन् र यसको समाप्तिका निम्ति उपन्यासका पात्रहरूले के-कस्ता आवाज उठाएका छन् भन्ने सत्यलाई उजागर गरिएको छ। पितृसत्तात्मक समाजको एकपाटे शासन प्रणालीले पुरुषपक्षीय नियम स्थापित गरेर पुरुषलाई शासक बन्न उत्प्रेरित गरेको पाइन्छ। त्यही आडमा उदण्ड भएर पुरुष शोषक बनेका छन्। नारी पुरुष उत्पीडनबाट आक्रान्त रहेका छन्। यसैले समाजमा नारीलाई पुरुषको सहयोगीका रूपमा दोस्रो दर्जामा गणना गरिन्छ, पुरुषका निम्ति केवल एउटी सहायकको भूमिकामा नारीको उपस्थिति छ। पितृसत्ताले कुनै पनि पक्षमा नारीलाई स्वतन्त्र बनेर स्वनिर्णयको अधिकारबाट वञ्चित गराएको पाइन्छ। नारीले स्वनिर्णय लिए पनि त्यसलाई पुरुषशाषित समाजबाट कुनै मान्यता प्राप्त भएको पाइँदैन। नारीप्रतिको पुरुष अन्यायले चरम रूप लिँदासम्म पनि नारीको अवस्थामा कुनै परिवर्तन आउन नसक्नुमा केवल पितृसत्ता नै उत्तरदायी रहेको छ। आफ्नो स्वत्वप्रति नारी सचेत भए तापनि सामाजिक संरचना नै पितृसत्तात्मक भएकाले नारी स्वत्व, उन्मुक्तिको सङ्घर्षमा पुरुषबाट कुनै समर्थन प्राप्त हुन सकेको देखिँदैन। पितृसत्ताले पुरुषलाई छुट दिएका अनेकौ नियम तथा सामाजिक संरचनाको विरोधमा तीव्र स्वर निकाल्नु आवश्यक देखिन्छ।

पितृसत्तालाई लैङ्गिक प्रणालीको शक्तिको रूपमा व्याख्या गरेको पाइन्छ। ...परिवार पितृसत्तात्मक एकाइ हो जुन महिलामाथि यौनिक, आर्थिक र

**मनोवैज्ञानिक दमन गर्न उद्यत हुन्छ। महिला दमन, शोषण, हिंसा र नियन्त्रण गर्न पितृसत्ताले उल्लेखनीय भूमिका खेल्दछ। पुरुषहरूद्वारा महिलामाथि हुने बलात्कारमा पितृसत्ताले थप बल प्रदान गर्दछ भन्ने धारणा उग्र नारीवादले राखेको पाइन्छ।** [६५]

पितृसत्तामा पुरुष सत्तामा रहँदै आएका हुनाले सम्पूर्ण धर्म, नियम, कानून, रीतिरिबाज र मान्यतालाई पुरुषले आफ्नो सुविधाअनुसार व्याख्या गर्दै आएका छन्। त्यसर्थ युगौंदेखि नारीहरू धार्मिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक र शैक्षिक आदि क्षेत्रमा पुरुषका तुलनामा पछि परेका छन्। यस्ता पुरुषपक्षीय सामाजिक नियमहरूका प्रतिवादमा नारीवादी लेखकका स्वर मुखरित हुँदै आएका छन्। पितृसत्तात्मक सामाजिक संरचनाले पुरुषलाई मात्र नारी उत्पीडनको निम्ति उत्प्रेरित नगरेर नारी मानसिकतामा पनि नारीप्रति हेय दृष्टिकोणको बीजारोपण गरीदिएको पाइन्छ। यसैको फलस्वरूप नारीले पनि नारीलाई पुरुषका तुलनामा तुच्छ ठानेका पाइन्छन्। **भोलिको प्रतीक्षा** उपन्यासमा शान्तिकी आमाको चरित्र पुरुषवादी दृष्टिकोणद्वारा प्रभावित भएरै नारीको उपेक्षा गर्ने किसिमको छ। ऊ शान्तिलाई पुरुषभन्दा निष्क्रिय ठान्छे। वास्तवमा पितृसत्तात्मक सामाजिक व्यवस्थामा हुर्किएकी हुनाले पुरुषसत्ताको गहिरो मनोवैज्ञानिक प्रभावले ऊ ग्रसित बनेकी छ। वास्तवमा ऊ हीनताबोधले ग्रसित छ। पितृसत्ताले नारीलाई बाल्यकालदेखि नै पुरुषमा भन्दा भिन्न स्वभाव हुन्छ भन्ने कुराको बीजारोपण गरिदिएको छ। यसैको स्वीकारोक्तिमा नारीलाई पुरुषभन्दा कमजोर ठानिन्छ। शान्तिकी आमा बाँचेको समाजमा पनि पुरुष प्रभुत्वकै वर्चस्व रहेको हुँदा उसको मानसिकता पनि सोहीअनुरूप विकास भएको पाइन्छ। शान्तिकी आमा

६५ भोजेन्द्र अर्याल, सन २००२, पूर्ववत्, पृ. ९२।

पितृसत्तात्मक समाजले पढाएका पाठ घोकेर बढेकीले ऊ शान्तिलाई पुरुषभन्दा निम्न ठान्न अघि सरेकी छ। छोरीलाई बढेपछि अर्काको घरमा पठाइने एउटा वस्तु मात्र ठान्ने पितृसत्तात्मक मानसिकता शान्तिकी आमाको पनि रहेको छ। यसरी एउटी नारीलाई पुरुषसमान स्वीकार गर्न नचाहने पितृसत्तात्मक समाजको अन्त गर्न उपन्यासमा शान्ति देखा परेकी छ। छोरीलाई सदैव तिरस्कार गर्ने, गर्भको भ्रूण छोरी हो भन्ने चिन्हित भएपछि हत्या गर्नेदेखि लिएर बाल्यावस्था, युवावस्था सँगसँगै वृद्धावस्थासम्म नारीलाई पुरुषभन्दा निष्क्रिय, तुच्छ, ठानेर उपेक्षा गरिने पितृसत्तात्मक मानसिकताको विरोधमा शान्ति एकजना क्रान्तिकारी पात्रको रूपमा उपन्यासमा देखापरेकी छ। उसको क्रान्तिचेत एउटा नयाँ सन्तुलित समाज निर्माणका दिशामा अग्रसर देखिन्छ। ऊ आफ्नो गर्भको भ्रूणलाई पितृसत्तात्मक समाजको अघि चुनौति दिँदै भन्छे-

> **छोरी होस्। मेरी छोरी हुरी भई आवस्, हिमाल भई उठोस! सभ्य र उन्नत भनिने मानिसलाई नारीको व्यक्तिगत सुरक्षाको गारो लाउनु अझ आएन। हो, यसैलाई निकास दिन, सन्तुलित संस्कार सृष्टि गर्ने नयाँ बसन्तको सृजक सूर्य भई यो उदाओस्।** [६६]

शान्तिको यस भनाइमा नारीको आत्मसम्मान, आत्मविश्वास छ र पितृसत्ताप्रति ठुलो हाँक छ। पितृसत्तात्मक समाजले नारीप्रतिको गर्दै ल्याएको अन्यायपूर्ण व्यवहारलाई अन्त गर्दै नारीहित, हकको निम्ति लड्न छोरीको जन्मलाई निम्त्याउँदै समाजलाई नयाँ दिशाबोध गराएकी छ। पितृसत्ताले तिरस्कार गरेको नारी संसारलाई आफ्नी छोरी जन्माउने अठोट र

---

६६ पुष्प राई, (सन् १९९० दो,सं.), पूर्ववत्, पृ. ६२। )

आकाङ्क्षाद्वारा ठुलो चुनौति दिएकी छ। सम्पूर्ण पितृसत्तात्मक समाज व्यवस्था र पुरुष मानसिकताको विपरीत नारीलाई न्याय प्राप्त गराउन सक्ने नयाँ विश्व निर्माणको सङ्केत शान्तिको भनाइमा प्रतिध्वनित भएको छ। पितृसत्तात्मक समाजले स्थापित गरेका नारीप्रतिका सङ्कीर्ण विचार, रूढि परम्परालाई पूर्ण रूपमा नष्ट गरेर नारी पुरुषमाझ सन्तुलित नवीन समाजको निर्माण गर्न छोरीको आगमनको कामना गरेकी छ। पुरुष अत्याचारको मारले प्रताडित हुँदै आएका वर्तमान युगका नारीलाई प्रतिनिधित्व गर्दै यस्ता शोषणपूर्ण समाजबाट निकास पाउन शान्तिको पहलले वर्तमानका नारीलाई पितृसत्ताको विरोधमा उठ्ने प्रेरणा दिएको छ। यसरी नै वर्तमान पुरुषद्वारा दमित नारीले आफ्नो सुरक्षा र समानाधिकारको निम्ति उठाएको मुक्तिको पहलले भविष्यका नारी पिँढीले पुरुषदमनलाई पूर्ण रूपमा ध्वस्त पारेर लैङ्गिक समानता रहेको समाजको निर्माण गर्नुपर्छ भन्ने शान्तिको उच्च उदात्त एवम् उदारवादी सोच रहेको पाइन्छ। त्यसर्थ उसले क्रान्तिकारी छोरी जन्मको सपना साँचेर पितृसत्तालाई परास्त गर्न सक्षम भविष्यका नारीको प्रतिनिधिको रूपमा गर्भको छोरीलाई उभ्याएकी छ। शान्तिको यस्तो साहसपूर्ण क्रान्तिकारी स्वरले पितृसत्ताको अन्त निश्चित हुने कुराको सङ्केत गरेको पाइन्छ। क्रान्तिकारी पात्रका रूपमा शान्तिले बुलन्द गरेको शङ्खघोष नै प्रस्तुत उपन्यासको नयाँ उद्देश्य र नयाँ पिँढीलाई मार्गनिर्देश गर्ने सकारात्मक पहल हो।

पितृसत्ताले नारीलाई शारीरिक प्रताडना मात्र नदिएर मनोवैज्ञानिक रूपमा दमन गर्दछ। **मध्यान्तर** उपन्यासमा रामले पूर्णिशालाई मनोवैज्ञानिक रूपमा शोषण गरेको छ। पूर्णिशा रामकी पत्नी भए तापनि पितृसत्तात्मक मानसिकताले ग्रस्त रामको दृष्टिमा भने पत्नी पुरुषको इच्छाअनुसार चल्ने वस्तु मात्र हो भन्ने रहेको छ। रामजस्तो स्वतन्त्र रूपमा बाँच्न नसकेको क्षणलाई पूर्णिशाले यसरी व्यक्त गरेकी छ-

**म तिम्रो हातको कठपुतली हुनु थियो, मात्र तिम्रो नाउँ जपेर, जस्तोसुकै सन्निध्यलाई सिरोधार्य गरेर। तिम्रो दृष्टिमा पत्नी पनि न्यूनताले हेरिने, केवल तिर्खा मेट्ने खहरे खोला थियो, स्वार्थपूर्तिको साधन थियो। निर्बल पंगु बनाइएकी नारीमाथिको विजय हुङ्कारले, तिम्रो पुरुष हुनुले आकाश छायो ।** [६७]

यस कथनबाट रामको अधीनमा आफ्नो आकाङ्क्षालाई दबाएर राख्न बाध्य भएको हुनाले पूर्णिशा कुण्ठित देखिएकी छ। उसको स्वाभिमानमाथि बारम्बर धक्का दिएर मानसिक चोट प्रहार गर्ने रामको अपराध दण्डनीय हुँदा हुँदै पनि उसलाई ओभानो बाँच्न दिनुमा पितृसत्ताको ठुलो स्वार्थ स्पष्ट देखिएको छ। यसरी विवाहपछि पतिको प्रत्येक इच्छा र निर्णयलाई प्राथमिकता दिँदै आफ्नो इच्छालाई तिलाञ्जली दिन बाध्य बनाइएका नारीहरू समाजमा पर्याप्त छन्। यसरी पुरुषका प्रत्येक निर्णयमाथि कुनै हस्तक्षेप नगरी अन्धोसरह पुरुष हैकम स्वीकार गराउनमा पितृसत्तात्मक सामाजिक संरचना उत्तरदायी बनेको देखिन्छ।

परम्पराले पनि युगौंदेखि पुरुष वर्चस्वलाई निरन्तरता दिँदै आएको समाजका अगाडि नतमस्तक भई आफ्ना दमित इच्छा मार्न बाध्य रहेका नारीलाई सचेत बन्न प्रोत्साहन, आँट रभरोसा दिने पक्षमा पूर्णिशा सगर्व खडा उभिएकी छ। नारीमा दमित अवस्थामा रहेको पुरुष अत्यचारप्रतिको विरोधमा विद्रोह गर्न उपन्यासकी पूर्णिशाले साहस गरेकी छ। यो उसको पितृसत्तात्मक मानसिकताप्रतिको विद्रोह हो। नारी शोषण परिवारभित्रै आफ्नै पतिबाट हुनुमा पनि यही मनपरी छुटको परिणामले हो। पूर्णिशाको शोषण पनि आफ्नो पतिबाट सुरु भएको हुनाले पतिलाई लैङ्गिक समानताको कुरा भनेका कुराले उसको सोच स्पष्ट रहेको बुझिन्छ। "युग-युगले तेर्स्याएका पुरुष नारीबिच चुनौतिको विश्लेषण आभा प्रस्फुटित भइरहेछ। ...त्यसै र हरेक क्षण आत्मसम्मानमा आफ्नो हकको बँचाइ भोग्नसक्नुपर्छ। त्यही नारी-भोगाइको

---

६७ पुष्प राई, २००७, पूर्ववत्, पृ. ८७।

फाँटलाई अङ्कित गर्ने धुनमा म आतुर छु"[६८]। नारी अस्तित्वको महत्त्व बुझेकी पूर्णिशाले युगौंदेखि जरा गाडेर फैलिएको पितृसत्तात्मक व्यवस्थालाई अन्त गर्दै नारीले आत्मसम्मानसाथ आफ्नो अधिकार प्राप्त गर्ने पहल लिइसकेकी जानकारी पतिलाई पत्रात्मक रूपमा गराएकी छ।

पुरुषनिर्मित पक्षपाती नियमलाई नारीवाद भञ्जन गर्न चाहन्छ। पितृसत्तात्मक सामाजिक व्यवस्थाको अन्त गर्न अस्तित्वसचेत नारी सङ्घर्षरत् देखिन्छन्। यसका लागि नारीमा आत्मबल, आत्मविश्वास र सचेतता मात्र होइन निर्णय शक्ति पनि हुनुपर्छ। नारी अस्मिताको निम्ति रूढिवादी परम्परालाई तोड्ने शक्ति लिएर **भोलिको प्रतीक्षा-** की शैशवा क्रान्तिकारी नारी प्रतिनिधिको रूपमा खडा भएकी छ। यसैले ऊ भन्छे-

> **यी पुरुषहरू लाज पचेका! आमा-बाबुले कत्रो दु:ख गरीबढाउनु अरे, पढाउनु गरे, घरधन्धा जान्ने पार्नु अरे; सब तयार पारेपछि बडे माग्नु आउने अरे! यो परम्परा भत्काउनुपर्छ आजका शिक्षित नारी हामीले।** [६९]

**भोलिको प्रतीक्षा** भन्दा अघिका नेपाली नारीवादी उपन्यासका नारीले बोल्न नसकेका कुरा प्रस्तुत उपन्यासकी नारी शैशवाले तीव्रताका साथ उठाएकी छ। नारी सम्पूर्ण पक्षमा सक्षम बनेपछि विवाहपछि पतिको घरमा रहेर जीवन बिताउनु पर्ने पितृसत्तात्मक समाजको षड्यन्त्र शैशवालाई मान्य छैन। यसैले नारीले नै पतिको घर जानु पर्ने बाध्य गराउने परम्पराको अन्त गर्न चाहन्छे। पितृसत्तात्मक समाजले बनाएका सामाजिक रीति-रिबाज, परम्पराले नारी जीवनलाई नै दुर्गतिपूर्ण स्थितिमा पुऱ्याएको हुनाले, यस्ता नारी प्रताडित सामाजिक कुपरम्परालाई पुन:निर्माण गर्ने उद्देश्यमा रहेको प्रमाण उसको यस भनाइले सिद्ध गरेको छ-

---

६८ पूर्ववत्, पृ. ८१-८२ ।

६९ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. १३।

**तिमीहरू पो बरू पढ, सुबानी होउ अनि हामीलाई मन परे हामी रोजी-रोजी माग्न आउँला। सेवा हाम्रो गर, हाम्रा आमा-बाबुको औंलामा नाच भन्ने हुरी हामीले ल्याउनुपर्छ। आमा-बाबुको त्यो बासी परम्परा, फुड पोइजन हुने, बासी भात जस्तै फालिदिऊँ नालीमा! होइन त ?**[७०]

पितृसत्तात्मक सामाजिक परम्परालाई भत्काउने उसको हुँकार छ। परम्परावादी रूढि, अन्धविश्वास र कुरीतिलाई यथाशीघ्र परिवर्तन गर्नुपर्छ भन्ने उसको तर्क छ। नारी दमनवादी नीति र व्यवस्थालाई ऊ फुड पोइजन ठान्छे। आफ्नो साथी शान्तिलाई पनि पितृसत्ताको विरुद्ध उठ्न जागरूक गराउन शैशवा अघि सरेकी छ। शैशवाले उठाएको मुद्दा एवम् परिवर्तनको चाहना विश्व नारी समाजलाई दिएको एउटा क्रान्तिकारी सन्देश र वैचारिक क्रान्ति हो। पितृसत्तात्मक व्यवस्थाद्वारा युगौंदेखि दबिएर बस्न विवश नारीले अब सचेत र शिक्षित बनेर प्रतिशोध लिने उपयुक्त समय आइसकेको सन्देश शैशवाले दिएकी छ। पुरुषलाई शाषकको रूपमा उभ्याउने र नारीलाई शोषितको स्थितिमा पुऱ्याउने पितृसत्तात्मक व्यवस्थालाई भत्काउन समस्त नारीहरूले आ-आफ्नो क्षमता देखाएर क्रान्तिकारीचेत अँगाल्नु पर्ने सन्देश शैशवाले दिएकी छ।

शैलेन्द्रकी पत्नी र शान्ति दुवै नारी एकै समयमा शैलेन्द्रको कामवासनाको सिकार भएका यथार्थ थाहा पाउने बित्तिकै आफ्नो आत्मसम्मान, स्वाभिमान र अपमानबोधले शान्ति रन्थनिएकी छ। शैलेन्द्रले लगाएको चोटको प्रतिवादमा ऊ उग्र एवम् हिंसात्मक बनेकी छ। पितृसत्ताको आडमा नारीलाई यौन सामग्रीको रूपमा प्रयोग गर्ने शैलेन्द्रप्रति शान्तिले गरेको प्रतिरोधलाई शान्ति स्वयम्बाट यसरी अभिव्यक्त गरिएको छ-

७० पूर्ववत्, पृ. १३।

**यो सत्याभासले मनमा अँटाइ-नअँटाई उप्रति अशेष घृणा र क्रोधको मुस्लो उठयो! उसको यो बेहोशीमा कुनै तरहले उसको हत्या गर्न सुरिएँ! भएभरको शक्ति लगाई उसलाई घचघट्याएँ- उ भूईँमा लड्यो-लुछें-वाल्ल परेर मलाई हेरिरह्यो। [७१]**

**भोलिको प्रतीक्षा**- की शान्ति शैलेन्द्रको कामुक प्रेममा परेर गर्भवती भएपछि शैलेन्द्रले ऊ प्रति गरेको विश्वासघातलाई शान्तिले चुनौतिको रूपमा स्वीकार गरेकी छ। पितृसत्ताको अहम्मा नारीलाई आफ्नो खेलौना ठान्ने पुरुषको अघि दयाको पात्र बन्नु भन्दा शैलेन्द्रको पितृसत्तात्मक सङ्कुचित मानसिकतालाई ध्वस्त पार्नको निम्ति उसले नयाँ चुनौतिको रूपमा यस विश्वासघातलाई नारी अपमानका रूपमा यसरी लिएकी छ- "आफै भुवरीमा परेपछि, मैले त मानवीय त्यो पर्वको साँचो आत्मालाई संसारसम्मुख ब्युँत्याउनु थियो, उभ्याउनु थियो, चिनाउनु थियो। समाजको पूर्व इतिहास झैं मलाई अन्धकारमा राखी शैलेन्द्रले मप्रति गरेको आत्मघात, विश्वासघातलाई चुनौतिको रूपमा स्वीकारें। "[७२] पुरुष हैकम र पितृसत्तात्मक तानाशाही नियतलाई अँगालो हालेर हुर्किएको पाखण्डी प्रवृत्तिको शैलेन्द्रको कुत्सित कर्मले एउटा परिवारको सुख चैन र इज्जत लिलाम भएको पाइन्छ। शान्तिको जन्म पनि उसकी आमालाई कुनै पुरुषले गरेको अत्याचारको परिणाम थियो। उसकी आमा भने आत्महत्या गर्न बाध्य भई तर शान्ति पुरुषवादी सोच र मनमानी ध्वस्त गर्न अग्रसर देखिन्छे। दण्डणीय अपराध, अन्याय गरेर पनि ठाडो शिर लिएर हिड्न दिएर नारीलाई मात्र सजायको पात्र बनाउने पितृसत्तात्मक मानसिकताले ग्रस्त समाजलाई शान्तिले गर्भमा हुर्किंदै गरेकी भ्रूणलाई एक्लै जन्म दिने निर्णय लिनु सक्नु नै वर्तमान नारीजातिमा आएको जागृति सचेतता र

---

७१ पूर्ववत्, पृ. ४५।

७२ पूर्ववत्, पृ. ४७।

आत्मसम्मानको लक्षण हो। शान्तिको यो निर्णय पितृसत्तात्मक समाजलाई दिएको ठुलो चुनौति हो। शान्ति पितृसत्तात्मक व्यवस्था, पुरुष मानसिकता र इतिहासको विरुद्ध लड्ने क्रान्तिकारी नारीको रूपमा उभिएकी छ।

**परम्पराको रछ्यानमा अफालिएकी पूर्वाग्रहले ग्रसित नारी झैं मैले तर उनीहरूको मुख ताकिनँ, सहारा र सहयोगको याचना गरिनँ। न नै जीवनलाई विषादपूर्ण अभिशाप संझेकी छु। सके यो नै मेरो जीवनको विजय हो, उपलब्धि हो! समाजको मर्यादा भनिने त्रसित वातावरणमा जुँध्नलाई कम्मर कसेकी एक्ली नारी म, धमिलिएको नारी-इतिहासमा सायद यो सचेतताको सौगात हो, नौलो भूमिका हो।** [७३]

आफू एक्लैमा सशक्त छु भन्ने आत्मविश्वास लिएकी शान्ति पितृसत्तात्मक समाजको विरोधमा खरो उभिएर चुनौति दिन खडा भएकी छ। समाज नै पितृसत्तात्मक मानसिकताले ग्रस्त रहेको हुनाले उसले यस्ता समाजमा नारीप्रति राखिने हेय दृष्टि, पूर्वग्रहग्रसित धारणालाई मेटाउन कसैको सहयोगको आकाङ्क्षा राखेकी छैन। नारी पुरुष समानतावादी समाजको नव इतिहासको निर्माणको यात्रामा शान्ति सशक्त रूपमा अघि बढेकी छ। आफ्नो सङ्घर्षलाई सफल बनाउन मानसिक रूपमा मात्र नभएर व्यावहारिक रूपमा पनि ऊ उत्रिसकेकी छ। त्यसैले उसका घरमा काम गर्ने इन्दुमतिले गर्भको नानीको बाबु को हो भन्ने प्रश्नको उत्तर कुनै सङ्कोचविना दिएकी छ- "बाबुविनाको, बतासे!"[७४] लिङ्गका कारण पुरुषले प्रत्येक क्षेत्रमा प्राथमिकता पाउँदै आएका छन्। नारीप्रति नगण्य अन्याय भएका छन्। यही अन्यायपूर्ण व्यवस्थाको अन्त नारीवादी चाहन्छन्। लैङ्गिक विभेदको पर्खाललाई भत्काउँदै पुरुषसमान नारी पहिचान स्थापित गर्ने समयको घोषणा पूर्णिशा यसरी गर्छे- "निर्बल बलवान विशेष दुइ

---

७३ पूर्ववत्, पृ. ६०।

७४ पूर्ववत्, पृ. ६१।

लिङ्गमाझको पर्खाल खिई नै सकेको छ। पुरुष-नारीबिच निर्धारित यस व्यवधानको पारम्परिक पर्खालको धस्काइमा हामीमाझ संक्रमणकाल गुज्रिरहेछ। "[७५] यस सङ्क्रमणकालले ल्याएको सचेतताको प्रभावले पितृसत्तालाई परास्त गर्न क्रान्तिकारी नारी पूर्णिशा अग्रसर भएकी छ। ऊ आफ्नै अग्रसरतामा युगौंदेखि पितृसत्ताले नारीमाथि गर्दै आएको दमनको प्रतिशोध लिन जुटेकी छ।

विवाहपछि नारीले पतिको थर स्वीकार गर्नुपर्ने र जीवनभरी परिचत हुनुपर्ने पितृसत्तात्मक व्यवस्थाको विरोधमा **मध्यान्तर-** की पूर्णिशाको भनाइ यस्तो रहेको छ - "तर तिमीले मलाई पत्नीको स्थानबाट निष्कासित गरेकै दिनदेखि भने तिम्रो उपनाम धारण गर्ने बाध्यता नै रहेन। "[७६] यसरी पतिको उपनाम जोड्ने पितृसत्तात्मक परम्परागत मान्यतालाई पूर्णिशाले तिरस्कार गरेकी छ। नारीको जन्मजात थरबाट आफ्नो पहिचान बनाउने पूर्णिशाको निर्णयले पितृसत्तात्मक व्यवस्थालाई चुनौति दिएकी छ। "शारीरिक भिन्नताले यो स्थापित गर्दैन कि महिला अन्य, गौण या यौनजनित सोपानीकरणमा (क्रमबद्धतामा) तल्लो सिंढीमा रहेकी छ"[७७] भन्ने सिमोन दि बुआको भनाइ जस्तै पूर्णिशाले पनि नारीलाई यौनवस्तु ठान्ने पुरुषका मानसिकताप्रति विद्रोही बन्दै प्रश्न गरेकी छ -"के नारीको नारीदेह बाहेक अर्थोक केही छैन? कमनीय दृष्टिले मात्र उसको तारूण्यलाई हेरिनु हो? उभित्र धर्म-संस्कारानुप अवदानको भावना हुँदैन? के उ मात्र उपभोगको वस्तु हो?"[७८] यसरी ऊ नारी पुरुषको उपभोग्य वस्तु होइन भन्दै कामुक पुरुषप्रवृत्तिप्रति आक्रोषित बनेकी छ। पितृसत्ताको प्रभुत्व रहेको समाजमा लोग्नेमान्छेले स्वास्नीप्रति गरिरहेको दमनको नयाँ रूपलाई उपन्यासकार पुष्प

---

७५ पूर्ववत्, पृ. ६।

७६ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ८।

७७ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. १७।

७८ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ८३।

राईले उपन्यासमा प्रस्तुत गरेर समाजलाई एउटा नयाँ अध्याय खोलिदिएकी छन्। नारी शोषणका विभिन्न स्वरूपलाई सूक्ष्म रूपमा उतारेका हुनाले **भोलिको प्रतीक्षा** र **मध्यान्तर** दुवैवटा उपन्यास नेपाली नारीवादी उपन्यासको कोशेढुङ्गा बन्न पुगेका छन्।

राम पितृसत्ताको नमुनाको रूपमा खडा भएको छ। पुरुषप्रभुत्व रहेको समाजमा पुरुषले विवाहपछि पनि परस्त्रीसँग शारीरिक सम्बन्ध राख्ने र नारीले भने त्यही दुराचारपूर्ण पतिलाई स्वामीको रूपमा सम्मान गर्नुपर्ने चलन यथावत् प्रचलनमा भएकै कुरा हो भन्ने यथार्थलाई समाजले अनदेखा गरिरहेको छ। सामाजिक व्यवस्था पुरुषपक्षमा भएको हुनाले सामाजिक मानसिकता पनि व्यवस्थाअनुरूप नै बनिएको छ, त्यसैले पुरुषले नारीमाथि गरिरहेको दुर्व्यवहार, अन्यायमा पनि पुरुषप्रधानतावादी समाज मौन छ। पुरुषले जत्तिनै गलत काम गरे तापनि त्यसको लाञ्छना र दोष नारीमाथि नै जान्छ। फलतः नारीले विना अपराध पनि विभिन्न यातना सहनु पर्ने हुन्छ।

प्रस्तुत उपन्यासको राम एकजना यौन मनोग्रन्थी रहेको यौन मनोविकारले ग्रस्त पात्रको रूपमा चिनिएको छ। उसकी पत्नी गर्भवती भएपछि ऊ भने आफ्नै पर्सनल सेक्रेटेरीसँग अवैध सम्बन्ध राख्छ। पूर्णिशाले यस्ता अवैध सम्बन्धबारे स्पष्टीकरण माग्दा अझ आफ्नै देवर राकेशसँग पूर्णिशाको सम्बन्ध रहेको लाञ्छना लगाउँदै ऊ भन्छ-"तँ जस्ता हजार स्वास्नी राख्ने ताकत छ मेरो। मेरो निज मामलामा दखल दिने को होस्? तँलाई बिहे गरे, त्यो नै भाग्य संझी। होइन भने जहाँ जान सक्छेस् एकदम अहिले नै, द्वार खुल्लै छ।"[७९] यहाँ यौन शोषक मात्र होइन अर्काको आत्मसम्मानमाथि आघात पार्ने घातकको रूपमा राम प्रस्तुत भएको छ र शोषकको आदेशअनुरूप शोषित नारीले चल्नु पर्ने बाध्यता

---

७९ पूर्ववत्, पृ. ७९।

देखाइएको छ। वास्तवमा रामको कथनमा पितृसत्ताको अहम् मुखरित भएको छ। उपन्यासको सुरुदेखि पूर्णिशाले गृहत्याग गरेको घटनासम्म पूर्णिशा र अन्य कुनै पनि पात्रले रामको दुर्व्यवहार र दमनप्रति कुनै प्रतिकार गरेको देखाइएको छैन, त्यसले समाजमा पितृसत्तालाई संस्थागत रूपमा स्वीकारिएको देखाइएको छ। तर उपन्यासको अन्तमा पितृसत्ताको अत्याचारले चरम रूप लिएको अनुभव गरेपछि पूर्णिशा यस्ता दुर्व्यवहारप्रति विद्रोही बनेकी छ। पूर्णिशा स्वयम् पनि पितृसत्ताको अन्त गर्न युगलाई समेत हाँक दिन अग्रसर देखिएकी कुरा उपन्यासमा यसप्रकार उल्लेख गरिएको छ-"यै सन्दर्भमा तिमी-म, पुरुष- नारीबिच निर्धारित सम्बन्धलाई मुद्दाको रूपमा उभ्याउँछु यहाँ। यो मुद्दा तिमीलाई, यो युगलाई"[८०] यहाँ 'तिमी' ले भन्नाले त्यो व्यवस्था र सामाजिक संरचना जहाँ पितृसत्ताको अहम्, पुरुषवर्चस्व र पुरुषप्रभुत्वले स्थान ओगटेको छ र 'म' ले पुरुषको नियन्त्रणमा दबिएर बसेका नारीसमूह बुझिएको छ। 'तिमी' सम्बोधनले पितृसत्ता बुझाइएको छ। पितृसत्ताको अत्याचारी शोषणलाई धराशयी बनाउने सुरमा ऊ एउटा अडान लिएर खडा भएकी छ। युग युगान्तर पुरुषद्वारा प्रताडित स्वास्नीमान्छेको विद्रोही स्वरलाई एकत्रित गरी नारी पुरुष समानतावादी समाजको निर्माणमा सङ्क्रमण रेखा कोर्न अग्रसर बनेकी छ। नारीप्रति पुरुषले निरन्तर गर्दै ल्याएको दमन र पूर्णिशाले भोगेकी यातनाकालको तिक्तता यही अन्त गर्न र वर्षौंदेखिको पुरुषदमनलाई ध्वस्त पारी पुरुष र नारीबिच समानता स्थापित गर्न ऊ अग्रसर छ। एउटा दीर्घकालीन समयको सकसपूर्ण नेटोलाई परिक्रमा गर्दै युगले प्रहार गरेको चोट सहन बाध्य बनाइएका नारीका नियतिको कुनै लेखाजोखा नभएको सत्यको ज्ञान उसलाई छ। प्रत्येक नारी युगले दिएको घाउ लिएर बाँच्न बाध्य रहेको कुराको ज्ञान पनि

---

८० पूर्ववत्, पृ. ९०।

पूर्णिशालाई छ। नारी अस्मितालाई दबाएर नारी आत्मसम्मानसँग खेलवाड गर्न रतिभर नहिचकिचाउने पितृसत्तात्मक शासन व्यवस्थाको आयु समाप्त भएको घोषणा **मध्यान्तर**-ले गरेको छ। यहाँदेखि उताको युगले अर्कै कोल्टे फेर्नु पर्ने आवश्यकताबोध पनि पूर्णिशाले गरेकी छ।

पुष्प राई पितृसत्ताको तानाशाही शासन धराशाही हुनुपर्छ भन्ने मागमा अटल रहेर अघि बढेकी देखिन्छन्। यसको प्रतिनिधित्व गर्दै उपन्यासमा पूर्णिशा सशक्त बनेर खरो उत्रिएकी छ। यही बिचको दिककाल नै मध्यान्तर हो। यस दोसाँध बिचमा पूर्णिशाको नियतिको रेखा कोरिएको थियो जसलाई अन्त गरेर अर्को नयाँ युगको परिकल्पना पूर्णिशाले गरेकी छ। यसैको आधारमा उपन्यासको नामकरण नै **मध्यान्तर** राखिएको छ। रामले पत्नीसँग केही वर्षपछि इमेल मार्फत पुन: सम्बन्ध राख्ने प्रयास गरे तापनि पूर्णिशाले भने रामसँग सम्बन्ध जोड्ने कुरा अस्वीकार गरेकी छ। पूर्णिशा नारीलाई पुरुषको स्वार्थपूर्तिको साधन बनाउन चाहने पितृसत्तात्मक सङ्कीर्ण मानसिकता भएको पतिदेखि अलग्गै रहेर स्वतन्त्र जीवनको बिताउने निर्णिय लिँदै भन्छे- "तिमी जस्ता स्वार्थान्धतासित हातेमालो गर्नुभन्दा, एक्लो नारी-जीवन बाँच्नुमा बढी जीवनको सार्थकता छ, आनन्द छ।"[८१] पूर्णिशाको यस भनाइमा नारी पुरुषविना पनि जीवन जिउन सक्षम छन् भन्दै आफ्नो आत्मनिर्भरताको परिचय दिएकी छ। नारीले पुरुषको निर्देशनमा जीवन चलाउनु पर्छ भन्ने पितृसत्तात्मक मानसिकतालाई खण्डन र भञ्जन गर्दै नारीले सङ्घर्ष गरे अवश्यै पुरुषवादी सामाजिक संरचनाका नारीदमनीय नीतिलाई निर्मूल गर्ने अभियान सफल हुने छ भन्ने सङ्केत दिंदै नारी उन्मुक्ति र स्वतन्त्रताको घोषणा गर्ने साहसिलो पहल पूर्णिशाले गरेकी छ ।

८१ पूर्ववत्, पृ. ९४।

यसरी पितृसत्तात्मक व्यवस्थाको विरोधमा क्रान्तिकारी स्वर निकाल्ने सशक्त नारीपात्र **भोलिको प्रतीक्षा**-की शान्ति र शैशवा रहेका छन् भने पितृसत्ताको अन्त गर्नको निम्ति आफ्नो स्वरलाई टड्कारो रूपमा **मध्यान्तर**-की पूर्णिशाले निकालेकी छ। पितृसत्तालाई ध्वस्त पार्ने पहललाई सफल तुल्याउने नेपाली नारीवादी उपन्यासहरूमा पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर** अत्यन्त उदाहरणीय रहेको पाइन्छ।

### ४.३.६ पुष्प राईका उपन्यासमा नारीलेखन

नारीका आफ्ना विचार, नारी अन्तस्थका भावनाहरू, नारी शरीर, नारी इच्छा, नारीका पहिरन र नारीले आफ्ना बारेमा अनुभूत गर्ने सम्पूर्ण पक्ष आदि विषयलाई नारीलिखित पाठमा समावेश गर्नुपर्छ भन्ने कुरामा वकालत गरिएको नारीवादी अवधारणा नै नारीलेखन हो। नारीका राजनैतिक, शैक्षिक, सांस्कृतिक, आर्थिक अधिकारमा मात्र सीमित नरहेर नारीवादी लेखकले नारी शरीर र अनुभूतिको सही चित्र पाठमा उतार्न आवश्यक रहेको बताएका छन्। नारीलेखनले पुरुष सर्जकले नारीका विषयमा चित्रण गरेका कुरालाई कृत्रिम, आडम्बरी र षड्यन्त्रपूर्ण ठान्दछ। पुरुष सर्जकले नारीलाई सदैव पुरुष नियन्त्रणमा राख्ने प्रयास गरेका हुन्छन् भन्ने कुरा फ्रान्सेली नारीवादीले उठाएको मुद्दा हो। साहित्यमा नारी र पुरुषलिखित साहित्यको भिन्नता छुट्याउने विशेषताबारे जुलिया क्रिस्तेभा भन्छिन्-"पौरूष भाषा प्रतीकात्मक हुन्छ तर स्त्रीभाषाको सम्बन्ध साङ्केतिक वा चिन्हित रहन्छ। इडिपस तह पार गर्दै शिशु प्रतीकात्मक तहमा अर्थात् पौरुष भाषामा प्रविष्ट हुन्छ। त्यसभन्दा पहिलाको चिन्हित वा चिह्नवैज्ञानिक तहमा उ आमामै केन्द्रित रहन्छ। मातृप्रभुत्व रहेको त्यस तहसित स्त्रीलिखित साहित्य सम्बन्ध हुन जान्छ। "[८२]

---

८२ कृष्ण गौतम, सन् २०१३, *वर्तमान नेपाली साहित्यमा नारीलेखन: उत्तरआधुनिक परिप्रेक्ष्यमा स्त्रीवादी*

पुरुषको प्रभुत्व रहेको समाजमा पुरुषलेखन पुलिङ्ग शब्दकेन्द्रित छ भन्ने विचारलाई अघि सार्दै पुलिङ्ग शब्दकेन्द्रवादको भञ्जन गरिएर लेखिएको नारीलिखित पाठको सिर्जना नै नारीलेखनको मुख्य उद्देश्य रहेको पाइन्छ। नारी जीवनका विभिन्न पक्ष, समस्या र पुरुषदमनबाट प्रताडित स्वरको चित्रण पुरुष लेखनमा समावेश हुन असम्भव रहेकाले नारीलेखनको आवश्यकता रहेको कुरा फ्रान्सेली नारीवादीले उठाएका छन्।

नारीलेखनमा नारीको स्वरलाई पाठमा उतार्नको निम्ति नारी स्वयम्ले पुरुष लेखकले प्रयोग गरेको भाषाभन्दा भिन्न नारी भाषाको प्रयोग गर्नु आवश्यक रहेको कुरा लूस इरिगरी, हेलेन सिजू, एलेन सोवाल्टर आदि नारीवादी लेखकले अघि सारेका छन्। समाजका विभिन्न एकाइमा पुरुष शक्तिद्वारा नारी स्वरमाथि दवाव परेकाले नारीका आन्तरिक द्वन्द्व, इच्छा, आकाङ्क्षा, चाहना, नारी मूल्य आदि पक्षलाई खुलेर अभिव्यक्त गरिनुपर्छ भन्ने कुरा नारीलेखनमा समावेश गरिनु अत्यन्त महत्त्वपूर्ण ठानिएको पाइन्छ। "महिला तथा पुरुषले भिन्न- भिन्न मानसिकता र स्थितिमा उपन्यास लेख्ने हुँदा पुरुषले लेखेको उपन्यास र महिलाले लेखेको उपन्यास भाषा र विचार दुवै दृष्टिले भिन्न हुन्छन्"[८३] नारी र पुरुष दुवैको समाज एउटै भए तापनि यी दुइमध्ये नारीले भोगेको जीवन र पुरुषले भोगेको जीवन भन्दा भिन्न नारी पुरुषको मानसिकता पनि भिन्न भिन्न हुने गर्दछ। त्यसर्थ पुरुषद्वारा लिखित पाठमा नारी नियति, वास्तविकता पाठमा चित्रण हुन असम्भव देखिन्छ। नारीको मनोस्थितिको वास्तविक चित्र पाठमा नउतारेसम्म नारी पुरुषभाषाको नियन्त्रणमा हुन्छन् भन्ने नारीवादी चिन्तकहरूको अडान रहेको पाइन्छ। त्यसर्थ लेखनमा नारीले मनका

---

*पठनको एक चित्र*, सुधा त्रिपाठी र सीता पन्थी, (सम्पा.) **नेपाली नारीवादी समालोचना**, काठमाडौं, नेपाल प्रज्ञा- प्रतिष्ठान। पृ. ४४-४५।

८३ ऋषिराज बराल, सन् १९९९, पूर्ववत्, पृ. ९३।

अन्तस्थलसम्म पुगेर आफूले भोगेका यथार्थ अनुभव वर्णनमा आफ्नै स्पष्ट स्वर बोकेको भाषाको प्रयोग हुनुपर्छ भन्ने कुरा फ्रान्सेली नारीवादीले गरेका छन्।

पुरुषले अनुभव गर्न नसक्ने कतिपय प्रसङ्गलाई **भोलिको प्रतीक्षा** उपन्यासले स्पष्ट खोलिदिएको छ। शान्ति गर्भवती भएपछि भ्रूणको शिशु दिन प्रतिदिन बढ्दै जाँदा नारीको शरीरमा देखिएको परिवर्तन र आफूले अनुभूत गरेकी कुरा शान्ति यसरी भन्छे- "कलेजमा दिनभरि जस्तो कस्तो-कस्तो कुतकुत्याउने अनुभव भइरह्यो। कसरी गर्भमा शिशु बिसाई-बिसाई चल्न सुरु गरिरहेथ्यो।"[८४] यस कथनमा अभिव्यक्त शान्तिको विचारमा कुनै कृत्रिमता छैन। एउटी नारीले गर्भवती अवस्थामा अनुभूत गरेकी वास्तविक स्थितिको अभिव्यक्ति लेखिका पुष्प राईले गरेकी छन्। यहाँ उपन्यासकार स्वयम् शान्तिको रूपमा अवतरित भएकी छन्। एउटी गर्भवती नारीको अनुभूतिबोध गर्न सफल बनेकी छन्। गर्भवती अवस्थाका विभिन्न शारीरिक परिवर्तन, परिवर्तित विचार र नारीका मन-मस्तिष्कलाई प्राकृतिक रूपमा नै पुरुषले अनुभूत गर्न नसक्ने हुनाले पुरुषद्वारा चित्रित नारीको अवस्था कृत्रिम बन्न जान्छ। तर पुष्प राई स्वयम् नारी हुनाले शान्तिद्वारा नारीका गर्भवती अवस्थाका अनुभूतिलाई अन्तस्थलसम्म पुगेर सूक्ष्म रूपमा पाठमा उतार्न सफल बनेकी छन्। गर्भवती अवस्थामा नारीको मानसिक स्थितिलाई नारीसर्जकले मात्र बुझ्न सक्ने हुनाले शान्तिको हृदयलाई समेटेर चित्रित गर्न सकेकी छन्। यसरी गर्भमा बच्चा चलमलाएको अनुभव, शिशुप्रति मातृ प्रेमको आनन्दानुभूति, मातृत्व एवम् वात्सल्यप्रेमको आभाष आमाले गर्भवती अवस्थादेखि नै अनुभूत गर्न सक्छे जुन अनुभूतिदेखि बाबु अनभिज्ञ रहेको हुन्छ।

---

८४ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ४८।

शिशु र आमाको यस्तो दीर्घ र प्रगाढ सम्बन्धले शिशुप्रति आमाको अधिकार बढी हुनुपर्ने कुरा उठाउँदै मातृ अधिकारको मूल्यमाथि अवगत गराएको पाइन्छ। हेलेन सिजू, लूस इरिगरी र एलेन सोवाल्टर जस्ता नारीवादीले पुरुषदमनबाट खोजेको मुक्तिको मार्ग र प्राप्त गरेका आन्दोलन नै नारीको आफ्नो अनुभूति हो।

पुरुषको भन्दा नारीको अनुभव फरक हुने हुनाले नारी लेखिकाले "नारीलाई उचित रूपमा प्रतिनिधित्व गर्ने भाषाको रचना गर्नुपर्छ"[८५] भन्ने हेलेन सिजूको भनाइको तात्पर्य नारीले नारीका विभिन्न अनुभव र नारी शरीरलाई रचनामा समावेश गर्नुपर्छ भन्ने हो। समाजमा नारीको अवस्थाबारे संवेदनशील रही उनीहरूका अन्तस्थलमा दमित स्वरलाई लेखनद्वारा सार्वजनिक क्षेत्रमा प्रस्तुत गरेपछि मात्र नारीको यथास्थितिको उद्‌घाटन हुन सक्छ। नारीमाथि गरिने पुरुषदमन लेखनमा भित्रिएपछि मात्र नारी पुरुषमा रहेको लिङ्ग विभेदको वास्तविकता खोलिन्छ। यस्ता विभेदप्रति गरिने विद्रोही स्वरले नै दुइ लिङ्गमाझ रहेको समस्या समाधान हुने सम्भावना देखिन्छ भन्ने नारीवादी सिजूको अडान रहेको छ। सिजूले विशेष जोड दिएको नारीको वास्तविक चित्रण नारी लेखनमा हुनुपर्छ भन्ने मन्तव्य पुष्प राईको **भोलिको प्रतीक्षा र मध्यान्तर** उपन्यासमा पाइन्छ।

नारीभाषाको विशेषताबारे इन्द्रबहादुर राई भन्छन्-"नारीमानस-स्वाभाविक भाषा र भाव पनि नारी लेखनको एकपरि श्रेष्ठता हुन्छ। बौद्धिक प्रखरता पुरुषलेखनको शक्ति मानिएला। नारीलेखनमा यहाँ बौद्धिक भावमयता उर्लन्छन्।"[८६] यसको तात्पर्य नारीभाषाका बौद्धिक पक्ष

---

८५ क्रिस्टन क्यामबेल, सन् २००४, **जाक लकाँ एन्ड फेमिनिस्ट इपेस्टमलोजी**, लन्डन, रौटलेज टेलर एन्ड फ्रान्सिस् गर्प, पूर्ववत्, पृ. १७३। .

८६ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ग।

सँगसँगै भावनात्मक पक्षको समावेश पनि गरिएको हुन्छ भन्ने हो। यसै सन्दर्भमा पुष्प राईको **मध्यान्तर** उपन्यासमा प्रयुक्त भाषाबारे इन्द्रबहादुर राई भन्छन्-

> **पाठकवर्गको विवेकलाई छुनलाग्दै मनलाई आर्द्र तुल्याइसक्ने। पुष्प राईका असङ्ख्य शब्द र वाक्यहरू अशेष बौद्धिक भावलहरी छन्। फेरि नारीलेखनको एक सबलता हुँदछ त्यहाँ सन्निहित व्यंग्यात्मक एवं उपहासात्मक ढंग (स्याटिरिक मोड)-को संचारणाले। पुरुषीय बौद्धिकता हार्दछ, लटमुखा बन्दछ नारीय व्यंग्यात्मक, उपहासात्मक प्रश्न र उत्तरहरू अघि।** [८७]

"सृष्टिकर्ताका दुइ विपरीत तथ्य पुरुष-नारी। रचनामा मात्र होइन हृदयको तह; सोचाइको गहराइमा पनि उत्तिकै पार्थक्य"[८८] भन्ने शान्तिको उद्गारले नारी पुरुषको सोच समझदारीमा ठुलो पार्थक्य रहको कुरा उल्लेख गरिएको छ। **भोलिको प्रतीक्षा**-को समाजमा नारीप्रति पुरुषको दृष्टिकोण वासना तृप्तिको साधनको रूपमा मात्र रहेको छ। पुरुषले नारीको मूल्यलाई बुझ्न नसकेका हुनाले नै पुरुषका लागि नारी वस्तु मात्र बनेर उपभोग भइरहेका देखिन्छन्। गर्भमा भएको शिशु र आमाको सम्बन्ध घनिष्ट हुन्छ भन्ने यथास्थितिको चित्रण गरिएको प्रस्तुत उपन्यासले गर्भमा पुरुष नियन्त्रणबाट मुक्तिको मार्ग खोलिदिएकी छ। यसप्रकार गर्भ, गर्भाशय, शिशुमाथि नारीका अनुभूतिको यथार्थ चित्रण नारी अनुभूतिबाट मात्र वास्तविक रूपमा प्रकट गर्न सकिने कुरा उल्लेख गर्न उपन्यासकार धेरै संवेदनशील बनेकी छन्। नारीको कोखलाई सुरक्षित राख्न नारी क्रान्तिकारी बनेर उत्रन सक्छे भन्ने कुरालाई शान्तिद्वारा यस्तो प्रतिक्रिया गर्न लगाएकी छन्- "यो सत्याभासले मनमा

---

८७ पूर्ववत्, पृ. ग।

८८ पुष्प राई, सन् २०१०, पूर्ववत, पृ. ३६।

अँटाइ-नअँटाई उप्रति अशेष घृणा र क्रोधको मुस्लो उठ्यो! उसको यो बेहोशीमा कुनै तरहले उसको हत्या गर्न सुरिएँ!"[८९] यस्तो प्रतिशोधको भाव जगाउँदै नारी लेखिका पुष्प राईले उठान गरेको मुद्दा नारीको गर्भसँग षड्यन्त्र गर्ने पुरुषप्रतिको विद्रोह हो। यसप्रकारको विद्रोही स्वर ध्वनित गराउनु नै नारी लेखिकाले गरेको नारी मुक्तिको पहल हो। यस्ता पहल नै नारीलेखनमा पाइने महत्तम उपलब्धि हो।

यसरी पुरुष अत्याचारको प्रतिक्रियास्वरूप नारीले विद्रोह गर्नु भनेको नारीको स्वाभाविक आक्रोश हो। उपन्यासमा शैलेन्द्रको भोगवादी प्रवृत्तिप्रति शान्तिलाई क्रान्तिकारी बनाएर प्रस्तुत गर्नु नारी पुरुषमाझमा रहेको असमानताको अन्त गर्ने विकल्प लेखनमा भित्रिएको अनुभव हुन्छ। उपन्यासमा शान्तिले अविवाहित हुँदा नै गर्भधारण गरेकी हुनाले कोखको शिशुलाई जन्म दिने क्रममा उसले समाजको लाञ्छनालाई जवाब दिन विभिन्न मानसिक पीडा भोगेको भिन्न अनुभव छ भने शैलेन्द्रकी पत्नीले आफू गर्भवती हुँदा पति टाडा भएको कारण विभिन्न विपत्तिका अनुभव गरेकी छ। पुरुष भन्दा नारीको सोचाई मानसिक र आत्मिक दुवै रूपमा भिन्न हुन्छन् भन्ने कुरालाई देखाउँदै उपन्यासकारले उपन्यासमा शान्तिलाई भन्न लगाएकी छन्- "जहाँ पुरुषको प्रणय गहिराइबाट क्रमशः सतहमा आई बिलाउला बिलाउला झैं गर्छ त्यहीं नारीको प्रेम सतहबाट सुरु भई गहिराइमा समाविष्ट हुनपुग्छ। !"[९०] यस कथनमा नारीका आत्मबोधलाई विस्तृत रूपमा चित्रिण गरिएको छ। यो पनि नारीलेखनको एउटा विषेश उपलब्धि हो।

विवाहित नारीका अनुभव, जीवन भोगाइलाई उपन्यासकार पुष्प राईले जस्ताको तस्तै उपन्यासमा उतारेकी छन्। उनले नारीका पीडालाई नारीकै स्वरबाट ध्वनित गराएकी छन्-

---

८९ पूर्ववत्, पृ. ४५।

९० पूर्ववत्, पृ. ३६।

"नारीले जन्मैदेखि लिएर आएको आफ्नो प्रिय उपनाम विवाहपछि तिलाञ्जली दिनुपर्दा केही क्षण उ संज्ञाहीन बन्छे र व्यक्तिगत पहिचानबाट हराउँछ। उसले आफ्नो सत्तामा केही हराएकै हुन्छ, केही न केही गुमाएकै हुन्छ। मनोवैज्ञानिक रूपले स्वास्नीमान्छेलाई पंगु बनाइने, लोग्नेकै उपनामको पुच्छर जोड्नुपर्ने यो पुरातन हठी संस्कार, थाहा छैन, कुन युगसम्म तेन्सिरहला?"[९१]

नारीले आफ्नो जन्मदेखि लिएर आएको थरलाई विवाहपछि गुमाउन बाध्य बनाइँदा उसले आफ्नो स्वत्व गुमाएकै हुन्छ तर त्यो दमित अवस्थामा रहेको पाइन्छ। यसरी नारीले पुरुषवादी सामाजिक व्यवस्थामा भोगेको प्रताडनाले पुरुषको हृदयलाई छुन सकेको पाइँदैन। यस उपन्यासको सिर्जना पनि नारी कलमद्वारा भएको हुनाले नारी हृदयको विभिन्न पक्ष, मानसिक यातना र उसका भिन्न अनुभवको यथावत् चित्रण उपन्यासमा भएको पाइन्छ। वैवाहिक संस्कार र रूढि परम्पराले निरन्तरता दिएको कुसंस्कारको अन्त गर्न पूर्णिशा आतुर देखिएकी छ। नारीको स्वत्व लोप हुँदै गएको कुरालाई पुरुषहरू अनदेखा गर्छन् यही विन्दुमा उभिएर उपन्यासकारले पूर्णिशामा अवतरित भएर नारीको व्यक्तिगत पहिचान हराउँदाको पीडालाई देखाएर उसका अन्तरहृदयको वेदना प्रस्तुत गरेकी छन्। यसरी समाजले गरेका नारी वञ्चनाका विभिन्न पक्षलाई लेखिकाद्वारा उपन्यासमा चित्रित गरिनु नै नारीलेखनको ठुलो सफलता हो। यसले विवाहपछि नारीको थर पतिको थरमा परिवर्तन गरिने धार्मिक, सांस्कृतिक एवम् सामाजिक नियमको अन्त गर्न सक्ने सङ्केत गरेको छ। नारी स्वतन्त्रता र मुक्तिको मार्ग कस्तो हुनुपर्ने भन्ने यथार्थलाई पाठमा भित्र्याएर पुरुष

---

९१ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ८।

दमनबाट स्वतन्त्र बन्नु नारीलेखनको उद्देश्य हो भन्ने कुरालाई पुष्प राईले सचेत भएर भित्र्याएकी छन्।

नारी भाषा बुद्धिहीन, तर्कविहीन हुन्छ भन्ने धारणाका विपरीत नारीलेखनअन्तर्गत नारी भाषाको चर्चामा लुसी इरिगरीले यस कथनको खण्डन गर्दै "नारीभाषा निर्बुद्धि नभएर भिन्न प्रकारले बौद्धिक हुन्छ। तर्कहीन पनि होइन परिचित अर्थसँग तर्कातित; प्रतिरोधी र वृत्तात्मक हुन्छ। पुरुषभाषाको प्रयोगले नारी आत्मबोधबाट अधुरो अनि खण्डित रहेको हुन्छ"[९२] भनेर तार्किक मत प्रकट गरेकी छन्। पुलिङ्वादी भाषाले पुरुषको भाषा तार्किक र बौद्धिक हुन्छ भनेर परिचय दिए तापनि उनीहरूको भाषाले नारीको आत्माको अनुभूति प्रकट गर्न नसकेको देखिन्छ। पुरुषको बौद्धिक भाषामा नारीको स्वत्व, संवेदना र सम्पूर्ण जीवन नै खण्डित भएको हुन्छ। त्यसैले पुरुषवादी विचारलाई खण्डन गर्ने, पुरुषलेखनको प्रतिरोधी र नारीका आत्मबोधलाई विस्तृत रूपमा चित्रित हुने किसिमका भाषा नारीलेखनमा हुन्छ भन्ने कुरामा इरिगरीले जोड दिएकी छन्। यसरी नारी शारीरिक, बौद्धिक र मानसिक रूपले पुरुषवादी समाजबाट शोषित भएका हुनाले नारीको भाषामा पनि नारी स्वत्व, नारी शरीर, नारीका भावना, आत्मलोकका संवेदनाहरू मिश्रित रूपमा अभिव्यक्त हुन्छन्। निश्चय नै नारीका आत्मबोधबाट अभिव्यक्त अनुभूतिमा पुरुष हैकमलाई प्रतिकार गर्ने शक्तिशाली भाषा प्रस्फुटित हुँदछ। **भोलिको प्रतीक्षा** उपन्यासमा पाइने नारीका समस्यालाई अन्तरहृदयबाट नै अनुभव गर्दै व्यक्त गरिएका वाक्यका उदाहरण निम्नलिखित कथनबाट प्रष्ट हुँदछ - "अतीतको मेरो निर्मल जीवनपातामा अनभिज्ञ कलङ्कहरू पोतिएछन्। अविश्वासमा मनमनै

---

९२ अर्चना वर्मा, २००८, **अस्मिता-विमर्शका स्त्री-स्वर**, मेघा बुक्स, पृ. १७७।

कहालीलाग्दो भीरबाट खसेझै भएँ। विधाताले यसरी ठगीदेलान्-किञ्चित आशा थिएन। "[९३]
यस्ता समस्याबाट जुझेर पुरुषवादी समाजको प्रतिरोध गरेकी शान्तिको भनाइ छ-

> **"परम्पराको रछ्यानमा अफालिएकी, पूर्वाग्रहले ग्रसित नारी झैं मैले तर उनीहरूको मुख ताकिनँ, सहारा र सहयोगको याचना गरिनँ। न नै जीवनलाई विषादपूर्ण अभिशाप संझेकी छु। सके यो नै मेरो जीवनको विजय हो, उपलब्धि हो! समाजको मर्यादा भनिने त्रसित वातावरणमा जुँध्नलाई कम्मर कसेकी एक्ली नारी म।** [९४]

उपर्युक्त कथनले नारीलेखनको विशेषता स्वतः स्पष्ट भएको छ। यसरी नेपाली उपन्यासमा नारीलेखनका विशेषताहरू सफल रूपमा प्रयोग गरिएको पाइन्छ। नेपाली उपन्यासका विकासक्रममा देखा परेका यस खेमाका उपन्यासहरूमध्ये **भोलिको प्रतीक्षा** र **मध्यान्तर**-को उल्लेखनीय भूमिका रहेको छ।

## ४.४ पुष्प राईका उपन्यासमा निहित नारीवादी स्वर

नेपाली उपन्यासको विकासक्रममा नारीवादी स्वरलाई आफ्ना उपन्यासहरूमा सशक्त बनाएर भित्र्याउने उपन्यासकार पुष्प राई हुन्। उनका दुइवटा उपन्यास **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७)-का कथाभूमिलाई नारीले प्रतिनिधित्व गरेका छन्। पितृसत्तात्मक व्यवस्थाको अत्याचार, अन्यायबाट प्रताडित बनेका नारी उपन्यासमा प्रस्तुत छन्। यस्ता नारीका प्रतिनिधित्व **भोलिको प्रतीक्षा**-की शान्ति, उसकी आफ्नी आमा अनि **मध्यान्तर**-की पूर्णिशाले गरेका छन्। यी उपन्यासका नारीहरू पितृसत्ताको यातनाबाट मुक्ति

---

९३ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ५७।

९४ पूर्ववत्, पृ. ५९-६०।

खोज्दै क्रान्तिकारी बनेका छन्। पुरुष अत्याचारलाई चुनौतिको रूपमा लिएर पीडित नारी स्वयम्ले आफ्नो स्वत्वको निम्ति पहल गर्न अग्रगामी सोच राखेका छन्। पुरुष अत्याचारप्रति नारी विद्रोह मानसिक रूपमा मात्र होइन व्यावहारिक रूपमा पनि प्रभावकारी रहेको छ। अत: समाजमा नारीले भोग्दै आएका पुरुष यातनाबाट मुक्तिको निम्ति असहाय, निमुखा बनेका नारीवर्गलाई दुवै उपन्यासका नारी चरित्र शान्ति, शैशवा, पूर्णिशा आदिले झक्झकाएको पाइन्छ। यी नारीका विद्रोही चेत्का प्रभावले नारी स्वयम् पुरुष अत्याचार र अन्यायप्रति सजग बनेर आफ्नो स्वत्वको निम्ति जागरूक बनेका छन्। उपन्यासका नारी चरित्र आफ्नो सुरक्षार्थ अरूको दयामा होइन क्रान्तिकारी बनेर अत्याचारीलाई प्रतिशोध लिन सचेत र अग्रसर देखिन्छन्।

नारीवादी रचनाको प्रमुख विशेषताहरूमध्ये- “नारीलेखिकाले नारी सोचाई र अनुभवको यथार्थ व्याख्या गर्न प्रयास गर्नु, पुरुषद्वारा शोषित नारीको मानसिकतालाई उठाउन प्रेरणा र सहयोग दिनु अनि पितृसत्तात्मक मानसिकताका विरुद्ध विद्रोह र आक्रोश निकाल्नु”[९५] हो भन्ने भनाइ कृष्णहरि बराल र नेत्र एटमको रहेको पाइन्छ। यस आधारमा पुष्प राईका उपन्यास अध्ययन र विश्लेषण गर्दा कामलोलुप प्रवृत्ति भएका पति र प्रेमीबाट प्रताडित जीवन भोग्न नारीलाई बाध्य बनाइएका यथार्थको चित्रण पाइन्छ। यस्ता बाध्यताबाट मुक्ति र स्वतन्त्रताको एउटै चूडान्त मार्ग क्रान्ति नै हो भन्ने विश्वास दिलाउन नारीलाई अभिप्रेरित गराइएको छ। फलत: पितृसत्तात्मक मानसिकताले ग्रस्त पुरुष व्यवस्थाका विरुद्ध नारीपात्रलाई क्रान्तिकारी रूपमा खडा गरिएको पाइन्छ।

---

९५ कृष्णहरि बराल, नेत्र एटम, सन् १९९९, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं, साझा पृ. १२१।

**भोलिको प्रतीक्षा**-मा शान्तिको प्रेमी शैलेन्द्रले गर्भको भ्रूणलाई गर्भपात गर्ने सल्लाह दिँदै उसलाई पत्नीको रूपमा अस्वीकार गरेपछि गर्भवती शान्तिले बाध्यतावश खपिरहेकी यथास्थितिको चित्रण उपन्यासकारले यसप्रकार गरेकी छन्-

> **उसको हरेक गिलासको रित्ताइले मेरा उत्कण्ठा, उल्लासका पलहरूलाई बेहिसाब घात गर्दै गइरह्यो! उप्रतिको अधिकारलाई मरिमेट्दा-मेट्दै पनि त्यो मेरो हातबाट सुस्तरी फुत्किरहेथ्यो। त्यो रातको हरेक क्षणले पराकाष्ठामा पुग्न विवश उप्रतिको मोहलाई अभिशापको रूपमा अन्त गराइरहेको थियो! खिन्न, शून्य चेतमाझ आफ्नै प्रमादमा भविष्य खण्डहरका रूपमा भयावह नाँच्नथाल्यो!**[९६]

उपर्युक्त कथनमा गर्भको शिशुको जिम्मेवारी लिन अस्वीकार गरेपछि गर्भपात गर्न उत्प्रेरित गर्ने शैलेन्द्रको परामर्शलाई नकारे पनि शान्तिमा भएको चिन्ताजनक र उपायहीन क्षणले उसको भविष्य अन्धकारमय भएको ठानेकी छ। नारीका मनोवैज्ञानिक पक्षको चित्रणलाई सही रूपमा उद्घाटन गर्न उपन्यासकारले सक्षम बनेकी छन्। यस्तै प्रकारले गर्भवती नारीको अनुभवलाई उपन्यासकी अर्की गौण नारी चरित्र इन्दुमतिले शान्तिको प्रश्नमा "त्यसो त कुन्नि, तर गर्भमा छोरी बेसी चलेको जस्तो लाग्छ"[९७] भन्ने कुराको चित्रणले गर्भावस्था समयमा नारीले अनुभूत गरेका कुरा पुरुषले गर्नै नसक्नुको यथार्थलाई देखाएकी छन्। यस प्रकारको अनुभवजन्य चित्रण नारीलेखकले मात्र गर्न सक्छन् भन्ने कुरा उपन्यासकार राई स्वयम्ले अनुभव गरेकी गर्भको शिशुको क्रियाकलाप समेतलाई जीवन्त देखाएकी छन्। यसरी गर्भवती महिलाको अनुभवलाई प्रस्तुत गरेर नारीको गर्भाशयसँग खेल्ने नीच पुरुषलाई मातृ:शिशु बिचको आत्मीयता, ममता एवम् प्रेम कुन तहसम्म प्रगाढ हुनसक्छ भन्ने कुरा पुरुषहरूलाई अनुभव हुँदैन भन्ने तथ्य देखाएकी छन्। जुलिया क्रिस्तेभाले आमा र

---

९६ पुष्प राई, सन् २०१० (दो.सं.), पूर्ववत्, पृ. ४३।

९७ पूर्ववत्, पृ. ४९।

उसको सन्तानमाझ प्रगाढ सम्बन्ध रहेको हुन्छ त्यसैले यी दुईका सम्बन्धलाई विच्छेद गर्न सकिँदैन भन्छिन्। [९८] यस्तै प्रकारले पुष्प राईले पनि **भोलिको प्रतीक्षा** उपन्यासकी शान्ति र उसको गर्भको शिशुमाझ घनिष्ट सम्बन्ध र प्रेम देखाएकी छन्। शान्ति र इन्दुमतिद्वारा आमा र शिशुको यस्ता दीर्घ आत्मिक प्रेमको प्रस्तुतिले शैलेन्द्र जस्ता यौन मनोविकृत पुरुषलाई पश्चताप गराउने सङ्केत दिइएको छ। नारीबाट प्राप्त यौन आनन्द मात्र लिन अघि सर्ने तर आफ्नो उत्तरदायित्वदेखि पलायन हुने अवसरवादी, अनुत्तरदायी, कामलोलुप पुरुष व्यवहारको अन्त हुनुपर्छ भन्ने अडान उपन्यासको अभीष्ट रहेको छ।

पुष्प राईको अर्को उपन्यास **मध्यान्तर** पनि नारी स्वतन्त्रता, नारी अस्मिता, नारी मुक्तिको पक्षमा लेखिएको नारीवादी उपन्यास हो। प्रस्तुत उपन्यासमा पनि नारीका तिक्त अनुभवलाई जीवन्त चित्रण गरिएको पाइन्छ। उपन्यासमा प्रमुख पुरुष पात्र रामले आफ्नी पत्नी पूर्णिशालाई यौनसाथीसम्म मात्र सम्बन्ध राखेको छ। पतिको यस्तो दुर्व्यवहारले चोट खाएकी पूर्णिशा भन्छे- "कौमार्यको सर्वोत्तम सुकुमारी क्षणहरू तिमीलाई सुम्पेपछि र समयमा यस समर्पणको उचित कदर नभएपछि, ममा के नै बाँकी रह्यो र? संविद् अनुभूतिमा म टुटेकी छु गजबले"। [९९] कामलोलुपताका कारण यौन पिपासु पुरुषमा नारीलाई यौन वस्तुकै रूपमा मात्र हेर्ने दृष्टिकोण रहेकाले यौन शोषण गर्ने क्रियालाई ऊ सामान्य ठान्दछ तर नारीप्रतिको पुरुषका यस्तो दुर्व्यवहारमा नारी कतिसम्म पीडित हुन्छन् भन्ने बोध पुरुषबाट हुन नसकेको बिडम्बना तिर पनि उपन्यासकारले इङ्गित गरेकी छन् । यस कुराको यथार्थ चित्रण लेखिकाले पूर्णिशाद्वारा गरेकी छन्। नारी सोचाइ र अनुभवको यथार्थ चित्रण केवल नारीलेखकको यथार्थ अनुभूतिबाट मात्र सम्भव हुनसक्ने, पुरुषलेखक यस दिशामा अपूर्ण रहने

---

९८ लिअन एस. रोडिज, सन् १९८०, **डिजायर इन् लेङ्ग्वेज, ए सिमियोटिक एप्रोच टु लिट्रेचर एन्ड आर्ट**, न्यू योर्क, कलम्बिया य़ूनिभर्सिटी प्रेस, पृ. २५८।

९९ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ३।

कुरा कृष्णहरि बराल र नेत्र एटमको तर्कपूर्ण भनाइलाई उपन्यासकार रा ईले सफलतापूर्वक औल्याएकी छन्।

प्रस्तुत उपन्यासमा उपन्यासकार राईले विशेषत: विवाहिता नारीले भोग्नु परेका पारिवारिक समस्यालाई देखाएकी छन्। "विवाहले पुरुषहरूको स्थितिलाई सबल, सशक्त र स्वतन्त्र बनाउँछ भने महिलाको स्थितिलाई निरीह, दुर्बल र सङ्कुचित दायरामा सीमित गर्दछ"[१००] भन्ने नारीवादी विचारलाई पुष्प राईको समर्थन रहेको पाइन्छ। उपन्यासमा राम र पूर्णिशाको विवाहपछि राम पूर्णिशाको तुलनामा सबल देखिएको छ। रामलाई सशक्त र पूर्णिशालाई कमजोर बनाइनुमा पुरुषवादी सामाजिक मानसिकता व्यवस्था उत्तरदायी रहेको देखिएको छ। आफूलाई शक्तिशाली ठान्ने पुरुषको सङ्कुचित मानसिकताका कारण नारी पुरुषको स्वार्थपूर्तिको साधन मात्र ठानिएकी छ। यसरी विवाहपछि पूर्णिशाप्रति रामले गरेको दुर्व्यवहारको प्रतिरोधस्वरूप ऊ भन्छे -"अतीतमा हाम्रा सन्तति कति आँशुमै डुबेर, अन्धकारमा जाक्किएर करूण अध्याय बनी टुङ्गिए, कति टुङ्गिदैछन् पनि। सचेतताको राँको बाली चुहुँदिशा उज्यालो छर्नुछ ताकि उही रूपमा त्रासद जीवन जिउन नपरोस् अबका नारी सन्तानले। "[१०१] विवाहपछि नारीलाई निजी सम्पत्तिसरह ठानेर पुरुषको इच्छाअनुसार चल्ने यन्त्र बनाउने पुरुषको विरोधमा उठेकी पूर्णिशा पुरुषदमनबाट मुक्त नवीन समाजको निर्माणमा जुटेकी छ। उसको अटल निर्णयले समस्त विवाहिता नारीले पुरुष शोषणप्रति प्रतिशोध लिनुपर्ने सन्देश लेखकको रहेको छ। नारीप्रति पुरुषको घोर अत्याचार र पाखण्ड प्रवृत्तिको दायी पुरुषप्रधान समाजले पुरुषलाई मनपरी छुट दिनुमा नै रहेको छ भन्ने बुझेका उपन्यासका चरित्र आफूहरूले उठाएका कदममा अटल र अडिग देखिएका छन्। विवाहपछि नारीलाई यन्त्रसरह व्यवहार गर्ने पितृसत्तात्मक समाजको कुपरम्पराप्रति विद्रोही पूर्णिशालाई

---

१०० भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत् पृ. ७६।

१०१ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ९२ ।

उदाहरणीय रूपमा खडा गर्नु भनेको नारी मुक्तिको निम्ति नारीलाई प्रेरणा दिनु र पुरुष दम्भमाथि विद्रोह गर्नु लेखकीय उद्देश्य रहेको बुझिन्छ।

जुडिथ बटलर "लिङ्गलाई सांस्कृतिक निर्माण ठान्दछिन्"[१०२] र कुनैपनि व्यक्तिले जन्मदैं नारीत्व र पौरुषत्व भन्ने गुण लिएर जन्मेको हुँदैन। जन्मपछि समाज र संस्कृतिले उसलाई नारी र पुरुषका भिन्न भिन्न भूमिका, संस्कार र रहनसहन अप्नाउन अभ्यास गराउँछ भन्ने बटलरको मत रहेको छ। यस दृष्टिले नारीभन्दा आफूलाई उच्च ठान्ने पुरुषवादी मानसिकता भएको भ्रममा पुरुष बाँचेका छन् भन्ने स्पष्ट भएको छ। त्यसर्थ प्रस्तुत उपन्यासमा नारीभन्दा आफू उच्च हूँ भन्ने पुरुष अहङ्कारलाई ठाडो विरोध जनाएर पूर्णिशाले नारी कुनै पनि पक्षमा पुरुषभन्दा कमजोर हुँदैनन् भन्ने चिनाएकी छ- "म मेरो सत्तालाई तिम्रो उच्च भनिने सत्तामा, वर्गमा सम्मिलित गर्नसक्छु आफैलाई स्वयम्‌को उत्साह प्रयासले! अर्थात्, म पनि तिमी जस्तै मर्यादित भई बाँच्नसक्छु निस्सन्देह तिम्रो पुरुषत्व, वैभव सम्पदाभन्दा उच्चत्तर श्रेयस्कर बौद्धिक, मानवीय शिखरलाई छोएर। "[१०३] पूर्णिशाको यस भनाइले लिङ्गका आधारमा गरिने नारी-पुरुषको विभेदक रेखालाई ध्वस्त बनाएकी छ।

परम्परादेखि निरन्तर लिङ्गभेदलाई विशेष सामाजिक सांस्कृतिक नियमका रूपमा प्रचलित परिपाटीलाई समर्थन गर्ने सामाजिक मानसिकता रहेको पितृसत्ता आज पर्यन्त पनि नारीप्रति नकारात्मक धारणा राख्तछ। यस वास्तविकतालाई उपन्यासकार राई तोड्न चाहन्छिन्। त्यसर्थ उनका औपन्यासिक चरित्र पनि यस व्यवस्थाको विरोधमा खडा भएका छन्। प्रस्तुत उपन्यासमा साँस्कृतिक निर्माण भएको कारण नै परम्परादेखि लैङ्गिक अवधारणाका कारण नारीले सँहदै आएका प्रताडनाको अन्त पूर्णिशाले गर्न सकेकी छ। यदि

---

१०२ जुडिथ बटलर, सन् २००७, **जेन्डर ट्रबल**, लन्डन, रौटलेज, पृ. १०।

१०३ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ७ ।

लैङ्गिकता प्राकृतिक हुनु हो भने पूर्णिशा पनि विवाहपछि रामको अत्याचार सहेर ऊ अग्रज पुस्ताका नारीहरू जस्तै दयनीय जीवन बिताउन विवश हुने सम्भावना प्रशस्तै देखिन्छ। त्यसर्थ लैङ्गिकता सम्बन्धी बटलरको तर्कबाट उपन्यासकार प्रभावित मात्र देखिएकी छैनन् तर बटलर र पुष्प राईको अवधारणा समान रहेको देखिन्छ। लैङ्गिक अवधारणाबाट उत्पन्न नारीमाथि थोपरिने समस्या र अत्याचारको अन्त गर्ने उद्देश्य दुवैको रहेको पाइन्छ।

नारीपक्षीय दृष्टिकोणबाट लेखिएको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**-मा पुरुष अत्याचारलाई चुनौतिको रूपमा लिएर नारी शक्ति र सामर्थ्यलाई अभिव्यक्त गरिएको छ। समाज पितृसत्तात्मक रहेकाले यौनका आधारमा पुरुष आक्रमक, बौद्धिक, शक्तिशाली, योग्य हुन्छन् भने नारी निष्क्रिय, भावुक, अज्ञानी, अयोग्य हुन्छन् भन्ने सामाजको मान्यता छ भन्ने भनाइ केट मिलेटको रहेको छ। [१०४] केट मिलेटले देखाएको पितृसत्तात्मक समाजले नारीप्रति राखेको हेय दृष्टिकोण वास्तवमा डेरिडाले भाषाको व्याख्यामा गरेको द्विचर विरोध पनि हो। यसैले डेरिडाको द्विचर विरोधको चर्चालाई अघि सार्दै हेलेन सिजूले *सर्टिज* लेखमा

सक्रिय / निष्क्रिय,

घाम / जून,

संस्कृति /प्रकृति,

दिन /रात,

फादर / मदर,

बौद्धिक / भावुक ।[१०५]

जस्ता कुरालाई उठाउँदै द्विचर विरोधमा नारीको स्थानको खोजी गरेर नारी कहाँ छ? भन्ने प्रश्न गरेकी छन्। द्विचर विरोधले पनि पुरुषलाई प्राथमिकता दिँदै नारीलाई दबाउने काम

---

१०४ भिधुत् भागवत्, २००४, पूर्ववत्, पृ. १७५-१७६।

१०५ हान्स् बर्टिन्स्, सन् २००१, **लिट्रेरी थिअरी दि बेसिक्स**, लन्डन, रौटलेज, पृ. १६४।

गर्दछ। पुरुष पहिलो र नारीलाई दोस्रो दर्जामा राखेर गरिने व्याख्यालाई अमान्य ठान्दै हेलेन सिजुले द्विचर विरोधको अस्वीकार गरेकी कुरालाई उपन्यासकारले पनि खण्डन र भञ्जन गरेकी छन्। पुरुषलाई उत्कृष्ट र नारीलाई निकृष्ट ठान्ने दृष्टिकोणलाई उपन्यासकी नारी पात्र पूर्णिशाले नारी सक्रियताको प्रमाण यसरी दिएर भनेकी छ-"यस दृष्टिले लोग्ने स्वास्नीको भरणपोषक, संरक्षकको रूपमा बलवान ठहरिन्न अब।...त्यसर्थ संरक्षणको भूमिकामा शक्तिको कवच नहोस् कतै।"[१०६] यस कथनमा नारीले पुरुषलाई संरक्षकको रूपमा अस्वीकार गरेका छन्। यहाँ सम्पूर्ण रूपमा नारी सक्षम रहेको घोषणा गरिएको छ। त्यसैले पुरुषलाई शक्तिशाली, उत्कृष्ट देखाउने द्विचर विरोधको भञ्जन गरिएको छ।

नारीलाई भावुकतासँग मात्र जोडेर हेर्ने कुरालाई उपन्यासमा रामले पूर्णिशासँग पुन:सम्बन्ध राख्ने धेरै विन्ती गर्दा "किन बसन्तले छुन बिर्सेको रुखको शुष्क ठुटो झैं मबाट पत्नीसुखको याचना गर्छौ?? र आज पुरानै दृष्टिकोणले मलाई गौण राखी सम्झौताको माग गर्छौ??"[१०७] भन्नु नै दुराचारी पुरुषलाई पश्चताप गराउनु हो। आफ्नो बौद्धिक तीक्ष्णताका कारण ऊ अपराधीलाई उचित दण्ड दिने पक्षमा आफ्नो अग्रसरता देखाउन पछि हटेकी छैन। त्यसर्थ नारी भावुक मात्र हुँदैनन् बौद्धिक पनि हुन्छन् भन्ने प्रमाण लेखिकाले पूर्णिशाको व्यक्तित्वद्वारा अवगत गराएकी छन्। यसरी उपन्यासमा नारी-पुरुष समान हुन् भन्ने कुरा प्रमाणित गर्नु उपन्यासकारको लक्ष्य रहेको छ।

उपन्यासकार पुष्प राई पुरुषवादी समाजद्वारा नारीलाई प्रताडित गराउने नारीको अनुभवलाई मात्र चित्रण गर्दिनन् तर नारीलाई शोषण गर्ने पुरुषवर्ग विरुद्ध क्रान्तिकारी स्वर निकाल्न पनि सक्षम बनेकी छन्। उनले नारी मानसिकतालाई पुरुष दमनको विरुद्ध उठ्ने

१०६ पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. ९१ ।

१०७ पूर्ववत्, पृ. ८९ ।

ऊर्जा प्रदान गरेकी छन्। फलत: अत्याचारी पुरुषलाई प्रतिशोध लिने शक्ति सचेतता प्राप्त गरिसकेका नारीलाई आक्रोशित पनि बनाएकी छन्। **भोलिको प्रतीक्षा** र **मध्यान्तर** दुवै उपन्यासमा स्वनिर्भर नारीलाई खडा गररे पुरुष अत्याचारको विरोधमा उठ्ने जुन सक्षमता उपन्यासकारले दिलाएकी छन् यसलाई नेपाली नारीवादी उपन्यासको इतिहासमा एउटा नौलो, पहिलो र ऐतिहासिक प्रयास मान्नु पर्दछ।

पुरुष अन्यायको विरुद्ध प्रतिकार गर्ने नारी आफूहरूलाई सबल, सक्षम देखाउँदै पुरुष अहम्लाई ध्वस्त बनाउन सफल बनेका छन्। अत्याचारी पुरुष प्रवृत्तिको अघि प्रतिरोध लिन दुवै उपन्यासका नारीहरू ऊर्जाशील बनेका छन्। **भोलिको प्रतीक्षा**-की नारी चरित्रबारे इन्द्रबहादुर राई भन्छन्- "शान्तिमा तर एक विशेष कुरा छ, जुन उसका अघिका दिदीहरूमा थिएन। उसमा सामाजिक व्यवस्थाको नारीवादी चेत छ। नयाँ अभियान मच्चाउनु, नारीमाझ बाँच्ने नयाँ परिभाषा दिनु, सामाजिक आवश्यकता चिनेकी छन्।"[१०८] यस भनाइले शान्ति स्वयम्लाई नारीवादीका रूपमा प्रमाणित गरेको छ र अग्रज पुस्ताको भोगाइ र उसको समयले दिएको चोटमा ठुलो परिवर्तन देखिएको छ। यसरी उसका अघिका दिदीहरूमा नहुने विशेष कुरा हुनु भनेको **भोलिको प्रतीक्षा** उपन्यासभन्दा अघि प्रकाशित उपन्यासका नारीपात्रमा नारीवादी चेतनाले उग्र रूप लिन नसकेको कुरालाई थप पुष्टि गरेको छ।

नारी अस्तित्वका निम्ति सचेत नारीलाई प्रस्तुत उपन्यासमा खडा गरेर नेपाली नारीवादी उपन्यास लेखनका क्रममा **भोलिको प्रतीक्षा**-ले अतुलनीय स्थान प्राप्त गरेको छ भन्ने कुराको प्रमाण माथिको भनाइले स्पष्ट गरेको छ। यहाँ उपन्यासकार नारी स्वत्व, नारी हक, नारी अधिकार र नारी मूल्यप्रति सचेत रहेको र पुरुषद्वारा नारीमाथि गरिने समस्त

---

१०८ पुष्प राई, (सन् २०१०), पूर्ववत्, पृ. ङ।

उत्पीडन असहनीय भएकाले नारीको यातनापूर्ण जीवनलाई उठाउने प्रयासलाई व्यावहारिक रूपमा परिणत गर्न अग्रसर देखिन्छ। लेखक स्वयम् नै शान्तिको रूपमा उपन्यासमा प्रविष्ट गरेको अनुभव हुन्छ। उनको क्रान्तिकारी स्वर नै शान्तिद्वारा मुखरित भएको हो भन्न सकिन्छ।

**भोलिको प्रतीक्षा** उपन्यासमा शान्तिको बाबुको चरित्र अन्य पुरुषका तुलनामा केही भिन्न देखाइएको छ। छोरीप्रति उदार देखाउने प्रयास गरिएको छ। बाबुको उदारताको कुरा शान्ति यसरी भन्छे -"हेर म यसलाई ठुली केटी, धेरै धेरै पढेकी, बुझेकी बनाउँछु! पढाउँछु भनेर मात्र कहाँ हुन्छ, होइन र? पढ्नेको सीप- बुद्धि र लगन हुनुपर्छ- मेरी छोरी शान्तिको जस्तै!"[१०९] यसरी छोरीलाई पनि शिक्षा प्राप्त गर्नु अनिवार्य रहेको छ भन्ने उसको बाबुको विचार जस्तै सम्पूर्ण पुरुष मानसिकतामा पनि छोरीमान्छेप्रति उदार बन्ने प्रेरणाको बीजारोपण गर्ने उपन्यासकारको उद्देश्य निहित रहेको देखिन्छ। उपन्यासकार पुष्प राईले शान्तिको बाबुको जस्तै उच्च विचार पुरुष समाजमा पनि हुनुपर्छ भन्ने कुराको केन्द्रमा शान्तिको बाबुलाई उपन्यासमा प्रस्तुत गराएकी छन्। नारी शिक्षित हुनुपर्छ भन्ने कुरामा उसको बाबुको सकारात्मक विचार देखाएर पुरुषवर्गमा पनि नारीप्रति सकारात्मक सोच हुनुपर्छ भन्ने सन्देश दिइएको पाइन्छ। नारी मुक्तिको निम्ति उठाएको लेखिकाको सकारात्मक र सुधारात्मक सोचले नारी एवम् एकाध पुरुषमा नारी स्वतन्त्रताको आन्दोलनले चरम रूप लिएको देखिन्छ।

यस्तै प्रकारले **मध्यान्तर**-मा पूर्णिशाकी आमा छोरीलाई शिक्षित बनाएर उच्च पदमा पुऱ्याउने सपना साँचेको उदाहरण- "आमा चाहिँ! हाम्री छोरीलाई हड्डि घोटेर, खियाएर पनि

---

१०९ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ९।

जति हुन्छ पढाउन पर्छ। ठुला अफिसरनी होस् हाम्री छोरी। ”[११०] यहाँ पूर्णिशकी आमाको भनाइ र मेरी उल्स्टनक्राफ्टको नारी शिक्षित हुनु अनिवार्य छ भन्ने भनाइमा समानता रहेको पाइन्छ। यसरी उपन्यासका चरित्रमा नारी शिक्षाप्रतिको जागरण र सचेतता देखिनु भनेको उपन्यासकारमा रहेको नारी शिक्षाप्रतिको उच्च सोच हो।

पूर्णिशा र शान्तिले बाँचेको समाज पूर्णत: पितृसत्तात्मक हुँदाहुँदै पनि यी दुई पुस्ताभन्दा अघिल्ला पुस्ताका शान्तिको बाबु जस्ता पुरुष र पूर्णिशाकी आमा जस्ती नारी शिक्षाप्रति सचेत उदाहरणीय नमुनास्वरूप पात्र पात्राको प्रस्तुतिले गर्दा नै शान्ति, शैशवा र पूर्णिशामा पुरुष अत्याचारप्रति विद्रोहात्मक साहस आएको देखिन्छ। यसरी एक पिँढीपछि अर्को पिँढीसम्म नारी स्वत्वप्रति मानसिक र व्यावहारिक आन्दोलन गराएर शान्तिकी गर्भकी छोरीले नारी-पुरुषसमान नवसमाज निर्माण गर्नेछ भन्दै आशावादी घोषणासम्म शान्तिद्वारा उपन्यासकारले गराएकी छन्। आसुरी प्रवृत्ति भएको पतिलाई तिरस्कार गरेर एक्लै स्वनिर्भर, स्वाभिमान र आत्मसम्मानका साथ बाँच्न सक्षम भएकी नारी पूर्णिशालाई उपन्यासमा प्रस्तुत गरेकी छन्। यसरी स्वाभिमान र आत्मसम्मानबोधले नारीलाई परम्परागत रूपमा बोज्यू, आमा र अग्रज नारीले सहँदै आएका अन्यायलाई शान्ति र पूर्णिशाले सहन नसक्नुको उद्देश्यले उपन्यासकारको नारीवादी स्वर तीव्र भएको प्रमाणित गरेको पाइन्छ।

उपन्यासकारले **मध्यान्तर** उपन्यासमा नारी शिक्षित हुनु भनेको आत्मसम्मानप्रति सचेत हुनु हो भन्ने देखाएकी छन्। नारीको जीवन जत्ति नै यातनापूर्ण भए पनि शिक्षित नारीका अगाडि ती सबैलाई परास्त गर्ने सक्षमता हुन्छ भन्ने प्रमाणित गर्ने प्रयास गरेको पाइन्छ। उनका नारी चरित्र अत्यन्त सचेत नारीका रूपमा खडा भएका छन्। पितृसत्तात्मक समाजका व्याख्यता, दार्शनिकका दृष्टिमा नारी भावुक मात्र हुन्छन् भन्ने पुरुषवादी दृष्टिकोण अघि

---

११० पुष्प राई, सन् २००७, पूर्ववत्, पृ. १६।

पूर्णिशालाई नारी अस्तित्वको प्रतीकका रूपमा उभ्याएर उसलाई एउटी बौद्धिक साहसी नारीका रूपमा खडा गरेर यस्तो तर्क गर्न उत्प्रेरित गराएकी छन् -

> **सात वर्षअघि भङ्गालिएको हाम्रो अलग-अलग जीवन दिशालाई, गोरेटोलाई यति सहज जोड्न सक्छौ? यो फाटिएको, चोइटिएको हृदयलाई यति सहज टाल्न सक्छौ? तिम्रो पुरुष हुनुको बडप्पनलाई पढे-लेखेकी नारी मैले तिम्रो अवाञ्छनीय सङ्केतमा शिरोपर धारण गरूँ? आफ्नै आत्मदाहको विदीर्ण उत्सव मनाउन सकुँला र??**[१११]

यस कथनमा पूर्णिशाको नारीवादी चेतना मात्र होइन पुरुष दमनको विरोधमा आत्मसम्मान पनि बोलेको छ। शिक्षित र सचेत नारीलाई सामाजिक क्रियाकलापमा सहभागी हुने सक्षमता देखाएर नारीलाई घरेलु कार्यमा सीमित राख्ने पुरुषप्रमुखतावादी सङ्कीर्ण मानसिकतालाई नारीको क्षमता सीमित परिधिभित्र दबिएको हुँदैन तर उसको योग्यता पुरुषभन्दा पनि उच्च हुनसक्छ भन्ने प्रमाण **भोलिको प्रतीक्षा**-मा यसरी देखाइएको छ- "यसै अवधिमा शैशवा विमान परिचारिकाको निम्ति चुनिएकीले तालिमको निम्ति दिल्ली गई। "[११२] यहाँ शिक्षित नारीलाई नारीका यथास्थितिबाट मुक्त गराउने प्रयास गरिएको पाइन्छ।

पुष्प राई उनका उपन्यासमा नारी हक अधिकारको निम्ति चेतना ल्याउन सफल बनेकी छन्। गर्भदेखि नै छोरीलाई तिरस्कार गर्ने समाजको अघि छोरीकै जन्म होस् भन्ने कामना गर्ने नारी शान्तिलाई उपन्यासकारले खडा गराएकी छन्। शान्तिलाई छोरी जन्माउने कामना मात्र नगराएर विवाहपूर्व नारीले सन्तान जन्माउनु अपराध ठान्ने समाजलाई चुनौति दिने सशक्त चरित्रका रूपमा शान्तिलाई उभ्याएकी छन्। पुरुषलाई प्राथमिकता दिने र

---

१११ पूर्ववत्, पृ. ९।

११२ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. २३।

नारीको यौनसँग खेल्ने पुरुषवादी नीच मानसिकताले ग्रस्त समाजमा नारीले नै परिवर्तन ल्याउन सक्षम बन्नुपर्छ भन्ने उद्देश्य लिएर नारी संसारको निर्माणको लागि शान्तिले पनि छोरीकै जन्मलाई स्वागत गरेकी सन्दर्भ उपन्यासमा पाइन्छ। यसरी शान्तिले बाँचेको पुरुष शोषणपूर्ण समाजदेखि उन्मुक्तिको निम्ति उसले उठाएको पहल उसकी छोरीले साकार तुल्याउन सकोस् भन्ने अपेक्षा गरिएको छ। उपन्यासकारले समाजलाई नारीवादी चेतनाबारे अवगत गराउँदै त्यसलाई व्यावहारिक क्षेत्रमा ल्याउन सक्ने निडर, साहसी, ऊर्जाशील, सक्षम र क्रान्तिकारी नारीका रूपमा शान्तिलाई खडा गरेकी छन्। यस्ता नारी पात्रलाई प्रस्तुत गरेर समाजका सम्पूर्ण पुरुषद्वारा शासित नारीलाई मुक्तिको निम्ति उपन्यासकारले उत्प्रेरित गरेकी छन्।

उपन्यास लेखनकालमा नारीवादी अवधारणाले साहित्यमा प्रवेश गरिसकेको भए तापनि सामाजिक परिवेश पितृसत्तात्मक नै रहेको पाइन्छ। पितृसत्तात्मक व्यवस्था, नीति नियम, संस्कार, धर्म आदि नारी स्वतन्त्रताको निम्ति बाधक तत्त्व नै रहेका छन्। नारीलाई यौन वस्तु ठान्ने दृष्टिकोण यथावत् नै रहेको छ। नारी स्वतन्त्रताको निम्ति आवाज उठाउने नारीलाई समाजले दण्डस्वरूप लाञ्छित र वहिष्कृत गर्दछ। यसरी नारी मुक्तिको निम्ति गरिएको आन्दोलन र उठाइएको आवाजले सामाजिक परिवेशमा सार्थकता पाउन सकेको छैन। यस्ता परिस्थितिमा उपन्यासकारले नारीवादी चेतना लिएर क्रान्तिको निम्ति अत्यन्त सचेत पात्रहरू खडा गर्नु भनेको उपन्यासकारको साहसपूर्ण कदम हो। नारीमुक्तिको निम्ति उपन्यासका पात्रहरूले उठाएको क्रान्तिकारी स्वर वर्तमान समाजको निम्ति अत्यन्त आवश्यक रहेको देखिन्छ। यस्तो आवश्यकता पूर्ति गर्नका साथसाथै दमनकारी पुरुष प्रवृत्तिलाई ध्वस्त पार्नका निम्ति निडर नारी पात्रलाई उपन्यासमा उभ्याउनु भनेको उपन्यासकारको नारी पुरुष समविकसित समाज निर्माणतिर रहेको अग्रसरता हो।

उपन्यासकारले नारी चरित्रलाई पुरुष दमनको चरम रूपको अनुभव गराउँदै पुरुषवादी समाजको अन्यायलाई अनुभूत गराएकी छन्। पितृसत्तात्मक सामाजिक परिवेशको सही चित्रण गर्दै पुरुषको कारण नारीको जीवन कष्टदायक हुन्छ भन्ने कुराको ज्ञान पनि दिएकी छन्। यस्ता सामाजिक परिवेशमा नारीलाई असहाय पात्रको रूपमा निमुखा बनाउन भन्दा सङ्घर्षशील बनेर पुरुष अत्याचारबाट अनुज पुस्तालाई स्वतन्त्र बनाउने उद्देश्य राखेर क्रान्तिकारी नारी पात्रको सिर्जना गर्नाले उपन्यासकारमा नारीवादी चेतना तीव्र रहेको पाइन्छ।

"नारी पुरुषसमान स्वतन्त्र र स्वयात्त जीव हो भन्ने बुआको भनाइ रहेको छ।"[११३] त्यसैले पुरुषले षडयन्त्रपूर्ण ढङ्गमा नारीलाई दोस्रो दर्जामा राखिएको हुनाले नारी मूल्यको खोजी नारी स्वयम्ले गर्नुपर्ने कुरा राखेकी छन्। उपन्यासकार पुष्प राई पनि नारी मूल्यको खोजी गर्ने कुरामा कटिबद्ध रहेकी हुनाले शान्तिलाई यसो भन्न लगाएकी छन् -"जीवनमा नारी एक्लो पनि सुरक्षित जिउन सक्छ! आजै गर्भाधान भएको भोलिको प्रतीक्षा छ।"[११४] यसरी एक्ली नारीले पुरुष दुराचारप्रति विरोध गर्नु भनेको वास्तवमा उपन्यासकारको नारीवादी चेतले दिएको आँट हो। समाजले विवाहपूर्व नारीले सन्तान जन्माउन अपराध ठान्ने पुरुषपक्षीय समाजमा नारीलाई आफ्नो अधिकार खोस्न प्रेरित गराउने उपन्यासकारको प्रयास रहेको पाइन्छ।

**भोलिको प्रतीक्षा**-को अर्को गौण पात्र आदित्यले शान्तिलाई प्रेम गर्छु भन्दै विवाहको प्रस्ताव राख्दा उसले आफू अघिबाट नै म गर्भवती छु -"मेरो गर्भमा मजस्तै बतासे शिशु हुर्कन लागेको छ"[११५] भन्नु कुनै सङ्कोच गरेकी छैन। यसरी शान्तिमा अपराधबोध होइन

---

११३ एच. एम्. पार्स्ले, सन् १९४९, पूर्ववत्, पृ. २९।

११४ पुष्प राई, सन् २०१०, पूर्ववत्, पृ. ६२।

११५ पूर्ववत्, पृ. ५९।

गर्भवती भएकोमा गर्व बोधको अनुभव भएकाले कोखमा पूर्ण रूपमा नारीको अधिकारको विषय हो यसमा अरूको हस्तक्षेप सह्य हुँदैन भन्ने सत्यलाई उपन्यासकारले प्रमाणित गर्न चाहेकी छन्। यसरी पितृसत्तात्मक समाजका व्यवस्थालाई धराशयी पार्ने नारी चरित्रको निर्माण गर्नाले उपन्यासकारलाई नारीवादी लेखकका रूपमा प्रमाणित गरेको छ।

उपन्यासकार पुष्प राईले **भोलिको प्रतीक्षा**-मा नारी समस्यालाई मूल मुद्दाको रूपमा उठाएर विवाहपूर्व नारी गर्भवती भएपछि त्यसमा पुरुषको कुनै कसुर नदेख्ने अनि नारीको मात्र कसुर देख्ने पुरुषवादी परम्परालाई धराशयी पारेकी छन्। पुरुषपक्षीय सामाजिक व्यवस्थाका विरुद्ध विद्रोही नारीले गर्भमा भएको शिशुलाई जन्माउन एक्लै निर्णय लिने साहस उत्पन्न गराएकी कुरा समाजका लागि अपाच्य रहेको देखिन्छ। छोरी जन्मलाई हेय दृष्टिले हेर्दै मानवसमूहको दोस्रो दर्जामा राखेर हेर्ने समाजको वक्रताका विरुद्ध छोरीकै जन्मको अपेक्षा गर्ने शान्तिलाई उभ्याएकी छन्। उनी पुरुषले प्राथमिकता पाउने समाजको परम्परालाई तोड्दै शान्तिलाई यसो भन्न लगाएकी छन्-"जीवनको सम्पूर्णता दिने उसलाई म हार्दिक स्वागत गर्ने भएँ। मजस्ता बेटुङ्गा पाटाहरूमा उज्यालो अभियान मच्चाउने उसलाई अभिनन्दन प्रस्तुत गर्न म विह्वल भएँ।"[११६] यसरी छोरीको जन्मदिनको प्रतीक्षा गर्नु र उसका लागि ठुलो अपेक्षा राख्ने नारी शान्तिलाई प्रस्तुत गर्नु नै पुरुषप्रधान समाजलाई दिएको चुनौति हो। यसरी नारीलाई अवमूल्यन गर्ने समाजलाई अब नारी मूल्य बुझाउनका निम्ति नारीवर्ग सक्षम र सक्रिय बनेको सङ्केत शान्तिद्वारा गरिएको छ।

नारीवर्गमाथि पुरुष अत्याचारले चरम रूप लिएको हुनाले यसको विरोधस्वरूप नारीवर्गमा नारीवादी चेतना सशक्त भएको हो। उपन्यासका पात्रका माध्यमबाट

---

११६ पूर्ववत्, पृ. ६२।

पितृसत्तात्मक समाजमा पुरुष अत्याचारी मानसिकताको सही प्रस्तुति गरिएको पाइन्छ भने नारीमुक्ति, नारीस्वाभिमान, आत्मसम्मान, स्वत्वको बोध गराउँदै शान्ति, शैशवा र पूर्णिशा जस्ता नारी युगौँदेखिको पितृसत्तात्मक व्यवस्थाबाट माथि उठेर नारीको अलग पहिचान बनाउन सक्षम बनेका छन्। समग्रमा नारी स्वयम् जागृत भएर सङ्घर्षमा उत्रिए नारी मुक्ति सम्भव छ भन्ने कुरोमा उपन्यासकारको आत्मविश्वास बलियो देखिन्छ।

पुष्प राईका दुवै उपन्यासका नारी चरित्र सबल, सशक्त, शिक्षित, स्वनिर्भर छन् त्यसैले उपन्यासका नारी आत्मसम्मानका साथ उभिएका छन्। नारीवादी लेखन नारीलाई केन्द्र गरी पुरुष दमनबाट मुक्तिको मार्ग खोज्न सफल बनाउनु पर्छ भन्ने कुरा मान्दछ। यही मान्यताको विकसित रूप पुष्प राईका उपन्यासमा पाइन्छन्। उनका उपन्यासका नारी चरित्र नारीवादी चेत भएका छन्। यस्ता चेतनशील नारी चरित्रहरूको निर्माणले उपन्यासकारलाई नारीवादी उपन्यासकारको रूपमा उभ्याएको छ। नारीवादी लेखनबारे लेखिका स्वयम्को भनाइ यस्तो रहेको छ –

> **नारीवादी लेखन वस्तुतः नारी सत्ताबोध हो, चेत हो, नारी समाजलाई आफ्नो हक-हितको गरिमामय बचाइँका लागि बिउँझाइ, ब्युताइ गर्ने न्यायसङ्गत आग्रह हो। शारीरिक संरचनाको आधारमा, थोपरिएको भावनात्मक कमजोरीको आडमा बलवान् अर्थात् नर निर्बल माने नारी भनेर यी दुइ 'भेद' राख्यो पुरुष प्रभुत्व समाजले।** [११७]

उनको यस भनाइमा उनी स्वयम् नारीवाद अनि नारीवादी लेखकको कर्तव्यबारे विज्ञ देखिएकी छन्। यसले शारीरिक भिन्नताको आधारमा नारीलाई निर्बल ठान्दै नारीलाई दमन

११७ मातृका गजमेर(वार्ताकार), सन् २०१०, पूर्ववत्, पृ. २१८।

गर्ने पुरुषका दुर्व्यवहारप्रति क्रान्तिकारी नारी चरित्रलाई उपन्यासमा खडा गरेकी हुन् भन्ने कुराको पुष्टि गरेको छ।

यसका साथसाथै अघिल्ला पुस्ताका नारीका यातनापूर्ण जीवन सङ्घर्षलाई बुझेर वर्तमान नारीका सङ्घर्षमय जीवनलाई पनि चिनेकीले वर्तमान नारीका सङ्घर्षबारे उपन्यासकार पुष्प राई भन्छिन्- "प्रथम त नारी सशक्तीकरणको युगमा आफैलाई प्रमाणित गर्ने स्थिति छ। दोस्रो आजका प्रतिस्पर्धात्मक मोडमा आफ्नो वर्चस्व कायम राख्न उस्तै रूपको बाजी छ।"[११८] पुरुषका अत्याचार, नारीको पीडा अनि पुरुष दमनका विभिन्न षड्यन्त्रबाट उपन्यासकार सचेत छन्। यसैले पुरुषका यस्ता दुराधिकार नारीवर्गलाई स्वीकार्य नरहेको उल्लेख यसरी गर्छिन्-

> **नारीलाई प्रताडित, दमित, शोषित राख्ने साह्रै ठुलो औजार भयो यो भेद-व्यवस्था पुरुषलाई। तर आज नारी भेद मान्य छैन। यस हिसाबले आपस्तको सौहार्द्रमा पुरुष पुरुषै रहुन् (शोषक, भक्षक होइन) नारी आफ्नो सम्पूर्ण मर्यादामा नारी नै रहून्। यसैमा सबैको भलो छ र सभ्यताको सतगति।** [११९]

यस कथनमा नारीका आफ्नो पृथक पहिचान स्थापित गर्न लेखक सङ्घर्षशील रहेकी छन्। नारी पुरुषका आ-आफ्नै मूल्य मान्यता हुन्छन्। पुरुषको आफूलाई नारीभन्दा उच्च ठान्ने दृष्टिकोण भ्रमित र षड्यन्त्रपूर्ण रहेको छ। यस्ता भ्रमलाई तोड्दै नारी-पुरुषसमान नव इतिहासको निर्माण गर्नकै निम्ति उनले पितृसत्तात्मक व्यवस्थालाई तिरस्कार गर्ने नारीहरू शान्ति, शैशवा र पूर्णिशाका स्वरलाई सशक्त रूपमा उठान गरेकी छन्। यी नारी पनि अस्तित्व, आत्मसम्मान र स्वाभिमानको गरिमालाई सुरक्षित राख्न सक्षम छन्।

---

११८ पूर्ववत्, पृ. २१८।

११९ पूर्ववत्, पृ. २१८।

निष्कर्षमा भन्नुपर्दा मेरी उल्स्टनक्राफ्ट, जुडिथ बटलर, सिमोन दि बुआ, केट मिलेट, लूस इरिगरी, जुलिया क्रिस्तेभा, हेलेन सिजू आदि नारीवादीका क्रान्तिकारी स्वरलाई नेपाली समाजमा **भोलिको प्रतीक्षा** र **मध्यान्तर** उपन्यासका माध्यमद्वारा परिचित गराउन पुष्प राईको प्रयास प्रभावकारी रहेको पाइन्छ। आफ्ना उपन्यासमा नारीवादी मान्यतालाई मुद्दाको रूपमा उठाएर नारी न्यायका लागि वकालत गर्ने उपन्यासकार पुष्प राईले नेपाली नारीवादी उपन्यासलेखनमा महत्त्वपूर्ण योगदान दिएकी छन्।

## ४.५ निष्कर्ष

**भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७) उपन्यासद्वारा पुष्प राईले नेपाली साहित्यमा नारीवादी स्वरलाई चिनाउने काम गरेकी छन्।

उनका उपन्यासका नारी पात्राले नारीको व्यक्तिगत स्वतन्त्रताको खोजी गर्दै पुरुषसमान नारी अधिकार र समानताको खोजी, नारी स्वनिर्भरता अनि स्वतन्त्रताको निम्ति वकालत गरेका छन्।

उपन्यासमा पितृसत्तात्मक समाजको चित्रण सूक्ष्ण रूपमा गरिएको पाइन्छ भने पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोधमा नारी पात्राका स्वर तीव्र रूपमा निस्केका छन्।

उनका उपन्यासमा नारीलेखनका विशेषता पाइन्छ। उपन्यासमा नारीको शरीर, स्वर र अनुभव सही रूपमा प्रकट भएका सन्दर्भले भने उपन्यासकारलाई नारीलेखनको पक्षधरको रूप खडा गरेको पाइन्छ।

विवाहपूर्व युवती अवस्थामा नारीले पुरुषबाट यौन सिकार बन्न बाध्य हुनुपरेको स्थितिको सिर्जना गरे तापनि प्रताडित नारीलाई हतास नबनाएर कोख नारीको व्यक्तिगत

अधिकारको कुरा हो भन्ने निर्णय लिन लगाएकी छन्। यसैले उनको नारीवादी स्वर अन्य नारीवादी उपन्यासकारको भन्दा भिन्न रहेको पाइन्छ।

विवाहिता नारीलाई पतिको यौन शोषणबाट मुक्त गराउँदै पतिको विद्रोहमा खडा गरेकी छन्। दमनीय नियत भएका पतिलाई तिरस्कार गर्ने नारीको प्रस्तुतिले उपन्यासकारको नारीवादी चेतना रहेको पाइन्छ।

स्वनिर्भर, शिक्षित भएर एक्लै जीवन धान्न सक्ने नारीलाई खडा गर्नाले उपन्यासकार पुष्प राईमा नारीवादी सोच तीव्र रहेको पाइन्छ।

नारीलाई यौन वस्तुको रूपमा मात्र हेर्ने पुरुषप्रमुखतावादी समाजको दृष्टिकोणलाई चुनौति दिने चरित्र उपन्यासमा छन्। पुरुषको कामवासनालाई तृप्त गराउने वस्तुको रूपमा नारीलाई व्यवहार गर्ने पुरुषसँग प्रतिशोध लिन व्यवहारिक रूपमा नारी सफल बनेका छन्।

पुरुषवादी सामाजिक व्यवस्थाबाट नारी प्रताडित भए तापनि ती पीडित नारी कतै हतास भएका छैनन्। नारी स्वत्व र अधिकारका निम्ति सङ्घर्षशील नारीहरू उपन्यासमा खडा भएका पाइन्छ।

दुईवटै उपन्यासका घटनाक्रमका अन्ततिर नारीहरू आत्मसम्मानका साथ बाँच्न सकेका छन्। नारी पुरुषको कठपुतली नभएर स्वतन्त्र जीव हो भन्ने कुरा प्रमाणित गर्न सफल नारीको प्रस्तुतिले उपन्यासकार पुष्प राईको नारीवादी स्वर अन्य नारीवादी नेपाली उपन्यासकारहरूको भन्दा भिन्न रहेको पाइन्छ।

# पाँचौं अध्याय

# पुष्प राईका उपन्यासको केन्द्रियतामा प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययन

## ५.१ पुष्प राईका उपन्यासको केन्द्रियतामा नेपाली नारीवादी उपन्यासको अध्ययनका आधारहरू

पुष्प राईका उपन्यासको केन्द्रियतामा प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययनका लागि निम्नलिखित आधार उपयुक्त हुने ठहरिन्छ।

क) उदार नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन

ख) उग्र नारीवादी अवधारणाको आधारमा नेपाली उपन्याहरूको अध्ययन

ग) फ्रान्सेली नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन

घ) मार्क्सवादी नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन

ङ) समाजवादी नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासहरूको अध्ययन

च) पुरुषलिखित प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययन

छ) नारीलिखित प्रुमख नेपाली नारीवादी उपन्यासको अध्ययन

ज) पुरुष एवम् नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमा पाइने भिन्नता

सम्पूर्ण नेपाली नारीवादी उपन्यासको अध्ययन गर्दा प्रस्तुत शोधकार्य स्थूलकाय हुने भयले प्रमुख नारीवादी अवधारणाका आधारमा प्रमुख नेपाली नारीवादी उपन्यासहरूको मात्र अध्ययन गरिएको छ। तीमध्ये पुष्प राईको **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७), भीम दाहालको **अभीष्टको खोज** (सन् १९९८), सीता पाण्डेको **अन्तर्द्वन्द्व**

(सन् १९९९) पद्मावती सिंहको **समानान्तर आकाश** (सन् २००४), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६), बलदेव मजगैयाको **मानसी** (सन् २००६), कमला कुँवर 'सुजात'को **पराजित अस्तित्व** (सन् २००७), पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) आदिलाई प्रमुख तथा प्रतिनिधि उपन्यासअन्तर्गत राखेर अध्ययन गरिएको छ।

## ५.१.१ उदार नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन

उदार नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासको अध्ययन गर्दा उदार नारीवादका मान्यताहरूका आधारमा नेपाली उपन्यासमा निम्नलिखित विशेषताहरू पाइएका छन्-

क. नेपाली उपन्यासमा व्यक्तिगत स्वतन्त्रताको खोजी

ख. नेपाली उपन्यासमा पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको अभिव्यक्ति

### ५.१.१.१ नेपाली उपन्यासमा व्यक्तिगत स्वतन्त्रताको खोजी

पुरुष शासित समाजमा युगौंदेखि असहाय, परनिर्भर बनाइएका नारी जातिको अवस्था समाजमा दयनीय रहेको छ। परम्परागत सामाजिक व्यवस्था केवल पुरुषको पक्षमा रहेको देखिन्छ। पुरुषको दृष्टिकोणले विश्वलाई नै हेरिएको हुनाले सोहीअनुरूप नियम, संस्कार, व्यवस्था आदि बनिएका छन्। नारीलाई पुरुषभन्दा हेय दृष्टिले हेर्ने र व्यवहार गर्ने मानसिकतादेखि नारीवादी चिन्तकहरू असन्तुष्ट देखिन्छन्। त्यसैले उदार नारीवादले उठाएको प्रमुख मुद्दा नै व्यक्तिगत स्वतन्त्रताको खोजी हो। व्यक्तिगत स्वतन्त्रताअन्तर्गत प्रत्येक व्यक्तिले स्वेच्छाले जीवन बाँच्न पाउनुपर्छ भन्ने कुराले प्राथमिकता पाएको छ। नारीले पनि प्रत्येक कुरामा स्वनिर्णय लिन पाउनु पर्ने, नारीको यौन इच्छा, कोखमाथिको अधिकार, गर्भपतनको अधिकार, सामाजिक क्रियाकलापमा सङ्लग्न हुने अधिकार, नारीको रुचिअनुसार पहिरन, रहन-सहन,

वैवाहिक अधिकार, पारपाचुके गर्नमा नारीको स्वनिर्णय आदि जस्ता कुरा नारीका व्यक्तिगत स्वतन्त्रताअन्तर्गत पर्दछन्।

नारीका व्यक्तिगत प्रतिभा, दक्षता, सक्रियताका आधारमा उसका व्यक्तिगत स्वतन्त्रताको निम्ति उदार नारीवादले उठाएका आवाजको प्रभाव नेपाली उपन्यासमा पनि परेको पाइन्छ। **भोलिको प्रतीक्षा**-की मुख्य नायिका शान्ति र गौण पात्र शैशवा नारी स्वतन्त्रताप्रति सचेत छन्। यी दुवै चरित्रले उपन्यासमा व्यक्तिगत स्वतन्त्रताका खोजी गरेका छन्। शान्ति र शैशवा पुरुषवर्चस्ववादी समाजको अन्यायपूर्ण व्यवस्था बुझेका नारीहरू हुन्। पुरुष अत्याचारको तिक्त अनुभव शान्तिले गरेकी छ। प्रस्तुत उपन्यासमा शान्ति पुरुषपात्र शैलेन्द्रको कामवासनाको सिकार भएकी भए तापनि शान्तिले भने गर्भको भ्रूणलाई जन्म दिनुमा आफ्नो व्यक्तिगत अधिकारको कुरा ठानेकी छ। व्यक्तिगत अधिकारप्रति सचेत भएकी कारण उसले कामलोलुप पुरुष शैलेन्द्रको गर्भपतनको आग्रहप्रति विरोध गरेर आफ्नो व्यक्तिगत स्वतन्त्रता र निर्णयको अधिकार उपभोग गर्ने साहस देखाएकी छ। यस्तै प्रकारले पुष्प राईको अर्को उपन्यास **मध्यान्तर**-की प्रमुख नारी चरित्र पूर्णिशा आफूलाई यौन तुष्टि दिने साधन मात्र बनाउने पति रामबाट जीवनभर टाडा रहेर एक्लै जीवन जिउने निर्णय लिन पुगेकी छ। यो सचेतता र निर्णय नै पूर्णिशाले खोजेकी व्यक्तिगत स्वतन्त्रता हो।

उदार नारीवादले लिएको व्यक्तिगत स्वतन्त्रता जस्ता मान्यतालाई नेपाली उपन्यासका विभिन्न नारीपात्रले आफ्नो अडान बनाएका छन्। यस्ता उपन्यासहरूमा विन्द्या सुब्बाको **निर्गमन** पनि एउटा हो। प्रस्तुत उपन्यासकी प्रमुख नायिका तृष्णा व्यक्तिगत सत्ता, स्वतन्त्रता र अस्तित्वको खोजीमा सङ्घर्षरत् देखिन्छ। उपन्यासको कथावस्तुको विकासक्रममा तृष्णाले पति, बालक छोरो र परिवारलाई नै त्याग गरेकी छ। गृहत्याग गर्नभन्दा अघिका तृष्णाका क्रियाकलाप र पतिसँगको संवादबाट घर छोड्नको कारक तत्त्व व्यक्तिगत स्वत्वको खोजी

हो भन्ने स्पष्ट गराएको छ। उदार नारीवादी बेट्टी फ्राइडनले घरेलु कार्यको सीमाभित्र सीमित पाउँदा नारीले आफूलाई सदैव अस्तित्वहीन र अपूर्ण ठान्दछन् भन्दै एकोहोरो घरेलु कार्य नारीको मूल समस्या रहेको बताएकी छन्।[१] नारीले आफूलाई अस्तित्वहीनताबाट मुक्तिको खोजी गर्नु भनेको आफ्नो व्यक्तिगत अधिकारको खोजी गरिएको हो। **निर्गमन** उपन्यासकी तृष्णा कलेजकी प्राध्यापिकाका साथै एकजना लेखक पनि हुन्। कलेज र घरेलु कार्यमा सदैव व्यस्त रहने तृष्णामा मानसिक पीडा रहेको तथ्य उपन्यासमा यसरी व्यक्त गरिएको छ - "केही समयपछि बिच बिचमा निकै गम्भीर देखिनु, कम बोल्नु र कहिले काहीं दिक्क माने जस्तो भाव देखिन थाल्नु"[२] जस्ता तृष्णाको समस्या फ्राइडनले उल्लेख गरेका नारी समस्यासित मेल खाने किसिमको देखिएको छ। तृष्णा पति अक्षयलाई भन्छे-"अधिक व्यस्ततामा अचेल त मैले मेरो नाउँ पनि भुलिसकेँ, केपो हो मेरो नाउँ?"[३] उपन्यासमा घरेलु कार्यमा कहीँ पनि पति अक्षयको भूमिका रहेको देखिएको छैन तर तृष्णाले व्यस्त हुनुपर्ने समस्या नै पितृसत्तात्मक समाजले नारीलाई थोपरि दिएको घरेलु कार्यको जिम्मेवारी हो। यसरी तृष्णाले व्यस्त हुनुपर्ने समस्याले समाजमा नारीको अवस्था, उत्तरदायित्व र भूमिका पुरुषभन्दा भिन्न र दयनीय रहेको स्पष्ट गराएको छ। दुवैको संवादको क्रममा तृष्णाले नाउँ समेत बिर्सिएको प्रश्नको उत्तरमा अक्षय भन्छ- "मेरी जीवनसंगिनी तिमी, परागकी आमा, मेरो पनि आमा।"[४] यहाँ पति र छोरोका साइनोबाट पत्नी र आमाका रूपमा परिचित हुनुपर्ने तृष्णाको व्यक्तिगत पहिचान शून्य रहेकाले संज्ञाहीन बनेको अनुभव गरेकी छ। यस सन्दर्भले तृष्णा निर्गमन हुनुको मुख्य कारण व्यक्तिगत स्वतन्त्रताको निम्ति हो भन्ने स्पष्ट गराएको

---

१ बेटी फ्राइडन, सन् १९६३, **दि फेमिनीन् मिस्टिक**, न्यू योर्क, डब्लू. डब्लू. नर्टन एन्ड कम., पृ. २०।

२ विन्द्या सुब्बा, २००६, पूर्ववत्, पृ. २०।

३ पूर्ववत्, पृ. २१।

४ पूर्ववत्, पृ. २१।

देखिन्छ। विवाहपूर्व नारी बाबुको नामबाट र विवाहपछि पतिको नामबाट परिचित गराउने षड्यन्त्र पितृसत्ताको हो भन्ने नारीवादी मान्यता छ। तृष्णाको पति अक्षय पनि पुरुषश्रेष्ठतावादी सामाजिक व्यवस्था र मान्यतालाई प्राथमिकता दिएर नै बाँच्ने पुरुष पात्र हो भन्ने कुरा माथि उल्लिखित उसका भनाइले स्पष्ट पारेको छ। परम्परादेखि पुरुषले उपभोग गर्दै आएको शक्तिलाई छोड्न सकेको छैन, त्यसैले तृष्णालाई उसको नामबाट सम्बोधन नगरेर उसले आफू र छोराकै सन्दर्भमा राखेर परिचित गराएको छ, पितृसत्तात्मक मानसिकताले ग्रस्त रहेको अक्षयको यस्ता नारी शोषित विचार र व्यवहारबाट भने तृष्णा असन्तुष्ट रहेकी कुरा तृष्णाले यसरी व्यङ्ग्यात्मक ढङ्गले प्रकट गरेकी छ -"अब भोलि अरूलाई पनि सोध्छु म।"[५] आफ्नो नामबाट परिचय चाहने स्वाभिमानी नारीको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ।

प्रस्तुत उपन्यासकी तृष्णा व्यक्तिवादी पात्र हो। ऊ चयनको स्वतन्त्रतालाई उपभोग गर्न रुचाउँछे। पुरुषको वर्चस्व रहेको समाजमा नारी मुक्ति र स्वतन्त्रता हरण भए तापनि व्यक्तिगत स्वतन्त्रताको हरणलाई चुनौति ठान्छे। प्रत्येक व्यक्तिको आ- आफ्नै स्वतन्त्र इच्छा हुन्छ भन्ने उदाहरण उपन्यासमा यस्तो छ- "फरक हुन्छ एउटा एउटा मान्छेको जीवनको प्रयोजन बोधमा, जिउने शैली र प्राथमिकता बोधमा।"[६] यस कथनले लैङ्गिक आधारमा नारी पुरुषमाझको विभेदक रेखा निराधार रहेको देखाइएको छ। मानिसको प्रत्येक क्रियाकलाप, क्षमता, सक्रियता व्यक्तिमा निर्भर रहन्छ भन्ने मनासय तृष्णाको छ। ऊ पारम्पारिक नारीभन्दा भिन्न देखिएकी छ। उसको पतिले पनि तृष्णाको गृहत्यागपछि गृहत्यागको कारण सोच्न बाध्य हुनु परेको छ। स्वास्नीमान्छेको आफ्नो भिन्न नीजि इच्छा, जीवन जिउने तरिका, उद्देश्य हुँदो रहेछ भन्ने कुरा उसले पनि अनुभूत गरेको छ ।

५ पूर्ववत्, पृ. २१।

६ पूर्ववत्, पृ. १७।

लैङ्गिक आधारमा नारी पुरुषका निम्ति बनाइएका भिन्न नियम सही नरहेको कुराबाट तृष्णा असन्तुष्ट रहेको उदाहरण यसरी व्यक्त गरिएको छ-

> **हाम्रो समाजमा लिङ्गजन्य दृष्टिकोण र मानदण्ड संशोधन गर्ने कुनै उन्नत मानसिकता र कर्मठ हातहरू देखा परेका छैनन्। ...साँझ घर पुगेर भने उ स्वास्नीबाट, आमाबाट उही सेवा र सहुलियतको माग गर्छ। आफ्नो सत्ता र पुरूषोचित अधिकार गुमाउने डरमा तर उसको हृदय त्यहाँनेर चाहिँ फराकिन मान्दैन। ...यस व्यवस्थाबिच म पनि उही आम जीवन जिउने, आम स्थिति भोग्ने एक स्वास्नीमान्छे हूँ। के को निम्ति जन्में म, किन यति तुमूल द्वन्द्व मेरो मनभित्र?[७]**

परम्परागत व्यवस्था र नियमबाट नारी अन्यायमा परेको कुरा बुझेकी तृष्णा समाजमा, सोचमा र व्यवस्थामा परिवर्तनको आवश्यकता बोध गर्दछे। नारी पुरुषभन्दा कुनै पक्षमा पनि असक्षम छैनन् र नारी व्यक्तिगत रूपमा स्वतन्त्र हुनुपर्छ भन्ने कुरामा विश्वस्त भएकी हुनाले नारीले परतन्त्रतामा जिउनु पर्ने बाध्यताका कारणको खोजी गरेकी छ। यसप्रकार आफ्नो सत्ता, स्वतन्त्रता र अस्तित्वको खोजमा निरन्तर तल्लिन देखिएकी छ। तृष्णा लैङ्गिकताको अवधारणालाई ध्वस्त पारेर व्यक्तिगत क्षमता, सबलता, दृष्टिकोण, मानसिकता हुन्छ भन्ने कुरामा जोड् दिँदै स्वयम्द्वारा लिखित उपन्यासकी नायिका प्रतिभाबाट आफ्नो स्वर मुखरित गराएकी छ-" सृष्टिमा कहीँ यस्तो प्रमाण छैन कि यस्तो गुण व्यक्तिगत हिसाबमा हुन्छ, लिङ्ग अनुसार होइन।"[८] लैङ्गिक आधारमा व्यक्तिको सबलताको निर्णय दिनु भनेको पितृसत्ताको षड्यन्त्र मात्र हो। यस्ता पुरुषपक्षीय मानसिकतालाई चुनौति दिन प्रतिभालाई आफ्नो उपन्यासमा खडा गरेकी छ। प्रस्तुत उपन्यासकी तृष्णाले गृहत्यागपछि स्वयम् लिखित

७ पूर्ववत्, पृ. ४०-४१ ।

८ पूर्ववत्, पृ. ८७ ।

उपन्यासकी पात्र प्रतिभाको माध्यमबाट नारीको व्यक्तिगत स्वतन्त्रतामाथि नारी पात्रलाई बोल्न लगाएकी छ। "आफ्नो अस्तित्व चेतनाको कारण पति र परिवार त्याग्न पुगेकी नारी तृष्णाको गृहत्याग नारीअस्मिता र अस्तित्वको रक्षार्थको लागि होकि वैयक्तिक स्वतन्त्रताका लागि हो भन्ने कुरा उपन्यासमा स्पष्ट छैन"[९] भन्ने मन्तव्य रूपेश शर्माको रहेको भए तापनि व्यक्तिगत स्वतन्त्रता मानवको प्राकृतिक अधिकार हो। नारीका व्यक्तिगत स्वतन्त्रताको बाधक तत्त्व घरेलु कार्य रहेको बोध गरेर सधैंको निम्ति परिवार नै छाड्नु पनि व्यक्तिगत क्षमतालाई सावित गर्ने एउटा माध्यमको रूपमा देखिएको छ। **निर्गमन** उपन्यासभन्दा अघि प्रकाशित उपन्यासका नारीले गर्न नसकेका गृहत्याग जस्ता कुरालाई समाज र परिवारको कुनै वास्ता नै नगरी तृष्णाले आँट गर्नु पनि व्यक्तिगत क्षमताको पुष्टि दिनु हो।

नारीका व्यक्तिगत स्वतन्त्रताको निम्ति आवाज उठाउने अर्को उपन्यास बलदेव मजगैयाँको **मानसी** (सन् २००६) हो। प्रस्तुत उपन्यासमा उपन्यासकी प्रमुख नारी पात्र मानसी आफ्नै पति विनयको षड्यन्त्रमा सन्तानहीन बन्न बाध्य भएकी छ। उसको पतिमा रहेको शारीरिक दुर्बलताको सत्यताबाट धेरै वर्षसम्म मानसी अनभिज्ञ नै रहेकी छ। उपन्यासको अन्ततिर मातृ अधिकारबाट वञ्चित गराउने पतिको षड्यन्त्र थाहा पाएपछि मानसीले -"तिम्रो नामको सिंदुर र पोतेको बन्धनबाट म आजैदेखि मुक्तिको घोषणा गर्दछु"[१०] भन्ने आँट गरेकी छ। उसले आफूलाई छली पतिको षड्यन्त्र र बन्धनबाट मुक्त हुने घोषणा गर्नु नै उसले आफ्नो व्यक्तिगत स्वतन्त्रताको खोजी गरेकी हो। साधारण विवाहिता नारीले उठाउन नसक्ने स्वर मानसीबाट ध्वनित हुनुमा उसमा निहित व्यक्तिगत सत्ता र स्वतन्त्रताप्रतिको सचेतताका कारण सम्भव भएको देखिन्छ।

---

९ रूपेश शर्मा, सन् २०१५, *नारीवादी लेखन र भारतीय नेपाली साहित्य,* अर्जुन पीयस (सम्पा.), **नारी आभा**, पोखेबुङ्, प्रेमफूल प्रकाशन, प. २४ ।

१० बलदेव मजगैयाँ, सन् २००६, **मानसी**, ललितपुर, साझा प्रकाशन, पूर्ववत्, पृ. ८८ ।

पुष्प राईको **भोलिको प्रतीक्षा**-मा नारीको व्यक्तिगत अधिरकार खोज्ने क्रममा कोख अनि विवाहलाई प्रमुख मुद्दाका रूपमा लिएको पाइन्छ। कोख नारीको व्यक्तिगत अधिकारका कुरा हुन्, त्यसैले गर्भको शिशुमाथि केवल नारीको अधिकार हुन्छ भन्ने कुरा **भोलिको प्रतीक्षा**-को शान्तिद्वारा ध्वनित भएको छ। यस्तै प्रकारले विवाह पनि नारीको नितान्त व्यक्तिगत अधिकारका विषय भएको हुनाले विधवाले पुनः विवाह गर्न पाउनुपर्छ भन्ने स्वर शान्तिकी आमाको माध्यमबाट गरिएको छ। उपन्यासकार विन्धा सुब्बाको **निर्गमण** उपन्यासकी तृष्णाले नारीको स्वपहिचानलाई व्यक्तिगत अधिकारको रूपमा लिएकी छ भने बलदेव मजगैयाँको **मानसी**मा नारीप्रति दमनीय मानसिकता भएका पुरुषबाट मुक्ति हुनुलाई नारीको व्यक्तिगत अधिकारका रूपमा लिइएको छ। विवाहित नारीको पक्षमा विभिन्न उपन्यासकारद्वारा आवाज उठाइएका पाइए तापनि पुष्प राईले भने कोखमा नारीको नियन्त्रण हुनुपर्ने र विधवाले पुन: विवाह गर्न पाउनुपर्छ भन्ने नवीन विषयलाई नितान्त पृथक रूपमा उपन्यासमा अभिव्यक्त गरेको देखिन्छ।

### ५.१.१.२ नेपाली उपन्यासमा पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको खोजी

नारीवाद नारीहरूकै अध्ययन चिन्तनमा मात्र केन्द्रित नरही नारी पुरुष समताका सन्दर्भबाट पनि विस्तारित भएको छ। पुरुष र नारीका पहिचानको आरम्भिक थलो मानिने परिवारले विस्तारै सामाजिक रूप ग्रहण गरेपछि पुरुष नारीसम्बन्धी विभिन्न व्यवहारका पक्षहरूसँग सम्बन्धित राजनैतिक, आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक आदि पक्षहरूमा दुवैको भूमिका, सरोकार, सहभागिता उत्तिकै महत्त्वपूर्ण हुन्छ। तर यी सबै केन्द्रहरूमा सर्वाधिका अधिकार नारीका तुलनामा पुरुषहरूको अधिकार सतप्रतिसत रहेको पाइन्छ। यसरी

पारिवारिक, सामाजिक, आर्थिक, राजनीतिक, आदि क्षेत्रहरूमा पुरुष प्रभुत्वबाट नारीलाई मुक्त गरी नारीपुरुषको समान विकासका लागि उदार नारीवादीहरूले आवाज उठाएको पाइन्छ।

नारीले यी अधिकारहरू प्राप्त गरेमा नारी र पुरुषमा कुनै प्रकारको पार्थक्यता रहने छैन दुवै समान बन्दछन्। उदार नारीवादले नारी पुरुषभन्दा सक्षम, सबल र विवेकशील छन् त्यसर्थ प्रत्येक क्षेत्रमा नारीले पुरुषसमान सहभागी हुन पाउनुपर्छ भन्ने तर्क अघि सारेका छन्। पुरुषप्रभुत्वशाली समाजमा महिला वास्तवमै पुरुषमा निर्भर रहन चाहन्छन्, महिलाका इच्छा- आकाङ्क्षा पुरुषका तुलनामा थोरै हुन्छन्, महिला शिक्षित हुन नै चाहँदैनन् र घर बाहिरका अन्य पेसामा सङ्लग्न हुन रुचाउँदै भन्ने धारणाको विकास गरी नारीलाई दुर्बल, क्षमताहीन र घरभित्र सीमित राख्ने षड्यन्त्र भएको उल्लेख गर्दै महिलाको आत्मनिर्भरताले मात्र विकल्पको द्वार खोल्नसक्छ भन्ने गिलम्यानको मत रहेको छ।[११] यसरी नारीलाई आत्मनिर्भर बन्नमा सहयोग पुऱ्याउने मुख्य विकल्प नारी स्वनिर्भरता हो। पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको खोजी नारीवादको एउटा महत्त्वपूर्ण मान्यता हो। नारीवादको यस मान्यतालाई न्याय दिनका निम्ति नेपाली नारीवादी उपन्यासकारहरूले पनि नारी न्यायको पक्षमा वकालत गरेका छन्।

नारी स्वनिर्भर बनेर पुरुषसमान अधिकार प्राप्त गर्ने उद्देश्यले प्रेरित नारी चरित्रको प्रस्तुति पुष्प राईले **भोलिको प्रतीक्षा**-मा गरेकी छन्। प्रस्तुत उपन्यासकी प्रमुख चरित्र शैशवा नारी अधिकारप्रति सचेत, शिक्षित र सक्रिय छ। समस्त नारी स्वनिर्भर बन्न सक्छन् र पुरुषसमान अधिकार प्राप्त गर्न सक्छन् भन्ने कुरा शैशवाको चरितार्थ चरित्रले गरेको छ।

यसरी समानता प्राप्तिका दिशामा नारी अग्रसारता दिलाउन प्रयत्नशील उदार नारीवादीहरू विभिन्न असमान सामाजिक प्रचलनहरूबारे कुरा गर्छन्। पुरुषप्रभुत्व रहेको

---

११ पूर्ववत्, पृ. ८२।

समाजमा पुरुषहरू नै उच्च स्थानमा रहनु, पुरुषको कार्यक्षेत्र सामाजिक परिधिमा खुल्ला हुनु तर नारीले सम्पूर्ण पारिवारिक जिम्मेवारी वहन गरी परिवारको लालनपोषण गर्नु पर्ने स्थितिले पुरुषलाई सक्षम र नारीलाई असमक्षका रूपमा चिनाउने काम गरेको छ। "पारिवारिक उत्तरदायित्व एवम् कार्यलाई पुरुषले पनि महिलाले समान जिम्मेवारी लिने हो भने महिलाहरूले पुरुषले सरह काम गर्न, व्यावसाहिकताको विकास गर्न आम्दानी एवम् अन्य प्रगति गर्न सक्दछन् भन्ने मान्यतालाई उदार नारीवादले जोड् दिँदछ।"[१२] विन्द्या सुब्बाको **निर्गमन** उपन्यासकी प्रमुख चरित्र तृष्णा लैङ्गिक आधारमा विभाजित पारिवारिक र सामाजिक उत्तरदायित्वको प्रचलन भएको समाजमा नारीको व्यक्तितत्व विकास हुन सक्दैन, त्यसैले सदैव यस्ता परम्परालाई परिवर्तन गर्न चाहन्छे। तृष्णासँग विवाहको प्रस्ताव राख्ने युवक अक्षयलाई तृष्णा भन्छे-

> **लेखक उमाथि पनि एउटी स्वास्नीमान्छे जसको काँधमाथि घरपरिवारको धेरै आशाहरू हुन्छन्। निकै ठुलो मन हुनुपर्‍यो एउटा लेखकलाई स्वीकार गर्ने मान्छेको पनि। म आफ्नो अवधारित कार्यमा बाँडिएकी छु, यस्तैमा मलाई स्वीकार गर्न के मञ्जुर छ तपाईंलाई।** [१३]

यहाँ एउटी स्वास्नीमान्छेमाथि थोपरिएको उत्तरदायित्वको बोझलाई एक्लै उठाउन तृष्णाले चाहेकी छैन भन्ने कुरा स्पष्ट भएको छ।ऊ पुरुषप्रभुत्ववादी समाजको अवधारणाअन्तर्गतकी स्वास्नीमान्छेमा हुनुपर्ने स्वभाव, गुण, निर्वाह गर्नुपर्ने कार्य र बन्धनमा बाध्य भएर बाँच्न चाहँदिन। त्यसैले आफैले संरचित कार्यक्षेत्रमा वैवाहिक जीवन बिताउने निर्णय लिएको बताउँछे। तर छोरोको जन्मपछि तृष्णाले अचनाक गृहत्याग गर्नुको कारणहरू उपन्यासको यस उदाहरणले स्पष्ट गराउँदछ -"आमा सदैव चाहन्थिन् कलेजपछि बुहारी सोझै

---

१२ भोजेन्द्र अर्याल, सन् २००२, **लैङ्गिक अध्ययन**, काठमाडौं, समाजशास्त्र प्रकाशन, पृ. ७७।

१३ विन्द्या सुब्बा, सन् २००६, **निर्गमन**, नाम्ची, निर्माण प्रकाशन, पृ. १८।

घर फर्केर आवोस्, विदाको दिन हप्ताभरि थुप्रिएको काम र लहनतहनहरू लिइ घरमा नै विताओस्।"[१४] यसप्रकार एउटी बुहारीले मात्र घरेलु जिम्मेवारी वहन गर्नुपर्ने नारीशोषित मानसिकता नारी स्वतन्त्रताको बाधक तत्त्व बनेको देखिएको छ। यही मानसिकताबाट मुक्ति चाहनु नै उसले खोजेको समानता हो। पुरुषपक्षीय सामाजिक व्यवस्थाका विपरित तृष्णाको विचार भएको हुनाले तृष्णाको अवस्थाबारे अक्षय गम्भीर भएर सोच्छ-

> लाग्छ कहिले-काहीँको उसको ती झर्कोफर्कोहरू सबैतिरको आफ्नो आसक्ति एवम् गृहस्थीको तानाबानाहरू उसको मार्गमा बाधास्वरूप हुनु र तीहरूबाट मोहभंग हुन नसक्नुको कारण थियो। गृहिणी तृष्णालाई, आमा तृष्णालाई बारम्बार यो व्यवस्था र सत्तादेखि उच्छेद गरेर कतै लाग्न खोज्ने, तानेर कतै पुऱ्याइदिने।[१५]

तृष्णा पितृसत्ताको कार्य विभाजनलाई तोड्न चाहन्थी। समाजको विधि-विधान, व्यवस्था प्रणाली पुरुषपक्षमा रहेका हुनाले पति र सासु सबै नारीशोषित नियम र परम्पराको पक्षमा रहेका थिए।

> उ पनि यही समाजको एक हिस्सा हो जहाँ बाल्यकालदेखि नै पितृसत्ता, मानवजातिमा कथित् प्रथमलिङ्ग हुनुको महत्ता तथा एउटा घरभित्र उनीहरूको प्रभाव र भूमिकाहरूको दृश्य हेर्दै ठुलो भएको छ। नारीभन्दा उसको स्थान देखाइएको छ तथा छोरी- बुहारीको थन्को र कर्तव्य, दुई लिङ्गधारीहरूले आ-आफ्नो प्रकारले घरभित्र, घरबाहिर गर्नुपर्ने कर्महरूको वर्गीकरण बुझाएको छ।

१४ पूर्ववत्, पृ. २७।

१५ पूर्ववत्, पृ. २५।

**...त्यसैले यो व्यवस्थाले, संस्कारले आरोपित गरीदिएको पुरूषोचित अहम् र अधिकार बोधले बेला-बेला तृष्णा र उमाझ पर्खाल नउभ्याइ दिनको पनि होइन।[१६]**

उपर्युक्त उद्धरणले समाज पूर्ण पितृसत्ताको पक्षमा रहेको देखिएको छ। नारी पुरुष समानता भएको नयाँ समाजको निर्माण गर्न घरबाट पलायन भएर नयाँ मार्ग तृष्णाले खोजेकी छ। तृष्णाले गृहत्याग गरेपछि अक्षयले पत्नी पलायन हुनुको अनेक सम्भावनाहरू जान्ने क्रममा तृष्णाको महत्त्व बुझेको छ। तृष्णाविना उनको जीवन अपूर्ण भएको आभाष गरेको छ। अक्षयले नारी पुरुषसमान हुन्, नारी पुरुषजस्तै एक्लै बाच्न सक्छन् भन्ने कुराको बोध भएको हुनाले उदार नारीवादीको स्वनिर्भरता र समानताजस्ता मान्यता सफल भएको छ। पुरुषसत्ताले नारीलाई प्राइभेट स्पेयरमा मात्र सीमित रहने प्राणीको रूपमा हेर्दछ। नारी पब्लिक स्पियरमा सम्मेलित हुन सक्दैनन् भन्ने सोचलाई नारीवादले खण्डन गरेको छ। यसबारे नारीवादी चिन्तकहरूको मत यस्तो रहेको पाइन्छ - “महिला आज बाहिर काम गर्न सक्ने भएकीले उ गृहस्थीको बोझ राजीखुशी उठाउन मञ्जुर छैन। घर र बाहिरको जिन्दगीको द्वन्द्वमा फसेर उ अझ थाक्न चाहँदिन।”[१७] यस्तै समानताको खोजीमा तृष्णाले कठिन पाइला उठाएर सामाजिक, सास्कृतिक पूर्वाग्रह, घरेलु कार्यको सीमालाई तोडेकी छ। तृष्णाले लिएको यस निर्णयपछि अक्षयको “तर आमा, प्रतिभा, इच्छा- आकांक्षा र क्षमता त दुवै लिङ्गमा समानरूपले हुनेगर्छन्”[१८] भन्ने अभिव्यक्तिले नारी पुरुषसमान समाजको निर्माणमा कतिपय पुरुषहरू पनि अग्रसर हुन थालेको देखिएको छ।

---

१६ पूर्ववत्, पृ. ६४।

१७ रमेश सुनुवार (अनु.), सन् २००३, **महिला**, काठमाडौं, प्रगति पुस्तक सदन, पृ. ५६।

१८ विन्ध्या सुब्बा, सन् २००६, पूर्ववत्, पृ. १२४।

पुरुषको पक्षमा बनिएका एकतर्फी व्यवस्थाको परिवर्तनको आग्रहमा भीम दाहालको **अभीष्टको खोज** उपन्यास देखिन्छ। प्रस्तुत उपन्यासकी प्रमुख नायिका शान्तिले पुरुषप्रमुख संसारका वास्तविकतासँग पूर्ण परिचित भएपछि उसले नारीको बाधक तत्त्वको मूल जड पुरुषप्रभवत्व भनेर बुझ्न सकेकी छ। त्यसैले उसलाई विवाहको निम्ति माग्ने केटा आँउदा विवाह गर्न तयार भएकी छैन। शान्ति भन्छे- "तपाईंहरूकी छोरी भइरहूँ। म अब अर्को रूप जन्माएर त्यसलाई समस्या दिन चाहन्नँ। म खोजिरहन्छु आमा र जुन दिन वा रात मलाई मनपर्दो, मेरो मनले खोजेको कुरा पाउँछु-त्यहाँदेखि उता म अल्मलिइरहन चाहन्छु।"[१९] पुरुषप्रधान मानसिकता र व्यवस्थाले नारी पीडित छन् र विवाह नारी समस्याको समाधान गर्ने विकल्प होइन्, विवाह गर्नाले कहिले पनि नारीलाई पुरुषसमान हक, मान-सम्मान र न्याय हुने छैन भन्ने कुरामा शान्ति सचेत छ। नारीलाई आफ्नो इच्छाको साधन मान्ने ठाउँमा नारीले आफ्नो अभीष्ट प्राप्त गर्ने छैन, त्यसर्थ नारीले प्रत्येक क्षेत्रमा पुरुषसमान स्थान, सामाजिक व्यवहार र अधिकार प्राप्त गर्न नारी स्वयम् सङ्घर्ष गर्नुपर्ने कुराको सङ्केत शान्तिले गरेकी छ।

नारीले स्वनिर्भर बनेर पुरुषसमान कुनै पनि कार्य गर्न सक्षम छन् भन्ने विचार पद्मावती सिंहको **समानान्तर आकाश**-मा पनि देखाइएको छ। प्रमुख नारी पात्र सुष्मिता स्वयम् पुरुषबाट प्रताडित भएर अन्य नारीका पीडालाई अनुभव गर्न सकेकी छ। आफ्नो लोग्नेले अर्की परस्त्रीसँग सम्बन्ध राखेको थाहा पाएपछि प्रमुख पात्र सुष्मिता अलग बस्न थाल्छे। आत्मनिर्भरता नै पुरुषदमनबाट मुक्त हुने एउटा महत्त्वपूर्ण माध्यम मान्ने सुष्मिता भन्छे- "यस भेगका महिलाहरूको आर्थिक स्तर बृद्धि गरी उनीहरूलाई आत्मनिर्भर बनाउने। जबसम्म महिलाहरू आत्मनिर्भर हुँदैनन् तबसम्म तिनीहरू सुखी तथा स्वतन्त्र हुन सक्दैनन् र

---

१९ भीम दाहाल, सन् १९९८ (दो.सं.), **अभीष्टको खोज**, गान्तोक, जनपक्ष प्रकाशन, पृ. १४० ।

पुरुषहरूको समकक्ष पुग्न सक्दैनन्।"[२०] नारीले परनिर्भरताको कारण पुरुषको अधीनमा बस्न बाध्य भएको कुरामा सुष्मिता सचेत छ। त्यसैले पुरुषलाई आश्रयदाता बनाउनु भनेको नारी पुरुषको शोषणमा शोषित भएर बस्नु हो। जबसम्म नारी स्वावलम्बी बनेर आर्थिक रूपले सबल बन्दैनन् तबसम्म नारीले पुरुषसमानता प्राप्त गर्न सक्दैनन् भन्ने कुरामा प्रमुख नारी पात्र सचेत छ। नारीजातिको सशक्तीकरणमा जोड दिने नारीवादी स्वरलाई सुष्मिताले साकार बनाएकी छ। प्रस्तुत उपन्यासमा गौण पात्रको रूपमा देखापरेकी कृष्णमाया सधैं पति कप्तान बूढोको हिंसाको सिकार बनेर बस्न बाध्य भएको देखाइएको छ। कप्तान बूढोले लिङ्गको आधारमा आफूलाई पत्नीभन्दा धेरै उच्च ठानेको उदाहरण उपन्यासमा यस्तो छ- "मर्दले घरको काम गर्दैन। घरको काम गरेर स्वास्नीलाई सघाउने त जोइटिङ्ग्रे हुन् बुझिस्? धेरै फतफत नगर, एक सर्को तमाखु भर।"[२१] पतिको अधीनमा धेरै वर्ष बिताइ सकेकी कृष्णमाया सुष्मिताको सहयोगले स्वनिर्भर बनेकी छ। पुरुषप्रधान समाजलाई उसको चुनौति र ललकार यस्तो रहेको छ-

> **"यिनीहरू राजा हुन् कि क्या हो?!खालि यो गर, उ गर् भनेर हुकुम चलाइ रहन्छन् ?!...तिमीले जागिर खा भनेर खाएकी हुँ र तिमीले छोड् भनेर छोड्ने? एकपेट त कुकुरले पनि खाएकै छ नि। अब त हेर, तिमीलाई छोड्छु बरू जागिरचाहिँ छोडदिन"[२२]**

कृष्णमायाको चेतावनीबाट आर्थिक स्वतन्त्रता र स्वनिर्भरता नारी उत्थानको महत्त्वपूर्ण खुड्किलो हो भन्ने कुरा प्रष्ट भएको छ। नारीले पुरुषसमान अधिकार, समाजमा स्थान प्राप्त गर्न आत्मनिर्भर हुनु अत्यावश्यक रहेको कुरा कृष्णमायाले बुझेकी छ। जागिर खान अघिको

---

२० पद्मावती सिंह, सन् २००५, **समानान्तर आकाश**, ललितपुर, साझा प्रकाशन, पृ. २१-२२।

२१ पूर्ववत्, पृ. ५२।

२२ पूर्ववत्, पृ. ५३।

दासत्व जीवनको कारक तत्त्वबारे भन्छे- "दुई पैसा कमाएर हात थाप्न नपरे हेप्ने छैनन् कि। त्यही सधैं हात थाप्न परेर र त्यसको कमाइ खान परेर त हो नि मेरो मालिक भएर हात छोडेको।"[२३] यसप्रकार सुष्मिता प्रथमत: आफू स्वावलम्बी बनेर मात्र अन्य नारीलाई आत्मनिर्भर बन्नुपर्छ भन्ने कुरामा सचेत गराएकी छ। उदार नारीवादीले उठाएका नारी स्वनिर्भरताको पाठ र मान्यता उपन्यासकी पात्र सुष्मिताले बुझेकी छ ।

स्वनिर्भर बन्नका निम्ति शिक्षा आवश्यक रहेको कुरा उपन्यासमा पाइन्छ। नारीले पुरुषनिर्भरतालाई त्यागेर स्वनिर्भर बन्नका निम्ति "शैक्षिक जागरण हुनुपर्ने"[२४] अवसर सुष्मिताले बाल्यवास्थामा नै पाएकी छ। उसकै शब्दमा "मेरा बुबा सधैं भन्नु हुन्थ्यो, छोरीहरू हो, जति सक्छौ पढ, पढाइ नै तिमीहरूको दाइजो हो"[२५] जस्ता सुझाउको कारण नै सुष्मिता नारी सशक्तीकरणका निम्ति सचेत देखिएकी छ। नारी पुरुषसमान हुन् भन्ने कुरामा सचेत छ, त्यसैले नारीले गुमाएका प्रत्येक अधिकार पुन: प्राप्त गर्नका निम्ति ऊ अग्रसर छ।

**दाजुभाईसरह महिलाले अंश पाउनुभन्दा दाजुभाईसरह शिक्षाको अवसर पाउनुपर्छ। अंश सक्नेले दिए हुन्छ तर शिक्षा त सबैले छोराछोरी दुवैलाई समान रूपले दिनैपर्छ। छोरा र छोरी दुवै शिक्षाको उज्यालोबाट वञ्चित हुनु हुँदैन**[२६]

विशेषत: पुरुषप्रभुत्व भएका समाजलाई नारी पुरुषबराबरी हुन् भन्ने कुरा प्रमाणित गर्नका निम्ति नारीले आफ्नो खुट्टामा आफै उभिनुपर्छ भन्ने कुरातिर नै उपन्यासकारको कलम चलेको छ। पुरुषका उच्चताभासका कारण नारीलाई हीन दृष्टिकोणले हेर्ने र व्यवहार गर्ने

---

२३ पूर्ववत्, पृ. २८।

२४ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ७७।

२५ पद्मावती सिंह, सन् २००५, पूर्ववत्, पृ. १५२।

२६ पूर्ववत्, पृ. १५३।

हुँदा सामाजमा नारी पुरुषमा असमानताको स्थिति पैदा भएको हो भन्ने कुरा देखाइएको छ। प्रस्तुत उपन्यासमा नारीलाई समान दृष्टिले नहेरेसम्म लैङ्गिक समानताको अभियान भाषणमा मात्र सीमित रहन्छ भन्ने दृष्टिकोण अघि सारिएको छ। त्यसर्थ नारीले समाजमा पुरुषसमान स्थान प्राप्त गर्नका निम्ति नारी नै अग्रसर हुनुपर्ने कुरालाई विशेष जोड दिइएको छ।

प्रस्तुत उपन्यासमा नारी प्राकृतिक रूपले पुरुषसमान हुन्, तर लैङ्गिक आधारमा नारीलाई पुरुषभन्दा कमजोर ठान्ने मानसिकतालाई ध्वस्त पार्न नारीले आफूलाई शिक्षित बनाएर स्वनिर्भर बनाउन सके नारी पुरुषभन्दा कुनै क्षेत्रमा कमजोर छैनन् भन्ने कुराको पुष्टि दिन सकिन्छ भन्ने कुरा देखाइएको छ।

सुजातका **पराजित अस्तित्व** उपन्यासकी नायिका अस्मिता नारीले विवाहभन्दा अघि नै स्वयम् सफलता प्राप्त गर्नुपर्छ भन्ने कुरा बुझेकी छ। राष्ट्र बैंकको एकजना कर्मचारी भएर पनि अझ पढेर आफ्नो छुट्टै लक्ष्य बनाउन अस्मिता अघि बढेकी देखिन्छ। यहाँ अस्मिताले नारी स्वनिर्भर हुनुपर्छ भन्ने सन्देश दिएकी छ।

> **आफू अधिकृत पदमा नपुगी, स्थापित क्यारियर नबनाइ कुनै प्रेम र विवाहको प्रस्तावको परिबन्दमा नफँस्ने दृढ् सङ्कल्पसितै धेरै पुरुषका प्रेम एवम् विवाहको प्रस्तावलाई हाँसी-हाँसी सजिलै अस्वीकार गर्दै आइरहेकी ऊ।** [२७]

उपन्यासकार स्वयम् भन्छिन्- “आजका एक्काइसौं शताब्दीका शिक्षित र चेतनशील युवा नारीहरूले आफ्नो पहिलो प्राथमिकता विवाहलाई नदिएर उच्च शिक्षा र क्यारियरलाई दिनुपर्छ।”[२८] यहाँ पनि उपन्यासकारको लक्ष्य पनि नारी स्वनिर्भर बन्नुपर्छ भन्ने रहेको छ।

---

२७ सुजात, सन् २००७, **पराजित अस्तित्व**, विराटनगर, वाणी प्रकाशन, पृ. ४।

२८ पूर्ववत्, पृ. छ।

नारीले समाजमा लैङ्गिक विभेदलाई हटाउनका लागि पनि नारीलाई शिक्षा दिएर आत्मनिर्भर तथा चेतनशील बनाउन जरुरी हुन्छ भन्ने धारणा अभिव्यक्त भएको छ ।

प्रमुख नेपाली नारीवादी उपन्यासमा पुरुष समान नारी अधिकारको खोजी र स्वनिर्भरताबारे अध्ययन गर्दा पद्मावती सिंहको **समानान्तर आकाश** उपन्यासकी नारी पात्र सुष्मिता र स्विटी प्राकृतिक रूपमा पुरुष र नारीसमान हुन् भन्दै नारीलाई शिक्षाद्वारा सचेत गराएर नारी पुरुष समानतावादी समाजको निर्माण गर्न जुटेका छन्। यस्तै प्रकारले सुजातको **पराजित अस्तित्व**-की अस्मिता नारी पनि एक्लै जीवन जिउन सक्छन् भन्दै नारीलाई पुरुष समान ठान्दछे। तर पुष्प राईले आफ्ना उपन्यासका नारीलाई शिक्षित बनाइसकेर मात्र लैङ्गिक विभेदलाई अन्त गर्न प्रेरित गरेकी छन्। उसको भनाइमा जुन वैज्ञानिकता छ त्यो अन्यमा नपाइने हुनाले उनी अन्यका तुलनामा विशिष्ट छन् र नारीवादी स्वरलाई सशक्त रूप दिन सक्षम छन्। उनका उपन्यासका नारीहरू स्वनिर्भर भएर नारी पुरुष समानतावादी समाजको निर्माण गर्न क्रान्तिकारी रूपमा अघि बढेका छन्। पुरुषसमान नारीको मूल्य र स्थान खोज्न पुरुषपक्षीय परम्परा, संस्कार र मानसिकतालाई नारी चरित्रले चुनौति दिएका छन्। उपन्यासका नारी चरित्रहरू पूर्णिशा, शान्ति, शैशवा आदिलाई पुरुषसमान अधिकारको खोजीमा उतार्न उपन्यासकार पुष्प राई सफल बनेकी छन्। स्वनिर्भरता, समानता र सफलताका लागि नारीले आफ्ना तर्फबाट पनि सङ्घर्ष गर्नुपर्ने आवश्यकता बोध गराएर सफलता हत्याउन अभिप्रेरित गराइएकाले पुष्प राईका उपन्यासमा वर्णित समाज र चित्रित चरित्रहरूको आफ्नो अलग विशेषता रहेको देखिन्छ।

## ५.१.२ उग्र नारीवादी अवधारणाको आधारमा नेपाली उपन्याहरूको अध्ययन

नारीवादका विभिन्न प्रकारमध्ये उग्र नारीवाद पनि एउटा हो। उग्र नारीवादले नारी समस्या र उत्पीडनको मूलकारण पितृसत्तालाई मान्दछ र यसको अन्तका निम्ति नारी पक्षीय मद्दाहरूका वकालत गर्दछन्। नेपाली उपन्यासमा नारीहरू कसरी पितृसत्ताको सिकार बनेर दमित अवस्थामा रहेका छन् र यस्ता अत्याचार समाप्तिका निम्ति के-कस्ता आवाज उठाएका छन् भन्ने कुराको विश्लेषण निम्न प्रकार गरिएको छ।

### ५.१.२.१ नेपाली उपन्यासमा पितृसत्ताको विरोध

उग्र नारीवादी चिन्तक मिलेटका मतमा पितृसत्तात्मक समाजले नारीलाई पुरुषको सहयोगीको रूपमा मात्र हेर्दछ र नारीलाई विभिन्न क्षेत्रमा दमन गर्दै आएको छ। पितृसत्ताले पुरुषलाई प्राथमिकता दिएर नारीलाई दोस्रो स्थानमा राखेको छ। युगौंदेखि पुरुष उत्पीडनको सिकार बन्दै आए तापनि नारी स्वत्व, नारी स्वाभिमान र अस्मिताप्रति सचेत नारीहरू पितृसत्ताले गर्दै आएका अन्यायप्रति विद्रोह गर्न उत्साहित छन्।[२९]

पितृसत्ताको अत्याचार असहनीय भएर यसका विरोधमा उत्रेका नारी **भोलिको प्रतीक्षा**-मा पाइन्छन्। पुरुष पात्र शैलेन्द्रले नारी पात्र शान्तिलाई यौन उत्पीडनको सिकार बनाएको अनि नारीलाई पुरुषभन्दा तुच्छ ठान्नका कारण यस्ता अन्यायपूर्ण व्यवहारबाट मुक्ति पाउनका निम्ति शान्तिले उसको गर्भमा भएको शिशु छोरी नै होस् भन्ने कामना गरेकी छ। उसकी छोरी पितृसत्तात्मक समाजलाई चुनौति दिँदै परिवर्तन ल्याउन सक्ने साहसी होस् भन्नु नै पुरुषलाई प्रमुखता दिने पितृसत्तात्मक सोचको विरोध हो। यहाँ सम्पूर्ण पितृसत्तात्मक समाजका व्यवस्था र मानसिकताको अन्त गर्दै नवसमाज निर्माण गर्ने सङ्केत पाइन्छ।

---

२९ जस्पाइन डोनोभान, सन् २०१२, **फेमिनिस्ट थिअरी दि इन्टलेक्चुअल ट्रेडिसन**, लन्डन, कन्टम् इन्टरनेसनल पब्लिसिङ ग्रुप, पृ. १४३।

यस्तै प्रकारले पद्मावती सिंहको उपन्यास **समानान्तर आकाश**-मा पितृसत्ताको विरोधमा विभिन्न पात्रहरूको प्रस्तुति पाइन्छ। उपन्यासमा नारी पात्र स्विटी भन्छे-

> **यिनीहरू पुरुषमानसिकताले गर्दा आइमाईले फिल्डमा बसेर पुरुषसरह काम गर्छन् भन्ने कुरामा विश्वास गर्दैनन्। ...हामीहरूले उदाहरण बनेर काम गरी देखाउनुपर्छ, यिनीहरूको परम्परागत सोचाइमा बिर्को लगाउनुपर्छ।** [३०]

यस भनाइले पितृसत्तात्मक मानसिकतामा परिवर्तन ल्याउनका निम्ति नारी स्वयम् अग्रसर बन्न आवश्यक छ भन्ने कुरा इङ्गित गरेको छ। पुरुषवर्चस्वलाई अन्त गर्न उपन्यासकी स्विटीको स्वर उग्र रूपमा देखिएको छ। प्रस्तुत उपन्यासमा उग्र नारीवादीको रूपमा देखा परेकी स्विटी पितृसत्ताको विरोधमा खडा भएकी छ। ऊ भन्छे - "मर्दले आँटे जे पनि गर्न सक्छन् भन्छन्। अब महिलाले पनि आँटेमा जे पनि गर्न सक्छन् भनेर प्रमाणित गरेर देखाउनु पर्छ हामी दुवैले।"[३१] आफूमात्र सबल, सक्षम र सबै गुणले सम्पन्न ठान्ने मर्दानगीको अहङकारलाई नारी पुरुषभन्दा कुनै प्रकारले कमजोर छैन भन्दै पुरुषवादी मानसिकतालाई जरैदेखि उखेलेर फाल्न अपरिहार्य ठानेकी छ। "पितृसत्ताले पुरुषलाई प्रोत्साहन गर्दछ। पुरुषहरूलाई उच्च शक्ति प्रदान गर्दछ। यसका साथै आर्थिक पक्षमा फाइदा पुऱ्याउँछ। परिवार वा विवाहमा यौनमा आधारित श्रमविभाजनका माध्यमबाट पितृसत्ताको निर्माण हुन्छ"[३२] भन्ने उग्र नारीवादका मान्यता प्रस्तुत उपन्यासमा रहेको छ। उपन्यासका नारीपात्र समाजमा नारी पितृसत्ताकै कारणले शोषित छन् भन्ने कुरामा विश्वस्त छन्। पितृसत्तालाई अनुसरण गर्नुभन्दा यसको विरोधमा उत्रन अबका नारी अघि बढ्नुपर्छ भन्ने कुरामा नारी पात्र स्विटी जोड दिन्छे।

---

३० पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ५।

३१ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ५।

३२ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ९२।

**पुरुषद्वारा महिलाहरूप्रति गरीने दुर्व्यवहार, महिलालाई भोगविलासको साधनका रूपमा हेरिने पुरुषमानसिकता, महिला र पुरुषमाझ विद्यमान परम्परागत मूल्य र मान्यतालाई तोड्न सक्नुपर्छ। त्यसका लागि महिलाहरू स्वयम् अघि बढी यी सबका विरुद्ध हक र अधिकारका लागि लड्नुपर्छ।** [३३]

नारीमाथि हिंसा, शोषण गर्ने सङ्गठित संस्था भनेकै पितृसत्ता हो। नारीले पितृसत्तालाई भत्काउनमा क्रान्तिकारी बनी सङ्घर्षमा उत्रिएर पुरुषप्रधान सामाजिक अस्तित्वलाई अन्त गरेर नारी संसारको निर्माण गर्न सकिन्छ भन्ने मत स्विटीको रहेको छ।

उपन्यासमा प्रमुख पात्र सुष्मिता शिक्षित भएर पनि विवाहपछि घरकै कार्यमा व्यस्त भएकी हुनाले उसले आफ्नो पतिलाई आफू पनि बाहिरी काम गर्ने इच्छा प्रकट गर्दा पति अभिनाश भन्छ-

**तिमी घरकी शोभा हौ। घरको शोभालाई घरबाहिर हेर्न म चाहन्नँ फर्कदा तिमीलाई म स्वच्छ ताजा हेर्न चाहन्छु। ...तिमी सधैं ताजा- तन्दुरुस्त भइ मेरो अङ्कशयनी भइरहू। ...घरलाई सजाउ, घरैभित्र रमाउ। बस्, त्यही दिनचर्या हो तिम्रो।** [३४]

अभिनाशले नारीलाई पूर्णत: आफ्नो इच्छानुसार चल्ने वस्तुका रूपमा हेरेको छ मनोवैज्ञानिर रूपले शोषण गरेको छ। ऊ अझ भन्छ- “सन्तान जन्मेपछि आइमाईको यौवन ढल्छ। त्यसैले केही वर्ष म सन्तान जन्माउन चाहन्नँ।”[३५] नारीको मातृत्वको अधिकारमा पनि पुरुषको हस्तक्षेप रहेको र भोगविलासका वस्तुका रूपमा नारीको उपयोग गरिरहेको पुरुष नियतको खुल्ला चित्रण माथि उल्लिखित प्रसङ्गले पुष्टि गरेको छ। नारी दमनको

---

३३ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ६।

३४ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. १०।

३५ पूर्ववत्, पृ. ११।

पराकाष्ट नाघेको पुरुषवादी मानसिकताको विरोधमा सुष्मिताको तीव्र प्रतिक्रियामा उग्र नारीवादी स्वर प्रस्फुटित भएको छ- "तर अब सन्तानविना बाँच्न सक्दिनँ। म मात्र तिम्रो भोगविलासको साधन बनेर आफ्ना रातहरूलाई तिम्रो वासनामा खेर फाल्न चाहन्नँ। म सन्तानवती हुन चाहन्छु। यो मेरो अधिकारको कुरा हो। "[३६]

भविष्यले पुरुषलाई शोषकको रूपमा र नारीलाई शोषितको रूपमा नहेरोस् भन्ने कामनासहित पितृसत्ताको अन्त गर्न नारी स्वयम्ले पहल गर्नु पर्ने कुरा **समानान्तर आकाश**-का नारी पात्रले व्यावहारिक रूपमा उतारेका छन्। नारीको अवस्था गाउँघरमा पशुसमान छ - "छि आइमाइ पनि मान्छे हो ...पूर्वजन्मको पापको फलले आइमाईको जुनी लिइन्छ भनिन्छ"[३७] नारीवादी चिन्तनप्रति सचेत सुष्मिता र स्विटी जस्ता सहरका नारी आफ्नो हक, न्याय खोज्न अग्रसर छन् भने गाउँघरमा यस्ता लोकोक्तिहरू, विचार र अपहेलित व्यवहार नारीले हरेक पल र क्षेत्रमा भोग्नुपरेको प्रसङ्गले पुरुषवादी समाजमा नारीको स्थिति के कस्तो छ भन्ने वर्णन गर्न उपन्यासकार सफल भएको प्रतीत हुन्छ। गाउँ घरतिरका नारीको अवस्था नारी पात्रकै मुखबाट यसरी व्यक्त गरिएको छ-

> सहरको कुरा म जादिन्नँ। गाउँघरमा त आइमाइलाई पशुसरह नै व्यवहार गरिन्छ। बरु पशुलाई दिनभरि जोतेर गोठमा बाँधेपछि घाँसपात दिएर यसो सुमसुमाइन्छ तर हामी आइमाइहरू सखारैदेखि आधा रातसम्म जोतिएका जोतिएकै हुन्छौ। हामीलाई राम्रो मुखले समेत कसैले बोल्दैनन्। यी लोग्नेमान्छेहरू ले हामीले केही बोल्यौ भने आइमाइ भएर बढी हुने भनेर हपार्छन्।[३८]

---

३६ पूर्ववत्, पृ. ११।

३७ पूर्ववत्, पृ. १४।

३८ पूर्ववत्, पृ. १५।

उग्र नारीवादले नारीदमन र अधीनताको विरुद्ध एकजुट हुनुपर्ने आह्वान गर्दछ। [३९] प्रस्तुत उपन्यासमा एकातिर पितृसत्ताको अन्तको निम्ति विद्रोह चलेको छ भने अर्कातिर नारीहरूले एकार्कालाई सहयोग गरेर नारी सशक्तीकरणका निम्ति अघि बढेका छन्। सुष्मिताको लोग्ने अविनाश नानीको जन्मपछि परस्त्रीसित लहसिनु र घरपरिवारलाई बेवास्ता गर्नुले नारीलाई मानिसको स्थान नदिएर यौन सामग्रीको स्थानमा राखी पुरुषको कामेच्छा पूर्ति गर्ने साधनको रूपमा ग्रहण गरेको स्पष्ट हुन्छ।[४०] त्यसैले नारी विकास र समानताका निम्ति पितृसत्तालाई परास्त गर्नुपर्ने आवश्यकता बोध उग्र नारीवादीलाई हुँदछ। [४१]

प्रस्तुत उपन्यासमा अभिनाशलाई घरबाट निकालेर सुष्मिताले आफ्नो अधिकार र स्वत्वको रक्षा गरेको देखिन्छ-

> **अब म तिमीसित एक पल पनि बस्न सक्दिनँ। सहनुको हद पार भइसक्यो। तिमी जतिसक्यो छिटो यस घरबाट निस्क। अहिले नै निस्क। यो घरमा तिम्रो कुनै स्थान छैन। ... त्यसपछि सुटकेसमा केही कपडा र आवश्यक सामानहरू कोची उनले गृहत्याग गरे।** [४२]

यहाँ पतिलाई घरैबाट निकाल्नुले पुरुषवादी नियम, परम्परा, व्यवस्था र अवधारणा अनुसार घर, सम्पत्ति पुरुषको हो भन्ने पितृसत्तात्मक परम्पराको भञ्जन भएको छ, पितृसत्ताको अन्त हुन थालेको सङ्केत दिएको छ। समाज पुरुषद्वारा परिचालित छ, त्यसैले पितृसत्ताको नियन्त्रणमा समाज नियन्त्रित छ। यस्ता समाजमा नारीले पुरुषसमान न्यायपूर्ण तरिकाले बाँच्न सकेका छैनन्। त्यसैले "महिला र पुरुषबिच सहअस्तित्व हुनुपर्छ। तबमात्र

---

३९ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ८६।

४० पूर्ववत्, पृ. ८७।

४१ पूर्ववत्, पृ. ८७।

४२ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. २०-२१।

महिला र पुरुषबिचको असमानता निर्मूल हुन्छ"[४३] भन्ने सुष्मिताको अडानले समाजमा नारीलाई हीन दृष्टिले हेर्ने र व्यवहार गर्ने मानसिकताको अन्त हुन आवश्यक रहेको देखिएको छ। नारी सदैव पुरुषवादी व्यवस्थाबाट शोषित भए तापनि नारीवादी अवधारणा पुरुषको विरुद्धमा कहिले पनि खडा भएको होइन तर पुरुषलाई छुट दिने पितृसत्ताको विरोधमा खडा हो। यसका अतिरिक्त नारीले पुरुषसमान स्थान, न्याय र अधिकारमात्र खोजेका हुन् भन्ने कुरालाई यस भनाइले स्पष्ट पारेको छ।

आफ्नो स्वत्व र पुरुषसमान स्थान प्राप्त गर्न नारीले आफ्ना अधिकारका लागि आफै सङ्घर्ष गर्नुपर्छ भन्ने सङ्केत पुष्प राईको **मध्यान्तर** उपन्यासले दिएको छ। **मध्यान्तर** उपन्यासकी नायिका पूर्णिशाको विहे रामसँग भए तापनि रामले पितृसत्तालाई निरन्तरता दिँदै आफ्नी पत्नी पूर्णिशालाई यौन वस्तु मात्र ठानेको छ। तर राम जस्तो पितृसत्तात्मक सोचले ग्रस्त पुरुषसँग जीवन बिताउनुभन्दा पूर्णिशाले एक्लै जीवन बाँच्न उचित ठानेकी छ। पतिसँग पुन:सम्बन्ध स्थापित गर्ने आग्रहलाई पनि उसले तिरस्कार गरेर पितृसत्तात्मक मानसिकतालाई नकारेकी छ।

उग्र नारीवादले महिलालाई अन्य महिलासँग मात्र सम्बन्ध राख्न सुझाउ दिँदै महिला केन्द्रित सामाजिक, सांस्कृतिक विश्वको निर्माण हुनुपर्ने कुरामा जोड दिएको छ।[४४] वास्तवमा समाजका प्रत्येक एकाइमा पितृसत्ताको प्रभाव छ। पितृसत्ताको अन्त गर्न पुरुषले नारीलाई सहयोग नगरेको हुँदा उग्र नारीवादी लेखकहरूले विश्वका सम्पूर्ण नारीलाई एक भएर पितृसत्ताविरुद्ध सङ्घर्ष गर्न आग्रह गरेका छन्। यसरी नै पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** उपन्यासमा संसारका सबै नारीले सङ्गठित भएर पितृसत्ताका विरुद्ध एउटा जोड्दार क्रान्ति

---

४३ पूर्ववत्, पृ. ८२।

४४ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ९२।

गर्नुपर्छ भन्ने स्वर मुखरित भएको छ।[४५] उपन्यासकी प्रमुख नारीपात्र नलिनाले नारी शोषणको जड् बुझेकी छ। "जबदेखि यो संसारमा पितृसत्तात्मक समाजको अभ्युदय भयो तबदेखि पुरुषले नारीका सम्पूर्ण चाहना र खुसीको घाँटी निमोठिदियो"[४६] भन्ने नलिनाको भनाइले पितृसत्ताको स्थापना मानवसमाजको सृष्टिकालदेखि नभएर कालन्तरमा सामाजिक र सांस्कृतिक रूपमा नारी दमनका निम्ति सिर्जना भएको व्यवस्था विशेष हो भन्ने स्पष्ट हुन्छ।

> **तिमीले निर्माण गरेको धर्मशास्त्र र तिम्रो समाजमा हामी नारीहरू हजारौं वर्षदेखि बाँच्दै आयौं। त्यहाँ हाम्रा लागि बन्देज, शोषण, उत्पीडन, अत्याचार, दमनसिवाय अरू केही पनि छैन। भो, हामीलाई पुग्यो। अब हामी नारीहरू आफू बाँच्नका लागि एउटा छुट्टै समाजको, एउटा छुट्टै धर्मको सिर्जना गर्न चाहन्छौं जहाँ आफ्नो स्वकीय स्वभावअनुसार बाँच्दा हामीतिर कुनै कापुरुषले चोर औंला नतेर्स्याओस् अर्थात् तेर्स्याउन नसकोस्।** [४७]

यहाँ पुरुषनिर्मित नीति-नियम र व्यवस्थाकै अन्त हुनुपर्ने आवश्यकता बोध भएको पाइन्छ। "महिलाहरूमाथि हुने दमन र शोषणको एउटा महत्त्वपूर्ण कारण पितृसत्तात्मक सामाजिक संरचना हो अर्थात् पितृसत्ता हो"[४८] भन्ने उपन्यासकारको भनाइले प्रस्तुत उपन्यासमा लेखक स्वयम् पितृसत्ताको आडमा नारी शोषण भएको पुष्टि गर्दछन्। उपन्यासमा नलिना र पीडित आइमाई जस्ता नारीहरू यही पितृसत्ताको अन्त गर्नमा जुटेका छन्।

नारीमाथि पुरुषको यौन शोषण वास्तवमा पुरुषले आफ्नो पुरुषार्थ देखाउने एउटा माध्यम हो भन्ने उग्र नारीवादी सुसन ब्राउनमिलरको विचार रहेको छ।[४९] ब्राउनमिलरको

---

४५ पुण्यप्रसाद प्रसाई, सन् २०११, **आइमाई मान्छे**, काठमाडौं, डीकुरा पब्लिकेशन, पृ. ३६।

४६ पूर्ववत्, पृ. ४४।

४७ पूर्ववत्, पृ. ५५।

४८ पूर्ववत्, पृ. लेखकीय मन्तव्य ।

४९ जोस्पाइन डोनोभान, सन् २०१२, पूर्ववत्, पृ. १४४।

विचारसित उपन्यासकार पारिजातको विचारले **परिभाषित आँखाहरू** उपन्यासमा मेल खाएको छ। प्रस्तुत उपन्यासमा बिज्जी नामक बालिका यादव नामक पुरुषको कामवासनाको सिकार भएकी छ। रजस्वला हुन अघि नै यादवबाट दैनन्दिन बलात्कार भएर अर्कै युवकलाई वस्तुसरह बेचिन्छे। आफ्नो कौमार्य लुटेपछि होटलमा वेश्या बनाउन बेचिएको थाहा पाएपछि बिज्जीमा आफ्नो अस्तित्व रक्षार्थ आफूमा निहित शक्तिको प्रदर्शन गरी पुरुषको दमन चक्रबाट फुत्किन सफल भएकी छ।

> **दाहिने हात बलात्कारीको अँगालोबाट छुटाएपछि उसले अन्धाधुन्ध तिखा नङहरूले प्रहार गर्नथाल्छे। बिज्जीले पानीको जग टिपेर उसलाई प्रहार गर्छे। उ सम्हालिन पाउँदा नपाउँदै बिज्जी ब्याग टिपेर ढोका बाहिर आउँछे र ढोका ढ्याम्म लगाइदिन्छे।** [५०]

बिज्जीमा पलाएको विद्रोही भावनाले नारीलाई यौन शोषण गरेर आफ्नो पुरुषार्थ देखाउने पुरुषवादी समाज अन्त आवश्यक छ भन्ने प्रमाणित गरेको छ।

बिज्जीपछि उपन्यासको दोस्रो प्रवाहमा देखिएकी वसन्तिया पुरुष अत्याचारलाई निर्मूल पार्न आक्रोशित रहेकी पात्र हो। "बिज्जी आज म तेरो लाशलाई जलाउँदैछु तर तेरो हत्यारा विनोद यादवलाई भेटें भने म त्यसलाई ज्यूँदै जलाउँदैछु"[५१] बिज्जीको हत्यारालाई दण्ड दिलाउन अग्रसर रहने बसन्तियाको चरित्र निर्माण गरेर पारिजातले पितृसत्ताको अन्त गर्न आफूलाई अग्रसर गराएको प्रतीत हुन्छ। समाजमा नारीमाथि हुने अत्याचार र पुरुषपक्षीय नियमअनुसार परिचालित उत्तरदायित्वहीन प्रशासनप्रति उपन्यासकारको आक्रोश वसन्तियाद्वारा अभिव्यक्त भएको छ। वेश्यावृत्तिको जन्म हुनुमा पितृसत्ता पूर्ण रूपमा उत्तरदायी छ, त्यसैले

---

५० पारिजात, सन्१९९७, **पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ २**, नाम्ची, निर्माण प्रकाशन, पृ. ४०७।

५१ पूर्ववत्, पृ. ४८१।

विश्यावृत्तिको विरोध, समाज परिवर्तनको चाहना, पुरुषको शोषक प्रवृत्तिको भञ्जन, बलात्कारको भर्त्सना आदिले उपन्यासमा वसन्तिया पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोधमा खडा भएकी देखिएकी छ।

बलदेव मजगैयाँको **मानसी** उपन्यासको विनय पितृसत्तात्मक समाजमा हुर्किएको हुनाले आफ्नी स्वास्नीलाई उपभोग्य वस्तुको रूपमा मात्र लिन्छ।उसले स्वास्नीलाई गर्भवती हुनबाट वञ्चित बनाएर आमा बन्ने नारीको प्राकृतिक अधिकार खोस्ने काम गरेको छ। यहाँ नारीलाई भोगविलास र कामेच्छा पूर्ति गर्ने वस्तुका रूपमा ग्रहण गरेको छ। पत्नीको शारीरिक सौन्दर्यले यौन तृप्तिमा थप सहयोग पुग्छ भन्ने धारणा राखेर पत्नीको सौन्दर्य वृद्धिका लागि निरन्तर सुझाउ दिनमा व्यस्त देखिन्छ। तर यसको ठीक विपरीत मानसी आफ्नो पूर्वप्रेमी हर्षसँग स्वेच्छाले शारीरिक सम्बन्ध कायम गर्दछे र गर्भवती पनि हुन्छे। आफूलाई पुरुष अहम्का कारण पतिले मातृत्वको अधिकारबाट वञ्चित गराएको अनि सिन्दुर र पोते शारीरिक शोषणको बन्धन मात्र रहेको आत्मबोध भएपछि मानसी मुक्तिको मार्ग रोज्न पुगेकी छ।

> **तिम्रो नाममा मेरी छोरीको न्वारन हुन पाएन, यसैमा मलाई गर्व छ। तिमीभित्रको राक्षसी भोग अझै जीवितै छ भन्ने बुझ्छु। अब नयाँ दिनको प्रतीक्षा गरेर बसेकी छु, जहाँ तिमी जस्ताको छायाँले समेत नछोओस्।** [५२]

यहाँ पितृसत्तात्मक विचार, नीच मानसिकता अनि पुरुष अहम्, अभिमानलाई ध्वस्त पार्दै पितृसत्ताको अत्याचारबाट मुक्ति पाउन नारी स्वयम्ले विकल्प खोज्नु पर्ने आह्वान

---

५२ बलदेव मजगैयाँ, सन्.२००६, पूर्ववत्, पृ. ८८।

मानसीले गरेकी छ। यसमा स्वास्नीमान्छेले आफ्नो हकको निम्ति नलडेर पुरुषको अत्याचार सहन गर्नु कायरता हो भन्ने कुरालाई विशेष ध्वनित गरिएको छ। ।

यसरी नेपाली उपन्यासको विकासक्रममा देखा परेका विभिन्न उपन्यासमा प्राय: जसो पात्रलाई पितृसत्तात्मक मानसिकताका उपज देखाइएको छ। यी उपन्यासले समाजमा नारीले भोग्नु परेका विभिन्न अवस्थालाई प्रस्तुत गर्दै पुरुषवादी व्यवस्था नारी शोषणको प्रमुख कारण हो भनेका छन्। यस्ता दमन र अन्यायबाट मुक्ति प्राप्त गर्नका निम्ति वैकल्पिक समाधानका मार्गहरू खोज्नेक्रममा उपन्यासका चरित्रहरूमा नारीवादी स्वर अभिव्यञ्जित भएका छन्। पितृसत्ता समाप्त हुनुपर्छ र नारीलाई समग्रतामा समान न्याय प्राप्त हुनुपर्छ भन्ने पक्षमा वकालत गरिएका यी उपन्यासमा विशेषत: नारी नारीमाझ सहसम्बन्ध, परस्परको सहयोग, सरोकार र समन्वय गरेर आफूलाई समाजमा द्वितीय स्थानका, पुरुषभन्दा निकृष्ट र पराश्रित नठानी पितृसत्ताको दमनलाई प्रतीकार गरेमा पितृसत्ता अवश्य परास्त हुने कुरामा नेपाली नारीवादी उपन्यासकार विश्वस्त रहेका छन्। यी उपन्यासहरूमा नारीवादी चेतना मात्र होइन उपन्यासका पात्राहरूमा पितृसत्ताप्रति विरोधको भावना रहेको छ, त्यसैले उनीहरू आफ्नो सामूहिक हक प्राप्त गर्नका निम्ति विद्रोही पनि बनेका छन्।

## ५.१.३ फ्रान्सेली नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन

नारीवादी आन्दोलनका विभिन्न लहरअन्तर्गत सबैको एउटै साझा माग हो नारी र पुरुषमाझ समानता। फ्रान्सेली नारीवादले पनि नारी र पुरुषबिच समानता हुनुपर्छ भन्ने कुरा अघि सारेको छ। यसरी समानता खोज्ने क्रममा नारीवादका विभिन्न अवधारणाअन्तर्गत समाजका विभिन्न एकाइमा नारीले पुरुषसमान स्थान पाएका छैनन्, त्यसैले पुरुषसमान स्थान प्राप्त

गर्नका निम्ति फ्रान्सेली नारीवादले उठाएका प्रमुख विषय नै नारीलेखन (एक्रिचर फेमिनीन्) हो।

### ५.१.३.१ नेपाली उपन्यासमा नारीलेखन

एक्रिचर फेमिनीन्ले 'लोगोसेंट्रिजम' र 'फ्यालोसेंट्रिजम' का विरोधमा स्त्रीलेखनको नयाँ अवधारणा र शैलीलाई अघि सारेको हो।[५३] 'फेलस' ले पुरुष लिङ्गलाई इङ्गित गरेको पाइन्छ। पुरुष लिङ्गले प्राथमिक स्थान ओगटेको विचारलाई फ्यालोसेंट्रिजम भनिन्छ। समाज पितृसत्तात्मक रहेको हुनाले पुरुष लेखन पुलिङ्गशब्दकेन्द्रित छ, त्यसैले नारीका समस्या, जीवनका विभिन्न पक्षलाई लेखनमा भित्र्याउनका निम्ति फ्रान्सेली नारीवादी लेखकले नारीलेखनको आवश्यकता बोध गरेको पाइन्छ।

यसमा विशेषत: नारी लेखिकाद्वारा लिखित पाठमा नारी भाषाको प्रयोग हुनुपर्छ भन्ने उनीहरूको मत छ। "भाषामा पुरुष वर्चस्व कायम हुन्छ। भाषामा महिला जहिल्यै कर्ताका रूपमा नभएर 'अन्य', 'फरक' र 'अभाव' का रूपमा प्रस्तुत भएको हुन्छ"[५४] त्यसर्थ फ्रान्सेली नारीवादीले भाषामा नारी मौन रहेका कुरा उठाएका छन्। सामाजिक संरचना, व्यवस्था, नियम, कानुन, धर्म आदिदेखि लिएर भाषामा पनि नारीका आवाज दबाइएका हुनाले नारी लेखकले नारीकै भाषामा नारी जीवनका विभिन्न पाटालाई समेट्न सक्नुपर्छ भन्ने तर्क फ्रान्सेली नारीवादी चिन्तकहरूको हो। पुरुषलिखित पाठमा नारीको वास्तविक स्थितिको चित्रण हुन असम्भव देखिन्छ। नारीको मनोस्थितिको वास्तविक चित्र पाठमा नउतारेसम्म नारी पुरुषभाषाको बन्देजमा बाँधिएका हुन्छन्। त्यसैले लेखनमा नारीले आफ्नो अनुभव,

---

५३ कृष्ण गौतम, सन् १९९३, **आधुनिक आलोचना अनेक रूप अनेक पठन**, ललितपुर, साझा प्रकाशन, पृ. ४४७ ।

५४ सुधा त्रिपाठी, सन् २०१२, **नेपाली उपन्यासमा नारीवाद**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. १२२।

मनका अन्त:स्थलसम्म पुगेर स्थितिको वर्णनमा आफ्नै शब्द र भाषामा खुलस्त पार्न सक्ने स्वर बोकेको भाषाको प्रयोग हुनुपर्ने मत फ्रान्सेली नारीवादीले प्रकट गरेका छन्। नेपाली उपन्यास साहित्यमा पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर,** विन्धा सुब्बाको **निर्गमन,** पद्मावती सिंहको **समानान्तर आकाश,** जलेश्वरी श्रेष्ठको **नियति चक्र** आदि उपन्यास नारीलेखित प्रमुख नारीवादी उपन्यास हुन्।

नारीका अनुभवलाई समावेश गरेर लेखिएको प्रमुख उपन्यास जलेश्वरी श्रेष्ठद्वारा लिखित **नियति चक्र** हो। **नियति चक्र**-मा नारीले गर्भवती अवस्थामा लिएका अनुभवको सही चित्रण उपन्यासकारले गरेकी छन्। **नियति चक्र**-मा उपन्यासकार लेख्छिन्-

> **जब समीराले आफ्नो पेटमा बीउको अङ्कुर बढेको महसुस गर्न थालिन्, उनको अवचेतन मनमा चेतनको भावना पलाउन थाल्यो। जति-जति पेटमा भ्रूणहरू सलबलाएको महसुस उनले गर्न थालिन् त्यति-त्यति उनको मनमा नयाँ चेतना जागृत हुन थाल्यो।**[५५]

यस कथनमा एउटी नारीले गर्भवती भएको समय के-कस्ता अनुभव बटुलेका हुन्छन् भन्ने यथार्थताको अभिव्यक्ति भएको छ। यसमा पुरुषको भन्दा नारीको भिन्न अनुभव हुने हुनाले नारीको अलग अनुभवलाई अभिव्यक्ति दिन नारीले मात्र गर्न सक्ने कुरा उपन्यासकारको उक्तिले स्पष्ट पारेको छ।

मातृत्व सुख प्राकृतिक रूपले नारीले मात्र प्राप्त गरेका हुनाले यस्ता अनुभूतिको सही चित्रण नारीले मात्र गर्न सक्ने विषय हुन् भन्ने कुरा नारीलेखनले मान्दछ। नारी जीवनका विभिन्न पक्ष, अवस्था, स्थिति र अनुभवको सही प्रस्तुति नभएसम्म साहित्यमा पुरुष लिङ्गले

---

५५ जलेश्वरी श्रेष्ठ, सन् २०१२, **नियति चक्र**, काठमाडौं, सहयोगी प्रकाशन, पृ. ४९।

प्राथमिक स्थान लिएको हुन्छ। प्रस्तुत उपन्यासमा नारी पात्रकै माध्यमबाट नारीको मनोस्थितिलाई अन्तर हृदयबाट अनुभव गरेर व्यक्त गरिएको पाइन्छ। नारीका यी सूक्ष्म अनुभूति र मर्मलाई लेखनमा उतारेकाले प्रस्तुत उपन्यासका उपन्यासकार फ्रान्सेली नारीवादीहरूका पक्षमा उभिएकी छन्। नारी जीवनका विभिन्न पक्षले साहित्यमा प्रवेश पाउनु पर्ने कुरा फ्रान्सेली नारीवादी एलेन शोवल्टरले उठाएकी छन्। नारी जीवनका गर्भवती अवस्थाको अनुभूतिलाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ- "उनको शरीरमा बिस्तारै परिवर्तन हुँदै आयो। स्तनहरू साह्रो हुँदै बढ्न थाल्यो, स्तनको मुन्टा र वरिपरिको रङ गाढा हुँदै आयो। उनले आफ्नो स्तनबाट दूध चुहिन थाल्यो भन्ने थाहा पाइन्।"[५६] उपन्यासको यस सन्दर्भले गर्भवती अवस्थामा हुने नारीको शारीरिक र मानसिक परिवर्तनको सही चित्रण गरिएको छ। पुरुष लेखनले नारीको वास्तविक मनोभव, विभिन्न स्थितिमा हुने शारीरिक परिवर्तनको सही रूप पाठमा उतार्न सक्दैनन्। जलेश्वरी श्रेष्ठ उपन्यासमा "आफ्नो स्तनबाट बगेको दूध आफ्ना बच्चाहरूलाई चुसाउँदा उनको मन झन् आल्हादित भयो"[५७] भन्दै नारी पात्र समीरा आमा भएपछिका शारीरिक भिन्नतालाई सूक्ष्म रूपमा व्याख्या गर्दै एउटी नारी आमा बनेपछि नारीको शारीरिक र मानसिक स्थिति पुरुषभन्दा भिन्न हुन्छन् भन्ने कुरालाई पाठमा उतार्न सफल बनेकीले उपन्यासकार एक्रिचर फेमिनीन्को पक्षधरको रूपमा खडा भएकी छन्। नारीको भिन्न अनुभवलाई उपन्यासकार लेख्छिन्- "बच्चाहरूको अनुहार देख्ने बित्तिकै उनमा एउटा अपूर्व आनन्द र सन्तोषको अनुभूति भयो। उनको मन आमा हुन पाएकोमा गौरवान्वित भयो।"[५८] एउटी नारीको वास्तविक अनुभवलाई असल रूपमा

---

५६ जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. ४९।
५७ पूर्ववत्, पृ. ५०।
५८ पूर्ववत्, पृ. ५०।

उपन्यासकारले उपन्यासमा प्रस्तुत गरेकी छन्। नारीवादी लेखनका मूल कुरा पनि पुरुष लेखकले नारीका बारेमा लेखेका कुराहरू सही हुन सक्दैनन् भन्ने हो।

> **नारीले जीवनलाई हेर्ने हेराइ नै बेग्लै छ- त्यो पुरुष अनुभव र हेराइभन्दा बेग्लै हो। नारीको भाव र भावना पुरुष भन्दा बेग्लै हुनाले उसका भावले कुन कुरो आवश्यक हुन्छ त्यसैलाई मात्र उपस्थित गर्दछ।** [५९]

पाठमा पुरुष भाषाको वर्चस्व रहेका हुनाले पुरुषलिखित भाषामा नारी शोषित भएका हुन्छन्। पुरुषको अनुभव नारीको भन्दा भिन्न हुनाले नारीको वास्तविक मनोस्थिति, मनोवैज्ञानिक अवस्थाको चित्रण पुरुषलिखित भाषामा अभिव्यक्त हुन् सक्दैनन् त्यसर्थ पुरुषलेखनमा नारीप्रति पुरुष दबाउले निरन्तरता पाइरहने हुन्छ। "नछुने हुने, बच्चा काढ्ने (जन्माउने) जस्ता विषयसित गाँसिएका अनुभव त विशेष गरी नारीहरू नै गर्न सक्छन्। कति नरले नारीका बारेमा लेखेका कुरा स्त्रीहरूलाई कृत्रिम लाग्छ"[६०] भन्ने फ्रान्सेली नारीवादी लेखकका भनाइ पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** उपन्यासकी नारी चरित्र नलिनाको रहेको छ। नारीलाई केन्द्रिय विषय बनाएर लेख्नका निम्ति पुरुष लेखकले प्रत्येक कोणबाट नारीलाई बुझ्न आवश्यक रहेको कुरा यसरी अभिव्यक्त भएको छ-

> **नारीका भावना कस्ता हुने गर्छन्? उनीहरू कस्तो समाज निर्माण गर्न चाहन्छन् र पुरुषबाट कस्तो सहयोगको अपेक्षा राख्छन्? उनीहरूमा स्वतन्त्रताप्रतिको दृष्टिकोण के रहेको छ? त्यो सबै जतिनै महान् लेखक भए पनि पुरुषले सूक्ष्म रूपमा व्याख्या गर्न सक्तैनन्, जति नारीले सहजताको साथ स्वाभाविक रूपमा वर्णन गर्न सक्तछन्।"**[६१]

---

५९ लक्खीदेवी सुन्दास, सन् २००८, **समय र समीक्षण**, दार्जिलिङ, सुन्दास परिवार, पृ. ३२५ ।

६० कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४२५।

६१ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. १४।

उक्त भनाइले नारीका छुट्टै अनुभव, संरचना हुने हुनाले नारी जीवनका प्राकृतिक पक्ष र विभिन्न आन्तरिक पाटाहरूलाई पुरुषले कहिले पनि लेख्न सक्दैनन् भन्ने स्पष्ट पारेको छ। नारीका विषयमा कलम चलाउनका निम्ति नारीलाई हृदयबाट नै अनुभूत गर्न सक्नुपर्छ र यो काम नारीले मात्र गर्न सक्ने हो भन्ने बुझिन्छ। "जसको नियन्त्रण डिस्कोर्समा छ त्यसकै हातमा सत्य छ भन्ने फाउकल्टीय दृष्टिले डिस्कोर्समा नरको नियन्त्रणका कारण नारीहरू नर सत्यकै अधीनमा पर्छन्।"[६२] पुरुषप्रभुत्व समाजमा विद्यमान भएका हुनाले पुरुषले नै प्राथमिक स्थान ओगटेका छन्। यसबाट नारी दोस्रो दर्जाकी हुन् भन्ने प्रमाणित हुन्छ। समस्त व्यवस्था पुरुषपक्षमा बनाइएका हुनाले नियम, धर्म, संस्कार, न्याय र पाठसमेत पुरुष नियन्त्रित हुन्छ। त्यसैले फ्रान्सेली नारीवादीहरू पुरुषनियन्त्रित डिस्कोर्सलाई समाप्त गर्नका निम्ति नारीको आफ्नै भाका र भाषा हुनुपर्छ र नारी पक्षधरतामा नै कलम चल्नु पर्छ भन्ने ठान्दछन्। पितृसत्तात्मक सामाजिक संरचनामा हुर्कदैं आएका हुनाले आफ्ना बाबुबाजेले गर्दै आएका नारीमाथिको अत्याचार पूर्वग्रहग्रसित पुराना परिपाटीमा हुर्किएका परम्परावादी छोरा नातिले जानेर अथवा नजानेर दोऱ्याउदै आएकै हुन्छन्। त्यसैले

> **पुरुष लेखक जति नै उदार भए पनि उ नारीको विषयमा लेख्न बस्ता केही न केही अनुदार, केही न केही पूर्वाग्रही भइ नै हाल्छ। यदि त्यसो नहुँदो हो त आज समाजमा नारीको यो दयनीय स्थिति हुने नै थिएन**[६३]

भन्ने सत्यलाई प्रकाश पार्दै पाठमा पनि नारीहरू पुरुषबाट नै पीडित हुनु परेको कुरा उपन्यासमा नलिनाले व्यक्त गरेकी छ। "एक पुरुषले आइमाई मान्छेको विषयमा लेख्ने जिम्मेवारी लिनु नै एउटा महाभूल हो"[६४] भन्ने भनाइले उपन्यासमा नलिना कुनै पनि

---

६२ कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४२५।

६३ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. १५।

६४ पूर्ववत्, पृ. १५।

कोणबाट पुरुषलेखकलाई नारीको पक्षधरका रूपमा स्वीकार गर्दिन। पुरुष लेखकले नारीप्रति देखाएको उदारतालाई कृत्रिम ठान्छे। पुरुष आफ्नो सत्ता र शक्ति हराउने त्रासमा हीनत्वबोधले ग्रसित हुने हुनाले नारीलाई लेखनको माध्यमद्वारा भए पनि नियन्त्रण गरी राखेको हुन्छ भन्दै आफ्नै पतिसँग तर्क गरी राखेको प्रसङ्गले भने उसलाई फ्रान्सेली नारीवादी धाराअन्तर्गतका नारीवादीको रूपमा खडा गरिएको छ।

फ्रान्सेली नारीवादले नारीदमनको अर्को रूप पुलिङ्गकेन्द्रवादलाई मानेको छ। "मनोवैज्ञानिक दृष्टिले पितृसत्ताकै दोस्रो नाम पुलिङगकेन्द्रवाद हो। यसको मतलव हो, त्यस्तो व्यवस्था जहाँ शक्तिको प्रतीक वा स्रोतको रूपमा पुलिङ्गले प्राथमिकता पाउँछ।"[६५] लिङ्गकै आधारमा नारी पुरुषभन्दा दोस्रो दर्जाकी भएर बस्न बाध्य भएकी हुन्छे। पुलिङ्गशब्दकेन्द्रवादलाई खुलस्त पारेर देखाउन र यसको अन्त गर्दै नारीका यथार्थ स्थितिलाई स्पष्ट रूपमा पाठमा उतार्नुमा नै फ्रान्सेली नारीवादी विश्वस्त रहेका छन्। "फ्रान्सेली नारीवादले पनि पितृसत्तालाई नारी दमन गर्ने, नारीलाई होच्याउने एवम् नियन्त्रण गर्ने एउटा प्रमुख सडयन्त्रको रूपमा लिएको छ।"[६६] पितृसत्ताको कारण पुरुषले पुरुषलिङ्गलाई नै प्राथमिक स्थान दिएको हुन्छ भन्ने कुरामा **आईमाई मान्छे** की नलिना पनि विश्वस्त छ। त्यसैले पुरुषले लिङ्गका कारण नारी अनुभवलाई दबाएकै हुन्छ र "नारीको विषयमा लेख्न म असमर्थ छु, किनकि म एउटा पितृसत्तात्मक परिवेशमा हुर्के बढेको पुरुष लेखक हूँ भनेर कुनै नारीलाई लेखन कार्य सुम्पने"[६७] सुझाउ दिँदै उपन्यासको सुरुमा पुरुषभाषा पुलिङ्गकेन्द्रित भएको कुराको चर्चा गरिएको छ। त्यसैले पाठमा नारीको यथास्थितिको चित्रण सही रूपमा

---

६५ कृष्ण गौतम, सन् १९९३, पूर्ववत्, पृ. ४२७।

६६ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ८४।

६७ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. १५।

समेटिएको हुनुपर्ने भन्दै उपन्यासमा एउटी पीडित आइमाई आफ्नो अनुभव लिएर उपन्यासमा प्रस्तुत भएकी छ।

पुरुषलेखन पुलिङ्गशब्दकन्द्रित भएको हुनाले त्यसता लेखनमा नारीको प्रस्तुति हेय रूपमा गरिएको हुन्छ। त्यसर्थ नारीले पुरुष लेखनभन्दा भिन्न नारीलेखनलाई बढाउनु आवश्यक छ। एरिस्टोटलको स्त्री केही गुणका कमीका कारणले स्त्री बन्दछन्[६८] अनि फ्रायडको नारीमा लिङ्ग भेदले गर्दा पुरुषप्रति इर्ष्या दमित भावमा रहेको साथै आत्मरति भएको हुन्छ[६९] भन्ने तर्कले पनि दार्शनिकका विचारमा पनि नारीलाई पुरुषभन्दा दोस्रो दर्जाको मानिएको र व्याख्या गरिएको हुनाले नारीलेखनको आवश्यकता फ्रान्सेली नारीवादी लेखकले बोध गरेका हुन्। फ्रायड स्वयम्ले लिङ्गको आराधना वास्तवमा पितृसत्ताको प्रतीक हो[७०] भन्ने कुरो स्वीकार गरेका छन्। यसरी पुरुषशाषित समाजमा पुरुषले सम्पूर्ण हक, अधिकार आफ्नो पक्षमा पारे, अझ लेखनमा समेत नारीलाई सदैव दुर्बल र दयाका पात्रका रूपमा मात्र प्रस्तुत गरिएका हुनाले फ्रान्सेली नारीवादीले नारी लेखनमा जोड दिएका हुन्।

हेलेन सिजूको भनाइअनुसार महिलाका भाषा, स्वर, मनोभाव, अनुभव आदि पुरुषको भन्दा फरक हुन्छन्। यिनलाई उजागर गर्न महिलालेखनको विकास तथा अनुसन्धानको आवश्यकता थियो।[७१] सिजूको भनाइमा पुरुषलेखनमा नारीको वास्तविक चित्र चित्रित हुनु असम्भव हुन्छ भन्ने अभिव्यक्ति पाइन्छ। समाजमा नारीको अवस्था के छ ? अनि नारीहरूको अन्तस्थलमा दमित स्वरलाई लेखनद्वारा सार्वजनिक क्षेत्रमा प्रस्तुत भएपछि मात्र नारीको यथास्थितिको उद्घाटन हुन सक्छ। त्यसपछि नारीमाथि भएको पुरुषदमनको विद्रोही

६८ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ३।

६९ लक्खीदेवी सुन्दास, सन् २००८, **पूर्ववत्**, पृ. ३२१।

७० रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. २३।

७१ इन्द्रविलास अधिकारी, सन् २००४, **पश्चिमी साहित्य सिद्धान्त**, काठमाडौं, साझा प्रकाशन, पृ. ५५।

स्वरले लेखनमा भित्रिएपछि मात्र नारी पुरुषमा समानता हुने सम्भावना देखिछन्। सिजूले विशेष जोड दिएको नारीको वास्तविक चित्रण नारी लेखनमा हुनुपर्छ भन्ने मन्तव्य पुष्प राईको **भोलिको प्रतीक्षा** उपन्यासमा समाजमा नारीप्रति पुरुषको दृष्टिकोण वासना तृप्तिको साधनको रूपमा मात्र रहेको तथ्यको खुल्ला चित्रणले स्पष्ट पारेको छ। पुरुष शोषणमा नारीहरू बाँच्न बाध्य भएको कुरा **भोलिको प्रतीक्षा** सँगसँगै **मध्यान्तर** उपन्यासमा पनि पाइन्छ। **मध्यान्तर**-की पूर्णिशा पनि यसरी नै पतिको कामवासनाको अग्निमा जल्न पुगेकी छ। "यो नानी मेरो होइन। कस-कससित तेरो सहवास छ, खुप थाहा छ मलाई। म मात्र नराम्रो भएँ होइन? के जोडी खोज्छैस् मसित। तँजस्ता हजार स्वास्नी राख्ने ताकत छ मेरो"[७२] ले नारीको अवस्था चित्रित गरेको छ। उपन्यासमा "तिम्रो लोग्ने त उसकै पर्सनल सेक्रेटेरी मिस शुचितासँग लागेका छन् रे।...सिलगढी, कलकत्ता हुटेलतिर लोग्ने-स्वास्नी जस्तै बस्छन् रे"[७३] भन्ने कथनले दुवै उपन्यासकी नारीपात्रलाई हेर्दा उपन्यासमा प्रस्तुत प्रमुख र गौण नारीपात्र पुरुषको मोह जालमा फँसेर यौन सिकार बन्न पुगेका देखाइएका छन्। पुरुषप्रधान समाजमा नारीप्रति पुरुषहरूको दृष्टिकोण एउटै हुन्छ भन्ने सत्यलाई शान्ति, शैलेन्द्रकी पत्नी, पूर्णिशा आदिसित भएका यौन शोषणबाट पुष्टि गरिएको छ। नारीलेखनलाई प्रस्तुत दुवै उपन्यासले प्राथमिकता दिएका छन्। त्यसर्थ एक्रिचर फेमिनीन् उपन्यासकार पुष्प राईमा निहित छ ।

नेपाली उपन्यासको विकासक्रममा देखा परेका **समानान्तर आकाश**-मा प्रमुख नायिका सुष्मिताको मातृत्व इच्छालाई निर्मूल पार्दै उसको पति सहजै भन्छ "सन्तान जन्मेपछि आइमाईको यौवन ढल्छ। त्यसैले केही वर्ष म सन्तानपाउन चाहन्नँ"[७४] भन्ने पुरुष पात्र

---

७२ पुष्प राई, सन् २००७, **मध्यान्तर**, दार्जीलिङ, तारालाल राई, पृ. ७९।

७३ पूर्ववत्, पृ. ७६।

७४ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ११।

अविनाशको भनाइमा पुरुषसमाजले नारीलाई पुरुषको निम्ति आकर्षणको वस्तुमात्र ठान्ने गरेको सत्यको उद्घाटन गरिएको छ। पुरुषको दृष्टिमा नारी सदैव उनीहरूको सहभागी नभएर उनीहरूको इच्छानुसार चल्ने वस्तु मात्र रहेको छ। नारीले सदैव भोग्दै आएका समस्या कतै पुरुषको यौन तुष्टिको साधन, कतै पुरुषलाई आनन्द तुल्याईदिने सौन्दर्यको मूर्ति हुन् भन्ने नारीप्रति राखिएका पुरुषवादी दृष्टिकोण हो। नारीले पुरुषको इच्छानुसार जीवन चलाउँदै आएका विभिन्न भूमिकामध्ये आफ्ना बाल-बालिकाको लालनपोषण, घरेलु कार्यमा सम्पूर्ण जीवन समर्पण गर्नुपर्ने बाध्यता पनि हो। नारीले आफ्नो इच्छा विपरीत वहन गर्दै आएको भूमिकाले नारीको स्वतन्त्रता खोसिएको छ। विश्वसमाज नै पुरुषप्रधान रहेका हुनाले नारीका यस्ता शोषणको अनुभव नारीले मात्र व्यक्त गर्न सक्ने कुराको पुष्टि उपन्यासमा पनि नारीकै मुखबाट प्रकट भएका उदाहरण **समानान्तर आकाश**-मा यस्तो छ-"के गर्नु दिदी, हामी आइमाई र लोग्नेमान्छेमा यही भिन्नता छ। हामीले सन्तानको लालनपालन गर्दै कार्यक्षेत्रमा उत्रिनुपर्छ"[७५] भन्ने उपन्यासमा सानी नारीपात्रबाट अभिव्यञ्जित भनाइले नारीको मनोस्थितिको सत्य चित्रण नारी लेखनमा नारीले मात्र गर्नसक्छ भन्ने नारीवादीको भनाइलाई पुष्टि गरेको छ।

विन्ध्या सुब्बाको **निर्गमन** उपन्यासकी नारी एउटी शिक्षित, प्राध्यपकको पेसामा रहेको एउटी आमा, बुहारी र पत्नीको पारिवारिक र सामाजिक जिम्मेवारी बिच अन्तर्द्वन्द्वमा पिसिएकी तृष्णाको जीवन पनि पुरुषप्रभुत्ववादी सामाजिक संरचनामा सङ्कुचित बन्न पुगेकी छ। तृष्णा आफ्नो पतिबारे भन्छे "साँझ घर पुगेर भने उ स्वास्नीबाट, आमाबाट उही सेवा र सहुलियतको माग गर्छ। आफ्नो सत्ता र पुरूषोचित अधिकार गुमाउने डरमा तर उसको हृदय

७५ पूर्ववत्, पृ. ७।

त्यहाँनेर चाहिँ फराकिन मान्दैन।"[७६] यस कथनले तृष्णा अप्रत्यक्ष रूपमा आफ्नै पतिबाट पनि पीडित रहेको स्पष्टै देखिन्छ। यसरी नारीहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पुरुषनिर्मित सामाजिक व्यवस्थामा दमित भएको हुन्छ। यस्ता दमनका विभिन्न पक्षलाई लेखनमा उतार्नुमा पनि नारीशोषणबाट मुक्ति पाउने एउटा खुड्किलो हो। यसरी नारीका विभिन्न अनुभवलाई आफ्ना उपन्यासमा प्रस्तुत गरेका हुनाले पुष्प राईका अतिरिक्त विन्ध्या सुब्बा, पद्मावती सिंह, जलेश्वरी श्रेष्ठ प्रभृत्ति उपन्यासकार फ्रान्सेली नारीवादीले उठाएका एक्रिचर फेमिनीन्अन्तर्गत पर्दछन्।

## ५.१.४ मार्क्सवादी नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययन

पुरुषसमान नारीले आर्थिक अधिकार पाउनुपर्छ भन्दै नारीदमनका पक्षलाई व्याख्या गर्ने सिद्धान्त मार्क्सवादी नारीवाद हो। "उत्पादनका साधनमा महिला स्वामित्वको अभाव, पुरुषवादी सोच वा पितृसत्तात्मक राज्य व्यवस्थाले गर्दा महिलाहरू उत्पीडनमा परेको तथ्य मार्क्सवादी नारीवादले उद्घाटन गर्छ।"[७७] परिवार र समाजमा नारीलाई दोस्रो तहमा गनिने हुनाले एकातिर नारीको भूमिका नगन्य रहेको छ भने अर्कातिर यसका विपरीत पुरुषको स्थान परिवार र समाज दुवै क्षेत्रमा उच्च रहेको छ भन्ने कुरामा मार्क्सवादी नारीवाद विश्वस्त रहेको छ। नारीले गर्ने घरेलु कार्यलाई अति सामान्य ठानेर पुरुषप्रधान समाजले यसलाई महत्त्व नदिइएको पाइन्छ। प्राइभेट स्पेयरका कार्यमा नारीलाई सङ्लग्न गराएर ती कार्यलाई अनुत्पादक ठान्दै पुरुषले गर्ने पब्लिक स्पेयरका कार्यलाई भने उत्पादक ठानेको

---

७६ विन्ध्या सुब्बा, सन् २००६, पूर्ववत्, पृ. ४१।

७७ वन्दना ढकाल, सन्.२०१३, *प्रवाह उपन्यासमा नारीवादी चेतना,* सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.), **नेपाली नारीवादी समालोचना**, काठमाडौं, नेपाल प्रज्ञा- प्रतिष्ठान, पृ. २८१।

पाइन्छ। यस्ता कार्य विभाजनका व्यवस्थाले नारीलाई आर्थिक रूपमा कमजोर बनाएको छ। नारीलाई आर्थिक रूपमा पुरुष आश्रित हुन बाध्य बनाइएको छ। यसरी हर्दा नारी शोषित हुनको एउटा मुख्य कारण कमजोर आर्थिक अवस्था पनि हो।

> **महिला तथा केटा-केटीहरू आर्थिक रूपमा पुरुषमाथि निर्भर हुन्छन्। यसरी नारी परनिर्भरताले परिवार, नातेदारी, सामाजिक सम्बन्धहरूमा महिलाको तुलनामा पुरुषको प्रधानता बढ्दै जान्छ। फलस्वरूप समाजमा विभिन्न पक्षहरू विवाह, पितृसत्ता, परिवार र सम्पत्ति प्राप्त गर्ने कार्यमा पुरुषहरू शक्तिशाली रूपमा रहेको देखिन्छ।** [७८]

मार्क्सवादी नारीवादले परिवार र समाजमा नारीको आर्थिक स्थिति कस्तो छ भन्ने कुरामा जोड दिन्छ भने आर्थिक स्थितिका कारण नारीले खपेका दमन, नारीप्रति पारिवारिक र सामाजिक दृष्टिकोणको सूक्ष्म अध्ययन गर्दछ।

आर्थिक अधिकार नारीको हातमा नभएको हुनाले नारी पुरुषको दमनमा रहनु परेको पुष्टि पद्मावती सिंहको **समानान्तर आकाश** उपन्यासकी गौणपात्र कृष्णमायाको पारिवारिक अवस्थाले गर्दछ। कृष्णमायाका पति रिटायर्ड कप्तान हुन्। कृष्णमाया वर्षौंदेखि घरेलु कार्यमा व्यस्त रहेको देखिएको छ, जसलाई पुरुषसमाजले अनुत्पादक कार्य भनेर चिनाइदिएको छ। त्यसैले ऊ आर्थिक रूपमा पतिमाथि निर्भर छ। यसरी आर्थिक परनिर्भरताको कारण उसले पतिको नियन्त्रणमा बस्नुपर्ने बाध्यता उपन्यासमा यस्तो छ- “मार्‍यो नि बाबै! मार्‍यो ! रातको नीरवतालाई चिर्दै कृष्मायाको आर्तनाद घरघरमा फैलियो।”[७९] यहाँ पतिले कृष्णमायालाई शारीरिक प्रताडना दिएको छ। पति कप्तान आर्थिक

---

७८ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ७९।

७९ पद्मावती सिंहं, सन् २००५, पूर्ववत्, पृ. २५।

सम्पन्नताका कारण पत्नीमाथि हैकम चलाउँछ। उसको पेन्सनले पत्नी शोषण गर्नमा ऊर्जा दिएको छ। त्यसैले आर्थिक विपन्नताले ऊ पतिको हिंसाको सिकार बनेकी छ। पुरुष निरङ्कुशताबाट पीडित बनेकी छ।

"घरायसी तहमा महिलालाई पुरुषको यौनसाथीका रूपमा लिइएको पाइन्छ"[८०] भन्ने मार्क्सवादी नारीवादले उठाएको पक्षलाई पुष्टि दिँदै कृष्णमाया भन्छे-

**तिहुन नमीठो भो, नुन चर्को भो भनेर भान्छातिर थाल हुत्याइदिएकोमा मैले विरोध गरी कराएँ, जबाफ लाएँ रे भनेर चुल्ठोमा समाती भुइँमा बजारी लातैलातले हाने मुर्दाले। आइमाई भएर मैले मुख चलाएँ रे।** [८१]

यो आर्थिक रूपले ठगिएकी नारीको पारिवारिक अवस्था हो। कृष्णमायाको घरेलु कार्यको कुनै मूल्य नहुनुले उसको आर्थिक अवस्था कमजोर छ। घरेलु काम सबै उसैले गरेकी छ, त्यसमा पतिको सहभागी उपन्यासमा कतै उल्लेख भएको छैन। यसको तात्पर्य नारीले घरलू कार्यलाई अनुत्पादक ठान्नु वास्तवमा नारीको श्रमको शोषण हो। यसरी नारीले श्रम गरे तापनि त्यसलाई आयस्रोतका साधन नठानिने पुरुषनिर्मित मानसिक संरचना हो। आर्थिक कमजोरीका कारण नारीले पारिवारिक हिंसा सहनु परेको उपन्यासमा देखाइएको छ। कृष्णमाया भन्छे- "मैले शरीर छुनै दिइनँ। त्यसपछि बूढाले 'तँ रन्डीलाई पूजा गर्न ल्याएको हो र...स्वास्नी बनाउन पो ल्याएको' भनेर बिजात्रा गरेर लछारपछार पारे"[८२] यसरी कृष्णमायाको पति कप्तानलाई शारीरिक, मानसिक शोषण गर्ने अधिकार मिलेको छ। कृष्णमाया भने घरेलु दासतामा पीडित नारीको रूपमा खडा भएकी छ। यतिसम्म हुँदा आफ्नो

---

८० भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ७९।

८१ पद्मावती सिहं, सन् २००५, पूर्ववत्, पृ. २५।

८२ पूर्ववत्, पृ. २७।

मूल्याङ्कन र स्थानसम्म अनुमान गर्न सकेकी छैन र पतिप्रति प्रतिरोध पनि गरेकी छैन। यसको प्रमुख कारण ऊ स्वनिर्भर नभएकी हुनाले हो भन्ने स्पष्टै छ।

**मुख्य रूपमा वास्तवमा नारी शोषण हुनुको प्रमुख तत्त्व आर्थिक कारण हो। यदि आर्थिक पक्षमा नारी सबल भएमा यस्ता किसिमका शोषणको सम्भावना अवश्य पनि कम हुन्थ्यो भन्ने कुरालाई मार्क्सवादी नारीवादले जोड दिन्छ।** [८३]

निमुखा बनेर पतिको अत्याचारमा सहेर बसेकी कृष्णमाया उपन्यासकी प्रमुख नायिका सुष्मिताको सहयोगले जागिर खान थालेपछि पतिले जागिर छोड्ने सल्लाहमा भन्छे-

**तिमीले जागिर खा भनेर खाएकी हूँ र तिमीले छोड् भनेर छोड्ने?...तिमीलाई छोड्छु बरू जागिर चाहिँ छोड्दिनँ। ...हेर बूढा, अब तिमीले मलाई हात हाल्यौ भने म तिमीलाई छोडिदिन्छु। ...पोइल जाउँ कि सोइल तिमीलाई के मतलब? अबचाहिँ म तिम्रो बुहार्तन सहेर बस्दिनँ बुज्यौं ?**[८४]

भन्दै विद्रोही बनेकीले नारी आर्थिक रूपमा सबल भए नारी दमनको अन्त अवश्य हुन्छ भन्ने मार्क्सवादी नारीवादको अडान सफल भएको देखिएको छ।

एकातिर सुष्मिता र स्विटी जस्ता नारी चरित्रको नेतृत्वमा कृष्णमाया पतिको शोषणबाट मुक्त भएकी छ। कृष्णमाया आर्थिक रूपमा सबल भएपछि उसले पनि पुरुष अत्याचारको विद्रोह गर्न सकेकी छ र मुक्त पनि भएकी छ। उपन्यासका सबै नारीपात्रमा नायकत्व, सामर्थ्यवान् र पुरुषअत्याचारको विद्रोही बनेर, पुरुषशोषणको मुख्य जड आर्थिक स्थिति नै हो भन्ने सम्म पुगेको तथ्य "महिलाहरूको आर्थिक स्तर बृद्धि गरी उनीहरूलाई आत्मनिर्भर बनाउने"[८५] जस्ता सुष्मिताको विचारले स्पष्ट पारेको छ। सुष्मितामा मार्क्सवादी

---

८३ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ७९।

८४ पद्मावती सिहं, सन् २००५, पूर्ववत्, पृ. ५३।

८५ पूर्ववत्, पृ. २१।

नारीवादी चेतना रहेको छ। उपन्यासको सुरुमा नारीशोषणका प्रमुख कारण नारीहरू आर्थिक रूपमा कमजोर भएको देखाएको छ भने यसको अन्तमा आर्थिक सबलताका कारण नारीले पुरुषदासताबाट मुक्ति पाएको र परिवारमा पुरुषसमान स्थान ओगटेको देखिएकोले प्रस्तुत उपन्यास मार्क्सवादी नारीवादी उपन्यास हो भन्ने स्पष्ट हुन्छ। यस दृष्टिले पद्मावती सिंहलाई मार्क्सवादी नारीवादका पक्षधरका रूपमा देखिएको छ।

यस्तै प्रकारले **अभीष्टको खोज** उपन्यासकी शान्ति पनि आर्थिक अवस्था कमजोर भएकै कारण विभिन्न पुरुषको यौन सिकार हुन पुगेकी छ। शहरीया वातावरण र पुरुष तानाशाहाबाट अनभिज्ञ शान्ति कामकै खोजीमा सोरेङ बस्तीबाट राजधानी गान्तोकसम्म आएकी छ। शिक्षित भएकी तर आर्थिक अवस्थाका चपेटमा परेकी हुनाले केही सरकारी काम खोजेर परिवारलाई पाल्ने उद्देश्यले सहर पसेकी शान्ति काम खोज्न विभिन्न कार्यालयमा राज नामक पुरुषसँग गरेकी छ। यसैक्रममा नारीलाई यौन सन्तुष्टिको साधनमात्र ठान्ने "राजले त्यसका हातबाट समाउन सुरु गऱ्यो। ...विस्तार विस्तार राजले शान्तिको शरीर जम्मै कुनै डाक्टरी परीक्षण झैं छोइ दियो। शान्ति आतङ्कित तर शब्दहीन बनी। शरीर काँप्यो।"[८६] जस्ता उपन्यासका प्रसङ्गले नारीको लाचारीको फाइदा उठाउने र नारीलाई प्रगति, उन्नतिको लक्ष्यसम्म पुग्न नदिने प्रमुख बाधा पुरुषवादी दृष्टिकोण र व्यवहार हो भन्ने देखिएको छ। एकातिर पुरुषको सिकारबाट मुक्ति पाउन नारीले आर्थिक सबलताको निम्ति गर्न पर्ने कठिन सङ्घर्षहरू देखा परेको छ। आर्थिक रूपमा सक्षम बन्न प्रयासमा नै शान्ति पनि राजको शारीरिक सन्तुष्टिको सिकार बन्न बाध्य भएकी छ। यदि शान्ति आर्थिक रूपले सम्पन्न भएकी भए राज जस्ता पुरुषपात्रसँग भेट्नु पर्ने कुनै सम्भावना नै देखिने थिएन र यौन सिकार हुने नै थिइन भन्ने स्पष्टै बुझिन्छ।

---

८६ भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृ. ५८।

एकपल्ट राजबाट यौनतृप्तिको साधन बनेकी शान्ति काम पाएपछि उसको अधिकृत नेत्रसाहबले षड्यन्त्रका साथ बङ्गलामा लगेर बलात्कार गर्दा शान्ति प्रतिक्रिया शून्य रहेको कुरामा उपन्यासकार भन्छन्-"उ काँपी मात्र। कम्पनयुक्त स्वरमा एउटा कमजोर विरोध जनाई। नगर्नुहोस्। ...नेत्रसाहबले उठेर शान्तिको पसीनासरिको अनुहार समातेर चुम्बन जडिदियो। आतङ्कित भइ, निराश्रय अनुभव गरी।"[८७] यहाँ शान्तिले नचाहँदा नचाहँदै पनि नेत्रसाहबको यौन इच्छा र रुचिअनुसार बलात्कारको सिकार हुन पुगेकी छ। शान्तिले भोगेका समस्या व्यक्तिगत नभएर प्रतिनिधिमूलक छन्। ऊ बलात्कृत हुनुका कारण आर्थिक स्थिति र लैङ्गिक अवस्थितिबाहेक अन्य केही देखिएको छैन। शान्ति आर्थिक समस्याले पिल्सिएकी छ त्यसैले कहिले राज भन्ने पुरुषले यौन सिकार बनाउन खोजेको छ त कहिले नेत्रसाहबबाट बलात्कृत हुन पुगेकी छ। मार्क्सवादी नारीवादले नारीशोषणको कारक तत्त्व यही कमजोर आर्थिक अवस्थालाई ठान्दछ।

"समसामयिक मार्क्सवादी नारीवादका अनुसार पुँजीवादी संरचना एवम् सङ्गठनमा महिलाहरू सम्पत्तिको रूपमा प्रयोग गरिएका छन्, पुरुषको खेलौना बनेका छन्"[८८] भन्ने कुरा मार्क्सवादी नारीवादले अघि सारेका छन्। प्रस्तुत उपन्यासमा नेत्रसाहबले शान्तिलाई बलात्कार गरेर गर्भवती बनाएपछि भन्छ-

**म तिमीलाई पत्नीको रूपमा स्वीकार गर्न त सक्तिनँ त तिम्रो जीवनलाई आर्थिक रूपले प्रतिष्ठित बनाउन सक्छु। ...उसले प्लास्टिकको थैलोबाट सयका नोटवाला आठ गड्डा पैसा, याने कि, अस्सी हजास, पचास पचासका तीन गड्डा,**

---

८७ पूर्ववत्, पृ. ७६।

८८ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ८०।

**बीस बीसका दुइ गड्डा र दश रुपियाको एक गड्डा ओछ्यानमा थाक लगाइदियो।** [८९]

उत्पादक कार्यक्षेत्रका भागीदार पुरुष ठानिएकाले आर्थिक सबलताका कारण नारी दमनमा पुरुषलाई ऊर्जा मिलिरहेको देखिएको छ। नारीलाई शोषण गरेर मौन राखिएको छ। यसरी दुईजना पुरुषबाट पीडित बनेकी शान्तिमा उपन्यासको अन्ततिर प्रतिशोधको भावना जागृत भएको उदाहरण उपन्यासमा यस्तो छ- "शान्तिलाई दुनियाँका सबै यस्ता पुरुषहरू भेला गरेर एउटै चित्तामा आधापिल्ठो पारेर पोल्न मनपर्छ। अनि भोजको एउटा र एकै सुरलयमा स्यालहरू रमाउन्।"[९०] यसरी मानसिक विद्रोह शान्तिमा रहेको छ। उसको सहनशीलता उपन्यासको अन्ततिर आक्रोशमा बदलिएको छ। उसको यस्तो आक्रोशले गरीबीका कारण नारीलाई बलात्कार गर्ने पुरुष प्रवृत्तिलाई अन्त गर्ने सङ्केत दिएकी छ। पुँजीवादी पुरुषसमाजको अन्त र नारी पुरुषमाझ समानता ल्याउनु मार्क्सवादी नारीवादको आवाज हो। त्यसैले प्रस्तुत उपन्यासमा मार्क्सवादी नारीवादका विशेषता पाइन्छन्। प्रस्तुत उपन्यास पूर्ण रूपमा मार्क्सवादी नारीवादी चिन्तनले अभिप्रेरित रहेको छ। यसरी **समानान्तर आकाश, अभीष्टको खोज** नेपाली उपन्यासहरूको विकासक्रममा देखा परेका मार्क्सवादी नारीवादी उपन्यासहरू हुन्।

८९ भीम दाहाल, सन् १९९३, पूर्ववत्, पृ. ९६-९७।

९० पूर्ववत्, पृ. ९१।

## ५.१.५ समाजवादी नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासहरूको अध्ययन

मार्क्सवादी नारीवाद र उग्र नारीवादको मिश्रणबाट सिर्जना भएको नारीवादी अवधारणा हो समाजवादी नारीवाद। मार्क्सवादबाट प्रभावित भए तापनि कमजोर आर्थिक अवस्थाका कारण नारी शोषित भएका हुन् भन्ने मार्क्सवादी नारीवादको तर्कलाई समाजवादी नारीवादले स्वीकार गर्दैन। तथापि यसले मार्क्सवादी नारीवाद र उग्र नारीवाद दुवैले उठाएका नारी शोषणका पक्षलाई समेटेको छ। आर्थिक रूपले सम्पन्न र विपन्न दुवै प्रकारका नारी पुरुषप्रभुत्ववादी सामाजिक व्यवस्थाबाट शोषित भएका छन्। सम्पन्न परिवारकी नारी आर्थिक रूपमा सबल भए तापनि कुनै न कुनै पक्षबाट पीडित हुन्छन्। नारीले वेतनबिना घरेलु कार्यमा बिहानदेखि रातीसम्म सक्रिय भएर उत्तरदायित्व लिनुपर्ने बाध्यता नारीका प्रमुख समस्या हुन्। यसका अतिरिक्त नारीले गरेका गृहस्थी कार्यका मूल्य नहुने र उनीहरू सामाजिक परिवेशबाट वञ्चित रहेर पारिवारिक सन्दर्भमा मात्र सीमित हुनुपर्ने जस्ता समस्या विद्यमान छन्। विवाहअघि नारीले बाबुको नामबाट, विवाहपछि पतिबाट र वृद्धावस्थामा पुत्रको आश्रयमा बस्नुपर्ने बाध्यता रहेको छ। नारीको कोखबाट नानी जन्मिए तापनि कोखको नियन्त्रण पनि पुरुषले नै गर्ने सामाजिक व्यवस्था छ। यसका अतिरिक्त नारीका आफ्नै शरीर पनि नारीका अधीनमा नहुन नसक्नु जस्ता नारीप्रतिको अन्याय समाजमा विद्यमान छ।

लैङ्गिक भेदका कारण पुरुषका इच्छाअनुरूप जिउन बाध्य हुनुपर्ने जस्ता विश्वभरिकै नारीका समस्या हुन्। त्यसर्थ समाजवादी नारीवादले आर्थिक कारणले मात्र नारीको शोषण नभएर विभिन्न एकाइमा नारी शोषित भएको तर्क उठान गरेको पाइन्छ।

**समाजवादी नारीवादीहरू पारिवारिक जिम्मेवारी, आर्थिक शक्ति एवम् सामाजिक शक्तिको पुनर्विभाजनको माग गर्दछन्। घरेलु जिम्मेवारीको समान वितरणले महिलालाई अहिले पुरुषको एकाधिकार रहेको आर्थिक र सामाजिक शक्तिको साझेदारी गर्ने अवसर प्राप्त हुन्छ।** [९१]

समाजवादी नारीवादीले उठाएका यस्ता तर्कको प्रभाव पूर्ण रूपमा पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** उपन्यासमा पाइन्छ। प्रस्तुत उपन्यासमा नलिनाको पति लेखक छ। विवाहपूर्व नलिनाले कविता लेख्ने गरेको उल्लेख स्वयम्ले गरेकी छ। विवाहपछि घरेलु कार्यमा ऊ फँसेकी छ र कविता लेख्ने प्रक्रिया विवाह सँगसँगै समाप्त भएर गएको छ। तर पति भने विवाहपछि पनि लेखन कार्यमा सक्रिय रहेको छ। त्यसर्थ नलिनाले आफ्नो कौशलता र पहिचान हराउँदै जानुमा एकतर्फी नारीले मात्र घरेलु कार्यको जिम्मेवारी लिनुपर्ने बाध्यताले हो भन्ने कुरा सोच्न पुगेकी छ। त्यसैले ऊ पतिसँग भन्छे-

**जसरी दश वर्ष मैले तपाईंको सेवा गरेर तपाईंलाई यो स्थितिमा ल्याएँ। अब म पाईपाई तपाईंबाट असुल्न चाहन्छु। अब दश वर्ष म कलम चलाउने र पढ्नेकार्य गर्छु, तपाईंले मेरो सेवा गर्नुपर्छ, मैले दश वर्ष तपाईंको सेवा गरेजस्तै।** [९२]

नलिनाको पति उपन्यासमा पुरुषवादी व्यवस्थालाई निरन्तरता दिने प्रतिनिधिका रूपमा खडा भएको छ भने नलिना परम्पराग्रसित समाजलाई चुनौति दिँदै प्रतिशोध लिन सक्रिय रूपमा खडा भएकी छ।

---

९१ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ११०।

९२ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. ७०।

आफू असचेत भएर पुरुषको नियन्त्रणमा बिताएको जीवनबाट नारीमुक्तिको पाठ सिकेकी हुनाले समस्त नारीले पनि परिवारबाट नै नारी मुक्तिको आवाज उठाउनु पर्ने सङ्केत उसले दिएकी छ। त्यसैले ऊ प्रस्तुत उपन्यासमा नारी स्वतन्त्रता र समानताको सन्देशवाहकको रूपमा खडा भएकी छ। समाजमा कैयौं नारीको शोषण परिवारबाट नै हुँदै आएको तर प्राय: नारी आफ्नो दाम्पत्य जीवन बिग्रने र लाञ्छना लाग्ने भयले मौन रहने गर्दछन्। नारीको यही मौनताले पुरुषवादी समाजलाई ऊर्जा प्राप्त हुँदछ। यसरी नारीमाथिको दमनमा मौन रहेर बसेका नारीलाई मौनता भङ्ग गर्ने र पितृसत्तात्मक रूढिग्रस्त सामाजिक परम्पराको विद्रोह गर्नुपर्ने सन्देश नलिनाले दिएकी छ। हरेक सामाजिक क्रियाकलापमा नारी पुरुषको समान दायित्व हुनुपर्ने सामाजिक नारीवादको मूल मुद्दालाई नलिनाले पनि उठान गरेकी छ। समस्त सामाजिक परम्परा, सामाजिक व्यवस्था, सामाजिक मान्यता पुरुषका सुविधानुसार निर्माण गरिएका हुनाले पारिवारिक उत्तरदायित्वको पुनर्विभाजन हुनुपर्ने कुराको सुरुवात् नलिना स्वयम्ले गरेकी छ। उदाहरणार्थ-

**घरको काम पनि हामी बराबर गर्नेछौं। हामी बिच पूर्ण मित्रवत व्यवहार हुनेछ। अहिलेको खाना म बनाउनेछु, बेलुकाको खाना तपाईं बनाउनु होला र काम सकेर पीडित आइमाई मान्छेको कथा सुन्नुहोस्।** [९३]

यहाँ नारी र पुरुष प्रत्येक क्षेत्र र कार्यमा समान रूपमा उत्तरदायी हुनुपर्ने कुराको वकालत नलिनाले गरेकी छ। ऊ आफूलाई पुरुषसमान हूँ भन्ने ठान्छे त्यसैले युगौंदेखि नारीमाथि थोपरिएको घरेलु कार्यलाई अब नारीले समान रूपमा विभाजन गर्नुपर्ने कुरामा विश्वस्त रहेर आफै विभाजन गरेकी छ। पुरुषले विभाजन गरेको कार्य उसलाई स्वीकार्य छैन। त्यसैले पुरुषसमाजले मूल्यहीन ठानेको खाना बनाउने घरेलु कार्य पति पत्नी दुवैले

---

९३ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. ७०-७१।

गर्नुपर्छ भन्दै पुरुषनिर्मित व्यवस्थालाई भत्काएकी छ। नलिनाले आफूले बिहानको र उसको पतिले बेलुकीको खाना बनाउनु पर्ने समान नियम बनाएकीले समाजवादी नारीवाद पुरुषको विरोधी होइन तर नारीलाई दमन गर्ने पुरुषपक्षीय व्यवस्थाको विरोधमा आवाज उठाउँदै नारी पुरुषमाझ समानताको सिर्जना गर्ने सिद्धान्त हो भन्ने कुराको पुष्टि गरेकी छ। उपन्यासमा नलिना उच्च वर्गकी छ, सम्पन्न पनि छ तर पनि पारिवारिक र घरेलु कार्यमा नारीले मात्र उत्तरदायित्व लिनुपर्ने कुराले पीडित छ। त्यसैले समाजवादी नारीवादले आर्थिक कारणले मात्र नारी शोषित नभएर विभिन्न कारणमध्ये घरेलु कार्यको जिम्मेवारी नारीले मात्र लिनुपर्ने जस्ता एकतर्फी जिम्मेवारीले नारी शोषित भएका छन् भन्ने कुरा नलिनाको व्यावहारिक जीवनमा पाइन्छ। यसबाट मुक्तिको आवाज उठाउनु पर्छ भन्ने कुरा उपन्यासमा नलिनाले उठाएकीले प्रस्तुत उपन्सासमा समाजवादी नारीवादका पक्षधरको रूपमा नलिना रहेकी छ। त्यसर्थ पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** समाजवादी नारीवादमा आधारित उपन्यास हो।

आर्थिक, शैक्षिक, धार्मिक, राजनीतिक, सांस्कृतिक, सामाजिक र पारिवारिक आदि क्षेत्रमा नारी विभिन्न किसिमले पितृसत्ताबाट दमित हुँदै आएका छन्। नारीको शरीरलाई नियन्त्रणमा राख्न चाहने पुरुषप्रवृत्ति, नारीलाई यौनतुष्टिको साधन ठान्ने पुरुष मानसिकता र नारीलाई पुरुषभन्दा दोस्रो दर्जामा गनिने सिङ्गो देशकै नियम व्यवस्थाको प्रतिरोधमा सुजातको **पराजित अस्तित्व** उपन्यासका दुईजना नारी चरित्र र सहयोगी पुरुष चरित्र देखापरेका छन्। प्रस्तुत उपन्यासकी प्रमुख नायिका अस्मिताले प्रतीकसँग विवाह गरेकी छ। विवाहपछि अस्मिताले आफ्नो अध्ययन र अन्य केही लक्ष्य पूरा गरेपछि मात्र सन्तान जन्माउने इच्छा प्रकट गर्दा प्रतीकले त्यसको "हो! हो!! हो!!! बाँझी आईमाई हौ तिमी बाँझी आइमाई"[९४] भन्दै विरोध गरेको छ। उसले नारीको मनोभाव, महत्त्वकाङ्क्षा र नारीका प्राकृतिक गुण

---

९४ सुजात, सन् २००७, पूर्ववत्, पृ. ७८।

मातृत्वलाई ठेस पुऱ्याएको छ। वास्तवमा प्रतीकले अस्मिताको कोखलाई नै उसको नियन्त्रणमा राख्ने प्रयास गरेको छ। अस्मिताले पतिबाट पाएको लाञ्छना र प्रताड्ना विश्वका कैयौं नारीले भोगीरहेका समस्या हुन्। यस उदाहरणबाट नारीहरू पतिबाट यातना र पीडा भोगीरहेका छन् भन्ने कुरा प्रमाणित हुन्छ।

पितृसत्तात्मक सामाजिक संरचनामा यस्ता समस्या परिवारबाट सामाजिक स्तरमा चर्चाको विषय बन्न सकेको छैन। त्यसैले नारीले मात्र यस्ता समस्याको यातना सहेर बस्न बाध्य भएका छन्। कतिपय नारी पुरुषका अमानवीय प्रवृत्तिदेखि भयभीत भएर पतिकै इच्छानुरूप आफूलाई समर्पित गरेका हुन्छन्। तर प्रस्तुत उपन्यासमा अस्मिता जस्ती सचेत नारीले समाजका पीडित नारीको प्रतिनिधित्व गरेकी छ। समाजमा यस्ता शोषणबाट मुक्तिको निम्ति आवाज उठाएकी छ।

**आज सय प्रतिशत चिनें मैले तपाईंलाई कि तपाई पनि तिनै पुरुषहरूमध्ये एक हुनुहुन्छ, जो पत्नीलाई केवल घर गृहस्थी थाम्ने, बाल-बच्चा जन्माउने मेसिन र उसको अस्तित्व भनेकै एक मात्र पतिको अनि पतिनै पत्नीको गति हो भन्ने सोच पाल्ने गर्दछन्।** [९५]

पुरुष आफ्ना पत्नीलाई आफ्नो स्वार्थ र इच्छानुरूप चल्ने कठपुतली बनाउन चाहन्छन् भन्ने कुराप्रति ऊ सचेत बनेकी अस्मिता छ। ऊ प्रति प्रतीकको दृष्टिकोण के छ भन्ने कुरा बुझ्न सक्षम देखिन्छे। पितृसत्तात्मक व्यवस्थाले निर्माण गरेका नियममा नारी विवाहपछि घरेलु कार्यमा निपुण हुनुपर्ने र नानी जम्माएर पतिको निर्देशनमा जीवन बिताउनु पर्ने बाध्यता अस्मितालाई मान्य छैन। त्यसर्थ यस्ता स्वार्थी, पुरुषपक्षीय र नारीशोषणका व्यवस्थालाई भत्काउने उद्देश्यमा अटल हुँदै भन्छे- "तर याद राख्नुहोस् प्रतीक म ती पत्नीमा

---

९५ पूर्ववत्, पृ. ७९।

परिनँ जुन पतिको नाम, परिचय, र अस्तित्वमा पूरै जीवन सुम्पेर, बाल-बच्चा र घर गृहस्थीमै सीमित भएर रहने गर्दछन्।"[९६] यहाँ अस्मिताले समाजमा नारीको आफ्नो अलग्गै अस्तित्व हुन्छ भन्ने कुराको पुष्टि गर्दै सम्पूर्ण पुरुषवादी मानसिकतालाई चुनौति दिएकी छ।

समाजवादी नारीवादले नारीको शोषण घरभित्रबाट सुरु भएको हुन्छ त्यसैले नारी विभिन्न एकाइमा पीडित भएका छन् भन्ने कुराको उठान गरेको छ। प्रस्तुत उपन्यासमा यस्तो दमनको अन्त हुनुपर्छ भन्ने कुरामा अस्मिता खडा भएकी देखिन्छे। युगौंदेखि हुँदै आएको नारीदमनलाई ध्वस्त पार्न सक्रिय बनेकी अस्मिता आफ्नै आमा बाबुलाई "केटीपक्षकै भएका कारण विना कुनै गल्ती आफ्नो स्वाभिमान र अभिमान झुकाई रहनुपर्ने दिन गए अब खोलै खोला।"[९७] भन्दै विवाहपछि प्राय:जसो केटीपक्षकाले केटापक्षका अघि झुक्दै आएको कुपरम्परा समाजमा यथावत् प्रचलित रहँदै आएको कुरालाई दर्शाएकी छ। ऊ लैङ्गिक विभेदका विरुद्ध सशक्त रूपमा खडा भएकी छ। नारी र पुरुषमा लैङ्गिक विभेदबाहेक अन्य कुनै भिन्नता छैन। समाजले बनाएका लैङ्गिक विभेदलाई तोड्न नारी स्वयम् अग्रसर हुनुपर्ने कुरालाई अस्मिताले प्रमाणित गरेर देखाएकी छ। "लोग्नेवेगर एक्लै गरी खान सक्ने, रहन सक्ने हिम्मत, साहस र आत्मविश्वास छ मभित्र"[९८] भन्दै नारी आत्मनिर्भर भएर कसैको साहराविना बाँच्न सक्षम भइसकेको कुरा दर्शाएकी छ। प्रतीकले उसलाई फेरि फर्केर सँगै बस्ने बिन्ती गरे तापनि नारीलाई कठपुतली बनाउन चाहने पुरुषलाई तिरस्कृत गरेर आफ्नो अस्तित्वको खोजी आफै गर्ने निर्णय लिएकीले पुरुषवादी समाजका विभिन्न शोषणको अन्त गर्ने समाजवादी नारीवादीका उद्देश्यलाई अस्मिताले सफल बनाउन सक्षमता देखाएकी छ।

---

९६ पूर्ववत्, पृ. ७९।

९७ पूर्ववत्, पृ. ८३।

९८ पूर्ववत्, पृ. ८३।

अपरिचित पुरुषबाट आधारातमा बलात्कृत भएकी अर्की चरित्र अञ्जलीले आफूलाई बलात्कार गर्ने पुरुषलाई जीवनभर चिन्न सकेकी छैन। तर त्यस बलात्कारबाट गर्भमा बसेको भ्रूणलाई भने जन्म दिने निर्णय लिएकी छ। देशको नागरिकताको प्रमाण पत्र बनाउन पिताको नागरिकताबाट मात्र पाइने पुरुषपक्षीय अन्यायपूर्ण देशको नियम छ। एउटी आमाले नौ महिना कोखमा राखेर जन्मदिए पछि त्यस बालकलाई आमाले नै मात्र स्यारसुसार गरे तापनि नागरिकता भने आमाको प्रमाणपत्रले बनिन नसकिने कानुनले पुरुषको वर्चस्व बढाउन ऊर्जा प्रदान गर्दछ। त्यसैले नारीले पुरुषसमान व्यवहार घरबाहेक देशको नियम कानुनबाट पनि पाएका छैनन्। यस्ता नियम बनाउनमा पितृसत्ताको अदूरदर्शिता पूर्णतः उत्तरदायी छ। पुरुषवादी समाजमा नारी प्रताडित भएका प्रमाण यसैले स्पष्ट गराएको छ। यस प्रसङ्गमा प्रस्तुत उपन्यासकी उपन्यासकारको आत्मप्रकाशनको चर्चा यहाँ सान्दर्भिक ठहर्ने छ-

> **आमाको नामबाट सन्तानले नागरिकता पाउने प्रावधान छैन। आफ्ना सन्तानका लागि आफ्नो नागरिकताको कुनै प्रयोजन नहुनुको पीडा आफैंमा घातपूर्ण छ। जगजाहेर छ आमा जननी हो, सृष्टि हो फेरि पनि यो मैले जन्माएको सन्तान हो भनेर प्रमाणित गर्न पाउँदैन आफ्नो नागरिकताले। ...एक सन्तानलाई कानुनी रूपले आमाको नामको महत्त्व नै पर्दैन।**[९९]

पितृसत्तात्मक प्रणालीमा नारी यसरी शोषित भइरहेका र नारीलाई दोस्रो दर्जामा राख्ने षड्यन्त्रले निरन्तरता पाइरहेका छन्। अस्मिता निडर भएर "छोरालाई तिमी धन्दा नमान छोरा। निस्फिक्री पढ, डिग्री पास गर। एक सन्तानले आमाको नामबाट नागरिकता पाउने अधिकारको लागि म न्यायको ढोका ढक्ढकाउनेछु"[१००] भन्ने आत्मविश्वासले अस्मितालाई साधारण नारीदेखि माथि सचेत नारीको रूपमा उठाएको देखिन्छ। नारीले

---

९९ पूर्ववत्, पृ. १७२।

१०० पूर्ववत्, पृ. १७२।

पुरुषसमान स्थान प्राप्त गर्ने सङ्घर्षमा अघि बढ्नुपर्छ भन्ने दृढ निर्णय लिएकी छ। आमाको प्रमाणपत्रद्वारा आफ्नो छोराछोरीले नागरिकता किन पाउँदैनन् भन्ने सन्दर्भमा अस्मिताको छोरो भन्दछ-

**विशेष श्रेय पनि आमातिरै जानेहुनाले...आरिस, डाहा, जलनले नारीका तिनै विशेषता, भूमिका, मूल्यमान्यता, ममता, नाम परिचयलाई नगन्य, तुच्छ र फोस्रा साबित गरीदिदैं पिताको मूल्यमान्यता, नाम, परिचयलाई उजागर गर्दै लैजान जवरजस्ती, करवल र हैकमले आफ्नो भागमा त्यो नागरिकताको कृत्रिम भाग हालेका हुन्।** [१०१]

यसैले समाजवादी नारीवाद पुरुषका विरुद्ध नभएर पितृसत्ताको अन्यायपूर्ण व्यवस्थाको विरोधमा उत्रिएको हो भन्ने प्रष्ट भएको छ। प्रस्तुत उपन्यासमा नारी र पुरुषमा समानता सिर्जना गर्न नारी सँगसँगै पुरुष पनि सक्रिय बन्ने समय आएको छ भन्ने कुराको सङ्केत गरेको छ। पितृसत्ताले नारीलाई शोषण गर्ने उद्देश्यले बनाएको षड्यन्त्रमा पुरुष नै पनि त्यस सत्ताको सिकार बन्न सक्छ भन्ने कुरा अस्मिताको छोरो अस्तित्वलाई यसरी बोल्न लगाइएको छ-

**पुरानो त्यस सामन्ती सोचलाई तोड, चेतनाका आँखा खोली न्याय अन्याय छुट्टाउ र कम्तिमा पनि नारीसितै पिसिने हामीजस्ता निर्दोश पुरुषको खातिर त्यो नीति-नियम फेरवदल गर। आमाले पनि आफ्नो नामबाट सन्तानलाई नागरिकता दिनसक्ने नीतिनियम बनाऊँ। नत्र हामीजस्ता अनगिन्ती निर्दोष पुरुषको श्राप लाग्नेछ देशलाई र देश कहिल्यै प्रगतिपथमा बढ्नेछैन, विकास हुने छैन।** [१०२]

---

१०१ पूर्ववत्, पृ. १९०।

१०२ पूर्ववत्, पृ. १९१।

अस्तित्वको यस कथनले अब नारीमाथिको शोषणको अन्तको समय आइसकेको बताएको छ। युवा पीडिका प्रतिनिधिका रूपमा खडा गरिएको युवा पात्र अस्तित्वको अभिव्यक्तिले वर्तमान युवा पिँढीले परम्परागत नारीशोषणका समस्त व्यवस्थालाई भत्काएर प्रत्येक क्षेत्रमा नारी र पुरुषलाई समान राख्ने नयाँ व्यवस्था, नियम, कानुन निर्माणको आवश्यकता देखाएको छ। यसरी समाजवादी नारीवादले उठाएको "समाजका सबै किसिमका दमनका विरुद्ध उत्रनुपर्छ"[१०३] भन्ने मान्यतालाई अघि बढाउदै **पराजित अस्तित्व**-की नारी पात्र अस्मिता नारीलाई पुरुषको नियन्त्रणमा चल्ने मसिन ठान्ने पुरुषमानसिकताको विरुद्धमा खडा भएकी छ। अविवाहित नारीले नानी जन्माउन अपराध ठान्ने र लाञ्छना लगाउने समाजलाई अञ्जलीले खुल्ला चुनौति दिँदै छोरो जन्माएर त्यही छोरालाई आमाको नामबाट नागरिकता बनिनु पर्ने कुरामा वकालत गर्न लगाएको छ। यस प्रसङ्गले उपन्यासका नारी चरित्र अस्मिता, अस्तित्व, अञ्जली सक्रिय समाजवादी नारीवादीका रूपमा प्रस्तुत भएका छन्। यसरी नै प्रस्तुत उपन्यासले नारी शोषणका विभिन्न पक्षलाई देखाउँदै त्यसता शोषणको अन्त गर्ने विकल्प पनि निकालेको छ। वर्तमान युवा पिँढीलाई नारी अधिकारमाथि सचेत बन्न सन्देश दिएको छ। पूर्वाग्रहपूर्ण सामाजिक व्यवस्था भत्काएर नयाँ क्रान्तिकारी सामाजिक व्यवस्थामा परिवर्तन ल्याउन प्रोत्साहित गरेको छ। यसरी **आइमाई मान्छे, पराजित अस्तित्व** आदि उपन्यासहरू प्रमुख समाजवादी नारीवादी प्रभावमा हुर्केका नेपाली उपन्यासका खेमामा पर्ने उपन्यासहरू हुन्।

---

१०३ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ८८।

## ५.१.६ पुरुषलिखित प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययन

नेपाली साहित्यमा पुरुषलिखित प्रमुख नारीवादी उपन्यासहरूको सूचीमा रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६)-लाई पुरुषलिखित प्रथम नारीवादी उपन्यास मानिएको छ। यसपछि सचेत असचेत रूपमा नारीवादी चेतना भएका पुरुषलिखित उपन्यास हुन्- लैनसिंह बाङदेलको **मुलुक बाहिर** (सन् १९४८) र **माइतघर** (सन् १९५०), इन्द्र सुन्दासको **जुनेली रेखा** (सन् १९६९), हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (सन् १९५४) र **एक चिहान** (सन् १९६०), लक्ष्मीप्रसाद देवकोटाको **चम्पा** (सन् १९४५), गोविन्दबहादुर मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल** (सन् १९५९), विजय मल्लको **अनुराधा** (सन् १९६१), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (सन् १९६८), भीम दाहालको **अभीष्टको खोज** (सन् १९९३), बलदेव मजगैयाँको **मानसी** (सन् २००६), पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) आदि।

यस शोधकार्यमा प्रमुख पुरुषलिखित नारीवादी उपन्यासको अध्ययनअन्तर्गत भीम दाहालको **अभीष्टको खोज** (सन् १९९३), बलदेव मजगैयाँको **मानसी** (सन् २००६) र पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) उपन्यास मात्र समावेश गरिएको कारण यी उपन्यासहरूले चयन गरेको विषयवस्तु नारीवादी अवधारणामा केन्द्रित रहेकाले हो भन्ने जानकारी दिन चाहन्छु। नारीवादले समाजमा नारीका विभिन्न स्थिति, पुरुषवादी व्यवस्थाले नारीमाथि गर्दै आएका विभिन्न शोषणको प्रस्तुति हुनुपर्छ भन्ने मान्दछ। साहित्यिक कृतिमा नारीका विभिन्न समस्याका प्रस्तुति सँगसँगै ती समस्याका समाधानका निम्ति नारी पुरुष दुवैमा सचेतता हुनुपर्ने कुरामा जोड दिँदछ। साहित्यिक पाठमा पितृसत्तात्मक नीति, नियम र मानसिकताप्रति विरोध कसरी गरिएको छ भन्ने कुराको प्रस्तुतिको माग नारीवादी समालोचनाले गरेको हुन्छ। पुरुषलिखित उपन्यासको औपन्यासिक परिवेशमा नारीको

स्थिति, लेखकको नारीप्रतिको दृष्टिकोणको अध्ययन नारीवादी समालोचनाको अङ्ग मानिन्छ, जसलाई तल प्रस्तुत गरिन्छ-

### ५.१.६.१ पुरुषलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति

पुरुषलिखित **अभीष्टको खोज, मानसी र आइमाई मान्छे** उपन्यासमा प्रस्तुत गरिएका समाजमा नारीको स्थितिको अध्ययन यहाँ प्रासाङ्गिक रहेकाले यी उपन्यासभित्रका भावभूमि र त्यसभित्र नारीको सहभागिताबारे विवेचना गरिन्छ ।

भीम दाहालको **अभीष्टको खोज** उपन्यासको औपन्यासिक परिवेशमा नारीले कमजोर आर्थिक अवस्थाका कारण सङ्घर्ष गर्नु परेको छ। स्वनिर्भरताका निम्ति गरिएको सङ्घर्षमा नारीले भोग्नुपरेको पुरुष अत्याचार चरमसीमामा पुगेको छ। उपन्यासमा देखा परेका नारी सङ्घर्षशील छन्। पितृसत्तात्मक समाजले नारीलाई पराश्रित राख्ने प्रयास गरेका भए तापनि प्रस्तुत उपन्यासका नारी आफ्ना निम्ति मात्र नभएर परिवारकै आर्थिक अवस्थामा सुधार ल्याउनका निम्ति सङ्घर्षशील बनेका छन्। आत्मनिर्भरताको सङ्घर्षमा उत्रिएकी शान्ति शिक्षित छ। यहाँ ग्रामीण परिवेशमा हुर्किएकी सोझी नारी शान्तिले सहरमा गएर विभिन्न समस्या भोग्नु पर्ने स्थितिको सिर्जना भएको छ। शान्तिकी आमा धनमाया पितृसत्तात्मक सामाजिक व्यवस्था र परिवेशमा आधा जीवन बिताइसकेकी भुक्तभोगी नारी हो। उसलाई शान्तिभन्दा एक पुस्ता अघिकी नारी अस्तित्वप्रति असचेत, पतिको छाँया बनेर बाँच्ने नारीको रूपमा देखिएको छ।

युगौंदेखि समाजमा नारीले विवाहअघि फल्नाकी छोरी भनेर बाबुको नामबाट परिचित हुने र विवाहपछि पतिको नामबाट परिचित हुने व्यवस्थाले नारी संज्ञाहीन बन्नु पनि पितृसत्ताकै एकपक्षीय नीतिको उपज हो। नारीको परिवार र सामाजिक हैसियत पतिको

माध्यमबाट हुने कुरा पनि सामाजिक यथार्थ हो। धनमायालाई पनि समाजमा धनमायाको नामबाट कहिले र कसैले सम्बोधन गरेको छैन। पति विष्णुप्रसाद बाँस्कोटाको नामले नै चिनिने गरेको उदाहरण उपन्यासमा यस्तो छ-

**उसलाई जीवित र मृत दुवै अवस्थामा विष्णे भनिन्छ। धनमायाको आफ्नो नाम पूजामा/श्राद्धमा पानी चढाउँदा मात्र प्रयोग हुनेगर्छ। नत्र अरूबेला उ पतिकै उधारो नामले चिनिन्छे-बढो सजिलो भइदियो-विष्णेकी बूढी।**[१०४]

पुरुषप्रमुखतावादी समाजमा नारी आफू बाँच्दा पनि मृत पतिकै नामबाट परिचित हुनुपर्ने बाध्यता **अभीष्टको खोज** उपन्यासमा रहेको छ। मृत्युपछि पनि पतिकै नामले चिनिने पत्नीको समाजमा कुनै अस्तित्व रहेको देखिँदैन। यसरी पितृसत्तात्मक समाजले नारीलाई जीवित रहँदै संज्ञाहीन बनाएको छ भने मृत्युपछि पनि पुरुषको अस्तित्व रहेको छ।

पितृसत्तात्मक समाजमा नारीलाई लाञ्छना लगाएर प्रताडित गरिने चलन छ। धनमाया विधवा भएपछि उसलाई समाजले सहयोग, सहानुभूति दिनको साटो उल्टै "पोइ टोकुवी"[१०५] भनेर उसैको कारणले पतिको मृत्यु भएको हो भन्ने दोष लगाएको छ। पतिको मृत्यु हुनु त्यसमाथि पनि समाजले पतिको मृत्युको कारण उसैमाथि थोपरिदिनु जस्ता अन्याय पुरुषवादी सामाजिक मानसिकताको उपज हो। यसको विरोधमा मौन रहने धनमाया नारी अस्तित्वप्रति असचेत नारी हो। पतिकै नामबाट परिचित भएकोमा उसले कुनै गुनासो अथवा विद्रोह गर्न सोचेकी छैन। समाजमा एउटी पत्नी पतिको मृत्यु भएपछि फलनाकी विधवाको नामले चिनिन्छे, उसलाई कुनै पुरुषप्रति सम्बन्ध राख्नबाट वञ्चित गराइन्छ। कुनै

---

१०४ भीम दाहाल, सन् १९९८, पूर्ववत्, पृ. ६।

१०५ पूर्ववत्, पृ. ६।

पुरुषको समीपमा रहेर समाजले उसको आचरणमा सजिलै खोट देखाउने व्यवहार उपन्यासमा गरेको पाइन्छ।

पतिको मुत्युपछि विधवाको शारीरिक, मानसिक चाहनाको पनि अन्त हुन्छ भन्ने कुनै वैज्ञानिक प्रमाण पाइँदैन। विभिन्न इच्छा सँगसँगै यौन इच्छा पनि त्याग्नु पर्ने बाध्यता नारीको रहेको देखिन्छ। तर समाजले पत्नीको मृत्युपछि पुरुषले विवाह गर्न सक्ने छुट दिएको छ। पुरुषलाई प्रत्येक क्षेत्रमा छुट छ भने नारीलाई जीवनका हरेक पाइलामा पुरुषवादी सामाजिक नीति नियममा बाँधिएर बाँच्नु पर्ने अवस्था रहेको छ।

उपन्यासको समाजले धनमायालाई विधवाको रूपमा देखाएको छ। लीलाराम पत्नीको मृत्यु भएपछि तेस्रो पत्नीको रूपमा धनमायाको शारीरिक रूपमा आकर्षित भएको देखिएको छ। पत्नीमा खोट देखाउने पुरुषको निकृष्ट व्यवहार र सङ्कुचित मानसिकता लीलारामको पनि छ। त्यसैले लीलारामले आफ्नो पत्नीका विशेषताबारे भनेका कुरालाई उपन्यासकारले यसरी उल्लेख गरेका छन्-

> **ज्यादै राम्री भन्दा फरक पर्दैन तर उसकी जेठी स्वास्नीको सास गन्हाउँथ्यो। उसकी अर्कोचाहिँ स्वास्नी चोथाले थिई र ससाना कुरामा फन्कन्थी। त्यससँग लोग्ने मान्छे खुसी पार्ने तरिका थियो। त्यससँग एक रात सुतेपछि कुनै पनि मान्छे नारीवश बन्ने हो। सायद कम्ति आयु लिएर आएकीले नै होला त्यो पूर्ण यौनसुख अल्पायुमै भोगेर गई।** [१०६]

उपन्यासकारको यस अभिव्यक्तिले नारीको सामाजिक स्थिति स्पष्ट पारेको भएको छ। दुईवटी पत्नीमा जेठी सुन्दरी तर लीलारामको पुरुषदृष्टिले उसको सौन्दर्यलाई सासको दुर्गन्धले अदृश्य पारेको छ भने कान्छी पत्नीलाई चोथालेको उपाधि दिएर पुरुष शरीर र

---

१०६ पूर्ववत्, पृ. ९।

वासनालाई तृप्तिदिने वस्तु मात्र ठानेको छ। कान्छी पत्नीबारे गरिएको अभिव्यक्तिले पारिवारिक जीवनमा पनि सदैव नारीले आवाज दबाएर राख्नु पर्ने र पुरुषको यौनसाधन भएर बस्नुपर्ने लीलारामको चाहना रहेको प्रष्ट गराएको छ।

यहाँ विधवा विवाह हुन नदिने पितृसत्तात्मक सामाजिक नियमलाई लीलारामले भत्काउन चाहेको छ। नारीप्रति हुँदै आएका अन्यायको एउटा पक्षलाई भने लीलारामले न्याय दिएको छ। धनमायाले आफ्नो सुरक्षा, सम्मान र अधिकारबारे विद्रोह गरेकी छैन। ऊ लीलारामको निर्णयलाई नै स्वीकार गर्दै आएकी छ। सामाजिक स्तरमा नारीको अवस्थमा थोरै भए पनि सुधार देखिएको छ। लीलारामको बाबुले विधवा विवाहको विरोध गरे तापनि लीलाराम भने पुरुषपक्षीय निमयको विपरीत खडा हुने आँट गरेको छ।

> **लीलाराम आफ्नो लुगाको एउटा गुन्टो सिवाय केही नलिइकन विष्णेकी विधवी घरमा गएर बस्न थाल्यो र त्यसको पति बनिदियो।** [१०७]

यो नारीको अवस्थाको सुधार देखिएको अर्को पक्ष हो। नारीले विवाहपछि पतिको घरमा गएर जीवन बिताउनु पर्ने नियमलाई लीलारामले तोडीदिएको छ। फलत: यसरी परम्परावादी व्यवस्थाको भञ्जन गरिएको छ। लीलारामले धनमायालाई विवाह गर्नमा उसको आफ्नो स्वार्थ रहे तापनि स्वार्थको रूपमा गरिएको विवाहको प्रस्ताव स्वीकृत भएपछि उसले पत्नीलाई निस्वार्थ प्रेम गर्दै धनमायाकी छोरी शान्तिलाई आफ्नै छोरीसमान व्यवहार गरेको छ। विधवा विवाहको पक्षमा उभिएको लीलारामको उदाहरणले नारीमाथि हुँदै आएका अन्यायको एक पक्षको अन्त हुँदै गएको सङ्केत गरेको छ।

तीन पुस्ताका नारीको वर्णन गरिएको उपन्यासमा एक पुस्ताकी प्रतिनिधि लीलारामकी आमा भने पुरुष अहङ्कारको सिकार बनेकी छ। पुरुषशाषित समाजमा उसले पतिको विरुद्ध

---

१०७ पूर्ववत्, पृ. १३।

आवाज उठाउन नसकेर मृत्युलाई अँगालेकी छ- "उसको संस्कार, उसको धार्मिक आस्था र कटिबद्धताकी स्वरूप त्यो पैंतीस सरेकी औरत मरेकी छ झुण्डिएर आफ्नै घरको दलिनमा।"[१०८]

औपन्यासिक परिवेशमा पतिको निर्णय र अत्याचारको विरोध गर्न असमर्थ एउटी लाचार नारीको दुर्दमनीय अवस्था रहेको उल्लेख गरेर निरूपाय बनेपछि विवश पारिएकी नारी लीलारामकी आमालाई आत्माहत्या गर्न लगाएर समाज मात्र होइन परिवार पनि नारी उत्पीडनमा उत्तिकै उत्तरदायी रहेको कुरा अघि सारिएको छ। आफ्नो नाम भएर पनि ऊ पतिको नाम सिक्टेरी कान्छाकी पत्नीको नामले परिचित छ। एक युगपछिकी अर्की नारी धनमाया पनि विष्णेकी पत्नी भनेर पतिकै नामले मात्र चिनिएकी छ। तेस्रो पिँढीकी नारी शान्ति भने पुरुष उत्पीडनको सिकार भएर पनि आफ्नै नामले चिनिएकी छ।

तेस्रो पुस्ताकी नारीको रूपमा शान्ति देखा परेकी छ। शान्तिभन्दा अघिका उसका आमा, हजुरआमाले भोगेका यातनाको कुनै लेखाजोखा छैन। त्यसताकका पुरुषवादी हैकम अन्यायपूर्ण रहेकाले पुरुषसमाजको प्रताडना भन्दा ऊ बाँचेकी समाज भिन्न देखिएको छ। शान्तिभन्दा दुई पुस्ता अघिका नारी पूर्ण रूपमा पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएकाले पारिवारिक र सामाजिक परिवेशमा मात्र नभएर उनीहरूको मानसिक अवस्थिति पनि पितृसत्तात्मक नै रहेको देखिन्छ। उनीहरूको आफ्नो कोणबाट नारीलाई चिन्ने प्रयास कहीँ गरिएको छैन। तर शान्तिले भने सानैदेखि शान्ति भनेर परिचय पाएकी छ। हजुरआमा र आमाको समाजले आफ्नो नामसम्म पाउन नसकेको शान्तिको समाजले नारीलाई नारीकै नामले चिन्ने अवसर प्राप्त गरेको छ। तर नारी पुरुषभन्दा कमजोर हुन् भन्ने नारीप्रतिको

१०८ पूर्ववत्, पृ. १८।

सङ्कीर्ण भावना भने जीवितै रहेको उदाहरण "बढेको छोरी हो, एक्लै पठाउन मिल्दैन"[१०९] भन्ने लीलारामको भनाइले प्रष्ट पारेको छ। आफू बाँचेकै समाजमा पनि नारी एक्लै हिड्न सक्दिन किनभने ऊ यही समाजबाट असुरक्षित छ। तर पुरुष भने इच्छानुसार जहीँ जान सक्ने मानसिकता पुरुषवादी मानसिकता हो।

सङ्कीर्ण विचारले ग्रस्त पुरुषवादी मानसिकता रहेका पुरुषबाट नारी मुक्तिबारे कुनै सरोकार राखिएको छैन। तीन तीन पुस्ताका नारीले एउटै किसिमका भुक्तमान सहन गर्नुपर्ने विवशता छ। नारीको अवस्था युगौँदेखि जस्ताको त्यस्तै रहेको छ देखाउनु उपन्यासकारको मूल अभीष्ट देखिन्छ। औपन्यासिक परिवेशमा शान्तिले शिक्षार्जन गरेकी भए तापनि शान्तिकी आमाको लागि शिक्षाको कुनै महत्त्व नरहेको बुझिन्छ। शान्तिकी आमाले बाँचेको समाजको शैली नै शिक्षाप्रेरित नरहेकाले शान्ति स्वनिर्भर बन्नुपर्छ, पारिवारिक उत्तरदायित्व उठाउनुपर्छ भन्ने उसकी आमाका लागि कुनै मूल्य राख्दैनन् त्यसैले भन्छे- "नपठाउँ न त। के छोरीले नोकरी गरेर पाल्नुपर्छ र हामीलाई? "[११०] यस कथनले उसकी आमा नारी अस्तित्वप्रति अचेत रहेको देखिन्छ र ऊ समाजप्रति नारीको सहभागिता, आफ्नो सुराक्षार्थ, स्वनिर्भरता विभिन्न क्रियाकलापमा नारीको भूमिका, उसको महत्त्व मूल्य मान्यता, उत्तरदायित्व हुनुपर्छ भन्ने कुरामा सचेष्ट रहेको देखिँदैन। लैङ्गिक समविकासका निम्ति नारीले गर्नुपर्ने पहिलो सङ्घर्ष शिक्षार्जन हो भने त्यसपछिको दोस्रो पहल स्वनिर्भरता हो भन्ने सामाजिक परिवेशको स्थापना धनमायाको समाजका नारीले बोध गर्न सकेका छैनन्।

उपन्यासमा शान्तिको मूल्य उसको यौनसम्म मात्र सीमित राखिएको छ। शान्तिले पनि सरकारी जागिरका लागि आफ्ना कागजपत्र र दर्खास्त सम्बन्धित अधिकृतलाई बुझाउन जाँदा ऊ अधिकृतद्वारा हियाइएकी छ। "ज्यादा समय मान्छे र कम्ति समय कागज हेऱ्यो

---

१०९ पूर्ववत्, पृ. २९।

११० पूर्ववत्, पृ. ३३।

अधिकृतले"[१११] भन्ने प्रसङ्गले नारीलाई पुरुषले वासनात्मक दृष्टिले हेर्ने गर्छ भन्ने यथार्थ स्पष्ट गराइएको छ। उपन्यासमा शान्तिको आवश्यकता र लाचारीको गलत फायदा उठाउने अवसरवादी पुरुष राज जस्ता कुकर्मीको पर्दाफास गरिएको पाइन्छ। "विस्तार विस्तार राजले शान्तिको शरीर जम्मै कुनै डाक्टरी परीक्षण झैं छोइ दियो"[११२] भन्ने प्रसङ्गले उसको विकृत नियतको यथार्थ पक्ष देखिएको छ। यसरी आफ्नो सर्वस्व बलिदान गरेपछि मात्र जागीर हत्याउन सफल बनेकी शान्तिको नियति यही समाप्त भएको पाइन्न। ऊ पुन: पटक पटक कामुक पुरुषबाट लुटिएकी छ। "बाइस वर्षसम्म पालेको आफ्नो कुमारीत्व जोगाउन सकिन"[११३] भन्ने उपन्यासकारको भनाइले एउटी नारीले स्वनिर्भरताको निम्ति गरेको चुनौतिपूर्ण सङ्घर्षमा यौनविकृत कामुक पुरुषको सिकार हुनु, बलात्कृत हुनु परेको यथार्थको चित्रण **अभीष्टको खोज**मा पाइन्छ। नारी अस्तित्व सङ्कटमा पर्नुका पछि केवल पितृसत्ता नै उत्तरदायी रहेको छ भन्ने कुरा यी पुरुष चरित्रका नैतिकपतनले पुष्टि गरेका छन्।

उपन्यासमा पितृसत्तात्मक समाजले पुरुषलाई फुका छाडेर विभिन्न क्रियाकलापमा छुट दिने र तिनीहरूबाट कुनै जघन्य अपराध भए पनि सामान्य ठान्ने चलनले पुरुषलाई उच्च र नारीलाई निम्न दर्जामा स्थापित गरेको छ। शान्ति नेत्रप्रसादबाट बलात्कृत भएपछि गर्भको भ्रूणलाई तुहाउन बाध्य बनेकी छ तर नेत्रप्रसाद शान्तिलाई गर्भवती बनाएर अर्को नारीसँग विवाह गर्न सफल बनेको छ। शान्तिले आफ्नो गर्भलाई लिएर कानुनी पक्षको सहायताद्वारा न्याय दिलाउने कुनै पहल उठाउन सक्ने परिवेशको सिर्जना भने उपन्यासमा गरिएको छैन। यसरी बलात्कार भएको हुनाले गर्भमा बसेको नानीलाई जन्माएर पाल्ने हिम्मत नगर्ने नारीका प्रतिनिधित्व शान्तिले गरेकी छ। आफू बलात्कृत भएपछि भने

१११ पूर्ववत्, पृ. ५०।

११२ पूर्ववत्, पृ. ५८।

११३ पूर्ववत्, पृ. ७६।

आक्रोषित त भएकी छ तर त्यस आक्रोशले शान्तिको जीवनमा भने क्रान्ति ल्याउन सकेको छैन। उपन्यासमा नेत्रप्रसादको अपराधको कुनै दण्ड पनि तय गरिएको छैन। यस्ता पुरुष अपराध गरेर पनि स्वतन्त्र भएर हिड्न सकेको देखाएर समाजमा पुरुषको अत्याचारले पराकाष्ट नाघेको देखाइएको छ। उसले आफ्नो पुँजीको आड्मा सहजै भनिदिएको छ- "तिम्रो जीवनलाई आर्थिक रूपले प्रतिष्ठित बनाउन सक्छु।"[११४] यसरी नारीलाई पैसामा किन्न सकिने वस्तुको रूपमा मात्र हेरिने सामाजिक परिवेशको चित्रण उपन्यासमा गरिएको छ।

प्रस्तुत उपन्यासको औपन्यासिक परिवेशमा पुरुष शोषणबाट समग्रतामा नारीअस्तित्व निमठिएको छ। पुरुष उन्मुक्तता र नारी बन्धनले नारीको जीवन दयनीय अवस्थामा बाँचेको छ। नारी अस्तित्वप्रति सचेत र असचेत दुवै वर्गका नारी पुरुष नियन्त्रणमा बाँच्न विवश छन्। पुरुषले कठपुतली बनाइएकी अर्की नारी फूलमती हो। उपन्यासको गौण पुरुष पात्र शर्मा बाबु आफ्नी पत्नी फूलमतीबारे भन्छ-

> **ग्याल ग्याल्ती छाउरा पाइदिनसक्छे, कोदोको जाँड् र तीनपाने मर्चा मिलाएर बनाउनसक्छे र आफ्नो नाम नेपालीमा लेख्न सक्छे।...मेरी फूलमती नेपाली गनाउँछ र मेरा आज्ञा शिरोपर गर्छे।** [११५]

यहाँ शर्मा बाबु आफू आदेशकर्ताको रूपमा देखिएको छ अनि आज्ञाकारी दासी सरहकी पत्नी पाएकोमा उसले गर्व गरेको छ। यसरी पितृसत्ताको अहम्मा रहेर लोग्नेले स्वास्नीलाई आफूसमानको जीवनसाथी भन्दा दास बनाउने चाहना नै बढी राख्ने पुरुषको रूपमा शर्मा बाबू उपस्थित छ।

---

११४ पूर्ववत्, पृ. ९६।

११५ पूर्ववत्, पृ. ३५।

प्रस्तुत उपन्यासमा कतिपय नारी पितृसत्तात्मक सामाजिक संरचनामा आफ्नो अस्तित्वप्रति असचेत छन्। पतिको नामबाट आफू परिचित हुँदा कुनै आपत्ति नहुने नारीहरू आफ्ना अस्तित्वप्रति असचेत देखिन्छन्। यस्ता नारी पुरुषप्रमुखतावादी मानसिकताका अगाडि आफ्नो अस्तित्वबोध गर्न असक्षम देखिन्छन्। उपन्यासकी नायिका शान्ति आत्मनिर्भर बन्न चाहँदा सङ्घर्षमयी जीवन यात्रामा पुरुषद्वारा कामवासनाको सिकार बन्नपुगेकी छ। उपन्यासका पुरुष पात्र जुनसुकै नारीसँग पनि यौनसम्बन्ध राख्न स्वतन्त्र छन्। मानव मूल्यभन्दा माथि यी पुरुषहरू कामवासनालाई बढी महत्त्व दिने किसिमका छन्।

बलदेव मजगैयाँको **मानसी** उपन्यासकी प्रमुख नायिका मानसी र गौण पात्र शालिनी दुवै शिक्षित नारी हुन्। नारीवादी चेतनायुक्त मानसीलाई उपन्यासमा नारीवादीकै रूपमा खडा गरिएको छ। पुरुष प्रमुखतावादी समाजमा कुनै न कुनै बहाना र लाचारीको फायदा उठाएर पुरुषले नारीसँग शारीरिक शोषण गर्दछन् भन्ने कुरा बुझेकी छ। तर शारीरिक सम्पर्कमा पुरुषको इच्छा भए तापनि विवाहपूर्व यस्तो सम्बन्धले नारीलाई नै समस्या पर्दछ भन्ने कुरामा सचेत भएकीले आफ्नो प्रेमी हर्षले शारीरिक सम्पर्क राख्ने चाहना प्रकट गर्दा उसले प्रतिकार गरेकी छ।

> **यो लोग्नेमानिसको मानसिकता हो हर्ष! मैले धोका दिएँ भने पनि समाजमा तिम्रो स्थान यथावत् रहन्छ तर तिमीले धोका दिए समाजमा मेरो स्थान कहाँ रहन्छ? त्यहाँ हाम्रा भविष्यका सम्पूर्ण ढोका बन्द गरिन्छन्। जन्म दिने आमाबाबुसमेत आफ्नो पक्षमा नहुने अनि यातना र लाञ्छनापूर्वक बाँच्नुपर्ने, वेश्या बन्नुपर्ने जस्ता अन्तहीन यात्राको आरम्भ हुन्।** [११६]

११६ बलदेव मजगैयाँ, सन् २००६, पूर्ववत्, पृ. ३४।

नारी उत्पीडनका पितृसत्तात्मक समाजका षड्यन्त्रप्रति ऊ सचेत छ। त्यसैले आवेगमा आएर नारीले आफ्नो अस्मितालाई पुरुषका अघि समर्पण गर्नु हुन्न भन्ने कुरा उसको माथिको अभिव्यक्तिले बुझाएको छ।

सुरुमा मानसी नारीप्रति पुरुषको सङ्कुचित मानसिकताप्रति आक्रोषित बनेकी छ। तर उपन्यासको उत्कर्षमा पुग्न अघि भने मानसी अप्रत्यक्ष रूपमा पुरुषको स्वार्थपूर्ण षड्यन्त्रमा फँसिदै गएकी छ। मानसी हर्षलाई प्रेम गर्छे तर यी दुईको मानसीको प्रेमप्रति हर्षको साथी विनय ईर्ष्या गर्दछ। वास्तवमा विनय मानसीको शारीरिक रूप र उसको तर्क गर्ने क्षमताप्रति आकर्षित भएको छ। हर्षसँग मानसीको सामीप्य असहनीय भएकैले विनयले षड्यन्त्र गरेर हर्षमा सन्तानोत्पत्ति गर्न सक्ने क्षमता छ कि छैन भन्ने कुरामा डाक्टरी जाँच गर्न हर्षलाई विवश गराएर ऊ बाबु बन्न असमर्थ रहेको कुरालाई उदाङ्गो पारेको छ। हर्षको प्रेम आत्मीय प्रेम रहेकाले मानसीको जीवन नष्ट नहोस् भन्ने उद्देश्यमा ऊ दृढ छ। ऊ मानसीबाट टाडा भएको छ। "म आफ्नो स्वार्थले मानसीको जीवन बरबाद हुन दिन्नँ बरू उसको भविष्यको निम्ति म उबाट सदाको निम्ति टाढिनु उपयुक्त हुन्छ"[११७] भन्ने हर्षको सोचाइले औपन्यासिक परिवेशमा नारीप्रति निस्वार्थ प्रेम गर्ने पुरुष खडा गरिएको छ। नारीको हृदयलाई सम्मान गर्ने र उसको भावनाको कदर गर्ने हर्ष जस्ता सज्जन पुरुष उपन्यासमा खडा गरेर समाजमा उदाहरणीय पुरुष पात्रको परिचय दिइएको छ। यहाँ दुइ भिन्न भिन्न मानसिकता रहेका केवल विनय जस्तो दुष्कर्मी मात्र हुँदैनन् तर हर्ष जस्तो उदार मनोवृत्ति रहेको सज्जन पुरुष पनि हुन्छन् भन्ने कुरा उल्लेख गरेर सवै पुरुष मानसिकता नारीप्रति मारक नै हुन्छ भन्ने कुराको भने खण्डन गरिएको छ।

---

११७ पूर्ववत्, पृ. ४६।

विनयसित विवाह भएको पाँच वर्षपछि पनि मानसी आफू आमा बन्न नसकेकोमा तड्पिएकी छ। पति विनयको पौरुषेय शक्तिमा दुर्बलताका कारण आफू आमा बन्न असफल रहेको अनि आफ्नो मातृत्वको चाहना र अधिकारप्रति सचेत मानसी पूर्वप्रेमी हर्षलाई भन्छे-

**तिमीहरूको योग्यता र अयोग्यताको परीक्षण गर्ने असली प्रयोगशाला हामी हौं। ...नियोगको कुरा त पापको दुविधा हटाउनको निम्ति उठाएको शास्त्रीय अस्त्र हो। हर्ष! तिमीले सहयोग गरे म आमा बनेर बाँच्न सक्छु, यो मेरो नारीविश्वास हो।** [११८]

यसरी आफ्नो पतिबाट सन्तानको जन्म नहुँदा आफ्नो पूर्वप्रेमीसँगको सत्सर्ग र उसलाई आफू आमा बन्न सहयोग गर भन्ने मानसीको निर्णय अत्यन्त साहसपूर्ण रहेको देखिन्छ। हर्षको सत्सर्गबाट गर्भवती हुनु जस्ता उपन्यासको प्रसङ्गले औपन्यासिक परिवेशलाई नौलो ढङ्गले चित्रण गरिएको छ। प्रस्तुत उपन्यासमा आफ्नो मातृत्व अधिकारको निम्ति लोग्ने चाहिन्छ भन्ने होइन अन्य पुरुषसँगको सम्पर्कमा रहेर पनि यो अधिकार प्राप्त गर्न सकिन्छ भन्ने उदार नारीवादी चिन्तनको समर्थन गरिएको छ।

उपन्यासमा विनयले आफ्नी पत्नी मानसीलाई जीवनभरी छल गरेर अर्की नारी शालिनीलाई पुँजी र उपहार दिएर आफ्नो कामवासनाको सिकार बनाएको छ। शालिनी उसको कामेच्छा तृप्ति गर्ने साधन बनिएकी भए तापनि विनयले आफ्नो स्वार्थको निम्ति उसँग अवैध सम्बन्ध राखेको थाहा पाएपछि भने “नारीका जीवनसँग खेल्ने तिम्रो मांसल इच्छामा म किमार्थ सरिक हुन सक्दिनँ। म तिमीलाई हृदयदेखि घृणा गर्छु”[११९] भनेर विनयलाई मानसी र शालिनीले तिरस्कार गरीदिएका छन्। उपन्यासमा समाजमा स्थापित

---

११८ पूर्ववत्, पृ. ७४।

११९ पूर्ववत्, पृ. ८९।

परम्परागत धारणालाई भत्काएर औपन्यासिक परिवेशमा यी स्वेच्छाले पूर्वप्रेमीसँग शारीरिक सम्बन्ध राखेर आमा बन्न सक्ने नवीन समाजको निर्माण गरिएको छ। नारीप्रति सङ्कीर्ण मानसिकता राख्ने विनयलाई मानसी र शालिनी दुवैजनाले त्यागेर अस्तित्वसचेत नारी भएको प्रमाण दिएका छन्।

पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** उपन्यासको समाज नारी शिक्षाप्रति सचेत रहेको छ। उपन्यासका प्रमुख पात्र नलिना र गौण पात्र दीपा अनि दीपाकी आमा पुतली सबै पुरुषबाट प्रताडित रहेका विवश नारी हुन्। शिक्षित बनेपछि पुरुष प्रवृत्तिप्रति प्रतिशोध लिन उनीहरू उद्यत देखिन्छन्। उपन्यासको समाजमा देखा परेका सबै पुरुष पितृसत्तात्मक अहङ्कार पालेर बसेका छन् अनि त्यसका आडमा नारीप्रति विभिन्न प्रकारले अत्याचार गरेका छन्।

औपन्यासिक परिवेशमा नारीको अवस्थिति दयनीय रहेको एउटा दृष्टान्त दाइजो प्रथा रहेको छ। विवाहमा नारीले एकतिर आफ्नो घर छाडेर पुरुषको घरको नयाँ परिवेशमा जीवन बिताउनु पर्ने सामाजिक व्यवस्था छ भने त्यसमा पनि छोरीका पक्षले दाइजो दिइनु पर्ने प्रथा रहेको पाइन्छ। पुरुषको लागि लाभदायक हुनाले पुरुषप्रमुखतावादी समाजले दाइजो दिने नियम बनाएका हुन्। यस्ता अन्यायपूर्ण दाइजो प्रथाले छोरीपक्षमा आएको सङ्कट उपन्यासमा यस्तो छ-

> **छोरीको विहेको जग्गेमा बसेपछि केटा पक्षकाले दाइजोस्वरूप बीस हजार रुपैयाँ चाहिन्छ नत्र विवाह नै नगरी जन्तीसहित फर्कन्छौं बनेर ध्वाँस (धमास) दिएपछि सुरनाथको होसहवास उडेको थियो। उनी झुन्डिएर अपहत्ते गर्न चाहान्थे।** [१२०]

---

१२० पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. ८१।

यस कथनमा यस्तो सङ्कटापन्न स्थितिमा पनि पुरुष अभिमान र अहङ्कारले ग्रस्त भएका देखिएका छन्। विवाहमा बेहुलीलाई भन्दा दाइजोलाई बढी प्राथमिकता दिएको देखिएको छ। एकातिर दाइजो नदिए विवाह नै अस्वीकार गर्ने अनि अर्कातिर छोरीलाई दाइजो भन्दा तुच्छ ठान्ने र वरपक्षले विवाह नगरी दिए झुन्डिएर मृत्यु रोज्ने बाबु पनि छोरीलाई अन्याय गर्न त्यतिकै सहभागी देखिन्छन्।  ऊ स्वयम् पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएको र पुँजीसँग नारीलाई तौलिने पितृसत्ताको अन्यायपूर्ण व्यवस्थालाई निरन्तरता दिने एउटा पुरुषको रूपमा देखिएको छ। समाज र आफ्नो बाबूसमेतले छोरीलाई समाजको बोझ ठान्ने अनि जसरी भए पनि दाइजो दिएर विवाह गरीदिने मनसाय राख्ने औपन्यासिक परिवेशमा नारीको अवस्थिति पुरुषभन्दा निम्न रहेको स्पष्ट बुझिन्छ। यसबेलाका नारीमा कुनै सचेतता आएको उल्लेख उपन्यासमा पाइँदैन। पुरुषको पशुवत व्यवहारले नारी जीवनको अवमूल्यन मात्र भएको छैन तर उनीहरूलाई व्यापार व्यवसायको वस्तु जस्तो अत्यन्त तुच्छ रूपमा गणना गरिएको प्रमाण बीस हजार दिएर दाइजो दिने सङ्कट गाउँकै नीलकान्तले टारीदिएका थिए भन्ने कुराले पुष्टि गरेको छ। यो बीस हजारको ऋण सुरनाथले अर्की छोरी नीलकान्तलाई दिएर चुकाएको उल्लेखले औपन्यासिक परिवेशमा नारीको स्थिति अझ पीडादायी बनेको छ। उपन्यासको समाजमा बिहे गर्न नारीको निर्णयको कुनै मूल्य नै रहेको छैन। नारीले केटाको रूप, रङ्ग हेर्ने, योग्यता खुट्याउने अधिकारको उल्लेख पाइँदैन। पुरुषको नियन्त्रणमा रहेर नारीले सम्पूर्ण जीवन बिताउनु पर्ने औपन्यासिक समाजमा नारी जीवनको प्रत्येक खुड्किलामा प्रताडित भएकी छ।

पुरुषप्रमुखता जमाउने पुरुषवर्गमा आफ्नै बाबुले रोजीदिएको वरसँग पुतली जस्तो निर्वाक भएर बाध्यतावश विवाह गर्न विवश नारी पुतली देखा परेकी छ। “सुरनाथकी फूलजस्ती तेह्र वर्षे छोरी छ भन्ने थाहा पाएपछि त वृद्ध नीलकान्त विवाह पक्कै हुने भयो भनेर

खुसीले लौरो टेक्दै नाचे पनि"[१२१] यहाँ बालविवाहबाट पुरुषले छुट पाएको छ भने नारी बालविवाहको सिकार बनेकी छ। यसरी वृद्धाअवस्थामा पुगेका पुरुषलाई तेह्र वर्षकी नाबालिगले पतिको रूपमा स्वीकार्नु पर्ने बाध्यताले नारीप्रतिको व्यवहार मुक पशुतुल्य मात्र रहेको देखाइएको छ। पूर्ण वयस्क हुन नपाई नै पुरुषको इच्छामा विवाह गर्नुपर्ने नियम अत्यन्त अन्यायपूर्ण रहेको देखिन्छ। विवाह बाहेक नारीको अन्य कुनै रहर इच्छा अभिलाषा हुँदैन भनेर सोच्ने सामाजिक परम्पराको बलि हुन परेको छ।

**उनका वृद्ध पतिले पनि यो संसार छोडे। उनी विधवा भइन्। २१ वर्षको मस्त जवानीमा उनी विधवा भइन्। ...वास्तवमा उनीहरूको सम्बन्ध लोग्ने स्वास्नीको जस्तो भन्दा पनि एउटा मालिक र सेविकाको जस्तो थियो...उनको समाजले लोग्नेको उपमा दिएका थिए, लोग्नेको सेवा गर्थिन् र बदलामा उ उनलाई खान, लाउन र बस्न दिन्थ्यो।** [१२२]

यसरी उपन्यासमा नारीका सम्पूर्ण इच्छा, लक्ष्य नै खान लाउनमा सीमित रहेको देखाइएको छ। औपन्यासिक समाजमा नारीलाई मानव मूल्य प्राप्त भएको देखिँदैन। नारीलाई खान लाउन दिएपछि उसको जीवनका सम्पूर्ण इच्छा पूर्ण भएको ठान्ने उपन्यासको समाज छ। औपन्यासिक परिवेशमा नारीलाई बाल्यावस्थामा नै बृद्धाअवस्थाका पुरुषसँग सुम्पिदिएर झरझराउँदो तारूण्य अवस्थामै विधवी बनाइदिएकोले पुरुषसमाजले नारीलाई जीवित रहँदा नै मरेतुल्य बनाएको देखिन्छ। पितृसत्तात्मक सामाजिक संरचनामा विधवामाथि गरिने समाजको व्यवहारले भने नारीलाई मानवेत्तर प्राणी बनाएको पाइन्छ। उपन्यासमा पतिको मृत्युपछि बलात्कृत हुन परेको प्रसङ्ग रहेको छ-

---

१२१ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. ८२।

१२२ पूर्ववत्, पृ. ९४।

**पुरुषरुपी वासनाका विषाक्त कीटाणुले उनको सतीत्वमाथि आक्रमण गरे। पुतलीको चीत्कारको तुमुल ध्वनि जङ्गल चिर्दै आकाशमा गुञ्जियो र बिलायो निस्सीम शून्यतामा पालैपालो आफ्नो वासनाको विष पुतलीको शरीरमा खन्याएर नारकीय उत्सव मनाए, कापुरुषहरूले।** [१२३]

बलात्कारबाट गर्भवती भएको अनि समाजले उसलाई पागल, बोक्सी र मूर्खको नामले चिनिने र चिनाउने गरेको जस्ता उपन्यासको प्रसङ्गले भने औपन्यासिक परिवेशमा पुरुषवादी समाजका कुनै मानिसले नारी मूल्यलाई बुझ्न सकेका छैनन्। पुरुषले नारीलाई यौनवस्तु ठान्नु र त्यस वस्तुको उपभोग गरीसकेपछि कुनै वस्तुसरह समाजबाटै बहिष्कार गर्नु जस्ता अत्यन्त नीच कार्य गर्दछ। उसको पति शारीरिक कमजोर, वृद्धावस्थामा पुगेका थिए तर समाजले पुरुष लिङ्गलाई प्राथमिकता दिने हुनाले पतिबाट पुतली शोषित भए तापनि अन्य पुरुषले पुतलीप्रति कुनै नराम्रो व्यवहार गरेको देखिएको छैन। उसको वृद्धा पति बाँचुञ्जेल पुतलीमा कुनै सङ्कट नआउनु अनि जीर्ण शरीर भएका पतिको मृत्यु हुनेबित्तिकै बलात्कृत हुनाले समाजमा लिङ्गकै आडमा नारीमाथि व्यभिचार राख्न सदैव उद्यत रहेको कुरा उपन्यासको परिवेश, घटनाक्रम र कथावस्तुले स्पष्ट पारिदिएको छ।

पुतलीको सम्पूर्ण जीवन नै कष्टमय रहेको छ भने ऊ बलात्कृत भएपछि जन्मेकी छोरी दीपालाई पुतलीले पुरुषको कुदृष्टिबाट सुरक्षित बन्न सचेत गराए तापनि ऊ पुरुषको अत्याचारबाट भने बाँच्न सकेकी छैन। दीपा आमाले बिताएको सामाजिक स्थितिभन्दा अर्कै स्थितिको खोजीमा छ। पुरुषसत्ताधारी समाजमा नारी जति नै नारी अस्मिताप्रति सजग, सचेत भए तापनि नारीलाई तहसनहस गर्न पुरुष निरन्तर प्रयासरत रहेको दृष्टान्त उपन्यासमा यस्तो

---

१२३ पूर्ववत्, पृ. ९७।

छ- "यो त पहिलाको केटीकोभन्दा त्यही दुई हजार मात्र बढी भयो! फेरि यो त मेरो आफ्नै बहिनी हो। पैँतालीस हजारमा कुरा पक्का, मञ्जुर। "[१२४] आमाको मृत्यु भएपछि दाजुले दीपालाई वेश्यालयमा बेचेको यस उदाहरणले पुरुष आफ्नो स्वार्थपूर्तिका लागि कुन तहसम्म तल झर्नसक्छ भन्ने सत्यको उद्घाटन भएको पाइन्छ। बलात्कार गर्नु, वेश्यालयमा बिक्री गर्नु, अन्य पुरुषका निम्ति बलात्कारको अवसर मिलाई दिनु जस्ता घृणित कार्य आफ्नै दाजुबाट हुनेले पुरुषवादी समाजको नैतिक पतनलाई उपन्यासकारले प्रकाशमा ल्याउने चेष्टा गरेका छन्। नारीलाई पुरुष कामवासनाको सिकार बनाउने प्रयासमा लागेका पुरुषलाई दीपाले निष्फल बनाएकी छ। "कुनै पनि नारी आफैँ वेश्या बन्न होइन, त्यो त पुरुषले नारीलाई बनाउने हो। वेश्यावृत्ति पुरुषको सिर्जना हो, पुरुषको आवश्यकता हो"[१२५] भन्ने तर्क राखेर दीपाले नारीको वर्तमान अवस्था र देहव्यापारमा सङ्लग्न गराउनुमा पनि पुरुषप्रभुत्ववादी समाज नै जिम्मेवारी छ भन्ने अडान राखेकी छ। तर यस्ती सचेत नारीलाई पनि उपन्यासमा पुरुष भोगका निम्ति नै सङ्लग्न गराइएको छ। दीपा नारी अस्तित्व जोगाउने प्रयासमा निरन्तर जुटेकी छ तर अन्तमा ऊ माथि पनि अमानुषिक व्यवहार गर्न पुरुषहरू उद्यत देखिन्छन्। आफू पत्रकार भएकी हैसियतमा प्रसिद्धि कमाएकी दीपा घर फर्कदै गर्दा सातजना पुरुषहरूले "अब हामी तेरो यो गोरो शरीरलाई पालैपालो बलात्कार गर्नेछौँ"[१२६] भनेर सामुहिक बलात्कार गर्ने योजना बनाउनुमा पनि पितृसत्ताकै अहम् र आड पाएर हो अर्थात् नारीले आफूलाई स्वनिर्भर बनाएकामा इर्ष्यावत् रहने पुरुषको नीचतालाई यहाँ उपन्यासकारले यथार्थ रूपमा उल्लेख गरेका छन्। आफूमाथि आइपरेको डरलाग्दो

---

१२४ पूर्ववत्, पृ. १२५।
१२५ पूर्ववत्, पृ. १३६।
१२६ पूर्ववत्, पृ. १४९।

घटनाको उल्लेख गर्दै दीपा लेखकसँग सम्पूर्ण वृतान्त सुनाउँछे। जङ्गलमा उसलाई बलात्कार गर्ने प्रयास गर्दा दीपा अस्तित्वसचेत र क्रान्तिकारी नारीका रूपमा खडा भएकी छ।

> **तिमेरका लागि म नै पर्याप्त हुनेछु, तिमेरू जस्ता भयानक र क्रूर अपराधीका लागि म मृत्युदण्डको सजाय तोक्छु। यति भनेर मैले झोलाबाट फुत्त खुकुरी झिकेर सररर घुमाँए र जुरूक्क उठेँ।** [१२७]

उपन्यासमा दीपाले जीवनका प्रत्येक खुड्किलामा स्वनिर्भरताको निम्ति सङ्घर्ष गरेकी छ तर उसको प्रगति मार्गमा व्यवधान गर्ने पुरुष नै **आइमाई मान्छे** उपन्यासको म पात्र रहेकाले नारीलाई पुरुष लेखकले न्याय दिन सक्दैन भन्ने स्पष्ट हुन्छ। उपन्यासमा **आइमाई मान्छे** उपन्यास लेख्न अधिकारप्राप्त लेखक र अन्य पुरुष नारी दुर्दशाको उत्तरदायी रहेका छन्। दीपाले लेखकलाई आफ्नो जीवनमा घटेका घटनाहरूको व्याख्यानमा "मलाई त्यसरी निर्मम तरिकाले बर्बाद गर्ने मेरो प्यारो मान्छे अरू कोही नभएर तपाईँ नै हो"[१२८] भन्ने भनाइले यस तथ्यलाई झन् बल दिएको छ। दीपा पुरुष कुकृत्य उदाङ्गो पार्न उत्रेकी छ। आफूलाई नारीवादी ठान्ने पुरुष लेखकको आडम्बरी प्रवृत्तिलाई चुनौति दिएकी छ। प्रस्तुत उपन्यासमा दीपाका अतिरिक्त उपन्यासमा पुतली र नलिनाको सामाजिक अवस्थिति अत्यन्त पीडादायी रहेको पाइन्छ।

**आइमाई मान्छे** उपन्यासमा नारीलाई यौनवस्तु ठान्ने पुरुष नै बढी देखिएका छन्। जसले नारीको सामाजिक अवस्थिति दुर्बल र कष्टदायक बनाएको छ। कैयौं प्रयासले पनि नारी पुरुष प्रताडनाबाट मुक्त हुन सकेका छैनन्। प्रत्येक नारीले स्वतन्त्रताको निम्ति सङ्घर्ष गरेका छन्। नारीका यस्ता सङ्घर्षले नारीका नवीन सामाजिक स्थिति निर्माण गर्ने प्रयास

---

१२७ पूर्ववत्, पृ. १५०।
१२८ पूर्ववत्, पृ. १९३।

निरन्तर रूपमा गरेको भए तापनि पितृसत्तात्मक समाजले नारीलाई पुरुष दमनबाट मुक्त हुन दिएको छैन। त्यसैले प्रस्तुत उपन्यासका नारीहरू पितृसत्तात्मक वर्चस्वबाट दमित भएको अवस्थितिबाट बाहिर निस्कन खोजेका छन् तापनि उनीहरूको प्रयास विफल भएकाले यसमा नारी जीवनको सङ्घर्षमय सामाजिक अवस्थिति सोचनीय रहेको देखिएको छ।

## ५.१.६.२ पुरुषलिखित उपन्यासहरूमा नारीप्रति लेखकीय दृष्टिकोण

**अभीष्टको खोज**-मा उपन्यासकार भीम दाहालले उपन्यासकी प्रमुख नारी चरित्र शान्तिलाई शिक्षित ग्रामीण समाजमा हुर्किएकी एउटी शिक्षित नारीका रूपमा चित्रण गरेका छन्। उपन्यासका गौण नारी चरित्रहरूमध्ये धनमाया, सिक्टेरनी, सुमित्रा र फूलमतिलाई अल्पशिक्षित एवम् निरक्षर नारीका रूपमा प्रस्तुत गरेका छन्। उपन्यासको समाज पितृसत्तात्मक रहेको छ। त्यसैका आडमा शिक्षित र अशिक्षित दुवै वर्गका नारी पुरुषबाट शोषित भएका छन्। उपन्यासमा उल्लिखित तीन पुस्ताका नारी पितृसत्तात्मक सामाजिक व्यवस्थामा हुर्किएका पुरुषबाट विभिन्न प्रकारले पीडित छन्। उपन्यासमा नारी उत्पीडनका कारक तत्त्व पितृसत्ता रहेको देखिएको छ। तीन पुस्ताका नारीको जीवन स्थितिप्रति उपन्यासकार असन्तुष्ट रहेका हुनाले समाजमा ओझेल परेका नारी शोषणका विभिन्न रूपलाई उपन्यासका माध्यमबाट प्रकाशमा ल्याउने प्रयास उपन्यासकारको रहेको प्रतीत हुन्छ।

एरिस्टोटलले नारीलाई "उ पुरुषको सन्दर्भमा नै परिभाषित र विभेदित गरिन्छे। पुरुष आत्मा हो, विजय हो। उ पूर्ण हो, जबकि महिला मात्र 'अन्या' हो"[१२९] भनेका छन्। यसरी नारीलाई पुरुषको सन्दर्भमा परिभाषित गर्न चाहने एरिस्टोटलको विचार र **अभीष्टको खोज** उपन्यासका लेखक भीम दाहालको विचारमा समानता रहेको पाइन्छ। पहिलो पुस्तामा

१२९ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ३।

देखा परेकी नारी सिक्टेरनी सिक्टेरीको पत्नीको नाताले मात्र समाज र परिवारमा परिचित भएकी छ। उपन्यासमा कतै उसको नामको उल्लेख पाइँदैन। नामसम्म पाउन नसकेकी सिक्टेरीनीले व्यावहारिक रूपमा पनि पतिलाई ईश्वरसमान पुजेकी र आफू भने पतिलाई ईश्वर ठान्दै ईश्वरकी भक्त भएकी छ। "सिक्टेरी कान्छाको पाउको पानी पिएकी, त्यो निर्धी औरत"[१३०] भन्ने कथनले सिक्टेनीनीले आफूलाई सदैव पतिको सेवकको रूपमा मात्र राखेर समाजमा पतिको सन्दर्भमा परिभाषित भएकी बुझाइएको छ। पतिको पाउको पानी पिएर बसेको सन्दर्भले परिवारमा प्रथम दर्जा पतिले ओगटेको छ र उ एरिस्टोटलको विचारमा जस्तै अन्या भएर बाँचेकी छ। त्यो निर्धो औरत जस्ता लेखकीय वर्णनले नारीलाई असक्षम देखाइएको छ। लेखकले सिक्टेनीलाई असहाय, निर्बल देखाउँदै अन्तमा पराजित गराएर उपन्यासमा आत्महत्या गर्न लगाएको प्रसङ्गले एरिस्टोटल र लेखकको नारीप्रतिको अवधारणा समान रहेको देखिन्छ।

उपन्यासकी अर्की नारी पात्र धनमाया दोस्रो पुस्तामा देखा परेकी नारी चरित्र हो र उसको व्यक्तिगत पहिचान कतै पाइँदैन। परिचयहीन रहेकी धनमाया "पतिकै उधारो नामले चिनिन्छे- "बढो सजिलो भइदियो-विष्णेकी बूढी।"[१३१] यसरी एकातिर लेखकले सिक्टेरीनी र धनमायाको नामसमेत पितृसत्तात्मक समाजमा हराएको देखाएका छन् भने अर्कातिर ती दुवै नारीलाई आफ्नो नामले परिचित हुनुपर्ने सचेतताका हेक्कासम्म राखेका छैनन्। समाजमा नारीलाई यस्तो क्षुद्र अवस्थादेखि सचेत र जागृत गराउन लेखकले कतै प्रयास गरेका छैनन्। नारीलाई पितृसत्तात्मक समाजको यस्ता अन्यायपूर्ण व्यवहारप्रति सचेत गराएर विरोध गराउन लेखकले अलिकति पनि प्रयास गरेका छैनन्। यस प्रकारको लेखकीय दृष्टिकोणले लेखक

---

१३० भीम दाहाल, सन् १९९८, पूर्ववत्, पृ. १८।

१३१ पूर्ववत्, पृ. ६।

स्वयम् पनि पितृसत्तात्मक व्यवस्थाबाट प्रभावित छन् र पुरुषपक्षीय सामाजिक संरचनाप्रति इमान्दार छन् भन्ने पुष्टि हुँदछ ।

पतिको मृत्युपछि नारीलाई लेखकले कमजोर बन्ने देखाएका छन्- "यदि लीलाराम नहुनु हो भने त्यस दिन सायद आफैलाई झुण्डाउँदी हो कुनै पनि रुखमा तुर्लुङ्ग!"[१३२] यस कथनले धनमाया पति हुँदा पतिकै आडमा मात्र बाँच्न सकेकी छ भने पतिको मृत्यु पछि भने लीलारामको सहारामा मात्र जीवित रहन सकेकी छ। यहाँ नारी पुरुषविना बाँच्न असमर्थ छ भन्ने लेखकीय दृष्टिकोण रहेको देखिन्छ।

महिला यौनजन्य वस्तुका रूपमा एवम् पुरुष उपभोक्ताका रूपमा[१३३] विद्यमान रहने पुरुषवादी सामाजिक संरचनाको उल्लेख उग्र नारीवादी चिन्तकहरूले गरे झैं प्रस्तुत उपन्यासका कामलोलुप पुरुषहरू पनि नारीलाई भोग्नका निम्ति आतुरिएका देखिन्छन्। यहाँ पनि नारीहरू पुरुषका यौन तुष्टिका साधन मात्र बन्न पुगेका घटनाले पुरुषवर्ग मारक र नारीवर्ग ताडित रहेका कुरा प्रमाणित हुँदछ। उपन्यासमा लीलारामको दुईजना पत्नीको मृत्यु भएपछि ऊ धनमायाको शारीरिक सौन्दर्यमा आकर्षित हुँदै मृतक पत्नीबारे सोँच्छ-

> **त्यससँग लोग्ने मान्छे खुसीपार्ने तरीका थियो। त्यससँग एक रात सुतेपछि कुनै पनि मान्छे नारीवश बन्ने हो। सायद कम्ति आयु लिएर आएकोले नै होला त्यो पूर्ण यौनसुख अल्पायुमै भोगेर गई। कुरा सम्झिँदा सम्झिँदै लीलाराम वासना-विभोर बन्दछ।** [१३४]

यस कथनले लीलारामका दृष्टिमा नारीको गुण नै यौन सन्तुष्टि दिने सक्षमतामा निर्भर रहन्छ। पुरुषको यौन इच्छा पूरा गर्नु नै नारीको महत्त्वपूर्ण कर्तव्य ठान्ने लीलारामको

---

१३२ पूर्ववत्, पृ. ९।

१३३ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ९८।

१३४ भीम दाहाल, सन् १९९८, पूर्ववत्, पृ. ९।

मानसिकतामा पनि यौनसुख नै सर्वश्रेष्ठ सुख देखिन्छ। उपन्यासमा दुवै मृत पत्नी यौनजन्य वस्तुका अनि लीलाराम उपभोक्ताका रूपमा प्रस्तुत गरिएको छ। उसले तेस्रो पत्नी धनमायालाई पनि यौन वस्तुको रूपमा मात्र हेरेको छ। लीलारामको प्रसङ्गमा पनि लेखकीय दृष्टिकोण पुरुषवादी रहेको र नारीलाई यौन वस्तुका रूपमा चिनाउँदै समाजमा पुरुष पहिलो र नारी दोस्रो दर्जाका हुन् भन्ने रहेको प्रमाणित हुन्छ।

शान्तिकी आमालाई लीलारामले पहिला वासना विभोर भएर शारीरिक क्षुधापूर्तिको हेतुले विवाह गर्नु, विवाहपछि निस्वार्थ रूपमा प्रेम गर्नु, झड्केली छोरी शान्तिलाई पनि शिक्षित बनाएर सरकारी काम गर्न सहर पठाउनु आदिले लेखकद्वारा नारीलाई नयाँ कोणबाट हेर्ने प्रयास भएको पाइन्छ। उपन्यासमा लेखकले गरेको नारी सम्मान र लेखकीय अभीष्ट पनि यही मात्र नै हो। शान्तिलाई शिक्षित, सङ्घर्षशील नारीको रूपमा प्रस्तुत गर्नु लेखकको नारीपक्षीय विचार मान्न सकिन्छ। शान्तिभन्दा दुई पुस्ता अघिका सिक्टेरेनी र धनमाया जस्ता अशिक्षित नारीहरूमा रहेको अचेतावस्था पुरुषका कठपुतली बनेर जीवन काट्नु पर्ने वाध्यता जस्ता सङ्कटबाट मुक्तिको निम्ति कुनै निदान दिन नसके पनि यहाँ भने लेखकले शान्तिलाई शिक्षित रूपमा सिर्जना गरेर नारी जातिप्रति सहानुभूति दर्शाएका छन्।

उपन्यासमा शान्तिलाई शिक्षित बनाएर स्वनिर्भर बनाउने उद्देश्य लेखकको रहेको हुनाले लेखकले शान्तिलाई सरकारी जागिर खोज्न सहर पठाएका हुन्। तर शान्ति एक्लै आफ्नो गन्तव्यमा पुग्न असक्षम रहेको देखाएर शान्तिको सहयोग गर्ने हेतुले सक्रिय र सक्षम व्यक्ति मानिएको पुरुष राजकुमारलाई खडा गरिएको छ। यस प्रसङ्गमा नारी एक्लैमा असक्षम छ भन्ने देखाएका छन्। डेरिडाको द्विचर विरोधको समर्थनमा लेखक रहेको देखिन्छ। त्यसैले लेखकले शान्तिलाई असक्षम, निष्क्रिय ठानेको पाइन्छ। राज शान्तिलाई सहयोग गर्न अग्रसर देखिएको भए तापनि आफ्नो सहयोगको बदलीमा उसले शान्तिबाट

आफ्नो कामवासना तृप्त गर्ने उद्देश्य बोकेको छ। लेखकले शान्तिलाई शिक्षित बनाए तापनि नारी अस्तित्वप्रति सचेत गरेका छैनन्। स्वावलम्बी बन्ने उद्देश्यमा सङ्घर्षशील रहेकी शान्ति सुरुदेखि नै पुरुष यौनको सिकार बन्दै गएकी छ। राज र नेत्रप्रसादको यौनसुखको साधनका रूपमा शान्तिलाई प्रस्तुत गरिएको छ। आफूप्रति हुने पुरुष शोषणको विरोध गर्न नसक्नुमा उसको असचेतता र कमजोरी देखाइएको छ, पुरुषको इच्छाअनुसार चल्ने कठपुतलीको रूपमा मात्र शान्ति प्रस्तुत गरिएको छ।

**आजसम्म कुनै पनि लेखकले स्त्रीलाई व्यक्तिको रूपमा नहेरेर केवल एक गौण, नगण्य प्राणीको रूपमा मात्र प्रस्तुत गरे। उ माङ्सपिण्ड थी, यौनको प्रतिरूप, पुरुषको कामना-सन्तुष्टिको माध्यम।** [१३५]

सिमोन दि बुआको उपर्युक्त कथन जस्तै भीम दाहालले पनि शान्तिलगायत फूलमतिलाई पुरुषको वासना पूरा गरी दिने वस्तुको रूपमा मात्र प्रस्तुत गरेको पाइन्छ। उनले शान्तिलाई शिक्षित देखाएर आत्मनिर्भर बन्ने बाटो देखाएर सकारात्मक प्रयत्न गरेको देखिए तापनि नारी पुरुष कामवासनाको सिकार हुनबाट भने सुरक्षित गर्न नसकेको अनि नारीलाई पनि यसको प्रतिकार गर्ने शक्ति प्रदान नगरे, पैसारुपियाँको बलमा नारीलाई क्रय वस्तुको रूपमा प्रस्तुत गरिएका जस्ता प्रसङ्गले उपन्यासकारको पुरुष मानसिकतामा नारी केवल भोगविलासको साधन र वस्तु हुन् भन्ने रहेको प्रमाणित हुन्छ।

समग्रमा उपन्यासमा लेखकले तीन पुस्ताका नारीलाई अस्तित्वहीन, परिचयहीन, अशिक्षित, असचेत, भोग्यवस्तु, यौनवस्तु, दासमनोवृत्तिले ग्रसित, कमजोर, असहाय, निरीह, पशुतुल्य प्राणीका रूपमा प्रस्तुत गरेको देखिन्छ। तेस्रो पुस्ताकी शान्तिलाई शिक्षार्जन गर्न

---

१३५ रमेश सुनुवार(अनु), सन् २००३, पूर्ववत्, पृ. ९८।

लगाएर आत्मनिर्भर बनाउने प्रयास गर्दा गर्दै लेखक पुरुषसत्ताकेन्द्री बनेका छन्। शान्तिलाई यौनवस्तुका रूपमा प्रस्तुत गरेर आफ्नो अस्तित्व रक्षाको निम्ति विद्रोहसमेत गर्न नसक्ने दुर्बल एवम् निरीह प्राणीका रूपमा उभ्याइएको हुनाले लेखकीय दृष्टिकोण पूर्णतः पितृसत्तात्मक सामाजिक व्यवस्थाको पक्षमा रहेको स्पष्ट हुँदछ।

**आइमाई मान्छे** उपन्यासमा उपन्यासकार पुण्यप्रसाद प्रसाईले नलिना र दीपालाई शिक्षित, सङ्घर्षशील र नारी अस्मिताप्रति सचेत चरित्रका रूपमा प्रस्तुत गरेका छन्। "पुरुष पूर्वाग्रह, उसको श्रेष्ठत्वको भ्रमात्मक सोच र असमानताको विरुद्धमा उठाइएको आवाज हो, यो उपन्यास आइमाई मान्छे"[१३६] भन्ने लेखकीय मन्तव्यले प्रस्तुत उपन्यास लेखनको उद्देश्य प्रत्येक क्षेत्रमा नारी पुरुषमाझ समविकासको भावना सिर्जना गर्ने रहेको देखिन्छ। प्रस्तुत उपन्यासमा उपन्यासकारले नारीले बाध्य भएर भोग्नुपर्ने पुरुष शोषणका समस्याबाट मुक्तिको निम्ति नारीलाई अग्रसर गराएका छन्।

"महिलाहरूमाथि हुने दमन र शोषणको एउटा महत्त्वपूर्ण कारण पितृसत्तात्मक सामाजिक संरचना हो अर्थात् पितृसत्ता हो"[१३७] भन्ने उपन्यासकारको अडान रहेकाले उनी नारीवादी उपन्यासकारको श्रेणीमा दरिन आउँदछन्। सामाजिक व्यवस्था नारीअनुकूल नभएको उनलाई ज्ञात छ र यस्तो परिवेशमा नारीले प्रगति गर्न सक्दैनन् भन्ने उनको ठहर छ। त्यसैले नारीप्रति पुरुष दृष्टिकोण र व्यवहारमा परिवर्तनको आवश्यकता उनले बोध गरेका छन्। महिलालाई पुरुषले पारिवारिक र घरायसी कार्यको बोझमा सीमित दायरामा राखेकाले महिला पछाडिएका छन् भन्ने उदार नारीवादीहरूको भनाइ र लेखकीय दृष्टिकोणमा समानता पाइन्छ।

---

१३६ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, लेखकीय मनतब्य।

१३७ पूर्ववत्, लेखकीय मनतब्य।

उपन्यासकी पात्र नलिना खाना बनाउने काममा एक दिन पतिको सहयोग माग्दा पुरुष अहङ्कारले ग्रसित उसको पति म पात्र आक्रोषित भएर भन्छ "अब केही नपाएर म भान्साको काम गरौं।"[१३८] यहाँ पति-पत्नीको सम्बन्ध मालिक र दासीको जस्तो रहेको देखिएको छ। लैङ्गिक आधारमा नारी माथि गरिने अन्यायपूर्ण कार्य विभाजनलाई देखाउँदै, यस्ता पुरुषपक्षीय व्यवस्था र सामाजिक परम्पराको अन्त गर्ने अभियान नलिनाद्वारा सुरु गराएर लेखकले नारीलाई सचेत गर्ने जमर्को गरेका छन्।

पितृसत्तात्मक समाजमा नारी विभिन्न प्रकारले पुरुषबाट शोषित भइरहेका यथार्थ पक्षलाई उपन्यासकारले देखाउने प्रयास गरेर आफूलाई नारीप्रति सकारात्मक रहेको पुष्टि गर्ने चेष्टा गरेको देखिन्छ। नारी महत्ता र अस्मिता स्थापित गर्नका लागि उपन्यासमा नलिना, दीपा र पुतलीलाई सङ्घर्षशील नारी चरित्रका रूपमा प्रस्तुत गरेका छन्। नलिनाले "अब दश वर्ष घरको काम नगर्ने"[१३९] भनेर स्वयम्द्वारा पुनःश्रमविभाजन गरेको अनि घरेलु कार्यमा नारी पुरुषको समान उत्तरदायित्व हुनुपर्ने व्यवस्था बनाउने प्रचेष्टा गरेको प्रतीत हुन्छ। पुतलीका माध्यमद्वारा दाइजो प्रथा र यौन उत्पीडनका सिकार बनेका नारी जीवनको यथार्थ चित्रण उपन्यासकारले गरेका छन्। दाइजो प्रथाको आडमा पुरुषसत्ताले कसरी नारीमाथि अत्याचार गर्दछ भन्ने उदाहरण "तेह्र वर्षे बालिका पुतली र ५९ वर्षको वृद्ध नीलकान्तको विवाह"[१४०] दिएको छ। नारीप्रति लेखकको सहानुभूति रहे तापनि पुतलीलाई विद्रोही बनाएका छैनन्। यसरी पुतलीलाई एकजना पुरुष शोषित निमुखा नारी कै रूपमा राखेर उनले कैयौं पुस्ता अघिका नारी समस्या र नारीप्रतिको अत्याचारलाई देखाउने प्रयत्न गरेका छन्।

---

१३८ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. १३।

१३९ पूर्ववत्, पृ. ६४।

१४० पूर्ववत्, पृ. ९१।

अमेल विवाह, बाल विवाह जस्ता कुरीतिबाट नारी शोषित भएको उपन्यासमा उल्लेख गरिएको छ। दुई पुस्ताका नारीलाई उपन्यासमा प्रस्तुत गरिएको छ, जसमा अग्रज पुस्ताका नारीको प्रतिनिधित्व पुतलीले गरेकी छ। दोस्रो पुस्ताको प्रतिनिधित्व पुतलीकी छोरी दीपाले गरेकी छ। "२१ वर्षको मस्त जवानीमा उनी विधवा भइन्।"[१४१] लोग्नेको मृत्युको दोष समाजले पुतलीलाई दिएको अनि विधवा बनेकी पुतलीमाथि कामुक पुरुष समाजको गिद्दे आँखा परेपछि उसले भोग्नु परेको यातनालाई उपन्यासमा प्रस्तुत गरिएको छ। "पुरुषरूपी वासनाका विषाक्त कीटाणुले उनको सतीत्वमाथि आक्रमण गरे"[१४२] विधवा भएपछि पुतली पुरुष असुरक्षित र उत्पीडित हुनु परेको छ।

पुतली बालिका अवस्थामा वृद्धसँग विवाह गर्दा अज्ञान, असचेत थिई भने २१ वर्षको जवानीमा विधवा भएपछि सामूहिक बलात्कारले पीडित बनेकी छ।

> **तेजाब छर्केर क्रूरतम तरिकाले उनले आफ्नो जादूमय सौन्दर्यको हत्या गरीन्, क्षतविक्षत गराइन्। ...जब तेजाबले डढाएका घाउहरू निको भए तब खण्डहरूमा परिणत भएको थियो पुतलीको विपुल सौन्दर्य।** [१४३]

नारीलाई पुरुषश्रेष्ठतावादी समाजका अघि लेखकले हार्न लगाएकाले सचेत रूपमा नारीका पक्षमा वकालत गरेको देखिए तापनि अवचेतन तहमा लेखक पुरुषवादी मानसिकताबाट माथि उठ्न नसकेको स्पष्ट हुँदछ। यसरी अवचेतनमा उनी पुरुषवादी रहेको उनको लेखकीय मन्तव्यमा "पुरुषहरूसँग नारीको भन्दा बढ्ता केही पनि छैन यदि केही छ भने त्यो एउटा लिङ्ग मात्र हो"[१४४] भन्ने कुरा उपन्यासमा पनि लिङ्गकै कारण बलात्कारीहरू

---

१४१ पूर्ववत्, पृ. ९४।
१४२ पूर्ववत्, पृ. ९७।
१४३ पूर्ववत्, पृ. १००।
१४४ पूर्ववत्, पृ. लेखकीय मन्तव्य।

कुनै सजायविना समाजमा खुल्ला छाडिदिएर पुतलीलाई भने मरेतुल्य बनाइएको छ। यसरी पुरुषलिङ्गले प्राथमिकता पाउनु भनेको पितृसत्तालाई निरन्तरता दिनु हो।

अर्को पुस्ताकी नारी दीपाले पनि आमा पुतली झैं पुरुष कामवासनाको सिकार बन्नु परेकोले पुस्ता परिवर्तन हुँदा पनि नारीका समस्यामा कुनै परिवर्तन नआएको अनि पितृसत्ताको दमन यथावत् रहेको सत्यलाई उपन्यासकारले प्रकाशित गरेका छन्। आफ्नै नातेदार दाजुद्वारा दीपा वेश्यालयमा पैंतालीस हजारमा बिक्री हुनुले नारीलाई क्रयविक्रयको वस्तुसरह पुरुषवादी समाजले ठानेको छ। तर शिक्षित दीपामा आत्म सम्मान र अस्तित्व चेतना रहेका कारण आफ्नो सुरक्षा गर्ने साहस विकसित गराएर लेखकले नारीलाई पुरुषका अघि बौद्धिक तीक्ष्णता र साहसी हुनु पर्ने आग्रह गरेका छन्।

> **मैले चौकीको फोन पनि लिएँ। तब म आफ्नो झोलासहित बाहिर गएँ र कुनै अज्ञात व्यक्ति भएर प्रहरीलाई उक्त कुराको जानकारी दिएँ। ... मैले पुरा शक्ति लगाएर सुधीर दाईलाई पुनः पल्टाएँ र उहाँमाथि घोडा चढें। मलाई अचम्म लाग्छ, .....म त्यस्तो बलियो सुधीर दाइलाई त्यति मजाले पछार्न सकिरहेको थिएँ।** [१४५]

नारीप्रति कुव्यवहार गर्ने पुरुषका अघि नारी क्रान्तिकारी बनुन् भन्ने लेखकीय चाहना यहाँ प्रतिध्वनित हुन्छ। बौद्धिक सचेतता सँगसँगै शारीरिक रूपमा नारी पुरुषभन्दा कमजोर हुँदैनन् भन्ने कुरामा पनि लेखक विश्वस्त रहेका देखिन्छन्। नारीले आत्मविश्वास तथा आत्मबलद्वारा डटेर पुरुष अत्याचारको विरोध गरे अवश्य सफल हुन्छन् भन्ने कुरा स्वयम् दीपाको हिम्मत र साहसकै प्रतिफल ऊ वेश्यालयमा बेचिनबाट जोगिएकी छ। तर नारीमाथि हुने शोषणको एउटा मात्र रूप नभएर अनेक हुन्छन् भन्ने कुरासँग लेखक परिचित भएका

---

१४५ पूर्ववत्, पृ. १२९।

कारण दीपाले अन्य पुरुषबाट पनि प्रताडित हुनु परेको यथार्थको चित्रण उपन्यासमा गरिएका छन्।

प्रगतिशील विचार भएकी सङ्घर्षशील, नारी पत्रकार दीपालाई पत्रकारिता जस्तो जोखिमपूर्ण पेसामा संलग्न गराएर रातदिन कार्य गर्न प्रवीण नारीका रूपमा प्रस्तुत गरेका छन्। फलतः एकरात घर फर्कदैं गर्दा उसको बलात्कार गर्ने दाउमा रहेका सातजना पुरुषले दीपामाथि अत्यन्त नीचतासँग कुत्सित व्यवहार गर्न अगाडि बढ्छन् -"मर्ने बेलामा एकपटक खूब मोज गरेर मर, तँलाई मजा दिन हामी सात भाइ तयार छौं"[१४६] त्यसको प्रत्युत्तरमा दीपा खूबै साहस र हिम्मत लिएर आफ्नो सुरक्षा डटेर गर्दछे-

**मैले झोलाबाट फुत्त खुकुरी झिकेर सरररर घुमाएँ र जुरूक्क उठें। ....खै, तिनीहरूलाई कताकता लाग्यो कुन्नि ती तीनै जना ढले।** [१४७]

एक्ली नारीले यसरी साहस देखाउनु भनेको लेखकले पितृसत्तात्मक समाजमा नारीलाई सशक्त देखाउनु हो। वास्तवमा नारी आफ्नो अस्तित्वको रक्षा स्वयम् गर्न सक्षम छन् भन्ने लेखकीय सोचलाई उपन्यासमा दीपाको चरित्रले वहन गरेको पाइन्छ।

**मानसी** उपन्यासमा समाजका परम्परागत नारीभन्दा भिन्न चरित्र बोकेकी मानसी उपन्यासकार बलदेव मजगैयाँकी वैचारिक मुखपात्र हो। "पुरुषको आधिपत्यबाट दबिंदादबिंदा नारी शक्तिरूपबाट आज भोग्य एवम् वेश्यासम्म बन्न बाध्य बनाइएकी छ"[१४८] भन्ने लेखकीय मन्तव्यले मानसीलाई लेखकीय मुखपात्र हो भन्ने स्पष्ट पारेको छ। पुरुषप्रधान समाजले नारीप्रति गर्दै आएका दमन नीति लेखकलाई स्वाकार्य छैन भन्ने पनि उनको यस भनाइले प्रमाणित गरेको छ। यसैले पितृसत्तात्मक समाजले स्वीकार गर्न नचाहने चरित्र

---

१४६ पूर्ववत्, पृ. १५०।

१४७ पूर्ववत्, पृ. १५०।

१४८ बलदेव मजगैयाँ, सन् २००६, पूर्ववत्, पृ. लेखकीय मन्तव्य।

बोकेकी अस्वाभाविक लाग्ने नारीपात्रको प्रस्तुति गर्दै व्यक्तिगत स्वतन्त्रताको निम्ति सङ्घर्षशील हुनु नै नारीको आदर्श हुनुपर्छ जसले नारी अस्तित्वको रक्षा गर्न सकोस् भन्ने मान्यता स्थापित गर्न खोजिएको पाइन्छ।

उपन्यासमा मानसी पनि सिमोन दि बुआ जस्तै शारीरिक संरचनाको आधारमा नारी पुरुषभन्दा कमजोर हुन्छे भन्ने पूर्वग्रहग्रसित विचारधाराको खण्डन गर्दछे। नारीबारे पुरुष दृष्टिकोणको बडो विरोध गर्दै भन्छे- "असहाय र कमजोरको परिभाषा पुरुषहरूको शासकीय मानसिकताको उपज हो।"[१४९] उपन्यासकारले मानसीलाई नारी अस्तित्वमाथि आइपर्ने अनेकौं सङ्कटबाट सुरक्षित रहन सचेत गराएका छन्। उसलाई पुरुषको प्रतिकूल व्यवहारमा तर्क दिन सक्षम रहेकी नारीको रूपमा खडा गरिएको छ। प्रेमको आवेगमा आएर पुरुषको वासनात्मक सिकार बनिनु हुँदैन भन्ने कुराबाट मानसी सचेत छ। यसैले उसँग शारीरिक सम्पर्क राख्न प्रयास गर्ने प्रेमी हर्षलाई ऊ भन्छे-

> **शारीरिक सम्बन्ध क्षणिक तुष्टि हो, यो यौवनको उन्माद पनि हो, खहरे भेलजस्तो। क्षणिक भेलमा बसेर जीवनभरि पछुताएका धेरै देखेकी छु।** [१५०]

ऊ हर्षभन्दा बौद्धिक रूपमा सक्षम छ। उपन्यासकारको उद्देश्य पनि मानसीलाई हर्षभन्दा उच्च उदात्त मानसिकता रहेकी सचेत नारीको रूपमा देखाउनु रहेको छ भन्ने मानसीको यस्तो सुझाउबाट सिद्ध गर्न सकिन्छ ।

उपन्यासमा मानसीसँग सम्बन्धित दुईजना पुरुषपात्र हर्ष र विनयलाई प्रस्तुत गरिएको छ। विनय पितृसत्तात्मक सामाजिक संरचनामा हुर्किएको हुनाले अनेक षड्यन्त्र गरेर मानसीलाई आफ्नो बनाउन चाहने पुरुषको रूपमा चित्रित गरिएको छ। मानसी नारी

---

१४९ पूर्ववत्, पृ. ४।

१५० पूर्ववत्, पृ. ३४।

स्वतन्त्रता, हक, अधिकार र नारी अस्तित्वबारे सचेत हुँदा-हुँदै पनि विनयको षड्यन्त्रमा फँसेर विनयसँग विवाह गर्ने बाध्य भएकी छ। हर्षसँगको सम्बन्धमा नारी अस्मिताप्रति तर्क क्षमताको पराकाष्टमा उभिएकी उही सक्षम नारीलाई आफ्नो इच्छाविपरीत विनयसँग विवाह गराउनुमा लेखकले पितृसत्तात्मक समाजमा पुरुषको विजय हुन्छ र नारीको पराजय निश्चित छ भन्ने देखाएका छन्। जसले लेखकलाई पुरुषवादी समाजको उपज प्रमाणित गरेको छ। पतिको शारीरिक दुर्बलताबाट अनभिज्ञ मानसी मातृत्वका निम्ति विनयलाई भन्छे- "चिकित्साविज्ञानमा धेरै प्रगति भइसकेको छ। हाम्रै समयमा टेस्टट्युब बेबीको कन्सेप्ट आइरहेछ।"[१५१] वैज्ञानिक युगकी सचेत नारी मानसी जस्ता शिक्षित नारीलाई पुरुषले षड्यन्त्रको च्रकमा पारेर अँध्यारोमा राखुको कारक तत्त्व लेखकको पुरुषसत्ता मोह देखिन्छ।

नारी स्वयम् शिक्षित र क्रान्तिकारी बनेर आफ्ना समस्याको निराकरण गर्नुपर्छ, नारी अधिकारको प्राप्तिका निम्ति सबल भएर पितृसत्तात्मक सामाजिक मानसिकताका अघि चुनौति दिन सक्नुपर्छ भन्ने मुखपात्र मानसीद्वारा लेखकले आह्वान गरेका छन्। पतिको छलद्वारा आमा बन्न नसकेकी मानसीले आफ्नो पूर्वप्रमी हर्षलाई नियोग विधि अप्नाउन जोड दिएकी छ। मानसीसँगको शारीरिक सम्पर्क अवैध हुनाले हर्षले आफू बाबू बन्न असक्षम रहेको बताउँदा मानसी भन्छे –

> **तिमीहरूको योग्यता र अयोग्यताको परीक्षण गर्ने असली प्रयोगशाला हामी हौं। हर्ष! तिमीले सहयोग गरे म आमा बनेर बाँच्न सक्छु, यो मेरो नारीविश्वास हो।**[१५२]

---

१५१ पूर्ववत्, पृ. ५९।

१५२ पूर्ववत्, पृ. ७४।

उक्त भनाइले मानसीलाई आम नारीभन्दा पृथक साहसी नारीको रूपमा उभ्याएको छ। मातृत्व नारीको प्राकृतिक अधिकार हो यसलाई प्राप्त गर्नका निम्ति कुनै सामाजिक बन्धनको ख्यालै नगरी अघि बढ्ने सशक्त क्रान्तिकारी नारीलाई खडा गरिएको सन्दर्भले लेखकले नारी अधिकारको पक्षमा खुलेर वकालत गरेको देखिन्छ।

मातृत्व नारीको जन्मसिद्ध अधिकार हो, आफ्नो पतिबाट सन्तानवती बन्न नसके तापनि आफूले रुचाएको पुरुषबाट गर्भधारण गर्न सकिन्छ भन्ने क्रान्तिकारी दृष्टिकोण लेखकको रहेको छ। सन्तान जन्माउन पति नै हुनुपर्छ भन्ने छैन कुनै पनि लोग्नेमान्छेबाट सन्तान प्राप्त गर्न सकिन्छ भन्ने नारीवादी धाराणालाई लेखकले खुल्ला हृदयले समर्थन गरेको देखिन्छ।

अझ उपन्यासको अन्ततिर नारी अधिकार हनन गर्न उद्यत विनय जस्तो पुरुषलाई घरबाट निष्कासित गर्नुमा पनि नारी अधिकारका अघि अन्य कुरा तुच्छ हुन् भन्ने लेखकले सिद्ध गराएका छन्। नामकरण संस्कार गराउने हर्ष नै बाबु हो भनेर मानसीले चिनाएकी छ- "यिनै हुन् यो छोरीको बुबा!"[१५३] यसरी परपुरुषबाट जन्मिएको शिशुको वास्तविक बाबुलाई खुल्ला रूपमा चिनाउन सक्ने आँट देखाएर पुरुषवादी समाजमा नारीको निर्णयलाई विजय र नारीलाई स्वेच्छाले रुचाएको पुरुषसँगको सम्बन्धलाई अवैध ठान्ने सामाजिक मानसिकतालाई पराजित गराइएको छ।

अतः प्रस्तुत उपन्यासमा नारीप्रति लेखकीय दृष्टिकोण सकारात्मक रहेको देखिन्छ। यदाकदा पुरुषसत्ताबाट प्रभावित लेखक अन्ततः नारीवादी सिद्धान्ततर्फ झुकेको पाइन्छ। समग्रतामा उनलाई सचेत रूपमा नारीवादी लेखकका रूपमा स्थापित गरेको छ भने लेखकको अवचेतनमा पितृसत्तात्मक अवशेष रहेको पाइन्छ।

---

१५३ पूर्ववत्, पृ. ९०।

## ५.१.७ नारीलिखित नारीवादी प्रमुख नेपाली उपन्यासको अध्ययन

नेपाली उपन्यास साहित्यको विकासक्रममा देखा परेको पहिलो नारीलिखित उपन्यास अम्बालिका देवीको **राजपूत रमणी** (सन् १९३२) हो। नारीवादी अवधारणा भएका नारीलिखित प्रमुख उपन्यासहरू हुन्- पारिजातको **शिरीषको फूल** (सन् १९६५), **अनिँदो पहाडसँगै** (सन् १९८२), र **परिभाषित आँखाहरू** (सन् १९८९), प्रेमा शाहको **मम्मी** (सन् १९८३), गीता केसरीको **मुक्ति** (सन् १९९१), **विश्वास** (सन् १९९५), र **निष्कर्ष** (सन् २००३), पुष्प राईका **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७), सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९), नीलम कार्की 'निहारिका'को **तिमी म र उनी** (सन् २०००), कमला कुँवार 'सुजात' को **बन्धन** (सन् २००१), र **पराजित अस्तित्व** (सन् २००७), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००७), गौरा रिजालको **युद्धोपरान्त** (सन् २००७), पद्मावती सिहंको **समानान्तर आकाश** (सन् २००४), उर्मिला सापकोटाको **अस्मिता** (सन् २००७), जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) आदि।

## ५.७.१ नारीलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति

नारीलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थितिको विश्लेषणमा **भोलिको प्रतीक्षा, मध्यान्तर, निर्गमन, समानान्तर आकाश, नियति चक्र, पराजित अस्तित्व,** र **अन्तर्द्वन्द्व** गरेर सातवटा उपन्यासलाई आधार मानेर यी उपन्यासहरूमा वर्णित नारीको यथार्थ स्थितिको विश्लेषणात्मक अध्ययन अघिबाटै चौथो अध्याय र पाँचौ अध्यायका विभिन्न उपशीर्षकमा गरिसकिएको हुँदा यहाँ संक्षेपमा चर्चा गर्नु उचित ठहर्नेछ। औपन्यासिक समाजका विभिन्न एकाइहरूमा नारी कुन हैसियतमा बाँच्दै आएका छन् अनि उपन्यासका पुरुषपात्र तथा अन्य चरित्रहरूसँग नारीको कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको विश्लेषण गरिएको छ।

पुष्प राईको **भोलिको प्रतीक्षा** उपन्यासको औपन्यासिक परिवेशमा नारीलाई पुरुषको यौन तुष्टि दिने वस्तुको रूपमा हेर्ने र सोहीअनुरूप व्यवहार गर्ने पुरुष मानसिकताका कारण नारीको जीवन कष्टदायक बन्न पुगेको देखाइएको छ। प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र शान्ति बाल्यावस्थादेखि नै पुरुषशासित समाजबाट प्रताडित बनेकी छ। शान्तिलाई जन्म दिने आमा पुरुष कामवासनाको सिकार बनेपछि गर्भवती भएर शान्तिको जन्मपछि सामाजिक लाञ्छना सहन नसकेर आत्महत्या गर्न बाध्य भएकी छन्। विवाहपूर्व नै पुरुषको कामेच्छा पूरा गर्न बाध्य बनेकी शान्तिकी आमालाई पितृसत्तात्मक समाजले ग्रहण गर्न नसक्नु नारीको मूल्य र मान्यता नै नरहेको स्पष्ट हुँदछ। शान्तिलाई कोख लिने आमाले शान्तिलाई शिक्षा दिएर योग्य र क्षमतावान नारीका रूपमा स्थापित गर्ने प्रयास गरे तापनि शान्ति जस्ता शिक्षित नारी पनि पुरुषशासित समाजमा पुरुष यौनानन्द कै वस्तुका रूपमा गणना हुने शैलेन्द्रको उत्पीडनले प्रमाणित गर्दछ। शैलेन्द्रजस्ता काम पिपासु पुरुषको रगरगी समाजमा विद्यमान रहेको हुन्छ। घरमा आफ्नी पत्नी गर्भवती भएकै समय परस्त्री शान्तिसित प्रेमको नाटक गरेर यौनतृप्ति गरी गर्भवती बनाउनु जस्ता क्रियाले नारीलाई पुरुषले भोग्यवस्तुभन्दा पर अर्को केही ठान्दैन भन्ने देखाइएको छ। शान्तिले आफ्नो गर्भको सन्तानलाई आफू जस्तै बतासे भन्दै समाजको रत्तिभर पनि भय नराखी गर्भपतन गर्न नमान्नु अनि छोरीको कै जन्म होस् भन्ने मनोकामना राख्नुले भविष्यमा पुरुषसत्तालाई भञ्जन गर्न सामर्थ्य भएकी नारीको आगमनको सङ्केत उपन्यासकारले **भोलिको प्रतीक्षा**मा दिएकी छन्। यहाँ उपन्यासकार पुष्प राई पितृसत्तात्मक सामाजिक व्यवस्था ध्वस्त भई नारी पुरुष समान रहेको नयाँ समाज निर्माणको आशामा बसेकी छन्। उपन्यासले बोकेको **भोलिको प्रतीक्षा**ले पनि एउटा नयाँ युगको प्रतीक्षा गरेको सङ्केत गरेको छ जसमा नारी-पुरुष दुवै नै सत्ताका केन्द्र हुनेछन्।

पुष्प राईको अर्को उपन्यास **मध्यान्तर** नारीवाद सिद्धान्तबाट प्रभावित देखिन्छ। उपन्यासकी मूल पात्र पूर्णिशाले पितृसत्तात्मक सामाजिक संरचनाको तीव्र विरोध गर्दै कसरी आफ्नो पति रामबाट प्रताडित, शोषित र दमित हुनु पर्‍यो सो उल्लेख गरेका इमेल पत्रमा कथानक अघिबढेको छ। पतिको पुनर्मिलनको आग्रहसमेतलाई अस्वीकार गर्दै पूर्णिशाले एक्लै जीवन धान्ने निर्णय लिएकी छ। उपन्यासको माध्यमद्वारा पितृसत्तात्मक सामाजिक संरचनालाई ध्वस्त बनाउन एउटा मध्यान्तरको आवश्यकता बोध लेखकले गरेकी छन् र पूर्णिशाका माध्यमबाट लेखक त्यो अभीष्ट पूरा गर्न इच्छुक देखिन्छिन्।

नारीलाई पुरुषको यौनभोग मेटाउने साधन ठान्ने पितृसत्तात्मक मानसिकता भएका पुरुषहरू **भोलिको प्रतीक्षा, मध्यान्तर, पराजित अस्तित्व, समानान्तर आकाश, अन्तरद्वन्द्व, नियति चक्र** आदि उपन्यासमा पाइन्छन्। **भोलिको प्रतीक्षा** उपन्यासकी शान्ति प्राध्यापकको पदमा रहेकी शिक्षित नारी भए तापनि पितृसत्तात्मक सोच भएको शैलेन्द्रबाट प्रताडित बनेकी छ। यसरी नै उनको अर्को उपन्यास **मध्यान्तर**-मा पनि रामले आफ्नी पत्नी पूर्णिशालाई यौनभोग मेटाउने साधन मात्र ठानेको छ। **समानान्तर आकाश**-मा "म मात्र तिम्रो भोगविलासको साधन बनेर आफ्ना रातहरूलाई तिम्रो वासनामा खेर फाल्न चाहन्नँ"[१५४] भन्ने नारी चरित्र सुष्मिताको विद्रोही स्वरले उसलाई पति अविनाशले धेरै समय अघिदेखि कामवासनाको सिकार बनाइ राखेको कुरा प्रष्ट भएको छ। यी उपन्यासमा चित्रित पुरुष चरित्र कामुकतापूर्ण यौनविकार र वासनात्मक वृत्तिले ग्रसित छन्।

पितृसत्तात्मक सामाजिक संरचनामा पितृसत्तात्मक व्यवस्थाको प्रभाव पुरुषमा मात्र नभएर नारीमा पनि परेको हुन्छ। फलतः कतिपय नारीले नारीलाई कुनै न कुनै रूपमा दमन गरिरहेकै हुन्छन्। यसको ज्वलन्त उदाहरण **नियति चक्र** उपन्यासकी नारी पात्र

---

१५४ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ११।

शकुन्तला आफ्नो स्वार्थपूर्तिको निम्ति आफ्नै बहिनी समिरालाई नानी जन्माउने यन्त्र मात्र ठान्दछे। "मबाट सन्तान नहुने निश्चित छ। त्यसैले बरू मेरा श्रीमानसँग समीराको बिहे गरीदिन पाए हाम्रो वंश धान्ने सन्तान हुनेछ"[१५५] भन्ने शकुन्तला आफू बाँझी हुँदा अपुतालीको लाञ्छना लाग्ने भयले त्रसित देखिन्छे। एकातिर सन्तान जन्माउन नसकेकोमा शकुन्तला पितृसत्तात्मक समाजबाट लाञ्छित बन्नुपर्ने कुराले भयग्रस्त देखिएकी छ भने अर्कातिर आफूमा परेको मनोवैज्ञानिक पीडाबाट मुक्तिको निम्ति उसले गरेको निर्णयले आफ्नै बहिनीको शोषण हुने अनुभवसम्म गर्न असमर्थ बनेकी छ। यसरी दुवै नारीहरू प्रताडित बन्नुको कारण पितृसत्ता रहेको स्पष्ट भएको देखिन्छ।

एरिस्टोटलले नारीमा पुरुषभन्दा कतिपय गुणको कमी कमजोरी रहेको बताउँदै नारी "पुरुषको लागि भोगको एक वस्तु हो र यसका अतिरिक्त उ केही पनि होइन"[१५६] भन्ने दृष्टिकोण राखेको पाइन्छ। समाजमा नारीलाई हेर्ने दृष्टिकोण **नियति चक्र**-को रत्नमानमा यस्तै किसिमको रहेको छ।आफ्नो अतृप्त यौनभोग मेटाउनको निम्ति उसले तीन तीनजना नारीलाई पत्नी बनाएको छ।रत्नमानको कामुक चरित्रले बहूपत्नी परम्परावादी सामाजिक प्रचलनलाई बोकेको छ। पत्नीकाबारेमा उपन्यासमा गरिएका प्रसङ्गले नारीलाई केवल भोगविलासको साधन मात्र ठानिएको स्पष्ट हुन्छ-

> **उनीबाट एउटा छोरा जन्मियो बच्चा जन्माएपछि श्रीमतीलाई उनले छुँदै छोएनन्। ...छोरो पाएपछि त्यो श्रीमतीलाई पनि उनले थोत्रो भनेर घृणा गरी छुनै छाडे। भोगविलासमै दिन बिताउन थाले स्वास्नीमान्छेको सहवासविना बस्न सक्दैनथ्यो** [१५७]

---

१५५ जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. ४१।

१५६ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ३।

१५७ पूर्ववत्, पृ. ७-९।

पुरुषको दृष्टिमा नारी पुरुषको कामवासनालाई तृप्त गराउने साधन मात्र हो भन्ने रहेको स्पष्ट छ। यस्ता कामुक, यौनवासना लम्पट पुरुष मानसिकता र दुर्व्यवहारका कारण तीनजना नारीहरूको जीवन यन्त्रसरह बनेको छ।

**धर्मको नाममा नारीको अत्याचार, सतीदाह प्रथा, बाल विवाह, वैवाहिक जीवनको नाममा दासी, दोस्रो विवाह तथा सामाजिक स्तरबाट पुरुषभन्दा नारी कम हुन् भन्ने कुरीतिहरू हुन्।** [१५८]

यस्ता धार्मिक नियम पनि पुरुषकै पक्षमा रहेको पाइन्छ। पितृसत्तात्मक मानसिकताको प्रभावमा परेर पुरुषपक्षीय नियम, परम्परा र मान्यातालाई अन्धोसरह पालन गर्ने नारी शकुन्तला रहेकी देखिन्छे। नारीप्रति एरिस्टोटलले राखेको विचार जस्तै सङ्कीर्ण सोच भएकी शकुन्तला भन्छे-

**मेरो बाजे त पुरुष हुनुभयो नि! पुरुषले जतिवटा स्वास्नी राखे पनि धर्म नष्ट हुँदैन, बेइज्जत हुँदैन, हाम्रो शास्त्रमा नै लेखिएको छ। नारीलाई त्यस्तो गर्न हाम्रो हिन्दू धर्मशास्त्रले दिन्छ त?**[१५९]

आफू नारी भएर पनि स्थापित सामाजिक सोचका कारण पुरुषलाई नारीभन्दा उत्कृष्ट ठान्ने उसको स्वीकारोक्ति रहेको पाइन्छ। शकुन्तलाको नारीप्रतिको हेयदृष्टिले अर्की नारी प्रताडित बन्न परेको विवशतालाई पनि यसमा देखाइएको पाइन्छ। शकुन्तलाले शास्त्रको आधारमा पुरुषको स्वेच्छालाई स्वीकार गर्नु, पुरुषलाई नारीभन्दा उच्च देखाउनु, बहुविवाह गर्न छुट दिनु जस्ता पूर्वाग्रह वास्तवमा उसलाई पुरुषपक्षीय धार्मिक नियमले पढाएको पाठ हो र यसलाई पालन गर्नु उसको नारी अस्मिताप्रतिको असचेतताले हो भन्न सकिन्छ।

---

१५८ पवित्र रेग्मी, सन् २०००, **नारी अवधारणा**, गान्तोक, जनपक्ष प्रकाशन, पृ. ६२।

१५९ जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. ६।

प्रस्तुत उपन्यासमा लैङ्गिक आधारमा नारीको निम्ति मात्र भिन्न विधि-विधान बनाउने समाजमा समीराले आफूमाथि अन्याय भइरहेको बोध गरेकी छ। नारीले आफ्नो यौनेच्छालाई दबाएर युगौंदेखि पुरुषको यौनभोगको साधन भएको यथार्थ उपन्यासमा पाइन्छ। यौनसुख कसैको पेवा हुँदैन यो मानवीय इच्छामा निर्भर रहने प्राकृतिक अर्थात् जैविक गुण हो। त्यसैले यौनानन्द लिने स्वतन्त्रता नारीको पनि हुनुपर्छ भन्ने कुरामा सचेष्ट नारी समीराले व्यावहारिक रूपमा राजेशसँग सम्बन्ध राखेकी छ। यौन सम्पर्क पछि ऊ सोच्छे-

> **उसले जे गऱ्यो मैले पनि त्यही गरेकी हूँ। त्यस कार्यमा हामी दुईजनाको बराबर हिस्सा छ। हामीहरूले एक-अर्काको आवश्यकता पूरा गऱ्यौं, के नराम्रो गऱ्यौं र? उ पनि मान्छे म पनि त मान्छे नै हुँ।** [१६०]

यसरी कुनै पुरुषसँग यौन सम्पर्क राख्दा नारीले मात्र सङ्कुचित हुनु पर्दैन भन्ने समीराको सिद्धान्त रहेको छ। अवैध यौन सम्पर्क राख्नुमा नारी मात्र नभएर पुरुष पनि सम्मिलित भएको हुनाले नारीले मात्र समाजको लाञ्छना भोग्नु पर्ने युगको अन्त गराउने क्रान्तिकारी परिवर्तन र नयाँ वैचारिक सोचका आरम्भ गरिनु पर्ने सामाजिक परिवेशको निर्माण **नियति चक्र** उपन्यासमा गरिएको छ।

"महिलाहरूले दमनकारी र पीडक पुरुषलाई विस्थापित गर्नुपर्ने वा कुनै पनि तरिकाले आफूभन्दा टाढा पुऱ्याउनु पर्ने"[१६१] कुरामा विश्वस्त रहेकी दोर्किनको भनाइलाई **भोलिको प्रतीक्षा, मध्यान्तर, समानान्तर आकाश, पराजित अस्तित्व** उपन्यासका नारीहरूले समर्थन गरेको पाइन्छ। **भोलिको प्रतीक्षा**-की शान्ति शैलेन्द्रले आफूलाई यौन आनन्दको माध्यममात्र बनाएको थाहा पाएपछि आक्रोशित बनेकी छ। उसको विद्रोही प्रतिक्रिया सँगसँगै जीवनभरी

---

१६० जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. ६३।

१६१ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. १०४।

शैलेन्द्रलाई आफ्नो जीवनबाट टाढा राखेर स्वतन्त्र जीवन जिउन सक्षम बनेकी छ। यसरी नै **मध्यान्तर** उपन्यासमा दमकको रूपमा रहेको रामलाई पूर्णिशाले त्यागेर दमनकारी पुरुषले प्रयाश्चित गरेर सँगै बस्ने याचनालाई समेत अस्वीकार गर्न सकेकी छ। **पराजित अस्तित्व** उपन्यासमा अस्मिताले आफूलाई कठपुतली बनाउन चाहने पतिलाई त्यागेर जीवनभरि आफूदेखि टाढा राख्न सफल बनेकी छ। नारीलाई दमन गर्ने पुरुषलाई नारीले आफूबाट अलग राख्नु उचित ठान्ने कुरामा विश्वस्त रहेकी दोर्किन जस्तै **भोलिको प्रतीक्षा**-की शान्ति, **मध्यान्तर**-की पूर्णिशा, **समानान्तर आकाश**-की सुष्मिता र **पराजित अस्तित्व**-की अस्मिता आदिले पनि स्वार्थलम्पट पुरुषलाई आफूबाट टाडा राख्न यथेष्ट प्रयत्न गरेका छन् र त्यस चुनौतिपूर्ण काममा सफल पनि बनेका छन्। यसप्रकार माथि उल्लिखित नारी लिखित उपन्यासका औपन्यासिक समाजका पुरुषको सङ्कीर्ण मानसिकता र तुच्छ व्र्यवहारका कारण नारीहरू दमित बनेका छन् भने यस्ता सङ्कीर्ण सोच भएका पुरुषदेखि अलग रहेर आफ्नो पहिचानको निम्ति सङ्घर्ष गर्ने नारीलाई प्रस्तुत गरिएको छ। वास्तवमा नारी अस्तित्व र अस्मिता प्राप्तिको निम्ति सङ्घर्षशील नारी समाजका निर्माण यी उपन्यासमा गरिएको पाइन्छ।

> **पुरुषले यदि महिलालाई घरको काममा केही सहायता गर्दछ भने, उसको अहम्लाई ठेस लाग्दछ। परिणाणस्वरूप स्त्री आज दोहोरो भूमिकाले प्रताडित छ। स्त्री चाहे कुनै पनि स्थितिमा होस्, निम्न वर्गकी या उच्च कोटिकी, बाहिरी कामको अतिरिक्त उसले घरको काम गर्नै पर्छ।** [१६२]

उपर्युक्त सिमोन दि बुआको भनाइ **समानान्तर आकाश** उपन्यासको कप्तान बूढा र कृष्णमायामा सान्दर्भिक रहेको पाइन्छ। कप्तान बूढा घरको काम पुरुषले गरे पुरुषको

---

१६२ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ५५।

पौरूषत्व नरहने भ्रममा विश्वस्त पुरुषपात्रको रूपमा देखा परेको छ। पुरुष अहम्ले ग्रस्त कप्तान बूढा उसकी पत्नी कृष्णमायाले घरको काममा सहयोग माग्दा "मर्दले घरको काम गर्दैन। घरको काम गरेर स्वास्नीलाई सघाउने त जोइटिङ्ग्रे हुन् बुझिस्?"[१६३] भन्दै मर्दानगीको आड्मा पत्नी एक्लैलाई घरेलु कार्यको बोझ दिँदा आफूलाई पुरुषत्व जोगाएको अनुभव गर्ने पुरुष अहङ्कारले ग्रस्त पुरुषको रूपमा देखा परेको छ। यसरी घरेलु कार्यको उत्तरदायित्व नारीको मात्र हो भन्ने पितृसत्तात्मक सङ्कीर्ण मानसिकता भएको पुरुषको प्रतिनिधित्व कप्तान बूढाले गरेको छ। सिमोन दि बुआको विचारमा जस्तै पुरुष अहम्को कारण पुरुष घरेलु कार्यको जिम्मावारी उठाउन नचाहने हुनाले नारी दोहोरो काम गर्न बाध्य रहेको उदाहरण-"हतपत लुगा फुकाली कृष्णमायाले आगो फुकी मकै र भटमास भुट्न थालिन्। थालभरि मकैका सेता फूल र भटमास बूढालाई दिई आफू पनि खान थालिन"[१६४] भन्ने प्रसङ्गले स्पष्ट पारेको छ। पुरुष हुनाको नाताले कप्तान बूढा दिनभरी आराम गर्नु, दिँउसो कार्यालयमा काम गर्न गएकी पत्नीबाट बेलुकीको कामको आशा राख्नु र पत्नीले पनि कुनै बोझ नठानी घरेलु कामको जिम्मेवारी उठाएको प्रसङ्गले पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरूले दोहोरो कार्यको बोझ उठाउन बाध्य हुन्छन् भन्ने कुरा स्पष्ट हुँदछ। पुरुष हुनाकै कारण पुरुषले घरेलु कार्यबाट छुट पाएको र नारी हुनाकै कारणले स्वनिर्भर भए तापनि पुरुषको शोषणबाट मुक्त हुन नसकेको सामाजिक यथार्थको प्रस्तुति उपन्यासमा कप्तान बूढा र कृष्णमायाद्वारा चित्रित भएको छ। यसरी बाहिरी र घरेलु कार्य जस्ता दोहोरो कार्यभार सम्हाल्न बाध्य निम्न कोटिको कार्यालयमा साफसफाइ गर्ने कृष्णमायाले घरेलु कार्यबाट मुक्ति पाएकी छैन भने **निर्गमन**-को प्रमुख नारी पात्र तृष्णाले "भियाए जति सबै

---

१६३ पद्मावती सिंह, सन्. २००८, पूर्ववत्, पृ. ५२।

१६४ पद्मावती सिंह, सन्. २००८, पूर्ववत्, पृ. ३१।

गरेर जाँदैछु, साहै हतारसाथ कलेज पुग्छु"[१६५] भन्ने वाक्यले उच्चपदस्थ अधिकारी होस् वा निम्न पदमा कार्यरत जो कोही नारी होस् नारीहरू घरायसी कार्यबाट मुक्त हुन नसकेको अवस्थालाई प्रमाणित गरेको छ। यसरी **निर्गमन** र **समानान्तर आकाश** उपन्यासको औपन्यासिक परिवेशमा पुरुष उच्च हुन् भन्ने अहम् र पुरुषवर्चस्वले निरन्तरता पाइरहेको तर घरायसी कार्यको सन्दर्भमा नारीको स्थिति बढो सकसपूर्ण रहेको पाइन्छ।

नारीलिखित नेपाली उपन्यासका औपन्यासिक समाजमा नारी दोहोरो कार्यको उत्तरदायित्व उठाउन बाध्य रहेकाले उनीहरूको सामाजिक स्थिति विकट रहेको पाइन्छ। यसका अतिरिक्त समाजमा व्याप्त नारी समस्याहरूमा यौन शोषण, शरीरमा पुरुष नियन्त्रण आदि रहेको पाइन्छ। नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमध्ये पुरुषद्वारा यौन सिकार भएकी नारी **पराजित अस्तित्व**-की अञ्जली हो। उग्र नारीवादीले यौनिकतालाई कामुकतासम्म हेरेका छन्। क्याथरिन म्याकिननको "यौनिकता त्यस्तो शक्तिशाली कुरा हो जसको माध्यमले पौरूष हेपाईलाई विभिन्न स्वरूपमा संस्थागत गरेको छ। बलात्कार यसको एउटा उदाहरण हो"[१६६] भन्ने कुरा **पराजित अस्तित्व**-की अञ्जलीप्रति भएको बलात्कारले पुष्टि गरेको पाइन्छ। पुरुषको कामुक कृत्यका कारण कुनै अन्जान पुरुषले अञ्जलीलाई "विस्तारै भुँईमा लडायो र बलात्कार गर्न तम्सियो"[१६७] भन्ने कथनले नारी पुरुषद्वारा यौनको सिकार भएको कुरा प्रमाणित गरेको छ। अञ्जलीप्रति भएको यस बलात्कारको घटनाले पुरुषको विचारमा नारी उनीहरूको कामवासना शान्त पार्ने वस्तुका उद्देश्यले मात्र सृजिएका हुन् भन्ने ठानेको बुझिन्छ। यसरी बलात्कार गर्ने पुरुषलाई अञ्जलीले चिन्न सम्म नसक्नु र बलात्कृत भएपछि गर्भवती भएर कष्टदायक जीवन बिताएको नारीको सामाजिक स्थितिले भने

---

१६५ विन्द्या सुब्बा, सन् २००६, पूर्ववत्, पृ. २१।
१६६ सुधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ९८।
१६७ सुजात, सन् २००७, पूर्ववत्, पृ. १०९।

पुरुषको शारीरिक क्षुधा परिपूर्ति गर्ने नीच कर्मका कारण नारीले चरमपीडा र शारीरिक एवम् मानसिक यातना सहन बाध्य विसङ्गतिपूर्ण स्थितिको सिर्जना भएको पाइन्छ।

यसरी नै नारीलिखित अर्को नेपाली नारीवादी उपन्यास सीता पाण्डेको **अन्तर्द्वन्द्व** हो। प्रस्तुत उपन्यासमा अनिता र सुरिता दुई शिक्षित नारीपात्र छन्। सुरिता भाईलाई बाल्यावस्थादेखि स्याहारेर इञ्जिनियरसम्म बनाउन सफल बनेकी छ। सुरिता आफ्नो जीवनको निर्णय स्वयम् गर्ने नारीको रूपमा देखा परेकी छ। "विवाह दुई व्यक्तिहरूको बिच एक स्वतन्त्र अनुबन्ध होस् जसलाई स्वेच्छाले तोड्न सकियोस् "[१६८] भन्ने सिमोन दि बुआको भनाइ र प्रस्तुत उपन्यासकी नायिका सुरिताले आफ्नो वैवाहिक सम्बन्धलाई स्वेच्छाले पारपाचुके गरेको घटना र उसकी बहिनी अनिताको अभिव्यक्तिमा समानता रहेको निम्नलिखित प्रसङ्गले पुष्टि गरेको पाइन्छ -"आज मेरी उही दिदीले डाइभोर्स गर्नुभएछ।"[१६९] वैवाहिक सम्बन्धमा असन्तुष्ट नारीले पारपाचुके गर्ने साहस राख्नु र आपत्ति परेको अवस्थामा स्वनिर्णय गर्न सक्ने सामाजिक अवस्थितिको चित्रण प्रस्तुत उपन्यासमा पाइन्छ।

उपन्यासकी अर्की नारीपात्र अनिता पितृसत्तात्मक सामाजले नारीमाथि गर्दै आएको दमनीय नीतिप्रति सचेत छ। पितृसत्तात्मक समाजमा नारी जीवनका प्रत्येक मोडमा पुरुषले नियन्त्रण गरिराखेको हुन्छ भन्ने कुरा बुझेकी छ। "पुरुष उसको आसपास कहिले पिता, कहिले दाजुभाई त कहिले पुत्रको रूपमा रहन्छ"[१७०] भन्ने सिमोन दि बुआको भनाइ र उपन्यासमा प्रस्तुत नारी पात्र अनिताको अभिव्यक्तिमा समानता रहेको उदाहरण तलको कथनले दिँदछ-

१६८ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ३८८।
१६९ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ४९।
१७० रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ५।

**लोग्नेमान्छे चाहे त्यो बाबु होस्, चाहे दाजु होस् वा लोग्ने होस्, उ छोरी, बैनी वा स्वास्नीलाई आफूले चाहेअनुसार बनाउन चाहन्छ।** [१७१]

यस कथनले समस्त सामाजिक व्यवस्था पुरुषको पक्षमा रहेको कुरा बुझ्ने र यस्ता पुरुषपक्षीय सामाजिक नियमको खुल्ला रूपमा भण्डाफोर गर्न सक्ने नारीको स्थितिको सिर्जना उपन्यासमा गरिएको छ। पुरुषको सन्दर्भमा मात्र नारी अस्तित्वको परिभाषित हुँदै आएको परम्परागत मान्यतालाई भञ्जन गर्दै नारीको स्वतन्त्र परिचयको खोजी गर्ने सचेत नारी उपन्यासमा उभ्याइएको छ। प्राकृतिक रूपमा नारी पुरुषको दोस्रो दर्जामा रहेर जन्मिएका होइनन् भन्ने कुरामा अनिता जोड दिन्छे। त्यसैले पितृसत्तात्मक समाजमा परिभाषित नारीको परिचय पुरुषवादी समाजको षड्यन्त्र हो भन्ने ठान्दै यस्ता पुरुषपक्षीय व्यवस्थामा नारीको वास्तविक स्थितिको चित्रण यसप्रकार गरिएको छ-

**कहिले पनि हाम्रो समाजमा स्वास्नीमान्छेको अलग पहिचान छैन, आफ्नो मौलिक परिचय छैन। तिनीहरू कि त बाबुको नामले चिनिन्छन् या त लोग्नेको नामले।** [१७२]

यसरी पुरुषवर्चस्ववादी समाजमा नारीलाई पुरुषको समानान्तर नराखिएर किनारीकृत गर्दै ओझेलमा राखिएको यथार्थबाट विज्ञ नारी पात्रका रूपमा अनिताले नारीको स्वत्व, मान्यता, पहिचान र मूल्यको दाबी गरेकी छ। त्यसैले अनिता सजग सचेत नारी चरित्रको प्रतिनिधि हो। पितृसत्तात्मक सामाजिक संरचनामा नारीका अवचेतनमा थोपरिएका अनावश्यक संस्कारको सम्पूर्ण भण्डारलाई रित्याउनमा अनिता सक्रिय रूपमा अघि सरेकी छ। नेपाली

---

१७१ सीता पाण्डे, सन् १९९९, **अन्तर्द्वन्द्व**, काठमाडौं, प्रवेश प्रकाशन, पृ. ५०।

१७२ पूर्ववत्, पृ. ५०।

समाजमा व्याप्त र प्रचलनमा रहेका तीज पर्व पुरुषको पक्षमा रहेको बताउँदै यस्ता रूढिवादी संस्कारले नारीलाई दमन गरी राखेको कुरालाई ऊ यसरी प्रश्न गर्छे-

**हाम्रो समाजमा त्यस्ता कति लोग्नेमान्छे छन्, जसले स्वास्नीको लामो आयुको प्रार्थना गर्दै व्रत बसुन्? कति युवक छन् जसले विवाहपूर्व स्वाभिमानी, असल पत्नीको कामना गर्दै व्रत बसेको हुन्।** [१७३]

यसरी प्रस्तुत उपन्यासमा नारीदमनका विभिन्न धार्मिक संस्कार, रीति-रिवाज र प्रथाप्रति सचेत नारी अनिताको प्रस्तुतिले औपन्यासिक समाजमा नारीको स्थितिमा प्रगति हुन सक्ने सङ्केत रहेको पाइन्छ। औपन्यासिक परिवेशमा अनिता जस्ती नारी चरित्रको निर्माणले नारी अस्मिताका लागि नयाँ मार्ग अथवा माइलखुट्टी राख्ने काम गरेको छ। भविष्यका नारीहरूलाई नारी अस्तित्वप्रति सजग गराउने पृष्ठभूमिको निर्माण गरीदिएको छ। पुरुषपक्षीय सामाजिक नियमप्रति बिरोध गरेर रूढिमुक्त सामाजिक परिवेशको सिर्जना उपन्यासमा भएको पाइन्छ।

**अन्तर्द्वन्द्व** उपन्यासमा सुरितालाई स्वाभिमानी एवम् आत्मसम्मानमा सजग नारी चरित्रका रूपमा चिनिएको छ भने अनिता नारी अस्तित्व, पहिचानप्रति सजक नारीको चरित्रको रूपमा चिनिएको छ। सुरिता र अनिता परम्परागत पुरुषपक्षीय सामाजिक अवस्थितिभन्दा बाहिर निस्कन सङ्घर्षमा जुटेका पाइन्छन्। नारीलिखित यस काँटमा उपन्यासमा नारीसुलभ भूमिका प्रदान गरेर पुराना ढाँचाबाट नारीलाई मुक्त गराउने जुन सङ्कल्प राखिएको त्यो एउटा सकारात्मक पहल र सामाजिक परिवर्तनको पूर्वसङ्केत हो।

---

१७३ पूर्ववत्, पृ. ५६।

## ५.१.७.२ नारीलिखित उपन्यासमा नारीप्रति लेखकीय दृष्टिकोण

**भोलिको प्रतीक्षा, मध्यान्तर, पराजित अस्तित्व** र **समानान्तर आकाश** उपन्यासमा नारीप्रति पुरुषका नकारात्मक दृष्टिकोण पाइन्छन्। यी उपन्यासमा नारीको भूमिका, नारीले भोग्नुपर्ने विभिन्न समस्या, नारी दमनजन्य परिस्थितिबाट ग्रहण गरेका तिक्तता, नारीलाई सदैव पुरुषको वासना पूर्तिको साधन ठान्ने र त्यसैअनुरूप व्यवहार गर्ने पुरुषको सङ्कीर्ण मानसिकताका कारण नारी प्रताडित बनेका हुन् भन्ने सत्यको पर्दाफास गर्ने उद्देश्य लेखकमा निहित रहेको पाइन्छ। त्यसैले **भोलिको प्रतीक्षा, मध्यान्तर, पराजित अस्तित्व, समानान्तर आकाश** र **अन्तर्द्वन्द्व** आदि उपन्यासमा पुरुषले नारीलाई उनीहरूको यौनभोग मेटाउने साधन मात्र ठानेका छन्। **भोलिको प्रतीक्षा**-मा शैलेन्द्रले आफ्नो पत्नी गर्भवती भएपछि छल गरेर शान्तिलाई प्रेम गरेको षड्यन्त्र गरेर गर्भवती बनाएको उदाहरण "शैलेन्द्र-जसको प्रेमलाई निर्मल ठानी अनभिज्ञतामा नै अक्षुण्ण यौवन समर्पण गरें-जसलाई मैले जीवनाधार ठानें-उसैबाट दुइ नारीको निर्दोष जीवन नष्ट भइरहेछ"[१७४] भन्ने शान्तिको अभिव्यक्तिले दिएको छ। यसरी नै **मध्यान्तर**-मा रामले पूर्णिशालाई यौन साथीको रूपमा हेरेको छ। **समानान्तर आकाश**-मा अविनाशले पत्नी सुष्मितालाई "यू आर जस्ट माई बेड पार्टनर नथिङ एल्स"[१७५] ले स्पष्ट पारेको छ भने पराजित अस्तित्वमा अञ्जलीलाई अन्जान व्यक्तिले बलात्कार गरेको प्रसङ्गले अनि **अन्तरद्वन्द्व**-मा "यार! बिहा गर्नु भनेको त खुलेआम प्रस्टिट्युसनमा जानुजस्तै लाग्यो मलाई"[१७६] भन्ने रवीन्द्रको भनाइले पनि नारीलाई पुरुषको कामतृष्णालाई मेटाउने वस्तुको रूपमा मात्र नारीलाई हेरिएको बुझिन्छ। यसरी यी उपन्यासका पुरुषहरूको यस्तो

---

१७४ पुष्प राई, सन् २०१०(दो.सं.), **भोलिको प्रतीक्षा**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ. ४४।

१७५ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. १२।

१७६ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ५९।

दुश्चरित्र, कामलोलुप प्रवृत्तिलाई देखाएर समाजमा पुरुषको नारीप्रतिको वास्तविक दृष्टिकोण र उनीहरूको व्यवहारलाई उदाङ्गो पार्नु लेखकको उद्देश्य रहेको देखिन्छ।

नारीमाथि पुरुषका दुर्व्यवहारलाई चुनौति दिनका निम्ति यी उपन्यासमा नारी सङ्घर्षशील बनेर स्वनिर्भर हुनपर्छ भन्ने लेखकीय आशय व्यक्त भएको पाइन्छ। त्यसर्थ नारी अस्मिताको निम्ति उपन्यासका नारीहरूलाई सङ्घर्षशील रूपमा खडा गरेका छन्। **भोलिको प्रतीक्षा**-की शान्तिले अविवाहित अवस्थामा नै गर्भमा रहेको भ्रूणलाई एक्लै जन्म दिनको निम्ति सङ्घर्षमा जुटेकी छ। शान्ति जस्तै मातृत्व अधिकारको निर्णय स्वयम् गर्ने अर्की नारी **समानान्तर आकाश**-की स्वेच्छा हो। यसरी नै प्रस्तुत उपन्यासमा पतिद्वारा सन्तान हुन नसक्दा स्वेच्छाले कृत्रिम गर्भाधान गर्छु भन्दा त्यसको विरोध गर्ने पतिको इच्छाविपरीत "म कृत्रिम गर्भाधान गर्छु"[१७७] भन्दै निर्भीक भएर निर्णय लिनु भनेको नारीले पारम्परिक नियमलाई तोडेर आफ्नो अधिकार प्राप्तिको निम्ति स्वयम् अगाडि बढ्नुपर्छ भन्ने सन्देश दिन चाहेको देखिन्छ।

**पराजित अस्तित्व**-की अञ्जली नारी अस्तित्व र स्वाभिमानलाई पुरुषसमान बनाउने लक्ष्य राख्दै पारम्पारिक नारीभन्दा भिन्न आर्दशको सन्दर्भमा यसो भन्छे-

> **आजका शिक्षित, चेतनशील नारीहरूले पहिला विवाहलाई होइन आफ्नो शिक्षा र क्यारियरलाई पहिलो प्राथमिकता दिनुपर्छ।** [१७८]

नारीले आफूलाई घरेलु कार्यमा मात्र सीमित नभएर समाजमा पुरुषसमान आफ्नो अस्तित्व स्थापित गर्नका लागि समाजका एउटा अंश बनेर अघि बढ्नका निम्ति नारीले नोकरीलाई जीवनको विभिन्न योजनाको एउटा अंश नै बनाउनु पर्छ[१७९] भन्ने बेट्टी फ्राइडनको

---

१७७ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. १५०।

१७८ सुजात, सन् २००७, पराजित अस्तित्व, पृ. १३।

१७९ बेट्टी फ्राइडन, सन् १०६३, **दि फेमिनीन् मिस्टिक**, न्यू योर्क, डब्लू डब्लू नस्टन एन्ड कम्. पृ. ३४५।

विचार जस्तै "नारीहरू केवल घरगृहस्थीमा मात्र सीमित नरही पुरुषसरह बाहिरी दुनियाँमा पनि आफ्नो अलग नाम, परिचय र अस्तित्व बनाउनु पर्छ"[१८०] भन्ने अञ्जलीको पनि विचार रहेको पाइन्छ। यसरी शिक्षित र सचेत नारीलाई पुरुषसमान नारी पहिचान स्थापित गर्ने सक्षमता कायम गर्नु नै विश्वस्तरमा नारी स्वतन्त्रताको निम्ति लेखकले सचेतता जगाएको हो।

**तपाई पनि तिनै पुरुषहरूमध्ये एक हुनुहन्छ, जो पत्नीलाई केवल घर गृहस्थी थाम्ने, बाल-बच्चा जन्माउने मेसिन र उसको अस्तित्व भनेकै एक मात्र पतिको अनि पतिनै पत्नीको गति हो भन्ने सोच पाल्ने गर्दछन्।** [१८१]

नारीलाई यौनवस्तु मात्र ठान्ने पुरुषको विरुद्धमा अस्मिताले आफ्नो पतिलाई उपर्युक्त कथन भन्ने साहस देखाउनु पुरुषको सङ्कीर्ण मानसिकताको विरोध गर्न लेकखले लगाएकी हुन्। विवाहपछि पतिबाहेक नारीले अन्य पुरुषसँग मित्रतासम्म राख्नमा बाधादिने पति भएका समाजमा विवाहिता अस्मिताको जीवन सङ्घर्षमय बनेको छ। यस्ता सामाजिक परिस्थितिमा बाँचेकी अस्मिताले नारी स्वाभिमान र अस्मिताको निम्ति धेरै पीडा भोग्नु परेको स्थिति छ। यति भएर पनि नारी अस्मिता रक्षाको निम्ति "जसले मेरो मातृत्व, मेरो कोख, मेरो चरित्र हुँदै मेरो आत्मसम्मानको धज्जी उडाएको छ त्यसतो व्यक्तिसित एउटै छानामुनि आफ्नो स्वाभिमान र अभिमानको शिर झुकाएर एकपल पनि बस्नु छैन अब मलाई"[१८२] भन्दै सङ्घर्षशील नारी व्यक्तित्वलाई उदाहरणीय रूपमा खडा गरेकी छन्।

---

१८० सुजात, सन् २००७, पूर्ववत्, पृ. १३।
१८१ पूर्ववत्, पृ. ७९।
१८२ पूर्ववत्, पृ. ८०।

"उ पुरुषद्वारा आरोपित निष्क्रियताको विरोध कर्मठतासँग गर्दछ, काम गर्न सक्दछ र ठुलोभन्दा ठुलो निर्णय लिन सक्दछ"[१८३] भन्ने बुआको भनाइ जस्तै पतिले कमजोर ठानेर कुटपीट गर्ने **समानान्तर आकाश**-की कृष्णमायाले "अब म डराउँदिनँ। दुई पैसा कमाउन सके आफैं गरीखान सक्छु"[१८४] भन्न सक्नु पनि नारीमा देखाइएको निष्क्रियता पुरुषवादी समाजको षड्यन्त्र हो भन्ने उपन्यासकारले देखाएकी छन् । यसरी कृष्णमायालाई सक्रिय बनाएर पतिको शोषणबाट मुक्त बन्नका निम्ति स्वनिर्णय गर्न सक्ने बनाउनु लेखकको नारी पक्षीय दृष्टिकोण हो। त्यसर्थ उपन्यासकार पद्मावती सिंह नारीवादी सिमोन दि बुआ जस्तै नारी सबलतालाई साहस दिने उपन्यासकारको रूपमा देखा परेकी छन्।

सीता पाण्डेको **अन्तर्द्वन्द्व** उपन्यासमा नारी चरित्र सुरिता र अनितालाई शिक्षित, सचेत चरित्रका रूपमा प्रस्तुत गरिएको छ। समाजमा प्रचलित नारी उत्पीडक धार्मिक संस्कार, कानुन व्यवस्था र नारीलाई दमन गर्ने सामाजिक दृष्टिकोणले उपन्यासकी नारी पात्र अनितामा विद्रोही भाव जागाइएको छ। नारीका तत्कालीन जीवनअवस्थाप्रति ऊ असन्तुष्ट देखिन्छे अनि यसरी आफूलाई असहनीय भएको नारीसम्बन्धी पारिवारिक, सामाजिक र कानुनी आचरणको विरोधका लागि नै उनले अनिता र सुरिता नामक नारी चरित्रका केन्द्रियतामा प्रस्तुत उपन्यासको रचना गरिएको हो भन्ने अनुभूति हुन्छ।

"पुरुषले आफ्नो ईश्वर र आफ्ना बच्चाहरूलाई पत्नीको अधिकारमा कहिल्यै सुम्पदैन सत्य यो हो कि पितृसत्तात्मक ताकतबाट पुरुषले महिलाको प्रत्येक अधिकार खोसेको छ"[१८५] नारीलाई आफ्नो अधिकारबाट वञ्चित गराउने व्यवस्थाको विरोधमा **अन्तर्द्वन्द्व** उपन्यासमा समाजमा नारीको मूल्य स्थापित गर्ने हेतुले अनितालाई पितृसत्तात्मक सामाजिक व्यवस्थाको

---

१८३ रमेश सुनुवार, २००३, पूर्ववत्, पृ. ३८३।

१८४ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. २८।

१८५ रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ४१।

विरुद्ध आवाज उठाउन लगाइएको छ। समाजका प्रत्येक कानुनी व्यवस्थामा पुरुषले प्राथमिकता पाएको कुराबारे सचेत अनिता भन्छे-

> **अझै पनि सरकारी कार्यालयहरूमा भेदभावका पर्याप्त नमूनाहरू पाइन्छन्। जिल्ला प्रशासन कार्यलयमा नागरिकता लिने फारामदेखि लिएर पासपोर्ट बनाउने र अन्य थुप्रै ठाउँमा कि त बाबुको नाम लेखिनुपर्छ कि लोग्नेको नाम।** [१८६]

यसप्रकार एक्काइसौं शताब्दीसम्म आइपुग्दा नारीले र सन्तानले कुनै दफ्तरी काम गर्न परे बाबुको नाम अत्यावश्यक हुने पुरुषपक्षीय नियमलाई अनिताद्वारा खुलस्त पारिएको छ। सन्तानलाई आफ्नो गर्भमा लिएका विभिन्न अनुभूति गर्भवती नारीले मात्र अनुभव गर्न सकेकी हुन्छे। नानीको जन्मपछि त्यस नानीको आमा उही हो कि होइन भन्ने कुरामा कुनै सन्देह गर्ने ठाउँ हुँदैन तर जन्मपछि भने सम्पूर्ण अधिकार बाबुमा जाने परम्पराप्रति अनिताको विद्रोही स्वर यस्तो छ –

> **त्यहाँ किन आमाको नाम उल्लेख गर्न आवश्यक ठानिँदैन? जबकि कुनै पनि सन्तान आफ्नै आमाको हो भन्ने कुरा जगजाहेर हुन्छ र छ पनि। ...त्यहाँ कसैले शङ्का गर्नुपर्ने, अनुमान गर्नुपर्ने जस्तो प्रश्नै आउँदैन। जबकि बाबु हुँ भन्ने दाबी गर्ने व्यक्तिसित एउटा विश्वासको झिनो सहारामात्र हुन्छ।**[१८७]

यसरी पुरुष सत्तामा रहेका हुनाले पुरुषले नै प्राथमिकता पाइरहेको समाजमा नारी स्वयम् र सन्तानका निम्ति स्वअस्तित्व निर्माण गर्ने पहल अनिताको रहेको छ। यसरी अनितालाई नारीको स्वपहिचान र अधिकारको सङ्घर्षमा निकाल्नु लेखकको नारीपक्षीय सोच हो। समाजमा नारीको मूल्य स्थापित गर्न अनितालाई पुरुषपक्षीय नियम-व्यवस्थाको भण्डाफोर गर्न लगाएको हुन् भन्नमा कुनै सन्देह हुँदैन। उनले नारी उद्धार र मुक्तिको

---

१८६ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ५०।

१८७ पूर्ववत्, पृ. ५१।

निम्ति कुनै पुरुषको सहयोग खोज्ने नारीलाई मात्र खडा नगरेर नारी स्वयम् एक्लो सङ्घर्षमा उतार्नु पनि लेखकको नारीप्रति सकारात्मक विचार हो। नारी अस्तित्वप्रति सचेत र नारीप्रति भइरहेको अन्यायको विरुद्ध खडा भए नारीको जीवन स्थितिमा परिवर्तन ल्याउन सकिन्छ भन्ने लेखकीय मनसायलाई अनिताको चरित्रले चरितार्थ गरेको छ ।

> **आमाको तर्फबाट मात्रै वंशक्रम निर्धारित हुनसक्दछ र त्यसै कारणले नारी वंशानुक्रमले मात्र मान्यता पाएको हुन्छ।** [१८८]

बर्बर युगमा सामूहिक विवाहको प्रचलनमा नारीको वंशमाथिको अधिकार पितृसत्ताको उदयपछि खोसिएको फेडरिक एन्गेल्सले भनाइले स्पष्ट भएको छ। नारीको वंशमाथिको अधिकारलाई प्रस्तुत उपन्यासमा लेखकले पुन:प्राप्तिको निम्ति अनिताद्वारा आवाज उठाएकी छन्। पुरुषवादी समाजका प्रत्येक नियम नारी स्वतन्त्रताको विरोधमा छ, त्यसैले नारी अधिकारबाट सचेत लेखक यस्ता अन्यायपूर्ण सामाजिक व्यस्थाबाट असन्तुष्ट देखिन्छन्। यस्ता असन्तुष्टिको परिणामस्वरूप नारी हक खोजीको निम्ति अनितालाई खडा गरेकी छन्। युगौंदेखि नारी अस्मितामाथिको आघात सहदैं आएका नारीभन्दा विपरीत प्रवृत्तिकी अनिता विवाहपछि नारीको थरसम्म पुरुषवादी नीति नियमले खोसेको कुराको विरोध गर्छे। विवाहपछि नारी लोग्नेको थरबाट चिनिने होइन अझ आफ्नो छोरा छोरीको थरसम्म आमाको थरअनुसार राखिनुपर्छ भन्दै उसले पुरुषपक्षीय व्यवस्थालाई चुनौति यसरी दिएकी छ-

> **यहाँ हाम्रो समाजमा अक्सर विवाहपछि आफ्नो थर स्वास्नीमान्छेले गुमाउँछ। उसले जन्माएका सन्तानहरूको अधिकार र थर पनि लोग्नेकै हुन्छ। ....स्वास्नीमान्छेले आफ्नो मौलिक परिचय दिनका लागि आफ्नो थर लोग्नेको**

---

१८८ राजेन्द्र मास्के (अनु.), सन् १९९९ (दो.सं.), **परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति**, काठमाडौं, प्रगति प्रकाशन, पृ.५१ ।

> **थरमा अनुवाद गर्ने होइन कि आफूले जन्माएको सन्तानको थर पनि आफ्नै राख्नुपर्छ। किनकि त्यो सन्तान उसको बाबुकै हुनुपर्छ भन्ने एउटा विश्वास र अनुमान मात्र हो। तर आमाको हो भन्नलाई कतैबाट, कसैबाट प्रमाणित गरीरहनु पर्दैन।**[१८९]

सन्तानप्रति नारीको हकको आवाजलाई उग्र रूपमा निकाल्ने अनितालाई उपन्यासमा खडा गर्नु वास्तवमा नारीप्रति लेखकको सकारात्मक सोच हो। "जुन धर्मको अन्वेषण पुरुषले गऱ्यो, त्यो उसको आधिपत्यको इच्छाको अनुचिन्तन हो"[१९०] यस्ता पुरुषपक्षीय हिन्दू धर्मका धार्मिक संस्कार र परम्पराले नारीलाई मानवको स्थानमा राख्न सकेको छैन भन्दै यस्ता धार्मिक संस्कारमा रहेका कन्यादान प्रथाको खण्डन गर्दै खुल्ला चुनौति दिएको उदाहरण यस्तो छ-

> **छोरी कुनै वस्तु होइन। निर्जीव चिज पनि होइन, पशु पनि होइन, एउटा मान्छे हो। उसका आमा-बाबुलाई त्यो दान दिने हक कहाँबाट प्राप्त भयो? के मान्छे अझै मान्छेको दासत्वबाट मुक्त हुन सकेको छैन?।**[१९१]

यसरी वस्तु समान मानेर नारीलाई पुरुषको घरमा दानदिने प्रथाले नारीलाई मानव अधिकारबाट वञ्चित गरेकोमा पुरुषपक्षीय धार्मिक परम्पराप्रति प्रश्न गर्ने साहसी नारीलाई लेखकले खडा गर्नु लेखक स्वयम् नारीप्रति भइरहेको यस्ता असमान व्यवहारप्रति रुष्ट हुनु हो।

उपन्यासमा नारीको यौनिकताको खुल्ला चर्चा गर्नु लेखकको नारीप्रतिको भिन्न दृष्टिकोण रहेको पाइन्छ। नारीको यौनिकतालाई पुरुषको कामुकताको सन्दर्भमा परिभाषित गर्ने दृष्टिकोणको भञ्जन गर्दै नारीमा प्राकृतिक रूपमा यौनेच्छा हुन्छ भन्ने देखाएकी छन्।

---

१८९ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ५२।

१९० रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. ७।

१९१ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ५२।

यो भन्नु गलत हो कि कुमारी कन्यामा यौन भावना हुँदै हुँदैन र पुरुषले नै उसमा यौन-इच्छा जागृत गर्नु पर्दछ। ...सत्य त यो हो कि पुरुषमा मात्र होइन, बरू स्त्रीमा पनि विपरीत लिङ्गको सम्पर्कमा आउने इच्छा हुन्छ। अधिकांश युवतीहरू पुरुषको सम्पर्कमा आउनुभन्दा पहिले नै अति बेचैनीका साथ चुम्वन र प्रेमको लालसा गरीरहन्छन्। [१९२]

सिमोन दि बुआको उक्त भनाइलाई उपन्यासकी नारी पात्र सुरिताको क्रियाकलापले प्रमाणित गरेको पाइन्छ। कमली नामक बिरालोसँग सुरिताको क्रियाकलापबारे उसैकी बहिनी अनिता भन्छे-

दिदी घण्टौंसम्म कमलीसँग खेल्नुहुन्थ्यो, चल्नुहुन्थ्यो, जिस्किन सक्नुहुन्थ्यो। कमली दिदीसँगै खान्थी, लुटुपटिन्थी, अनि बिस्तारै डयाउँ-डयाउँ गर्दै कराउँथी पनि। त्यस्तो बेला दिदी अक्सर कमलीको टाउको थपथपाइ रहनुहुन्थ्यो। त्यसो गर्दा त्यसका कानहरू कहिले ठाडा हुन्थे त कहिले खुम्चेर लुत्रुक्क पर्थे। दिदी रमाइलो मानी यो सब गरीरहनु हुन्थ्यो र हेरिरहनु हुन्थ्यो। कहिलेकाहीं उहाँ यसैमा लामो समय पनि बिताइदिनु हुन्थ्यो। कहिले त्यसलाई उचालेर आफ्नो गालामा टाँस्नुहुन्थ्यो। [१९३]

यहाँ नारीको यौनेच्छा प्रकट गर्ने हावभाव र यौन भावना देखाउने साहस गर्नु भनेको पुरुषको सन्दर्भमा नारीको यौनिकतालाई परिभाषित गर्ने पुरुषका नारीप्रतिको दमनीय दृष्टिकोणलाई चुनौति दिनु हो।

---

१९२ रमेश सुनुवार (अनु.), सन् २००३, पूर्ववत्, पृ. १५८।

१९३ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ४२।

प्रस्तुत उपन्यासमा लेखकको एउटा अर्को भिन्न विशेषता यौनिकता, कामुकता अथवा कामवासनाको खुल्ला चर्चा रहेको छ। मिसेल फुकोले विभिन्न शक्तिले सेक्सलाई दमन गरेको कुरा उठाउँदै कामुकताको विभिन्न रूप देखाएका छन्।

कसैले पशुबाट, कसैले आफू स्वयम्बाट, कतिले अन्य मानिसहरूका क्रियाकलापलाई हेरेर, अन्य मानिसहरूलाई आकर्षण गरेर अनि शरीरका विभिन्न अङ्गबारे चर्चा गरेर मानिसले यौन आनन्द लिने कुरा फुकोले बताएका छन्। [१९४] फुकोको विचारलाई उल्लेख गर्दै मानिसमा निहित यौनेच्छाको चर्चा गरेका छन्। फुकोको भनाइलाई आधार गरेर हेर्दा प्रस्तुत उपन्यासमा "अनिताले देख्छे, उ उसको लोग्नेको लुंगी कसरी मज्जा मानी-मानी मिचिरहेकी छ। मानौं त्यो लुंगीले स्पर्श हुन सक्ने अंगहरू उ छामिरहेकी छ, सुम्सुम्याइरहेकी छ"[१९५] भन्ने कथनमा अनिताले अर्की स्वास्नीमान्छेको क्रियाकलापलाई हेरेर यौनानन्द लिइरहेकी छ। शक्तिको रूपमा रहेको पुरुषवादी सामाजिक संस्कारको कारण खुलेर यौनान्द भोग गर्नु नसक्नुमा अनितामा रहेको हीनता बोध हो भन्न सकिन्छ। जो उसमा रहेको दमित इच्छा हो। यो दमित अवस्थामा अनितामा रहेको यौन इच्छा हो भन्न सकिन्छ। यौनका विषयलाई चर्चामा ल्याएर दमित यौनेच्छाबाट मुक्त हुन पर्छ भन्ने फुकोको विचारलाई लेखकले सफल बनाएको देखिन्छ। नारीमा हुने कामवासनालाई खुल्ला रूपमा चर्चामा ल्याउनु भनेको लेखकले नारीमा यौनेच्छा हुन्छ बन्न कुरा प्रमाणित गर्न खोज्नु हो। यहाँ लेखकले मनोवैज्ञानिक सूक्ष्मातिसूक्ष्म वर्णन गररे नारीमा रहने यौनेच्छा आदिको उल्लेख गरेका छन्। अर्कोतिर लेखकले नारीको स्वतन्त्रता, स्वनिर्भरता तथा समग्रतामा सम्पूर्ण उत्तरदायित्व वहन गर्न सक्ने क्षमता रहेको कुरालाई पनि उपन्यासमा चित्रण गरेर नारी शिक्षित, स्वनिर्भर भएर

---

१९४ रोबट हर्ले (अनु.), सन् १९९८, **दि विल टू नल्इज्दि हिस्ट्री अफ् सेक्सूअलिटी**, लन्डन, पेन्गुइन बुक, पृ.४३।

१९५ सीता पाण्डे, सन् १९९९, पूर्ववत्, पृ. ६९।

सम्पूर्ण उत्तरदायित्व उठाउन सफल भएको विषयलाई **अन्तर्द्वन्द्व** उपन्यासमा भित्र्याएर लेखकले नारीको सशक्तताको वकालत गरेकी छन्। यसप्रकार नारीप्रति दमन गर्ने पुरुषपक्षीय धार्मिक संस्कार, नियम कानुनको विरोध गर्ने नारीपात्रलाई खडा गर्नु भनेको नारी अधिकारको खोजीमा लेखक स्वयम् सक्रिय रहेको देखिएको छ। यसका अतिरिक्त नारी विधवा भएपछि र पारपाचुके गरेपछि उसमा यौनेच्छा जागृत हुँदैन भन्ने कुरा गलत हो भन्ने कुराको प्रमाण दिन सुरिताको बिरालोसँगको क्रियाकलाप र अनिताको अर्की स्वास्नीमान्छेले पुरुषको लुगा धुँदा उसमा आएको यौनविकारले स्पष्ट पारेको छ। यसबाट उनले सामाजिक नियमले नारीको यौनेच्छालाई दबाएर राखेको छ भन्ने कुरा देखाउन चाहेको बुझिन्छ। समग्रमा पितृसत्तात्मक समाजमा नारी प्रताडित छ, यस्ता प्रताडनाका विभिन्न पक्षहरूलाई खुलस्त पार्दै, यसको अन्तको निम्ति नारीपात्रको प्रस्तुति, सहभागिता, भूमिका र सरोकार सबल रूपमा गर्नु नै लेखकको नारीप्रति सकारात्मक दृष्टिकोण रहेको देखिन्छ।

**नियति चक्र** उपन्यासमा लेखकले नारीपात्रलाई व्यक्तिगत स्वतन्त्रतामाथि आवाज उठाउन लगाएकी छन्। उपन्यासकी नायिका समीरा पुरुषपात्र रमणसँग विवाह गर्न आज्ञा नदिने आमा र बाबुलाई "मैले उसँगै विवाह गर्ने निर्णय गरीसकें"[१९६] भन्दै विवाहको निर्णय व्यक्तिगत रूपमा लिन्छे र स्वनिर्णयलाई सर्वोपरी ठान्छे। परम्परागत रूपमा छोरीको विवाह गर्दा आमा बाबुले वर रोज्ने परम्परालाई उसले भञ्जन गरेकी छ। ऊ प्रत्येक व्यक्तिको स्वनिर्णय गर्ने अधिकार हुनुपर्छ भन्ने कुरामा विश्वस्त छ। त्यसैले आफ्नो विवाह आफूले चाहेको पुरुषसँग गर्ने निर्णय समेत लिई सकेको कुरा कुनै सङ्कोचविना आमालाई भनेकीले पुरुषप्रधान समाजले लगाएको व्यक्तिगत स्वतन्त्रताप्रतिको बाधालाई तोड्ने निर्णय लिएकी छ। अझ ऊ आफ्नो जीवनमा कसैको हस्तक्षेप नहोस् भन्दै आफ्नो जीवन सफल बनाउन

---

१९६ जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. १४।

आफै पर्याप्त रहेको घोषणा यसरी गर्छे- "आफ्नो अस्तित्व आफै राख्न चाहन्छु।"[१९७] यसरी आफ्नो इच्छानुसार कुनै पनि निर्णय लिनु नै व्यक्तिगत स्वतन्त्रता खोज्नु हो। नारीलाई आफ्नो व्यक्तिगत स्वतन्त्रताको निम्ति आवाज उठाउन लगाउनु लेखकले नारीमुक्तिको निम्ति गरेको सङ्घर्ष हो।

प्रस्तुत उपन्यासमा समीराकी हजुरआमाले बाँचेको सामाजिक परिवेशदेखि नै स्थापित पितृसत्तात्मक समाजले निर्धारण गरेको नियमको मारक व्यवहारबाट ग्रसित बन्दै बाँचेको पाइन्छ। पितृसत्तात्मक नियम व्यवस्था र पुरुषपक्षीय धार्मिक नियमका कारण नारी दमनमा नारी स्वयम् पनि सङ्लग्न भएको उदाहरण उपन्यासकी गौण नारी पात्र शकुन्तला र सरलाले गरेका छन्। यस्ता सामाजिक संरचनाको कारण समीराको जीवन कष्टदायक बनेको छ। आफ्नै परिवारबाट उसको दमन सुरु भएको छ। केवल नारी हुनुको कारण उसले भोग्नु परेको समस्यालाई अन्तमा समीरा यसरी प्रश्न गर्छे -

> **म यस्तो अवस्थामा पुग्नुको कारण के हो?मलाई यस्तो अवस्थामा कसले पुऱ्यायो? यस्तो हुनुमा खालि नारीको नाताले म मात्र दोषी हो त? मलाई यस्तो अवस्था बनाउने पुरुषहरू दोषी होइनन्? कि म नारी भएको कारणले दोषको भागीदार म मात्र? समाजमा म मात्र अपहेलित हुनुपर्छ त?**[१९८]

यसरी यौनको आधारमा नारीलाई हेय दृष्टिले हेर्ने अनि कुनै कसुरविना विभिन्न लाञ्छना लगाएर जीवन कठिन बनाइ दिने मानिसहरूप्रति उत्तर मागेकी छ। पितृसत्तात्मक सामाजिक संरचनाले यस्ता मानिसका मानसिकताको विकास गरेको हुनाले समीराको आक्रोशपूर्ण प्रश्न पितृसत्तामाथि गरिएको प्रहार हो भन्न सकिन्छ। एकपछि अर्को यातना भोगेकी नारीलाई अन्तसम्म पुरुष अत्याचारको विरुद्ध खडा गरेर क्रान्तिकारी आवाज उठाउन

---

१९७ जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. ८४।

१९८ पूर्ववत्, पृ. ११७।

लगाउनु यौन दमनको विरुद्ध नारी स्वयम् खडा हुनुपर्छ भन्ने लेखकीय दृष्टिकोण पूर्णत: नारीपक्षीय रहेको छ। यसरी पितृसत्तात्मक समाजले नारीलाई पाइलै पिच्छे विविध मोडमा प्रताडित बनाउने चेष्टा गरे तापनि नारीले हरेस नखाएर यसबाट मुक्तिको निम्ति सङ्घर्षरत् हुनुपर्छ भन्ने लेखकको आशय रहेको देखिन्छ। लेखक नारी स्वतन्त्रताप्रति सचेत भएकी हुनाले पुरुषवादी समाजलाई नारी हकको निम्ति खुल्ला विरोध गरेकी छन्। पुरुष नियन्त्रणबाट मुक्त हुनका निम्ति नारीलाई उत्प्रेरित गर्ने लेखकीय मन्तव्यले समाजमा नारीप्रति भइरहेका शोषणदेखि लेखक असन्तुष्ट रहेको प्रस्ट भएको छ।

> **आफ्नो स्वअस्तित्वको लागि उसले जीवनभर नै सङ्घर्ष गरीरहनुपर्छ। पुरुषको शोषणबाट शोषित हुन पुगेका नारी समाजको दृष्टिमा दोषीको भागीदार हुन बाध्य हुन्छन्। अपराध गर्ने पुरुष अपराधी ठहरिने नारी, यो विडम्बना आजको समाजमा छर्लङ्ग छँदैछ।**[१९९]

पुष्प राईको **भोलिको प्रतीक्षा**, **मध्यान्तर**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, पद्मावती सिंहको **समानान्तर आकाश**, सुजातको **पराजित अस्तित्व**, विन्ध्या सुब्बाको **निर्गमन** र सीता पाण्डेको **अन्तर्द्वन्द्व** उपन्यासलाई नारीवादी अवधारणाका आधारमा अध्ययन गर्दा सम्पूर्ण उपन्यासमा नारीप्रति पुरुष समाजको धेरै नकारात्मक एवम् थोरै सकारात्मक दृष्टिकोण रहेको पाइन्छ। नारीले पुरुषवादी समाजमा विभिन्न यातना भोग्नु परेको भए तापनि उपन्यासका नारी स्वअस्तित्व, स्वतन्त्रता र आत्मनिर्भरताको निम्ति सङ्घर्षमा निस्केका छन्। सम्पूर्ण उपन्यासका नारी पितृसत्तात्मक व्यवस्थाको अन्त गर्न जुटेका छन्। पुरुषप्रति नारी दृष्टिकोण पुरुषको मानसिकता र व्यवहारअनुकूल रहेको पाइन्छ। यसप्रकार माथि

---

१९९ जलेश्वरी श्रेष्ठ, सन् २०१२, पूर्ववत्, पृ. लेखकीय मन्तव्य।

उल्लिखित सबै उपन्यासमा पुरुष प्रताडनाबाट मुक्तिको निम्ति सशक्त नारी स्वर उठेको पाइन्छ। त्यसर्थ यी उपन्यासहरूमा लेखकीय दृष्टिकोण नारीपक्षीय रहेको पाइन्छ।

यसका अतिरिक्त समाजमा ओझेलमा परेका प्रमुख मुद्दा उपन्यासमा स्वत: उठेका छन्। नारीले खुल्ला रूपमा यौनका विषयमा चर्चा गरे अश्लील ठान्ने तर पुरुषलाई भने छुट दिइने सामाजिक व्यवस्थामा नारीको यौन चाहना, अनुभूति र नारीले पनि यौन आनन्द लिन चाहन्छन् भन्ने कुरालाई **नियति चक्र** र **अन्तर्द्वन्द्व** उपन्यासमा खुल्ला रूपमा देखाउँदै नारीवादले उठाएको यौन स्वतन्त्रताको कुराको समर्थन जलेश्वरी श्रेष्ठ र सीता पाण्डेले गरेका छन्। प्रत्येक क्षेत्रमा नारीले पुरुषसमान स्वतन्त्रता, हक र अधिकार पाउनु पर्छ भन्ने मुद्दाअन्तर्गत यौन स्वतन्त्रताका विषयलाई पनि उपन्यासमा समावेश गरेर लैङ्गिक आधारमा नारी यौन अधिकारबाट वञ्चित हुन सक्दैनन् भन्ने कुराको वकालत यी उपन्यासका नारीले गरेका छन्। नारी मात्र होइन पुरुष पनि अनुशासित, उच्च उदात्त मानसिकता रहेको हुनुपर्छ र उसले पाएका समस्त सहुलियत नारीले पनि पाउनुपर्छ भन्ने मूल कुरा नै यी उपन्यासका उद्देश्य रहेका छन्। उपन्यासकारहरूले नारी पुरुष समविकासको पक्षमा क्रान्तिकारी स्वर निकालेका छन्। नारी उपन्यासकारहरूको मूल उद्देश्य नै पूर्ण रूपमा नारीपक्षीय न्यायमा केन्द्रित रहेको पाइन्छ।

### ५.१.८ पुरुष एवम् नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्याममा पाइने भिन्नता

नारीको वर्णन सदा पुरुषको छाँयामा भएको छ। स्त्री र पुरुष दुई वर्ग बने। 'यौन' शब्दले प्राय नारीलाई सङ्केतित गर्दछ। नारी 'शरीर' हो, मांसल हो। उसबाट प्राप्त आनन्दमा सङ्कट अथवा भय छ। पुरुषको वर्णन कहिल्यै 'यौन'

**या शरीरको रूपमा भएन। सर्वदा पुरुषले नै विश्व वा विश्वको प्रतिरूपको वर्णन गर्‍यो। यो वर्णन पुरुषको दृष्टिकोणबाट हो। पुरुषले सत्यको रूपलाई भ्रमित गरीदिएको छ।** [२००]

नारीवादी समालोचक सिमोन दि बुआको उल्लिखित मतलाई आधार मानेर हेर्दा यस शोधकार्यमा उल्लिखित तीनजना पुरुष उपन्यासकार भीम दाहाल, बलदेव मजगैयाँ र पुण्यप्रसाद प्रसाईले नारीलाई प्राय: यौनवस्तुको रूपमा राखेर वर्णन गरेका छन्।

**अभीष्टको खोज**का लेखक भीम दाहाल पुरुषलेखक भएका हुनाले उनले आफ्नो उद्देश्यअनुरूप शान्तिलाई यौन सन्तुष्टि दिने औपन्यासिक पात्रका रूपमा उभ्याएका छन्। सानुभाईले शान्तिकी काकीसँग यौन दुष्कर्म गर्ने गरेको शान्तिले देखेको भए तापनि ऊ पनि सानुभाई र नेत्रप्रसादको यौन उत्पीडनबाट बाँच्न सकेकी छैन।

**महिला आफ्नो बारेमा सोच्न सक्दिन र उ त्यही बन्न सक्छे, जस्तो पुरुषले उसलाई आदेश दिन्छ।** [२०१]

एरिस्टोटलको यस विचार जस्तै **अभीष्टको खोज** उपन्यासमा लेखकले सम्पूर्ण नारीलाई पुरुषको आदेश र इच्छाअनुसार जीवन बाँच्न बाध्य बनाइएको छ। उपन्यासको सुरुदेखि अन्तसम्म शान्ति पुरुषको निर्देशअनुसार चलेकी छ। शान्तिलाई शिक्षित नारीको रूपमा खडा गरेर पनि शान्ति पुरुषको इच्छाविपरीत जान नसक्नुमा पुरुष मनोविज्ञानले नारीलाई यौन सन्तुष्टि दिने साधन मानेको पाइन्छ।

**शरीर काँप्यो र त्यसको औरत सुलभ वासनाले सुस्तरी गति लियो कुनै नदी झै। त्यो निदाउरी भइ। त्यो छिन्न-भिन्न भइ। सोची अचानक यसकी स्वास्नी त छैन। एक्काइसौं वर्षसम्म कसैले नछोएको उसको शरीर, उसकै काकीको बित्दो**

---

२०० रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ६२।

२०१ पूर्ववत्, पृ. ३।

**जवानीलाई जाँडसँग भोग्ने त्यस पुरुषले छोयो, जिस्क्यायो र उसका ओठमा ल्याएर र त्यसको दुर्गन्धी मुख टँसाइदियो।**[२०२]

यस कथनमा सानुभाईले शान्तिकी काकीसँग उसको यौनभोग मेटाएको शान्तिले प्रत्यक्ष देखेकी छ। सानुभाई विवाहिता हो कि भन्ने शङ्का पनि गरेकी छ तर आफ्नो पवित्रता एवम् नारीत्व जोगाउने आँट भने गर्न सकेकी छैन। सानुभाईको दुर्व्यहारलाई शान्तिले स्वीकार गर्नु भनेको एरिस्टोटलले जस्तै नारी पुरुषको आदेशअनुसार चल्ने प्राणी हो भन्ने कुरालाई प्रमाणित गर्ने लेखकीय सोच रहेको पाइन्छ।

**शान्तिको पसीनासरिको अनुहार समातेर चुम्बन जडिदियो। आतङ्कित भइ, निराश्रय अनुभव गरी तर शान्तिले स्पष्ट विरोध गर्न सकिनँ बरू उ सामेल भइदिई।**[२०३]

शान्तिलाई यौन सम्बन्ध राख्न बाध्य गराउनु, सुरुमा शान्तिले अस्वीकार गर्नु तर त्यसलाई विरोध गर्नु नसक्नु शान्तिमा लेखकद्वारा देखाइएको कमजोरी हो। शान्तिको जस्तो नारी प्रवृत्तिको विरोध नारीवादले गर्दछ। यौन अनुभव प्राकृतिक हुन्छ तर शान्तिको जवानीको मादकता यी दुई पुरुषबाट यौन आनन्द लिने इच्छा सुरुमा नदेखिनु अनि दुवै पुरुषको सक्रियतामा उसले अस्वीकार गर्न नसक्नु भनेको नारी आफ्नो बारेमा केही सोच्न नसक्ने र पुरुषको निर्देशनमा जीवन बिताउने अस्तित्वहीन प्राणीसरह देखाउने लेखकीय विचार यहाँ अभिव्यक्त भएको छ।

अझ शान्तिलाई बलात्कार गरी गर्भवती बनाएपछि नेत्रप्रसादले विवाह गर्न अस्वीकार गर्दछ। यसरी आफू बलात्कृत भएपछि गर्भमा भ्रूण हुर्काउँदै गरेकी शान्तिलाई “तिमी मलाई

२०२ भीम दाहाल, सन् १९९८, पूर्ववत्, पृ. ५८।

२०३ पूर्ववत्, पृ. ७६।

एउटा बलात्कार रूप गर्भधानका लागि केवल एक लाख रुपियाँ देउ"[२०४] भन्न लगाएकोले भने लेखकीय दृष्टिकोणमा नारी पैसामा किन्न सकिने वस्तु हो भन्ने रहेको देखिन्छ। उपन्यासको घटनाक्रम हेर्दा उपन्यासको अन्तसम्म पनि शान्तिमा पुरुष अत्याचारको विरोधमा क्रान्तिकारी स्वर निस्कन सकेकी छैन। उसको जीवन पराश्रित, अस्तित्वहीन बितेको छ।

> **दुर्बल नकारात्मक भाव नारीसँग र सबल सकारात्मक भाव पुरुषसँग जोडेर लेखिएको हुन्छ। नारीलाई देहसँग र पुरुषलाई मन-मस्तिष्कसँग जोडेर हेरिएको हुन्छ। पुरुषलेखनमा नारीहरूको अनुभव शून्य रहेको हुन्छ।** [२०५]

पुरुषलेखनमा सोवाल्टरको भनाइ जस्तै भीम दाहालको उपन्यासमा पनि शान्ति र फूलमतिलाई देहसँग मात्र जोडेर चित्रित गरिएको छ। यस उपन्यासमा नारीको वास्तविक स्वर अभिव्यक्त हुन नसकेको देखिन्छ।

यसरी नै बलदेव मजगैयाको **मानसी** उपन्यासकी नायिका मानसी नारी अस्मिताप्रति सचेत, पुरुषवादी सामाजिक परम्पराको विरोधी भाव भएकी, शिक्षित नारीका रूपमा खडा रहेकी छ। नारी जाति नै शिक्षित र सचेत भए तापनि पुरुष हैकमका अघि नारीले हार्नुपर्छ भन्ने लेखकीय विचार रहेको छ। पुरुषलाई नारीभन्दा उच्च देखाउने उद्देश्य पुरुष लेखकको रहेको पाइन्छ। यसरी उपन्यासको मुख्य पुरुष पात्र हर्षले "मानसी! तिमीले मलाई सहानुभूतिको पात्र बनाएकी?"[२०६] भन्ने भनाइले यहाँ हर्ष मानसीको सहानुभूतिको पात्र बन्न नचाहेको देखिएको छ। ऊ पुरुष हुनाको नाताले नारीको सहानुभूतिको पात्र बन्दा ऊ आफ्नो पुरुष अहम्मा ठेस लागेको ठान्दछ। यसरी पुरुषलाई नारीभन्दा सबल देखाउनु लेखकको पुरुषपक्षीय दृष्टिकोण हो। उपन्यासको सुरुमा नारी अस्तित्वको निम्ति पुरुषसँग वकालत

---

२०४ पूर्ववत्, पृ. ९६।

२०५ अर्चना वर्मा, सन् २००८, **अस्मिता-विमर्शका स्त्री-स्वर**, दिल्ली, मेघा बुक्स, पृ. १७८।

२०६ बलदेव मजगैयाँ, सन् २००६, पूर्ववत्, पृ. ११।

गर्ने मानसीले आफूले नरुचाएको पुरुष विनयसँग विवाह गर्नु बाध्य हुनु पर्थ्यो। विवाह पश्चात् दीर्घ अवधिसम्म सन्तान प्राप्त नहुँदा मानसीकै कमी हो भन्ने मिथ्या आरोप, पारम्पारिक असचेत नारीसरह अन्धो बनेर दमनकारी पतिको छलमा राख्नु तथा मातृत्व सुखबाट वञ्चित हुनु जस्ता अपाच्य कुराहरूको सन्दर्भलाई नारीकै कमजोर पक्ष हो भन्ने कुरा देखाएर अन्याय गरेको देखाइएको छ। आफ्नो कमजोरी लुकाउँदै विनयले "यो मेरो बाबु बन्न सक्ने योग्यताको प्रमाणपत्र हो"[२०७] भन्दै गलत प्रमाण पत्र देखाउँदासम्म पनि विनयकै कुरालाई सही ठानेर आफ्नो जाँच गर्ने चेतनासम्म जागृत नहुनुले नारीको पक्षमा लेख्न चाहे तापनि असचेत रूपमा लेखकमा पुरुषपक्षीय मानसिकता रहेको स्पष्ट देखिएको छ। यद्यपि उपन्यासको अन्तमा मातृत्व अधिकारको निम्ति नारीले आफ्नो जीवनको निर्णय आफै लिन सक्छे भन्ने सचेतता भने देखाइएको पाइन्छ। फलत: मानसीकै प्रयासमा उसको पूर्वप्रेमी हर्षबाट सन्तानवती बनेकीले सन्तानवती हुनु नारीको प्राकृतिक अधिकार हो र आफ्नो अधिकार कसैले रोक्न सक्दैन भन्ने देखाउने प्रयास गरिएको छ। विनयको छलको भण्डाफोर भएपछि उसले घर त्याग्न सिवाय अन्य विकल्प नपाएको र आफ्नो अपराधको दण्डस्वरूप उसलाई घर त्याग्नबाहेक कुनै सजाय दिइएको छैन। यस्तो जघन्य अपराध गरेर पनि उसलाई कुनै अपराध बोध नहुनु र उल्टो अर्की नारी शालिनीसँग सम्बन्ध राख्नुले एउटा पुरुषका लागि छलकपट अन्याय आदि सामान्य कुरो रहेको देखाइएको छ। मानसीले जीवनभरी सहेको यातनाको प्रतिरोधमा उसमा विद्रोहात्मक क्रियाकलाप, क्रान्तिचेत एवम् अत्याचारको विरोधमा खडा रहने उत्प्रेरणा दिइएको छैन। त्यसर्थ प्रस्तुत उपन्यासमा लेखकीय दृष्टिकोण निष्पक्ष रूपमा नारी अस्तित्वको पक्षमा रहेको देखिँदैन।

---

२०७ पूर्ववत्, पृ. ५६।

पुरुषलिखित उपन्यास पुण्यप्रसाद प्रसाईको **आईमाई मान्छे**-मा उपन्यासकी प्रमुख नायिका नलिनालाई लेखकले नारी पुरुषसमान हुन् भन्ने उदारता, उदात्तता देखाएका छन्। पितृसत्तात्मक समाजद्वारा निर्मित कार्यलाई नलिना स्वयम्ले पुनर्विभाजन गर्दै घरेलु कार्यको बोझ पतिलाई पनि उठाउन लगाएकी छ। लेखकले एकातिर सक्षम नारी नलिना खडा गरेका छन् भने अर्कातिर पुरुषद्वारा प्रताडित नारी पुतली र दिपालाई प्रस्तुत गरेका छन्। मादेलानको भनाइ उल्लेख गर्दै सिमोन दि बुआ भन्छिन्-

> **स्त्री मानवताको सबभन्दा निचो सिँढीमा बसेकी छ। जो स्त्री आफ्नो यस नियतिप्रति विद्रोह गर्दछ, उ स्त्री रहँदिन, उ केवल एक हास्यास्पद,विद्रुप बन्नजान्छे। यदि कुनै पनि स्त्री सोच्न र बुझ्न चाहन्छे, आफ्नो व्यक्तितत्वप्रति चिन्तन गर्दछ भने, उसले आफूलाई एक उपहासास्पद कठपुतलीमा परिवर्तित गरीदिन्छे।** [२०८]

प्रस्तुत उपन्यासमा पनि पुरुषवादी सामाजको नियमित संस्कारको विरोधमा उभिएको छ।

> **म मलामी जान्छु, आमाको शवलाई म पनि काँध दिन्छु, चितामा आगो पनि म स्वयम् लगाउँछु, र किरिया पनि म नै बस्छु, किनकि मेरी प्यारी आमाप्रति मरो जति उत्तरदायित्व छ त्यति तपाईंहरू कसैको छैन। यसका लागि तपाईंहरू र धर्मशास्त्रको त के कुरा स्वयम् इश्वर आउँछ भने पनि म उससँग लड्नेछु।** [२०९]

यहाँ ऊ धार्मिक संस्कारको विरुद्धमा लड्ने एक सशक्त नारीका रूपमा खरो उत्रेकी छ। आफू वेश्यालयमा बिक्री हुन लाग्दा पनि दीपा आफूलाई बेच्ने सुधीरलाई "पुन:पल्टाए

---

२०८ रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ९९।

२०९ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. ११५।

र उहाँमाथि घोडा चढौं भन्दै"[२१०] आफ्नो नारीत्वको सुरक्षार्थ नारी शारीरिक बल पुरुषभन्दा अधिक रहेको प्रमाणित गराएका छन्। यसरी दापालाई शारीरिक एवम् बौद्धिक रूपमा पुरुषभन्दा सबल देखाएका छन्। यद्यपि उपन्यासको अन्तमा लेखकले नारी अस्तित्व हकको निम्ति लडेर पुरुषसमान स्थान प्राप्तिको लक्ष्यमा पुगिसकेकी नारी दीपालाई जीवनभर प्रताडित गराउने पुरुषको काखमा ल्याएर साहसी नारीलाई मर्न वाध्य गराएका छन्। यसप्रकार नारी व्यक्तित्व र अस्तित्वको निम्ति सचेत, सङ्घर्षशील, एवम् जुझारू नारीलाई लेखकले पुरुषको कठपुलती र हास्यास्पद पात्र मात्र बनाएका छन्। यसका आधारमा उपन्यासको उद्देश्यलाई हेर्दा प्रस्तुत उपन्यासका लेखक र मादेलानको विचारमा समानता रहेको देखिन्छ। "नारीहरूको विद्रोहको समर्थन पुरुषको स्वाङ् मात्र पनि हुन सक्छ"[२११] भन्ने लेखक स्वयम्को भनाइले पनि प्रस्तुत उपन्यासमा लेखकले कतिपय प्रसङ्गमा नारीलाई सशक्त देखाउने प्रयास गरे तापनि असचेत रूपमा पुरुषवादी मानसिकताबाट लेखक मुक्त हुन नसकेको स्पष्ट रहेको छ।

"पुरुषहरूसँग नारीको भन्दा बढ्ता केही पनि छैन, यदि केही छ भने त्यो एउटा लिङ्ग मात्र हो"[२१२] भन्ने लखकको भनाइले लेखक स्वयम् पनि फ्रायडको सिद्धान्तबाट प्रभावित भएको देखिएको छ। फ्रायड लिङ्गको कारण पुरुषलाई उच्च ठान्दछन् त्यसैले उनी नारीमा लिङ्गइर्ष्या हुन्छ भन्छन्। लेखकले नारीमा लिङ्गइर्ष्या नदेखाए तापनि लिङ्गका कारण पुरुष नारीभन्दा उच्च हुन् भन्ने देखाएका छन्। लेखकको यस्तो मानसिकताबाट प्रस्तुत उपन्यासको सिर्जना भएको हुनाले उपन्यासमा पुरुषको जीत र नारीले जीवनभरी यातना भोग्न

---

२१० पूर्ववत्, पृ. १२९।

२११ पूर्ववत्, पृ. लेखकीय मन्तव्य।

२१२ पूर्ववत्, पृ. लेखकीय मन्तव्य।

परेका उदाहरण उपन्यासका नारीपात्र पुतली, नलिना र दीपाको सङ्घर्षमय जीवनले देखाएको छ।

भीम दाहालको **अभीष्टको खोज**, बलदेव मजगैयाँको **मानसी** र पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** तीनैवटा उपन्यासका नारी चरित्र सबै नै नारी अस्तित्वप्रति सचेत देखिएका छैनन् । केही नारीपात्रहरूलाई नारी स्वाभिमान र अस्मिताको निम्ति सङ्घर्षमा उतार्ने प्रयास लेखकको रहेको भए तापनि अन्तमा ती नारी पुरुषको दमन नीतिबाट मुक्त हुन सकेका छैनन्। सचेत रूपमा लेखकले नारी पात्रहरूको क्रान्तिकारी रूप देखाउने चेष्टा गरे तापनि असचेत रूपमा पुरुष वर्चस्वतालाई निरन्तरता दिने काम नै गरेका छन्। त्यसर्थ तीनै जना लेखकद्वारा नारी स्वतन्त्रता र नारी अधिकारको वकालती निष्पक्ष रूपमा भने गरेको पाइँदैन।

नारीलिखित नारीवादी नेपाली उपन्यास विन्द्या सुब्बाको **निर्गमन**-मा लेखकले उपन्यासकी प्रमुख पात्र तृष्णालाई स्वअस्तित्वको निम्ति सङ्घर्षशील नारी, सचेत एवम् बौद्धिक पात्रका रूपमा उभ्याएका छन्। समाजका साधारण नारीसरह आफ्नो स्वतन्त्रताको सपना तृष्णामा पनि रहेको पाइन्छ। साधारण नारीहरूका दमित इच्छा कुण्ठा उसले पनि बुझेकी छ। नारीका यस्ता विभिन्न अवस्था र जीवनको यथार्थ स्थितिलाई लेखनमा प्रस्तुत गर्नको निम्ति इरिगेरीले "नारी लेखिकाले नारीको नयाँ भाषाको निर्माण गर्नुपर्छ अनि नारीलाई प्रतिनिधित्व गर्ने भाषाको प्रयोग गर्नुपर्छ"[२१३] भने जस्तै उपन्यासकारले पुरुषशाषित समाजका नारीलाई प्रतिनिधित्व गर्ने नारीका रूपमा उपन्यासकी नायिकालाई उभ्याएका छन्। अस्तित्वसचेत, बौद्धिक एवम् आध्यात्मिक ज्ञानकी धनी तृष्णालाई मानवीय मूल्यको बोध भएर पनि सामाजिक बन्धन र नारीहरूप्रति सामाजिक, धार्मिक दृष्टिकोणको व्यवधानले निकै प्रभाव

---

२१३ क्रिस्टन क्यम्बेल, सन् २००४, **जाक लकाँ एन्ड फेमिनिस्ट एपिस्टमोलजी**, लन्डन, रौटलेज टेलर एन्ड फ्रान्सिस ग्रुप, पृ. १७३।

पारेको देखिन्छ तापनि उसमा रहेको स्वतन्त्र चेत, अस्तित्व एवम् स्वविवेक, स्वनिर्णय गर्ने साहस भने जीवन्त रूपमा रहेको कुरा उसैले भनेका आत्मप्रकाशनद्वारा जान्न सकिन्छ –

> **केको निम्ति जन्मिए म, किन यति तुमुल द्वन्द्व मेरो मनभित्र ?आम छोरीहरूको जस्तै त्यस्तै बाल्यकाल, स्वास्नी मान्छेको उही जीवन प्रक्रिया र उही परम्परागत पूर्व निर्धारित दैनिक तालिकाहरू। म केही बेग्लै बाँच्न चाहन्छु, सके भने एउटा बेग्लै बाटो कोर्न चाहन्छु, तर लाग्छ सबै अप्रकट, अपूर्ण, अव्यावहारिक रहनेछ र फेरि उही आम मृत्यु।** [२१४]

यसरी उपन्यासकारले आजसम्म नजन्मिएका वैचारिक क्रान्तिसचेत, स्वतन्त्रसचेत, पुराना रूढिदेखि माथि उठाएर मानवीय मूल्यबोध गर्ने शक्ति रहेका आत्मसम्मान एवम् स्वाभिमान सचेत नारीका रूपमा तृष्णालाई उठाएर नारी बन्धनमा राख्ने सामाजिक परिवेशमा स्वतन्त्र बन्न चाहने साधारण नारीहरूभन्दा असाधारण सोच भएकी तृष्णालाई खडा गरेकी छन्। यसरी सार्थक जीवन बाँच्न चाहने चाहना हुँदाहुँदै तृष्णा जस्ती स्वविवेकी नारीलाई अर्थपूर्ण जीवन जिउनको निम्ति अनेक बाधा आइ परेको छ। "कलेजपछि बुहारी सोझै घर फर्केर आवोस्, विदाको दिन हप्ताभरि थुप्रिएको काम र लहनतहनहरू लिई घरमा नै बिताओस्" [२१५] भन्ने उसकी सासुआमाको चाहना रहेको छ। उसको पति अक्षय "आफ्नो सत्ता र पुरूषोचित अधिकार गुमाउने डरमा तर उसको हृदय त्यहाँनेर चाहिँ फराकिन मान्दैन"[२१६] भन्ने लेखकीय विचारमा पुरुषप्रमुखतावादी समाजका प्रत्येक व्यक्तिबाट नारी शोषित भएका छन् भन्ने यथार्थ देखाएकी छन्। नारीत्वको भूमिकाले नारीलाई पाइलै पिच्छे बन्धनमा रहन बाध्य बनाएको यथार्थको चित्रण छ। एकातिर सासु आमाले बुहारीबाट

---

२१४ विन्द्या सुब्बा, सन् २००७, पूर्ववत्, पृ. ४१।

२१५ पूर्ववत्, पृ. २७।

२१६ पूर्ववत्, पृ. ४१।

चाहेको सुविधा र सहयोग, पतिले पत्नीबाट चाहेको सुखको चाहना र अर्कोतिर आफ्नो छोरो परागप्रति तृष्णाको प्रेम पनि त्यतिकै रहेको देखिन्छ। यस्तो पारिवारिक गिँजलोको परिवेशमा तृष्णा भने नारी स्वत्वको खोजीमा निरन्तर लागिपरेकी छ। तृष्णाले केवल नारी हुनाको नाताले मात्र भोग्नु परेका सङ्घर्षपूर्ण समस्याबाट मुक्ति पाउन उसलाई छुट्टै सङ्घर्षको आवश्यकता रहेको कुरा लेखकले सोचेको हुनाले तृष्णालाई गृहत्याग गराएकी छन्। तृष्णाको गृहत्याग नारी समस्याको निवारणको मार्ग हो भन्ने सोच लेखकले राखेकी छन्। आफ्नो गृहत्यागले तृष्णालाई असाधारण नारीको रूपमा चिनाएको छ।

गृहत्यागपछि आफ्नै सासूबाट र समाजबाट अनेक लाञ्छना आइलागे पनि विवाहपूर्व र विवाहपरान्त तृष्णाले अक्षयसँग गरेका विभिन्न तर्कले भने अक्षयमा ऊ प्रति घृणाको भाव नजाग्नु बरू उल्टो निर्गमन हुनुको कारण पत्तो लगाउने प्रयासमा लाग्नुमा पनि तृष्णाको बौद्धिकता र तर्क गर्ने उत्कृष्ट उदाहरणहरू हुन्। समाजको तृष्णाप्रतिको प्रतिक्रिया, लोकको धारणा, सर्वस्व छाडेर पलायन भएको उसको गैरजिम्मावारीप्रति नकारात्मक अन्य सोच आदि तृष्णाद्वारा लिखित उपन्यासले निवारण गरीदिएको छ। "घरसंसार परित्याग गर्ने एक स्त्रीले पुरा युग र पृथिवीलाई नै वरण गर्दै पाठकहरूलाई पनि सोंच्नलाई कैयौं दिशाहरू देखाएकी छन्"[२१७] भन्ने अक्षयको भनाइले पुरुष एवम् पुरुषवादी मानसिकताले ग्रस्त समाजकी अघिल्लो युगकी आमालाई नारी महत्त्वबारे बुझ्ने बनाएको छ भने यिनीहरूद्वारा समाजका अन्य मानिसहरूलाई नारी मूल्यबारे बुझाउने प्रयास गरिएको छ। उपन्यासको सुरुमा एकातिर पितृसत्तात्मक समाजको व्यवस्था गहिरो जरा गाडेर उभिएको पाइन्छ भने त्यस्तो सङ्कीर्ण पुरुषवादी समाजबाट उन्मुक्ति चाहने तृष्णा मानसिक द्वन्द्वको प्रभावमा परेर आफ्नो उद्देश्यबाट विपरीत दिशातिर डग्मगाएकी छैन। उपन्यासको मध्यदेखि नारी स्वतन्त्रताको

---

२१७ विन्द्या सुब्बा, सन् २००७, पूर्ववत्, पृ. १२९।

अभियानलाई सफल बनाउन सक्षम रहेकी छ। नारी अस्तित्व सचेत एवम् ऊर्जाशील पात्र तृष्णालाई नारीमुक्तिको निम्ति खर्रो रूपमा उत्रन सक्ने बनाउने लेखकको सोचले भने यस उपन्यासलाई नारीवादी परिप्रेक्ष्यमा सफल रूपले उभ्याउन सकिन्छ। लेखकमा नारीपक्षीय दृष्टिकोण निष्पक्ष रूपमा रहेको पाइन्छ।

नारीवादी दृष्टिकोण लिएर लेखिएको अर्को नारीलिखित उपन्यास पद्मावती सिंहको **समानान्तर आकाश**-मा नारी सचेतता र स्वनिर्भरताको स्वर रहेको पाइन्छ।

> **एक स्त्री, जो बाँच्न चाहन्छे र जसले आफ्ना हर इच्छा तथा कामनालाई दबाएकी छैन, निष्क्रिय उदासीनताको बदला जोखिम लिन अधिक रुचाउँछ। उसलाई एक पुरुषको तुलनामा बढी प्रतिकूल र चुनौतिपूर्ण स्थितिहरूको सामना गर्नु पर्दछ।** [२१८]

उपर्युक्त नारीवादी सिमोन दि बुआको भनाइ पद्मावती सिंहको **समानान्तर आकाश**-मा पाइन्छ। प्रस्तुत उपन्यासकी मुख्य पात्र सुष्मिताको पति अविनाश नारीलाई यौन वस्तु मात्र ठान्ने हुनाले उपन्यासमा उसलाई यौनपिपासु चरित्रको रूपमा चित्रण गरिएको छ। यस्तो दुष्चरित्र प्रवृत्ति भएको कारण उसलाई सुष्मिताले घरबाट निकाली दिएकी छ। यसको चित्रण उपन्यासमा सुष्मिताले यसरी गरेकी छ- “सुटकेसमा केही कपडा र आवश्यक सामानहरू कोची उनले तुरून्तै गृहत्याग गरे।”[२१९] पुरुषलाई गृहत्याग गर्न लगाउन सक्ने साहस भएकी नारीको प्रस्तुतिले एउटा अत्याचारी तानाशाही युगको समाप्ति र अर्को क्रान्तिकारी युगको प्रारम्भ भएको जानकारी पाइन्छ। यसभन्दा अघिका उपन्यासमा पुरुषद्वारा नारी आँसु, वेदना, यातना, प्रताडना, अन्याय अत्याचारमा पिसिएका हुन्थे भने प्रस्तुत उपन्यासको नारी सुष्मिताले लोग्नेलाई घरबाटै निष्कासित गराएर एउटा पुरानो युगको समाप्ति र नयाँ युगको

२१८ रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ३६३।
२१९ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. २१।

उद्घोषणासँगै नारी शक्ति र अदम्य साहसको प्रमाण दिएर उत्साहवर्धक प्रेरणा र प्रोत्साहन नारी समाजलाई दिएकी छ भने पितृसत्तालाई पनि चुनौतिपूर्ण हाँक दिएर नारी मूल्यको परिचय दिएकी छ।

उपन्यासका सम्पूर्ण नारीहरू पुरुषको दुर्व्यवहार र अत्याचारको विरुद्ध उठेका छन्। सुष्मिताले पतिदेखि अलग भएपछि नारी सशक्तीकरणको अभियान चलाउँदै गाउँ सहरका नारीलाई नारी अस्मिताप्रति सचेत बनाएकी छ।

**एक पुरुषले यदि महिलालाई घरको काममा केही सहायता गर्दछ भने, उसको अहम्लाई ठेस लाग्दछ परिणामस्वरूप स्त्री आज दोहोरो भूमिकाले प्रताडित छ।**[२२०]

बुआको उपर्युक्त भनाइ जस्तै उपन्यासमा कप्तान बूढो पनि घरको काम "स्वास्नीलाई सघाउनेलाई त जोइटिङग्रे हुन् बुझिस्?"[२२१] भन्दै मर्दको अहम् देखाउने पतिलाई पछिबाट "आइज, सँगै खाऔँ बूढाले भने, नत्र तँलाई डयुटी जान ढिलो हुन्छ"[२२२] भन्दै घरेलु कार्यको जिम्मेवारी उठाउन लगाएको छ। यसरी कप्तान बूढाले घरेलु काम आफै गरेर पत्नीलाई यस्ता सीमित कार्यबाट मुक्त हुनमा सहयोग गराएको छ।

**निजी र सार्वजनिक परिधिमा रहेका महिला र पुरुषको असमान श्रम विभाजनलाई परिवर्तन गरी, यौनवादी धारणाले जन्माएका असमानताका खाडलहरूमा समानताको बालुवाद्वारा फलामे पुलहरू निर्माण गरी समान कार्य विभाजन हुनुपर्ने।** [२२३]

---

२२० रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ४१।

२२१ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ५२।

२२२ पूर्ववत्, पृ. ३२।

२२३ भोजेन्द्र अर्याल, सन् २००२, पूर्ववत्, पृ. ७७ ।

माथिको कथन जस्तै उदार नारीवादी लेखकका रूपमा उपन्यासकार देखा परेकी छन्। उपन्यासमा सुष्मिताले अत्याचारी पतिबाट मुक्त भएर स्वतन्त्र र सफल जीवन बिताएकी छन् भने कृष्णमाया स्वनिर्भर बनेपछि पुरुष अहङ्कारको आडमा आफूलाई यातना दिने पति समेतलाई नारी महत्त्व बुझाउन सकेकी छ। अर्की नारी चरित्र स्वेच्छाले पतिबाट नानी हुन नसक्दा "म कृत्रिम गर्भधान गर्छु"[२२४] भन्दै मातृत्व अधिकारलाई प्राप्त गर्न स्वनिर्णय गरेकी छ। उपन्यासमा नारी स्वतन्त्रताको विरुद्ध अनेक बाधा देखिएका छन् तर ती विभिन्न नारीहित विरोधी तत्त्वहरूले कुनै पनि नारीलाई आफ्नो अधिकार हत्याउने काममा भने रोक्न सकेका छैनन्। सम्पूर्ण नारी आ-आफ्नो नारी हक प्राप्त गर्न, स्वेच्छामा जीवन बाँच्न सफल बनेका छन्। पुरुषपक्षीय कानुनको विरुद्धमा "नेपाली नागरिक भएका आमाहरूबाट जन्मेका सन्तानहरूले नेपाली नागरिकता पाउनुपर्छ"[२२५] भन्ने नयाँ पक्षलाई समेत उठाउने सचेतता लेखकमा रहेको पाइन्छ।

**नारीहरूले समाजमा आफ्ना मूल्य, मान्यता र पृथक परिचय स्थापित गर्न तथा आत्मनिर्भरताका लागि गरेका सङ्घर्षलाई केलाएर समानान्तर आकाशको खोजी गर्ने नारीपात्रहरूलाई पुरुषहरूको समकक्ष मन, वचन तथा कर्मले समानान्तर उभ्याउने प्रयास गरेकी छु।** [२२६]

यस भनाइले पनि लेखक पूर्ण रूपमा नारी-पुरुष समान रहेको नवीन समाजको निर्माणमा जुटेकी देखिएकी छन्।

यस्तै प्रकारले आमाबाट नागरिकताको माग गरिएको उपन्यास सुजातको **पराजित अस्तित्व** हो। पूर्वीय समाजमा नारी पुरुषवादी व्यवस्थाद्वारा दमित भएको कुरालाई स्वीकार

२२४ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. १५०।
२२५ पूर्ववत्, पृ. १७४।
२२६ पूर्ववत्, पृ. न।

गर्न मान्ने मानसिकताको उदय भएको पाइँदैन। पुरुषवादी समाजमा नारीको शोषण भइरहेको छ भन्ने कुरामा पुरुषवर्गको स्वीकारोक्ति छैन तर नारी दमन कानुन व्यवस्थाले गरेको उदाहरण आमाबाट नानीको नागरिकता बनिन नसक्नु हो। यस्ता दमनीय कानुन व्यवस्थाको चित्रित गर्दै यसको विरोधमा आवाज उठाउने पराजित अस्तित्वको पुरुषपात्र अस्तित्व "आमाले पनि आफ्नो नामबाट सन्तानलाई नागरिकता दिनसक्ने नीतिनियम बनाऊँ"[२२७] भन्दै पुरुषपक्षीय कानुनलाई पुन:संशोधन गर्ने सुझाउ दिनमा जुटाएकी छन्। उपन्यासकी नारीपात्र अस्मिता पत्नीलाई पुरुषको कठपुतली र यौनवस्तु ठान्ने पतिसँग विद्रोही बनेर स्वतन्त्र बाँचेकी छ।

> **छोरीको भविष्य, असुरक्षित भयो, छोरी एक्लै भइ भन्ने मनमा रत्तिभर चिन्ता थिएन आमाबाबामा। छोरीको हिम्मत र साहसप्रति बरू गर्व लागेको छ उनीहरूलाई।** [२२८]

उसले एक्लै जिउने निर्णय लिएर हिंडदा उपर्युक्त भनाइले अस्मिताका समकालीन नारी एक्लै बाँच्न सक्षम छन् भने उभन्दा अग्रज पिँढीको उसकी आमा-बाबुसमेत नारी साहस, क्षमता र सक्रियताबारे सचेत देखिएका छन्। यसरी उपन्यासकारले दुइ पिँढीका नारी सँगसँगै पुरुषसमेतलाई नारी अस्तित्वप्रति सचेत गराएकी छन्। पुरुषविना नारीले एक्लै बाँच्न सक्छे भन्ने मनसाय लेखकले व्यक्त गरेकी छन्। पितृसत्तात्मक मानसिकताले ग्रस्त पुरुषवर्ग नारीलाई दमन गर्ने प्रयास गरी रहन्छ तर नारीले साहस देखाएर मुक्तिको मार्ग रोज्ने सक्षमता देखाए अवश्य यस्ता सङ्कीर्ण मानसिकतालाई चुनौति दिन सकिन्छ भन्ने उपन्यासकारको सन्देश नै प्रस्तुत उपन्यासको उद्देश्यपूर्ण सन्देश रहेकाले **पराजित अस्तित्व**-को भावभूमि नारीमुक्तिका दिशामा अग्रसर रहेको छ।

---

२२७ सुजात, सन् सन् २००७, पूर्ववत्, पृ.१९२।

२२८ पूर्ववत्, पृ.१०३।

शोधकार्यमा उल्लेख गरिएका यी उपन्यासमा नारीहित विरोधी पुरुष विरुद्ध प्रतिशोध लिन नारी सक्रिय रहेका रहे तापनि नारीको पक्षधरता लिने पुरुष विरोधी भने रहेका छैनन्।

> **पुरुष सर्वोच्चताको यस समाजका हरेक पुरुष पितृसत्तात्मक अवसरको सहभागी हुन्छ नै, तर यसो भन्दैमा सबै पुरुष सबै महिलाका अगाडि सधैँभरि दमनकारी नै हुन्छन् भन्ने पनि हुँदैन।** [२२९]

उग्र नारीवादी विचारसमान विन्ध्या सुब्बा, सुजात, पुष्प राई, जलेश्वरी श्रेष्ठ, सीता पाण्डे र पद्मावती सिंहको रहेका छन्। त्यसैले **निर्गमन**-को दिवस, **पराजित अस्तित्व**-को अस्तित्व, **भोलीको प्रतीक्षा**-को आदित्य, **नियति चक्र**-को विकास, **अन्तर्द्वन्द्व**-को कमलेश, **समानान्तर आकाश**-को प्रभात नारीप्रति उदार हृदय भएका पुरुष हुन्। त्यसर्थ उल्लिखित उपन्यासकार उग्र नारीवादी मान्यतामाथि विश्वस्त रहेका छन्। **अभीष्टको खोज, आइमाई मान्छे** जस्ता उपन्यासमा पुरुषले कतै नारीप्रति सम्मान गरेको देखिँदैन। **मानसी**-को पुरुषपात्र हर्ष नारी-पुरुषमा समानता राख्ने पक्षमा लेखकले प्रस्तुत गर्न खोजे पनि उसमा पनि असचेत रूपमा भए पनि पुरुष अहम् र नारीलाई भोगको विचार रहेको छ। त्यसर्थ नारीलिखित उपन्यासका पुरुषपात्र पुरुषवर्गका विरुद्ध उठेर मातृसत्तालाई पुनः प्राप्त गर्ने लक्ष्यमा उत्रेका होइनन् तर नारीलाई शोषण गर्ने व्यवस्थाको विरुद्ध क्रान्तिकारी बनेर नारी-पुरुषको समविकासको पक्षमा रहेको कुरा स्पष्ट छ भन्न सकिन्छ।

**अभीष्टको खोज**-मा फूलमति, धनमाया, शान्ति, विष्णेकी पत्नीको नामले चिनिएका नारी सबै नै पुरुषका अधीनमा जीवन बिताउने र पुरुषका यौन सिकार बन्न बाध्य बनाइएका छन्।

---

२२९ सधा त्रिपाठी, सन् २०१२, पूर्ववत्, पृ. ९६।

**महिला एक प्रासंगिक र अधूरो अस्तित्व हो, एक प्रकारले अपूर्ण पुरुष। उनी पुन: लेख्दछिन् यो महिलाको नियति हो कि उ पुरुषको अधीनमा रहोस, यसलाई परिवर्तन गर्न सकिंदैन।** [२३०]

उपयुक्त सन्त टमसको विचार समान लेखक भीम दाहालको विचार रहेको देखिन्छ। यस आधारमा भीम दाहालले नारीका जीवनलाई अस्तित्वहीन देखाउने प्रयास गरेका छन्। आजसम्म महिलाको बारेमा पुरुषले जति पनि लेख्यो, त्यो सबैमा शंका गर्नुपर्छ, किनभने लेख्ने व्यक्ति न्यायाधीश र अपराधी दुवै हो[२३१] भन्ने सिमोन दि बुआ मत झैं नारीलाई विशेष केन्द्रित गरेर लेखिएको **मानसी** र **आइमाई मान्छे** उपन्यासका लेखकले नारी चरित्रलाई नारी अस्तित्वको निम्ति धेरै सङ्घर्षशील, ऊर्जाशील दखाउने प्रयास गरे तापनि यी दुवै उपन्यासका नारीहरू पुरुषशोषणबाट मुक्त हुन भने सकेका छैनन्। दुवै उपन्यासका नारीलाई पुरुषको षड्यन्त्र र दमनमा फँसाएका छन् भने नारीमाथि दमन गर्ने पुरुषलाई स्वतन्त्र छाड्नुले यी दुवै लेखकले नारी स्वतन्त्रका निम्ति बोल्न लगाएका नारी स्वरमा शङ्का उत्पन्न हुने ठाउँ सिर्जना हुँदछ।

माथि उल्लिखित सम्पूर्ण उपन्यासका लेखकले नारीलाई केन्द्र बनाएर नारीपक्षीय दृष्टिकोण राख्ने प्रयास गरे तापनि फ्रायडको असचेत तह, लकाँ र क्रिस्तेभाको प्रतीकात्मक तहमा भने पुरुषश्रेष्ठतावादी मानसिकताले प्रमुखता पाएको देखिन्छ। यिनीहरूको लेखनमा पनि लिङ्ग वर्चस्व नै प्रतीक बनेको छ। यसरी नै पुरुष लेखनमा नारी स्वत्व र अस्मिता शून्य रहेको र नारी स्वर नरहेको हुनाले नै नारीवादीले नारीलेखनलाई महत्त्व दिएको पाइन्छ।

---

२३० रमेश सुनुवार, सन् २००३, पूर्ववत्, पृ. ४५।

२३१ पूर्ववत्, पृ. ७।

> पाश्चात्य दर्शनको इतिहासमा नारीलाई पुरुषवादी मानसिकताले मूल्याङ्कन गरिएको छ त्यसैले यसलाई भञ्जन गर्नुपर्छ भन्ने इरिगरीको अडान रहेको पाइन्छ। किनभने पुरुष मानसिकता सदैव पुरुषपक्षीय रहेको हुनाले उनीहरूको चित्रणमा नारीलाई नकारात्मक दृष्टिबाट प्रस्तुति दिएको पाइन्छ। त्यसर्थ नारी लेखिकाहरूले नारी शरीरलाई रचनामा भित्र्याएर नवीन इतिहासको निर्माण गर्नुपर्ने। [२३२]

इरिगरीको उपर्युक्त कथनले एउटा नयाँ दिशाबोध गराएको छ। नारीको अस्तित्व, नारी स्वत्वको खोजी एवम् नारी मूल्यको चित्रण गर्दै नारीका विभिन्न अनुभव र शरीरबारे चित्रण गर्दा मात्र नारी स्वरले अभिव्यक्ति पाउँछ भन्ने उनको विचार रहेको पाइन्छ। फलत: नारीलिखित नेपाली उपन्यासहरूमा विशेषत: नारी स्वरलाई प्रमुखता दिएको पाइन्छ। पुरुषद्वारा लिखित उपन्यासहरूमा चित्रित नारीको दयनीय, दुर्बल स्थितिलाई अमान्य ठान्दै नारी उपन्यासकारहरूले नारीका सबल पक्ष, उसका कुशल क्रियाकलाप, क्षमता, दक्षता, समाजप्रति उसको सरोकार आदि विषयहरूमा नारीको सहभागिता प्रमाणित गरिसकेका छन्। **अभीष्टको खोज**-मा पतिको मृत्युपछि धनमायालाई एक्लै जिउने आँट लेखकले जुटाउन सकेका छैनन्। यसरी नै **आइमाई मान्छे**-मा पतिको मृत्युपछि पुतलीलाई अनेकौं पुरुषहरूको यौनभोग मेटाउने वस्तुको रूपमा प्रस्तुत गरेर अन्तमा पुरुषको अगाडि लड्न असमर्थ नारीका रूपमा चित्रित गरेका छन् र पीडित पुतलीलाई "तेजाब छर्केर क्रूरतम तरिकाले"[२३३] आफ्नो कष्टदायक जीवन बिताउन लगाएका छन्। **मानसी** उपन्यासमा पनि लेखक नारी चरित्रप्रति अनुदार रहेको कुरा जीवनभरी मानसीलाई विनयको षड्यन्त्रमा फसाएर निरर्थक जीवन व्यतित गर्न वाध्य बनाएको उदाहरणले प्रमाणित गर्दछ।

---

२३२ क्रिस्टन क्यम्बेल, सन् २००४, पूर्ववत्, पृ. १७३।

२३३ पुण्यप्रसाद प्रसाई, सन् २०११, पूर्ववत्, पृ. १००।

**पराजित अस्तित्व** उपन्यासमा पत्नीमाथि सङ्कुचित विचार भएका पतिलाई लोग्नेवेगर एक्लै गरी खान सक्ने, रहन सक्ने हिम्मत, साहस र आत्मविश्वास दिलाउदै नारी एक्लैमा सङ्घर्षपूर्ण जीवनसँग लडेर बाँच्न सक्ने नारीका रूपमा चित्रण गरेका छन्। **पराजित अस्तित्व**-की अस्मिता आत्मबोध गर्दै भन्छे "लोग्नेबेगर एक्लै गरी खान सक्ने, रहन सक्ने हिम्मत, साहस र आत्मविश्वास छ मभित्र"[२३४] भन्ने आत्मविश्वास दिलाएर साहस र अत्मविश्वास नारीका लागि अति महत्त्वपूर्ण हो भन्ने कुरा स्पष्ट देखाएका छन्।

> **निश्चित निर्धारित स्त्रीत्वको धारणा केवल एक ऐतिहासिक गढन्त हो, जसलाई पितृसत्तात्मक समाजले आफ्नो हितको निम्ति नारीहरूको अघि काम्य छविसरह स्थापित गरेको हो। यसैले प्राकृतिक स्तरमा यो भेद शारीरिक गठनको मात्र हो र वास्तविक अन्तर सांस्कृतिक-ऐतिहासिक अनि मनुष्यरचित हो।** [२३५]

भन्ने क्रिस्तेभा विचारको प्रभाव माथि उल्लिखित नारी उपन्यासकारका लेखनमा परेको पाइन्छ। नारीत्वको अवधारणाअन्तर्गत नारीहरू पुरुषभन्दा निष्क्रिय हुन्छन् भन्ने आरोपित निष्क्रियतालाई गलत प्रमाणित गर्दै **मध्यान्तर**-की नारी पूर्णिशा, **पराजित अस्तित्व**-की अञ्जली र अस्मिता, **समानान्तर आकाश**-की स्वेच्छा र सुष्मिता, **अन्तर्द्वन्द्व**-की अनिता र सुरिता, **नियति चक्र**-की समीरा अनि **निर्गमन**-की तृष्णाले प्राकृतिक रूपमा नारी कमजोर छैनन् भन्ने उदाहरणस्वरूप सफल जीवन बिताएका छन्। नारी शरीरमा नारीकै नियन्त्रण हुनुपर्छ भन्दै आफ्नो हकलाई हासिल गर्न सफल बनेकी **पराजित अस्तित्व**-की अञ्जलीले र **भोलिको प्रतीक्षा**- की शान्तिले विवाह पूर्व नै नानी जन्माएर समस्त पुरुषवादी समाजलाई चुनौति दिएकी छन्। यसरी नै पतिको विरोधमा खडा भएर आफ्नै इच्छालाई महत्त्व दिँदै **समानान्तर**

---

२३४ सुजात, सन् २००७, पूर्ववत्, पृ. ८३।

२३५ अर्चना वर्मा, सन् २००८, पूर्ववत्, पृ. ५३।

**आकाश**-की सुष्मिताले "अब सन्तानविना बाँच्न सक्दिन"[२३६] भन्दै पतिको निर्णयलाई तिरष्कार गरेकी छ। अर्कोतिर **पराजित अस्तित्व**-मा नानी जन्माएर पत्नीलाई आफ्नै कब्जामा राख्न चाहने पतिलाई "जबसम्म म चाहँदिन तबसम्म तपाईको जस्तै दवाबले पनि मलाई हल्लाउन सक्ने छैन"[२३७] भन्दै नारी शरीरको नियन्त्र केवल नारीको हुनुपर्छ भन्ने कुरालाई व्यवहारमा ल्याउने अस्मिताको प्रस्तुतिले पद्मावती सिंह, पुष्प राई र सुजात प्रभृति उपन्यासकारलाई सशक्त नारीवादी लेखकका रूपमा प्रमाणित गर्ने अर्को उदाहरणीय प्रसङ्ग रहेको पाइन्छ।

यसरी हेर्दा पुरुषलिखित उपन्यासका तीनैजना लेखकहरूमध्ये भीम दाहाल, बलदेव मजगैयाँ र पुण्यप्रसाद प्रसाईले नारीको पक्षधरता लिने प्रयास गरे तापनि उनीहरू पुलिङ्गवादी मानसिकताबाट मुक्त हुन नसकेको देखिन्छ। नारीलिखित उपन्यासका लेखकले नारीका विभिन्न समस्यालाई देखाउँदै नारी अस्तित्वको खोजी गरेर समस्या र चुनौतिहरूसँग जुध्ने, आत्मबोध गर्ने, आत्मनिर्भर बन्न सचेतता देखाएका छन्। नारीहरू शारीरिक, बौद्धिक रूपमा पुरुषभन्दा कम नरहेको भन्ने कुराको प्रमाण उपन्यासका नारीपात्रले दिइसकेका छन्। "जुलिया क्रिस्तेभा अनि लूस इरीगरीले यो सिद्ध गरेका नारीका तथाकथित असमर्थता उसको आफ्नो कुनै अयोग्यता अथवा न्यूनताको प्रमाण नभएर पितृसत्ताको षड्यन्त्रको फल हो"[२३८] भन्ने कुरालाई सशक्त नारीवादी उपन्यासकारहरू मध्ये विन्ध्या सुब्बा, पुष्प राई, पद्मावती सिंह, जलेश्वरी श्रेष्ठ, सीता पाण्डे र सुजातले प्रमाणित गरिसकेका छन्। यसैले उनीहरू

---

२३६ पद्मावती सिंह, सन् २००८, पूर्ववत्, पृ. ११।

२३७ सुजात, सन् २००७, पूर्ववत्, पृ. ७८।

२३८ अर्चना वर्मा, सन् २००८, पूर्ववत्, पृ. १७५।

नेपाली नारीवादी साहित्यमा नारीका स्वरलाई व्यवहारमा ल्याउन सक्षम लेखकका रूपमा स्थापित भएका उपन्यासकार हुन्।

## ५.२ निष्कर्ष

नेपाली साहित्यका प्रमुख नारीवादी उपन्यासहरूको अध्ययन गर्नेक्रममा यस शोधकार्यमा विन्ध्या सुब्बाको **निर्गमन**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, पद्मावती सिंहको **समानान्तर आकाश**, सीता पाण्डेको **अन्तर्द्वन्द्व**, पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, सुजातको **पराजित अस्तित्व**, भीम दाहालको **अभीष्टको खोज**, पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** र बलदेव मजगैयाँको **मानसी** उपन्यासलाई नारीवादी सिद्धान्तको आधारमा अध्ययन गरिएको छ।

विभिन्न नारीवादी अवधारणाका आधारमा पुरुष भन्दा नारीलेखिका नारीपक्षीय रहेका पाइन्छन्।

पुरुष लेखकले नारी मुक्तिको निम्ति स्वर उठाउने प्रयास गरे तापनि यिनीहरू निष्पक्ष रूपमा नारीप्रति उदार रहेको पाइँदैन।

सम्पूर्ण उपन्यासका प्रायः पुरुष चरित्र नारीलाई कामवासनाका दृष्टिले हेर्ने प्रवृत्ति छन्। प्राय: सबै उपन्यासमा नारीले यौन शोषणबाट छुटकारा पाउनका निम्ति सङ्घर्ष गरेका छन्।

नारीलिखित उपन्यासमा नारी अस्तित्व र स्वत्वलाई सुरक्षित गर्दै आफ्नो जीवनप्रति स्वनिर्णय लिन सफल नारी पाइन्छन्।

**अभीष्टको खोज, मानसी** र **आइमाई मान्छे** आदि पुरुषलिखित उपन्यासमा नारीको जीवन कष्टदायक रहेको छ र यी नारी चरित्र पुरुषका अघि पराजित भएका छन्। तथापि यस अध्यायमा उल्लिखित उपन्यासमा सशक्त नारीवादी स्वर भने ध्वनित भएको पाइन्छ।

# छैटौं अध्याय

# उपसंहार र निष्कर्ष

**पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** शीर्षक रहेको प्रस्तुत शोधप्रबन्ध जम्मा छवटा अध्यायमा विभाजित रहेको छ। प्रत्येक अध्यायमा प्रस्तुत गरिएका तथ्यगत विश्लेषणको सारांशलाई यहाँ अध्यायगत उपसंहारका रूपमा प्रस्तुत गरिएको छ। यसरी नै सम्पूर्ण शोधको निचोडस्वरूप समष्टि निष्कर्षलाई निम्नलिखित उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ।

## ६.१ अध्यायगत उपसंहार

पहिलो अध्यायको शीर्षक **शोधपरिचय तथा शोधविधि** रहेको छ। यस अध्यायअन्तर्गत विभिन्न उपशीर्षकमा शोधकार्यको विधिवत् परिचय प्रस्तुत छ, जसमा शोधक्षेत्रको परिचय, शोधशीर्षक र यसको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको विधि, ढाँचा र सामग्री सङ्कलनविधि, शोधको सीमाङ्कन र शोधको अध्याय विभाजन समाविष्ट छन्। नेपाली नारीवादी उपन्यासहरूको अध्ययनक्रममा उल्लिखित शोधसमस्याको समाधानार्थ अन्तिम निष्कर्ष प्राप्तिका लागि तत्विषयमा अहिलेसम्म विभिन्न पत्र-पत्रिका, सम्पादित पुस्तक, नारीवादसम्बन्धी पुस्तक, शोध तथा अनुसन्धानपरक रूपमा गरिएका कार्यका समीक्षात्मक प्रस्तुति आदि पूर्वकार्यको समीक्षाअन्तर्गत प्रस्तुत गरिएको छ। यस अध्यायमा शोधको औचित्य र महत्त्वमाथि पनि प्रकाश पार्दै शोधको सीमाङ्कन गरी शोधका ढाँचा र विधिका

विभिन्न पक्षलाई उल्लेख गरिएको छ। यसै अध्यायमा शोधको वैज्ञानिक प्रस्तुतिका लागि अध्याय विभाजन गरिएको छ।

दोस्रो अध्यायको शीर्षक **नारीवादको सैद्धान्तिक अध्ययन** रहेको छ। यस अध्यायको अध्ययन क्रममा नारीवादको परिभाषा, नारीवादको विकास, पूर्वीय पौराणिक नारी पात्रमा नारीवादी चेतना, नारीवादका विभिन्न प्रकार, नेपाली साहित्यमा नारीवादको प्रयोग आदिबारे चर्चा गरिएको छ। नारीवादको इतिहासको अध्ययन गर्दा युरोपको सेनेका फल्स नामक शहरमा सन् १८४८ मा प्रथमपल्ट सम्मेलन भएको तथ्य प्राप्त भएको छ। नारीवादका विभिन्न प्रकारहरूमध्ये उदार नारीवाद, मार्क्सवादी नारीवाद, फ्रान्सेली नारीवाद, उग्र नारीवाद, अश्वेत नारीवाद, समाजवादी नारीवाद, पर्यावरणीय नारीवाद, नारीसमलिङ्गवादलाई प्रमुख नारीवादका प्रकारहरू मानिएका छन् भने तेस्रो नारीवादी लहरअन्तर्गत नारीवादका विभिन्न उपभेदलाई राखिएको छ। नेपाली साहित्यका विभिन्न विद्याअन्तर्गत रहेका उपन्यास, कथा, कविता, नाटक, निबन्ध र समालोचना जस्ता विभिन्न साहित्यिक विधाहरूमा प्रयोग गरिएको नारीवादका अवधारणालाई पनि यस अध्यायअन्तर्गत राखिएको छ ।

तेस्रो अध्यायको शीर्षक **नेपाली उपन्यासमा नारीवादी चिन्तनको परम्परा** रहेको छ। नेपाली उपन्यासमा नारीवादी चिन्तनको विकासबारे अध्ययन गर्दा रूपनारायण सिंहको **भ्रमर**-बाट नारीवादी चेतना सुरु भएको पाइन्छ। प्रस्तुत उपन्यासमा वर्णित समाजको चित्रणअन्तर्गत रहेको नारी शिक्षा र स्वनिर्भरताको आधारलाई लिएर नारी शिक्षित र स्वनिर्भर हुनुपर्ने चेतनाका औपन्यासिक सन्देशलाई नारीवादी रूपमा लिइएको छ।यसका अतिरिक्त लक्ष्मीप्रसाद देवकोटाको **चम्पा**, लैनसिंह वाङ्देलको **माइतघर**, हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** र **एक चिहान**, लीलाध्वज थापाको **शान्ति**, गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल**, विजय मल्लको **अनुराधा**, विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती**, इन्द्र

सुन्दासको **जुनेली रेखा**, मदनमणि दीक्षितको **माधवी**, प्रेमा शाहको **मम्मी**, पारिजातका **शिरीषको फूल**, **पर्खालभित्र र बाहिर**, **अनिदो पहाडसँगै** र **परिभाषित आँखाहरू**, नकुल सिलवालको **तेस्रो पाइला**, प्रदीप ज्ञवालीको **सहयात्री** आदि उपन्यासहरूमा पाइने नारीवादको प्रयोगलाई पनि यस सन्दर्भका रूपमा समावेश गरिएको छ। यसका अतिरिक्त गीता केशरीका **सौगात**, **आवाज**, **प्राप्त**, **खोज**, **अन्तिम निम्तो** र **विश्वास**, सीता पाण्डेको **अन्तर्द्वन्द्व**, भीम दाहालको **अभीष्टको खोज**, शवनम श्रेष्ठको **मनीषा**, प्रेम थुलुङको **त्यागपत्र**, महेश्वर शर्माको **योगमाया**, विन्द्या सुब्बाको **निर्गमन**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, नयाँदेवीको **युगसन्धि**, भाषा भण्डारीको **सम्झौता** र **परिवर्तनको पृष्ठभूमि**, बलदेव मजगैयाँको **मानसी**, सुजातका **बन्धन**, **अन्त्यहीन पीडा**, **पराजित अस्तित्व**, पद्मावती सिंहको **समानान्तर आकाश**, गौरा रिजालको **अघोषित द्वन्द्व**, पुष्प राईका **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, उर्मिला सापकोटाको **अस्मिता**, केशव नेपालको **बेचिएकी चेली**, पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, नीलम कार्की निहारिकाको **चीरहरण** अनि अन्य भाषाबाट नेपाली भाषामा अनुदित **आइमाईको हकमा**, **बिग्रेकी केटी**, **लज्जा** आदि उपन्यासहरूमा रहेको नारीवादी चेतनालाई पनि शोधको पुष्टिका लागि समावेश गरिएको छ। यी उपन्यासहरूका अध्ययनबाट प्राप्त निष्कर्षअनुसार नेपाली उपन्यास साहित्यमा नारीवादी अवधारणाको प्रवेश र विकसित रूपलाई पनि शोधका पुष्टिका लागि यथास्थान राखिएको छ।

चौथो अध्यायको शीर्षक **पुष्प राईका उपन्यासमा नारीवादको अध्ययन** रहेको छ। उपन्यासकार पुष्प राईको जन्म धिरधाम, बिलम्बर इस्टेट दार्जिलिङमा २ जुलाई, १९४०, का दिन भएको हो। पुष्प राईका दुईवटा उपन्यासहरू **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७) प्रकाशित भएका छन्।

पुष्प राई भारतीय नेपाली उपन्यासको विकास परम्परामा सन् १९९० का दशकमा देखा परेकी एकजना सशक्त नारीवादी उपन्यासकार हुन्। उनले नारीवादी अवधारणालाई उपन्यासका माध्यमबाट भित्र्याएर नारीका विभिन्न अवस्थालाई अध्ययन गरेकी छन्। उनका दुईवटै उपन्यासहरूमा नारीका व्यक्तिगत स्वतन्त्रताको खोजी गरिएको पाइन्छ। **भोलिको प्रतीक्षा** र **मध्यान्तर** दुवै उपन्यासहरूमा पुष्प राईले पारिवारिक, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक आदि विभिन्न क्षेत्रमा पुरुषसमान नारी अधिकारको खोजी गर्ने प्रयास गरेकी छन्। नारी पुरुष दुवै समान मानवीय प्राणी भएकाले नारीले पनि आफ्ना हक, हित र अधिकार पुरुष बराबर पाउनुपर्छ भन्ने नारीवादी चिन्तकहरूको मान्यतालाई उनले आफ्ना उपन्यासका माध्यमद्वारा समर्थन गर्दै नारी स्वनिर्भरता, स्वतन्त्रताको अभिव्यक्ति र स्वत्वको खोजी गरेकी छन्। यिनका उपन्यासमा पुरुषलाई उच्च स्थानमा राखेर सबै अधिकार प्रदान गरिने अनि नारीलाई निम्न स्थानमा राखेर भोग्य वस्तुको रूपमा उपयोग गरी प्रताडना गरिने पितृसत्तात्मक सामाजिक व्यवस्थाको आडमा रहेका पुरुषवादी प्रवृत्तिको चित्रण गरिएका छन्। अविवाहित, विवाहित, विधवा, शिक्षित, अशिक्षित सबै प्रकारका नारीहरूले पितृसत्तात्मक समाजमा भोग्न परेको यातना, कष्टसाध्य र लाञ्छित जीवनको चित्रण पुष्प राईका **भोलिको प्रतीक्षा** र **मध्यान्तर** उपन्यासमा रहेको पाइन्छ।

पितृसत्तात्मक सामाजिक संरचनाअन्तर्गत मान्य ठहऱ्याइका पुरुषपक्षीय रीतिथीति, नियमकानुन, व्यवस्था, परम्परा, मान्यतालाई अमान्य ठान्दै त्यसको विरोधमा पुष्प राईका उपन्यासका भावभूमिमा रहेका पितृसत्तात्मक सामाजिक व्यवस्थाको पनि विरोध गरिएको छ। उपन्यासमा वर्णित पुरुषनिर्मित पक्षपाती नियमलाई उनका नारी पात्रहरूले भञ्जन गर्ने चेष्टा गरेका छन्। नारीलेखनका आधारमा उनका उपन्यासमा नारीका आफ्ना विचार, नारीका भावना, नारी शरीर, नारी इच्छा, नारीका पहिरन र नारीले आफ्ना बारेमा अनुभूत गर्ने

सम्पूर्ण पक्षलाई चित्रण गरिएको छ। पुरुषप्रधान समाजले पुरुषलाई मनपरी छुट दिँदै नारीलाई यन्त्रसरह व्यवहार गर्ने गरेको, नारीप्रतिको पुरुषको दृष्टिकोण कामवासनाले युक्त रहेको अनि नारीलाई आफ्नो यौन सहयोगी र दासीको रूपमा हेरेर दीर्घकालदेखि यातनापूर्ण जीवन धान्न बाध्य बनाएको विषयमा उजागर गर्दै नारीलाई शिक्षित र समक्ष बनेर आफ्ना हक र अधिकारका लागि सङ्घर्षगर्न उत्प्रेरित गरिएको पाइन्छ। उनका दुवै उपन्यासहरूमा नारीवादी स्वर तीव्ररूपमा मुखरित भएको छ। **भोलिको प्रतीक्षा** र **मध्यान्तर**-मा पुरुष अत्याचारलाई चुनौतिको रूपमा लिएर नारी शक्तिर सामर्थ्यलाई अभिव्यक्त गरिएको छ। उपन्यासकार पुष्प राई पुरुषवादी समाजद्वारा नारीप्रति राखिने हेय दृष्टि र पुरुषद्वारा प्रताडित नारीका अनुभवलाई मात्र चित्रण गर्दिनन् तर नारीलाई शोषण गर्ने पुरुषवर्ग विरुद्ध क्रान्तिकारी स्वर निकाल्न पछि सरेकी छैनन्। यी अत्यन्त महत्त्वपूर्ण विषयलाई उनले सफलतापूर्वक चित्रण गरेकी छन्। उनका दुवै उपन्यासका नारी चरित्र सबल, सशक्त, शिक्षित, स्वनिर्भर छन् त्यसैले उपन्यासका नारी आत्मसम्मानका साथ उभिएका कुरालाई पनि यस अध्यायमा समावेश गरिएको छ।

पाँचौं अध्यायको शीर्षक **पुष्प राईका उपन्यासको केन्द्रियतामा नारीवादी नेपाली उपन्यासको अध्ययन** रहेको छ। यस अन्तर्गत पुष्प राईका उपन्यासको केन्द्रियतामा प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययन गर्दा नारीवादका विभिन्न लहर, प्रकारका आधारलाई लिएर उदार नारीवादी अवधारणा, उग्र नारीवादी अवधारणा, फ्रान्सेली नारीवादी अवधारणा, मार्क्सवादी नारीवादी अवधारणा, समाजवादी नारीवादी अवधारणाका आधारहरूको परिचय र गहन अध्ययन गरिएको छ। यसरी नै पुरुषलिखित नेपाली उपन्यासको अध्ययन, नारीलिखित प्रमुख नेपाली उपन्यासको अध्ययन अनि पुरुष एवम् नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्याममा पाइने समष्टि अध्ययन यस अध्यायमा गरिएको छ। प्रमुख नारीवादी

अवधारणाका आधारमा प्रमुख नेपाली नारीवादी उपन्यासहरूको मात्र अध्ययन गरिएको छ। यीमध्ये पुष्प राईको **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७), भीम दाहालको **अभीष्टको खोज** (सन् १९९८), सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९) पद्मावती सिंहको **समानान्तर आकाश** (सन् २००४), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६), बलदेव मजगैयाको **मानसी** (सन् २००६), कमला कुँवर 'सुजात'को **पराजित अस्तित्व** (सन् २००७), पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) आदि उपन्यासहरूलाई प्रमुख नेपाली उपन्यासअन्तर्गत राखेर यसबाट प्राप्त निष्कर्षलाई केलाउने काम गरिएको छ।

उदार नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासको अध्ययनका क्रममा नेपाली उपन्यासमा व्यक्तिगत स्वतन्त्रताको खोजी अनि पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको अभिव्यक्तिको विस्तृत अध्ययन गरिएको छ।

उग्र नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययनका क्रममा नेपाली उपन्यासमा नारीहरूप्रति गरिने दमन शोषण आदिको विरोधलाई अध्ययनको मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ। फ्रान्सेली नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययनको क्रममा नेपाली उपन्यासमा पाइने नारीलेखन अर्थात् एक्रिचर फेमिनीन्का विषयमा चर्चा गरिएको छ। मार्क्सवादी नारीवादी अवधारणाको आधारमा नेपाली उपन्यासहरूको अध्ययनका क्रममा पुरुषसमान नारीले आर्थिक अधिकार पाउनुपर्छ भन्ने विषयलाई नेपाली उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने विषयमा अध्ययन गरिएको छ। समाजवादी नारीवादी अवधारणाका आधारमा नेपाली उपन्यासहरूको अध्ययनअन्तर्गत परनिर्भरताका कारण आर्थिक परतन्त्रता स्वम् लैङ्गिक विभेदका आधारमा विभिन्न एकाइमा नारी शोषित भएका विषयहरूको विस्तृत अध्ययन गरिएको छ।

पुरुषलिखित प्रमुख नेपाली नारीवादी उपन्यासको अध्ययनका क्रममा भीम दाहालको **अभीष्टको खोज** (सन् १९९३), बलदेव मजगैयाँको **मानसी** (सन् २००६) र पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११) उपन्यासहरूमा पितृसत्तात्मक समाजमा नारीको स्थितिलाई कसरी देखाइएको छ भन्ने विषयलाई केन्द्र गरी अध्ययन गरिएको छ। यसमा पुरुषलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति र पुरुषलिखित उपन्यासहरूमा नारीप्रति लेखकीय दृष्टिकोण विषयमा चर्चा गरिएको छ।

नारीलिखित नारीवादी प्रमुख नेपाली उपन्यासको अध्ययनका क्रममा पुष्प राईका **भोलिको प्रतीक्षा** (सन् १९९०) र **मध्यान्तर** (सन् २००७), सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९), पद्मावती सिहंको **समानान्तर आकाश** (सन् २००४), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६), कमला कुँवर 'सुजात' को **पराजित अस्तित्व** (सन् २००७), र जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२) आदि उपन्यासको अध्ययन गरिएको छ। जसमा नारीलिखित उपन्यासका औपन्यासिक परिवेशमा नारीको स्थिति र नारीलिखित उपन्यासमा नारीप्रति लेखकीय दृष्टिकोण विषयमा विस्तारपूर्वक चर्चा गरिएको छ। यसरी नै पुरुष अनि नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमा पाइने भिन्नताको अध्ययन गर्ने क्रममा पुरुषलिखित उपन्यासमा लेखकले नारीको पक्षधरता लिने प्रयास गरे तापनि उनीहरू पुलिङ्गवादी मानसिकताबाट मुक्त हुन नसकेको देखिन्छ। नारीलिखित उपन्यासका लेखकहरूले नारीका विभिन्न समस्यालाई देखाउँदै नारी अस्तित्वको खोजी गरेर समस्या र चुनौतिहरूसँग जुध्ने, आत्मबोध गर्ने, आत्मनिर्भर बन्न सचेतता देखाएका प्रसङ्गहरूलाई गहनतापूर्वक केलाउने काम पनि यसमा गरिएको छ।

## ६.२ समष्टि निष्कर्ष

यस शोधप्रबन्ध लेखन एवम् अनुसन्धानबाट प्राप्त उपलब्धि, प्राप्ति र  शोधको निष्कर्षलाई समष्टि निष्कर्षका रूपमा निम्नलिखित बुँदाअन्तर्गत प्रस्तुत गरिएको छ ।

पश्चिमबाट विकसित नारीवादको सिद्दान्त राजनैतिक आन्दोलनको रूपमा मात्र सीमित नरहेर यसले साहित्यमा पनि प्रवेश गरेको छ। मेरी उल्स्टनक्राफ्ट, सिमोन दि बुआ, बेट्टी फ्राइडन, केट मिलेट, एलेन सोवाल्टर, लूस इरिगरी, जुडिथ बटलर, भर्जिनिया उल्फ, बेल हूक्स, एलिस वाकर र रेबेका वाकर आदि नारीवादी चिन्तकहरूले नारीका दमित अवस्थालाई देखाउँदै नारीको हक, हित, अधिकार र मुक्तिका निम्ति आवाज उठाएका हुन्।

अनुसन्धानका क्रममापाश्चात्य साहित्य सिद्धान्तका आधारमा नेपाली उपन्यासहरूको अनुसन्धानका क्रममा अध्ययन गर्दै जाँदा पूर्वीय पौराणिक वेदकालीन समाज, रामायण अनि महाभारतकालीन समाज पितृसत्तात्मक रहेको तथ्य पाइएको छ। नारीवाद पश्चिमबाट आरम्भ र विकास भए तापनि पूर्वका प्राचीन नारीहरूमा पाइने शक्तिसामर्थ्य, साहस, समर्पण भाव, विभिन्न क्षेत्रमा नारीको उपस्थिति, सहभागिता रहेको जानकारी पाइन्छ। नारीवादका विभिन्न प्रकारका मान्यताले नारी स्वतन्त्रता, नारी उन्मुक्ति, स्वनिर्णय गर्ने अधिकार, नारीका आफ्नै भाषा, यौन स्वतन्त्रता, शरीरमाथि नारीको स्वनियन्त्रण, समानता आदि कुराको उठान गरेको छ। नारीवादका यी मान्यताहरू पूर्वीय पौराणिक आख्यान एवम् धार्मिक आध्यात्मिक ग्रन्थहरूमा चित्रित पौराणिक नारी चरित्रहरूमध्ये यमी, शचि, दमयन्ती, सीता, कैकेयी, शूर्पणखा, द्रौपदी आदिमा पनि निहित रहेको पाइन्छ। यौन स्वतन्त्रता र मातृत्व अधिकारको खोजी गर्ने यमी, पितृसत्तात्मक सामाजिक व्यवस्था र मानसिकतालाई घोर विरोध गर्दै नारी स्वत्वको खोजी गर्ने सीता, विवाह गर्न नारीले स्वतन्त्र पाउनुपर्छ भन्ने शूर्पणखा र दमयन्ती, नारी अस्तिमाको रक्षा नारी स्वयम्ले गर्नु पर्छ भन्ने द्रौपदी आदि प्रमुख पौराणिक नारी

चरित्रका स्वरले आधुनिक नेपाली साहित्यमा पनि प्रवेश पाइसकेको लक्षित छ। पौराणिक आख्यानका प्रभावबाट प्रभावित हुने नेपाली साहित्यका सर्जकहरू हुन्- शान्ति छेत्री, इन्द्रमणि दर्नाल, सुधा एम. राई, पवित्र लामा आदि।तर प्रस्तुत शोधको मूल विषय **पुष्प राईका उपन्यासको केन्द्रियतामा नेपाली नारीवादी उपन्यासहरूको अध्ययन** भएकाले निष्कर्ष रूपमा नेपाली उपन्यासमा पाइने नारीवादी चिन्तनलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिन्छ-

१९ सौं शताब्दीमा युरोपबाट नारी हक, हित र अधिकारका लागि उठेको नारीमुक्तिको आन्दोलन नारीवाद हो जसले साहित्य लेखनलाई समेत गहिरो प्रभाव पारेको छ। नारीवाद पुरुषको विरोधमा नभएर पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरोधमा खडा भएको आन्दोलन हो। समाजमा लिङ्गलाई आधार बनाई नारी र पुरुषमाझ विभेद गर्ने व्यवस्थालाई भत्काएर नारी पुरुष दुवैलाई समान रूपमा हेर्ने अनि नारी र पुरुष दुवैको समान स्थान सुनिश्चित हुनुपर्दछ भन्ने आवाज बोकेको आन्दोलन हो नारीवाद।

पितृसत्तात्मक समाजले पारिवारिक गतिविधि, सामाजिक क्रियाकलाप, राजनीतिक, आर्थिक, कानुनी, रीतिथिति, संस्कृति, धर्म, शिक्षा, दर्शन, कला, साहित्य आदि विविध क्षेत्रमा पुरुषलाई मात्र प्राथमिकता र अधिकार दिइएको पाइन्छ।त्यही अधिकारको दुरूपयोग पुरुषहरूद्वारा गरिदैं आएकाले नारीको शरीर, मातृत्वको अधिकार, यौन आदिमा पुरुषको नियन्त्रण रहदैं आएको छ। अतः यस किसिमका पितृसत्तात्मक सामाजिक व्यवस्थाले बनाएका नियम, परम्परा र दृष्टिकोणलाई अन्त गरी नारीलाई पुरुष समान हक, अधिकार र प्रतिष्ठा दिलाउने पक्षमा उठेका नारीमुक्ति आन्दोलनहरूबाट विकसित चिन्तन नै नारीवाद चिन्तन हो।

नारीवाद १९ सौं शताब्दीमा युरोप र अमेरिकामा विकसित चिन्तन भए तापनि प्राचीन भारतीय साहित्यलाई पनि नारीवादी दृष्टिकोणबाट अध्ययन गर्न सकिन्छ। प्राचीन भारतीय संस्कृत वाङ्मयका प्रमुख ग्रन्थ **वेद, महाभारत** र **रामायण**लाई नारीवादी दृष्टिकोणमा अध्ययन गर्दा प्राचीन भारतीय नारी आफ्नो स्वत्व र अस्तित्वप्रति सचेत रहेका पाइन्छन्।

**ऋग्वेद**मा पाइने यम र यमीको सन्दर्भले वैदिक कालीन नारी मातृ अधिकारप्रति सचेत थिए भन्ने प्रमाणित गर्दछ। यमीले आफ्नो मातृ हक प्राप्तिको निम्ति यमलाई आग्रह गर्नु, उसले खोजेको मातृत्व अधिकारको माग र यौन स्वतन्त्रताको खुल्ला चर्चा हो। नारीवादी चिन्तक मिचेल फुकोको सेक्सबारे खुल्ला रूपमा चर्चा गर्न नारीले पनि पाउनुपर्छ भन्ने कुरालाई यमीले प्राचीनकालमा नै व्यवहारमा उठाइसकेको पुष्टि हुँदछ। तत्कालीन शक्तिशाली नारीहरूको सुचीमा राख्न सकिने नारी शचिको प्रभुता यस प्रसङ्गमा उल्लेखनीय मान्न सकिन्छ। नारी स्वत्व र अधिकार सचेत नारी शचि वेदकालीन प्रथम नारी हुन् जसले मातृत्व अधिकार र यौन स्वतन्त्रताको अधिकार खोजेकी छन्। नारी स्वत्व र अधिकारप्रति सचेत **ऋग्वेद** कै अर्की नारी शचि नारी पुरुषका बिचमा समानता खोज्ने  तथा परुष वर्चस्वप्रति विद्रोह गर्ने सक्षम नारीका रूपमा खडा भएकी छन्। ऋग्वैदिककालको समाप्तिसितै **अथर्ववेद**को समय वैदिककालको उत्तरार्द्धमा छोरीको भन्दा छोराको चाहना बढ्न थालेका प्रसङ्गले पितृसत्तात्मक समाजको उदय तीव्र रूपमा सुरु भएको प्रमाणित हुँदछ।

**रामायण**-मा वर्णित समाज र त्यहाँका नारीहरूमध्ये मन्थरा र कैकेयी व्यक्तिगत अधिकारप्रति सचेत नारीहरू थिए, जसले व्यक्तिवादी नारीवादले झैं व्यक्तिगत स्वतन्त्रता र अधिकारको माग गरेका थिए। **रामायण**-की सीता शारीरिक रूपमा सबल र सशक्त, पुरुष नियन्त्रणलाई भञ्जन गर्न सक्ने सामर्थ्यवान नारी हुन्। पितृसत्तात्मक समाजकै प्रभावका कारण पतिसँग वियोग हुन बाध्य भएकी नारी सीता परिवार र समाजदेखि अलग रहेर पनि

उनी एक्लै जम्ल्याहा छोराका लालनपोषण गर्न, उनीहरूलाई शिक्षा दिन, युद्ध कौशलमा पारङ्गत बनाउन सक्षम थिइन्। सक्षम नारीका रूपमा स्वाभिमानी एवम् आत्मबोधी सम्पन्न नारी थिइन्। नारीप्रति हुने अन्याय, अत्याचारको प्रतिकारमा पितृसत्तात्मक समाजलाई तिरस्कार गरी नारी अस्मिता स्वाभिमान तथा आत्मसम्मान सरक्षार्थ सर्वस्व त्याग्न अग्रसर भइन्। नारी स्वत्वका निम्ति सचेत रहेकी सीता मातृत्वको अधिकार र प्रजनन प्रक्रियालाई आफ्नो नियन्त्रणमा राख्न क्षमताशील भएकी नारी हुँदा उदार नारीवादका मान्यता सीतामा विद्यमान रहेको प्रमाणित हुँदछ।

**रामायण**-की अर्की एउटी नारी पात्र शूर्पणखाले आफ्नो इच्छा अनुसार वरको चयन गरेर विवाह जस्तो महत्त्वपूर्ण निर्णयमा नारीले पुरुषसमान हक र अधिकार पाउनुपर्छ भन्दै नारी स्वतन्त्रताको वाकलती गरेको पाइन्छ।

**महाभारत**कालीन समाज पितृसत्तात्मक थियो भन्ने कुरा विवाहपूर्व जन्मिएको छोरो कर्णलाई नदीमा बगाइएको घटनाले पुष्टि गरेको छ। **महाभारत**की द्रौपदीले कर्णसित विवाहमा असहमति सुनाएर विवाह नारीको व्यक्तिगत निर्णय, पतिचयनको स्वतन्त्रता र अधिकारको विषय हो भन्ने प्रमाणित गरेकी छन्। महाभारतकालमा पितृसत्तात्मक व्यवस्था सशक्त बनेको अनि नारीलाई एउटा वस्तुको रूपमा मात्र हेरिन थालिएको प्रमाण द्यूतक्रीडामा द्रौपदीलाई पाण्डवले जुवाको दाउका रूपमा लगाएको प्रसङ्गले गर्दछ। राजसभामा उपस्थित नरनारी, वीर योद्धा, ओजस्वी कौरव पाण्डवबाट कुनै प्रकारको सुरक्षा नपाएपछि द्रौपदीले आफ्नो सतीत्वको रक्षा स्वयम्ले गरेको घटनाले नारी स्वत्वको सुरक्षा, खोजी नारी स्वयम्ले गर्न सक्नुपर्छ भन्ने नारीवादी मतलाई **महाभारत**की द्रौपदीले चरितार्थ गरेको पाइन्छ। **महाभारत**की दमयन्तीले दोस्रोपटक स्वयंवरको घोषणा गरेर विवाह नारी अधिकारको नीजि

विषय हो र विवाहिता नारीले स्वेच्छाले दोस्रो पटक विवाह गर्न सक्छन् भन्ने कुरा प्रमाणित गरेकी छन्।

आधुनिक भारतमा ईश्वरचन्द्र विद्यासागर र राजाराम मोहन रोय जस्ता उदारवादी पुरुषले नारी अधिकार, नारी शिक्षालाई देश विकासको पहिलो शर्त मानेका थिए। नारी शिक्षा र सशक्तीकरण पैरवी गर्नका साथै पितृसत्तात्मक समाजले निर्माण गरेको नारी अत्याचारको चरम सतीप्रथाको अन्त गर्न गरेका सङ्घर्षऐतिहासिक प्रमाणले पुरुष पनि नारीलाई पितृसत्ताको उत्पीडनबाट मुक्ति दिलाउन अघि आउनुपर्दछ भन्ने सन्देश विश्वलाई दिएको पाइन्छ।

नेपाली साहित्यमा नारीवादी चिन्तनले प्रवेश पाएको पहिलो उपन्यास रूपनारायण सिंहको **भ्रमर** हो। पुरुष उपन्यासकार भीम दाहाल, बलदेव मजगैयाँ र पुण्यप्रसाद प्रसाईका उपन्यासमा नारीले स्वतन्त्रताको निम्ति जति नै सङ्घर्षगरे पनि पितृसत्तात्मक समाजका अघि विवश, लाचार भएर पराजित हुनु परेको स्थिति देखाइएको छ। अतः यी पुरुष लेखकका चेतन मनले नारी मुक्तिलाई समर्थन गरे तापनि अवचेतन मनले पितृसत्तात्मक व्यवस्थाको मोहबाट आफूलाई मुक्त गर्न नसकेको बुझिन्छ।

नारीलिखित उपन्यासहरूमा प्रत्येक क्षेत्रमा नारीले पुरुषसमान स्वतन्त्रता, हक र अधिकार पाउनुपर्छ भन्ने मुद्दाअन्तर्गत यौन स्वतन्त्रताका विषयलाई पनि उपन्यासमा समावेश गरेर लैङ्गिक आधारमा नारी यौन अधिकारबाट वञ्चित हुन सक्दैनन् भन्ने विषयको वकालत गरिएको पाइन्छ। पुरुषले पाएका समस्त सहुलियत र सुविधा नारीले पनि पाउनुपर्छ भन्ने नारीवादी तर्कलाई नेपाली नारी उपन्यासकारहरूको समर्थन रहेको छ। नारी उपन्यासकारहरूको मूल उद्देश्य नै पूर्ण रूपमा नारीपक्षीय न्यायमा केन्द्रित रहेको छ।

नारीलिखित प्रमुख नेपाली नारीवादी उपन्यासमा नारी स्वरलाई प्रमुखता दिइएको पाइन्छ। पुरुषद्वारा लिखित उपन्यासमा चित्रित नारीका दयनीय, दुर्बल स्थितिलाई अमान्य ठान्दै नारी उपन्यासकारले नारीका सबल पक्षलाई विशेष जोड दिन आफ्नो स्वर तीव्र गरेकी छन्।

पुष्प राईले **भोलिको प्रतीक्षा** उपन्यासकी पात्र शान्तिका माध्यमद्वारा मातृत्वको अधिकार नारीको व्यक्तिगत अधिकार हो भन्ने मान्यतालाई पूर्ण समर्थन दिएकी छन्। **भोलिको प्रतीक्षा** उपन्यासकी एउटी पात्रका रूपमा शान्तिकी आमाले पुनः विवाह गरेर विवाहमा महिलाको व्यक्तिगत स्वतन्त्रता हुनु पर्छ भन्ने उदार नारीवादी मान्यताको समर्थन गरेकी प्रसङ्ग उपन्यासकार पुष्प राई आफ्ना उपन्यासमा समावेश गरेर विद्रोहमा नारी स्वतन्त्रताको शङ्खघोष गरेकी छ। आफ्ना उपन्यासका माध्यमद्वारा नारीप्रति नकारात्मक दृष्टिकोण राखेर निर्जीव वस्तुसरह व्यवहार गर्ने पितृसत्तात्मक मानसिकतामा परिवर्तन ल्याउने अभिप्राय उपन्यासकार पुष्प राईको रहेको छ।

युगौंदेखि पितृसत्तात्मक व्यवस्थाले नारीलाई दमन र शोषण गर्दै आएका हुनाले नारीले आफ्नो जीवनयात्रामा विभिन्न समस्या झेल्नु परेको यथार्थलाई पनि उनले औंल्याएकी छन्। नारीलाई मानसिक, शारीरिक यातनासितै यौन उत्पीडन गर्ने पुरुषवादी सोचमा परिवर्तन ल्याएर नारी मुक्तिका निम्ति नारी स्वयम् शिक्षित, सचेत, सङ्घर्षशील र क्रान्तिकारी बन्न आवश्यक छ भन्ने उपन्यासकार पुष्प राईको अडान रहेको छ।

नारीलाई पुरुषको सन्दर्भसँग राखेर हेर्ने समाजमा छोरी कै जन्मको कामना साँच्ने साहसी नारी चरित्रको प्रयोगले भने उपन्यासकार पुष्प राई पुरुषवर्चस्ववादी समाजको सङ्कीर्ण विचारधाराको भञ्जन गर्न उद्यत छन्।

पुष्प राई, विन्धा सुब्बा र बलदेव मजगैयाँले आफ्ना उपन्यासमा नारीको व्यक्तिगत स्वतन्त्रताको खोजीलाई उच्च प्राथमिकता दिएका छन्। पुष्प राई, विन्धा सुब्बा, भीम दाहाल, पद्मावती सिंह र सुजात पुरुषसमान नारी अधिकार र स्वनिर्भरताको खोजी गर्ने प्रमुख नारीवादी उपन्यासकार हुन्। पारिजात, पुष्प राई, विन्धा सुब्बा, पद्मावती सिंह, पुण्यप्रसाद प्रसाई र बलदेव मजगैयाँका उपन्यासमा पितृसत्ता विरोधी स्वर प्रष्फुटित भएका छन्। पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, विन्धा सुब्बाको **निर्गमन**, पद्मावती सिंहको **समानान्तर आकाश**, जलेश्वरी श्रेष्ठको **नियाति चक्र**, सीता पाण्डेको **अन्तर्द्वन्द्व** आदि उपन्यासमा नारीलेखन (एक्रिचर फेमिनीन्)-को सफल प्रयोग पाइन्छ। पद्मावती सिंह र भीम दाहाल मार्क्सवादी नारीवादी अवधारणाबाट प्रभावित उपन्यासकार हुन्। त्यसैले आर्थिक रूपमा नारी शोषित भएको यथार्थलाई देखाउँदै त्यस समस्याको समाधान खोज्ने प्रयास गरेका छन् ।

पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** र सुजातको **पराजित अस्तित्व** प्रमुख समाजवादी नारीवादी नेपाली उपन्यास हुन्। पुष्प राईको **भोलिको प्रतीक्षा** र **मध्यान्तर**, विन्धा सुब्बाको **निर्गमन**, पद्मावती सिंहको **समानान्तर आकाश**, जलेश्वरी श्रेष्ठको **नियति चक्र**, सीता पाण्डेको **अन्तर्द्वन्द्व** आदि नारीलिखित उपन्यासमा पितृसत्ताको दमनका बिच पनि नारीले आफ्नो स्वतन्त्रता, अधिकार र समानताका निम्ति सङ्घर्षगरेर सफलता प्राप्त गरेका छन्। अतः नारीलाई परम्परागत यातनापूर्ण जीवनबाट मुक्त गराउन सकारात्मक पहलसितै पारिवारिक, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि क्षेत्रहरूमा पनि नारी सहभागिता, भूमिका, मूल्यलाई प्राथमिकता दिइनुपर्छ भन्ने तर्कलाई कुनै सुधारात्मक पहलले होइन परिवर्तन र वैचारिक क्रान्तिद्वारा हत्याउन सकिन्छ भन्ने पूर्वसङ्केत दिइएको छ।

**भोलिको प्रतीक्षा**की शान्ति अनि **मध्यान्तर**की पूर्णिशाका माध्यमबाट उपन्यासकारले नारी पुरुषविना पनि एक्लै जीवन जिउने सक्षमता नारीमा हुन्छ भन्ने देखाइएकोले पुष्प राईमा नारीवादी स्वर तीव्र रहेको प्रमाणित हुँदछ। आफ्ना उपन्यासका माध्यमद्वारा पुष्प राईले पुरुष एकाधिकारको भञ्जन गर्ने प्रयास गरेकी छन्।

आफ्ना दुवै उपन्यासमा उपन्यासकार पुष्प राईले समाजमा विद्यमान पितृसत्तात्मक मानसिकताको आलोचना, खण्डन र भर्त्सना गरेकी छन्। यस्ता पुरुषपक्षीय व्यवस्थाको अन्तको निम्ति क्रान्तिकारी नारी पात्र पूर्णिशा र शान्तिलाई खडा गर्न सफल भएकी छन्। जो आजका समाजका नारीका प्रतिनिधिका रूपमा उत्रेर आफ्नो स्वतन्त्र सत्ता बनाउन सफल छन् ।

पितृसत्तात्मक व्यवस्था र परम्पराद्वारा सिर्जित सामाजिक संरचना अनि परिवेशले नारीमाथि हुँदै आएका विभिन्न प्रकारका उत्पीडनलाई सार्वजनिक गर्न उपन्यासकार पुष्प राई सफल भएकी छन्। नारीलाई यौन वस्तुको रूपमा होइन तर सशक्त, बौद्धिक, क्षमतावान मानवसमाजको अंशका रूपमा हेर्नुपर्ने दृष्टिकोणको बीजारोपण उपन्यासकार पुष्प राईले गरेकी छन्। आफ्ना दुवै उपन्यासमा उपन्यासकार पुष्प राईले नारी स्वनिर्भरतामाथि जोड दिँदै नारी पुरुष समानताको खोजी गरेकी छन्। पुरुषप्रमुखतावादी समाजमा नारीलाई आर्थिक, सामाजिक, सांस्कृतिक समानताका निम्ति सङ्घर्षमा उत्रिन आह्वान गर्दै समाजमा विद्यमान पुरुषवर्चस्वको समाप्तितर्फ र नारी उन्मुक्तिको उन्मुखतातर्फ उपन्यासकार पुष्प राई उन्मुख रहेकी छन्।

नारी समस्या समाधानका विभिन्न विकल्पका खुल्ला चर्चा गरेका हुनाले पुष्प राईका दुवै उपन्यास **भोलिको प्रतीक्षा** अनि **मध्यान्तर** अन्य नारीवादी नेपाली उपन्यासका तुलनामा छुट्टै विशिष्टता हत्याउन सफल रहेको छ। आत्मसम्मानसाथ नारीले बाच्न सक्ने समाजको खोजी नै उनका उपन्यासका महत्त्वपूर्ण विशेषता हुन्।

आफ्ना उपन्यासका माध्यमबाट पुष्प राईले सन्तुलित नवीन समाज निर्माणको अपेक्षा गरेकी छन्। पितृसत्तात्मक समाजको संशोधन र सुधारभन्दा पनि पूर्ण रूपमा परिवर्तन हुनुपर्ने कुराको घोषणा गरेकी छन्।

उपन्यासकार पुष्प राई नारीवादी चिन्तक सिमोन दि बुआ, मेरी उल्स्टनक्राफ्ट, केट मिलेट, हेलेन सिजू, जुलिथ बटलर, एलेन सोवाल्टर र लुस इरिगरीबाट अत्याधिक प्रभावित रहेकी उपन्यासकार हुन्। यी नारीवादी चिन्तकका विचार **भोलिको प्रतीक्षा**की शान्ति, शैशवा, इन्दुमति र **मध्यान्तर**की पूर्णिशामा अवतरित भएको छ।

प्रस्तुत शोधप्रबन्धमा विश्लेषण गरिएका प्रमुख नेपाली नारीवादी उपन्यासहरूमा नारीमुक्तिको निम्ति एउटै मूल स्वर उठाइएको पाइए तापनि नारीलाई आत्मसम्मान, आत्मनिर्भर बन्ने आह्वान, मुक्ति र स्वतन्त्र बनाउनमा सङ्घर्ष नारीले आफूलाई स्वयम् शक्ति र सामर्थ्यका साथ प्रोत्साहन दिलाउन पुष्प राई सफल भएकी छन्। पुष्प राईका उपन्यासहरूमा परिलक्षित विशेषताहरू यसप्रकार रहेका छन्-

नारीवादी दृष्टिकोण र लैङ्गिक समानताको खोज नारी स्वतन्त्रतान्मुखता।

नारी अस्तित्वको खोजी र नारीका भूमिका, सहभागिता, सहयोगको मूल्यको माग।

बलात्कृत नारीका पीडा र नारी अस्मिताको प्रस्तुति।

नारी पीडा बोधको अभिव्यक्ति र उन्मुक्तिको चाहना।

पुरुषप्रधान समाजको विरोध र नारी अधिकारको खोजी।

नारीप्रति सम्मानभावको प्रस्तुति, लैङ्गिक समानता, पुरुषप्रधान समाजमा नारी परतन्त्रता, बन्धन, दमन, नारीविद्रोह, समानताको खोजी आदि विविध समस्याहरूको समाधान र निवारण नारी आत्मनिर्भरताले मात्र हुनसक्छ भन्ने अन्तिम अभीष्ट रहेकाले अन्य नारीवादी उपन्यासका तुलनामा पुष्प राईका उपन्यासको अलग मौलिक विशेषता रहेको पाइन्छ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली सन्दर्भग्रन्थ सूची


१ अधिकारी, इन्द्रविलास, सन् २००४, **पश्चिमी साहित्य सिद्धान्त**, काठमाडौं, साझा प्रकाशन।

२ अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.), सन् २००६, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं, विद्यार्थी प्रकाशन प्रा.लि।

३ अर्याल, भोजेन्द्र, सन् २००२, **लैङ्गिक अध्ययन**, काठमाडौं, समाजशास्त्र प्रकाशन।

४ अर्याल, मुरारी (अनु.) सन् २०००,**महिलामुक्ति आन्दोलनका सम्बन्धमा**, काठमाडौं, सिर्जनशील प्रकाशन ।

६ एटम नेत्र र बराल कृष्णहरि, सन् १९९९ **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं, साझा प्रकाशन।

७ एन्गेल्स, फेडरिक, सन् १९९९, **परिवार, निजी स्वमित्व र राज्यको उत्पत्ति**, काठमाडौं, प्रगति प्रकाशन।

८ कार्की, नीलम निहारिका, सन् २०१५, **चीरहरण**, काठमाडौं, साङ्ग्रिला पुस्तक प्रा.लि.।

९ कार्की, सुशीला, सन् २०११, **लैङ्गिक समानता**, काठमाडौं, पैरवी प्रकाशन।

१० केशरी, गीता सन् १९९१, **मुक्ति**, काठमाडौं, भारद्वाज प्रकाशन ।

११ ................, सन् २००२, **कशिङ्गर**, ललितपुर, साझा प्रकाशन।

१२ कृति, कृष्णा, सन् २०११, **नारी प्रतिविम्ब**, गान्तोक, रमेश खनाल।

१३ गजमेर, मातृका(वार्ताकार), सन् २०१०, **नारी स्रष्टाहरू अन्तर्वार्ताहरूमा**, दार्जिलिङ, वसुधा।

१४ गौतम, कृष्ण, सन् १९९३, **आधुनिक आलोचना अनेक रूप अनेक पठन**, ललितपुर, साझा प्रकाशन।

१५ चामलिङ, पवन, सन् १९९९, **निर्माण संस्कृति विशेषाङ्क** (वर्ष:१९ अङ्क ३४), नाम्ची, निर्माण प्रकाशन।

१६ छेत्री, शान्ति सन् १९८८, **रामायणका नारी पात्रहरू : एक चिन्तन**, सिक्किम, आजको सिक्किम प्रकाशन।

१७ जुमेली, प्रविण राई, सन् २०१४, **आफ्नै मनका परदेशहरू**, मेयोङ्, कितापलच्छी प्रकाशन।

१८ तिवारी, दीपक सन् २०१४, **नेपाली साहित्यमा नारीलेखन**, सिलगढी, नेपाली साहित्य प्रचार समिति।

१९ थापा, देवकुमारी, सन् १९९४, **देवकुमारी थापाका प्रतिनिधिकथा**, विराटनगर, पूर्वाञ्जल साहित्य प्रतिष्ठान विराटनगरको प्रकाशनमाला।

२० थापा, रेमिका, सन् २०१३, पठन-विपठन, दार्जिलिङ, गामा प्रकाशन।

२१ थापा, लीलाध्वज, सन् २००१, **शान्ति**, ललितपुर, साझा प्रकाशन।

२२ थापा, शान्ति, सन् २००९, **मोहनी डट् कम्**, गुवाहाटी, अनुराग प्रकाशन।

२३ दर्नाल, इन्द्रमणि सन् २००९, **कृष्णा! कृष्णा!!** दार्जीलिङ, वसुधा प्रकाशन।

२४ दाहाल, भीम, सन् १९९८, **अभीष्टको खोज**, गान्तोक, जनपक्ष प्रकाशन।

२५ दाहाल, मोहन पि. (सम्पा.), सन् २००९, **नेपाली अकादमी जर्नल** (वर्ष ५, अङ्क ५), उत्तर बङ्ग विश्वविद्यालय, रजिस्ट्रार।

२६ दाहाल, मोहन पि. र नरेशचन्द्र खाती (सम्पा.) सन् २००१, **नेपाली जर्नल** (वर्ष :१, अङ्क :१), दार्जिलिङ, बिष्ट पब्लिकेसन्स प्रा. लि. ।

२७ दाहाल, वल्लभमणि र त्रिपाठी वासुदेव, सन् २००१, **नेपाली बृहत् शब्दकोश,** काठमाडौं, नेपाली राजकीय प्रज्ञा-प्रतिष्ठान।

२८ दीक्षित, नरेन्द्रमणि आचार्य, सन् २००४, **अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश,** काठमाण्डौं, साझा प्रकाशन।

२९ नेपाल, केशव, सन् २०११, **बेचिएकी चेली,** ललितपुर, साझा प्रकाशन।

३० नेपाल, घनश्याम, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, सिलगढी, एकता बुक हाउस प्रा.लि. ।

३१ पारिजात, **पारिजातका सङ्कलित रचनाहरू,** ग्रन्थ २, नाम्ची, निर्माण प्रकाशन।

३२ पाण्डे, सीता, सन् १९९९, **अन्तर्द्वन्द्व,** काठमाडौं, प्रवेश प्रकाशन।

३३ पीयूष, अर्जुन (सम्पा.), सन् २०१५, **नारी आभा,** पोखेबुङ, प्रेमफूल प्रकाशन।

३४ पौद्दार, हनुमानप्रसाद, सन् २००४, **श्रीरामचरितमानस,** गोरखपुर, गीताप्रेस।

३५ प्रधान, महेश, सन् २०१६, विचयन, दार्जिलिङ, नेपाली साहित्य प्रचार समिति।

३६ प्रधान, हृदयचन्द्रसिंह, सन् १९९१, **स्वास्नीमान्छे,** काठमाडौं, साझा प्रकाशन।

३७ ........................... सन् १९९९, **एक चिहान,** काठमाडौं, साझा प्रकाशन।

३८ प्रसाई, पुण्यप्रसाद, सन् २०११, **आइमाई मान्छे,** काठमाडौं, डीकुरा पब्लिकेशन।

३९ बन्धु चुडामणि, सन् २००३, **अनुसन्धान विधिका केही पक्ष,** काठमाडौं, नेपाल

राजकीय प्रज्ञा- प्रतिष्ठान।

४० बराल कृष्णहरि र नेत्र एटम, सन् १९९९ **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं, साझा

४१ बराल, ऋषिराज, सन् २००७, **साहित्य र समाज**, ललितपुर, साझा प्रकाशन।

४२ ................., सन् १९९९ **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर, साझा प्रकाशन।

४३ भट्टराई, गोविन्दराज, सन् २००४, **पश्चिमी बलेंसीका बाछिटा**, काठमाडौं, नेपाली राजकीय प्रज्ञा-प्रतिष्ठान।

४४ भण्डारी, कृष्णप्रसाद, सन् २००१, **फ्रायड र मनोविश्लेषण**, काठमाडौं, साझा प्रकाशन।

४५ मजगैयाँ, बलदेव, सन् २००६, **मानसी**, ललितपुर, साझा प्रकाशन।

४६ मल्ल, गोविन्दबहादुर 'गोठाले', सन् २००९, **पल्लो घरको झ्याल**, ललितपुर साझा प्रकाशन।

४७ मल्ल, मोहनबहादुर, सन् १९९३, **समयको हुरी**, काठमाडौं, साझा प्रकाशन।

४८ मल्ल, विजय सन् २०१२, **अनुराधा**, ललितपुर, साझा प्रकाशन।

४९ मास्के, राजेन्द्र (अनु.), सन्१९९९(दो. सं.), **परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति**, काठमाडौं, प्रगति प्रकाशन।

५० रमा, सिवाकोटि, सन् २००५, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेशन्स।

५१ रमेश, सुनुवार, (अनु.), सन् २००३, **महिला**, काठमाडौं, प्रगति पुस्तक सदन।

५२ राई, असीत, सन् १९८४, **नयाँ क्षितिजको खोज**, दार्जीलिङ, श्याम ब्रदर्स प्रकाशन।

५३ राई, पुष्प, सन् २००७, **मध्यान्तर**, दार्जीलिङ, तारालाल राई।

५४ ............, सन् २०१०( दो.सं.), **भोलिको प्रतीक्षा**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन।

५५ राई, सुधा एम, सन् २०१३, **भूमिगीत**, गान्तोक, जनपक्ष प्रकाशन।

५६ .................., सन् २००७, **पदचिन्ह**, सिक्किम, अक्षरम प्रकाशन।

५७ राजेन्द्र, सुवेदी, लक्ष्मणप्रसाद, गौतम, (सम्पा) स.न् २०११, **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**, काठमाडौं, रत्न पुस्तक भण्डार।

५८ रेग्मी, पवित्र, सन् २००, **नारी अवधारणा**, गान्तोक, जनपक्ष प्रकाशन।

५९ लक्खीदेवी, सुन्दास, सन् २००८, **समय र समीक्षण**, दार्जिलिङ, सुन्दास परिवार।

६० लामा, कविता, सन् २०१०, **अनुशीलन**, दार्लिजिङ्, माया प्रकाशन।

६१ .................., सन् २०१७, **कविता डिस्कोर्स**, खर्साङ, माया प्रकाशन।

६२ लामा, पवित्र सन् २०१६, **सभ्यताका पेण्डुलमहरू**, मिरिक, भीमा प्रकाशन।

६३ लामा, ममता, सन् २०१४, **नेपाली समालोचना :दृष्टि र आधार**, कालेबुङ, नेपाली साहित्य अध्ययन समिति।

६४ लेप्चा, तारमीत सन् २०१७, **इयरिङ**, अशोक प्रधान।

६५ लुइटेल, तिलकप्रसाद (अनु.), सन् २००६, **ऋग्वेद**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार।

६६ लुइटेल, लीला सन् २०११, **नेपाली महिला उपन्यासकार**, ललितपुर, साझा

प्रकाशन।

६७ वसिष्ठ, गौरीशंकर सन् २००८, **महाभारत**, वाराणसी, बंबई पुस्तक भवन।

६८ वाङ्देल, लैनसिंह, सन् २०१३, **माइतघर**, काठमाडौं, रत्न पुस्तक भण्डार।

६९ शर्मा, गोमा देवी, सन् २०१८, भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास, मणिपुर, गोर्खा ज्योति प्रकाशन।

७० शर्मा, गोमा सन् १९८६, **केवल तिम्रो निम्ति**, असम,नेपाली साहित्य परिषद्।

७१ शर्मा, मञ्जु चापागाँई, सन् २०१५, **कोशेली**, तादोङ, सी.पी.ढकाल।

७२ शर्मा, वसन्ती, सन् २०१४, **वसन्ती शर्माका कविताहरू**, चूडामणि दाहाल।

७३ .................., सन् २००१, **म जलिरहेछु**, चूडामणि दाहाल।

७४ शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (सम्पा.), सन् १९९५, **शोधविधि**, काठमाडौं, साझा प्रकाशन।

७५ शिवाकोटि, तिलक प्रसाद चौलागाई (सम्पा.), सन् १९९८, **अनुसन्धान पद्धतिको परिचय**, काठमाडौं, पाठ्यसामग्री पसल।

७६ सिंह, पद्मावती, सन् २००८, **समानान्तर आकाश**, ललितपुर, साझा प्रकाशन।

७७ सुजात, सन् सन् २००७, **पराजित अस्तित्व**, विराटनगर, वाणी प्रकाशन।

७८ सुनुवार रमेश (अनुवादक), सन् २००३, महिला, काठमाडौं, प्रगति पुस्तक सदन।

७९ सुन्दास, लक्खीदेवी सन् २००८, **समय र समीक्षण**, दार्जीलिङ, सुन्दास परिवार।

८० सुब्बा, मीना सन् २००६, **स्पृहा**, गान्तोक, नकुलदास राई।

८१ सुब्बा, विन्ध्या, सन् २००६, **निर्गमन**, नाम्ची, निर्माण प्रकाशन।

८२ सुवेदी ,राजेन्द्र सन् २००७, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर, साझा प्रकाशन ।

८३ सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम, सन् २०११, **रत्न वृहत समालोचना सैद्धान्तिक खण्ड**, काठमाडौं, रत्न पुस्तक भण्डार।

८४ श्रेष्ठ जलेश्वरी, सन् २०१२, **नियति चक्र**, काठमाडौं, सहयोगी प्रकाशन।

८५ त्रिपाठी, सुधा, सन् २०१२, **नेपाली उपन्यासमा नारीवाद**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स।

८६ .............., सन् २०१२, **नारीवादी सौन्दर्य चिन्तन**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

८७ त्रिपाठी, सुधा र पन्थी, सीता सम्पा). (सन् २०१३, **नेपाली नारीवादी समालोचना**, काठमाडौं, नेपाल प्रज्ञा- प्रतिष्ठान।

## हिन्दी सन्दर्भग्रन्थ सूची

१ यादव, जैनेन्द्र, २०११, **नारी सशक्तिकरण दशा एवम् दिशा**, दिल्ली, ट्राइडेन्ट पब्लिशर्स।

२ रावत, योजना, सन् २००८, **स्त्री- विमर्शवादी उपन्यास सृजन और संभावना**, दिल्ली, लोकवाणी संस्थान।

३ वर्मा, अर्चना, सन् २००८, **अस्मिता-विमर्शका स्त्री-स्वर**, दिल्ली, मेघा बुक्स।

## अङ्ग्रेजी सन्दर्भग्रन्थ सूची


1 Bertens, Hans, 2001, **Literary Theory the Basics**, London, Routledge.

2 Bhagwat, Vidyut, 2004, **Feminist Social Thought**, New Delhi, Rawat Publications.

3 Butler, Judith, 2007, **Gender Trouble**, Routledge, New York and London.

4 Campbell, Kirsten, **Jacques lacan and Feminist Epistemology**, London, Routledge Taylor & Francis Group.

5 Chanda, Anuradha and others( Editor), 2003, **Women in Histor**y, Kolkata, Progressive Publishers.

6 Channa, Subhadra, 2006**, Feminist Methodology**, New Delhi, Cosmo Publications.

7 Dass, Veena Noble ( Editor), 1995, **Feminism and Literature**, New Delhi, Prestige Book.

8 Datar Chhaya, 2011, **Ecofeminism Revisited**, New Delhi, Rawat Publication.

9 Donavan, Josephine, 2012, **Feminist Theory The Intellectual Tradition**, London, Continuum International Publishing Group

10 Eagleton, Terry, 1996, **Literary Theory An Introduction**, New Delhi, Maya

Blackwell Doaba bublications.

11 Fetterley, Judith, 1978, **The Resisting Reader: A Feminist Approach to American Fiction,** Bloomington, Indiana University Press.

12 Foss, Karen. A and others, 2004, **Readings in Feminist Rhetorical theory**, London, Sage Publications.

13 Foucalt, Michel, 1990, **The History of Sexuality: 1,** London, Penguin Books.

14 Frieden, Betty, 1963, **The Feminine Mystique**, New York, W. W. Norton and Co.

15 Islam, Merina, 2013, **Feminism Conceptual and Ethical Issues**, New Delhi, Mittal Publications.

16 Malashri lal & Namita Gokhale, 2009, **In Search of Sita**, Haryana, Penguin Random House India.

17 Morgan, Sue (Editor), 2006, **The Feminist History Reader**, Canada, Routlgedge.

18 Newton Judith and Rosenfelt Deborah, 2014, **Feminist Criticism and Social Change**, New York, Routledge.

19 Parshley, H.M.(Translator), 1949, **The Second Sex**, Great Britain, Jonathan Cape,

20 Rooney, Ellen, 2006, **Feminist Literary Theory**, New York, Cambridge University Press.

21 Roudiez, Leon S, 1980, **Desire In language, A Semiotic Approach to literature and Art**, New York, Columbia University Press.

22 Shukla, Bhaskar A, 2006, **Women on Women- A Feminist Study**, New Delhi, Sarup & Sons.

23 Subhadra, Channa, (Editor), 2004, **Encyclopedia of Feminist Theory 1,** New Delhi, Cosmo Publications

24 **……………………,** (Editor), 2004, **Encyclopedia of Feminist Theory 2** New Delhi, Cosmo Publications

25 **……………………,** (Editor), 2004, **Encyclopedia of Feminist Theory 3** New Delhi, Cosmo Publications

26 **………………………,** (Editor), 2004, **Encyclopedia of Feminist Theory 4** New Delhi, Cosmo Publications

27 **………………………,** (Editor), 2004, **Encyclopedia of Feminist Theory 5**, New Delhi, Cosmo Publications

28 Stevenson, Angus, Maurice Waite, 2011, **Concise oxford English Dictionary**, New York, oxford University Press.

29 Wolfreys, Julian (Editor), 2002, **Modern North American Criticism and Theory,** Edinburg, Edinburgh University Press Ltd.

30 Woolstonecraft Mary, 1792, **A Vindication of the Rights of Woman**, London, Vintage Books.

## शोधप्रबन्ध

१ आर. दीपक के, सन् २००९, **समकालीन नारीवादी उपन्यासः एक अध्यय,** कोचिन, कोचिन युनिवर्सिटी अफ् साइन्स एन्ड टेक्नोलोजी ।

२ खाँ, मो. उजैर, सन् २००७, **मैत्रयी पुष्पा के उपन्यासों मे अभिव्यक्त स्त्री विमर्श,** अलीगढ, अलीगढ मुस्लिम विश्वविद्यालय।

## नेपाली पत्रपत्रिका एवम् जर्नल

१ छेत्री, उदय (सम्पा.), सन् २०१०-११), **अकादमी जर्नल** (वर्ष ७ अङ्ग ६), गान्तोक, सिक्किम अकादेमी ।

२ दाहाल, मोहन.पी. (सम्पा.), सन् २००९, **नेपाली अकादमी जर्नल** (वर्ष : अङ्क : ५), उत्तर बङ्ग विश्वविद्यालय, रजिस्ट्रार ।

३ प्रश्रीत, मोदनाथ(सम्पा.), सन् २०१०, **भृकुटी**, (पूर्णाङ्क १०, माघ-फागुन-चैत, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेशन्स् ।

४ श्रेष्ठ अविनाश (सम्पा.), सन्, २०१२, **गरिमा** (वर्ष : ३० अङ्क : ७, पूर्णाङ्क : ३५५), ललितपुर साझा प्रकाशन ।